राजा मदनपालले लेखेको

# मदनपाल निघण्टु



## नेपालीमा भावानुवाद : मोहन प्रसाद सापकोटा

## दुइ शब्द

निघण्टु आयुर्वेदिक पर्यायवाची शब्दहरूको सङ्कलन ग्रन्थ हो । यो राजा मदनपालले लेखेको निघण्टु भएकोले यसलाई मदन-विनोद वा मदनपाल निघण्टु भनेर चिनिन्छ । यसका अनेकौं प्रतिहरू भेटिन्छन् र हरेक प्रतिमा केही न केही श्लोक फरक भेटिन्छ । यो फरकपनलाई यस ग्रन्थमा समेटिएको छैन । कुनै प्रतिमा यो वि.सं.१४३१ मा लेखिएको हो भनी ग्रन्थको समापन खण्डमा उल्लेख भएको पाइन्छ । त्यहाँ लेखकको विस्तृत विवरण पनि पाइन्छ ।

आयुर्वेदका मूल ग्रन्थहरू अध्ययन गर्नका लागि पहिले निघण्टु ग्रन्थहरूको अध्ययन गर्नु पर्दछ । निघण्टु ग्रन्थ नपढेका वैद्यलाई वैद्य नै मानिदैन ।

यो ग्रन्थ अनुवादका क्रममा मूल श्लोकका लागि पं.रामप्रसाद वैद्यको हिन्दी टीका सहितको ग्रन्थ, शक्तिधरको हिन्दी भाषामा अनुवादित ग्रन्थ, पञ्जाब युनिभर्सिटीले स्क्यानिङ्ग गरेको हस्तलिखित ग्रन्थ, आचार्य बालकृष्णको ग्रन्थ तथा अन्य दुई श्रोत स्पष्ट नदेखिने अनलाइन ग्रन्थ समेतको सहयोग लिएको छु । समष्टिगत शब्दहरू सहितको चौधौं वर्गको पनि विभिन्न प्रतिमा उल्लेख भएको छ तर यस ग्रन्थमा त्यो खण्ड समावेश गरिएको छैन । नेपालीमा अनुवादका लागि नेपाली बृहत् शब्दकोश, नेपाली अमरकोश, के.यन.स्वामीको अनलाईन शब्दकोश, हलायुधकोश, अष्टाङ्गहृदयकोश, आयुर्वेदीय कोश, आयुर्वेदीय महाकोश, शब्दार्थ चिन्तामणि, शब्दकल्पद्रुम, वाचस्पत्यम्, हिन्दी शब्दकोश आदि ग्रन्थको सहयोग लिएँ ।

सबैतिर एउटै शब्दको लामो अर्थ प्रयोग गर्नु उपयुक्त नदेखिएकोले केही शब्दका अर्थहरु ग्रन्थको अन्तिममा दिइएका छन् । कतिपय शब्दको नेपालीकरण गर्न सकिएन भने भावानुवाद गरिएका कतिपय शब्दहरू पनि नमिलेका हुन सम्दछन् । पाठकले औंल्याएको खण्डमा सुधार गरिने छ ।

भरपूर खाएर अघाउन खोज्नेहरूका लागि मेरो यो र यस्तै अन्य कृतिहरू काम नलाग्न सक्दछन् तर जसलाई ज्ञानको भोक जगाउनु छ, तिनका लागि यी पर्याप्त ओखती हुन्छन् जस्तो लाग्दछ ।

sapkotamps731@gmail.com

## विषयसूची


| वर्ग | विषय | पेज नं. |
|---|---|---|
| | मङ्गलाचरण | १ |
| अभयादि | हर्रो | ३ |
| | अमला, बर्रो | ६ |
| | त्रिफला, भुइँ अमला, पानी अमला, असुरो | ७ |
| | गुर्जो, बेल | ८ |
| | अरणि, पाडरी, खमारी | ९ |
| | टटेलो, बृहत् पञ्चमूल | १० |
| | ओदाने काँडो, साकिनु, चाल्ने सिस्नु | ११ |
| | बृहती, कण्टकारी, लघुपञ्चमूल | १२ |
| | दशमूल, ऋद्धि र वृद्धि, कल्छेलहरो | १३ |
| | खिरौंलो, ठूलो खिरौंलो, गुनाभा, गुनाभा विशेष | १४ |
| | अष्टवर्ग, जीवन्ती, जेठीमधु, वनमास, वनमुगी | १५ |
| | जीवनीय गण, दुई थरी अँडिर | १६ |
| | अनन्तमूल | १७ |
| | सिस्नु, मुण्डी, महामुण्डी | १८ |
| | दतिवन, रातो दतिवन, सिँदुरे | १९ |
| | अजयपाल, जयपाल, सेतो निसोथ | २० |
| | कालो निसोथ, इन्द्रायणी, इन्द्रवारुणीविशेष, राजवृक्ष | २१ |
| | नीर, पिर्रे | २२ |
| | अङ्कुल, सिउँडी, नीम | २३ |
| | बकाइनु, चिराइतो | २४ |
| | ठूलोकुरो, इन्द्रजौ, मैनफल | २५ |
| | कङ्कुष्ठ, चोष, हात्तीकाने | २६ |
| | काभ्रो, कोइरालो, नेवारी | २७ |
| | भेडासिङ्गी, सेतो पुनर्नवा, रातो पुनर्नवा | २८ |
| | फ्याक्सेकन्द, अश्वगन्धा, बिरी, कुरिलो | २९ |
| | ठूलो कुरिलो, बलु, महाबला | ३० |
| | अतिबला, नागबला, चार थरी बला, तेजवती | ३१ |
| | मालकागुनु, देवदार, सल्लो | ३२ |
| | पुष्करमूल, कूट, कर्कटश्रृङ्गी, रोहिष | ३३ |
| | काफल, चिन्डे, पाखनभेद | ३४ |
| | नागरमोथे, धयैँरो, बेलीचन्दा | ३५ |
| | बिरालेलहरा, गिठो, गुन्दरगानु | ३६ |
| | मरुईलहरो, मजिठो, हलेदो | ३७ |
| | चुत्रो, ताप्रे, बाकुची | ३८ |
| | भृङ्गिराज, पित्तपापडा | ३९ |
| | शणपुष्पी, मुडिलो, जिरेलहरो, अतीस | ४० |
| | कवई, काकजङ्घा, लोध | ४१ |
| | बाटुल्पाते, भुसे बनतोरियाँ, कानेसिन्को | ४२ |
| | सोमलता, आकाशवल्ली, फ्याक्सेकन्द | ४३ |
| | वटपत्री, लज्जवती, मुशलीकन्द, काउसो | ४४ |
| | पुत्रजीव, फल नफल्ने चठेल, अपराजिता, शङ्खपुष्पी | ४५ |
| | दूधेभार, अर्कपुष्पी, भलायो | ४६ |
| | चरपोटा, द्रोणपुष्पी, ब्राह्मी र मण्डूकपर्णी | ४७ |
| | हुहुरे, पिर्रे, जलपिप्ला, जभ्रेटो | ४८ |


मोहन प्रसाद सापकोटा

| वर्ग | विषय | पेज न. |
|---|---|---|
| | नागगन्धा, रातीगेडी, वीरतरु, ऐजेरु | ४९ |
| | पिण्डार, छिउँकी झार, रोहितक, सिमलको खोटो | ५० |
| | बाबरी, कटसरैया, सेतो अपराजिता | ५१ |
| | नीलो अपराजिता, तालमखाना, कपास, सिलाम | ५२ |
| | कुकुरे, हिल्साझार, रातोसाकिनु, तितेपाती | ५३ |
| | सुदर्शना, सहस्रजरी, लक्ष्मणा, मांसरोहिणी | ५४ |
| | हडचूर, आँक, करवीर, धतुरो | ५५ |
| | गुन्याँमधुरा, घिउकुमारी, भाङ | ५६ |
| | सुनटिकी, दूबो, घोडेदूबो, काँस (झार) | ५७ |
| | कुश, मुज, नरकट, बाँस | ५८ |
| | पारसीक यवानी, अफिमका दाना, अफिमको रस, पातालगरुडी | ५९ |
| | उपसंहार | ६० |
| शुण्ठ्यादि | आशिर्वाद, सुठो, अदुवा | ६१ |
| | मरिच | ६२ |
| | पिप्ला, त्र्युषण र चतुरुषण | ६३ |
| | पिप्लाको जरा, चाभो, चाभोको फल, चितु | ६४ |
| | पञ्चकोल, षडूषण, सुप, बनसुप | ६५ |
| | मेथी र बनमेथी, अजमोदा, जिरा | ६६ |
| | ज्वानु, पारसीक ज्वानु, बाबरी | ६७ |
| | बोझो र पारसीक बोझो, हपुषा, बायुविडङ्ग | ६८ |
| | धनियाँ, हिङ्गुपत्री, हिङ | ६९ |
| | वंशलोचन, सिधेनुन, सौंचरनुन | ७० |
| | बिरेनुन, समुद्रीनुन, माटेनुन, साबरीनुन | ७१ |
| | पँगिनुन, काँचेनुन, जवाखार, सज्जिखार, सुहागा | ७२ |
| | चुनको क्षार, सबै क्षारका गुण, उपसंहार | ७३ |
| कर्पूरादि | प्रार्थना, कपुर, कस्तूरी, लताकस्तूरी | ७४ |
| | गन्धमार्जारवीर्य, सेतो भन्दन, रातो चन्दन | ७५ |
| | पहेँलो चन्दन, कालो अगर, केसर | ७६ |
| | शिलारस, सिलटिमुर, जाइफल | ७७ |
| | जाइपत्री, ल्वाङ, फलकपुर, सुकुमेल | ७८ |
| | अलैंची, दालचिनी, तेजपात | ७९ |
| | नागकेशर, त्रिजात, चतुर्जात, सुनपाती, सल्लो | ८० |
| | सल्लाको खोटो, सुगन्धबाल, जटामसी, खसखस | ८१ |
| | शीतलचिनी, दयाँलो, वनमोथे, शिलाकुङ्कुम | ८२ |
| | उशीरको जरा, काँढे सल्लाको खोटो, गोकुलधूप | ८३ |
| | सालधूप, भेडेकुरोविशेष, गन्धपालाविशेष, कालो जटामसी | ८४ |
| | कालो हलेदो, कपूरहलेदो, कपुरपाती, गठिउन | ८५ |
| | महारङ्गी, पैयुँ, धूपीविशेष, तगर | ८६ |
| | गोरोचन, नखी, बकचन्दन | ८७ |
| | लाहा, चपरा, पद्मिनी र कुमुदिनी | ८८ |
| | थलकमल, सेतो कमल, रातो कमल, नीलो कमल, कमलका गुण | ८९ |
| | सौगन्धिक, कमलकेसर, कमलको बीज, कमलको डाँठ | ९० |
| | चमेली, लहरेबेली, जुही | ९१ |
| | बाह्रमासे गुलाफ, केतकी, सानो नेवारी, ठूलो नेवारी | ९२ |
| | माधवीलता, चाँप, नागकेसर, मौलसिरी | ९३ |
| | ठूलो मौलसिरी, कुन्दपुष्प, मुचकुन्द, माधवी लताविशेष | ९४ |


मोहन प्रसाद सापकोटा

| वर्ग | विषय | पेज न. |
|---|---|---|
| | तिल्के, सयपत्री, दोपहरीया, जपाकुसुम | ९५ |
| | रोहिणी, तुलसी, मरुवा, दमनाभ्कार | ९६ |
| | तीन थरी बाबरी, उपसंहार | ९७ |
| सुवर्णादि | प्रार्थना, सुन, चाँदी | ९८ |
| | तामा, काँस, पित्तल, राङ | ९९ |
| | जस्ता, सिसा, फलाम, | १०० |
| | पारो, अभ्रक, गन्धक | १०१ |
| | सुनामक्खी, मनशिला, हरिताल | १०२ |
| | गेरु र सुवर्णगेरु, निलोतुथो, हिराकसी | १०३ |
| | हिङ्गुल, सिन्दूर, सुर्मा, रसाञ्जन | १०४ |
| | गाजलविशेष, सिलाजित, बोल | १०५ |
| | फट्किरी, समुद्रफेन, मुगा, मोती | १०६ |
| | माणिक, सूर्यकान्तमणि, चन्द्रकान्तमणि, गोमेद, हीरा, वैदूर्य | १०७ |
| | पन्ना, सिपी, सिपीविशेष, प्रवाल आदिका गुण, शङ्ख | १०८ |
| | सानो शङ्ख र कौडा, खरी, हिलो र बालुवा | १०९ |
| | चुम्बक, काँच, उपसंहार | ११० |
| वटादि | प्रार्थना, वर, पिप्पल, पारिसपिप्पल | १११ |
| | डुम्री, काठेडुम्री, पाखरी, पञ्चक्षीरवृक्ष | ११२ |
| | लहरेपीपल, कदम | ११३ |
| | काउलो, शिरीष, कटसरैया, बेत | ११४ |
| | पानीबेत, हिज्जल, बेतका फाइदा, पानीबेत र हिज्जलका फाइदा, लौसी | ११५ |
| | पीलु, टिक, साल, सतिसाल | ११६ |
| | खयर, गनाउने खयर, बबुर | ११७ |
| | विजयशाल, तिनिश, भोजपात, पलाँश | ११८ |
| | बडधयैँरो, दबदबे, साज, पातेखाक्सी | ११९ |
| | सिप्लिकान, ठूलो दबदबे, काँडेसल्लो, चिउरी | १२० |
| | कटभी, फलेदो, सिमल | १२१ |
| | टुनी, छतिवन, हारिद्रक, करञ्ज | १२२ |
| | शमी, पानी शिरीष, रिट्ठो | १२३ |
| | सिसौ, अगस्ति, उपसंहार | १२४ |
| फलादि | प्रार्थना, अंगूर | १२५ |
| | आँप, जामुनू | १२६ |
| | नरिवल, खजुर | १२७ |
| | शिलेमानी खजुर, केरा | १२८ |
| | दारिम, दमाइँफल | १२९ |
| | बयर | १३० |
| | खिर्नी, चिरौँजी, फाल्सा | १३१ |
| | तिँदु, हाडेबयर | १३२ |
| | आरु, महुवा, रूखकटहर | १३३ |
| | बडहर, ताड, खर्बूजो | १३४ |
| | स्याउ, नास्पाती | १३५ |
| | अम्बा, कागजीबदाम, पेस्ता, लिची | १३६ |
| | आलुबखडा, अञ्जीर, ओखर, पालेवत | १३७ |
| | किम्बु, गङ्गेरुक, तुवर | १३८ |
| | बिमिरो, मधुबिमिरो | १३९ |
| | सुन्तला, ज्यामिर, अम्लवेतस | १४० |


सङ्कलन मोहन प्रसाद सापकोटा

| वर्ग | विषय | पेज न. |
|---|---|---|
| | सङ्घेत्रो, कागती, कमरख, तित्री | १४१ |
| | भकीअमिलो, करौंजी, विकङ्कत | १४२ |
| | कैथ, कपित्थपत्री, अमारो, कलमी आँप | १४३ |
| | चतुराम्ल, पञ्चाम्ल, बिज्जु आँप, सुपारी | १४४ |
| | पान | १४५ |
| | सुगन्धमूला, फलका गुण र दोष | १४६ |
| | वर्जनीय फल | १४७ |
| शाक | प्रार्थना, श्रेष्ठ र निकृष्ट साग, कुभिण्डो | १४८ |
| | कर्कट, काँक्रो, तरबुजो, लौका | १४९ |
| | तीतेतुम्बा, काँक्रो, चिर्भट | १५० |
| | बालुक, तरबुजोविशेष, घिरौंलो, घिरौंलोविशेष | १५१ |
| | घिरौंलोविशेष, भन्टा, सेतो भन्टा, गोलकाँक्री | १५२ |
| | करेलो, चठेल, फल नफल्ने चठेल, डोडिका | १५३ |
| | टिण्डा, काउछेसिमी, सिमीविशेष, बेथे | १५४ |
| | जिरीको साग, बेथेविशेष, नरिचो, लुँडे | १५५ |
| | फोग, लट्टे, परबर | १५६ |
| | चिचिण्डो, पालुङ्गो, पवै | १५७ |
| | नुनढिकी, सुनिषण्णक, हुहुरे, सूक्ष्मपत्र | १५८ |
| | टुण्टुक, वल्ली, शीतवार र नलिका, नरिचो | १५९ |
| | सर्सिउँ र कुसुमको साग, चना र केराउको साग, चरिअमिलो, ठूलोताप्रे | १६० |
| | छ्यापी, मूला, करीर | १६१ |
| | सजिवन, लसुन | १६२ |
| | प्याज, छ्यापी, ओल | १६३ |
| | हडचूर, गिठो, मुशलीकन्द | १६४ |
| | कञ्चुका, छातेच्याउ, माने, कसेरु र सिँगडा | १६५ |
| | पिँडालु आदि, बेतलौरी | १६६ |
| | साग खाने नियम, उपसंहार | १६७ |
| पानीयादि | प्रार्थना, पानीका पर्याय, पानीका गुण, चिसो पानी निषेध | १६८ |
| | आकाशबाट परेको पानी, भौम जल, कुवाको पानी | १६९ |
| | तलाउ र वापीको पानी, भर्ना र कुण्डको पानी, चौञ्ज्य र नदीको पानी, ठूला तलाउ र खेतको मूलको पानी | १७० |
| | पोखरी र शीतको पानी, आकाशजल र पहाडहुँदै झरेको पानी, हिउँ र चन्द्रकान्त जल, हंसोदक | १७१ |
| | ऋतु अनुसार पेय जल, नदीजल | १७२ |
| | गुफाबाट निस्केको पानी, देश अनुसार नदीको पानीको गुण | १७३ |
| | नदी बहने दिसा अनुसार पानीको गुण, पानी पिउने समय, पानीलाई निषेध नगर्नू | १७४ |
| | अजीर्णमा चिसो पानी, आनूप आदि जल, अपेय जल | १७५ |
| | अपेय व्यापन्न जल, व्यापन्न जल प्रशोधन विधि, तातोपानी | १७६ |
| | उमालेर सेलाएको पानी, पानी पच्न लाग्ने समय | १७७ |
| | थोरै थोरै पानी पिउनुपर्ने अवस्था, पानी पिउन नरोक्नू, पानी पिउन दिनुपर्ने रोग, तातोपानी पिउन नहुने अवस्था | १७८ |
| | चिसोपानी पिउन नहुने अवस्था, धेरै पानी नपिउनू, दूध, दूधका गुण | १७९ |
| | गाईको दूध, बाख्रीको दूध | १८० |
| | भेडीको दूध, भैंसीको दूध, स्त्रीको दूध, ढोईको दूध, पोथीउँटको दूध | १८१ |
| | घोडी आदिको दूध, दुहुँदादुहुँदैको तातो दूध, तताएर सेलाएको दूध तातो दूध, धेरै तताइएको दूध | १८२ |


सङ्कलन : मोहन प्रसाद सापकोटा

| वर्ग | विषय | पेज न. |
|---|---|---|
| | काँचो दूध, बिहान दोहेको दूध, साँझ दोहेको दूध, खान नहुने दूध, दूधको तर | १८३ |
| | मोरट, पियूष र दधिकूर्चिका, तक्रकूर्चिका, किलाट, क्षीरसाक, मोरटादिगुण | १८४ |
| | दहीका पर्याय र प्रकार, दहीका गुण, गाईको दही | १८५ |
| | बाख्रीको दही, भेडीको दही, भैंसीको दही, स्त्रीको दही, ढोईको दही | १८६ |
| | पोथीउँटको दही, घोडी आदिको दही, गाईको दहीको श्रेष्ठता, चिल्लो निकालिएको दही | १८७ |
| | चिनी र सखर मिसाइएको दही, ऋतु अनुसार दहीका गुण, दही खान हुने रोग, रातको दही, दहीको तर | १८८ |
| | मस्तु, तक्रका पर्याय, घो, मथित, श्वेत र उदश्वित्, तक्रको परिभाषा र गुण | १८९ |
| | नौनी | १९१ |
| | घिउ | १९२ |
| | तेल | १९३ |
| | अँडिरको तेल | १९४ |
| | अलैंची आदिको तेल, निमको तेल, आलसको तेल, सर्सिउँको तेल | १९५ |
| | कुसुमको तेल, मालकागुनुको तेल, नरिवलको तेल, सिसौ आदिको तेल, भलायोको तेल | १९६ |
| | पलाँश आदिको तेल, कुभिण्डो आदिको तेल, गन्दरगानुको तेल, ऐरेलुको तेल | १९७ |
| | आँपको तेल, चिल्लापदार्थ, शरीरको भित्री बोसो, बाहिरी मोसो र मासीका गुण | १९८ |
| | मदिराका नाम, मदिराका गुण, मदिरा सेवन विधि, अंगूरको मदिरा, महुवा र खजुरको मदिरा | १९९ |
| | मार्सी, सठिया आदि चामलको सुरा, वारुणी, वारुणीका गुण, प्रसन्ना, कादम्बरी, जगल, मेदक आदि | २०० |
| | प्रसन्नाका गुण, कादम्बरी र जागल, मेदक र पक्वश, मर्चा र आक्षिकी, | २०१ |
| | आक्षिकीका गुण, जौको मदिरा, मदिरा बनाउने भाँडा र मैरेय, मैरेयको थप परिभाषा, यवसुराका गुण | २०२ |
| | कल्छेलहरोको मदिरा, मैरेयका गुण, मधुलक, सखरको मदिरा, महुवाको रक्सी | २०३ |
| | पक्व, सीधु, पक्वरस र शीतरस, जाम्बव, अरिष्ट, आसव आदि | २०४ |
| | त्याज्यमद्य, सेवनीय मद्य, गुण थाहा नभएको मदिरा पिउन निषेध | २०५ |
| | मानिसको प्रकृति अनुसार मदको असर, नयाँ मदिरा, पुरानो मदिरा, त्रिगुण अनुसार मदिराले गर्ने असर | २०६ |
| | चुक्र, सखर आदिका मदिरा, काञ्जिक, तेषोदक र सौवीरक, रसाम्ल | २०७ |
| | सौविरक, धान्याम्ल, काञ्जिक, मूत्रवर्ग | २०८ |
| | गाई, हात्ती र भैंसीको मूत्र, घोडाको मूत्र, बाख्राको मूत्र, भेडाको मूत्र, गधाको मूत्र | २०९ |
| | उँटको मूत्र, नरमूत्र, भालेपोथीको मूत्र, पुष्पिका | २१० |
| इक्षुकादि | प्रार्थना, उखुका पर्याय र जात, उखुका गुण, उखुको स्वाद | २११ |
| | रातो उखु, कालो, वंश र शतपोर उखु, कान्तार, तापस, काष्ठेक्षु र कासकार उखु, सूचीपत्र, नीलपर, नैपाल आदि उखु, उखुको रस | २१२ |
| | चिनी, खुँदो आदि, फूलको रसको चिनी, खुँदो, मिस्री | २१३ |
| | लेदो खुँदो (खण्ड), महको चिनी, दुरालभाको चिनी, फूलको रसको चिनी, खुँदो, महुवाको चिनी | २१४ |


सङ्कलन : मोहन प्रसाद सपकोटा

| वर्ग | विषय | पेज न. |
|---|---|---|
| | सखर, उखुजन्य पदार्थ, महका पर्याय र जात, माक्षि, क्षौद्र र भ्रामर मह | २१५ |
| | महका गुण, माक्षिक र पौत्तिक महका गुण, क्षौद्र र भ्रामर मह | २१६ |
| | नयाँ र पुरानो मह, विषाक्त मह, मह तताएर नखानू, तताएको महको प्रयोग | २१७ |
| | मैन, उपसंहार | २१८ |
| धान्य | प्रार्थना, मार्सी आदि धान, मार्सीका गुण | २१९ |
| | रातो मार्सी आदि, सठिया आदि | २२० |
| | गहुँ, जौ | २२२ |
| | शिम्बीधान्य | २२३ |
| | मुगी, मास | २२४ |
| | राज्मा, बनमुगी, बोडी, ठूलो केराउ | २२५ |
| | सानो केराउ, चना, मुसुरो, गहत | २२६ |
| | तिल र रहर | २२७ |
| | रहर, आलस, कुसुम, सर्सिउँ | २२८ |
| | रायो र सर्सिउँ, सनपाट, तृणधान्य | २२९ |
| | कागुनु र कोदो, नाभो धान, जुनेलो | २३० |
| | भिकौंला, अयोग्य अनाज, नयाँ अनाज, पुरानो अनाज | २३१ |
| | उपसंहार | २३२ |
| धान्यकृतान्नादि | प्रार्थना, आहार, भात, भात पकाउने विधि | २३३ |
| | तातो पक्वान्न, भात, यवागू र विलेपी | २३४ |
| | पेया र मण्ड, यवागू, विलेपी, पेया, मण्ड | २३५ |
| | यावमण्ड, लाजमण्ड, अष्टगुणमण्ड, यूष, मुगीको यूष | २३६ |
| | दारिम र अमलाको यूष, मुगी र अमलाको यूष, गहतको यूष, मूला आदिको यूष, चनाको यूष | २३७ |
| | वनमुगीको यूष, नुनचिल्लो हालेको र नहालेको यूष, यूषका गुण, मण्ड, सूप्य | २३८ |
| | खिचडी, क्षिप्रा, खीर | २३९ |
| | राजखाण्डव, राग, खाण्डवका गुण, आँको र अमलाको चटनी, सिखर्नी | २४० |
| | पानक, पानकका प्रकार र पञ्चसार पानक, पानकका गुण | २४१ |
| | अमिलीको रस, सदक, सदकका गुण, मण्डक, पूपालिका | २४२ |
| | अङ्गारकर्कटी, मण्डकर र पोलिका, अङ्गारकर्कटीका गुण, मार्सीको पीठोका परिकार | २४३ |
| | गहुँ र दलहनका परिकार, मासका परिकार, खानाको गुण र सखर हालेका खानेकुरा, घिउमा पकाएका खानेकुरा, तेलमा पकाएका खानेकुरा, दूधमा पकाएका खानेकुरा | २४४ |
| | घेवर, संयाव | २४५ |
| | खाजा, मालपुवा, दही हालेको पालपुवा | २४६ |
| | मिठाईका गुण, विस्यन्दन | २४७ |
| | लप्सिका, फिनी, लड्डू | २४८ |
| | मासका फुरौला, काँजी बारा, तुषाम्बुको बारा | २४९ |
| | पुरी, जेरी, कुल्माष | २५० |
| | सातु, मन्थ र सातु, दाखका परिकार, सातु | २५१ |
| | लाजा, धानको लाजा | २५२ |
| | चिउरा, होलक, लम्बी, भुटुवा मासु | २५३ |
| | प्रदिग्ध मासु, सरस, शूल्य, परिशुष्क र उल्लिप्त मासु, प्रदिग्ध र सरस मासु, शूल्यमांस | २५४ |

| वर्ग | विषय | पेज न. |
|---|---|---|
| | अङ्गारप्रतप्तमांस, किमा, भुटेको मासु, तन्दुपक्व मांस, प्रदिग्ध आदि मासुको गुण | २५५ |
| | तक्र आदि हालेर पकाइएको मासु, उसिनेको मासु, वेसवार, सौरभ | २५६ |
| | सौरव, स्वानिष्क, मांसरस, दारिम हालेको मासुको रस | २५७ |
| | काँजी, स्वानिष्क, दलिया र क्वथिता, क्वथिता, क्वथित | २५८ |
| | पापड, पिना, तिलको छोप, पुष्पिका | २५९ |
| मांस | प्रार्थना, हात्ती, घोडा | २६० |
| | खच्चड, उँट, गधा, भैंसी | २६१ |
| | भालु र गैँडा, गैँडा, सिंह र शार्दूल | २६२ |
| | बाघ, चितुवा, ब्वाँसो र हुँडार, कुकुर, बाघ, चितुवा आदिको मासुको गुण, सुँगुर | २६३ |
| | बाख्रापाठा, भेडा, हरिण, कालोमृग आदि | २६४ |
| | बराँठ मृग, नीलगाई, कस्तूरी र मुण्डनी मृग | २६५ |
| | चित्तल र छिक्कार, रुरु आदि मृग, खरायो र शरभ | २६६ |
| | दुम्सी, गोहोरो, बिरालो र न्याउरीमुसो, वानर | २६७ |
| | स्याल, मुसा, चरा, तित्रो | २६८ |
| | भाले बट्टाई, लाभे | २६९ |
| | भँगेरो, बट्टाईविशेष, परेवा आदि, मयूर | २७० |
| | कुखुरो, सुँगा र मैना | २७१ |
| | कोइली, काग, सेतो चील, काग र सेतो चीलको मासु | २७२ |
| | गिद्ध, हाँस, सारस र चखेवा | २७३ |
| | बकुल्ला, गिद्धविशेष, सारस, चखेवा आदिको मासु, सारसविशेष, ठेउवा, काकाकुल | २७४ |
| | भद्राई, बाज र चील, लाटोकोसेरो, च्याँखुरा | २७५ |
| | कन्याङकुरुङ, माछाका पर्याय, माछाका जात | २७६ |
| | माछाको मासुका गुण, नदी र कुवाका माछा, तलाउ र झर्नाका माछा, ताल र समुद्रका माछा, नुनिलो पानी, दह र सफा पानीका माछा | २७७ |
| | ऋतु अनुसार खान हुने माछा, रोहु र पाठीन माछा, भुरा माछा, चिमचिम माछा र माछाको फुल, | २७८ |
| | सौँस र मकर, कछुवा, भ्यागुतो, गँगटो, सर्प | २७९ |
| | सर्पका जात, सर्पको मासु, गोहोरो र गौंधेरक | २८० |
| | ताजा मासु, पशुपंक्षीको वृद्ध, बचा र तुहिएको गर्भको मासु, आफैं मरेका जीवको मासु, खान नहुने मासु, अङ्ग अनुसार मासुका गुण | २८१ |
| | मोटो जीवको मासु, सक्रिय जीवको मासु, चराको मासुका लागि उत्तम भाग, देशविशेषानुसार मासुको गुण | २८२ |
| | पुष्पिका | २८३ |
| मिश्रक | प्रार्थना, त्रिदोष र अनुपान, भलायोको विकारमा खानपिन, मांसाहारी तथा विविध रोगीको अनुपान, | २८४ |
| | अनुपानमा दूध, पानी पिउने नियम, बिहानको पानीसेवन | २८५ |
| | अन्य अनाज, मासु आदिको गुण, श्रेष्ठ अनाज, भोजन पछिको आचार, निद्रा | २८६ |
| | दन्तधावन, दन्तधावननिषेध, मुख र गोडा धुने काम | २८७ |
| | गोडामा तेल लगाउने काम, मुख कुला गर्ने कार्य, गाजल | २८८ |
| | व्यायाम, व्यायामनिषेध | २८९ |
| | मालि आदि, तेल मालिस, कपालको स्याहार, कानमा तेल हाल्ने, चिल्लो र शरीर | २९० |
| | चिल्लोमा डुबेर बस्ने कार्य, तेल आदि दल्न नहुने अवस्था, बुकुवा, स्नान | २९१ |


सङ्कलन : मोहन प्रसाद सापकोटा

| वर्ग | विषय | पेज न. |
|---|---|---|
| | स्नान निषेध, चन्दनलेपन, फूल, रत्न आदि धारण, पगडी | २९२ |
| | छाता, चमर, पङ्खा, लठ्ठी, हिँडडुल, पलङ, ओछ्यान | २९३ |
| | घाम, आगो तपाइ, धुवाँ, शीत, चन्द्रकिरण, अन्धकार, वर्षा र निद्रा, हुरी, हावा आदिको गुण | २९४ |
| | तुरुन्त तागत दिने कुरा, तुरुन्त तागत नाशगर्ने कुरा, अनाजको गुण, उपवास | २९५ |
| | पूर्वी वायुका गुण, दक्षिणी वायुका गुण, पश्चिमी वायुका गुण | २९६ |
| | उत्तरी वायुका गुण, गुलियो, अमिलो, पिरो | २९७ |
| | तीतो, नुनिलो, टर्रो, वमन, विरेचन आदि | २९८ |
| | बस्तिकर्म | २९९ |
| | रक्तमोक्षण, वर्षा ऋतु, शीतकालमा पथ्य | ३०० |
| | शरद् ऋतु, हेमन्त र शिशिर ऋतु | ३०१ |
| | वसन्त ऋतु, ग्रीष्म ऋतु | ३०२ |
| | ग्रन्थकर्ताका कुरा | ३०३ |
| | उपसंहार, पुष्पिका | ३०५ |
| | आयुर्वेदका केही शब्द र अर्थ | ३०६ |
| | भावानुवादकको पारिवारिक तस्बिर र अन्य ग्रन्थको जानकारी | ३१९ |
| विषयसूची पूर्ण भयो | | |


सङ्कलन : मोहन प्रसाद सापकोटा

# मदनपाल निघण्टु

## मङ्गलाचरण

ॐ

**बीजं श्रुतीनां सुधनं मुनीनां जीवं(वे) जडानां महदादिकानाम् ।**
**आग्नेयमस्त्रं भवपातकानां किञ्चिन्महः श्यामलमाश्रयामि ॥१॥**

सम्पूर्ण वेदका मूल अर्थात् बीजरूप, मुनिजनका वास्तविक सम्पत्ति (सुन्दर धन), महदादि जड तत्वका चेतनाशक्ति (जीवनरूप) तथा संसारका पापलाई नाश गर्नका लागि आग्नेयास्त्ररूपी यस्ता कालावर्णका कुनै अलौकिक तेजराशि (भगवान् श्रीकृष्ण) को म शरण पर्दछु ।

**लुब्धा कपोलमधुवारिमधुव्रताली कुम्भस्थली मधुविभूषणलोहिताङ्गी ।**
**माणिक्यमौलिरिव राजति यस्य मौलौ विघ्नं स धूनयतु विघ्नपतिः सदानः ॥२॥**

जसको शीर, सुन्दर गालामा बगिरहने महजस्तै लालिमाले युक्त मद-रसमा लोभिएर कुम्भस्थलको मद एवं गहनारूपी सिन्दूरजस्तो रातो बनेको भमराको समूहले गर्दा मोतिमाणिक्यको माला लगाए जस्तैगरी शोभायमान भइरहेको छ, त्यस्ता विघ्नका मालिक श्रीगणेशले हाम्रा मार्गका अवरोध हटाऊन् ।

**यो ध्वान्तसन्ततिगभीरपयोधिमध्यान्निष्काशयत्यशरणं भुवनं निमज्जत् ।**
**दत्त्वा जगत्त्रयहितः स्वकरावलम्बं वाञ्छां स वो दिनकरः सफली करोतु ॥३॥**

जसले विस्तृत एवं गम्भीर (गहिरो) अँध्यारो समुद्रमा डुबेको असहाय त्रिलोकलाई आफ्ना किरण दिएर बाहिर निकाल्दछन्, ती त्रैलोक्यका हितकारी भगवान् सूर्यले तिम्रा मनोकामना पूर्ण गरुन् ।

**मिथ्यासनादिकृतदोषचयेन कोपान्नद्यम्बुवर्द्धित उपद्रवनक्रभीमे ।**
**रोगाम्बुधौ भवजनस्य निमज्जतो यः पोतः प्रयच्छतु शुभानि स काशिराजः ॥४॥**

गलत तरिकाले गरिएका आहारविहारका कारण जम्मा भएका दोषका समूहबाट रोगको समुद्र यसरी बढेको छ जसरी नदीहरूबाट समुद्र बढ्दछ, यस्तो उपद्रवरूपी गोहीले गर्दा डरलाग्दो बनेको रोगरूपी समुद्रमा डुबिरहेका मानिसको रक्षा गर्न जहाज बनी काशिराज (धन्वन्तरि)ले हाम्रो उद्धार गरून् ।

**केचित्सन्ति निघण्टवोऽतिलघवः केचिन्महान्तः परे**
**केचिद्दुर्गमनामकाः कतिपये भावाः स्वभावोच्छ्रिताः ।**
**तस्मान्नातिलघुर्न चातिविपुलः ख्यातादिनामासतां**
**प्रीत्यै द्रव्यगुणान्वितोऽयमधुना ग्रन्थो मया बध्यते ॥५॥**

कुनै निघण्टुका ग्रन्थ अति साना छन् (जसबाट औषधीको सबै जानकारी पाउन सकिन्न) । केही निघण्टुका ग्रन्थ अति ठूला छन् (ती सामान्य मानिसका लागि दुर्गम हुनाले पढ्न सकिन्न) । केही निघण्टुका ग्रन्थमा थाहा पाउनै नसकिने नामहरू उल्लेख भएका छन् (जुन नाम चिन्न र थाहा पाउन नै सकिन्न) । केही निघण्टुका ग्रन्थ स्वाभाविकरूपमै ठूला हुने गर्दछन् (त्यसैले त्यो पढेर ज्ञान लिन नै कठिन हुने गर्दछ) । त्यसैले न धेरै सानो, न धेरै ठूलो, सजिलै बुझ्न सकिने गरी द्रव्य र गुण बताइएको, असल मानिसका मायाले यस्तो (यो) निघण्टु ग्रन्थ मबाट रचना गरिएको छ ।

**सर्वं कायेन संसाध्यं तस्यायुः स्थितिकारणम् ।**
**आयुर्वेदोपदेशस्तु कस्य न स्यात्फलावहः ॥६॥**

धर्म आदि चार पुरुषार्थ (धर्म, अर्थ, काम र मोक्ष) शरीरका माध्यमबाटै सम्पन्न हुने गर्दछ । शरीरको स्थिति वा कारण आयु हो । त्यही आयुको विस्तृत ज्ञान आयुर्वेदबाट सम्भव हुन्छ । त्यसैले आयुर्वेदको ज्ञान कसका लागि लाभदायक नहोला र ? (अर्थात् सबैलाई लाभदायक हुन्छ) ।

**तत्रापि पूर्वं ज्ञातव्या द्रव्यनाम गुणागुणाः ।**
**अतस्त एव वक्ष्यन्ते तज्ज्ञाने हि क्रियाक्रमः ॥७॥**

आयुर्वेदमा पनि पहिला पदार्थको अवगुण र गुणका बारेमा जान्नु पर्दछ । त्यसैले यसका बारेमा क्रमैले बताइन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

## अभयादिवर्ग
## हरितकी (हर्रो)

**हरस्य भवने जाता हरिता च स्वभावतः ।**
**हा(ह)रयेत्सर्वरोगांश्च तेन प्रोक्ता हरीतकी ॥८॥**

शिवको भवन (हिमाल) मा उत्पन्न हर्रोलाई स्वभावतः (हरियो रङ्गको हुने हुनाले) र सबै रोग हरण गर्ने हुनाले हरीतकी भनिएको हो ।

**जीवन्ती पूतना पश्चादमृता विजयाऽभया ।**
**रोहिणी चेतकी सप्त(त्य) भेदभिन्ना हरीतकी ॥९॥**

जीवन्ती, पूतना, अमृता, विजया, अभया, रोहिणी र चेतकी गरी हर्रो सात थरीका हुन्छन् ।

**जीवन्ती जीवनोद्योगात्पावनात्पूतना मता (मृता) ।**
**सुधावदमृता ज्ञेया विजया विजयप्रदा ॥१०॥**

जीवनलाई संरक्षण र सम्वर्धन गर्नेलाई जीवन्ती, मल भगाई शरीरलाई पवित्र पार्नेलाई पवित्रा, अमृत सरह जीवन दिनेलाई अमृता र शरीरका रोगलाई जित्नेलाई विजया भनिन्छ ।

**नृणामभयदा यस्मादभया तत्प्रकीर्त्तिता ।**
**रोहिणी तु गुणारोहाच्चेतनाच्चेतकी मता ॥११॥**

मानिसलाई रोगको भयबाट मुक्त पार्नेलाई अभया, शरीरमा गुणको सञ्चार गरी स्वस्थ पार्नेलाई रोहिणी र शरीरको आलस्य हटाई चेतना बढाउनेलाई चेतकी भनिन्छ ।

**जीवन्ती स्वर्णवर्णाभा पूतनाऽस्थिमती मता ।**
**अमृता त्रिदला प्रोक्ता विजया तुम्बरूपिणी ॥१२॥**

जीवन्ती सुनजस्तै चम्किलो हुन्छ । जसको गेडा सानो हुन्छ त्यसलाई पूतना भनी जान्नू । अमृतामा तीन वटा गेडा हुन्छ । लौकाको आकारकोलाई विजया भनिन्छ ।

**पञ्चाङ्गी त्वभया ज्ञेयाऽमृता वृत्ता तु रोहिणी ।**
**त्र्यङ्गी तु चेतकी ज्ञेया कर्म तासामथोच्यते ॥१३॥**

पाँचवटा धर्का हुनेलाई अभया र गोलो खालकोलाई रोहिणी भनिन्छ । यसैगरी तीन खण्ड हुनेलाई चेतकी भनिन्छ । अब यिनको उपयोगिताका बारेमा बताइन्छ, (तिमी पनि) जान ।

**सर्वरोगेषु जीवन्ती प्रलेपे पूतना हिता ।**
**शुद्धयर्थममृता प्रोक्ता विजया सर्वरोगहृत् ॥१४॥**

सबै रोगमा जीवन्ती जातको हर्रो लाभदायक हुन्छ । मलम लगाउन पूतना जातको हर्रो लाभदायक हुन्छ । दिसा लगाएर शरीर शुद्ध बनाउनु पर्दा अमृता जातको हर्रो उत्तम हुन्छ । विजया जातको हर्रोले सबै रोगलाई नाश गर्दछ वा जित्दछ ।

**अक्षिरोगेऽभया शस्ता रोहिणी व्रणरोहिणी ।**
**चेतकी चूर्णयोगे स्यात्सप्तधैव प्रकीर्त्तिता ॥१५॥**

यसैगरी आँखाका रोगमा अभया जातको, घाउखटिरामा रोहिणी जातको र धुलो बनाउने काममा चेतकी जातको हर्रो प्रयोग गर्नु पर्दछ । यसरी, सात थरी हर्रोका उपयोगिताका बारेमा बताइयो ।

**नवा स्निग्धा घना वृत्ता गुर्वी क्षिप्ता च याऽम्भसि ।**
**निमज्जेत्सा प्रशस्ता स्याद्रोगघ्नीति गुणप्रदा ॥१६॥**

ताजा (भर्खर टिपिएका वा सङ्कलन गरिएका), चिल्ला, खँदिला, गोलाकार, गह्रौं र पानीमा हाल्दा डुब्ने खालको हर्रोलाई उत्तम हर्रो मानिन्छ । यस्तो हर्रोले रोग नाश गर्दछ र यो अति गुनिलो हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सपकोटा

**शोणाच्छिन्ना गुडनिभा किञ्चिदल्पा कषायिणी ।**
**स्थूलत्वक् सरसा स्वल्पबीजा गुर्वी हरीतकी ॥१७॥**

हर्रोको बोक्रा (चक्कुले) ताछेर खाँदा यसको स्वाद सखरको जस्तै तर केही टर्रो हुन्छ । बाहिरी बोक्रा बाक्लो हुने, रसिलो र साना गेडा हुने हर्रो पचाउन कठिन हुन्छ ।

**चर्विता वर्द्धयत्यग्निं पेषिता मलशोधिनी ।**
**स्विन्ना सङ्ग्राहिणी प्रोक्ता भृष्टा पथ्यान्नदोषनुत् ॥१८॥**

हर्रो चुसे यसले पाचनशक्ति बढाउँदछ । घोटेर खाए यसले पेट सफा गर्दछ । उमालेर खाए दिसा कस्दछ । (भुटेर) धुलो बनाई खाए अन्नले पेटभित्र गरेको बिगारलाई नाश गर्दछ ।

**ग्रीष्मे तुल्यगुडां सुसैन्धवयुतां मेघावृते ह्यम्बरे**
**तुल्यां शर्करया शरद्यमलया शुण्ठ्या तुषारागमे ।**
**पिप्पल्या शिशिरे वसन्तसमये क्षौद्रेण संयोजिता**
**राजन् ! प्राप्य हरीतकीमिव रुजो नश्यन्तु ते शत्रवः ॥१९॥**

हे राजन् ! हर्रोलाई ग्रीष्म ऋतु (जेठ र असार महिना) मा सखरसँग बराबर मात्रामा मिसाएर, वर्षा ऋतु

(साउन र भदौ महिना) मा सिधेनुनसँग आवश्यक मात्रामा मिसाएर, शरद ऋतु (असोज र कार्तिक महिना) मा सखरसँग बराबर मात्रामा, हेमन्त ऋतु (मंसिर र पुस महिना) मा अदुवाको धुलो (सुठो) सँग आवश्यक मात्रामा, शिशिर ऋतु (माघ र फागुन महिना) मा पिप्लासँग आवश्यक मात्रामा र वसन्त ऋतु (चैत र वैशाख महिना) मा महसँग आवश्यक मात्रामा मिसाएर खाँदा हजुरका सबै शत्रुरूपी रोगहरू नाश हुन्छन् ।

## हर्रोका नाम, रस र गुण

**शिवा हरीतकी पथ्या चेतकी विजया जया ।**
**प्रपथ्या प्रथमाऽमोघा कायस्था प्राणदाऽमृता ॥२०॥**
**जीवनीया हैमवती पूतना वृतनाऽभया ।**
**वयस्था नन्दिनी ज्ञेया श्रेयसी रोहिणी तथा ॥२१॥**

हर्रोका शिवा, हरीतकी, पथ्या, चेतकी, विजया, जया, प्रपथ्या, प्रमथा, अमोघा, कायस्था, प्राणदा, अमृता, जीवनीया, हैमवती, पूतना, वृतना, अभया, वयस्था, नन्दिनी र रोहिणी पर्यायवाची नामहरू हुन् ।

**हरीतकी पञ्चरसाऽलवणा तुवरोत्कटा ।**
**रूक्षोष्णा दीपनी मेध्या स्वादुपाका रसायनी ॥२२॥**

हर्रोमा नुनिलो बाहेकका अरु पाँचै रस हुन्छन् । यो अति कसिलो, रुखो, गर्मी गर्ने, अग्निवर्धक, शुद्ध पार्ने, पकाएपछि गुलियो र बुढ्यौली नाशक गुण भएको हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सपकोटा

**सरा बुद्धिप्रदा वृष्या चक्षुष्या बृंहणी लघुः ।**
**श्वासकासप्रमेहार्शः कुष्ठशोथोदरान् कृमीन् ॥२३॥**

यसले (दिसा आदि) खुलाउने वा सार्ने गर्दछ र बुद्धि बढाउँदछ । यो वीर्यवर्धक, आँखाका लागि लाभदायक, बलदायक र पचाउन हलुका हुन्छ साथै दम, खोकी, प्रमेह, अल्काई, कुष्ठ, सुजन, पेटका रोग र कीरानाशक हुन्छ ।

**वैस्वर्य्यग्रहणीदोषविबन्धविषमज्वरान् ।**
**गुल्माध्मानव्रणच्छर्दिहिक्काकण्डूहृदामयान् ॥**
**कामलां शूलमानाहं प्लीहानं चापकर्षति ॥२४॥**

हर्रोले स्वर बिग्रेको, ग्रहणी, कब्जियत, मलेरिया वा क्षयरोगको जरो (विषमज्वर), गानुगोला, आध्मान, घाउखटिरा, वाकवाकी, बाडुली, लुतो र मुटु काम्ने रोग निको हुन्छ । साथै, कमलपित्त, शूल, आनाह र फियो सुन्निने रोगलाई ठिक गर्दछ ।

**(कषायाम्ला च मधुरा तिक्ता कटुरसान्विता ।**
**इति पञ्चरसाः प्रोक्ता लवणेन विवर्जिता ॥**

**अन्नपान कृतान् रोगान् वातपित्तकफोद्भवान् ।**
**हरीतकी हरत्याशु भक्तस्योपरि योजिता ॥)**

हर्रोमा टर्रो, अमिलो, गुलियो, तितो र पिरो गरी नुनिलो बाहेकका पाँच रस हुन्छन् । अन्नपानले उत्पन्न हुने तथा वात, पित्त र कफ दोषले उत्पन्न हुने रोगलाई हर्रोले हरण गर्दछ । (यी दुई श्लोक कुनै प्रतिमा छैन) ।

**मधुराम्लतया वातं कषायस्वादुभावतः ।**
**पित्तं हन्ति कफं हन्ति कटुकेन हरीतकी ॥२५॥**

हर्रोमा हुने गुलियो र अमिलो रसले वातदोषलाई, टर्रो रसले पित्तदोषलाई र पिरो रसले कफदोषलाई नाश गर्दछ ।

## आमलकी (अमला)

**धात्रीफलाऽमृतफलाऽऽमलकं श्रीफलं शिवम् ।**
**तद्वद्धात्रीफलं वृष्यं विशेषाद्रक्तपित्तजित् ॥२६॥**
**अम्लत्वात्पवनं हन्ति पित्तं माधुर्य्यशैत्यतः ।**
**कफं रूक्षकषायत्वात्तस्मात्किमधिकं फलम् ॥२७॥**

सङ्कलन : मोहन प्रसाद सापकोटा

अमलाका धात्रीफल, अमृतफल, आमलकं, श्रीफलं र शिवम् पर्यायवाची नामहरू हुन् । अमलाले आयु बढाउँदछ र विशेषगरी रक्तपित्त रोगलाई नाश गर्दछ । यसमा भएको अमिलो रसले वायुदोषलाई नाश गर्दछ भने गुलियो रस र चिसोपनले पित्तदोषलाई  नाश गर्दछ । यसैगरी यसमा हुने टर्रो रसले कफदोषलाई नाश गर्दछ, यसभन्दा उत्तम अरु कुन फल होला र !  ।

## बर्रो

**विभीतकः कर्षफलो भूतावासः कलिद्रुमः ।**
**वासन्तोऽक्षो वृद्धजातः सम्वर्त्तस्तिलपुष्पकः ॥२८॥**
**विभीतकः स्वादुपाकः कषायः कफपित्तनुत् ।**
**उष्णवीर्य्यो हिमस्पर्शो भेदनः कासनाशनः ॥२९॥**
**रूक्षो नेत्रहितः केश्यो मज्जातो मदकारकः ॥३०॥**

बर्रोका विभीतक, कर्षफल, भूतावास, कलिद्रुम, वासन्त, अक्ष, वृद्धजात, संवर्त र तिलपुष्पक संस्कृत पर्यायवाची नामहरू हुन् । यो पाकेपछि गुलियो र टर्रोटर्रो स्वादको हुने हुनाले यसले कफ र पित्तजन्य रोग नाश गर्दछ । यसले गर्मी गर्दछ, छुँदा वा दल्दा चिसो हुन्छ । यसमा टुक्रा पार्ने वा अलग्याउने गुण हुने हुनाले खोकीलाई ठिक गर्दछ ।  रुखो भएपनि आँखाका लागि हितकारी हुन्छ । यसले कपाल बढाउँदछ र गेडाको गुदीले नसा लगाउँदछ ।

## त्रिफला

**हरीतक्यास्त्रयो भागाः शिवा द्वादशभागिका ।**
**षड्भागाः स्युर्विभीतस्य त्रिफलेयं प्रकीर्त्तिता ॥३१॥**
**पित्तं माधुर्य्यशैत्याभ्यां कफं रूक्षकषायनुत् ।**
**त्रिफलै तत्त्रयेण स्याद्वरा श्रेष्ठा फलोत्तमा ॥३२॥**
**त्रिफला कुष्ठमेहार्शः कफपित्तविनाशिनी ।**
**चक्षुष्या रोपणी हृद्या वयसः स्थापिनी परा ॥३३॥**

हर्रो तीन भाग, अमला बाह्र भाग र बर्रो छ भाग राखी तयार गरिएको मिश्रणलाई त्रिफला भनिन्छ । यसमा हुने गुलियो र चिसोपनले पित्तविकार तथा रुखो र टर्रोपनले कफदोषलाई नाश गर्दछ । यी तीन थरी (हर्रो, बर्रो र अमला) उत्तम फलको मिश्रणलाई त्रिफला भनिन्छ । त्रिफलाले कुष्ठ, प्रमेह, अल्काई, कफरोग र पित्तरोगलाई नाश गर्दछ । यो आँखाका लागि लाभकारी हुन्छ । यसले घाउ चाँडै भरिन्छ । मुटु बलियो बनाउँदछ र आयु बढाउँदछ ।

## भूधात्री (भुइँ अमला)

सङ्कलन : मोहन प्रसाद सापकोटा

**भूधात्री बहुपत्री स्यादमृताऽऽमलकी शिवा ।**
**भूधात्री वातकृत्तिक्ता कषाया मधुरा हिमाः ॥**
**पिपासाकासपित्तास्र कृमिपाण्डुक्षतापहा ॥३४॥**

भुइँअमलाका भूधात्री, बहुपत्री, अमृता, आमलकी र शिवा संस्कृत पर्यायवाची नामहरू हुन् । यसले वातदोष बढाउँदछ । यो तितोतितो, टर्रो, हल्का गुलियो र चिसो हुन्छ । यसले तिर्खा, खोकी, रक्तपित्त, कीरा, पाण्डु र चोटपटक ठिक गर्दछ ।

## प्राचीनामलकी (पानी अमला)

**प्राचीनामलकी प्राची नागरं रक्तकं मतम् ।**
**तत्पक्वं पित्तकफकृदुष्णं गुरु समीरजित् ॥३५॥**

पानीअमलाका प्राचीना, आमलकी, प्राची, नागर र रक्तक संस्कृत पर्यायवाची नामहरू हुन् । यसको पाकेको फलले पित्त र कफ बढाउँदछ । तर, गर्मी गर्ने र पचाउन कठिन हुने हुनाले वायुदोषलाई ठिक गर्दछ ।

## वासा (असुरो)

**अरूषकेणाववासा वृषा सिंहमुखी भिषक् ।**

**सिंहपर्णा वृषा वासा सिंहकोत्पाटरूषकः ॥३६॥**
**वासको वातकृत्स्वर्यः कफपित्तास्रनाशनः ।**
**श्वासकासज्वरच्छर्दिमेहकुष्ठक्षयापहः ॥३७॥**

असुरोका अरूषक, इणाववासा, वृषा, सिंहमुखी, भिषक, सिंहपर्णी, वृष, वासा, सिंहक र उत्पाटरूषक संस्कृत पर्यायवाची नामहरू हुन् । असुरोले वायु बढाउँदछ । घाँटी सफा गर्दछ । कफदोष, रक्तपित्त, दम, खोकी, जरो, वाकवाकी, प्रमेह, कुष्ठ र क्षयरोग ठिक गर्दछ ।

## गुडूची (गुर्जो)

**गुडूची कुण्डली छिन्ना वयस्थाऽमृतवल्लरी ।**
**छिन्नोद्भवा छिन्नरुहाऽमृता ज्वरविनाशिनी ॥३८॥**
**वत्सादनी चन्द्रहासा जीवन्ती चक्रलक्षणा ।**
**गुडूची कटुका लघ्वी स्वादुपाका रसायनी ॥३९॥**
**सङ्ग्राहिणी कषायोष्णा बल्या तिक्ताऽग्निदीपनी ।**
**कामलाकुष्ठवातादिज्वरपित्तकृमीन् जयेत् ॥४०॥**
**घृतेन वातं सगुडा विबन्धं पित्तं सिताया मधुना कफं च ।**
**वातास्रमुग्रं रुबुतैलमिश्रा शुण्ठ्यामवातं शमयेद्गुडूची ॥४१॥**

सङ्कलन : मोहन प्रसाद सापकोटा

गुर्जोका गुडूची, कुण्डली, छिन्ना, वयस्था, अमृतवल्लरी, छिन्नोद्भवा, छिन्नरुहा, अमृता, ज्वरविनाशिनी, वत्सादनी, चन्द्रहासा, जीवन्ती र चक्रलक्षण संस्कृत पर्यायवाची नामहरू हुन् । यो पिरोपिरो, पचाउन सरल, पकाएर खाँदा स्वादिलो र आयुवर्धक हुन्छ । यसले दिसा कस्दछ, टर्रोटर्रो स्वादको हुन्छ । यो गर्मी गर्ने, बल बढाउने, तितो र पाचनशक्ति बढाउने गुणको हुन्छ । कमलपित्त, कुष्ठ, वातदोष, जरो, पित्तरोग र किरा परेको यसले ठिक गर्दछ । गुर्जोलाई घिउसँग खाँदा वायुजन्य रोग, सखरसँग खाँदा कब्जियत, मिश्रीसँग खाँदा पित्तजन्य रोग, महसँग खाँदा कफजन्य रोग, अँडिरको तेलसँग खाँदा कडा खालको वातरक्त (Gout) रोग र सुठोसँग खाँदा आमवात (अधकल्चो भएर पच्न नसकेको खानपिनको रसले गर्दा शरीरका जोर्नी दुख्ने रोग, वाथरोग, Rheumatism) निको गर्दछ ।

## बेल

**बिल्वः शलाटुः शैलूषो मालूरश्च सदाफलः ।**
**लक्ष्मीफलो गन्धगर्भः शाण्डिल्यः कण्टकी मतः ॥४२॥**
**बिल्वं ग्राहि कषायोष्णं कटु दीपनपाचनम् ।**
**हृद्यं बल्यं लघु स्निग्धं तिक्तं वातकफापहम् ॥४३॥**
**वृष्यं गुरु त्रिदोषं स्याद्दुर्जरं पूतिमारुतम् ।**
**विदाहि विष्टम्भकरं मधुरं वह्निमान्द्यकृत् ॥४४॥**
**ग्रहणीकफवातामशूलघ्नी बिल्वपेशिका ॥४५॥**

बेलका बिल्व, शलाटु, शैलूष, मालूर, सदाफल, लक्ष्मीफल, गन्धगर्भ, शाण्डिल्य र कण्टकी संस्कृत पर्यायवाची नामहरू हुन् । बेलको काँचो फलको गुदीले दिसा कस्दछ । यो कस्ने गुणको, गर्मी गर्ने, तिक्खर, पाचकाग्नि बाल्ने, खाएको पचाउने, मुटुका लागि लाभदायक, बलकारी, हलुको, चिल्लो र तितो हुन्छ । यसले वातदोष र कफदोषलाई हटाउँदछ । बेलको पाकेको फलको गुदीले बल बढाउँदछ । यो पचाउन कठिन, तिनवटै दोष निकाल्ने, ढिलो पच्ने, वायुलाई दुर्गन्धित बनाउने, डाह गर्ने, कब्जियत गर्ने, मिठो र पाचकाग्निलाई मधुरो बनाउने गुणको हुन्छ । बेलको फलको बोक्रा संग्रहणी (धेरै र धेरै पटक दिसा लाग्ने रोग), कफदोष, वातदोष, आमवात र शूलमा औषधी हुन्छ ।

## अरणि

**अग्निमन्थो मथः केतुररणिर्वैजयन्तिका ।**
**अग्निमन्थः श्वयथुहृद्वीर्योष्णः कफवातनुत् ॥४६॥**

अरणिका अग्निमन्थ, मथ, केतु, अरणी र वैजयन्तिका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले सुन्निएको बसाउँदछ, गर्मी गर्दछ तथा कफरोग र वायुरोग ठिक गर्दछ ।

## पाटला (पाडरी)

सङ्कलन : मोहन प्रसाद सापकोटा

**पाटला कामदूतिः स्यात्कुम्भिका कालवृन्तिका ।**
**स्वल्पमेधा मधोर्दूती ताम्रपुष्पाम्बुवासिनी ॥४७॥**
**अन्या फलेरुहा श्वेता कुम्भिका कृष्णपाटला ।**
**पाटलाऽरुचिशोथार्शः श्वासतृट्छर्दिनाशिनी ॥४८॥**
**अत्युष्णं तुवरं स्वादु तत्पुष्पं कफरक्तनुत् ।**
**पित्तातिसारदाहघ्नं फलं हिक्कास्रपित्तनुत् ॥४९॥**

पाडरीका वा कालो पाडरीका पाटला, कामदूती, कुम्भिका, कालवृन्तिका, स्वल्पमेधा, मधुदूती, ताम्रपुष्पा, अम्बुवासिनी, फलेरुहा, श्वेता, कुम्भिका र कृष्णपाटला संस्कृत पर्यायवाची नामहरू हुन् । यसले अरुचि, सुन्निएको, अल्काई, दम र रुघाखोकी नाश गर्दछ । यो अति गर्मी गर्ने, कस्ने र स्वादिष्ट हुन्छ । यसको फूलले कफ, रक्तपित्त, छेरपटी र शरीर पोल्ने रोग ठिक गर्दछ । यो पाडरीको फलले बाडुली र रक्तपित्तलाई भगाउँदछ ।

## खमारी

**काश्मरी सर्वतोभद्रा श्रीपर्णी कृष्णवृन्तिका ।**
**गम्भारी कश्मरी हीरा काश्मर्या भद्रपर्णिका ॥५०॥**
**काश्मरी ज्वरशूलघ्नी वीर्योष्णा मधुरा गुरुः ।**

**तत्पुष्पं वातलं ग्राांहे ापित्तासृक्प्रदराहरम् ।।५१।।**
**फलं रसायनं केश्यं बृंहणं शुक्रलं गुरु ।**
**वातपित्तक्षयतृषारक्तमूत्रविबन्धनुत् ।।५२।।**

काश्मरी, सर्वतोभद्रा, श्रीपर्णी, कृष्णवृन्तिका, कश्मारी, हीरा, काश्मर्या र भद्रपर्णिका : यी खमारीका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले जरो र शूल रोगलाई भगाउँदछ । यो वीर्यशाली, गर्मी गर्ने, मिठो र पचाउन कठिन हुन्छ । यसको फूलले वायु उत्पन्न गर्दछ र दिसा कस्दछ । यसले रक्तपित्त र स्त्रीका जननेन्द्रियबाट रस बहिरहने रोग (प्रदर, ल्यूकोरिया) लाई ठिक गर्दछ । यसको फलले आयु र कपाललाई बढाउँदछ, शरीरलाई पुष्ट पार्दछ र वीर्य पनि बढाउँदछ । पचाउन कठिन हुने हुनाले यसले वायु र पित्त बढाउँदछ, शरीरका धातुलाई क्षय गर्दछ, तिर्खा लगाउँदछ तथा रगतका विकार बढाई मूत्रलाई रोक्दछ ।

## टटेलो

**श्योनाक पृथुशिम्बिः स्याच्छुकनासः कुटन्नटः ।**
**भूतवृक्षश्च कट्वङ्गष्टुण्टुकः शल्लकोऽरलुः ।।५३।।**
**मयूजङ्घो भल्लूकः प्रियजीवः कटम्भरः ।**
**श्योनाको दीपनः पाके कटुस्तुवरको हिमः ।।५४।।**
**ग्राही तिक्तोऽनिलश्लेष्मपित्तकासविनाशनः ।**
**टुण्टुकस्य फलं बालं रूक्षं वातकफापहम् ।।**
**हृद्यं कषायमधुरं लघु रोचनदीपनम् ।।५५।।**

श्योनाक, पृथुशिम्बि, शुकनास, कुटन्नट, भूतवृक्ष, कट्वङ्ग, टुण्टुक, शल्लक, अरलु, मयूजङ्घ, भल्लूक, प्रियजीव र कटम्भर : यी टटेलोका संस्कृत पर्यायवाची नामहरू हुन् । यो अग्निवर्धक, पच्ने समयमा पिरो, शरीरलाई कस्ने, ठण्डी गर्ने, दिसा कस्ने, र तीतो हुन्छ । यसले वायुविकार, कफविकार, पित्तविकार र खोकी निको पार्दछ । यसको फल रुखो हुन्छ । यसले वायु र कफ विकार हटाउँदछ र मुटुरोगलाई ठिक गर्दछ । यो कसिलो, मिठो, हलुका र रुचिवर्धक र पाचनशक्ति बढाउने गुणको हुन्छ ।

## बृहत् पञ्चमूल

**बिल्वादिभिः पञ्चभिरेभिरेचत्स्यात्पञ्चमूलं महदग्निकारि ।**
**लघूष्णतिक्तं रसतः कषायं मेदः कफश्वाससमीरहारि ।।५६।।**

बेल, अरणी, पाडरी, खमारी र टटलो गरी पाँच कुराको मिश्रणलाई बृहत् पञ्चमूल भनिन्छ । यसले पाचक अग्निलाई बाल्दछ, पचाउन सहज हुन्छ र गर्मी गर्दछ । यो तीतो स्वादको हुन्छ । यसको रसमा टर्रोपन हुनाले यो कस्ने गुण हुन्छ । शरीरको भित्री बोसो, कफ, दम र वायुजन्य दोषलाई यसले ठिक गर्दछ ।

## ओदाने कौंडो

**त्रिकण्टकः कण्टफलो गोक्षुरः स्वादुकण्टकः ।**
**गोकण्टको भक्ष्यटकस्त्रिकण्टो व्यालदंष्ट्रकः ॥५७॥**
**श्वदंष्ट्रा स्थूलश्रृङ्गाटः षडङ्गः क्षुरकस्त्रिकः ।**
**गोक्षुरः शीतलः स्वादुर्बलकृद्वस्तिशोधनः ॥**
**प्रमहेश्वासकासास्रकृच्छ्रहृद्रोगवातजित् ॥५८॥**

ओदाने कौँडोका त्रिकण्टक, कण्टफल, गोक्षुर, स्वादुकण्टक, गोकण्टक, भक्ष्यटक, व्यालदंष्ट्रक, श्वदंष्ट्रा, स्थूलशृङ्गाट, षडङ्ग, क्षुरक र त्रिक : यी संस्कृत पर्यायवाची नामहरू हुन् । यसले ठण्डी गर्दछ र स्वादिष्ट हुन्छ । ओदाने कौँडोले बल बढाउँदछ र तल्लो पेटलाई सफा गर्दछ तथा प्रमेह, दम, खोकी रक्तपित्त, पत्थरी, सुन्निने रोग र मुटु रोग ठिक गर्दछ भने वातलाई शान्त पार्दछ ।

## साकिनु वा साखिनु

**शालपर्णी ध्रुवा सौम्या त्रिपर्णी पीतनी स्थिरा ।**
**विदारिगन्धाऽतिगुहा दीर्घमूलांशुमत्यपि ॥५९॥**
**शालपर्णी गुरुश्छर्दिज्वरश्वासातिसारनुत् ।**
**शोषदोषत्रयहरा बृहत्युष्णा रसायनी ॥६०॥**

साकिनुका शालपर्णी, ध्रुवा, सौम्या, त्रिपर्णी, पीतनी, स्थिरा, विदारिगन्धा, अतिगुहा, दीर्घमूला र अंशुमती : यी संस्कृत पर्यायवाची नामहरू हुन् । यो पचाउन कठिन हुन्छ । यसले रुघाखोकी, जरो, दम, छेरपटी (वा आउँ), सुकेनास र तीन वटै दोषलाई नाश गर्दछ । यसले अति नै गर्मी गर्दछ तर धातुलाई पोषण (रसायन) गर्दछ ।

## चाल्ने सिस्नु

**पृष्ठि(श्नि)पर्णी क्रोष्टुपुच्छा धावनी कलशारुहा ।**
**श्रृगालवृत्ताऽहितिला पृथक्पर्णी च पर्णिका ॥६१॥**
**पृष्ठि(श्नि)पर्णी लघुर्वृष्या मधुरोष्णा विनाशयेत् ।**
**रक्तातिसारतृङ्दाहदोषत्रयवमिज्वरान् ॥६२॥**

पृष्ठपर्णी, क्रोष्टुपुच्छा, धावनी, कलशारुहा, श्रृगालवृत्ता, अहितिला, पृथक्पर्णी र पर्णिका-यी चाल्ने सिस्नुका संस्कृत पर्यायवाची नामहरू हुन् । यो पचाउन हलुका, आयुवर्धक एवं बलवर्धक हुन्छ । यो मिठो हुनुका साथै यसले गर्मी तथा रक्ततिसार-तिर्खा-डाह-त्रिदोष-बान्ता र जरो नाश गर्दछ ।

## बृहती (बिहीं, कण्टकारी, सेतो फुल्ने कण्टकारी)

**बृहती स्थूलभण्टाकी विषदा च मदोत्कटा ।**
**वृन्ताकी महती सिंही कण्टकी राष्ट्रकाकुली ॥६३॥**
**बृहती ग्राहिणी हृद्या पाचनी कफवातजित् ।**
**उष्णा कुष्ठज्वरश्वासशूलकासाग्निमान्द्यजित् ॥६४॥**

बृहती, स्थूलभण्टाकी, विषदा, मदोत्कटा, वृन्ताकी, महती, सिंही, कण्टकी र राष्ट्रकाकुली-यी बृहतीका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले कब्जियत गर्दछ तर यो हृदयलाई लाभदायक हुन्छ । पाचनशक्ति बढाउँदछ र कफ एवं वातलाई शान्त पार्दछ (जित्दछ) तथा गर्मी गर्दछ । यसले कुष्ठ, जरो, दम, शूल, खोकी र मन्दाग्निलाई नाश गर्दछ ।

## कण्टकारी (सेतो फल फल्ने)

**कण्टारिका कण्टिकिनी कण्टकारी निदग्धिका ।**
**दुःस्पर्शा धावनी क्षुद्रा स्याद् व्याघ्री दुष्प्रधर्षिनी ॥६५॥**
**सिता क्षुद्रा चन्द्रहासा लक्ष्मणा स्वेददूतिका ।**
**कण्टकारी सरा तिक्ता कटुका दीपनी लघुः ॥६६॥**
**रूक्षोष्णा पाचनी कासश्वासज्वरकफानिलान् ।**
**निहन्ति पीनसं पार्श्वपीडाकृच्छ्रहृदामयान् ॥**
**तद्वत्प्रोक्ता सिता क्षुद्रा विशेषाद्गर्भकारिणी ॥६७॥**

कण्टारिका, कण्टकिनी, कण्टकारी, निदग्धिका, दुःस्पर्शा, धावनी, क्षुद्रा, व्याघ्री र दुष्प्रदर्शिनीः यी कण्टकारीका संस्कृत पर्यायवाची नामहरू हुन् । सेतो कण्टकारीका क्षुद्रा, चन्द्रहासा, लक्ष्मणा र स्वेददूतिका पर्यायवाची नाम हुन् । कण्टकारी दिशापिसाब खुलाउने (सर), तितो र पिरो स्वाद हुने, जठराग्निलाई बाल्ने (दीपनी), पचाउन हलुका, रुखो, गर्मी गर्ने र पचाउन मद्दत गर्ने गुणको हुन्छ । यसले खोकी, दम, जरो, कफविकार, वातविकार, पिनास, कोखो दुख्ने, मूत्रकृच्छ्र र मुटुका रोग निको पार्दछ । सेतो कण्टकारीमा यी सबै गुणका अतिरिक्त गर्भधारण गराउने विशेष गुण पनि हुन्छ ।

## लघुपञ्चमूल

**ह्रस्वाख्यं पञ्चमूलं स्यात्पञ्चभिर्गोक्षुरादिभिः ।**
**बल्यं पित्तानिलहरं नात्युष्णं स्वादु बृंहणम् ॥६८॥**

ओदाने काँडो, चाल्ने सिस्नु, पृष्ठपर्णी र दुवैथरी कण्टकारीको समूहलाई लघुपञ्चमूल भनिन्छ । यसले बल दिन्छ, पित्त र वायु विकार नाश गर्दछ, धेरै गर्मी पनि गर्दैन, स्वादिलो हुन्छ र वीर्य बढाउँदछ ।

## दशमूल

**एताभ्यां पञ्चमूलाभ्यां दशमूलमुदाहृतम् ।**
**दोषत्रयश्वासकासशिरःपीडापतन्त्रकान् ॥**
**तन्द्रास्वेदज्वरानाहारुचिपार्श्वरुजो जयेत् ॥६९॥**

बृहद्पञ्चमूल र लघुपञ्चमूलको योगलाई दशमूल भनिन्छ । दशमूलले त्रिदोष, दम, खोकी, टाउको दुख्ने रोग, अपतन्त्र (वायुविकारले हुने रोग विशेष जसमा शरीर टेढो हुने, टाउको वा कञ्चट दुख्ने, गला थरथर गर्ने, आँखा तान्निने, सास फेर्न कठिनाइ हुने आदि समस्या हुन्छ), तन्द्रा, पसिनाजन्य रोग, जरो, पेट फुल्ने रोग, खान मन नलाग्ने रोग र कोखा दुख्ने रोगमा लाभ गर्दछ ।

## ऋद्धि र वृद्धि

**ऋद्धिः सुखंयुगं लक्ष्मीः सिद्धिः सर्वजनप्रिया ।**
**ऋषिसृष्टा रथाङ्गं स्यान्माङ्गल्यं श्रावणी वसुः ॥७०॥**
**योग्यं युग्या तुष्टिराशिर्वृद्धिरप्येतदाह्वया ।**
**ऋद्धिर्बल्या त्रिदोषघ्नी शुक्रला मधुरो गुरुः ॥**
**वृद्धिर्गर्भप्रदा शीता वृष्या कासक्षयास्रनुत् ॥७१॥**

सङ्कलन : मोहन प्रसाद सापकोटा

ऋद्धि, सुखंयुग, लक्ष्मी, सिद्धि, सर्वजनप्रिया, ऋषिसृष्टा, रथाङ्ग, माङ्गल्य, श्रावणी, वसु, योग्य, युग्या र तुष्टिराशि-यि ऋद्धिवृद्धिका संस्कृत पर्यायवाची नामहरू हुन् । ऋद्धिले बल दिन्छ, त्रिदोष नाश गर्दछ, वीर्य बढाउँदछ, मिठो हुन्छ र पचाउन कठिन हुन्छ । वृद्धिमा गर्भ रहन मद्दत गर्ने, ठण्डी गर्ने, आयु बढाउने, खोकी र क्षय रोग नाश गर्ने तथा रगतका विकार नाश गर्ने गुण हुन्छ ।

## कल्छे लहरो (काकोली)

**काकोली मधुरा वीरा कायस्था क्षीरशुक्तिका ।**
**ध्वाङ्क्षोली वायसोली स्यात्स्वादुमांसी पयस्विनी ॥७२॥**

काकोली, मधुरा, वीरा, कायस्था, क्षीरशुक्तिका, ध्वाङ्क्षोली, वायसोली, स्वादुमांसी र पयस्विनी-यी कल्छे लहराका संस्कृत पर्यायवाची नामहरू हुन् ।

**द्वितीया क्षीरकाकोली सुराह्वा क्षीरिणी मता ।**
**पीवरः सदृशस्कन्धः सक्षीरः ससुगन्धकः ॥**
**क्षीरकाकोलिका ख्यातः पित्तदोषज्वरापहः ॥७३॥**

क्षीरकाकोली, सुराह्वा, क्षीरिणी, पीवर, सदृशस्कन्ध, सक्षीर, ससुगन्धक र क्षीरकाकोलिका-यी दूधे कल्छे

लहरोका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले पित्तविकार र जरो ठिक गर्दछ ।

**काकोलीयुगलं शीतं शुक्रलं मधुरं गुरु ।**
**जयेत्समीरदाहास्रपित्तशोषतृषाज्वरान् ॥७४॥**

दुवै कल्छेलहराहरू ठण्डी गर्ने, शुक्र बढाउने, मिठा, पचाउन कठिन, वायुनाशक, डाह नाशक, रक्तपित्त नाशक, क्षयरोग नाशक, तिर्खा नाशक र जरो नाशक हुन्छन् ।

### मेदा (खिरौंलो), महामेदा (ठूलो खिरौंलो)

**मेदा ज्ञेया शालपर्णी वृष्या मेदोभवा धरा ।**
**महामेदा वसुच्छिद्रा त्रिदन्ता दैवतामणिः ॥७५॥**

मेदा, ज्ञेया, शालपर्णी, वृष्या, मेदोभवा र धरा खिरौंलोका तथा महामेदा, वसुच्छिद्रा, त्रिदन्ता र दैवतामणि ठूलो खिरौंलोका संस्कृत पर्यायवाची नामहरू हुन् ।

**मेदायुगं गुरु स्वादु वृष्यं स्तन्यकफापहम् ।**
**बृंहणं शीतलं रक्तं पित्तक्षयसमीरनुत् ॥७६॥**

सङ्कलन : मोहन प्रसाद सापकोटा

यी दुवै पचाउन कठिन, स्वादिष्ट, वीर्यवर्धक, दूधवर्धक, कफनाशक, पौष्टिक, ठण्डी गर्ने, रक्तविकार नाशक, पित्तविकार नाशक र वातविकार नाशक हुन्छन् । (कसैकसैले यी दुईको अभावमा कुरिलोको प्रयोग गर्न सल्लाह दिएका छन्) ।

### जीवक (गुनाभा, कर्कटशृङ्गी विशेष), ऋषभक (गुनाभा विशेष)

**जीवको मधुरः श्रृङ्गी ह्रस्वाङ्गः कूर्चशीर्षकः ।**
**ऋषभो वीर इन्द्राक्षो विषाणी दुर्धरो वृषः ॥७७॥**

जीवक, मधुर, श्रृङ्गी, ह्रस्वाङ्ग र कूर्चशीर्षक जीवकका तथा ऋषभ, वीर, इन्द्राक्ष, विषाणी, दुर्धर र वृष ऋषभकका संस्कृत पर्यायवाची नामहरू हुन् ।

**जीवकर्षभकौ बल्यौ शीतौ शुक्रकफप्रदौ ।**
**हरतः पित्तदाहास्रकासवातक्षयामयान् ॥७८॥**

जीवक र ऋषभक दुवै बलदायक, ठण्डी गर्ने, शुक्रवर्धक, कफवर्धक, पित्तविकार नाशक, डाह नाशक, रक्तविकार नाशक, खोकी नाशक, वातविकार नाशक, क्षयरोग नाशक र आमविकार नाशक हुन्छन् ।

## अष्टवग

**अष्टवर्गोऽष्टभिर्द्रव्यैरेतैः शीतोऽतिशुक्रलः ।**
**बृंहणः पित्तदाहास्रशोषघ्नः स्तन्यगर्भकृत् ॥७९॥**

ऋद्धि, वृद्धि, काकोली, क्षीरकाकोली, मेदा, महामेदा, जीवक र ऋषभक यी आठ द्रव्यको सामूहिक नामलाई "अष्टवर्ग" भनिन्छ । यसले ठण्डी गर्नुका साथै अति नै शुक्र बढाउँदछ । पौष्टिक हुन्छ । पित्तविकार, डाह, रक्तविकार र क्षयरोग निको पार्दछ । दूध फुटाउँदछ र गर्भधारण गराउँदछ ।

## जीवन्ती

**जीवन्ती जीवनी जीवा जीवनीया यशस्करी ।**
**शाकश्रेष्ठा जीवभद्रा माङ्गल्या जीववर्धनी ॥८०॥**

जीवन्ती, जीवनी, जीवा, जीवनीया, यशस्करी, शाकश्रेष्ठा, जीवभद्रा, माङ्गल्या र जीववर्धनी-यी जिवन्तीका संस्कृत पर्यायवाची नामहरू हुन् ।

**जीवन्ती शीतला स्वादुः स्निग्धा दोषत्रयापहा ।**
**रसायनी बलकरी चक्षुष्या ग्राहिणी लघुः ॥८१॥**

सङ्कलन : मोहन प्रसाद सपकोटा

जीवन्तीले ठण्डी गर्दछ, स्वादिलो र चिल्लो हुन्छ । यसले त्रिदोष र बुढचौली नाश गर्दछ । यो बलदायक हुनुका साथै आँखाका लागि फाइदाजनक हुन्छ । यसले दिसा कस्दछ तर पचाउन सहज हुन्छ ।

## मधुयष्टी (जेठीमधु)

**मधुयष्टी क्लीतनकं यष्टीमधु मधूलिका ।**
**यष्ट्याह्वं मधुकं यष्टिमधूकं जलजा मधुः ॥**
**मधुयष्टी गुरुः शीता बल्या तृट्छर्दिपित्तजित् ॥८२॥**

मधुयष्टी, क्लीतनक, यष्टीमधु, मधूलिका, यष्ट्याह्व, मधुक, यष्टिमधूक, जलजा र मधु – यी जेठीमधुका संस्कृत पर्यायवाची नामहरू हुन् । यो पचाउन कठिन हुन्छ । यसले ठण्डी गर्दछ, बल दिन्छ तथा तिर्खा, वाकवाकी र पित्तविकार नाश गर्दछ ।

## माषपर्णी (मासलहरी), मुद्गपर्णी (वनमुगी)

**माषपर्णी कृष्णवृन्ता काम्बोजी हयपुच्छिका ।**
**मांसमाषा सिंहमुखी स्वादुमाषा महासहा ॥८३॥**

माषपर्णी, कृष्णवृन्ता, काम्बोजी, हयपुच्छिका, मांसमाषा, सिंहमुखी, स्वादुमाषा र महासहा-यी वनमासका संस्कृत पर्यायवाची नामहरू हुन् ।

**मुद्गपर्णी क्षुद्रसहा सूर्यपर्णी कुरङ्गिणी ।**
**वनजा रिङ्गिणी शिम्बी सिंही मार्जारगन्धिका ॥८४॥**

मुद्गपर्णी, क्षुद्रसहा, सूर्यपर्णी, कुरङ्गिणी, वनजा, रिङ्गिणी, शिम्बी, सिंही र मार्जारगन्धिका-यी वनमुगीका संस्कृत पर्यायवाची नामहरू हुन् ।

**माषपर्णी हिमा तिक्ता रूक्षा शुक्रबलासकृत् ।**
**मधुरा ग्राहिणी शोषवातपित्तज्वरास्रनुत् ॥**
**तद्वद्भवेन्मुद्गपर्णी तृड्दोषार्शोहरा लघुः ॥८५॥**

वनमास ठण्ठी गर्ने, तितो, रुखो, वीर्य र कफ बढाउने, मिठो, कब्जियत गराउने तथा शरीर सुक्ने रोग, वातविकार, पित्तज्वर, रक्तपित्त रोग नाशक हुन्छ । वनमुगीमा पनि यी गुण लगायत तिर्खा रोग अल्काईलाई नाश गर्ने गुण हुन्छ र हलुका हुन्छ ।

## जीवनीयगण

सङ्कलन : मोहन प्रसाद सापकोटा

**जीवन्ती मूषपर्णीयुक्काकोल्यौ जीवकर्षभौ ।**
**मेदे यष्टीति मधुरो जीवनीयगणो गुरुः ॥८६॥**
**शुक्रकृद् बृंहणः शीतः स्तन्यगर्भकफप्रदः ।**
**रक्तपित्ततृषाशोषज्वरदाहक्षतापहः ॥८७॥**

जीवन्ती, मूषपर्णी, काकोली, क्षीरकाकोली, मेदा, महामेदा, जीवक, ऋषभक, ऋद्धि, वृद्धि र जेठिमधु : यी औषधीको बराबर भागको मिश्रणलाई बलदायक “जीवनीयगण” भनिन्छ । यो पचाउन कठिन हुन्छ । यसले शुक्र बढाउँदछ । यो मिश्रण पौष्टिक, ठण्डी गर्ने, दूध बढाउने, गर्भ बसाउने, कफ बढाउने तथा रक्तपित्त, तिर्खा, सुकेनास, जरो, डाह र चोटपटक निको पार्ने गुणको हुन्छ ।

## दुई थरी अँडिर

**एरण्डो दीर्घदण्डः स्यात्तरुणो वर्धमानकः ।**
**चित्र पञ्चाङ्गुलो व्याघ्रपुच्छो गन्धर्वहस्तकः ॥८८॥**

एरण्ड, दीर्घदण्ड, तरुण, वर्धमानक, चित्र, पञ्चाङ्गुल, व्याघ्रपुच्छ र गन्धर्वहस्तक-यी अँडिरका संस्कृत पर्यायवाची नामहरू हुन् ।

**रक्तैरण्डो हस्तिकर्णो व्याघ्रो व्याघ्रतरो लघुः ।**
**उत्तानपत्र उरुबुर्वातवैरी च चञ्चुला ॥८९॥**

रक्तैरण्ड, हस्तिकर्ण, व्याघ्र, व्याघ्रतर, लघु, उत्तानपत्र, उरुबु, वातवैरी रचञ्चुला-यी रातो अँडिरका संस्कृत पर्यायवाची नामहरू हुन् ।

**एरण्डयुग्मं मधुरमुष्णं गुरु विनाशयेत् ।**
**शूलशोफकटीबस्तिशिरः पीडोदरज्वरान् ॥९०॥**
**व्रध्नश्वासकफानाहकासकुष्ठाममारुतान् ।**
**तत्फलं भेदनं स्वादु क्षारमुष्णं समीरजित् ॥९१॥**

सामान्य र रातो दुवै खालका अँडिर मिठा, गर्मी गर्ने र पचाउन कठिन हुन्छन् । शूल, सुन्निने रोग, कम्मर-तल्लो पेट-टाउकोमा हुने पीडा, पेटको दुखाई, जरो, व्रध्न (वायुविकार विशेष जसमा वायु शरीरलाई फुलाउँदै दुखाउँदै तिघ्रा र अण्डकोशको जोर्नीहुँदै अण्डकोशतिर सर्ने गर्दछ), दम, कफविकार, पेट फुल्ने रोग, खोकी, कुष्ठरोग र आमवातलाई अँडिरले निको पार्दछ । अँडिरको फलमा दिसा आदि खुकुल्याउने गुण हुनुका साथै यो स्वादिलो, नुनिलो र गर्मी गर्ने गुणको हुन्छ । यसले वायुविकार नाश गर्दछ । (पेट सफा गर्नुपर्दा यसको तेलको प्रयोग गरिन्छ) ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

## शारिवाद्वय (सारिवा, अनन्तमूल)

**शारिवा शारदाऽऽस्फोता गोपकन्या प्रतानिका ।**
**गोपाङ्गना गोपवल्ली लताह्वा काष्ठशारिवा ॥९२॥**

शारिवा, शारदा, आस्फोता, गोपकन्या, प्रतानिका, गोपाङ्गना, गोपवल्ली, लताह्वा र काष्ठशारिवा-यी सामान्य सारिवाका संस्कृत पर्यायवाची नामहरू हुन् ।

**शारिवाऽऽन्या कृष्णमूली भद्रचन्दनशारीवा ।**
**भद्रा चन्दनगोपा च चन्दना कृष्णवल्यपि ॥९८॥**

शारिवा, आन्या, कृष्णमूली, भद्रचन्दन, शारीवा, भद्रा, चन्दनगोपा, चन्दना र कृष्णवल्ली-यी कालो सारिवाका संस्कृत पर्यायवाची नामहरू हुन् ।

**शारिवायुगलं स्वादुली स्निग्धं शुक्रकरं गुरु ।**
**अग्निमान्द्यारुचिश्वासवमिकासतृषापहम् ॥**
**दोषत्रयास्रप्रदरज्वरातीसारनाशनम् ॥९९॥**

दुवै थरीका सारिवा स्वादिला, चिल्ला, शुक्र बढाउने र पचाउने कठिन हुने गुणका हुन्छन् । कमजोर पाचन शक्ति, अरुचि, दम, बान्ता, खोकी, तिर्खा, त्रिदोष, रजस्वलामा हुने गडबडी, जरो र छेरपटीलाई सारिवाले नाश गर्दछ ।

## सिम्नु

**यासो मरुद्भवोऽनन्तो दीर्घमूलो यवासकः ।**
**बालपत्रः समुद्रान्तो दूरमूलोऽतिकण्टकः ॥१००॥**
**धन्वयासस्ताम्रमूली दुःस्पर्शा स्याद्दुरालभा ।**

यास, मरुद्भव, अनन्त, दीर्घमूल, यवासक, बालपत्र, समुद्रान्त, दूरमूला, अतिकण्टक, धन्वयास, ताम्रमूली, दुःस्पर्शा र दुरालभा-यी एकथरी यवासका संस्कृत पर्यायवाची नामहरू हुन् ।

**यासकः कच्छुरा ताम्रमूली धन्वयवासकः ॥१०१॥**

यासक, कच्छुरा, ताम्रमूली र धन्वयवासक- यी अर्कोथरी यवासका संस्कृत पर्यायवाची नामहरू हुन् ।

**यासः स्वादुरसस्तिक्तो हिमः पित्तहरो लघुः ।**
**हन्ति रक्तकफभ्रान्तीस्तद्वद्धन्वयवासकः ॥१०२॥**

सङ्कलन : मोहन प्रसाद सपकोटा

यी दुवै मिठा, रसिला, तिता र ठण्डी गर्ने हुन्छन् । यिनले पित्तविकार नाश गर्नुका साथै यी पचाउन हलुका हुन्छन् । यिनले रक्तविकार, कफविकार र भ्रम नाश गर्दछन् ।

## मुण्डी

**मुण्डी भिक्षुः परिव्राजी पावनी स्यात्तपोधना ।**
**श्रावणी श्रीमती मुण्डीतिक्ता पावनशीर्षका ॥१०३॥**
**मुण्डी तिक्ता कटुः पाके वीर्ये च मधुरा लघुः ।**
**मेध्या गण्डापचीकृच्छ्रकृमियोन्यर्त्तिपाण्डुजित् ॥१०४॥**

मुण्डी, भिक्षु, परिव्राजी, पावनी, तपोधना, श्रावणी, श्रीमती, मुण्डीतिक्ता र पावनशीर्षका : यी मुण्डीका संस्कृत पर्यायवाची नामहरू हुन् । यो तितो र पिरो हुन्छ । पचेपछि वीर्य बढाउँदछ, गुलियो हुन्छ र पचाउन सहज हुन्छ । बुद्धि बढाउँदछ, गलगाँड, अपच, मूत्रकृच्छ्र, पेटमा पर्ने कीरा, स्त्री-जननेन्द्रियका रोग र पाण्डुरोग निको पार्दछ ।

## महामुण्डी

**महामुण्डी लोभनीया छिन्नग्रन्थिनिका स्मृता ।**

**भूतवृक्षः कुलहतो लम्बुशालूः कदम्बकः ॥**
**कदम्बपुष्पमुण्डवद्गुणैर्भूमिकदम्बकः ॥१०५॥**

महामुण्डी, लोभनीया र छिन्नग्रन्थिनिका : यी महामुण्डीका संस्कृत पर्यायवाची नामहरू हुन् । भूतवृक्षः, कुलहत (ल), लम्बुशालू र कदम्बक : यी भूमिकदम्बका संस्कृत पर्यायवाची नामहरू हुन् । यी दुवैको गुण पनि मुण्डीको जस्तै हुन्छ ।

## अपामार्ग (दतिवन)

**अपामार्गस्तु शिखरी किणिही खरमञ्जरी ।**
**अधःशल्यः शैखरीकः प्रत्यक्पुष्पी मयूरका ॥१०६॥**
**अपामार्गः सरस्तीक्ष्णो दीपनः कफवातजित् ।**
**निहन्ति दद्रुसिध्मार्शः कण्डुशूलोदरारुचीः ॥१०७॥**

अपामार्ग, शिखरी, किणिही, खरमञ्जरी, अधःशल्यः, शैखरीकः, प्रत्यक्पुष्पी र मयूरका : यी दतिवनका संस्कृत पर्यायवाची नामहरू हुन् । यसमा दिसापिसाब खुलाउने, तिक्खर, जठराग्निलाई बाल्ने वा भोक जगाउने, कफविकार र वायुविकार नास्ने तथा दाद-दुभी-अल्काई-लुतो-शूल र अरुची नाश गर्ने गुण हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

## रक्तापामार्ग (रातो दतिवन)

**अन्यो रक्तो वृन्तफलो वशिरः कपिपिप्पली ।**
**अपामार्गोऽरुणो वातविष्टम्भी कफनाशनः ॥**
**ऊनः पूर्वगुणै रूक्षस्तत्पत्रं रक्तपित्तनुत् ॥१०८॥**

अन्यरक्त, वृन्तफल, वशिर र कपिपिप्पली : यी रातो दतिवनका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले वायुविकार बढाउँदछ र कब्जियत गर्दछ तर कफविकार नाश गर्दछ । अन्य गुण दवितवनका जस्तै तर केही कम प्रभावशाली हुन्छन् । यो रुखो हुन्छ । यसका पातले पनि रक्तपित्त नाश गर्दछ ।

## काम्पिल्ल्य (सिँदुरे वृक्ष)

**काम्पिल्ल्यो रेचनो रक्तचूर्णको व्रणशोधनः ।**
**लोहितो रक्तशमनो रेची रञ्जनको मतः ॥१०९॥**
**काम्पिल्या कफपित्तास्रकृमिगुल्मोदरव्रणान् ।**
**हन्ति रेची कटूष्णं च तच्छाकं ग्राहि शीतलम् ॥११०॥**

काम्पिल्ल्य, रेचन, रक्तचूर्णका, व्रणशोधन, लोहित, रक्तशमन, रेची र रञ्जनक : यी सिँदुरे वृक्षका संस्कृत

पर्यायवाची नामहरू हुन् । यसले कफविकार, रक्तपित्त, पेटका किरा, गानुगोला, पेटका रोग र घाउखटिरा निको पार्दछ । दिसा लगाउँदछ । यसको साग पिरो हुन्छ, गर्मी गर्दछ र कब्जियत गर्दै आफू चिसो भएर बस्दछ ।

## वज्रदन्ती (दन्ती, अजयपाल)

**दन्ती गुणप्रिया नागदन्ती शीघ्रानुकूलकः ।**
**उपचित्रा निकुम्भी स्याद्विशल्योदुम्बरच्छदा ॥१११॥**
**आखुपर्णी वृषैरण्डा द्रवन्ती शर्वरी मता ।**
**मूषकाह्वा सुतश्रेणी प्रत्यक्श्रेणी च फञ्जिका ॥११२॥**
**दन्तीद्वयं सरं पाकरसयोः कटु दीपनम् ।**
**तीक्ष्णोष्णं हन्ति पित्तासृक्कफशोफोदरान्कृमीन् ॥११३॥**

दन्ती, गुणप्रिया, नागदन्ती, शीघ्रानुकूलक, उपचित्रा, निकुम्भी, विशल्या, उदुम्बरच्छदा, आखुपर्णी, वृषैरण्डा, द्रवन्ती, शर्वरी, मूषकाह्वा, सुतश्रेणी, प्रत्यक्श्रेणी र फञ्जिका : यी अजयपालका संस्कृत पर्यायवाची नामहरू हुन् । (यी दुई किसिमका हुन्छन्) । दुवैमा मलमूत्र खुलाउने र पचेपछिको रस तितो हुने गुण हुन्छ । तिक्खर र गर्मी गर्ने कारणले गर्दा यिनले पित्तविकार, रक्तविपकार, कफविकार, शरीर सुन्निएको र कीरा नाश गर्दछन् ।

सङ्कलन : मोहन प्रसाद सपकोटा

## जयपाल (वज्रदन्तीको बियाँ)

**जयपालो दन्तिबीजं ख्यातं तत्तित्तिरीफलम् ।**
**जयपालो गुरुः स्निग्धो रेची पित्तकफापहः ॥११४॥**

जयपाल, दन्तिबीज र तित्तिरीफल : यी जयपालका संस्कृत पर्यायवाची नामहरू हुन् । यो पचाउन कठिन, चिल्लो, दिसा लगाउने र पित्त एवं कफविकार नाशक हुन्छ ।

## त्रिवृत् (सेतो निसोथ)

**त्रिवृत्कुम्भोऽरुणा त्र्यस्रभण्डी कूटरवाहिनी ।**
**सर्वानुभूतिस्त्रिवृता त्रिपुटा सरला सिता ॥११५॥**
**त्रिवृत्तिक्ता सरा रूक्षा स्वादुष्णा समीरकृत ।**
**कटुः पाके ज्वरश्लेष्मपित्तशोफोदरापहा ॥११६॥**

त्रिवृत्, कुम्भ, अरुणा, त्र्यस्रभण्डी (त्रिभण्डी), कूटरवाहिनी, सर्वानुभूति, त्रिवृता, त्रिपुटा, सरला र सिता : यी सेतो निसोथका संस्कृत पर्यायवाची नामहरू हुन् । यो तितो, दिसापिसा खुलाउने, रुखो, स्वादिलो, गर्मी गर्ने, वातविकार बढाउने, पचेपछिको रस पिरो हुने, जरोनाशक, कफविकार नाशक, पित्तविकार नाशक, शरीरको कुनै अङ्ग सुन्निएका ठिक गर्ने र पेटका रोग निको गर्ने गुणको हुन्छ ।

## कृष्णत्रिवृत् (कालो निसोथ)

**त्रिवृत्काला कालमेषी कालपर्ण्यर्धचन्द्रिका ।**
**सुखेना स्यान्मालविका मंसूर विद्लान्विता ॥११७॥**
**त्रिवृत्काला हीनगुणा तस्यास्तीव्रविरेचिनी ।**
**मूर्छादाहमदभ्रान्तिवान्तिकर्षणकारिणी ॥११८॥**

त्रिवृत्काला, कालमेषी कालपर्णी, अर्धचन्द्रिका, सुखेना, मालविका, मंसूर र विद्लान्विता : यी कालो निसोथका संस्कृत पर्यायवाची नामहरू हुन् । यो कम गुनिलो, अति दिसा लगाउने, बेहोसी-डाह-नसा-भ्रम र वाकवाकी जस्ता रोगलाई तानेर बाहिर निकाल्ने गुणको हुन्छ ।

## इन्द्रवारुणी (ठुलो जातको ऐरेलु, इन्द्रायणी)

**इन्द्रवारुण्यथेन्द्राह्वं वृषभाक्षी गवादिनी ।**
**ऐन्द्रवारु क्षुद्रफला विशालेन्द्री वृषादनी ॥११९॥**

इन्द्रवारुणी, इन्द्राह्व, वृषभाक्षी, गवादिनी, ऐन्द्रवारु, क्षुद्रफला, विशाला, ऐन्द्री र वृषादनी ठूलो जातको ऐरेलुका संस्कृत पर्यायवाची नामहरू हुन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

## इन्द्रवारुणीविशेष

**अन्येन्द्रवारुणी चित्राफला चित्रामहाफला ।**
**आत्मरक्षा नागदन्ती त्रपुषी गजचिर्भटी ॥१२०॥**
**श्वेतपुष्पी मृगाक्षी च तथा पक्षसुरा मता ।**
**मरुद्भवा कृमिगुहा चित्रदेवी च कीर्तिता ॥१२१॥**
**ऐन्द्रवारुद्वयं तिक्तं कटु पाके सरं लघु ।**
**वीर्योष्णं कामलापित्तकफप्लीहोदरापहम् ॥१२२॥**

अन्येन्द्रवारुणी, चित्राफला, चित्रामहाफला, आत्मरक्षा, नागदन्ती, त्रपुषी गजचिर्भटी, श्वेतपुष्पी, मृगाक्षी, पक्षसुरा, मरुद्भवा, कृमिगुहा र चित्रदेवी : यी इन्द्रवारुणी विशषका संस्कृत पर्यायवाची नामहरू हुन् । यी दुवै इन्द्रवारुणीमा तितो, पिरो, पचपछि दिसापिसाब खुलाउने, पचाउन हलुका, गर्मी गर्ने, कमलपित्त-पित्तविकार-कफविकार-फियोका रोग र पेटका रोग नाश गर्ने गुण हुन्छन् ।

## आरग्वध (राजवृक्ष)

**आरग्वधो राजवृक्षः शम्याकः कृतमालकः ।**

व्याांधघातः कांणेकारः प्रग्रहश्चतुरङ्गुलः ॥१२३॥
आरोग्यशिम्बी स्वर्णागः कर्णो दीर्घफलो मतः ।
कुण्डली हेमपुष्पा च करिव्याधो नृपद्रुमः ॥१२४॥
स्वर्णशेफालिका श्यावा कुष्ठसूदननाम तत् ।
स्वर्णस्थाल्या पित्तला च सुवर्णद्रुम ईरितः ॥१२५॥
आरग्वधो गुरुः स्वादुः शीतलो मृदुरेचनः ।
ज्वरहृद्रोगपित्तास्रवातोदावर्तशूलजित् ॥१२६॥
तत्पुष्पं वातलं ग्राहि तिक्तं पित्तकफापहम् ।
तन्मज्जा मधुरः पाके तिक्तः पित्तसमीरनुत् ॥१२७॥

आरग्वध, राजवृक्ष, शम्याक, कृतमालक, व्याधिघात, कर्णिकार, प्रग्रह, चतुरङ्गुल, आरोग्यशिम्बी, स्वर्णाग, कर्ण, दीर्घफल, कुण्डली, हेमपुष्पा, करिव्याध, नृपद्रुम, स्वर्णशेफालिका, श्यावा, कुष्ठसूदन, स्वर्णस्थाल्या, पित्तला र सुवर्णद्रुम : यी राजवृक्षका संस्कृत पर्यायवाची नामहरू हुन् । यो पचाउन कठिन हुन्छ, मिठो हुन्छ, यसले शीतल गर्दछ, कोमल हुन्छ, दिसा खुलाउँदछ, यसले जरो, मुटुका रोग, पित्तविकार, रक्तविविकार, वातविकार, उदावर्त र शूल रोग नाश गर्दछ । राजवृक्षको फूलले वातविकार बढाउँदछ, ग्राही हुन्छ, तितो हुन्छ तर पित्तविकार र कफविकार नाश गर्दछ । राजवृक्षको गुदी खाँदा गुलियो र पचेपटि तितो रसको हुन्छ । यो गुदीले पित्तविकार र वातविकार नाश गर्दछ ।

## नीलिनी (नीरको रुख वा नीर, नीलो पुनर्नवा)

सङ्कलन : मोहन प्रसाद सपकोटा

नीलिनी नीलिका ग्राम्या श्रीफला भारवाहिनी ।
रञ्जनी कलिका माला तूणी रूक्षा विशोधनी ॥१२८॥
नीलिनी रेचनी तिक्ता केश्या मोहभ्रमापहा ।
उष्णा हन्त्युदरप्लीहवातपित्तकफानिलान् ॥१२९॥

नीलिनी, नीलिका, ग्राम्या, श्रीफला, भारवाहिनी, रञ्जनी, कलिका, माला, तूणी, रूक्षा र विशोधनी : यी नीरका संस्कृत पर्यायवाची नामहरू हुन् । यो रेचनी, तितो, कपालका लागि हितकर, मोह नाशक, भ्रम नाशक, गर्मी गर्ने, पेटका रोग-फियोका रोग र त्रिदोष नाशक हुन्छ ।

## कटुकी (कुटकी, पिर्रे)

कटुकी रोहिणी तिक्ता चक्राङ्गी कटुरोहिणी ।
मत्स्यपित्ता पाण्डुरुहा कृष्णभेदा द्विजाङ्गिका ॥
अशोका रोहिणी मत्स्यशकला शकुलादनी ॥१३०॥
कटुकी कटु पाके च तिक्ता रूक्षा सरा लघुः ।
हिमा हन्ति कृमिश्वासदाहपित्तकफज्वरान् ॥१३१॥

कटुका, रोहिणी, तिक्ता, चक्राङ्गी, कटुरोहिणी, मत्स्यपित्ता, पाण्डुरुहा, कृष्णभेदा, द्विजाङ्गिका, अशोका, मत्स्यशकला र शकुलादनी : यी कुटकीका संस्कृत पर्यायवाची नामहरू हुन् । यो पचेपछि पिरो हुन्छ । खाँदा तितो, रुखो, मलमूत्र खुलाउने, पचाउन सहज, शीतल गर्ने, किरा-दम-डाह-पित्तविकार-कफविकार र जरो नाशक गुण यसमा हुन्छन् ।

## अङ्कोलक (अङ्कुल)

**अङ्कोलकस्ताम्रफलः पीतसारो निकोचकः ।**
**गुप्तस्नेहो विरेची स्याद्भूषितो दीर्घकीलकः ॥१३२॥**
**अङ्कोल्लकः कटुः स्निग्धस्तीक्ष्णोष्णस्तुवरो लघुः ।**
**रेचनः कृमिशूलामशोफश्लेष्मविषापहः ॥१३३॥**
**तत्फलं शीतलं स्वादु श्लेष्मलं बृंहणं गुरु ।**
**बल्यं विरेचनं वातपित्तदाहक्षयास्रजित् ॥१३४॥**

अङ्कोलक, ताम्रफल, पीतसार, निकोचक, गुप्तस्नेह, विरेची, भूषित र दीर्घकीलक : यी अङ्कुलका संस्कृत पर्यायवाची नामहरू हुन् । यो पिरो, चिल्लो, तिक्खर, गर्मी गर्ने, टर्रो, पचाउन हलुका, रेचन, किरा- शूल-आमरोग-शरीर सुन्निने रोग-कफविकार र विषविकार नाशक हुन्छ । यसको फल शीतल गर्ने, स्वादिलो, कफ बढाउने, पौष्टिक र पचाउन कठिन हुन्छ । यसले बल बढाउँदछ, दिसा लगाउँदछ, वातविकार-पित्तविकार-डाह-क्षयरोग र रक्तविकार नाश गर्दछ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

## सेहुण्ड (सिउँडी)

**सेहुण्डो वज्रतुण्डस्तु गाण्डीरो वज्रकण्टकः ।**
**स्नुही च समन्तदुग्धोऽसिपत्रो वज्री महातरुः ॥१३५॥**
**सेहुण्डो रेचनस्तीक्ष्णो दीपनः कटुको गुरुः ।**
**शूलामाष्ठीलिकाध्मानगुल्मशोफोदरानिलान् ॥**
**हन्ति दूषीविषप्लीहकुष्ठोन्मादाश्मपाण्डुताः ॥१३६॥**

सेहुण्ड, वज्रतुण्ड, गाण्डीर, वज्रकण्टक, स्नुही, समन्त, दुग्ध, असिपत्र, वज्री र महातरु : यी सिउँडीका संस्कृत पर्यायवाची नामहरू हुन् । सिउँडीमा रेचन, तिक्खर, दीपन, पिरो, पचाउन कठिन, शूल-आम-वात रोग विशेष-आध्मान-गुल्म-शरीर सुन्निएको-पेटका रोग र वातविकार नाश गर्ने गुण हुन्छ । शरीरका धातुलाई बिगार्ने खालका विष (दूषीविष), फियोका रोग, कुष्ठरोग, उन्माद, पत्थरी र पाण्डुरोगलाई नाश गर्दछ ।

## निम्ब (नीम)

**निम्बो नियमनो नेताऽरिष्टः स्यात्पारिभद्रकः ।**
**सुतिक्तः सर्वतोभद्रः पिचुमन्दः प्रभद्रकः ॥**

कुष्ठहा देवदत्तश्च रविसन्निभसूर्यकौ ॥१३७॥
निम्बः शीतो लघुर्ग्राही कटुपाकोऽग्निवातकृत् ॥१३८॥
व्रणपित्तकफच्छर्दिकुष्ठहृल्लासमेहनुत् ।
निम्बपत्रं स्मृतं नेत्र्यं कृमिपित्तविषप्रणुत् ॥१३९॥
तत्फलं भेदनं स्निग्धमुष्णं कुष्ठहरं लघु ।
अपक्वं पाचयेन्निम्बः पक्वं च परिशोषयेत् ॥१४०॥

निम्ब, नियमन, नेता, अरिष्ट, पारिभद्रक, सुतिक्त, सर्वतोभद्र, पिचुमन्द, प्रभद्रक, कुष्ठहा, देवदत्त, रविसन्निभ र सूर्यक : यी नीमका संस्कृत पर्यायवाची नामहरू हुन् । नीम शीतल, पचाउन हलुका, कब्जियत गर्ने, पचेपछिको रस पिरो हुने, अग्नि र वातविकार बढाउने तथा घाउ-पित्तविकार-कफविकार-वाकवाकी-कुष्ठ-बाडुली वा छातीको पीडा र प्रमेह नाश गर्ने गुणको हुन्छ । नीमको पात आँखाका लागि लाभदायक हुन्छ तथा किरा, पित्तविकार र विषविकार नाशक हुन्छ । नीमको फल भेदन, चिल्लो, गर्मी गर्ने, कुष्ठ नाशक र पचाउन हलुका हुन्छ । नीमले नपचेको आमरसलाई पचाउँदछ र पचेको रसलाई सुकाउँदछ ।

## महानिम्ब (बकाइनु)

महानिम्बो निम्बकरः कामुको विषमुष्टिकः ।
रम्यको गिरिकोऽद्रेकः क्षारः स्यात् केशमुष्टिकः ॥१४१॥
महानिम्बो हिमो रूक्षास्तिक्तो ग्राही कषायकः ।
सङ्कलन : मोहन प्रसाद सपकोटा
कफपित्तकृमिच्छर्दिकुष्ठहृल्लासरक्तजित् ॥१४२॥

महानिम्ब, निम्बकर, कामुक, विषमुष्टिक, रम्यक, गिरिक, अद्रेक, क्षार र केशमुष्टिक : यी बकाइनुका संस्कृत पर्यायवाची नामहरू हुन् । बकाइनु शीतल, रुखो, तितो, कब्जियत गर्ने, टर्रो, कफविकार-पित्तविकार-किरा-वाकवाकी-कुष्ठ- बाडुली वा छातीको पीडा र रक्तविकार नाशगर्ने गुणको हुन्छ ।

## किराततिक्त (चिराइतो)

किराततिक्तः कैरातो भूनिम्बो रामसेनकः ।
किरातकोऽन्यो नैपालो नाडीतिक्तो ज्वरान्तकः ॥
काण्डतिक्तोऽर्धतिक्तः स्यान्निद्रारिः सन्निपातहा ॥१४३॥
किरातो वातलो रूक्षः शीतलस्तिक्तको लघुः ।
सन्निपातज्वरश्वासकफपित्तास्रदाहनुत् ॥१४४॥

किराततिक्त, कैरात, भूनिम्ब, रामसेनक, किरातक, नैपाल, नाडीतिक्त, ज्वरान्तक, काण्डतिक्त, अर्धतिक्त, निद्रारि र सन्निपातहा : यी चिराइतोका संस्कृत पर्यायवाची नामहरू हुन् । चिराइतोले वायुविकार बढाउँदछ, रुखो हुन्छ, शीतल गर्दछ, तितो हुन्छ, पचाउन हलुका हुन्छ, सन्निपातज्वर, दम, खोकी, रक्तपित्त र डाह नाश गर्दछ ।

## कुटज (ठूलोकुरो)

**कुटजो मल्लिकापुष्पः कलिङ्गो गिरिमल्लिका ।**
**वत्सकः कूटजः कोटिवृक्षकः शक्रभूरहः ॥१४५॥**
**कुटजः कटुको रूक्षो दीपनस्तुवरो लघुः ।**
**अर्शोऽतिसारपित्तास्रकफतृष्णामकुष्ठनुत् ॥**
**तत्फलं वातलं शीतं तिक्तपित्तातिसारजित् ॥१४६॥**

कुटज, मल्लिकापुष्प, कलिङ्ग, गिरिमल्लिका, वत्सक, कूटज, कोटिवृक्षक र शक्रभूरह : यी ठूलो कुरोका संस्कृत पर्यायवाची नामहरू हुन् । यो पिरो, रुखो, दीपन, टर्रो र पचाउन सरल हुन्छ । यसले अल्काई, अतिसार, पित्तविकार, रक्तविकार, कफविकार, तिर्खा, आमविकार र कुष्ठ नाश गर्दछ । यसको फल वातकारक, शीतल, तितो, पित्तविकार नाशक र अतिसार नाशक हुन्छ ।

## इन्द्रजौ

**ऐन्द्रयवस्तस्य फलं कालिङ्गः कौटजो मतः ।**
**शक्राह्वः पुरहूतश्च प्रोक्तो भद्रयवस्तथा ॥१४७॥**
**ऐन्द्रयवस्त्रिदोषघ्नः सङ्ग्राही शीतलः कटुः ।**
**ज्वरातिसाररक्तार्शः कृमिवीसर्पकुष्ठनुत् ॥१४८॥**

ऐन्द्रयव, ऐन्द्रफल, कालिङ्ग, कौटज, शक्राह्व, पुरहूत र भद्रयव : यी इन्द्रजौका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले त्रिदोष नाश गर्दछ, सङ्ग्राही हुन्छ, शीतल गर्दछ र पिरो हुन्छ । यसले जरो, अतिसार, रगत बहने अल्काई, किरा, विसर्प र कुष्ठ रोग नाश गर्दछ ।

## मदन (मैनकाँडो वा मैनफल)

**मदनश्छर्दनः पिण्डीराठः पिण्डान्तकं फलम् ।**
**करहाटश्च तगरः शल्यको विषपुष्पकः ॥१४९॥**
**मदनो वमनस्तिक्तो वीर्योष्णो लेखनो लघुः ।**
**रूक्षः कुष्ठकफानाहशोफगुल्मव्रणापहः ॥१५०॥**

मदन, छर्दन, पिण्डीराठ, पिण्डान्तक, करहाट, तगर, शल्यक र विषपुष्पक : यी मैनफलका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले बान्ता गराउँदछ, तितो हुन्छ, गर्मी गर्दछ, लेखन गर्दछ र पचाउन हलुका हुन्छ । रुखो हुन्छ । साथै यसले कुष्ठ, कफविकार, आनाह, सुजन, गुल्म र घाउखटिरालाई समेत निको पार्दछ ।

## कङ्कुष्ठ

**कङ्कालकुष्ठं कङ्कुष्ठं रेचनं रङ्गनामकम् ।**
**शोधनं पुलहं हासं वराङ्गं कुञ्जवालुकम् ॥१५१॥**
**कङ्कुष्ठं रेचनं तिक्तं कटूष्णं वर्णकारकम् ।**
**कृमिशोफोदराध्मानगुल्मानाहकफापहम् ॥१५२॥**

कङ्कालकुष्ठ, कङ्कुष्ठ, रेचन, रङ्गनामक, शोधन, पुलह, हास, वराङ्ग र कुञ्जवालुक : यी कङ्कुष्ठका संस्कृत पर्यायवाची नामहरू हुन् । यो रेचन, तितो, पिरो, गर्मी गर्ने, वर्णमा निखार लेराउने, किरा मार्ने, सुजन ठिक गर्ने, पेटका रोग नाशक, आध्मान नाशक, गुल्म नाशक, आनाह नाशक कफविकार नाशक हुन्छ ।

## क्षीरिणी (सत्यानाशीको जरा, ठूलो बिहीको जरा, चोष)

**हेमाह्वा कनकक्षीरी हेमपुष्पी हिमावती ।**
**क्षीरिणी काञ्चनक्षीरी कटुपर्णी चिकर्षिणी ॥**
**तिक्तदुग्धा हैमवती पीतदुग्धा हिमाद्रिका ॥१५३॥**
**हेमाह्वा रेचनी तिक्ता मन्दाग्न्युत्क्लेदकारिणी ।**
**कृमिकण्डुकफानाहविषकुष्ठविनाशिनी ॥१५४॥**

सङ्कलन : मोहन प्रसाद सापकोटा

हेमाह्वा, कनकक्षीरी, हेमपुष्पी, हिमावती, क्षीरिणी, काञ्चनक्षीरी, कटुपर्णी, चिकर्षिणी, तिक्तदुग्धा, हैमवती, पीतदुग्धा र हिमाद्रिका : यी क्षीरिणीका संस्कृत पर्यायवाची नामहरू हुन् । यो रेचन, तितो, पाचक अग्नि कमजोर पार्ने र ग्लानीकारक हुन्छ । यसले कीरा, लुतो, कफविकार, आनाह, विषविकार र कुष्ठरोग नाश गर्दछ ।

## हात्तीकाने

**सातला विरला सारी सप्तला बहुफेनका ।**
**चर्मसाह्वा चर्मकासा फेना दीप्ता च नालिका ॥१५५॥**
**सातला कटुका पाके वातला शीतलो लघुः ।**
**तिक्ता शोथकफानाहपित्तोदावर्तरक्तजित् ॥१५६॥**

सातला, विरला, सारी, सप्तला, बहुफेनका, चर्मसाह्वा, चर्मकासा, फेना, दीप्ता र नालिका : यी हात्तीकानेका संस्कृत पर्यायवाची नामहरू हुन् । यसको पचेपछिको रस पिरो हुन्छ ।  यसले वायुविकार गर्दछ, शीतल र पचाउन हलुका हुन्छ । यो तितो हुन्छ र सुजन, कफविकार, आनाह, पित्तविकार, उदावर्त र रक्तविकार नाश गर्दछ ।

## काभ्रो

अश्मन्तो मालुकापत्रो युग्मपत्रोऽम्लपत्रकः ।
श्लेक्ष्णत्वगश्वयोनिः स्यात्कुशली पापनाशनः ॥१५७॥
अश्मन्तस्तुवरो ग्राही शीतोष्णः कफवातजित् ।
निहन्ति गण्डमालास्रगलगण्डगलामयान् ॥
तत्फलं लेखनं ग्राहि गुरु श्लेष्मानिलापहम् ॥१५८॥

अश्मन्त, मालुकापत्र, युग्मपत्र, अम्लपत्रक, श्लेक्ष्णत्वक्, अश्वयोनि, कुशली र पापनाशन : यी काभ्रोका संस्कृत पर्यायवाची नामहरू हुन् । यो टर्रो हुनाले कब्जियत गर्दछ । शीतल र तातो हुनाले यसले कफविकार र वातविकार नाश गर्दछ । यसले गण्डमाला, रक्तविकार र गलगाँड नाश गर्दछ । यसको फल लेखन, ग्राही, पचाउन कठिन, कफविकार नाशक र वातविकार नाशक हुन्छ ।

## कोइरालो

काञ्चनारः काञ्चनकः पाकारी रक्तपुष्पकः ।
कोविदारोऽस्य भेदः स्यात्कुद्दालः कुण्डली कुली ॥
आस्फोतो दालकः स्वल्पकेसरश्चमरी मता ॥१५९॥
काञ्चनारो हिमो ग्राही तुवरः श्लेष्मपित्तनुत् ।
कृमिकुष्ठगुदभ्रंशगण्डमालाव्रणापहः ॥१६०॥
कोविदारो पित्तहृत् स्यात्पुष्पं शीतं तयोर्लघु ।
रूक्षं सङ्ग्राहि पित्तास्रप्रदरक्षतकासनुत् ॥१६१॥

काञ्चनार, काञ्चनक, पाकारी र रक्तपुष्पक कोइरालोका नाम हुन् । कोविदार (रातो कोइरालो) यसको एक जाति हो । कुद्दाल, कुण्डली, कुली, आस्फोत, दालक, स्वल्पकेसर र चमरी कोविदारका पर्यायवाची नामहरू हुन् । रातो कोइरालोले पित्तविकार नाश गर्दछ । दुवैको फूलले शीतल गर्दछ र पचाउन हलुका हुन्छ । यो रुखो, ग्राही, रक्तपित्त नाशक, प्रदर नाशक, घाउ नाशक र खोकी नाशक हुन्छ ।

## नेवारी

निर्गुण्डी श्वेतकुसुमः सिन्दुकः सिन्दुवारकः ।
भूतकेश्यपरो नीलसिन्दुकः नीलपुष्पकः ॥
शेफालिका शीतभीरुर्वनको नीलमञ्जरी ॥१६२॥
निर्गुण्डी स्मृतिदा तिक्ता कषाया कटुका लघुः ॥१६३॥
केश्या नेत्रहिता हन्ति शूलशोथाममारुतान् ।
कृमिकुष्ठारुचिश्लेष्मव्रणान् नीलाऽपि तद्विधा ॥१६४॥

निगुण्डी, श्वेतकुसुम, सिन्दुक, सिन्दुवारक, भूतकेशी, नीलसिन्दुक, नीलपुष्पक, शेफालिका, शीतभीरु, वनक र नीलमञ्जरी नेवारीका पर्यायवाची नामहरू हुन् । नेवारी सम्झनाशक्ति बढाउने, तीतो, टर्रो, पिरो, पचाउन सहज, कपालका लागि लाभदायक, आँखाका लागि फाइदाजनक, शूलनाशक, सुजननाशक, आमवात नाशक, कीरानाशक, कुष्ठनाशक, अरुचिनाशक, कफविकार नाशक र घाउनाशक हुन्छ । नीलो नेवारीमा पनि यही गुण हुन्छ ।

## भेडासिङ्गी वा मेढाशृङ्गी

**मेषश्रृङ्गी मेषवल्ली सर्पदंष्ट्राऽजश्रृङ्गिका ।**
**अन्या तु दक्षिणावर्ता वृश्चिकाली विषाणिका ॥१६५॥**
**मेषश्रृङ्गी रसे तिक्ता वातला कासनाशिनी ।**
**रूक्षा पाके कटुः पित्तव्रणश्लेष्माक्षिशूलनुत् ॥१६६॥**

मेषश्रृङ्गी, मेषवल्ली, सर्पदंष्ट्रा, अजश्रृङ्गिका, दक्षिणावर्ता, वृश्चिकाली र विषाणिका : यी मेढाशृङ्गीका संस्कृत पर्यायवाची नामहरू हुन् । यसको रस तीतो हुन्छ र वातविकार बढाई खोकी नाश गर्दछ । यो रुखो हुन्छ र यसको पचेपछिको रस पिरो हुन्छ । यसले पित्तविकार, घाउ, कफविकार र नेत्रशूल नाश गर्दछ ।

## सेतो पुनर्नवा

सङ्कलन : मोहन प्रसाद सापकोटा

**पुनर्नवा श्वेतमूला पृथ्वीको दीर्घपत्रकः ।**
**विषाददीर्घो वर्षाभूः पुनर्भूर्मण्डलच्छदा ॥१६७॥**
**पुनर्नवा वरा तिक्ता रूक्षोष्णा मधुरा कटुः ।**

पुनर्नवा, श्वेतमूला, पृथ्वीक, दीर्घपत्रक, विषाददीर्घ, वर्षाभू, पुनर्भू र मण्डलच्छदा : यी सेतो पुनर्नवाका संस्कृत पर्यायवाची नामहरू हुन् । यो मलमूत्र खुकुल्याउने, तीतो, रुखो, गर्मी गर्ने, गुलियो र पिरो हुन्छ ।

## रातो पुनर्नवा

**पुनर्नवाऽरुणा तिक्ता रक्तपुष्पा कठिल्लका ॥१६८॥**
**क्रूरकः क्षुद्रवर्षाभूर्वर्षाकेतुः शिवाटिका ।**
**शोफानिलव्रणश्लेष्महरा रुच्या रसायनी ॥१६९॥**
**पुनर्नवा वरा तिक्ता कटुपाका हिमा लघुः ।**
**वातला ग्राहिणी श्लेष्मरक्तपित्तविनाशिनी ॥१७०॥**

पुनर्नवा, अरुणा, तिक्ता, रक्तपुष्पा, कठिल्लका, क्रूरक, क्षुद्रवर्षाभू, वर्षाकेतु र शिवाटिका : यी रातो पुनर्नवाका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले सुजन, वातविकार, घाउ र कफविकार नाश गर्दछ । यसले रुची बढाउँदछ र रसायनी हुन्छ । उत्तम पुनर्नवा तीतो, पचेपछिको रस पिरो, शीतल गर्ने, पचाउन सहज, वातविकार बढाउने, ग्राही, कफविकार र रक्तपित्त नाशक हुन्छ ।

## फ्याक्सेकन्द

**रास्ना रम्या युक्तरसा रसना गन्धनाकुली ।**
**सुगन्धमूलाऽतिरसा श्रेयसी सुवहा रस ॥१७१॥**
**रास्नाऽऽमपाचनी तिक्ता गुरूष्णा श्लेष्मवातजित् ।**
**शोफश्वाससमीरास्रवातशूलोदरापहा ॥१७२॥**

रास्ना, रम्या, युक्तरसा, रसना, गन्धनाकुली, सुगन्धमूला, अतिरसा, श्रेयसी, सुवरा र सरा यी फ्याक्सेकन्दका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले आमलाई पचाउँदछ । यो तीतो, पचाउन कठिन र गर्मी गर्ने गुणको हुन्छ । यसले कफविकार, वातविकार, सुजन, दम, वातरक्त, वातशूल र पेटका रोग ठिक गर्दछ ।

## अश्वगन्धा

**अश्वगन्धा तुरङ्गाह्वा गोकर्णश्चावरोहकः ।**
**वराहकर्णी वरदा बल्या वाजीकरी वृषा ॥१७३॥**
**अश्वगन्धाऽनिलश्लेष्मशोफश्वित्रक्षयापहा ।**
**बल्या रसायनी तिक्ता कषायोष्णाऽतिशुक्रला ॥१७४॥**

सङ्कलन : मोहन प्रसाद सापकोटा

अश्वगन्धा, तुरङ्गाह्वा,गोकर्ण, अवरोहक, वराहकर्णी, वरदा, बल्या, वाजीकरी र वृषा : यी अश्वगन्धाका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले वातविकार, कफविकार, सुजन, श्वेतकुष्ठ र क्षयरोग नाश गर्दछ तथा बल दिन्छ । यो रसायनी, तीतो, टर्रो र अति नै शुक्रवर्धक हुन्छ ।

## बिरी

**प्रसारणी राजबला चारुपर्णी प्रतानिका ।**
**सरणी सारणी भद्रपर्णी सुप्रसरा सरा ॥१७५॥**
**प्रसारणी गुरुर्वृष्या सन्धानबलकृत्सरा ।**
**वीर्योष्णा वातनुत्तिक्ता वातरक्तकफापहा ॥१७६॥**

प्रसारणी, राजबला, चारुपर्णी, प्रतानिका, सरणी, सारणी, भद्रपर्णी, सुप्रसरा र सरा : यी बिरीका संस्कृत पर्यायवाची नामहरू हुन् । बिरी पचाउन कठिन, वीर्यवर्धक, अङ्गहरू जोड्ने, बलदायक, मलमूत्र तलतिर सार्ने, गर्मी गर्ने, वातविकार नाशक, तीतो तथा वातरक्त र कफविकार नाशक हुन्छ ।

## कुरिलो

**शतावरी द्वीपशत्रुदीपिका धरकण्ठकी ।**

**नारायणी शतपदी शतपाद् बहुपत्रिका ॥१७७॥**
**शतावरी गुरुः शीता स्वादुः स्निग्धा रसायनी ।**
**शुक्रस्तन्यकरा बल्या वातपित्तास्रशोफजित् ॥१७८॥**

शतावरी, द्वीपशत्रु, दीपिका, धरकण्ठकी, नारायणी, शतपदी, शतपाद् र बहुपत्रिका : यी कुरिलोका संस्कृत पर्यायवाची नामहरू हुन् । कुरिलो पचाउन कठिन, शीतल गर्ने, स्वादिलो, चिल्लो, रसायनी, शुक्रवर्धक, दूधवर्धक, बलदायक तथा वातविकार, पित्तविकार, रक्तविकार र सुजनलाई जित्ने गुणको हुन्छ ।

### महाशतावरी (ठूलो कुरिलो)

**शतावर्यूर्ध्वकण्ठाऽन्या पीवरीन्दीवरी वरी ।**
**अभीरुर्बहुपु(प)त्रा च महापुरुषदन्तिका ॥१७९॥**
**सहस्रवीर्या केशी स्यात्तुङ्गिनी सूक्ष्मपत्रिका ।**
**महाशतावरी मेध्या हृद्या वृष्या रसायनी ॥१८०॥**
**शीतवीर्या निहन्त्यर्शोग्रहणीनयनामयान् ।**
**तदङ्कुरस्त्रिदोषघ्नो लघुरर्शः क्षयापहः ॥१८१॥**

शतावरी, ऊर्ध्वकण्ठा, पीवरी, इन्दीवरी, वरी, अभीरु, बहुप(पु)त्रा, महापुरुषदन्तिका, सहस्रवीर्या, केशी, तुङ्गिनी र सूक्ष्मपत्रिका : यी ठूलो कुरिलोका संस्कृत पर्यायवाची नामहरू हुन् । ठूलो कुरिलो दिमागको ग्रहण गर्ने क्षमता बढाउने, मुटुलाई हित गर्ने, वीर्यवर्धक, रसायनी, शीतल गर्ने तथा अल्काई, ग्रहणी र आँखाका रोगहरू नाशक हुन्छ । यसको टुसाले त्रिदोष नाश गर्दछ तथा पचाउन सहज हुन्छ । यसले अल्काई र क्षयरोग नाश गर्दछ ।

### बलु

**बला बट्यालकः शीतपाकी वाट्योदराह्वया ।**
**भद्रौदनी समङ्गा स्यात्समांशा स्वरयष्टिका ॥१८२॥**

बला, बट्यालक, शीतपाकी, वाट्योदराह्वया, भद्रौदनी, समङ्गा, स्यात्समांशा र स्वरयष्टिका : यी बलुका संस्कृत पर्यायवाची नामहरू हुन् ।

### सहदेवी (महाबला)

**महाबला वीरपुष्पी सहदेवी बृहद् बला ।**
**वाट्यायनी देवसहा वाट्या स्यात्पीतपुष्पिका ॥१८३॥**

महाबला, वीरपुष्पी, सहदेवी, बृहद् बला, वाट्यायनी, देवसहा, वाट्या पीतपुष्पिका : यी सहदेवी वा

महाबलाका संस्कृत पर्यायवाची नामहरू हुन् ।

## अतिबला

**बलाकाऽतिबला भारद्वाजी स्याद्वृक्षगन्धिनी ॥१८४॥**

बलाका, अतिबला, भारद्वाजी र वृक्षगन्धिनी : यी अतिबलाका संस्कृत पर्यायवाची नामहरू हुन् ।

## गाङ्गेरुकी (नागबला)

**गङ्गेरुकी नागबला विश्वदेवा गवेधुका ॥१८५॥**

गङ्गेरुकी, नागबला, विश्वदेवा र गवेधुका : यी नागबलाका संस्कृत पर्यायवाची नामहरू हुन् ।

## चार थरी बला

**बलाचतुष्टयं शीतं मधुरं बलकान्तिकृत् ।**
**स्निग्धं ग्राहि समीरास्रपित्तास्रक्षतनाशनम् ॥१८६॥**
**आशां बृहद्बला कृच्छ्रं हन्ति वातानुलोमनी ।**
**गुर्वी नागबला वृष्या विशेषद्रक्तपित्तजित् ॥**
**बल्या रसायनी पुंस्त्ववर्धिनी बृंहणी तथा ॥१८७॥**
**तस्याः फलं हिमं स्वादु स्तम्भनं गुरु लेखनम् ।**
**विबन्ध्याध्मानजननं रक्तपित्तनिबर्हणम् ॥१८८॥**

चारै थरी बलु शीतल गर्ने, गुलिया, बलदायक, कान्तिदायक, चिल्ला, ग्राहि तथा वातरक्त, रक्तपित्त र घाउ नाशक हुन्छन् । यिमध्ये सहदेवीले कृच्छ्र र वातविकार नाश गर्दछ । नागबला पचाउन कठिन, वीर्यवर्धक र विशेषगरी रक्तपित्त नाशक हुन्छ । यो बलदायक, रसायनी, मर्दानगी वर्धक र पौष्टिक हुन्छ । यसको फल शीतल गर्ने, स्वादिलो, स्तम्भन गर्ने, पचाउन कठिन र लेखन गुणको हुन्छ । यसले विबन्ध र आध्मान गर्दछ तथा रक्तपित्त बढाउँदछ ।

## तेजवती

**तेजस्विनी तेजवती तेजिन्या लघुवल्कला ।**
**महौजसी पारिजाता शीता तिक्ताऽतितेजिनी ॥१८९॥**
**तेजस्विनी कफश्वासकासशूलामवातजित् ।**
**पाचन्युष्णा कटुस्तिक्ता रुचिवह्निप्रदीपनी ॥१९०॥**

तेजस्विनी, तेजवती, तेजन्या, लघुवल्लका, महौजसी, पारिजाता, शीता, तिक्ता र अतितेजनी : यी तेजवतीका संस्कृत पर्यायवाची नामहरू हुन् । तेजवतीले कफविकार, दम, खोकी, शूल र आमवातलाई ठिक गर्दछ । यो पाचन, गर्मी गर्ने, पिरो, तीतो, रुचिवर्धक र जठराग्नि वर्धक हुन्छ ।

## मालकागुनु (ज्योतिष्मती)

**ज्योतिष्मती वह्निरुचिः कङ्गुणी कटुभी तथा ।**
**ज्योतिष्मती कटुस्तिक्ता सरा कफसमीरजित्॥**
**अत्युष्णा वामनी तीक्ष्णा वह्निबुद्धिस्मृतिप्रदा ॥१९१॥**

ज्योतिष्मती, वह्निरुचि, कङ्गुणी र कटुभी : यी मालकागुनुका संस्कृत पर्यायवाची नामहरू हुन् । यो पिरो, तीतो, मलमूत्र तलतिर सार्ने तथा कफविकार र वातविकार नाशक हुन्छ । यसले धेरै गर्मी गर्दछ तथा बान्ता गराउँदछ । यो तिक्खर तथा अग्नि, बुद्धि र सम्झनाशक्ति वर्धक हुन्छ ।

## देवदार

**देवदारु सुराह्वं स्याद्भद्रदारु सुरद्रुमः ।**
**भद्रकाष्ठं स्नेहवृक्षः कृमिलं शक्रदारु च ॥१९२॥**
**देवदारु कटु स्निग्धं तिक्तोष्णं लघु नाशयेत् ।**
सङ्कलनः मोहन प्रसाद सपकोटा
**आध्मानज्वरशोथामहिक्काकण्डुकफानिलम् ॥१९३॥**

देवदारु, सुराह्व, भद्रदारु, सुरद्रुम, भद्रकाष्ठ, स्नेहवृक्ष, कृमिल र शक्रदारु : यी देवदारका संस्कृत पर्यायवाची नामहरू हुन् । देवदार पिरो, चिल्लो, तीतो, गर्मीगर्ने र पचाउन सहज हुने गुणको हुन्छ । यसले आध्मान, जरो, सुजन, आमविकार, बाडुली-रोग, लुतो, कफविकार र वातविकार नाश गर्दछ ।

## सल्लो

**सरलो नन्दनो व्रीडा नमेरुर्दीपवृक्षकः ।**
**पूतिदारुः पीतवृक्षो महादीर्घः कलिद्रुमः ॥१९४॥**
**सरलः कटुकः पाकरसयोर्मधुरो लघुः ।**
**उष्णः स्निग्धः समीराक्षिकण्ठकर्णामयापहः ॥१९५॥**

सरल, नन्दन, व्रीडा, नमेरु, दीपवृक्षक, पूतिदारु, पीतवृक्ष, महादीर्घ र कलिद्रुम : यी सल्लोका संस्कृत पर्यायवाची नामहरू हुन् । सल्लो पिरो, शुरुमा र पचेपछि गुलियो, पचाउन सहज, गर्मी गर्ने, चिल्लो तथा वातविकार, आँखाका रोग, घाँटीका रोग र कानका रोग नाशक हुन्छ ।

## पुष्करमूल (कूटावशष)

**पौष्कराह्वं पद्मपत्रं पोष्करं पुरष्कराह्वकम् ।**
**काश्मीरं पुष्करजटा मूलवीरं सुगन्धिकम् ॥१९६॥**
**पौष्करं कटुकं तिक्तमुष्णवातकफज्वरम् ।**
**हन्ति शोफारुचिश्वासान् विशेषात्पार्श्वशूलजित् ॥१९७॥**

पौष्कराह्व, पद्मपत्र, पोष्कर, पुरष्कराह्वक, काश्मीर, पुष्करजटा, मूलवीर र सुगन्धिक : यी पुष्करमूलका संस्कृत पर्यायवाची नामहरू हुन् । यो पिरो, तीतो, गर्मी गर्ने तथा वातविकार, कफविकार र जरो नाश गर्ने गुणको हुन्छ । यसले सुजन, अरुचि, दम र विशेषगरी कोखको शूल नाश गर्दछ ।

## कूट

**कुष्ठं रोगाह्वयं दिव्यं कौबेरं पारिभद्रकम् ।**
**पारिहार्यं पारिभाव्यमुत्पलं पारिभव्यकम् ॥१९८॥**
**कुष्ठमुष्णं कटु स्वादु तिक्तं शुक्रप्रदं लघु ।**
**हन्ति वातास्रवीसर्पकुष्ठकासमरुत्कफात् ॥१९९॥**

कुष्ठ, रोगाह्वय, दिव्य, कौबेर, पारिभद्रक, पारिहार्य, पारिभाव्य, उत्पल र पारिभद्रक : यी कूटका संस्कृत पर्यायवाची नामहरू हुन् । कूट गर्मी गर्ने, पिरो, गुलियो, तीतो, शुक्रवर्धक र पचाउन सहज हुनुका साथै यसले वातरक्त, वीसर्प, कुष्ठ, खोकी, वातविकार र कफविकार नाश गर्दछ ।

## कर्कटश्रृङ्गी

**श्रृङ्गी कुलीरश्रृङ्गी स्याद्वक्रा कर्कटश्रृङ्गिका ।**
**कर्कटाक्षा महाघोषा, श्रृङ्गनाम्नी नताङ्ग्यपि ॥२००॥**
**श्रृङ्गी कषायतिक्तोष्णा हन्ति हिक्कावमिज्वरान् ।**
**तृष्णारुचिकफश्वासक्षयकासोर्ध्ववातनुत् ॥२०१॥**

श्रृङ्गी, कुलीरश्रृङ्गी, वक्रा, कर्कटश्रृङ्गिका, कर्कटाक्षा, महाघोषा, श्रृङ्गनाम्नी (श्रृङ्ग वाचक शब्द) र नताङ्गी : यी कर्कटश्रृङ्गीका संस्कृत पर्यायवाची नामहरू हुन् । यो टर्रो, तीतो र गर्मी गर्ने गुणको हुन्छ । यसले बाडुली, वाकवाकी, जरो, तिर्खा, अरुचि, कफविकार, दम, क्षयरोग, खोकी र ऊर्ध्ववात रोग नाश गर्दछ ।

## रोहिष

**रोहिषं कत्तृणं भूतिर्भूतिकं सरलं तृणम् ।**
**श्यामलं युग्मकं पौरं ध्यामकं देवगन्धकम् ॥२०२॥**

**रोहिषं कटुकं पाके तिक्तोष्णं तुवरं जयेत् ।**
**हन्ति मारुतपित्तास्रक्षाणाच्छ्वासकफज्वरान् ॥२०३॥**

रोहिष, कत्तृण, भूति, भूतिक, सरल, तृण, श्यामल, युग्मक, पौर, ध्यामक र देवगन्धक : यी रोहिष झारका संस्कृत पर्यायवाची नामहरू हुन् । यो पचेपछि पिरो र शुरुमा तीतो, गर्मी गर्ने र टर्रो हुन्छ । यसले वातविकार, पित्तविकार, रक्तस्राव, दम, कफविकार र जरो नाश गर्दछ ।

### काफल

**कट्फलं कुमुदा कुम्भी श्रीपर्णी सोमपादपः ।**
**सोमवल्को महाकुम्भी भद्रा भद्रवती शिवा ॥२०४॥**
**कट्फलं तुवरं तिक्तं कटु वातकफज्वरान् ।**
**हन्ति श्वासप्रमेहार्शः कासकण्ठामयारुचीः ॥२०५॥**

कट्फल, कुमुदा, कुम्भी, श्रीपर्णी, सोमपादप, सोमवल्क, महाकुम्भी, भद्रा, भद्रवती र शिवा : यी काफलका संस्कृत पर्यायवाची नामहरू हुन् । काफल टर्रो, तीतो र पिरो हुन्छ । यसले वातविकार, कफविकार, जरो, दम, प्रमेह, अल्काई, खोकी, घाँटीका रोग र अरुची नाश गर्दछ ।

### चिण्डे (भार्ङ्गी)

सङ्कलन : मोहन प्रसाद सापकोटा

**भार्ङ्गी भृगुभवा पद्मा कासघ्नी भार्गपर्वणी ।**
**खरशाकं शुक्रमाता भञ्जी ब्राह्मणयष्टिका ॥२०६॥**
**भार्ङ्गी रूक्षा कटुस्तिक्ता रुच्योष्णा पाचनी जयेत् ।**
**शोथकासकफश्वासपीनसज्वरमारुतान् ॥२०७॥**

भार्ङ्गी, भृगुभवा, पद्मा, कासघ्नी, भार्गपर्वणी, खरशाक, शुक्रमाता, भञ्जी र ब्राह्मणयष्टिका : यी चिण्डेका संस्कृत पर्यायवाची नामहरू हुन् । यो रुखो, पिरो र तीतो हुन्छ । यसले रुचि पैदा गर्दछ तथा गर्मी गर्दछ । चिण्डे पाचक हुन्छ । यसले सुजन, खोकी, कफविकार, दम, पिनास, जरो र वातविकार नाश गर्दछ ।

### पाखनभेद (पाषाणभेद)

**पाषाणभेदः पाक्षाणोऽश्मरीभेदोऽश्मभेदकः ।**
**शिलाभेदो दृषद्भेदो नागभिन्नोऽङ्गभेदनः ॥२०८॥**
**पाषाणभेदस्तुवरः शीतलो बस्तिशोधनः ।**
**सरस्तिक्तः प्रमेहार्शः कृच्छ्राश्मरिरुजो जयेत् ॥२०९॥**

पाषाणभेद, पाक्षाण, अश्मरीभेद, अश्मभेदक, शिलाभेद, दृषद्भेद, नागभिन्न र अङ्गभेदन : यी पाखनभेदका

संस्कृत पर्यायवाची नामहरू हुन् । यो टर्रो, शीतल गर्ने, तल्लो पेट सफा गर्ने, मलमूत्र तलातिर सार्ने, तीतो तथा प्रमेह, अर्श, कृच्छ्र, पत्थरी रोग ठिक गर्ने गुणको हुन्छ ।

## नागरमोथे

**मुस्तं वारिधरो मुस्ता मेघाख्यः कुरुविन्दकः ।**
**वराहोऽब्दो घनो भद्रमुस्तं राजकसेरुकः ॥२१०॥**
**पिण्डमुस्तं विषध्वंसी नागरोऽन्यः प्रकीर्तितः ।**
**मुस्तं कटु हिमं ग्राहि तिक्तं दीपनपाचनम् ॥**
**कषायं कृमिपित्तासृक्कफतृष्णाज्वरापहम् ॥२११॥**

मुस्त, वारिधर, मुस्ताह्व, मेघाख्य, कुरुविन्दक, वराह, अब्द, घन, भद्रमुस्त, राजकसेरुक, पिण्डमुस्त, विषध्वंसी र नागर : यी नागरमोथेका संस्कृत पर्यायवाची नामहरू हुन् । नागरमोथे पिरो, शीतल गर्ने, ग्राहि, तीतो, दीपन, पाचन, टर्रो तथा कीरा, पित्तविकार, रक्तविकार, कफविकार, तिर्खारोग र जरो नाशक हुन्छ ।

## धयैँरो (धातकी)

**धातकी कुञ्जरा सिन्धुपुष्पी प्रमदिनी मदा ।**
**पार्वतीया ताम्रपुष्पी सुभिक्षा मेघवासिनी ॥२१२॥**
**धातकी कटुका शीता मन्दोष्णा तुवरा लघुः ।**
**तृष्णातीसारपित्तास्रविषक्रिमिविसर्पजित् ॥२१३॥**

धातकी, कुञ्जरा, सिन्धुपुष्पी, प्रमदिनी, मदा, पार्वतीया, ताम्रपुष्पी, सुभिक्षा र मेघवासिनी : यी धयैँरोका संस्कृत पर्यायवाची नामहरू हुन् । यो पिरो, शीतल गर्ने, थोरै गर्मी गर्ने, टर्रो र पचाउन कठिन हुन्छ । यसले तिर्खारोग, अतीसार, पित्तविकार, रक्तविकार, विषविकार, कीरा र विसर्प रोगलाई जित्दछ ।

## बेलीचन्दा वा राते (अम्बष्ठा)

**माचिका बालिकाऽम्बष्ठा शठी दन्तशठाऽम्बिका ।**
**अम्बष्ठकी सूचिमुखी कषाया कण्ठमुख्यपि ॥२१४॥**
**माचिकोष्णा रसे पाके कषाया शीतला लघुः ।**
**पक्वातीसारपित्तास्रकफकण्ठामयापहा ॥२१५॥**

माचिका, बालिका, अम्बष्ठा, शठी, दन्तशठा, अम्बिका, अम्बष्ठकी, सूचिमुखी, कषाया र कण्ठमुखी : यी अम्बष्ठाका संस्कृत पर्यायवाची शब्दहरू हुन् । यसको रस तातो हुन्छ । यो पचेपछि टर्रो हुन्छ । यसले शीतल गर्दछ । यो पचाउन हलुका हुन्छ । यसले पक्वातिसार, पित्तविकार, रक्तविकार, कफविकार र घाँटीका रोग नाश गर्दछ ।

## बिराले लहरा (विदारीकन्द)

**विदारिका वृक्षवल्ली वृक्षकन्दा विदालिका ।**
**शृंगालिका कन्दवल्ली स्वादुकन्दा पलाशका ॥२१६॥**
**अन्या शुक्ला क्षीरशुक्ला क्षीरवल्ली पयस्विनी ।**
**इक्षुवल्ली महाश्वेता क्षीरकन्देक्षुगन्धिका ॥२१७॥**
**विदारी मधुरा स्निग्धा बृंहणी स्तन्यशुक्रला ।**
**गुरुः पित्तास्रपवनदाहान् हन्ति रसायनी ॥२१८॥**

विदारिका, वृक्षवल्ली, वृक्षकन्दा, विदालिका, शृंगालिका, कन्दवल्ली, स्वादुकन्दा र पलाशका : यी विदारीकन्दका संस्कृत पर्यायवाची नामहरू हुन् । शुक्ला, क्षीरशुक्ला, क्षीरवल्ली, पयस्विनी, इक्षुवल्ली, महाश्वेता, क्षीरकन्दा र इक्षुगन्धिका : यी क्षीरविदारीकन्दका संस्कृत पर्यायवाची नामहरू हुन् । यो कन्द गुलियो, चिल्लो, पौष्टिक, दूधवर्धक र शुक्रवर्धक हुन्छ । यो पचाउन कठिन हुन्छ । यसले पित्तविकार, रक्तविकार, वातविकार र डाह नाश गर्दछ । यो रसायनी हुन्छ ।

## गिठो (वाराहीकन्द)

**वाराही माधवी गृष्टिः शीकरी वनमालिका ।**
सङ्कलन : मोहन प्रसाद सपकोटा
**विश्वक्सेनप्रिया क्रोडनामा शम्बरकन्दकः ॥२१९॥**
**वाराही मधुरा कन्दे कटुस्तिक्ताऽतिशुक्रला ।**
**बल्या शुक्रकरा वातकफमेहकृमीञ्जयेत् ॥२२०॥**

वाराही, माधवी, गृष्टि, शीकरी, वनमालिका, विश्वक्सेनप्रिया, क्रोडनाम र शम्बरकन्दक : यी गिठोका संस्कृत पर्यायवाची नामहरू हुन् । यो कन्द गुलियो, पिरो र तीतो हुन्छ । यसले धेरै नै शुक्रवृद्धि गर्दछ । यसले बल र वीर्य बढाउँदछ तथा वातविकार, कफविकार, प्रमेह र कीरा नाश गर्दछ ।

## गुन्दरगानु (पाठा)

**पाठाऽम्बष्ठा बृहत्तिक्ता प्राचीनाऽम्बष्ठका सरा ।**
**वरतिक्ता पापचेली श्रेयसी वृद्धकर्णिका ॥२२१॥**
**पाठोष्णा कटुका तीक्ष्णा वातश्लेष्महरा लघुः ।**
**हन्ति शूलज्वरच्छर्दिकुष्ठातीसारहृद्रुजः ॥**
**दाहकण्डूविषश्वासकृमिगुल्मोदरव्रणान् ॥२२२॥**

पाठा, अम्बष्ठा, बृहत्तिक्ता, प्राचीना, अम्बष्ठका, सरा, वरा, तिक्ता, पाचेली, श्रेयसी र वृद्धकर्णिका : यी गुन्दरगानुका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले गर्मी गर्दछ । यो पिरो र तिक्खर हुन्छ । यसले

वातविकार र कफविकार नाश गर्दछ । यो पचाउन हलुका हुन्छ । यसले शूल, जरो, वाकवाकी, कुष्ठ, अतिसार, मुटुका रोग, डाह, लुतो, विषविकार, दम, कीरा, गुल्म र पेटका रोग नाश गर्दछ ।

## मरुई लहरो (मूर्वा)

**मूर्वा देवी मधुरसा देवश्रेणी मधुस्रवा ।**
**स्निग्धपर्णी पृथक्पर्णी मोरटी पीलुपर्णिका ॥२२३॥**
**मूर्वा सरागुरुः स्वादुः तिक्तपित्तास्रमेहनुत् ।**
**त्रिदोषतृष्णाहृद्रोगकण्डूकुष्ठज्वरापहा ॥२२४॥**

मूर्वा, देवी, मधुरसा, देवश्रेणी, मधुस्रवा, स्निग्धपर्णी, पृथक्पर्णी, मोरटी र पीलुपर्णिका : यी मरुई लहरोका संस्कृत पर्यायवाची नामहरू हुन् । यसमा मलमूत्र तलतिर सार्ने गुण हुन्छ । यो पचाउन कठिन, स्वादिलो, तीतो तथा पित्तविकार, रक्तविकार र प्रमेह नाशक हुन्छ । यसले त्रिदोष, तिर्खारोग, मुटुका रोग, लुतो, कुष्ठ र जरो नाश गर्दछ ।

## मजिठो (मञ्जिष्ठा)

**मञ्जिष्ठा विजया रक्ता रक्ताङ्गी कालमेषिका ।**
**रक्तयष्टी ताम्रवल्ली समङ्गा वस्त्रभूषणा ॥२२५॥**
सङ्कलन : मोहन प्रसाद सपकोटा
**मञ्जुला विकशा भङ्गी छद्मिका ज्वरनाशिनी ।**
**मञ्जिष्ठा मधुर तिक्ता कषाया स्वर्णवर्णकृत् ॥२२६॥**
**गुरुरुष्णा विषश्लेष्मशोफयोन्यक्षिशूलनुत् ।**
**रक्तातीसारकुष्ठास्रविसर्पव्रणमेहजित् ॥**
**तच्छाकं दीपनं स्वादु स्निग्धं पित्तानिलापहम् ॥२२७॥**

मञ्जिष्ठा, विजया, रक्ता, रक्ताङ्गी, कालमेषिका, रक्तयष्टी, ताम्रवल्ली, समङ्गा, वस्त्रभूषणा, मञ्जुला, विकशा, भङ्गी, छद्मिका र ज्वरनाशिनी : यी मजिठोका संस्कृत पर्यायवाची नामहरू हुन् । यो गुलियो, तीतो र टर्रो हुन्छ । यसले स्वर र वर्णमा निखार लेखाउँदछ । यो पचाउन कठिन, गर्मी गर्ने तथा विषविकार, कफविकार, सुजन, योनिशूल, नेत्रशूल, रक्तातीसार, कुष्ठ, रक्तविकार, विसर्प, घाउखटिरा र प्रमेहलाई जित्दछ ।

## हलेदो (हरिद्रा)

**हरिद्रा रजनी गौरी रञ्जिनी वरवर्णिनी ।**
**पिण्डा पीता वर्णवती निशावर्णा विलासिनी ॥२२८॥**
**हरिद्रा कटुका तिक्ता रूक्षोष्णा श्लेष्मपित्तनुत् ।**
**वर्ण्या त्वग्दाहमेहास्रशोफपाण्डुव्रणापहा ॥२२९॥**

हारिद्रा, रजनी, गौरी, राञ्जनी, वरवर्णिनी, पिण्डा, पीता, वर्णवती, निशावर्णा र विलासिनी : यी हलेदोका संस्कृत पर्यायवाची नामहरू हुन् । हलेदो पिरो, तीतो र रुखो हुन्छ । यसले गर्मी गर्दछ । हलेदोले कफविकार र पित्तविकार नाश गर्दछ । यसले वर्णमा निखार लेराउँदछ । हलेदोले छालाका रोग, डाह, प्रमेह, रक्तविकार, सुजन, पाण्डु र घाउखटिरा निको पार्दछ ।

## चुत्रो (दारुहरिद्रा)

**दार्वी दारुहरिद्राऽन्या पीतदारु च पञ्चधा ।**
**कटङ्कटेरी पित्तद्रुः स्वर्णवर्णा कटङ्कटा ॥**
**दार्वी तद्वद्विशेषातु नेत्रकर्णास्यरोगनुत् ॥२३०॥**

दार्वी, दारुहरिद्रा, पीतदारु, पञ्चधा, कटङ्कटेरी, पित्तद्रु, स्वर्णवर्णा र कटङ्कटा : यी चुत्रोका संस्कृत पर्यायवाची नामहरू हुन् । चुत्रोका गुण हलेदोका जस्तै हुन्छन् । विशेष गरी यसले आँखा, कान र मुखका रोग निको पार्दछ ।

## ताप्रे (प्रपुन्नाट)

**प्रपुन्नाटस्त्वेडगजश्चक्रमर्दः प्रपुन्नटः ।**
**दद्रुघ्नो मर्दको मेषकुसुमः कुष्ठनिकृन्तनः ॥२३१॥**
**प्रपुन्नाटो लघुः स्वादु रूक्षः पित्तानिलापहः ।**
**हृद्यो हिमकफश्वासकुष्ठदद्रुकृमीञ्जयेत् ॥२३२॥**
**हन्त्युष्णं तत्फलं कुष्ठकण्डूदद्रुविषानिलान् ।**
**वातरक्तापहं तस्याः शाकं कफकरं लघु ॥२३३॥**

प्रपुन्नाट, एडगज, चक्रमर्द, प्रपुन्नट, दद्रुघ्न, मर्दक, मेषकुसुम र कुष्ठनिकृन्तन : यी ताप्रेका संस्कृत पर्यायवाची नामहरू हुन् । यो पचाउन हलुका, स्वादिलो, रुखो, पित्तविकार नाशक, वातविकार नाशक, मुटुका लागि हितकर, शीतल, कफविकार नाशक, दम नाशक, कुष्ठ नाशक, दाद नाशक र कीरा नाशक हुन्छ । यसको फलले गर्मी गर्नुका साथै कुष्ठ, लुतो, दाद, विषविकार र वातविकार नाश गर्दछ । ताप्रेको साग वातविकार नाशक, रक्तविकार नाशक, कफविकार गर्ने र पचाउन हलुका हुने गुणको हुन्छ ।

## बकुची (बाकुची)

**बाकुची चन्द्रिका सोमवल्ली पूतिफला वरा ।**
**सोमराजी कृष्णफला वल्गुजा कालमेषिका ॥२३४॥**
**चन्द्रलेखा तथा सोमः कुष्ठघ्नी सा मता परा ।**
**बाकुची मधुरा तिक्ता कटुपाका रसायनी ॥२३५॥**
**विष्टम्भिनी हिमा रुच्या सरा हृद्याऽस्रपित्तनुत् ।**

सङ्कलन : मोहन प्रसाद सपकोटा

**रूक्षं हांन्तकफश्वासकुष्ठरोगज्वरांक्रेमांन्॥**
**तत्फलं पित्तकृत् केश्यं कुष्ठवातकफापहम्॥२३६॥**

बाकुची, चन्द्रिका, सोमवल्ली, पूतिफला, वरा, सोमराजी, कृष्णफला, वल्गुजा, कालमेषिका, चन्द्रलेखा, सोम र कुष्ठघ्नी : यी बकुचीका संस्कृत पर्यायवाची नामहरू हुन्। बकुची शुरुमा गुलियो र तीतो तथा पचेपछि पिरो हुन्छ । यो रसायनी, विष्टम्भी, शीतल गर्ने, रुचिकर, मलमूत्रलाई तलतिर सार्ने, मुटुका लागि हितकर, रक्तपित्त नाशक र रुखो हुन्छ । यसले कफविकार, दम, कुष्ठ, जरो र कीरा नाश गर्दछ । यसको फलले पित्तविकार गर्दछ तर कपालका लागि हितकर हुन्छ । यसले कुष्ठ, वातविकार र कफविकार नाश गर्दछ ।

## भृङ्गिराज

**भृङ्गराजो भेकराजो मार्कवः केशरञ्जकः ।**
**अङ्गारको भृङ्गिराजो भृङ्गाह्वः सूर्यवल्लभः॥२३७॥**
**भृङ्गराजः कटुस्तिक्तो रूक्षोष्णः कफवातकृत् ।**
**दन्त्यो रसायनस्त्व(रु)च्यः कुष्ठनेत्रशिरोऽर्त्तिजित्॥२३८॥**

भृङ्गराज, भेकराज, मार्कव, केशरञ्जक, अङ्गारक, भृङ्गिराज, भृङ्गाह्व र सूर्यवल्लभ : यी भृङ्गिराजका संस्कृत पर्यायवाची नामहरू हुन्। भृङ्गिराज पिरो, तीतो, रुखो, गर्मी गर्ने, कफविकार गर्ने र वातविकार गर्ने गुणको हुन्छ । यसले दाँतलाई बलियो बनाउँदछ । यो रसायनी हुन्छ । यो छालाका लागि लाभदायक हुन्छ । यसले कुष्ठ तथा आँखा र टाउकाका रोग निको पार्दछ ।

सङ्कलन : मोहन प्रसाद सपकोटा

## पित्तपापडा (पर्पट)

**पर्पटः कवचो रेणुः पित्तहा वरकण्टकः ।**
**वरतिक्तः पर्पटकः पृथ्विकश्चर्मकण्टकः॥२३९॥**
**पर्पटो हन्ति पित्तास्रभ्रमतृष्णाकफज्वरान् ।**
**सङ्ग्राही शीतलस्तिक्तो दाहनुद्वातलो लघुः॥२४०॥**
**रक्तपुष्पोऽतिसारस्य वारको ज्वरनाशनः ।**
**पर्पटः पित्तहृद्दाहज्वरजिच्छ्लेष्मशोषणः॥**
**तिक्तशीतौ ज्वरहरौ लघू भूनिम्बपर्पटौ॥२४१॥**

पर्पट, कवच, रेणु, पित्तहा, वरकण्टक, वरतिक्त, पर्पटक, पृथ्विक र चर्मकण्टक : यी पित्तपापडाका संस्कृत पर्यायवाची नामहरू हुन्। यसले पित्तविकार, रक्तविकार, भ्रम, तिर्खा, कफविकार र जरो नाश गर्दछ । यो ग्राहि र शीतल गर्ने तथा तीतो हुन्छ । यसले डाह नाश गर्दछ तर वातविकार बढाउँदछ । यो पचाउन हलुका हुन्छ । रातो फूल फुल्ने पित्तपापडाले अतिसार र जरो ठिक गर्दछ । पित्तपापडाले पित्तविकार, मुटुका रोग, डाह र जरोलाई जित्दछ । यसले कफलाई सोस्दछ । चिराइतो र पित्तपापडा दुवै तीता, शीतल गर्ने, जरो नाशक र पचाउन सहज हुन्छन् ।

## शणपुष्पी

**शणपुष्पी माल्यपुष्पी धावनी शणघण्टिका ।**
**बृहत्पुष्पी स्वल्पघण्टा घण्टाशब्दा तु पुष्पिका ॥**
**शणपुष्पी कटुः पित्तश्लेष्मजिच्छर्दिकारिणी ॥२४२॥**

शणपुष्पी, माल्यपुष्पी, धावनी, शणघण्टिका, बृहत्पुष्पी, स्वल्पघण्टा, घण्टाशब्दा र पुष्पिका : यी शणपुष्पीका संस्कृत पर्यायवाची नामहरू हुन् । यो पिरो हुन्छ । यसले पित्तविकार र कफविकार नाश गर्दछ तथा वाकवाकी वा बान्ता गराउँदछ ।

## मुडिलो (त्रायमाण)

**त्रायमाणा सुहृत्त्राणा त्रायन्ती गिरिजानुजा ।**
**बलभद्रा कृतत्राणा वार्षकं त्रायमाणिका ॥**
**त्रायमाणा सरा पित्तज्वरश्लेष्मास्रशूलजित् ॥२४३॥**

त्रायमाणा, सुहृत्त्राणा, त्रायन्ती, गिरिजानुजा, बलभद्रा, कृतत्राणा, वार्षक र त्रायमाणिका : यी मुडिलोका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले मलमूत्रलाई तलतिर सार्दछ तथा पित्तज्वर, कफविकार, रक्तविकार र शूललाई नाश गर्दछ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

## जिरे लहरो (महाजालनिका)

**महाजालनिका चर्मरङ्गः स्यात् तिलपुष्पिका ।**
**आवर्त्तकी बिन्दुकिनी विभाण्डी रक्तपुष्पिका ॥२४४॥**
**महाजालनिका तिक्ता रेचनी कफपित्तजित् ।**
**हन्ति दाहोदरानाहशोथकुष्ठक्रिमिज्वरान् ॥२४५॥**

महाजालनिका, चर्मरङ्ग, तिलपुष्पिका, आवर्तकी, बिन्दुकिनी, विभाण्डी र रक्तपुष्पिका : यी जिरे लहरोका संस्कृत पर्यायवाची नामहरू हुन् । यो तीतो, रेचनी तथा कफविकार र पित्तविकार नाशक हुन्छ । यसले डाह, पेटका रोग, आनाह, सुजन, कुष्ठ, कीरा र जरो नाश गर्दछ ।

## अतीस (अतिविषा)

**अतिविषा शुक्लकन्दा विषा प्रतिविषाऽपरा ।**
**श्यामकन्दा शिता श्रृङ्गी भङ्गुरोपविषाणिका ॥२४६॥**
**विषोष्णा पाचनी तिक्ता श्लेष्मपित्तातिसारजित् ।**
**श्यामकन्दा चोपविषा सा विज्ञेया चतुर्विधा ॥२४७॥**

**रक्ता श्वेता भृशं कृष्णा पीतवर्णा तथैव च ।**
**यथापूर्वं च विज्ञेया बल्या श्रेष्ठा गुणोत्तमा ॥२४८॥**
**सर्वदोषहराऽग्र्यत्वाल्लेपात् श्वयथुनाशिनी ।**
**श्लेष्मजान् विंशतिरोगान् सद्यो हन्याद्रसायनी ॥२४९॥**

अतिविषा, शुक्लकन्दा, विषा, प्रतिविषा, श्यामकन्दा, शिता, श्रृङ्गी भङ्गुरा र उपविषाणिका : यी अतीसका संस्कृत पर्यायवाची नामहरू हुन् । यो गर्मी गर्ने, पाचनी, तीतो तथा कफविकार, पित्तविकार र अतिसार नाश गर्ने गुणको हुन्छ । श्यामकन्दा वा उपविषा अर्थात् अतीस रातो, सेतो गाढा कालो र पहेँलो गरी चार प्रकारको हुन्छ । यी क्रमैले कम गुनिला र कम श्रेष्ठ हुन्छन् । यसले उत्तम भई सबै दोष गर्दछ । दल्नाले सुजन ठिक गर्दछ । यसले कफजन्य बीस किसिमका रोगहरू तुरुन्त ठिक गर्दछ । यो रसायनी हुन्छ ।

## कवई (काकमाची)

**काकमाची ध्वाङ्क्षमाची कामची जघनी फला ।**
**रसायनवरा सर्वतिक्ता स्यात्काकिनी कटुः ॥२५०॥**
**काकमाची त्रिदोषघ्नी स्निग्धोष्णा स्वरशुक्रदा ।**
**हृद्या रसायनी शोफकुष्ठार्शोज्वरमेहजित् ॥२५१॥**

काकमाची, ध्वाङ्क्षमाची, कामची, जघनी, फला, रसायनवरा, सर्वतिक्ता, काकिनी र कटु : यी कवईका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले त्रिदोष नाश गर्दछ । यो चिल्लो हुन्छ । यसले गर्मी गर्दछ । कवईले स्वर खुलाउँदछ र शुक्र बढाउँदछ । यो मुटुका लागि फाइदाजनक र रसायनी हुन्छ । यसले सुजन, कुष्ठ, अल्काई, जरो र प्रमेह नाश गर्दछ ।

## काकजङ्घा

**काकजङ्घा नदीकान्ता काकतिक्ता सुलोमशा ।**
**पारावतपदी काका मदाऽन्या छर्दिकारिणी ॥**
**काकजङ्घा हिमा हन्ति रक्तपित्तकफज्वरान् ॥२५२॥**

काकजङ्घा, नदीकान्ता, काकतिक्ता, सुलोमशा, पारावतपदी, काक, मदा र छर्दिकारिणी : यी काकजङ्घाका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले शीतल गर्दछ तथा रक्तपित्त, कफविकार र जरो नाश गर्दछ ।

## लोध (लोध्र)

**लोध्रस्तिरीटः कानीनस्तिलकः सन्ततोद्भवः ।**
**अन्यो घनत्वात् सरकः श्वेतलोध्रोऽक्षिभेषजम् ॥२५३॥**
**रोध्रो विरेचकः शीतश्चक्षुष्यः कफपित्तनुत् ।**

**कषायो रक्तशोफासृग्ज्वरातीसारनाशनः ॥**
**तत्पुष्पं मधुरं ग्राहि सतिक्तं श्लेष्मपित्तजित् ॥२५४॥**

लोध्र, तिरीट, कानीन, तिलक र सन्ततोद्भव : यी रातो लोधका तथा सरक, श्वेतलोध्र र अक्षिभेषज : यी अर्को बाक्लो बोक्रा हुने सेतो लोधका संस्कृत पर्यायवाची नामहरू हुन् । लोधले दिसा लगाउँदछ र शीतल गर्दछ । यो आँखाका लागि हितकर हुन्छ । यसले कफविकार र पित्तविकार नाश गर्दछ । यो टर्रो हुन्छ । यसले रक्तविकार, सुजन, रक्त-ज्वर र अतीसार नाश गर्दछ । लोधको फूल गुलियो, ग्राहि र तीतो हुन्छ । यसले कफविकार र पित्तविकार नाश गर्दछ ।

## बाटुल्पाते (वृद्धदारु)

**वृद्धदारुर्महाश्यामा छगली जीर्णवल्कलः ।**
**अन्या कोटरपुष्पी स्यादावेगी छागलान्यपि ॥२५५॥**
**वृद्धदारुः कषायोष्णः सरस्तिक्तो रसायनः ।**
**वृष्यो वातामवातास्रशोफमेहकफाञ्जयेत् ॥२५६॥**

वृद्धदारु, महाश्यामा, छगली र जीर्णवल्कल : यी बाटुल्पातेका संस्कृत पर्यायवाची नामहरू हुन् । यसको अर्को एक जातका कोटरपुष्पी, आवेगी र छागलानी संस्कृत पर्यायवाची नामहरू हुन् । यो टर्रो, गर्मी गर्ने, मलमूत्र तलतिर सार्ने, तीतो र रसायनी हुन्छ । बाटुल्पाते वीर्यवर्धक तथा वातविकार, आमजन्य वातविकार, रक्तविकार, सुजन, प्रमेह र कफविकार नाशक हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सपकोटा

## झुसे वा सानो बनतोरियाँ (देवदाली)

**देवदाली वृत्तकोशी देवताण्डो गरागरी ।**
**जीमूतस्तारका वेणी जालिन्यायुर्विषापहा ॥२५७॥**
**देवदाली रसे तिक्ता कफार्शः शोफपाण्डुताः ।**
**नाशयेद्वामनी तीक्ष्णा क्षयहिक्काकृमिज्वरान् ॥**
**देवदाली च कटुका प्रमेहकामलापहा ॥२५८॥**

देवदाली, वृत्तकोशी, देवताण्ड, गरागरी, जीमूत, तारका, वेणी, जालिनी, आयु र विषापहा : यी झुसे बनतोरियाँका संस्कृत पर्यायवाची नामहरू हुन् । यो तीतो हुन्छ । यसले कफविकार, अल्काई, सुजन, पाण्डु र वाकवाकी नाश गर्दछ । यो तिक्खर हुन्छ । यसले क्षयरोग, बाडुली रोग, कीरा र जरो नाश गर्दछ । यो पिरो हुन्छ । यसले प्रमेह र कमलपित्त पनि नाश गर्दछ ।

## कानेसिन्को (हंसपादी)

**हंसपादी हंसपदी रक्तपादी त्रिपादिका ।**

**प्रह्लादिनी कीटमारी कीटमाता मधुस्रवा ॥२५९॥**
**हंसपादी गुरुः शीता हन्ति रक्तविषव्रणान् ।**
**विसर्पदाहातीसारलूताभूतांश्च रोपणी ॥२६०॥**

हंसपादी, हंसपदी, रक्तपादी, त्रिपादिका, प्रह्लादिनी, कीटमारी, कीटमाता र मधुस्रवा : यी कानेसिन्कोका संस्कृत पर्यायवाची नामहरू हुन् । यो पचाउन कठिन र शीतल गर्ने गुणको हुन्छ । यसले रक्तविकार, विषविकार र घाउखटिरा नाश गर्दछ । कानेसिन्कोले विसर्प, डाह, अतीसार, माकुराको विष र भूतबाधा नाश गर्दछ ।

## सोमलता (सोमवल्ली)

**सोमवल्ली यज्ञनेता सोमक्षीरी द्विजप्रिया ।**
**सोमवल्ली त्रिदोषघ्नी कटुस्तिक्ता रसायनी ॥२६१॥**

सोमवल्ली, यज्ञनेता, सोमक्षीरी र द्विजप्रिया : यी सोमलताका संस्कृत पर्यायवाची नामहरू हुन् । सोमलताले त्रिदोष नाश गर्दछ । यो पिरो, तीतो र रसायनी हुन्छ ।

## आकाशवल्ली

सङ्कलन : मोहन प्रसाद सापकोटा

**आकाशवल्ली तु बुधैः कथिताऽमरवल्लरी ।**
**खवल्ली ग्राहिणी तिक्ता पिच्छिलाख्यामयापहा ॥२६२॥**

आकाशवल्लीलाई विज्ञहरूले अमरवल्लरी भनी बताएका छन् । यो ग्राहि, तीतो, लेस्याइलो र वातकफजन्य रोग नाशक हुन्छ ।

## फ्याक्सेकन्द (नाकुली)

**नाकुली समहा सर्पगन्धिनी गन्धनाकुली ।**
**नकुलेष्टा महासर्पनेत्रा रोचकपत्रिका ॥२६३॥**
**नाकुली तुवरा तिक्ता कटुकोष्णा विनाशयेत् ।**
**विषलूतावृश्चिकाखुसर्पाणां च कृमिव्रणान् ॥२६४॥**

नाकुली, समहा, सर्पगन्धिनी, गन्धनाकुली, नकुलेष्टा, महासर्पनेत्रा र रोचकपत्रिका : यी फ्याक्सेकन्दका संस्कृत पर्यायवाची नामहरू हुन् । यो टर्रो, तीतो र पिरो हुन्छ । यसले गर्मी गर्दछ । यसले माकुरो, बिच्छी, मुसा र सर्पको विषविकार तथा कीरा र घाउखटिरा नाश गर्दछ ।

## वटपत्री

**वटपत्री मोहिनी स्याद्दीपनी रेचनी मता ।**
**वटपत्री योनिगदान्कषायोष्णा विनाशयेत्॥**
**तत्फलं स्तम्भनं शीतं वातलं कफपित्तजित्॥२६५॥**

वटपत्री, मोहिनी, दीपनी र रेचनी : यी वटपत्रीका संस्कृत पर्यायवाची नाम हुन् भनिन्छ । टर्रो र गर्मी गर्ने हुनाले यसले योनिका रोग नाश गर्दछ । यसको फल स्तम्भन, शीतल गर्ने, वातविकार गर्ने तथा कफविकार र पित्तविकार नाश गर्ने गुणको हुन्छ ।

## लज्जावती (लज्जालु)

**लज्जालुर्मोदि(हि)नी स्पृक्का खदिरी गन्धकारिणी ।**
**नमस्कारी शमीपत्री समङ्गा रक्तपादिका॥२६६॥**
**लज्जालुः शीतला तिक्ता कषाया श्लेष्मपित्तजित् ।**
**रक्तपित्तमतीसारं योनिरोगान् विनाशयेत्॥२६७॥**

लज्जालु, मोदि(हि)नी, स्पृक्का, खदिरी, गन्धकारिणी, नमस्कारी, शमी, पत्री, समङ्गा र रक्तपादिका : यी लज्जावतीका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले शीतल गर्दछ । यो तीतो र टर्रो हुन्छ । यसले कफविकार, पित्तविकार, रक्तपित्त, अतीसार, र योनिका रोग नाश गर्दछ ।

## मुशलीकन्द (मुसली)

**मुसली खलनी तालपत्री काञ्चनपुष्पिका ।**
**महावृक्षा वृक्षकन्दः खर्जूरी तालमूलिका॥२६८॥**
**मुसली मधुरा वृष्या वीर्योष्णा बृंहणी गुरुः ।**
**तिक्ता रसायनी हन्ति गुदजान्यानिलं तथा॥२६९॥**

मुसली, खलनी, तालपत्री, काञ्चनपुष्पिका, महावृक्षा, वृक्षकन्द, खर्जूरी र तालमूलिका : यी मुशलीकन्दका संस्कृत पर्यायवाची नामहरू हुन् । यो गुलियो, वीर्यवर्धक, गर्मी गर्ने, पौष्टिक, पचाउन कठिन, तीतो र रसायनी हुन्छ । यसले मलद्वारका रोग र वातविकार नाश गर्दछ ।

## काउसो (कपिकच्छू)

**कपिकच्छूः स्वयङ्गुप्ता कण्डूला दुरवग्रहा ।**
**चण्डाऽऽत्मगुप्ता लाङ्गूली मर्कटी स्यात्प्रहर्षणी॥२७०॥**
**कपिकच्छूः परं वृष्या मधुरा बृंहणी गुरुः ।**

**तद्बीजं वातशमनं वाजीकरणमुत्तमम् ।।२७१।।**

कपिकच्छू, स्वयङ्गुप्ता, कण्डूला, दुरवग्रहा, चण्डा, अत्मगुप्ता, लाङ्गूली, मर्कटी र प्रहर्षणी : यी काउसोका संस्कृत पर्यायवाची नामहरू हुन् । काउसो अत्यन्त वीर्यवर्धक, गुलियो, पौष्टिक र पचाउन कठिन हुन्छ । यसका गेडाले वातविकार नाश गर्दछ । यो यौनक्षमता बढाउन उत्तम ओखती हुन्छ ।

## पुत्रञ्जीवा (पुत्रजीव)

**पुत्रजीवो गर्भकरो यष्टीपुत्रोऽर्थसाधनः ।**
**पुत्रजीवो गुरुर्वृष्यो गर्भदः श्लेष्मवातजित् ।।२७२।।**

पुत्रजीव, गर्भकर, यष्टीपुत्र र अर्थसाधन : यी पुत्रञ्जीवाका संस्कृत पर्यायवाची नामहरू हुन् । यो पचाउन कठिन, वीर्यवर्धक, गर्भदायक तथा कफविकार र वातविकार नाशक हुन्छ ।

## फल नफल्ने चठेल (वन्ध्याकर्कोटकी)

**वन्ध्याकर्कोटकी देवी कुमारी विषनाशिनी ।**
**मनोज्ञा नागदमनी वन्ध्या योगेश्वरी स्मृता ।।२७३।।**
**वन्ध्याकर्कोटकी लघ्वी कफनुद्व्रणशोधनी।**
**सर्पदंशहरा तीक्ष्णा विसर्पविषनाशिनी ।।२७४।।**

सङ्कलन : मोहन प्रसाद सपकोटा

वन्ध्याकर्कोटकी, देवी, कुमारी, विषनाशिनी, मनोज्ञा, नागदमनी, वन्ध्या र योगेश्वरी : यी फल नफल्ने चठेलका संस्कृत पर्यायवाची नामहरू हुन् । यो पचाउन सहज, कफविकार नाशक, घाउखटिरा प्रशोधक, सर्पले डसेको विषविकार नाशक, तिक्खर तथा विसर्प र विषविकार नाशक हुन्छ ।

## अपराजिता (विष्णुक्रान्ता)

**विष्णुक्रान्ता नीलपुष्पी जया वश्याऽपराजिता ।**
**विष्णुक्रान्ता कटुर्मेध्या कृमिव्रणकफाञ्जयेत् ।।२७५।।**

विष्णुक्रान्ता, नीलपुष्पी, जया, वश्या र अपराजिता : यी अपराजिताका संस्कृत पर्यायवाची नामहरू हुन् । यो पिरो, बुद्धिवर्धक तथा कीरा, घाउखटिरा र कफविकार नाश गर्ने गुणको हुन्छ ।

## शङ्खपुष्पी

**शङ्खपुष्पी शङ्खनाम्नी किरीटी कम्बुमालिनी ।**
**शङ्खाहुली स्मृतिहिता मेध्या वर्णविलासिनी ।।२७६।।**

**शङ्खपुष्पी सरा मेध्या मता चेतोविकारिणी ।**
**रसायनी कषायोष्णा स्मृतिदा मोहनाशिनी ॥२७७॥**

शङ्खपुष्पी, शङ्खवाचक शब्द, किरीटी, कम्बुमालिनी, शङ्खाहुली, स्मृतिहिता, मेध्या र वर्णविलासिनी : यी शङ्खपुष्पीका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले मलमूत्रलाई तलतिर सार्दछ र दिमागको ग्रहण गर्ने क्षमता बढाउँदछ । यसले मनलाई विकाररहीत बनाउँदछ । यो रसायनी, टर्रो, गर्मी गर्ने, सम्झनाशक्ति प्रदायक र मोहनाशक हुन्छ ।

## दूधे झार (दुग्धिका)

**दुग्धिका मधुपर्णी स्यात्क्षीरिणी स्वादुपुष्पिका ।**
**दुग्धिकोष्णा गुरू रूक्षा वातला गर्भकारिणी ॥**
**स्वादुर्विष्टम्भिनी वृष्या कफकुष्ठकृमीञ्जयेत् ॥२७८॥**

दुग्धिका, मधुपर्णी, क्षीरिणी र स्वादुपुष्पिका : यी दूधे झारका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले गर्मी गर्दछ । यो पचाउन कठिन, रुखो, वातविकार गर्ने, गर्भ बसाउने, स्वादिलो, विष्टम्भी, वीर्यवर्धक तथा कफविकार, कुष्ठ र कीरा नाशक हुन्छ । (यो तीन चार किसिमको हुन्छ तर प्रायः राता पात हुने दूधेझार नै ओखतीमा प्रयोग हुन्छ ।)

सङ्कलन : मोहन प्रसाद सापकोटा

## अर्कपुष्पी

**अर्कपुष्पी क्रूरकन्दा जलकामाऽभिरिण्डिका ।**
**अर्कपुष्पी कृमिश्लेष्ममेहपित्तविकारजित् ॥२७९॥**

अर्कपुष्पी, क्रूरकन्दा, जलकामा र अभिरिण्डिका : यी अर्कपुष्पीका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले कीरा, कफविकार, प्रमेह र पित्तविकार नाश गर्दछ ।

## भलायो (भल्लातक)

**भल्लातको नभोवल्ली वीरवृक्षोऽग्निवक्रकः ।**
**आरुष्करस्तथा रूक्षस्तपनोऽग्निमुखी धनुः ॥२८०॥**
**भल्लातकः कषायोष्णः शुक्रलो मधुरो लघुः ।**
**वातश्लेष्मोदरानाहकुष्ठार्शोग्रहणीगदान् ॥**
**हन्ति गुल्मज्वरश्वित्रवह्निमान्द्यकृमिव्रणान् ॥२८१॥**

भल्लातक, नभोवल्ली, वीरवृक्ष, अग्निवक्रक, आरुष्कर, रूक्ष, तपन, अग्निमुखी र धनु : यी भलायोका संस्कृत पर्यायवाची नामहरू हुन् । यो टर्रो, गर्मी गर्ने, शुक्रवर्धक, गुलियो, पचाउन सहज तथा वातविकार,

कफविकार, पेटका रोग, आनाह, कुष्ठ, अल्काइ, ग्रहणी, गुल्म, जरो, सेतोकुष्ठ, मन्द पाचनशक्ति, कीरा र खटिरा नाशक हुन्छ ।

## चरपोटा (रसभरी, चिरपोटन)

**चरपोटा दीर्घपत्री कुन्तली तिक्तका मता ।**
**चरपोटा हिमा रूक्षा भेदिनी श्वासकासजित् ॥२८२॥**

चरपोटा, दीर्घपत्री, कुन्तली र तिक्तका : यी चरपोटाका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले शीतल गर्दछ । यो रुखो, भेदिनी तथा दम र खोकी नाशक हुन्छ ।

## द्रोणपुष्पी

**द्रोणपुष्पी खण्वकी पालिन्दी कुम्भयोनिका ।**
**छत्राणी छत्रको द्रोणा कौण्डिन्यो वृक्षसारकः ॥२८३॥**
**द्रोणपुष्पी गुरू रूक्षा स्वादूष्णा वातपित्तनुत् ।**
**भेदिनी कामलाशोफकफक्रिमिहरा कटुः ॥२८४॥**

द्रोणपुष्पी, खण्वकी, पालिन्दी, कुम्भयोनिका, छत्राणी, छत्रक, द्रोणा, कौण्डिन्य र वृक्षसारक : यी द्रोणपुष्पीका संस्कृत पर्यायवाची नामहरू हुन् । यो पचाउन कठिन, रुखो, स्वादिलो, पिरो, गर्मी गर्ने, वातविकार नाशक, पित्तविकार नाशक, भेदिनी, तथा कमलपित्त, सुजन, कफविकार र कीरा नाशक हुन्छ ।

## ब्राह्मी र मण्डूकपर्णी

**ब्राह्मी सरस्वती सोमा सत्याह्वा ब्रह्मचारिणी ।**
**मण्डूकपर्णी माण्डूकी त्वष्टी दिव्या महौषधिः ॥२८५॥**
**कपोतविटका मुनिका लावण्या सोमवल्लरी ।**
**ब्राह्मी हिमा सरा स्वादुर्लघुर्मेध्या रसायनी ॥२८६॥**
**स्वर्या स्मृतिप्रदा कुष्ठपाण्डुमेहास्रकासजित् ।**
**विषशोफज्वरहरा तद्वन्मण्डूकपत्रिणी ॥२८७॥**

ब्राह्मी, सरस्वती, सोमा, सत्याह्वा र ब्रह्मचारिणी : यी ब्राह्मीका तथा मण्डूकपर्णी, माण्डूकी, त्वष्टी, दिव्या, महौषधि, कपोतविटका, मुनिका, लावण्या र सोमवल्लरी : यी मण्डूकपर्णीका संस्कृत पर्यायवाची नामहरू हुन् । ब्राह्मीले शीतल गर्दछ र मलमूत्रलाई तलतिर सार्दछ । यो स्वादिलो, पचाउन सहज, दिमागको ग्रहण गर्ने क्षमता बढाउने, रसायनी, स्वर खुलाउने र सम्झना शक्ति बढाउने गुणको हुन्छ । यसले कुष्ठ, पाण्डु, प्रमेह, रक्तविकार, खोकी, विषविकार, सुजन र जरो नाश गर्दछ । यिनै गुण मण्डूकपर्णीमा पनि हुन्छन् ।

## हुहुंरे (ब्रह्मसुवर्चला)

**सुवर्चलाऽर्ककान्ता स्यात्सूर्यभक्ता सुखोद्भवा ।**
**सूर्यावर्ता रविप्रीता त्वन्या ब्रह्मसुवर्चला ॥२८८॥**
**सुवर्चला गुरुः शीता मूत्रला कफवातजित् ।**
**अन्योष्णा कुष्ठमेहाश्मकृच्छ्रज्वरहरा लघुः ॥२८९॥**

सुवर्चला, अर्ककान्ता, सूर्यभक्ता, सुखोद्भवा, सूर्यावर्ता र रविप्रीता : यी हुहुंरेका संस्कृत पर्यायवाची नामहरू हुन् । अर्कोलाई ब्रह्मसुवर्चला भनिन्छ । हुहुंरे पचाउन कठिन, शीतल गर्ने, पिसाब लगाउने तथा कफविकार र वातविकार नाश गर्ने गुणको हुन्छ । ब्रह्मसुवर्चला गर्मी गर्ने तथा कुष्ठ, प्रमेह, पत्थरी, कृच्छ्र र जरो नाशक एवं पचाउन सहज हुन्छ ।

## पिर्रे (मत्स्याक्षी)

**मत्स्याक्षी बालिका मत्स्यगन्धी मत्स्यादनी तथा ।**
**मत्स्याक्षी ग्राहिणी शीता कुष्ठपित्तकफास्रनुत् ॥२९०॥**

मत्स्याक्षी, बालिका, मत्स्यगन्धी र मत्स्यादनी : यी पिर्रे विशेषका संस्कृत पर्यायवाची नामहरू हुन् । यो ग्राहि, शीतल गर्ने तथा कुष्ठ, पित्तविकार, कफविकार र रक्तविकार नाशक हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

## जलपिप्ला (जलपिप्पली)

**तोयपिप्पल्यम्बुवल्ली पलूरः कञ्चटस्तथा ।**
**जलपिप्पलिका हृद्या चक्षुष्या शुक्रला लघुः ॥**
**सङ्ग्राहिणी हिमा रूक्षा रक्तदाहव्रणापहा ॥२९१॥**

तोयपिप्पली, अम्बुवल्ली, पलूर र कञ्चट : यी जलपिप्लाका संस्कृत पर्यायवाची नामहरू हुन् । यो मुटु र आँखाका लागि फाइदाजनक हुन्छ । यसले शुक्र वढाउँदछ । यो पचाउन सहज, ग्राहि, शीतल गर्ने, रुखो तथा रक्तविकार, डाह र घाउखटिरा नाशक हुन्छ ।

## जभ्रेटो (गोजिह्वा)

**गोजिह्वा गोजिका गोभी दार्विका स्वरपर्णिनी ।**
**गोजिह्वा वातला शीता ग्राहिणी कफपित्तनुत् ॥**
**हृद्या प्रमेहकासास्रव्रणज्वरहरा लघुः ॥२९२॥**

गोजिह्वा, गोजिका, गोभी, दार्विका र स्वरपर्णिनी : यी जभ्रेटोका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले

वातविकार गर्दछ । यो शीतल गर्ने, ग्राहि तथा कफविकार र पित्तविकार नाशक हुन्छ । यसले मुटुलाई फाइदा गर्दछ तथा प्रमेह, खोकी, रक्तविकार, घाउखटिरा र जरो नाश गर्दछ । यो पचाउन हलुका हुन्छ ।

## फ्याक्सेकन्द (नागगन्धा)

**नागाह्वा दमनी नागगन्धा भुजगपर्णिनी ।**
**स्यान्नागदमनी वर्ण्या लूतासर्पविषापहा ॥२९३॥**

नागाह्वा, दमनी, नागगन्धा र भुजगपर्णिनी : यी फ्याक्सेकन्दका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले वर्णमा निखार लेराउँदछ तथा माकुरो र सर्पको विषविकार नाश गर्दछ ।

## (रातीगेडी) गुञ्जा

**गुञ्जा शिखण्डिका ताम्रा रक्तिका काकनासिका ।**
**श्वेताऽन्या चक्रिका चूडा दुर्मुखा काकपीलुका ॥२९४॥**
**गुञ्जा केश्या बलकरा त्वच्या पित्तकफापहा ।**
**नेत्रामयहरा वृष्या हन्ति कण्डूग्रहव्रणान् ॥**
**कृमीन्प्रलुप्तकुष्ठानि तच्छ्वेतापि च शस्यते ॥२९५॥**

सङ्कलन : मोहन प्रसाद सापकोटा

गुञ्जा, शिखण्डिका, ताम्रा, रक्तिका र काकनासिका : यी रातो रातीगेडीका तथा श्वेता, चक्रिका, चूडा, दुर्मुखा र काकपीलुका : यी सेतो रातीगेडीका संस्कृत पर्यायवाची नामहरू हुन् । रातीगेडीले कपाल र छालालाई फाइदा गर्दछ । यो बलदायक तथा पित्तविकार र कफविकार नाशक हुन्छ । यसले आँखाका रोग नाश गर्दछ, वीर्य बढाउँदछ तथा लुतो, ग्रहदोष, घाउखटिरा, कीरा कपाल झर्ने रोग र कुष्ठरोग नाश गर्दछ । सेतो रातीगेडीमा पनि यिनै गुण हुन्छन् ।

## वीरतरु (वेल्लन्तर)

**वेल्लन्तरो दीर्घपत्रो वीरद्रुर्बहुवारकः ।**
**वेल्लन्तरोऽश्मनुद् ग्राही कफकृच्छ्रानिलार्तिजित् ॥२९६॥**

वेल्लन्तर, दीर्घपत्र, वीरद्रु र बहुबारक : यी वेल्लन्तरका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले पत्थरी नाश गर्दछ । यो ग्राही हुन्छ तथा कफविकार, कृच्छ्र र वातविकार नाश गर्दछ ।

## ऐजेरु (वन्दाक)

**वन्दाकः स्याद् वृक्षरुहा शेखरी कामवृक्षकः ।**
**वृक्षादनी कामतरुः कामिन्यापदरोहिणी ॥**

**वन्दाकः कफवातास्रशोफव्रणविषापहः ॥२९७॥**

वन्दाक, वृक्षरुहा, शेखरी, कामवृक्षक, वृक्षादनी, कामतरु, कामिनी र आपदरोहिणी : यी ऐजेरुका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले कफविकार, वातविकार, रक्तविकार, सुजन, घाउखटिरा र विषविकार नाश गर्दछ ।

## पिण्डार

**पिण्डारः करहाटः स्यात्तीक्ष्णकालः कुरङ्गकः ।**
**पिण्डारो मधुरः शीतः शोथपित्तकफापहः ॥२९८॥**

पिण्डार, करहाट, तीक्ष्णकाल र कुरङ्गक : यी पिण्डारका संस्कृत पर्यायवाची नामहरू हुन् । यो मिठो, शीतल गर्ने तथा सुजन, पित्तविकार र कफविकार नाशक हुन्छ ।

## छिउँकी झार (छिक्किका)

**छिक्किका क्षवकः क्रूरो नासा संवेदना पटुः ।**
**छिक्किका पित्तला कुष्ठक्रिमिवातकफापहा ॥२९९॥**

सङ्कलन : मोहन प्रसाद सापकोटा

छिक्किका, क्षवक, क्रूर, नासा, संवेदना र पटु : यी छिउँकी झारका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले पित्तविकार गर्दछ तथा कुष्ठ, कीरा, वातविकार र कफविकार नाश गर्दछ ।

## रोहितक

**रोहितो दाडिमीपुष्पो रोहीतः कूटशाल्मलिः ।**
**प्लीहारी रोहिणी रोही रक्तघ्नः पारिजातकः ॥**
**रोहितकः सरो गुल्मयकृत्प्लीहोदरापहः ॥३००॥**

रोहित, दाडिमीपुष्प, रोहीत, कूटशाल्मलि, प्लीहारी, रोहिणी, रोही, रक्तघ्न र पारिजातक : यी रोहितकका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले मलमूत्रलाई तलतिर सार्दछ तथा गुल्म, कलेजोका रोग, फियोका रोग र पेटका रोग नाश गर्दछ ।

## सिमलको खोटो (मोचरस)

**मोचकः स्यान्मोचरसः शाल्मलीवेष्टकः स्मृतः ।**
**मोचनिर्यासकः पिच्छा मोचास्रावी च वेष्टकः ॥३०१॥**
**मोचकः शीतलो ग्राही गुरुर्वृष्योऽतिसारजित् ।**

**प्रवाहकासांपत्तास्रकफदाहांनेबहंणः ॥३०२॥**

मोचक, मोचरस, शाल्मलीवेष्टक, मोचनिर्यासक, पिच्छा, मोचास्रावी र वेष्टक : यी सिमलको खोटोका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले शीतल गर्दछ । यो ग्राही, पचाउन कठिन, वीर्यवर्धक र अतीसार नाशक हुन्छ । यसले प्रवाहिका, खोकी, पित्तविकार, रक्तविकार, कफविकार र डाह नाश गर्दछ ।

## बाबरी (अजगन्धा)

**अजगन्धा बस्तगन्धा कबरी पूतवर्वरः ।**
**अजगन्धा लघू रुच्या हृद्या तु कफवातनुत् ॥३०३॥**

अजगन्धा, बस्तगन्धा, कबरी र पूतवर्वर : यी बाबरीका संस्कृत पर्यायवाची नामहरू हुन् । यो पचाउन सहज, रुचिकर, मुटुका लागि हितकर तथा बफविकार र वातविकार नाशक हुन्छ ।

## कटसरैया

**सौरेयकः सहचरः सौरेयः किङ्करातकः ।**
**दासीसहचरः किण्टी शैर्षको मृदुकण्टकः ॥३०४॥**

सङ्कलन : मोहन प्रसाद सापकोटा

सौरेयक, सहचर, सौरेय, किङ्करातक, दासीसहचर, किण्टी, शैर्षक र मृदुकण्टक : यी सेतो कटसरैयाका संस्कृत पर्यायवाची नामहरू हुन् ।

**रक्तपुष्पः कुरुवकः पीतपुष्पो कुरण्टकः ।**
**नील आर्त्तगलः प्रोक्तो बाणा गोदनपाक्यपि ॥३०५॥**

रातो फूल फुल्ने कटसरैयालाई कुरुवक र पहेँलो फूल फुल्ने कटसरैयालाई कुरण्टक भनिन्छ । नीलो फूल फुल्ने कटसरैयालाई आर्त्तगल, बाणा वा गोदनपाकी भनिन्छ ।

**सैरेयः कुष्ठवातास्रकफपाण्डुविषापहः ।**
**तिक्तोष्णो मधुरः केश्यः सुस्निग्धः केशरञ्जनः ॥३०६॥**

कटसरैयाले कुष्ठ, वातविकार, रक्तविकार, कफविकार, पाण्डु र विषविकार नाश गर्दछ । यो तीतो र गुलियो हुन्छ । यसले गर्मी गर्दछ । यो कपालका लागि हितकर, चिल्लो र कपाल बढाउने गुणको हुन्छ ।

## सेतो अपराजिता

**श्वेतस्यन्दा श्वेतपुष्पा कटभिर्गिरिकर्णिका ।**

**सिताऽपराजिता श्वेता विषघ्नी मे(मो)हनाशिनी ॥३०७॥**

श्वेतस्यन्दा, श्वेतपुष्पा, कटभि, गिरिकर्णिका, सिता, अपराजिता, श्वेता, विषघ्नी र मे(मो)हनाशिनी : यी सेतो अपराजिताका संस्कृत पर्यायवाची नामहरू हुन् ।

## नीलो अपराजिता

**नीलस्यन्दा व्यक्तगन्धा नीलपुष्पा गवादिनी ।**
**श्वेतस्यन्दाद्वयं शीतं ग्रहघ्नं दृष्टिकुण्ठकृत् ॥**
**कुष्ठशूलत्रिदोषामशोफव्रणविषापहम् ॥३०८॥**

नीलस्यन्दा, व्यक्तगन्धा, नीलपुष्पा र गवादिनी : यी नीलो अपराजिताका संस्कृत पर्यायवाची नामहरू हुन् । दुवै अपराजिता शीतल गर्ने, ग्रहदोष नाशक, दृष्टिवाधक तथा कुष्ठ, शूल, त्रिदोष, आमविकार, सुजन, घाउखटिरा र विषविकार नाशक हुन्छन् ।

## तालमखाना (इक्षुर)

**इक्षुरः क्षुरमेधाण्डः कोकिलाक्षः क्षुर स्मृतः ।**
**तैलकण्डस्तिक्षरिक्षुवालिकाचेक्षुगन्धिका ॥**
**इक्षुरः शीतलो वृष्यो गुरुर्वातकफास्रजित् ॥३०९॥**

इक्षुर, क्षुरमेधाण्ड, कोकिलाक्ष, क्षुर, तैलकण्ड, तिक्षरिक्षु, वालिका र इक्षुगन्धिका : यी तालमखानाका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले शीतल गर्दछ । यो वीर्यवर्धक, पचाउन कठिन तथा वातविकार, कफविकार र रक्तविकार नाशक हुन्छ ।

## (कपास) कार्पास

**कार्पासः पटशूलश्छादवनी वादरः पिचुः ।**
**कार्पासको लघुः कोष्णो मधुरो वातनाशनः ॥**
**तद्बीजं स्तन्यदं वृष्यं स्निग्धं कफकरं गुरु ॥३१०॥**

कार्पास, पटशूल, छादवनी, वादर र पिचु : यी कपासका संस्कृत पर्यायवाची नामहरू हुन् । कपास पचाउन सहज, गर्मी गर्ने, मिठो र वातविकार नाशक हुन्छ । यसका गेडा दूधवर्धक, वीर्यवर्धक, चिल्लो, कफविकार गर्ने र पचाउन कठिन हुने गुणको हुन्छ ।

## सिलाम

**आरामशीतला देवी गन्धा कुक्कुरमर्दनः ।**

**आरामशीतला शीता कटु पित्तकफास्रजित्॥३११॥**

आरामशीतला, देवी, गन्धा र कुक्कुरमर्दन : यी सिलामका संस्कृत पर्यायवाची नामहरू हुन् । सिलाम शीतल गर्ने, पिरो तथा पित्तविकार, कफविकार र रक्तविकार नाशक हुन्छ ।

## कुकुरे (कुक्कुरद्रु)

**कुक्कुरद्रुस्ताम्रचूडः सूक्ष्मपत्रो मृदुच्छदः ।**
**कुक्कुरद्रुः कटुस्तिक्तो ज्वररक्तकफापहः॥३१२॥**

कुक्कुरद्रु, ताम्रचूड, सूक्ष्मपत्र र मृदुच्छद : यी कुकुरेका संस्कृत पर्यायवाची नामहरू हुन् । यो पिरो, तीतो तथा जरो, रक्तविकार र कफविकार नाशक हुन्छ ।

## हिल्सा झार (हिलमोचिका)

**वामी शङ्खधरा वारिब्राह्मी च हिलमोचिका ।**
**वामी शोफहरा कुष्ठपित्तश्लेष्मानिलापहा॥३१३॥**

वामी, शङ्खधरा, वारिब्राह्मी र हिलमोचिका : यी हिल्सा झारका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले सुजन, कुष्ठ, पित्तविकार, कफविकार र वातविकार नाश गर्दछ ।

सङ्कलन : मोहन प्रसाद सपकोटा

## रातो साकिनु (शरपुङ्खा)

**शरपुङ्खा कालशाकं प्लीहारिः कालका मता ।**
**शरपुङ्खा यकृत्प्लीहदुष्टव्रणविषापहा॥**
**तिक्ता कषाया कासास्रश्वासज्वरहरा लघुः॥३१४॥**

शरपुङ्खा, कालशाक, प्लीहारि र कालका : यी रातो साकिनुका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले कलेजोका रोग, फियोका रोग, खराब घाउखटिरा र विषविकार नाश गर्दछ ।

## तितेपाती (बलामोटा)

**बलामोटा जया सूक्ष्मपत्रा ज्ञेयाऽपराजिता ।**
**बलामोटा विषश्लेष्मकृच्छ्रनुद्विजयप्रदा॥३१५॥**

बलामोटा, जया, सूक्ष्मपत्रा रअपराजिता : यी तितेपातीका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले विषविकार, कफविकार र कृच्छ्र नाश गर्दछ तथा विजय दिन्छ ।

## सुदर्शना

**सुदर्शना सोमवल्ली चक्राङ्का मधुपर्णिका ।**
**सुदर्शना स्वादुरुष्णा कफशोफास्रवातजित् ॥३१६॥**

(कसैकसैले सुर्दशनलाई नै सुदर्शना भनेका छन् । यसका गुण प्रायः सुर्दशनकै जस्ता छन्) । सुदर्शना, सोमवल्ली, चक्राङ्का र मधुपर्णिका : यी सुदर्शनाका संस्कृत पर्यायवाची नामहरू हुन् । यो स्वादिलो, गर्मी गर्ने तथा कफविकार, सुजन, रक्तविकार र वातविकार नाशक हुन्छ ।

## सहस्रजरी (मयूरशिखा)

**मयूराह्वा शिखा ज्ञेया साहस्री मधुकच्छदा ।**
**मयूराह्वा शिखा लघ्वी पित्तश्लेष्मातिसारजित् ॥३१७॥**

मयूराह्वा, शिखा, साहस्री र मधुकच्छदा : यी सहस्रजरीका संस्कृत पर्यायवाची नामहरू हुन् । यो पचाउन सहज हुन्छ । यसले पित्तविकार, कफविकार र अतिसार नाश गर्दछ ।

## लक्ष्मणा

सङ्कलन : मोहन प्रसाद सापकोटा

**लक्ष्मणा पुत्रदा रक्ता बिन्दुपत्रा च नागिनी ।**
**गोक्षीरसदृशं पुष्पं रोमवल्लिसमन्वितम् ॥३१८॥**
**रक्तबिन्दुश्च पत्रेषु लक्ष्मणाकारमुच्यते ।**
**लक्ष्मणा गर्भदा शीता सरा वृष्या त्रिदोषनुत् ॥३१९॥**

लक्ष्मणा, पुत्रदा, रक्ता, बिन्दुपत्रा र नागिनी : यी लक्ष्मणाका संस्कृत पर्यायवाची नामहरू हुन् । गाईको दूधजस्तै सेता फूल हुने, भुस सहितको लहरा हुने, पातमा राता टीका वा थोप्ला हुने बोटलाई लक्ष्मणाकार भनिन्छ । यसले गर्भ बसाउँदछ, शीतल गर्दछ, मलमूत्रलाई तलतिर सार्दछ, वीर्य बढाउँदछ र त्रिदोष नाश गर्दछ ।

## मांसरोहिणी

**मांसरोहिण्यतिरुहा वृत्ता चर्मकसा कसा ।**
**स्यान्मांसरोहिणी वृष्या सरा दोषत्रयापहा ॥३२०॥**

मांसरोहिणी, अतिरुहा, वृत्ता, चर्मकसा र कसा : यी मांसरोहिणीका संस्कृत पर्यायवाची नामहरू हुन् । यो वीर्यवर्धक, मलमूत्रलाई तलतिर सार्ने र त्रिदोष नाश गर्ने गुणको हुन्छ ।

## हडचूर (अस्थिसंहारक)

**अस्थिसंहारको वज्रवल्लरी क्रोष्टुघण्टिका ।**
**वज्राङ्गी ग्रन्थिमान्वज्रप्रोक्ता स्यादस्थिशृङ्खला ॥**
**अस्थिसंहारकः शीतो वृष्यो वातहरोऽस्थियुक् ॥३२१॥**

अस्थिसंहारक, वज्रवल्लरी, क्रोष्टुघण्टिका, वज्राङ्गी, ग्रन्थिमान्, वज्रप्रोक्ता र अस्थिशृङ्खला : यी हडचूरका संस्कृत पर्यायवाची नामहरू हुन् । यो शीतल गर्ने, वीर्यवर्धक, वातविकार नाशक र हाडहरू जोड्ने गुणको हुन्छ ।

## आँक (अर्क)

**अर्कः सूर्याह्वयः क्षीरी सदापुष्पो विकीरणः ।**
**मन्दारो वसुकोऽलर्को राजाह्वो दीर्घपत्रकः ॥३२२॥**
**अर्कद्वयं शंखवातकुष्ठकण्डू विषव्रणान् ।**
**निहन्ति प्लीहगुल्मार्शोयकृच्छ्लेष्मोदरक्रिमीन् ॥३२३॥**

अर्क, सूर्याह्वय, क्षीरी, सदापुष्प, विकीरण, मन्दार, वसुक, अलर्क, राजाह्व र दीर्घपत्रक : यी आँकका संस्कृत पर्यायवाची नामहरू हुन् । यो रातो र सेतो गरी दुई थरी हुन्छ) । दुवै आँकले टाउको दुखेको (शंखवात), कुष्ठ, लुतो, विषविकार र घाउखटिरा ठिक गर्दछन् । यिनले फियोका रोग, गुल्म, अल्काई, कलेजोका रोग, कफविकार, पेटका रोग र कीरा नाश गर्दछन् ।

## करवीर

**करवीरोऽश्वहा श्वेतपुष्पा स्याच्छतपुष्पकः ।**
**रक्तपुष्पोऽपरश्चण्डो लगुडः करवीरकः ॥३२४॥**
**करवीरद्वयं नेत्रकोपकण्डूव्रणापहम् ।**
**लघूष्णं कृमिकण्डूघ्नं भक्षितं विषवन्मतम् ॥३२५॥**

करवीर, अश्वहा, श्वेतपुष्पा र शतपुष्पक : यी सेतो करवीरका तथा रक्तपुष्प, चण्ड, लगुड र करवीरक : यी रातो करवीरका संस्कृत पर्यायवाची नामहरू हुन् । दुवै करवीरले आँखाका रोग, लुतो र घाउखटिरा नाश गर्दछन् । यी पचाउन हलुका, गर्मी गर्ने, तथा कीरा र लुतो नाशक हुन्छन् । यी खानमा विषसमान हुन्छन् भनिएको छ ।

## धतुरो (धत्तूर)

**धत्तूरः कितवो धूर्तो देवता मदनः शठः ।**

**उन्मत्तो मातलस्तूरी तरकः कनकाह्वयः ॥३२६॥**
**धत्तूरो मदवर्णाग्निवान्तिकुञ्जरकुष्ठनुत् ।**
**उष्णो गुरुर्व्रणश्लेष्मकण्डूकृमिविषापहः ॥३२७॥**

धत्तूर, कितव, धूर्त, देवता, मदन, शठ, उन्मत्त, मातल, तूरी, तरक र कनकाह्वय : यी धतुरोका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले नसा, वर्ण, जठराग्नि, वाकवाकी र हस्तिकुष्ठ नाश गर्दछ । यो गर्मी गर्ने, पचाउन कठिन तथा घाउखटिरा, कफविकार, लुतो, कीरा र विषविकार नाशक हुन्छ ।

## गुन्यौँ मधुरा (कलिकारी)

**कलिकारी वह्निमुखी लाङ्गली गर्भपातिनी ।**
**विशल्या हलिनी शीरी प्रभाता शुक्लपुष्पिका ॥३२८॥**
**विद्युदुल्काऽग्निजिह्वा च कथिता पुष्पसी भरा ।**
**वह्निशिखाऽग्निका ज्ञेया नलरन्ध्री च सा स्मृता ॥३२९॥**
**कलिकारी सरा कुष्ठशोफार्शोव्रणशूलजित् ।**
**तीक्ष्णोष्णा कृमिनुल्लघ्वी पित्तला गर्भपातिनी ॥३३०॥**

कलिकारी, वह्निमुखी, लाङ्गली, गर्भपातिनी, विशल्या, हलिनी, शीरी, प्रभाता, शुक्लपुष्पिका, विद्युत्, उल्का, अग्निजिह्वा, पुष्पसी, भरा, वह्निशिखा, अग्निका र नलरन्ध्री : यी गुन्यौँ मधुराका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले मलमूत्रलाई तलतिर सार्दछ तथा कुष्ठ, सुजन, अल्काई, घाउखटिरा र शूल नाश गर्दछ । यो तिक्खर, गर्मी गर्ने, कीरा नाशक, पचाउन सहज, पित्तविकार गर्ने र गर्भपतन गराउने गुणको हुन्छ ।

## घिउकुमारी (कुमारी)

**कुमारी मण्डला माता गृहकन्याऽतिपिच्छला ।**
**रसायनी कटिकिनी सवराऽन्या वनोद्भवा ॥३३१॥**
**कुमारी भेदनी शीता यकृत्प्लीहकफज्वरान् ।**
**निहन्ति ग्रन्थिविस्फोटपित्तरक्तत्वगामयान् ॥३३२॥**

कुमारी, मण्डला, माता, गृहकन्या, अतिपिच्छला, रसायनी, कटिकिनी, सवरा र वनोद्भवा : यी घिउकुमारीका संस्कृत पर्यायवाची नामहरू हुन् । यो भेदनी हुन्छ । यसले शीतल गर्दछ तथा कलेजोका रोग, फियोका रोग, कफविकार र जरो नाश गर्दछ । घिउकुमारीले गाँठा, विस्फोट, पित्तविकार, रक्तविकार र छालाका रोगहरू नाश गर्दछ ।

## भाङ (भङ्गा)

**भङ्गाऽङ्गजा मातुलानी मोहिनी विजया जया ।**

**भङ्गा कफहरा तिक्ता ग्राहिणी दीपनी लघुः ॥**
**तीक्ष्णोष्णा पित्तलानाहमदकृच्चाग्निवर्धिनी ॥३३३॥**

भङ्गा, अङ्गजा, मातुलानी, मोहिनी, विजया र जया : यी भाङका संस्कृत पर्यायवाची नामहरू हुन् । भाङले कफविकार नाश गर्दछ । यो तीतो, ग्राही, दिपनी र पचाउन सहज हुन्छ । यो तिक्खर, गर्मी गर्ने तथा पित्तविकार, आनाह र नसा लगाउने गुणको हुन्छ । यसले जठराग्नि बढाउँदछ ।

## सुनटिकी (काञ्चनी)

**काञ्चनी शोणफलिनी काकायुः काकवल्लरी ।**
**काञ्चनी स्तन्यदा मूर्द्धव्यथादोषत्रयापहा ॥३३४॥**

काञ्चनी, शोणफलिनी, काकायु र काकवल्लरी : यी सुनटिकीका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले दूध बढाउँदछ तथा टाउकाका रोग र त्रिदोष नाश गर्दछ ।

## दूबो (दूर्वा)

**दूर्वा शस्या शीतकरी गोलोमी शतपर्विका ।**
**अन्या श्वेता श्वेतदण्डा भार्गवी दुर्मता रुहा ॥**
**दूर्वा हिमा विसर्पास्रतृट्पित्तकफदाहजित् ॥३३५॥**

दूर्वा, शस्या, शीतकरी, गोलोमी र शतपर्विका : यी दूबोका तथा श्वेता, श्वेतदण्डा, भार्गवी, दुर्मता र रुहा : यी सेतो दूबोका संस्कृत पर्यायवाची नामहरू हुन् । दूबोले शीतल गर्दछ तथा विसर्प, रक्तविकार, तिर्खा, पित्तविकार, कफविकार र डाह नाश गर्दछ ।

## घोडेदूबो (गण्डदूर्वा)

**गण्डदूर्वा मत्स्यगन्धा मत्स्याक्षी शकुलादनी ।**
**गण्डदूर्वा हिमा लोहद्राविणी ग्राहिणी लघुः ॥**
**दाहतृष्णाबलासास्रकुष्ठपित्तज्वरापहा ॥३३६॥**

गण्डदूर्वा, मत्स्यगन्धा, मत्स्याक्षी र शकुलादनी : यी घोडेदूबोका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले शीतल गर्दछ र फलाम पगाल्दछ ।यो ग्राही र पचाउन हलुका हुन्छ । यसले डाह, तिर्खा, कफविकार, रक्तविकार, कुष्ठ, पित्तविकार र जरो नाश गर्दछ ।

## काँस (काश)

**काशः सुकाण्डः काशेक्षुरृषीकः श्वेतवासरः ।**

**इक्ष्वारिकेक्षुकाशश्च स चैवेक्षुरसः स्मृतः ॥**
**कासकृच्छ्राश्मदाहास्रपित्तक्षयकरो हिमः ॥३३७॥**

काश, सुकाण्ड, काशेक्षु, ऋषीक, श्वेतवासर, इक्ष्वारिका, इक्षुकाश र इक्षुरस : यी काँसका संस्कृत पर्यायवाची नामहरू हुन् । काँसले खोकी, कृच्छ्र, पत्थरी, डाह, रक्तविकार, पित्तविकार र क्षयरोग नाश गर्दछ तथा शीतल गर्दछ ।

## कुश

**दर्भो बर्हिः कुशस्तीक्ष्णः सूच्यग्रो यज्ञभूषणः ।**
**दर्भः कृच्छ्राश्मतृट्पित्तवस्तिरुक्कफरक्तजित् ॥३३८॥**

दर्भ, बर्हि, कुश, तीक्ष्ण, सूच्यग्र र यज्ञभूषण : यी कुशका संस्कृत पर्यायवाची नामहरू हुन् । कुशले कृच्छ्र, पत्थरी, तिर्खारोग, पित्तविकार, तल्लो पेटका रोग, कफविकार र रक्तविकार नाश गर्दछ ।

## मुज (मुञ्ज)

**मुञ्जः क्षुरः स्थूलदर्भो बाणाह्वो ब्रह्ममेखलः ।**
**मुञ्जोऽनुष्णो विसर्पास्रमूत्रवस्त्यक्षिरोगजित् ॥३३९॥**

मुञ्ज, क्षुर, स्थूलदर्भ, बाणाह्व र ब्रह्ममेखल : यी मुजका संस्कृत पर्यायवाची नामहरू हुन् । मुजले धेरै गर्मी गर्दैन । यसले विसर्प, रक्तविकार, मूत्ररोग, तल्लोपेटका रोग र आँखाका रोग नाश गर्दछ ।

## नरकट (नल)

**नलो रन्ध्री पुष्पमृत्युर्दमनोऽनन्तकः पिटः ।**
**नलो मूत्रार्तिदाहास्रकफपित्तविसर्पजित् ॥३४०॥**

नल, रन्ध्री, पुष्पमृत्यु, दमन, अनन्तक र पिट : यी नरकटका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले मूत्ररोग, डाह, रक्तविकार, कफविकार, पित्तविकार र विसर्प नाश गर्दछ ।

## बाँस

**वंशो वेणुः कीचकः स्यात्कर्मारस्त्वचिसारकः ।**
**वंशः सरो हिमः पित्तकफदाहास्रशोफजित् ॥३४१॥**
**तत्करीरो गुरुर्भेदी श्लेष्मलो वातपित्तजित् ।**
**(तथा च भेदकोऽत्युष्णः कफघ्नो वातपित्तजित्) ॥३४२॥**

वंश, वेणु, कीचक, कर्मार र त्वचिसारक : यी बाँसका संस्कृत पर्यायवाची नामहरू हुन् । बाँसले मलमूत्रलाई तलतिर सार्दछ र शीतल गर्दछ । यसले पित्तविकार, कफविकार, डाह, रक्तविकार र सुजन ठिक गर्दछ । बाँसका टुसा वा तामा पचाउन कठिन, भेदनी, कफविकार गर्ने तथा वातविकार र पित्तविकार नाशक हुन्छ । (त्यस्तै यो भेदनी, धेरै गर्मी गर्ने, कफनाशक तथा वातविकार र पित्तविकारलाई जित्ने गुणको हुन्छ) ।

### पारसीक यवानी

**जवानी जवनी तीव्रा तुरुष्का मदकारिणी ।**
**जवानी जीवनी रूक्षा ग्राहिणी मादिनी गुरुः ॥३४३॥**

जवानी, जवनी, तीव्रा, तुरुष्का र मदकारिणी : यी पारसीक यवानीका संस्कृत पर्यायवाची नामहरू हुन् । यो आयुवर्धक, रुखो, ग्राही, नसा लगाउने र पचाउन कठिन हुने गुणको हुन्छ ।

### अफिम फलका दाना र बोक्रा (खसतिल)

**तिलभेदाः खसतिलः शुभ्रपुष्पो लसत्फलः ।**
**वृष्यो बल्यः खसतिलः श्लेष्मलो वातजिद्गुरुः ॥**
**वल्कलस्तत्फलोद्भूतो रूक्षो ग्राही विशेषतः ॥३४४॥**

सङ्कलन : मोहन प्रसाद सपकोटा

तिलभेद, खसतिल, शुभ्रपुष्प र लसत्फल : यी अफिम फलका संस्कृत पर्यायवाची नामहरू हुन् । यो वीर्यवर्धक, बलवर्धक, कफकारक, वातविकार नाशक र पचाउन कठिन हुन्छ । यसको फलको बोक्रा विशेषतः रुखो र ग्राही हुन्छ ।

### अफिम फलको रस (अहिफेन)

**आफूकं तद्रसोद्भूतमहिफेनं सफेनकम् ।**
**आफूकं शोषणं ग्राहि श्लेष्मघ्नं वातपित्तलम् ॥३४५॥**

आफूक, आफूकरसोद्भूत, अहिफेन र सफेनक : यी अफिमको रसका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले सोस्दछ । यो ग्राही, कफविकार नाशक तथा वातविकार पित्तविकार गर्ने गुणको हुन्छ ।

### पातालगरुडी (छिलिहिण्ठ)

**छिलिहिण्ठो महामूलः पातालो गरुडाह्वयः ।**
**छिलिहिण्ठः परं वृष्यः श्लेष्मलः पवनापहः ॥३४६॥**

छिलिहिण्ठ, महामूल, पाताल र गरुडाह्वय : यी पातालगरुडीका संस्कृत पर्यायवाची नामहरू हुन् । यो अति

नै वायुवर्धक, कफविकार गर्ने र वातविकार नाशक हुन्छ ।

## उपसंहार

**योराज्ञां मुखतिलकः कटारमल्लः स्तेन श्रीमदननृपेण निर्मितेऽत्र ।**
**ग्रन्थेऽभून्मदनविनोदनाम्नि पूर्णो वर्गोऽयं ललितपदाङ्कितोऽभयादिः ॥३४७॥**

राजाहरूमध्ये निधारका टीका समान (श्रेष्ठ) तथा उत्तराखण्डका राजा कटारमल्ल देव (वा ती समानका) राजा मदनले लेखेको मदन-विनोद नामको यो ग्रन्थमा सुन्दर शब्दले भरिएको अभयादि वर्ग समाप्त भयो ।

**॥ इति श्रीमदनपालविरचिते मदनविनोदे (मदनपालनिघण्टौ) अभयादिवर्गः प्रथमः ॥१॥**

॥ मदनपालले लेखेको मदनविनोद (मदनपाल निघण्टु) मा रहेको पहिलो अभयादि वर्गको मोहन प्रसाद सापकोटाद्वारा नेपालीमा गरिएको भावानुवाद सकिएको छ ॥१॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

## ॥ शुण्ठ्यादिवर्गः ॥

### आशीर्वाद

**ॐ तद्रविराजितमन्यमनन्तं श्रीरुचिरं परमक्षरमेकम् ।**
**श्रीमदनक्षितिनाथ सदा ते विष्णुपदं विपदं विनिहन्तु ॥१॥**

हे मदनराज ! दोश्रा सूर्यसमान प्रकाशित, लक्ष्मीका शोभाले शोभायमान, अनन्त र कहिल्यै क्षय नहुने विष्णुपदले तिम्रा विपत्तिहरू नष्ट पारुन् ।

### सुठो (शुण्ठी)

**शुण्ठी विश्वौषधं विश्वं कटुभद्रं कटूत्कटम् ।**
**महौषधं शृङ्गवेरं नागरं विश्वभेषजम् ॥२॥**

शुण्ठी, विश्वौषध, विश्व, कटुभद्र, कटूत्कट, महौषध, शृङ्गवेर, नागर र विश्वभेषज : यी सुठोका संस्कृत पर्यायवाची नामहरू हुन् ।

**शुण्ठी रुच्याऽऽमवातघ्नी पाचनी कटुका लघुः ।**
**स्निग्धोष्णा कटुका पाके कफवातविबन्धनुत् ॥३॥**

सङ्कलन : मोहन प्रसाद सपकोटा

सुठोले रुचि जगाउँदछ र आमजन्य वातविकार नाश गर्दछ । यो पाचनी, पिरो, पचाउन सहज, चिल्लो, गर्मी गर्ने, पचेपछि पिरो तथा कफविकार, वातविकार र कब्जियत नाशक हुन्छ ।

**वृष्या स्वर्या वमिश्वासकासशूलहृदामयान् ।**
**हन्ति श्लीपदशोफार्शानाहोदरमारुतान् ॥४॥**

सुठो वीर्यवर्धक, स्वर खुलाउने तथा वाकवाकी, दम, खोकी, शूल, मुटुका रोग, हात्तीपाइले रोग, सुजन, अल्काई, आनाह र पेटका वातविकार नाशक हुन्छ ।

### अदुवा (आर्द्रक)

**आर्द्रकं शृङ्गवेरं तन्महौषधमुदाहृतम् ।**
**आर्द्रकं नागरगुणं भेदनं दीपनं गुरु ॥५॥**

आर्द्रक, शृङ्गवेर र महौषध : यी अदुवाका संस्कृत पर्यायवाची नामहरू हुन् । अदुवाका सुठोका गुण हुन्छन् । यो भेदनी, दीपनी र पचाउन कठिन हुने गुणको हुन्छ ।

**कटूष्णं दीपनं वृष्यं रुच्यमार्दकनागरम् ।**
**श्वासकासवमीहिक्कवातश्लेष्मविबन्धनुत् ॥६॥**

अदुवा पिरो, गर्मी गर्ने, वीर्यवर्धक, रुचिकर तथा दम, खोकी, वाकवाकी, बाडुली, वातविकार, कफविकार र कब्जियत नाशक हुन्छ ।

**पाचनं रोचनं वृष्यं कटूष्णं वह्निदीपनम् ।**
**वातप्रकोपशमनं पाचनं शोथहृत्परम् ॥७॥**

पकाएको अदुवा रुचिकर, वीर्यवर्धक, पिरो, गर्मी गर्ने, जठराग्नि बाल्ने, वातविकार शान्त पार्ने, खाएको पचाउने र अति नै सुजन नाश गर्ने गुणको हुन्छ ।

**भोजनादौ सदा पथ्यं जिह्वाकण्ठविशोधनम् ।**
**अव्यक्तरसवीर्यत्वात्तत्परं तु कफापहम् ॥८॥**

खाना खानु अघि अदुवा खानु सधैँ पथ्य हुन्छ । यसले जिभ्रो र घाँटीलाई प्रशोधन गर्दछ । यसको लुकेको रस वीर्यवर्धक हुने हुनाले यसले अति नै कफविकार नाश गर्दछ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

**काञ्जिकार्द्रं सलवणं दीपनं पाचनं परम् ।**
**वातप्रकोपशमनं हर्षणं लवणार्द्रकम् ॥९॥**

काँजी र नुनसँग अदुवा खानाले यो अहति नै दीपनी र पाचनी हुन्छ । नुनसँग अदुवा खानाले वातविकार शान्त पार्दछ र जिभ्रोलाई हर्षित (सक्रिय, स्वाद थाहा पाउने) बनाउँदछ ।

## मरिच

**मरिचं वल्लिजं तीक्ष्णं मलिनं श्यामभूषणम् ।**
**मरिचं कटुकं तीक्ष्णं दीपनं कफवातनुत् ॥**
**उष्णं पित्तकरं रूक्षं श्वासशूलकृमीञ्जयेत् ॥१०॥**

मरिच, वल्लिज, तीक्ष्ण, मलिन र श्यामभूषण : यी मरिचका संस्कृत पर्यायवाची नामहरू हुन् । मरिच पिरो, तिक्खर, दीपनी तथा कफविकार र वातविकार नाशक हुन्छ । यसले गर्मी र पित्तविकार गर्दछ । यो रुखो हुन्छ । यसले दम, शूल र कीरा नाश गर्दछ ।

**तदार्द्रं मधुरं पाके नात्युष्णं कटुकं गुरु ।**
**किञ्चित्तीक्ष्णगुणं श्लेष्मप्रसेकि स्यादपित्तलम् ॥११॥**

ताजा (वा नसुकेको) मरिच पचेपछि गुलियो हुन्छ । यसले धेरै गर्मी गर्दैन, पिरो हुन्छ र पचाउन कठिन हुन्छ । यो केही तिक्खर हुन्छ । यसले कफलाई फुकाल्दछ र पित्तविकार पनि गर्दैन ।

### पिप्ला (पिप्पली)

**पिप्पली चपला कृष्णा मागधी मगधा कणा ।**
**विश्वोपकुल्या वैदेही शौण्डी स्यात्तीक्ष्णतण्डुला ॥१२॥**

पिप्पली, चपला, कृष्णा, मागधी, मगधा, कणा, विश्वा, उपकुल्या, वैदेही, शौण्डी र तीक्ष्णतण्डुला : यी पिप्लाका संस्कृत पर्यायवाची नामहरू हुन् ।

**पिप्पली दीपनी वृष्या स्वादुः पाके रसायनी ।**
**अत्युष्णा कटुका स्निग्धा कफवातहरा लघुः ॥१३॥**

पिप्ला दीपनी, वीर्यवर्धक, पचेपछि गुलियो, रसायनी, धेरै गर्मी गर्ने, पिरो, चिल्लो तथा कफविकार र वातविकार नाशक हुन्छ । यो पचाउन हलुका हुन्छ ।

**पित्तला रेचनी हन्ति श्वासकासोदरज्वरान् ।**
सङ्कलन : मोहन प्रसाद सपकोटा
**कुष्ठप्रमेहगुल्मार्शः प्लीहशूलाममारुतान् ॥**
**आर्द्रा कफप्रदा स्निग्धा शीतला मधुरा गुरुः ॥१४॥**

पिप्लाको पित्तविकार गर्दछ । यो रेचनी हुन्छ । यसले दम, खोकी, पेटका रोग, जरो, कुष्ठ, प्रमेह, गुल्म, अल्काई, फियोका रोग, शूल र आमजन्य वातरोग ठिक गर्दछ । आलो (नसुकेको) पिप्लाले कफविकार गर्दछ, चिल्लो हुन्छ, शीतल गर्दछ, मिठो र पचाउन कठिन हुन्छ ।

### त्र्यूषण (त्रिकटु) र चतुरूषण

**विश्वोपकुल्यामरिचैस्त्र्यूषणं कटुकं कटु ।**
**व्योषं कटुत्रयं तत्स्यात्सग्रन्थि चतुरूषणम् ॥१५॥**
**त्र्यूषणं दीपनं हन्ति श्वासकासत्वगामयान् ।**
**गुल्ममेहकफस्थौल्यमेदः श्लीपदपीनसान् ॥१६॥**

सुठो, पिप्ला र मरिच मिसाए पछि त्र्यूषण हुन्छ । यसलाई त्र्यूषण, कटुक, कटु, व्योष र कटुत्रय पनि भनिन्छ । यसमा पिप्लाको जरा मिसाएपछि चतुरूषण हुन्छ । त्रिकटुले जठराग्निलाई बाल्दछ तथा दम, खोकी, छालाका रोग, गुल्म, प्रमेह, कफविकार, मोटोपन, बोसोविकार, हात्तीपाइले रोग र पिनास नाश गर्दछ ।

## पिप्लाको जरा (पिप्पलीमूल)

**कणामूलं कटुग्रन्थिः पिप्पलीमूलमूषणम् ।**
**षड्ग्रन्थो ग्रन्थिकं मूलं मागधं चटिकाशिरः ॥१७॥**
**दीपनं पिप्पलीमूलं कटूष्णं पाचनं लघु ।**
**रूक्षं पित्तकरं भेदि कफवातोदरापहम् ॥१८॥**

कणामूल, कटु, ग्रन्थि, पिप्पलीमूल, ऊषण, षड्ग्रन्थ, ग्रन्थिक, मूल, मागध र चटिकाशिर : यी पिप्लाको जराका संस्कृत पर्यायवाची नामहरू हुन् । यो दीपनी, पिरो, गर्मी गर्ने, पाचनी, पचाउन सहज, रुखो, पित्तविकार गर्ने, भेदनी तथा कफविकार, वातविकार र पेटका रोग नाशक हुन्छ ।

## चाभो (चव्य)

**चव्यं चवणमुच्छिष्टं चविका कोलवल्लिका ।**
**पिप्पलीमूलवत्तत्स्याद्विशेषाद्गुदजापहम् ॥**
**चव्यपुष्पं गरश्वासकासक्षयविनाशनम् ॥१९॥**

चव्य, चवण, उच्छिष्ट, चविका र कोलवल्लिका : यी चाभोका संस्कृत पर्यायवाची नामहरू हुन् । यसको गुण पिप्लाको जराको समान हुन्छ । यसले विशेष गरी मलद्वारका रोग नाश गर्दछ ।

## चाभोको फल (गजपिप्पली)

**तत्फलं श्रेयसी हस्तिमागधा गजपिप्पली ।**
**गजकृष्णा कटुर्वातश्लेष्मनुद्वह्विवर्धिनी ॥**
**उष्णा निहन्त्यतीसारं श्वासकण्ठामयक्रिमीन् ॥२०॥**

श्रेयसी, हस्तिमागधा, गजपिप्पली र गजकृष्णा : यी गजपिप्लीका संस्कृत पर्यायवाची नामहरू हुन् । यो पिरो हुन्छ । यसले वातविकार र कफविकार नाश गर्दछ तथा जठराग्निलाई बाल्दछ । यसले गर्मी गर्दछ तथा अतीसार, दम, घाँटीका रोग र कीरा नाश गर्दछ ।

## चितु (चित्रक)

**चित्रको हुतभुग् व्यालो दारुणो दहनोऽरुणः ।**
**अग्निमाली हविःपाची वह्निनामा विशेषतः ॥२१॥**
**चित्रकः कटुकः पाके वह्निकृत्पाचनो लघुः ।**
**रूक्षोष्णो ग्रहणीकुष्ठशोफार्शः कृमिकासजित् ॥**
**श्लेष्मानिलहरो ग्राही तच्छाकं श्लेष्मपित्तनुत् ॥२२॥**

चित्रक, हुतभुक्, व्याल, दारुण, दहन, अरुण, अग्निमाली, हविःपाची र विशेष गरी अग्निका पर्यायवाची नाम : यी चितुका संस्कृत पर्यायवाची नामहरू हुन् । चितु पचेपछि पिरो हुन्छ । यसले जठराग्निलाई बाल्दछ । यो पाचनी र पचाउन हलुका हुन्छ । यो रुखो, गर्मी गर्ने तथा ग्रहणी, कुष्ठ, सुजन, अल्काई, कीरा र खोकी नाशक हुन्छ । यसले कफविकार र वातविकार नाश गर्दछ । यो ग्राही हुन्छ । यसको सागले कफविकार र पित्तविकार नाश गर्दछ ।

## पञ्चकोल, षडूषण

**पिप्पलीमगधामूलचव्यनागरचित्रकैः ।**
**पञ्चकोलं कफानाहगुल्मशूलारुचीर्जयेत्॥**
**मरिचेभयुतं तत्तु षडूषणमुदाहृतम्॥२३॥**

पिप्ला, पिप्लाको जरा, चाभो, सुठो र चितुको सम्मिश्रणलाई पञ्चकोल भनिन्छ । यसले कफविकार, आनाह, गुल्म, शूल र अरुची नाश गर्दछ । माथिको मिश्रण (पञ्चकोल) मा मरिच मिसाएपछि त्यो षडूषण हुन्छ ।

## सुप (शतपुष्पा)

**शतपुष्पा शतव्योषा शताह्वा कारवी मिशिः ।**
सङ्कलन : मोहन प्रसाद सपकोटा
**अवाक्पुष्पी त्वचिच्छत्रा शेतिका मागधी परा॥२४॥**

शतपुष्पा, शतव्योषा, शताह्वा, कारवी, मिशि, अवाक्पुष्पी र त्वचिच्छत्रा : यी सुपका संस्कृत पर्यायवाची नामहरू हुन् । अर्को थरी सुपका शेतिका र मागधी संस्कृत पर्यायवाची नामहरू हुन् ।

**शतपुष्पा लघुस्तीक्ष्णा पित्तकृद्दीपनी कटुः ।**
**उष्णा ज्वरानिलश्लेष्मव्रणशूलाक्षिरोगजित्॥**
**शेतिका तद्गुणा प्रोक्ता विशेषाद्योनिशूलनुत्॥२५॥**

सुप पचाउन सहज, तिक्खर, पित्तविकार गर्ने, पिरो, गर्मी गर्ने तथा जरो, वातविकार, कफविकार, घाउखटिरा, शूल र आँखाका रोग नाशक हुन्छ । अर्को थरी सुपमा पनि यी गुण हुन्छन् । यसमा विशेषतः योनिशूल नाश गर्ने गुण हुन्छ ।

## बनसुप (मिश्रेया)

**मिश्रेया मिशिशालीनौ शाली शीतशिवा मता ।**
**मिश्रेया दीपनी हृद्या बद्धविट् कृमिशुक्रनुत्॥**
**रूक्षोष्णा तत्फलं कासवमिश्लेष्मानिलाञ्जयेत्॥२६॥**

मिश्रेया, मिशि, शालीन, शाली र शीतशिवा : यी बनसुपका संस्कृत पर्यायवाची नामहरू हुन् । यो दीपनी, मुटुका लागि हितकर, कब्जियत गर्ने तथा कीरा र शुक्र-रोग नाशक हुन्छ । बनसुप रुखो र गर्मी गर्ने गुणको हुन्छ । यसको फलले खोकी, वाकवाकी, कफविकार, र पित्तविकार माथि विजय प्राप्त गर्दछ ।

## मेथी र बनमेथी (मेथिका)

**मेथिका बस्तिका शेलुरोहित्यौ वनमेथिका ।**
**रोहित्योऽल्पगुणस्तस्माद्वाजिनां स तु पूजितः ॥२७॥**

मेथिका, बस्तिका र शेलु : यी मेथीका तथा रोहिती र वनमेथिका : यी वनमेथीका संस्कृत पर्यायवाची नामहरू हुन् । मेथीमा भन्दा वनमेथीमा कम गुण हुन्छन् । यो विशेषतः घोडाका लागि हितकर हुन्छ ।

## अजमोदा

**अजमोदाऽत्युग्रगन्धा मोदा हस्तिमयूरकः ।**
**खराह्वा कारवी वल्ली बस्तमोदा च मर्कटः ॥२८॥**
**अजमोदा कटुस्तीक्ष्णा दीपनी कफवातनुत् ।**
**उष्णा विदाहिनी हृद्या वृष्या बद्धमला लघुः ॥**
**नेत्रामयक्रिमिच्छर्दिसिध्मवस्तिरुजो जयेत् ॥२९॥**

अजमोदा, अत्युग्रगन्धा, मोदा, हस्तिमयूरक, खराह्वा, कारवी, वल्ली, बस्तमोदा र मर्कट : यी अजमोदाका संस्कृत पर्यायवाची नामहरू हुन् । अजमोदा पिरो, तिक्खर र दीपनी हुन्छ । यसले कफविकार र वातविकार नाश गर्दछ । यो गर्मी गर्ने, विदाही, मुटुका लागि हितकर, वीर्यवर्धक, दिसा कस्ने र पचाउन सहज हुने गुणको हुन्छ । यसले आँखाका रोग, कीरा, वाकवाकी, दुबी र तल्लो पेटका रोगमाथि विजय प्राप्त गर्दछ ।

## जिरा

**जीरकं दीर्घकं शुक्लमजाजी कणजीरकम् ।**
**जीरकं जरणं कृष्णं वर्षाकालसुगन्धिकम् ॥३०॥**
**कलिका बाष्पिका कुञ्चिः कारवी चोपकुञ्चिका ।**
**पृथ्वीका सुषवी पृथ्वी स्थूलाजाज्युपकालिका ॥३१॥**

जीरक, दीर्घक, शुक्ल, अजाजी र कणजीरक सेतो जिराका; जीरक, जरण, कृष्ण, वर्षाकाल र सुगन्धिक कालोजिराका तथा कलिका, बाष्पिका, कुञ्चि, कारवी, उपकुञ्चिका, पृथ्वीका, सुषवी, पृथ्वी, स्थूलाजाजी र उपकालिका कलौंजीका संस्कृत पर्यायवाची नामहरू हुन् ।

**जीरकात्रितयं रूक्षं कटूष्णं दीपनं लघु ।**
**सङ्ग्राहि पित्तलं मेध्यं गर्भाशयविशुद्धिकृत् ॥**
**चक्षुष्यं पवनाध्मानगुल्मच्छर्दिबलासजित् ॥३२॥**

तीनै थरी जिरा रुखा, पिरा, गर्मी गर्ने, दीपनी, पचाउन सहज, ग्राही, पित्तविकार गर्ने, दिमागको ग्रहण गर्ने क्षमता बढाउने, गर्भाशय प्रशोधक र आँखाका लागि हितकर हुन्छन् । यिनले वातविकार, आध्मान, गुल्म, वाकवाकी र कफविकार माथि विजय प्राप्त गर्दछन् ।

## ज्वानु (यवानी)

**यवानी दीप्यको दीप्यो दीपनीया यवानिका ।**
**यवसाहोग्रगन्धा स्याद्यवाह्वा भूकदम्बकः ॥३३॥**
**जवानी पाचनी रुच्या तीक्ष्णोष्णा कटुका लघुः ।**
**वातश्लेष्मोदरानाहगुल्मशूलक्रिमीञ्जयेत् ॥३४॥**

यवानी, दीप्यक, दीप्य, दीपनीया, यवानिका, यवसाहा, उग्रगन्धा, यवाह्वा र भूकदम्बक : यी ज्वानुका संस्कृत पर्यायवाची नामहरू हुन् । ज्वानु पाचनी, रुचिकर, तिक्खर, गर्मी गर्ने, पिरो र पचाउन सहज हुन्छ । यसले वातविकार, कफविकार, पेटका रोग, आनाह, गुल्म, शूल र कीरामाथि विजय प्राप्त गर्दछ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

## पारसीक ज्वानु (चौहार)

**यवानीया यवानी स्याच्चौहारो जन्तुनाशनः ।**
**चौहारस्तद्गुणः प्रोक्तो विशेषात्कृमिनाशनः ॥३५॥**

यवानीया, यवानी, चौहार र जन्तुनाशन : यी पारसीक ज्वानुका संस्कृत पर्यायवाची नामहरू हुन् । यसमा ज्वानुकै गुण हुन्छन् । विशेष गरी यसले कीरा नाश गर्दछ ।

## बाबरी (अजगन्धा)

**अजगन्धा पूतिकीटा वर्वरी पूतिवर्वरः ।**
**कारवी खरपुष्पा च तुङ्गी पूतिमयूरकः ॥३६॥**

अजगन्धा, पूतिकीटा, वर्वरी, पूतिवर्वर, कारवी, खरपुष्पा, तुङ्गी र पूतिमयूरक : यी बाबरीका संस्कृत पर्यायवाची नामहरू हुन् ।

**अजगन्धा कटुस्तीक्ष्णा रूक्षा हृद्याऽग्निवर्धिनी ।**
**दृष्टिमान्द्यप्रदा लघ्वी शुक्रवातकफापहा ॥३७॥**

बाबरी पिरो, तिक्खर, रुखो, मुटुका लागि हितकर, पाचकाग्नि वर्धक, दृष्टिक्षमता घटाउने, पचाउन सहज तथा शुक्र, वातविकार र कफविकार नाशक हुन्छ ।

## बोझो र पारसीक बोझो

**वचोग्रगन्धा गोलोमी षड्ग्रन्था जटिला मता ।**
**जटिला शतपर्वाऽन्या लोमशा हेमवत्यपि ॥३८॥**
**वचोष्णा कटुका तिक्ता वामनी स्वरवह्निकृत् ।**
**अपस्मारकफोन्मादभूतशूलानिलाञ्जयेत् ॥३९॥**

वचा, उग्रगन्धा, गोलोमी, षड्ग्रन्था र जटिला : यी बोजोका तथा जटिला, शतपर्वा, लोमशा र हेमवति : यी पारसीक बोझोका संस्कृत पर्यायवाची नामहरू हुन् । बोझो गर्मीगर्ने, पिरो, तीतो, बान्ता गराउने, स्वर खुलाउने र पाचकाग्नि बढाउने गुणको हुन्छ । यसले छारेरोग, कफविकार, पागलपन, भूतबाधा, शूल र वातविकार नाश गर्दछ ।

## हपुषा

**हपुषा वपुषा विश्वा विगन्धा विश्वगन्धिका ।**
सङ्कलन : मोहन प्रसाद सपकोटा
**हपुषा दीपनी तिक्ता कटूष्णा तुवरा गुरुः ॥**
**पित्तोदरसमीरार्शोग्रहणीशोफगुल्मजित् ॥४०॥**

हपुषा, वपुषा, विश्वा, विगन्धा र विश्वगन्धिका : यी हपुषाका संस्कृत पर्यायवाची नामहरू हुन् । यो दीपनी, तीतो, पिरो, गर्मी गर्ने, टर्रो र पचाउन कठिन हुने गुणको हुन्छ । यसले पित्तविकार, पेटका रोग, वातविकार, अल्काई, ग्रहणी, सुजन र गुल्ममाथि विजय प्राप्त गर्दछ ।

## वायुविडङ्ग

**विडङ्गं जन्तुहननं कृमिघ्नं क्षुद्रतण्डुलाः ।**
**भूतघ्नी तण्डुला घोषा कराला मृगगामिनी ॥४१॥**
**विडङ्गं कटु तिक्तोष्णं रूक्षं वह्निकरं लघु ।**
**गुल्माध्मानोदरश्लेष्मकृमिवातविबन्धनुत् ॥४२॥**

विडङ्ग, जन्तुहनन, कृमिघ्न, क्षुद्रतण्डुला, भूतघ्नी, तण्डुला, घोषा, कराला र मृगगामिनी : यी वायुविडङ्गका संस्कृत पर्यायवाची नामहरू हुन् । वायुविडङ्ग पिरो, तीतो, गर्मी गर्ने, रुखो, जठराग्नि वर्धक र पचाउन हलुका हुन्छ । यसले गुल्म, आध्मान, पेटका रोग, कफविकार, कीरा, वातविकार र विबन्ध नाश गर्दछ ।

## धांनेयाँ (धान्यक)

**धान्याकं धान्यकं धान्यं धानेयं च वितुन्नकम् ।**
**कुस्तुम्बुरु तदार्द्रं तु धानी धानेयकालुकाः ॥४३॥**
**धान्यकं तुवरं स्निग्धमवृष्यं मूत्रलं लघु ।**
**हृद्यं रुच्यं बद्धविट्कं स्वादु पाके त्रिदोषनुत् ॥४४॥**
**पाचनं श्वासकासास्रतृष्णामार्शः कृमीञ्जयेत् ।**
**आर्द्रीका तद्गुणा स्वादुर्विशेषात्पित्तनाशिनी ॥४५॥**

धान्याक, धान्यक, धान्य, धानेय, वितुन्नक र कुस्तुम्बुरु : यी धनियाँका तथा धानी, धानेय र कालुका : यी ताजा धनियाँका संस्कृत पर्यायवाची नामहरू हुन् । धनियाँ टर्रो, चिल्लो, वीर्य नबढाउने, पिसाब लगाउने, पचाउन सहज, मुटुका लागि हितकर, रुचि जगाउने, दिसा कस्ने, पचेपछि स्वादिलो र त्रिदोष नाशक गुणको हुन्छ । यो पाचनी हुन्छ । यसले दम, खोकी, रक्तविकार, तिर्खारोग, अल्काई र कीरा माथि विजय प्राप्त गर्दछ । ताजा धनियाँमा पनि यिनै गुण हुन्छन् । यो स्वादिलो हुन्छ र विशेषतः यसले पित्तविकार नाश गर्दछ ।

## हिङ्गुपत्री

**हिङ्गुपत्री पृथुस्तन्वी पृथ्वीका चारुपत्रिका ।**
**बाष्पिका कारवी तन्वी बिल्विका दीर्घिका तथा ॥४६॥**
**हिङ्गुपत्री परा वेणुपत्री हिङ्गुशिवाटिका ।**
**जन्तुका रामठी नाडी पिण्डा हिङ्गुफला मता ॥४७॥**

हिङ्गुपत्री, पृथुस्तन्वी, पृथ्वीका, चारुपत्रिका, बाष्पिका, कारवी, तन्वी, बिल्विका र दीर्घिका : यी जिम्बुका संस्कृत पर्यायवाची नामहरू हुन् । हिङ्गुपत्री, वेणुपत्री, हिङ्गुशिवाटिका, जन्तुका, रामठी, नाडी, पिण्डा र हिङ्गुफला : यी अर्को थरी जिम्बुका संस्कृत पर्यायवाची नामहरू हुन् ।

**हिङ्गुपत्रीद्वयं हृद्यं तीक्ष्णोष्णं पाचनं लघु ।**
**हृद्बस्तिरुग्विबन्धार्शः श्लेष्मगुल्मानिलापहम् ॥४८॥**

दुवै थरी जिम्बु मुटुका लागि फाइदाजनक, तिक्खर, गर्मी गर्ने, पाचनी र पचाउन हलुका हुन्छन् । यिनले मुटुका रोग, तल्लोपेटका रोग, कब्जियत, अल्काई, कफविकार, गुल्म र वातविकार नाश गर्दछन् ।

## हिङ (हिङ्गु)

**हिङ्गु बाह्लीकमत्युग्रं रामठं भूतनाशनम् ।**
**अगूढगन्धा जरणं जन्तुघ्नं सूपभूषणम् ॥४९॥**
**हिङ्गूष्णं पाचनं रुच्यं तीक्ष्णोष्णं कफवातनुत् ।**

**शूलगुल्मोदरानाहकृमिघ्नं पित्तवर्धनम् ॥५०॥**

हिङ्गु, बाह्लीक, अत्युग्र, रामठ, भूतनाशन, अगूढगन्धा, जरण, जन्तुघ्न र सूपभूषण : यी हिङका संस्कृत पर्यायवाची नामहरू हुन् । हिङले गर्मी गर्दछ । यो पाचनी, रुचिकर, तिक्खर तथा कफविकार र वातविकार नाशक हुन्छ । यसले शूल, गुल्म, पेटका रोग, आनाह र कीरा माथि जित हासिल गर्दछ तथा पित्तविकार बढाउँदछ ।

## वंशलोचन

**वंशजा वैणवी क्षीरी त्वक्क्षीरी वंशरोचना ।**
**तुगाक्षीरी तुगा वंशी वंशक्षीरी शुभा सिता ॥५१॥**
**वंशजा बृंहणी वृष्या शीतला मधुरा जयेत् ।**
**तृष्णाक्षयज्वरश्वासकासपित्तास्रकामलाः ॥५२॥**

वंशजा, वैणवी, क्षीरी, त्वक्क्षीरी, वंशरोचना, तुगाक्षीरी, तुगा, वंशी, वंशक्षीरी, शुभा र सिता : यी वंशलोचनका संस्कृत पर्यायवाची नामहरू हुन् । वंशलोचन पौष्टिक, वीर्यवर्धक, शीतल गर्ने र मिठो स्वादको हुन्छ । यसले तिर्खारोग, क्षयरोग, जरो, दम, खोकी, पित्तविकार, रक्तविकार र कमलपित्त माथि विजय प्राप्त गर्दछ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

## सिधेनुन

**सैन्धवं सिन्धुजं शुद्धं माणिमन्थं पटूत्तमम् ।**
**सैन्धवं मधुरं हृद्यं दीपनं शीतलं लघु ॥**
**चक्षुष्यं पाचनं स्निग्धं वृष्यं दोषत्रयापहम् ॥५३॥**

सैन्धव, सिन्धुज, शुद्ध, माणिमन्थ र पटूत्तम : यी सिँधेनुनका संस्कृत पर्यायवाची नामहरू हुन् । यो नुन मिठो, मुटुका लागि हितकर, दीपनी, शीतल गर्ने, पचाउन हलुका, आँखाका लागि फाइदाजनक, पाचनी, चिल्लो, वीर्यवर्धक र त्रिदोषनाशक हुन्छ ।

## सौंचर नुन

**सौवर्चलं सुगन्धाख्यं रुच्यकं हृद्यगन्धकम् ।**
**सौवर्चलं वह्निकरं कटूष्णं विशदं लघु ॥**
**उद्गारशुद्धिदं सूक्ष्मं विबन्धानाहशूलजित् ॥५४॥**

सौवर्चल, सुगन्धाख्य, रुच्यक र हृद्यगन्धक : यी सौंचर नुनका संस्कृत पर्यायवाची नामहरू हुन् । यो नुनले जठराग्निलाई बाल्दछ । यो पिरो हुन्छ । यसले गर्मी गर्दछ । यो मनमोहक र पचाउन सहज हुन्छ । यसले डकारलाई शुद्ध बनाउँदछ । यो सूक्ष्म हुन्छ । यसले विबन्ध, आनाह र शूलमाथि विजय प्राप्त गर्दछ ।

## बिरे नुन

**बिडं कृत्रिमकं पाक्यं धूर्तं द्राविडमासुरम् ।**
**बिडं लघूष्णं विष्टम्भि शूलहृद्गौरवारुचिः ॥**
**हन्त्यानाहकफौ शूलमधोवातानुलोमनम् ॥५५॥**

बिड, कृत्रिमक, पाक्य, धूर्त, द्राविड र आसुर : यी बिरे नुनका संस्कृत पर्यायवाची नामहरू हुन् । यो नुन पचाउन सहज, गर्मी गर्ने, कब्जियत गर्ने तथा शूल, भारीपन, अरुचि, आनाह, कफविकार र शूल नाशक हुन्छ । यसले कफलाई माथितिर र वातविकारलाई तलतिर हिँडाउँदछ (अधोवात अनुलोमन) ।

## समुद्री नुन

**सामुद्रं वारिसम्भूतमक्षीवं चासुरं तथा ।**
**सामुद्रं दीपनं स्वादु नात्युष्णं भेदनं कटु ॥**
**श्लेष्मलं वातनुत्तिक्तमरूक्षं नातिपित्तलम् ॥५६॥**

सामुद्र, वारिसम्भूत, अक्षीव र आसुर : यी समुद्री नुनका संस्कृत पर्यायवाची नामहरू हुन् । सामुद्री नुन दीपनी, स्वादिलो, धेरै गर्मी नगर्ने, भेदनी र पिरो हुन्छ । यसले कफविकार गर्दछ र वातविकार नास्दछ । यो तीतो हुन्छ र रुखो हुँदैन । यसले धेरै पित्तविकार पनि गर्दैन ।

## माटे नुन

**औद्भिदं भूमिजं भौमं पार्थिवं पृथिवीभवम् ।**
**औद्भिदं रक्तलं सूक्ष्मं लघु वातानुलोमनम् ॥५७॥**

औद्भिद, भूमिज, भौम, पार्थिव र पृथिवीभव : यी माटे नुनका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले रगत बढाउँदछ । यो सूक्ष्म, पचाउन हलुका र वातविकारलाई तलतिर सार्ने गुणको हुन्छ ।

## साबरी नुन

**गण्डाख्यं रोमलवणं रोम शाकम्भरीभवम् ।**
**गण्डाख्यं लघु वातघ्नमत्युष्णं भेदि मूत्रलम् ॥५८॥**

गण्डाख्य, रोमलवण, रोम र शाकम्भरीभव : यी साबरी नुनका संस्कृत पर्यायवाची नामहरू हुन् । यो पचाउन सहज, वातविकार नाशक, धेरै गर्मी गर्ने, भेदनी र पिसाब लगाउने गुणको हुन्छ ।

## पाँगेनुन (क्षार)

**क्षारं पांसुभवं त्वौषमौषरं पांसवं वसु ।**
**क्षारं गुरु कटु स्निग्धं श्लेष्मलं वातनाशनम् ॥५९॥**

क्षार, पांसुभव, औष, औषर, पांसव र वसु यी पँगेनुनका संस्कृत पर्यायवाची नामहरू हुन् । यो पचाउन कठिन, पिरो, चिल्लो, कफविकार गर्ने र वातविकार नाश गर्ने गुणको हुन्छ ।

## काँचे नुन (काचलवण)

**काचं त्रिकूटं पाक्याह्वं लवणं काचसम्भवम् । काचं दीपनमत्युष्णं रक्तपित्तविवर्द्धनम् ॥६०॥**

काच, त्रिकूट, पाक्याह्व, लवण र काचसम्भव : यी काँचेनुनका संस्कृत पर्यायवाची नामहरू हुन् । यो दीपनी, धेरै गर्मी गर्ने र रक्तपित्त बढाउने गुणको हुन्छ ।

## जवाखार (यवक्षार), सज्जिखार (स्वर्जिक्षार)

**यवक्षारः शूकपाक्यो यावशूको यवाग्रजः ।**
**स्वर्जिका स्वर्जिकापाक्यः सुखपाक्यः सुवर्चिका ॥६१॥**

यवक्षार, शूकपाक्य, यावशूक र यवाग्रज : यी जवाखारका तथा स्वर्जिका, स्वर्जिकापाक्य, सुखपाक्य र सुवर्चिका : यी सज्जिखारका संस्कृत पर्यायवाची नामहरू हुन् ।

**यवक्षारोऽग्निकृद्वातश्लेष्मश्वासगलामयान् ।**
**आमार्शोग्रहणीगुल्मयकृत्प्लीहरुजो जयेत् ॥६२॥**
**स्वर्जिकाऽल्पगुणा तस्माद्विशेषाद्गुल्मशूलजित् ॥६३॥**

जवाखारले पाचकाग्नि बाल्दछ तथा वातविकार, कफविकार, दम, घाँटीका रोग, आमविकार, अल्काई, ग्रहणी, गुल्म, कलेजोका रोग र फियोका रोग माथि विजय प्राप्त गर्दछ । सज्जिखारमा योभन्दा कम गुण हुन्छ । विशेष गरी यसले गुल्म र शूल नाश गर्दछ ।

## सुहागा (टङ्कण)

**टङ्कणो मालतीजातो द्रावी लोहविशुद्धिदः । टङ्कणोऽग्निकरो रूक्षः कफघ्नो वातपित्तजित् ॥६४॥**

टङ्कण, मालतीजात, द्रावी र लोहविशुद्धिद : यी सुहागाका संस्कृत पर्यायवाची नामहरू हुन् । सुहागा पाचकाग्नि वर्धक, रुखो, कफनाशक तथा वातविकार र पित्तविकार माथि जित हासिल गर्ने गुणको हुन्छ ।

## चुनको क्षार (सुधाक्षार)

**सुधाह्वयं सुधा सौधभूषणं कटुशर्करा । सुधाक्षारोऽग्निसङ्काशः पाकी क्लेदी विदारणः ॥६५॥**

सुधाह्वय, सुधा, सौधभूषण र कटुशर्करा : यी चुनको क्षारका संस्कृत पर्यायवाची नामहरू हुन् । यो जठराग्नि वर्धक हुन्छ । यसले (घाउ आदि) पकाउने, पसिना निकाल्ने र फोर्ने काम गर्दछ ।

## सबै क्षारका गुण

**पलाशतिलनालश्वदंष्ट्रकाकदलीभवाः । अपमार्गार्कसेहुण्डमोक्षकादिसमुद्भवाः ॥६६॥**

पलाँस, तिलको बोट, गोखरु, केराबाट निकालिने वा दतिवन, आँक, सिउँडी, लोधविशेष आदिबाट निकालिने सबै...

**क्षारा वह्निसमाः सर्वे पाचना भेदिदारुणाः । लघवः क्लेदिनस्तीक्ष्णाः शुक्रला दृष्टिनाशनाः ॥६७॥**

क्षार अग्निसमान हुन्छन् । यी सबै पाचनी, भेदी, फोर्ने गुणका, पचाउन सहज, पसिना निकाल्ने, तिक्खर, शुक्रवर्धक र दृष्टिक्षमता नाशक हुन्छन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

**रक्तपित्तकरा घ्नन्ति विबन्धानाहपीनसान् । यकृत्प्लीहबलासामगुल्मार्शोग्रहणीकृमीन् ॥६८॥**

क्षारले रक्तपित्त गर्दछ तथा विबन्ध, आनाह, पिनास, कलेजोका रोग, फियोका रोग, कफविकार, आमविकार, गुल्म, अल्काई, ग्रहणी र कीरा नाश गर्दछ ।

## उपसंहार

**यो राज्ञां मुखतिलकः कटारमल्ल स्तेन श्रीमदननृपेण निर्मितेऽत्र ।**
**ग्रन्थेऽभून्मदनविनोदनाम्नि पूर्णः शुण्ठ्यादिः खलु भिषजां हिताय वर्गः ॥६९॥**

राजामा सर्वश्रेष्ठ राजा कटारमल्ल अर्थात् मदनराजाले रचना गरेको मदनविनोद नामको यस ग्रन्थमा वैद्यका हितका लागि लेखिएको शुण्ठ्यादि वर्ग समाप्त भयो ।

**॥ इति श्रीमदनपालविरचिते मदनविनोदे (मदनपालनिघण्टौ) शुण्ठ्यादिवर्गः द्वितीयः ॥२॥**

॥ मदनपालले लेखेको मदनविनोद (मदनपाल निघण्टु) मा रहेको दोश्रो शुण्ठ्यादि वर्गको
मोहन प्रसाद सापकोटाद्वारा नेपालीमा गरिएको भावानुवाद सकिएको छ ॥२॥

## ॥ कर्पूरादिवर्गः ॥

## (प्रार्थना)

**आरोप्य पाणौ नववल्लवीभिर्बालं विनोदात्परिचुम्बितास्यम् ।**
**ओष्ठं पिबन्तं प्रतिबद्धदन्तमाश्चर्ययुक्तं हरिमाश्रयामि ॥१॥**

नयाँ नयाँ गोपिनीहरूले दुई हातले च्याप्प समाएर आनन्दले मुख र ओठमा म्वाइ खाँदा आश्चर्य मानिरहेका टम्म मिलेका दाँत भएका बालक हरिका म शरणमा पर्दछु ।

## कपुर (कर्पूर)

**कर्पूरः स्फटिकश्चन्द्रः सिताभ्रो हिमवालुकः ।**
**हिमोपलः शीतरजो भूतिकस्तु हिमाह्वयः ॥**
**हिमाभ्रो घनसारश्च चन्द्राह्वश्चापि गीयते ॥२॥**

कर्पूर, स्फटिक, चन्द्र, सिताभ्र, हिमवालुक, हिमोपल, शीतरज, भूतिक, हिमाह्वय, हिमाभ्र, घनसार र चन्द्राह्व : यी कपुरका संस्कृत पर्यायवाची नामहरू हुन् ।

सङ्कलन : मोहन प्रसाद सपकोटा

**कर्पूरः शीतलो वृष्यश्चक्षुष्यो लेखनो लघुः ।**
**कफदाहास्यवैरस्यमेदः शोथविषापहः ॥३॥**

कपुरले शीतल गर्दछ । यो वीर्यवर्धक, आँखाका लागि हितकर, लेखनी, पचाउन सहज तथा कफविकार, डाह, मुखको निरसता, बोसोविकार, सुजन र विषविकार नाशक हुन्छ ।

## कस्तूरी, लताकस्तूरी

**कस्तूरिका मृगमदो वेदमुख्या मृगाण्डजः ।**
**मृगनाभिरथान्या स्याल्लताकस्तूरिका मता ॥४॥**

कस्तूरिका, मृगमद, वेदमुख्या, मृगाण्डज र मृगनाभि : यी कस्तूरीका संस्कृत पर्यायवाची नामहरू हुन् । अर्को थरी कस्तूरीलाई लताकस्तूरी भनिन्छ ।

**कस्तूरी शुक्रला गुर्वी कटुका कफशीतजित् ।**
**उष्णा हन्ति विषच्छर्दिशोफदौर्गन्ध्यमारुतान् ॥५॥**

कस्तूरीले शुक्र बढाउँदछ । यो पचाउन कठिन र पिरो हुन्छ । यसले कफविकार र चिसो लागेको ठिक गर्दछ

तथा गर्मी गर्दछ । कस्तूरीले विषविकार, वाकवाकी, सुजन, शरीरको दुर्गन्ध र वातविकार नाश गर्दछ ।

**लताकस्तूरिका तद्वन्नेत्र्या शीता लघुस्तथा ॥६॥**

लताकस्तूरीमा पनि कस्तूरीकै गुण हुन्छन् । विशेषतः यो आँखाका लागि हितकर, शीतल गर्ने र पचाउन हलुका हुने गुणको हुन्छ ।

## गन्धमार्जारवीर्य (मार्जारी)

**मार्जारी पूतिका पूतिवचा स्याद्गन्धचेलिका ।**
**मार्जारी वान्तिमाधत्ते चक्षुष्या कफवातजित् ॥७॥**

मार्जारी, पूतिका, पूतिवचा र गन्धचेलिका : यी गन्धमार्जारवीर्यका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले वाकवाकी लगाउँदछ । यो आँखाका लागि फाइदाजनक तथा कफविकार र वातविकार माथि जित हासिल गर्ने गुणको हुन्छ ।

## सेतो चन्दन

**चन्दनं तिलपर्णं स्यान्महार्हं श्वेतचन्दनम् ।**
सङ्कलन : मोहन प्रसाद सपकोटा
**भद्रश्रियं मलयजं गोशीर्षं गन्धसारकम् ॥८॥**

चन्दन, तिलपर्ण, महार्ह श्वेतचन्दन, भद्रश्रिय, मलयज, गोशीर्ष र गन्धसारक : यी चन्दनका वा सेतोचन्दनका संस्कृत पर्यायवाची नामहरू हुन् ।

**चन्दनं शीतलं रूक्षं तिक्तमाह्लादनं लघु ।**
**हृद्यं वर्ण्यं विषश्लेष्मतृष्णापित्तास्रदाहजित् ॥९॥**

सेतो चन्दनले शीतल गर्दछ । यो रुखो, तीतो, आनन्ददायक, पचाउन सहज, मुटुका लागि लाभदायक, वर्णमा निखार लेराउने तथा विषविकार, कफविकार, तिर्खारोग, पित्तविकार, रक्तविकार र डाहमाथि विजय प्राप्त गर्ने गुणको हुन्छ ।

## रक्तचन्दन

**रक्तचन्दनमुद्दिष्टं लोहितं क्षुद्रचन्दनम् ।**
**ताम्रसारं रक्तसारं ज्योतिः सोमं च रञ्जनम् ॥१०॥**

रक्तचन्दन, उद्दिष्ट, लोहित, क्षुद्रचन्दन, ताम्रसार, रक्तसार, ज्योतिः सोम र रञ्जन : यी रक्तचन्दनका संस्कृत पर्यायवाची नामहरू हुन् ।

**रक्तं शीतं गुरु स्वादु च्छर्दितृष्णास्रपित्तनुत् ।**
**तिक्तं नेत्रहितं वृष्यं ज्वरघ्नं च विषापहम् ॥११॥**

रक्तचन्दनले शीतल गर्दछ । यो रुखो, पचाउन कठिन, स्वादिलो तथा वाकवाकी, तिर्खारोग, रक्तविकार र पित्तविकार नाशक हुन्छ । यो तीतो, आँखाका लागि लाभकर, वीर्यवर्धक, जरो नाशक र विषविकार नाशक हुन्छ ।

## पहेँलो चन्दन (कालीयक)

**कालीयकं पीतसारं पीतं नारायणप्रियम् ।**
**कालीयकं रक्तगुणं विशेषात्पवनापहम् ॥१२॥**

कालीयक, पीतसार, पीत र नारायणप्रिय : यी पहेँलो चन्दनका संस्कृत पर्यायवाची नामहरू हुन् । यसमा रातोचन्दनकै गुण हुन्छन् । विशेषतः यसले वातविकार नाश गर्दछ ।

## कालो अगर

**कृष्णागुरु स्यादगुरु राजार्हं विश्वरूपकम् ।**
सङ्कलन : मोहन प्रसाद सपकोटा
**जोङ्गकं शीतमलिनं कृमिजघ्नमनरक्तकम् ॥**
**कृष्णागुरूष्णं कर्णाक्षिरोगनुत्पित्तलं लघु ॥१३॥**

कृष्णागुरु, अगुरु, राजार्ह, विश्वरूपक, जोङ्गक, शीतमलिन, कृमिजघ्न र अनरक्तक : यी कालो अगरका संस्कृत पर्यायवाची नामहरू हुन् । यो गर्मी गर्ने तथा कान र आँखाका रोग नाशक हुन्छ । यसले पित्तविकार गर्दछ । यो पचाउन हलुका हुन्छ ।

## केसर (कुङ्कुम)

**कुङ्कुमं चारु बाह्लीकं वर्ण्यमग्निशिखं वरम् ।**
**काश्मीरं पीतमभ्राह्वं सङ्कोचं पिशुनांशुकम् ॥१४॥**

कुङ्कुम, चारु, बाह्लीक, वर्ण्य, अग्निशिख, वर, काश्मीर, पीत, अभ्राह्व, सङ्कोच, पिशुन र अंशुक : यी केसरका संस्कृत पर्यायवाची नामहरू हुन् ।

**कुङ्कुमं कटुकं सिध्मशिरोरुग्व्रणजन्तुजित् ।**
**उष्णं हास्यकरं बल्यं व्यङ्गदोषत्रयापहम् ॥१५॥**

केसर पिरो हुन्छ । यसले दुबो, टाउकाका रोग, घाउखटिरा र कीरामाथि जित हासिल गर्दछ । यसले गर्मी गर्दछ । यो हर्ष प्रदायक, बलदायक तथा व्यङ्गरोग र त्रिदोष नाशक हुन्छ ।

## शिलारस (सिह्लक)

**सिह्लकः कपिजो धूम्रस्तुरुष्कः पिण्डितः कपिः ।**
**सिह्लकः कुष्ठकण्डूघ्नः स्निग्धोष्णः शुक्रकान्तिकृत् ॥१६॥**

सिह्लक, कपिज, धूम्र, तुरुष्क, पिण्डित र कपि : यी शिलारसका संस्कृत पर्यायवाची नामहरू हुन् । शिलारसले कुष्ठ र लुतो नाश गर्दछ । यो चिल्लो हुन्छ । यसले गर्मी गर्नुका साथै शुक्र र कान्ति समेत बढाउँदछ ।

## सिलटिमुर (एलवालुक)

**एलावालुकमेल्वालु वालुकं हरिवालुकम् ।**
**एल्वालु शीतलं हन्ति कण्डूकुष्ठकफक्रिमीन् ॥**
**तृट्छर्दिकफपित्तास्रहन्मूत्रगदजिल्लघु ॥१७॥**

एलावालुक, एल्वालु, वालुक र हरिवालुक : यी सिलटिमुरका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले शीतल गर्दछ तथा लुतो, कुष्ठ, कफविकार र कीरा नाश गर्दछ । यसले तिर्खारोग, वाकवाकी, कफविकार, पित्तविकार, रक्तविकार, मुटुका रोग र पिसाबका रोगमाथि विजय प्राप्त गर्दछ । यो पचाउन हलुका हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सपकोटा

## जाइफल (जातीफल)

**जातीफलं जातिसृतं शालूकं मालतीसुतम् ।**
**जातीफलं लघु स्वर्यं हृद्यं दीपनपाचनम् ॥१८॥**

जातीफल, जातिसृत, शालूक र मालतीसुत : यी जाइफलका संस्कृत पर्यायवाची नामहरू हुन् । जाइफल पचाउन सहज, स्वरका लागि हितकर, मुटुका लागि लाभकर, दीपनी र पाचनी हुन्छ ।

**उष्णं कफानिलच्छर्दिकृमिपीनसकासजित् ॥१९॥**

जाइफलले गर्मी गर्दछ तथा कफविकार, वातविकार, वाकवाकी, कीरा, पिनास र खोकीमाथि जित हासिल गर्दछ ।

## जाइपत्री

**जातीपत्री जातिपर्णा मालतीपत्रिका तथा ।**
**जातीपत्री लघूष्णा स्यात्कफक्रिमिविषापहा ॥२०॥**

जातीपत्री, जातिपर्णा र मालतीपत्रिका : यी जाइपत्रीका संस्कृत पर्यायवाची नामहरू हुन् । जाइपत्री पचाउन हलुका, गर्मी गर्ने तथा कफविकार, कीरा र विषविकार नाश गर्ने गुणको हुन्छ ।

## ल्वाङ (लवङ्ग)

**लवङ्गं शिखरं दिव्यं लवं चन्दनपुष्पकम् ।**
**श्रीपुष्पं देवकुसुमं भृङ्गारं वारिसम्भवम् ॥२१॥**

लवङ्ग, शिखर, दिव्य, लव, चन्दनपुष्पक, श्रीपुष्प, देवकुसुम, भृङ्गार र वारिसम्भव : यी ल्वाङका संस्कृत पर्यायवाची नामहरू हुन् ।

**लवङ्गं लघु चक्षुष्यं हृद्यं दीपनपाचनम् ।**
**शूलानाहकफश्वासकासच्छर्दिक्षयापहम् ॥२२॥**

सङ्कलन : मोहन प्रसाद सापकोटा

ल्वाङ पचाउन सहज, आँखाका लागि हितकर, मुटुका लागि लाभदायक, दीपनी, पाचनी तथा शूल, आनाह, कफविकार, दम, खोकी, वाकवाकी र क्षयरोग नाशक हुन्छ ।

## फलकपुर (कङ्कोल)

**कङ्कोलं कटुकं कोलं मारीचं माधवोषितम् ।**
**कङ्कोलमुष्णं हृद्रोगकफवाताग्निमान्द्यजित् ॥२३॥**

कङ्कोल, कटुक, कोल, मारीच र माधवोषित : यी फलकपुरका संस्कृत पर्यायवाची नामहरू हुन् । फलकपुरले गर्मी गर्दछ । यसले मुटुका रोग, कफविकार, वातविकार र कमजार पाचनशक्ति हुने रोगलाई जित्दछ ।

## सुकुमेल (एला)

**एला त्रुटिश्चन्द्रवाला वहुला निष्कुटिस्त्विष ।**
**कपोतवर्णा सूक्ष्मैला कुनटी द्राविडी मता ॥**
**एला सूक्ष्मा कफश्वासकासार्शोमूत्रकृच्छनुत् ॥२४॥**

एला, त्रुटि, चन्द्रवाला, वहुला, निष्कुटि, त्विष, कपोतवर्णा, सूक्ष्मैला, कुनटी र द्राविडी : यी सुकुमेलका संस्कृत पर्यायवाची नामहरू हुन् । सुकुमेलले कफविकार, दम, खोकी, अल्काई र मूत्रकृच्छ्र रोगलाई नाश गर्दछ ।

## अलैंची (स्थूलैला)

**स्थूलैला त्रिपुटा कन्या भद्रैला त्रिदिवोद्भवा ।**
**स्थूलैला रोचनी तीक्ष्णा लघूष्णा कफपित्तजित् ॥२५॥**
**हृल्लासविषबस्त्यास्यशिरोरुग्वमिकासनुत् ॥२६॥**

स्थूलैला, त्रिपुटा, कन्या, भद्रा, एला, र त्रिदिवोद्भवा : यी अलैंचीका संस्कृत पर्यायवाची नामहरू हुन् । अलैंची रोचनी, तिक्खर, पचाउन सहज, गर्मी गर्ने तथा कफविकार र पित्तविकारलाई जित्ने गुणको हुन्छ । यसले हृल्लास, विषविकार, तल्लो पेटका रोग, मुखका रोग, टाउकाका रोग, वाकवाकी र खोकीलाई ठिक गर्दछ ।

## दालचिनी (त्वक्)

**त्वचं वराङ्गं सकलं त्वक्कोचं तनुकं वरम् ।**
**लाटपर्ण्यं घनं भृङ्ग गुरुत्वक् स्वर्णभूमिकम् ॥२७॥**

सङ्कलन : मोहन प्रसाद सपकोटा

त्वच, वराङ्ग, सकल, त्वक्कोच, तनुक, वर, लाटपर्ण्य, घन, भृङ्ग, गुरुत्वक् र स्वर्णभूमिक : यी दालचिनीका संस्कृत पर्यायवाची नामहरू हुन् ।

**त्वचं लघूष्णं कटुकं विषदं स्वादु पित्तलम् ।**
**हृद्बस्तिरोगवातार्शः पीनसक्रिमिशुक्रनुत् ॥२८॥**

दालचिनी पचाउन सहज, गर्मी गर्ने, पिरो, विष नाशक (विषं द्यति खण्डयतीति विषदम् । दो अवखण्डने धातु), स्वादिलो, पित्तविकार गर्ने तथा मुटुका रोग, तल्लोपेटका रोग, वातविकार, अल्काई, पिनास, कीरा र शुक्र नाशक हुन्छ ।

## तेजपात (तेजपत्र)

**पत्रं दलाह्वं तामूमं तमालं रोम रोमशम् ।**
**पत्रमुष्णं लघु श्लेष्महृल्लासार्शोऽनिलापहम् ॥२९॥**

पत्र, दलाह्व, तामूम, तमाल, रोम र रोमश : यी तेजपातका संस्कृत पर्यायवाची नामहरू हुन् । तेजपातले गर्मी गर्दछ । यो पचाउन हलुका हुन्छ । यसले कफविकार, हृल्लास, अल्काई र वातविकार नाश गर्दछ ।

## नागकेशर

**नागकेशरकं नागं चाम्पेयं केशरं गजम् ।**
**नागकेशरकं रूक्षमुष्णं लघ्वामपाचनम् ॥**
**दौर्गन्ध्यकुष्ठवीसर्पकफपित्तविषापहम् ॥३०॥**

नागकेशरक, नाग, चाम्पेय, केशर र गज : यी नागकेशरका संस्कृत पर्यायवाची नामहरू हुन् । यो रुखो, गर्मी गर्ने, पचाउन सहज, आमलाई पचाउने तथा दुर्गन्ध, कुष्ठ, वीसर्प, कफविकार, पित्तविकार र विषविकार नाशक हुन्छ ।

## त्रिजात, चतुर्जात

**एलादित्रिभिरुद्दिष्टं त्रिजातं त्रिसुगन्धकम् ।**
**चतुर्जातं सनागं तद्द्वयं वातकफापहम् ॥३१॥**

अलैंची आदि तीन (अलैंची, दालचिनी र तेजपात) को मिश्रणणलाई त्रिजात वा त्रिसुगन्धक भनिन्छ । यसमा नागकेशर मिसाए पछि चतुर्जात हुन्छ । यी दुवै वातविकार र कफविकार नाशक हुन्छन् ।

सङ्कलन मोहन प्रसाद सापकोटा

## सुनपाती (तालीसपत्र)

**तालीसपत्रं तालीसं धात्रीपत्रं सकोदनम् ।**
**अपरं ग्रन्थिकापत्रं पत्राढ्यं तुलसीछदम् ॥३२॥**
**तालीसं लघु तीक्ष्णोष्णं श्वासकासकफानिलान् ।**
**निहन्ति रुच्यं गुल्मामवह्निमान्द्यक्षयामयान् ॥३३॥**

तालीसपत्र, तालीस, धात्रीपत्र, सकोदन, अपर, ग्रन्थिकापत्र, पत्राढ्य र तुलसीछद : यी सुनपातीका संस्कृत पर्यायवाची नामहरू हुन् । सुनपाती पचाउन सहज, तिक्खर, गर्मी गर्ने तथा दम, खोकी, कफविकार र वातविकार नाशक हुन्छ । यसले रुचि जगाउँदछ तथा गुल्म, आमविकार, कमजोर पाचनशक्ति हुने रोग र क्षयरोग नाश गर्दछ ।

## सल्लो (सरल ?)

**सरलो मदनश्चण्डो नमेरुः पीतवृक्षकः ।**
**सरलः कण्ठकर्णाक्षिगदघ्नोष्णो लघुः कटुः ॥३४॥**

सरल, मदन, चण्ड, नमेरु र पीतवृक्षक : यी सल्लोका संस्कृत पर्यायवाची नामहरू हुन् । सल्लोले घाँटी, कान र आँखाका रोग नाश गर्दछ । यसले गर्मी गर्दछ । यो पचाउन सहज र पिरो हुन्छ ।

## सल्लाको खोटो (श्रीवास)

**श्रीवासो वेष्टको दासी श्रीनिवासः कलिद्रुमः ।**
**श्रीवासः कफमूर्द्धाक्षिरोगवातहरः सरः ॥३५॥**

श्रीवास, वेष्टक, दासी, श्रीनिवास र कलिद्रुम : यी सल्लाको खोटोका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले कफविकार, टाउकाका रोग, आँखाका रोग र वातविकार नाश गर्दछ । यसले मलमूत्रलाई तलतिर सार्दछ ।

## सुगन्धबाल (वालक)

**वालकं वारि ह्रीबेर पिङ्गमाचमनं कचम् ।**
**उदीच्यं वज्रमन्थाह्वं वरिष्ठं गन्धमूलकम् ॥३६॥**
**वालकं शीतलं रूक्षं लघु दीपनपाचनम् ।**
**रक्तपित्तज्वरश्लेष्मदाहतृष्णाव्रणापहम् ॥३७॥**

वालक, वारि, ह्रीबेर, पिङ्ग, आचमन, कच, उदीच्य, वज्र, मन्थाह्व, वरिष्ठ र गन्धमूलक : यी सुगन्धबालका संस्कृत पर्यायवाची नामहरू हुन् । सुगन्धबालले शीतल गर्दछ । यो रुखो, पचाउन सहज, दीपनी, पाचनी तथा रक्तपित्त, जरो, कफविकार, डाह, तिर्खारोग र घाउखटिरा नाशक हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

## जटामसी (मांसी)

**मांसी जटा भूतकेशी क्रव्यादानलदं शिखा ।**
**कृष्णाऽन्या पूतनाकेशी गन्धमांसी पिशाचिका ॥**
**मांसी हिमा त्रिदोषास्रदाहवीसर्पकुष्ठजित् ॥३८॥**

मांसी, जटा, भूतकेशी, क्रव्याद, अनलद र शिखा : यी जटामसीका तथा कृष्णा, पूतनाकेशी, गन्धमांसी र पिशाचिका : यी सानो जटामसीका संस्कृत पर्यायवाची नामहरू हुन् । जटामासी शीतल गर्ने तथा त्रिदोष, रक्तविकार, डाह, वीसर्प र कुष्ठमाथि जित हासिल गर्ने गुणको हुन्छ ।

## खसखस (उशीर)

**उशीरमभयं सेव्यं वीरं वीरणमूलिका ।**
**उशीरं पाचनं शीतं स्तम्भनं कफपित्तजित् ॥**
**तृष्णास्रविषवीसर्पदाहकृच्छ्रव्रणापहम् ॥३९॥**

उशीर, अभय, सेव्य, वीर र वीरणमूलिका : यी खसखसका संस्कृत पर्यायवाची नामहरू हुन् । खसखस पाचनी, शीतल गर्ने, स्तम्भनी तथा कफविकार पित्तविकारलाई जित्ने गुणको हुन्छ । यसले तिर्खारोग,

रक्तविकार, विषविकार, विसर्प, डाह, कृच्छ्र र घाउखटिरा नाश गर्दछ ।

## शीतलचिनी (हरेणुका)

**रेणुका कपिला कौन्ती पाण्डुपत्री हरेणुका ।**
**रेणुका पित्तला मेध्या वह्निकृद्गर्भपातिनी ॥४०॥**

रेणुका, कपिला, कौन्ती, पाण्डुपत्री र हरेणुका : यी शीतलचिनीका संस्कृत पर्यायवाची नामहरू हुन् । शीतलचिनी पित्तविकार, दिमागको ग्रहण गर्ने क्षमता र पाचनशक्ति बढाउने गुणको हुन्छ । यसले गर्भपात गराउँदछ ।

## दयाँलो (प्रियङ्गु)

**प्रियङ्गुः फलिनी श्यामा कान्ताह्वा नन्दिनी लता ।**
**प्रियङ्गुः शीतला वान्तिदाहपित्तज्वरास्रजित् ॥**
**सुखकान्तिप्रजननी गात्रदौर्गन्ध्यनाशिनी ॥४१॥**

प्रियङ्गु, फलिनी, श्यामा, कान्ताह्वा, नन्दिनी र लता : यी दयाँलोका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले शीतल गर्नुका साथै वाकवाकी, डाह, पित्तज्वर र रक्तविकार माथि विजय हासिल गर्दछ । यसले सुख र कान्ति दिन्छ तथा शरीरको गन्ध हटाउँदछ ।

सङ्कलन : मोहन प्रसाद सपकोटा

## सेतो मोथेविशेष (परिपेल, वनमोथे)

**पारिपेलं प्लवं वन्यं शुकाह्वं परिपेलकम् ।**
**पारिपेलं हिमं कण्डूकुष्ठास्रकफपित्तजित् ॥४२॥**

पारिपेल, प्लव, वन्य, शुकाह्व र परिपेलक : यी सेतो मोथेविशेषका संस्कृत पर्यायवाची नामहरू हुन् । यो शीतल गर्ने तथा लुतो, कुष्ठ, रक्तविकार, कफविकार र पित्तविकारलाई जित्ने गुणको हुन्छ ।

## शिलाकुङ्कुम (शैलेय)

**शैलेयं स्थविरं वृद्धं शिलापुष्पं शिलोद्भवम् ।**
**शैलेयं शीतलं हृद्यं कफपित्तहरं लघु ॥४३॥**

शैलेय, स्थविर, वृद्ध, शिलापुष्प र शिलोद्भव : यी शिलाकुङ्कुमका संस्कृत पयार्यवाची नामहरू हुन् । यो शीतल गर्ने, मुटुका लागि हितकर, कफविकार नाशक, पित्तविकार नाशक तथा पचाउन सहज हुने गुणको हुन्छ ।

## उशीरको जरा (लामज्जक)

**लामज्जकं जलाधारं दीर्घमूलं जलाशयम् ।**
**इष्टकापथकं शीघ्रममृणालं सुनालकम् ॥**
**लामज्जकं हिमं कृच्छ्रदाहदोषत्रयास्रजित् ॥४४॥**

लामज्जक, जलाधार, दीर्घमूल, जलाशय, इष्टकापथक, शीघ्र, अमृणाल र सुनालक : यी खसखसका जराको संस्कृत पर्यायवाची नामहरू हुन् । (कसैले खसको एक जातको नाम भनि भनेका छन् । खसको जरा साना हुन्छन् तर यसका जरा ठूला हुन्छन् पनि भनिएको छ) । यो शीतल गर्ने तथा कृच्छ्र, डाह, त्रिदोष र रक्तविकारलाई जित्ने गुणको हुन्छ ।

## कँढिसल्लाको खोटो ।

**कुन्दुरुर्मेचकः कुन्दः खपुरो भीषणो बली ।**
**कुन्दुरुः स्वेदपवनश्लेष्मब्रध्नज्वरापहः ॥४५॥**

कुन्दुरु, मेचक, कुन्द, खपुर, भीषण र बली : यी कँढिसल्लाको खोटोका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले पसिना आउने रोग, वातविकार, कफविकार, ब्रध्नरोग र जरो नाश गर्दछ ।

सङ्कलन : मोहन प्रसाद सपकोटा

## गोकुलधूप (गुग्गुलु)

**गुग्गुलुः कालनिर्यासो महिषाक्षः पलङ्कषः ।**
**जटायुः कौशिको धूर्त्तो देवधूपः शिवः पुरः ॥४६॥**
**गुग्गुलुर्विशदस्तिक्तो वीर्योष्णो मधुरः सरः ।**
**भग्नसन्धानकृद् वृष्यः सूक्ष्मः स्वर्यो रसायनः ॥४७॥**
**दीपनः पिच्छलो बल्यः कफवातव्रणापचीः ।**
**मेदोमेहास्रवातास्रक्लेदकुष्ठाममारुतान् ॥४८॥**
**पिटिकाग्रन्थिशोफार्शोग्रन्थिगण्डक्रिमीञ्जयेत् ।**
**स नवो बृंहणो वृष्यः पुराणस्त्वतिलेखनः ॥४९॥**

गुग्गुलु, कालनिर्यास, महिषाक्ष, पलङ्कष, जटायु, कौशिक, धूर्त्त, देवधूप, शिव र पुर : यी गोकुलधूपका संस्कृत पर्यायवाची नामहरू हुन् । यो निर्मल (गर्ने), तीतो, गर्मी गर्ने, मीठो, मलमूत्रलाई तलतिर सार्ने, भाँचिएका अङ्ग जोड्ने, वीर्यवर्धक, सूक्ष्म, स्वरका लागि हितकर, रसायनी, दीपनी, लेस्याइलो र बलदायक गुणको हुन्छ । यसले कफविकार, वातविकार, घाउखटिरा, अपची रोग, बोसोविकार, प्रमेह, रक्तविकार, वातरक्त रोग, परिश्रम नगर्दा पनि थकाई लाग्ने रोग, कुष्ठ, आमजन्य वातविकार, पिटिका, गाँठा (जोर्नी) मा हुने सुजन, अल्काई, गलगाँड र कीरामाथि जित हासिल गर्दछ । यो ताजा भए पौष्टिक र वीर्यशाली हुन्छ

तथा पुरानो भए आंत नै लेखनो गुणको हुन्छ ।

## सालधूप (राल)

**राला सर्जरसो यक्षधूपः सर्जोऽग्निवल्लभः ।**
**क्षणकः सालनिर्यासो लाक्षा स्याल्ललनो वरः ॥५०॥**
**राला हिमा गुरुस्तिक्ता कषाया ग्राहणी जयेत् ।**
**ग्रहास्रस्वेदविसर्पविषव्रणविपादिकाः ॥५१॥**

राला, सर्जरस, यक्षधूप, सर्ज, अग्निवल्लभ, क्षणक, सालनिर्यास, लाक्षा ललन र वर : यी सालधूपका संस्कृत पर्यायवाची नामहरू हुन् । यो शीतल गर्ने, पचाउन कठिन, तीतो, टर्रो र ग्राही हुन्छ । यसले ग्रहदोष, रक्तविकार, पसिना आउने रोग, विसर्प, विषविकार, घाउखटिरा र विपादिका रोगमाथि विजय प्राप्त गर्दछ ।

## भेडेकुरो विशेष (स्थौणेयक, थुनेरा)

**स्थौणेयकं बहिश्चूडं शुक्रवर्णं शुकच्छदम् ।**
**स्थौणेयं शीतलं वृष्यं मेध्यं दोषत्रयास्रजित् ॥५२॥**

स्थौणेयक, बहिश्चूड, शुक्रवर्ण र शुकच्छद : यी भेडेकुरोका संस्कृत पर्यायवाची नामहरू हुन् । यो शीतल गर्ने, वीर्यवर्धक, दिमागको ग्रहण गर्ने क्षमता बढाउने, त्रिदोष नाशक र रक्तविकार नाशक हुन्छ ।

सङ्कलन : मोहनप्रसाद सपकोटा

## गन्धपालाविशेष (चोरक)

**चौरकः कितवश्चन्द्रो दुष्पुत्रः शङ्कितो रिपुः ।**
**चौरः स्वादुर्लघुः शीतः कुष्ठवातकफास्रजित् ॥५३॥**

चौरक, कितव, चन्द्र, दुष्पुत्र, शङ्कित र रिपु : यी गन्धपालाविशेषका संस्कृत पर्यायवाची नामहरू हुन् । यो स्वादिलो, पचाउन सहज, शीतल गर्ने तथा कुष्ठरोग, वातविकार, कफविकार र रक्तविकारलाई जित्ने गुणको हुन्छ ।

## कालो जटामसी (मुरा)

**मुरा गन्धवती दैत्या गन्धाढ्या सुरभिः कुटिः ।**
**मुरा शीता लघुः कुष्ठग्रहपित्तानिलास्रजित् ॥५४॥**

मुरा, गन्धवती, दैत्या, गन्धाढ्या, सुरभि र कुटि : यी कालो जटामसीका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले शीतल गर्दछ । यो पचाउन हलुका हुन्छ । यसले कुष्ठ, ग्रहदोष, पित्तविकार, वातविकार र रक्तविकार

माथि जित हासिल गर्दछ ।

## कालो हलेदो (कचुर, कर्चूर)

**कर्चूरो द्राविडो गन्धमूलको दुर्लभः शटी ।**
**कर्चूरो दीपनो रुच्यः कुष्ठार्शोव्रणकासजित्॥**
**उष्णो लघुर्जयेच्छ्वासगुल्मवातकफक्रिमीन्॥५५॥**

कर्चूर, द्राविड, गन्धमूलक, दुर्लभ र शटी : यी कचुरका संस्कृत पर्यायवाची नामहरू हुन् । यो दीपनी, रुचिकर तथा कुष्ठ, अल्काई, घाउखटिरा र खोकी माथि विजय प्राप्त गर्ने गुणको हुन्छ । यसले गर्मी गर्दछ । यो पचाउन सहज हुन्छ । यसले दम, गुल्म, वातविकार, कफविकार र कीरालाई जित्दछ ।

## कपूरहलेदो (शटी)

**सटी शटी पलाशी षड्ग्रन्था सुव्रता गन्धमूलिनी ।**
**शटी शीता ज्वरामास्रकासजिद् ग्राहिणी लघुः॥५६॥**

सटी, शटी, पलाशी, षड्ग्रन्था, सुव्रता र गन्धमूलिनी : यी कपूरहलेदोका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले शीतल गर्दछ तथा जरो, आमविकार, रक्तविकार र खोकीलाई जित्दछ । यो ग्राही र पचाउन सहज हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सपकोटा

## कपुरपाती (स्पृक्का)

**स्पृक्का स्पृग् ब्राह्मणी देवी निर्मला कुटिला वधूः ।**
**स्पृक्का स्वादुर्हिमा वृष्या कुष्ठालक्ष्मीत्रिदोषनुत्॥५७॥**

स्पृक्का, स्पृक्, ब्राह्मणी, देवी, निर्मला, कुटिला र वधू : यी कपुरपातीका संस्कृत पर्यायवाची नामहरू हुन् । यो स्वादिलो हुन्छ । यसले शीतल गर्दछ । यो वीर्यवर्धक तथा कुष्ठ, अलक्ष्मी, र त्रिदोष नाशक हुन्छ ।

## गठिउन (ग्रन्थिपर्णी)

**ग्रन्थिपर्णो नीलपुष्पः शुकपुष्पं शुकच्छदम् ।**
**ग्रन्थिपर्णो लघुस्तिक्तो रुच्योष्णः कफवातजित्॥५८॥**

ग्रन्थिपर्ण, नीलपुष्प, शुकपुष्प र शुकच्छद : यी गठिउनका संस्कृत पर्यायवाची नामहरू हुन् । यो पचाउन सहज, तीतो, रुचिकर, गर्मी गर्ने तथा कफविकार र वातविकार नाशक हुन्छ ।

## महारङ्गी (नांलेका)

**नलिका नर्तकी शून्या निर्मला धमनी नटी ।**
**नली पित्तास्रजिच्छीता चक्षुष्या कुष्ठकृच्छ्रजित् ॥५९॥**

नलिका, नर्तकी, शून्या, निर्मला, धमनी र नटी : यी महारङ्गीका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले पित्तरक्त, कुष्ठ र कृच्छ्रलाई जित्दछ तथा आँखालाई फाइदा गर्दछ ।

## पैयुँ (पद्मक)

**पद्मकं मलयश्चारुः पीतरक्तश्च सुप्रभः ।**
**पद्मकं दाहविस्फोटकुष्ठश्लेष्मास्रपित्तहृत् ॥**
**गर्भसंस्थापनं शीतं तृष्णाविसर्पदाहजित् ॥६०॥**

पद्मक, मलय, चारु, पीतरक्त र सुप्रभ : यी पैयुँका संस्कृत पर्यायवाची नामहरू हुन् । पैयुँले डाह, विस्फोट, कुष्ठ, कफविकार र रक्तपित्त नाश गर्दछ । यसले गर्भ बसाउन सहयोग गर्दछ । पैयुँले शीतल गर्दछ तथा तिर्खारोग, विसर्प र डाहलाई जित्दछ ।

## धूपी विशेष (प्रपुण्डरीक)

सङ्कलनः मोहन प्रसाद सपकोटा

**प्रपुण्डरीकः पौण्ड्राह्वः शतपुष्पं सुपुष्पकम् ।**
**पुण्ड्राह्वं शुक्रलं शीतं चक्षुष्यं श्लेष्मपित्तजित् ॥६१॥**

प्रपुण्डरीक, पौण्ड्राह्व, शतपुष्प र सुपुष्पक : यी धूपी विशेषका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले शुक्र बढाउँदछ, शीतल गर्दछ, आँखालाई फाइदा गर्दछ तथा कफविकार र पित्तविकार माथि विजय प्राप्त गर्दछ ।

## तगर

**तगरं बर्हिणं जिह्मं वक्त्राह्वं नहुषं नतम् ।**
**अपरं पिण्डतगरं दीनं कटु महोरगम् ॥६२॥**
**तगरं मधुरं स्निग्धं तिक्तोष्णं लघु भूतजित् ।**
**विषापस्मारमूर्धाक्षिरोगदोषत्रयापहम् ॥६३॥**

तगर, बर्हिण, जिह्म, वक्त्राह्व, नहुष र नत : यी तगरका तथा पिण्डतगर, दीन, कटु र महोरग : यी अर्को थरी तगरका संस्कृत पर्यायवाची नामहरू हुन् । तगर गुलियो, चिल्लो, तीतो, उष्ण वीर्य भएको, पचाउन सहज र भूतबाधा जित्ने गुणको हुन्छ । यसले विषविकार, छारेरोग, टाउकाका रोग, आँखाका रोग र त्रिदोष नाश गर्दछ ।

## गोरोचन

**गोरोचना रुचिर्गौरी रोचना पिङ्गला मता ।**
**मङ्गल्या गोतमी मेध्या वन्ध्या गोपित्तसम्भवा ॥६४॥**
**गोरोचना शीतला वश्या गर्भस्रावग्रहास्रजित् ॥६५॥**

गोरोचना, रुचि, गौरी, रोचना, पिङ्गला, मङ्गल्या, गोतमी, मेध्या, वन्ध्या र गोपित्तसम्भवा : यी गोरोचनका संस्कृत पर्यायवाची नामहरू हुन् । यो शीतवीर्य भएको, दिमागको ग्रहण गर्ने क्षमता बढाउने, वशीकरण गर्ने तथा गर्भस्राव हुने, ग्रहका दोष र रक्तविकारलाई जित्ने गुणको हुन्छ ।

## नखी

**नखाह्वो नखरः शुक्तिहनुर्नागहनु खरः ।**
**शुक्तिशङ्खो व्याघ्रनखमन्यद्व्याघ्रतलं पदम् ॥६६॥**
**नखद्वयं ग्रहश्लेष्मवातास्रज्वरकुष्ठजित् ।**
**लघूष्णं शुक्रलं बल्यं हृद्यं स्वादु विषापहम् ॥६७॥**

नखाह्व, नखर, शुक्तिहनु, नागहनु, खर, शुक्तिशङ्ख र व्याघ्रनख : यी पहिलो थरी नखीका तथा व्याघ्रतल र पद : यी दोश्रो थरी नखीका संस्कृत पर्यायवाची नामहरू हुन् । दुवै थरी नखीले ग्रहदोष, कफविकार, वातविकार, रक्तविकार, जरो र कुष्ठलाई जित्दछन् । यी पचाउन सहज, उष्णवीर्य भएका, शुक्रवर्धक, बलदायक, मुटुका लागि हितकर, स्वादिला र विषविकार नाश गर्ने गुणका हुन्छन् ।

## बकचन्दन (पतङ्गम्)

**पतङ्गं पटरागं स्याद्रक्तकाष्ठं कुचन्दनम् ।**
**सुरङ्गकं जगत्याह्वं पत्तूरं पट्टरञ्जकम् ॥**
**पतङ्गमधुरं शीतं पित्तश्लेष्मव्रणास्रजित् ॥६८॥**

पतङ्ग, पटराग, रक्तकाष्ठ, कुचन्दन, सुरङ्गक, जगत्याह्व, पत्तूर र पट्टरञ्जक : यी बकचन्दनका संस्कृत पर्यायवाची नामहरू हुन् । यो गुलियो, शीतवीर्य भएको तथा पित्तविकार, कफविकार, घाउखटिरा र रक्तविकार जित्ने गुणको हुन्छ ।

## लाहा (लाक्षा)

**लाक्षा निर्मत्सरो रक्ता द्रुमव्याधिः पलङ्कषा ।**
**कृमिजा जतु दीप्ताह्वा जावको लवको मतः ॥६९॥**
**लाक्षा वर्ण्या हिमा बल्या स्निग्धा श्लेष्मास्रपित्तजित् ।**
**व्रणोरः क्षतवीसर्पकृमिकुष्ठव्रणापहा ॥**
**अलक्तक, गुणैस्तद्वद्विशेषाद्व्यङ्गनाशनः ॥७०॥**

लाक्षा, निर्मत्सर, रक्ता, द्रुमव्याधि, पलङ्कषा, कृमिजा, जतु, दीप्ताह्वा, जावक र लवक : यी लाहाका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले वर्णमा निखार लेराउँदछ, शीतल गर्दछ र बल दिन्छ । यो चिल्लो हुन्छ । लाहाले कफविकार, रक्तविकार र पित्तविकारलाई जित्दछ । यसले घाउखटिरा, ऊरक्षत, वीसर्प, कीरा र कुष्ठका घाउ नाश गर्दछ । अलक्तक (लाहा विशेष) मा पनि यिनै गुण हुन्छन् । विशेषतः यसले व्यङ्गरोग नाश गर्दछ ।

## चपरा (पर्पटी)

**पर्पटी रजनी कृष्णा जातका जननी जनी ।**
**पर्पटी वर्णदा शीता कफपित्तास्रकुष्ठजित् ॥७१॥**

सङ्कलन : मोहन प्रसाद सापकोटा

पर्पटी, रजनी, कृष्णा, जातका, जननी र जनी : यी चपराका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले वर्णमा निखार लेराउँदछ, शरीरलाई शीतल गर्दछ तथा कफविकार, पित्तविकार, रक्तविकार र कुष्ठरोग माथि विजय प्राप्त गर्दछ ।

## पद्मिनी र कुमुदिनी

**पद्मिनी बिसिनी ज्ञेया नलिनी सूर्यवल्लभा ।**
**कुमुद्वती कैरविणी कुमुदिन्युडुपप्रिया ॥७२॥**
**पद्मिनी शीतला गुर्वी पित्तश्लेष्मविषास्रजित् ।**
**रूक्षा विष्टम्भिनी स्वादुस्तद्वत्कुमुदिनी मता ॥७३॥**

पद्मिनी, बिसिनी, नलिनी र सूर्यवल्लभा : यी पद्मिनीका तथा कुमुद्वती, कैरविणी, कुमुदिनी र उडुपप्रिया : यी कुमुदिनीका संस्कृत पर्यायवाची नामहरू हुन् । पद्मिनी शीतल गर्ने, पचाउन कठिन तथा पित्तविकार, कफविकार, विषविकार र रक्तविकार माथि जित हासिल गर्ने गुणको हुन्छ । यो रुखो, कब्जियत गर्ने र स्वादिलो गुणको हुन्छ । कुमुदिनीमा पनि यिनै गुण हुन्छन् ।

## थलकमल (पद्मचारिणी)

**पद्मचारिण्यतिचरा पद्माह्वा चारटी मता ।**
**पद्मा हिमा लघुः श्लेष्मकृच्छ्रजित् स्तनदाहकृत् ॥७४॥**

पद्मचारिणी, अतिचरा, पद्माह्वा र चारटी : यी थलकमलका संस्कृत पर्यायवाची नामहरू हुन् । यो शीतल गर्ने, पचाउन सहज, कफविकार र कृच्छ्रलाई जित्ने तथा स्तनमा डाह गर्ने गुणको हुन्छ ।

## सेतोकमल

**कमलं श्वेतमम्भोजं सारसं सरसीरुहम् ।**
**सहस्रपत्रं श्रीगेहं शतपत्रं कुशेशयम् ॥**
**पङ्केरुहं तामरसं राजीवं पुष्कराह्वयम् ॥७५॥**
**अब्जमम्भोरुहं पद्मं पुण्डरीकं च पङ्कजम् ।**
**नलं सरोजं नलिनमरविन्दं महोत्पलम् ॥७६॥**

कमल, श्वेत, अम्भोज, सारस, सरसीरुह, सहस्रपत्र, श्रीगेह, शतपत्र, कुशेशय, पङ्केरुह, तामरस, राजीव, पुष्कराह्वय, अब्ज, अम्भोरुह, पद्म, पुण्डरीक, पङ्कज, नल, सरोज, नलिन, अरविन्द र महोत्पल : यी सेतो कमलका संस्कृत पर्यायवाची नामहरू हुन् । सङ्कलन : मोहन प्रसाद सापकोटा

## रातोकमल

**रक्तोत्पलं कोकनदं हल्लकं रक्तसन्ध्यकम् ॥७७॥**

रक्तोत्पल, कोकनद, हल्लक र रक्तसन्ध्यक : यी रातो कमलका संस्कृत पर्यायवाची नामहरू हुन् ।

## नीलकमल (नीलोत्पल)

**नीलोत्पलं कुवलयं भद्रमिन्दीवरं मतम् ।**
**एतदेव सितं किञ्चित्कुमुदं कैरवं कुमुद् ॥७८॥**

नीलोत्पल, कुवलय, भद्र र इन्दीवर : यी नीलकमलका संस्कृत पर्यायवाची नामहरू हुन् । यही नीलकमल यदि केही सेतो छ भने यसलाई कैरव वा कुमुद भनिन्छ ।

## कमलका गुण

**कमलं शीतलं वर्ण्यं मधुरं कफपित्तजित् ।**

**तृषादाहास्रविस्फोटविषविसर्पनाशनम्॥**
**तस्मादल्पगुणं किञ्चिदन्यद्रक्तोत्पलादिकम्॥७९॥**

कमल शीतल गर्ने, वर्णमा निखार लेराउने, मिठो तथा कफविकार र पित्तविकार जित्ने गुणको हुन्छ । यसले तिर्खारोग, डाह, रक्तविकार, विस्फोट, विषविकार र विसर्प नाश गर्दछ । अन्य राता आदि कमलमा योभन्दा केही कम गुण हुन्छन् ।

## सौगन्धिक (कमल विशेष)

**कह्लारं ह्रस्वपाथोजं सौम्यं सौगन्धिकं महत् ।**
**कह्लारं ग्राहि विष्टम्भि रूक्षं गुरु सुशीतलम्॥८०॥**

कह्लार, ह्रस्वपाथोज, सौम्य, सौगन्धिक र महत् : यी कमल विशेषका संस्कृत पर्यायवाची नामहरू हुन् । यो ग्राही, कब्जियत गर्ने, रुखो, पचाउन कठिन र शीतल गर्ने गुणको हुन्छ ।

## कमलकेसर (किञ्जल्क)

**किञ्जल्कः केशरं गौरमापीतं काञ्चनाह्वयम् ।**
**किञ्जल्कः शीतलो ग्राही रक्तार्शः कफपित्तजित्॥८१॥**

सङ्कलन : मोहन प्रसाद सपकोटा

किञ्जल्क, केशर, गौर, आपीत र काञ्चनाह्वय : यी कमलकेसरका संस्कृत पर्यायवाची नामहरू हुन् । यो शीतवीर्य र ग्राही हुन्छ । यसले रक्तविकार, अल्काई, कफविकार र पित्तविकार माथि जित हासिल गर्दछ ।

## कमलको फल (पद्मबीज)

**पद्मबीजं तु कालेयं पद्माक्षं पद्मकर्कटी ।**
**पद्मबीजं हिमं स्वादु गर्भसंस्थापनं गुरु॥**
**कफवातहरं बल्यं ग्राहि पित्तास्रदाहजित्॥८२॥**

पद्मबीज, कालेय, पद्माक्ष र पद्मकर्कटी : यी कमलको फलका संस्कृत पर्यायवाची नामहरू हुन् । यो शीतवीर्य, स्वादिलो, गर्भ स्थापना गर्ने, पचाउन कठिन, कफविकार नाशक, वातविकार नाशक, बलदायक, ग्राही तथा पित्तविकार, रक्तविकार र डाह माथि विजय प्राप्त गर्ने गुणको हुन्छ ।

## कमलको डाँठ (मृणाल)

**मृणालं बिसमम्भोजं नालयं च नलिनीरुहम् ।**
**पद्मादिमूलं शालूकं शालीनं करहाटकम्॥८३॥**

मृणाल, बिस, अम्भोज, नालय, नलिनीरुह, पद्मादिमूल, शालूक, शालीन र करहाटक : यी कमलको डाँठका संस्कृत पर्यायवाची नामहरू हुन् ।

**मृणालं शीतलं वृष्यं पित्तदाहास्रजिद्गुरु ।**
**सङ्ग्राहि मधुरं रूक्षं शालूकमपि तद्गुणम् ॥८४॥**

कमलको डाँठ शीतवीर्य, वीर्यवर्धक तथा पित्तविकार, डाह र रक्तविकार माथि विजय प्राप्त गर्ने गुणको हुन्छ । यो पचाउन कठिन, ग्राही, मिठो र रुखो हुन्छ । शालूक (कमलको जराको तल्लो भागलाई शालूक भनिन्छ) मा पनि यिनै गुण हुन्छन् ।

## चमेली (जाती)

**जाती प्रियंवदा राज्ञी मालती सुमना मता ।**
**पीता सत्यपरा पीतपुष्पा काञ्चनपुष्पिका ॥**
**जाती लघूष्णा मूर्द्धाक्षिदन्तार्तिव्रणरक्तजित् ॥८५॥**

जाती, प्रियंवदा, राज्ञी, मालती, सुमना, पीता, सत्यपरा, पीतपुष्पा र काञ्चनपुष्पिका : यी चमेलीका संस्कृत पर्यायवाची नामहरू हुन् । यो पचाउन सहज र उष्णवीर्यको हुन्छ । यसले टाउकाका रोग, आँखाका रोग, दाँतका रोग, घाउखटिरा र रक्तविकारलाई जित्ने गुणको हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

## लहरे बेली (मल्लिका)

**मल्लिका मोदिनी मुक्तबन्धना मदयन्तिका ।**
**मल्लिकोष्णा लघुर्वृष्या वातपित्तास्ररोगजित् ॥८६॥**

मल्लिका, मोदिनी, मुक्तबन्धना र मदयन्तिका : यी लहरे बेलीका संस्कृत पर्यायवाची नामहरू हुन् । यो उष्णवीर्यको, पचाउन सहज, वीर्यवर्धक तथा वातविकार, पित्तविकार र रक्तविकार माथि विजय प्राप्त गर्ने गुणको हुन्छ ।

## जुही (यूथिका)

**यूथिका हरिणी बाला पुष्पगन्धा शिखण्डिनी ।**
**स्वर्णयूथाऽपरा पीता गणिका स्वर्णपुष्पिका ॥**
**यूथी हिमाऽस्रमूर्द्धाक्षिरोगजित्कफवातकृत् ॥८७॥**

यूथिका, हारिणी, बाला, पुष्पगन्धा, शिखण्डिनी र स्वर्णयूथा : यी जुहीका तथा पीता, गणिका र स्वर्णपुष्पिका : यी पहेँले जुहीका संस्कृत पर्यायवाची नामहरू हुन् । जुही शीतवीर्य भएको तथा रक्तविकार, टाउकाका रोग र आँखाका रोग माथि जित हासिल गर्ने गुणको हुन्छ । यसले कफविकार र वातविकार गर्दछ ।

## बाह्रमासे गुलाफ (कुब्जक)

**कुब्जको भद्रतरुणी बृहत्पुष्पा महासहा ।**
**शतपत्री तरुण्युक्ता कर्णिका चारुकेशरा ॥**
**रक्ताऽपरा रक्तपुष्पा लाक्षापुष्पाऽतिमञ्जुला ॥८८॥**
**शतपत्री हिमा हृद्या ग्राहिणी शुक्रला लघुः ।**
**दोषत्रयास्रजिद्वर्ण्या कुब्जकोऽपि च तद्गुणः ॥८९॥**

कुब्जक, भद्रतरुणी, बृहत्पुष्पा, महासहा, शतपत्री, तरुणी, कर्णिका र चारुकेशरा : यी बाह्रमासे गुलाफका तथा रक्ता, रक्तपुष्पा, लाक्षापुष्पा र अतिमञ्जुला : यी रातो बाह्रमासे गुलाफका संस्कृत पर्यायवाची नामहरू हुन् । यो शीतवीर्य भएको, मुटुका लागि हितकर, ग्राही, शुक्रवर्धक र पचाउन सहज गुणको हुन्छ । यसले त्रिदोष र रक्तविकारलाई जित्दछ । बाह्रमासे गुलाफमा पनि यिनै गुण हुन्छन् ।

## केतकी

सङ्कलन : मोहन प्रसाद सापकोटा

**केतकी सूचिकापुष्पो जम्बूकः क्रकचच्छदः ।**
**सुवर्णकेतकी चान्या लघुपुष्पा सुगन्धिनी ॥**
**केतकी कटुका स्वाद्वीर्लघुस्तिक्ता कफापहा ॥९०॥**

केतकी, सूचिकापुष्प, जम्बूक र क्रकचच्छद : यी केतकीका तथा लघुपुष्पा र सुगन्धिनी : यी अर्को थरी केतकी अर्थात् सुवर्णकेतकीका संस्कृत पर्यायवाची नामहरू हुन् । केतकी पिरो, स्वादिलो, पचाउन सहज, तीतो र कफविकार नाशक हुन्छ ।

## सानो नेवारी (वासन्ती)

**वासन्ती सारणी कुन्दा प्रहसन्ती वसन्तजा ।**
**वासन्ती शीतला लघ्वी तिक्ता दोषत्रयास्रनुत् ॥९१॥**

वासन्ती, सारणी, कुन्दा, प्रहसन्ती र वसन्तजा : यी सानो नेवारीका संस्कृत पर्यायवाची नामहरू हुन् । यो शीतवीर्य भएको, पचाउन सहज, तीतो तथा त्रिदोष र रक्तविकार नाशक हुन्छ ।

## ठूलो नेवारी (नैपाली) र वर्षे बेली

**नैपाली ग्रैष्मिका लूता लापिनी वनमल्लिका ।**

**वार्षिकी त्रिपुटा त्वन्या श्रीवल्ली षट्पदप्रिया ॥९२॥**
**नैपाली शीतला तिक्ता लघ्वी दोषत्रयापहा ।**
**कर्णाक्षिमुखरोगघ्नि तद्गुणा वार्षिकी मता ॥९३॥**

नैपाली, ग्रैष्मिका, लूता, लापिनी र वनमल्लिका : यी ठूलो नेवारीका तथा वार्षिकी, त्रिपुटा, श्रीवल्ली र षट्पदप्रिया : यी वर्षे बेलीका संस्कृत पर्यायवाची नामहरू हुन् । नैपाली शीतवीर्य भएको, तीतो, पचाउन सहज तथा त्रिदोष, कानका रोग, आँखाका रोग र मुखका रोग नाशक हुन्छ । यिनै गुण वर्षे बेलीमा पनि हुन्छ ।

## माधवी लता

**माधवी मण्डपः कामी पुष्पेन्द्रोऽभीष्टगन्धकः ।**
**माधवी मधुरा शीता लघुर्दोषत्रयापहा ॥९४॥**

माधवी, मण्डप (क?), कामी, पुष्पेन्द्र र अभीष्टगन्धक : यी माधवी लताका संस्कृत पर्यायवाची नामहरू हुन् । यो गुलियो, शीतवीर्य भएको, पचाउन सहज र त्रिदोष नाशक हुन्छ ।

## चाँप (चम्पक)

सङ्कलन : मोहन प्रसाद सापकोटा

**चम्पकः काचरो रम्यश्चाम्पेयः सुरभिश्चलः ।**
**चम्पकः शीतलः कृच्छ्रकफपित्तास्रवातजित् ॥९५॥**

चम्पक, काचर, रम्य, चाम्पेय, सुरभि र चल : यी चाँपका संस्कृत पर्यायवाची नामहरू हुन् । यो शीतवीर्य भएको तथा कृच्छ्ररोग, कफविकार, पित्तविकार, रक्तविकार र वातविकार माथि विजय हासिल गर्ने गुणको हुन्छ ।

## नागकेसर (पुन्नाग)

**पुन्नागः पाटलीपुष्पः केसरः (केशरी) षट्पदालयः ।**
**पुन्नागो मधुरः शीतो रक्तपित्तकफापहः ॥९६॥**

पुन्नाग, पाटलीपुष्प, केसर (केशरी) र षट्पदालय : यी नागकेसरका संस्कृत पर्यायवाची नामहरू हुन् । यो गुलियो, शीतवीर्य भएको तथा रक्तपित्त र कफविकार नाश गर्ने गुणको हुन्छ ।

## मौलसिरी (बकुल)

**बकुलः केशरो मध्यगन्धः सिंहो विशारदः ।**

**बकुलः शीतलः श्लेष्मपित्तदन्तमदापहः ॥**
**तत्फलं वातलं ग्राहि कफपित्तहरं हिमम् ॥९७॥**

बकुल, केशर, मध्यगन्ध, सिंह र विशारद : यी मौलसिरीका संस्कृत पर्यायवाची नामहरू हुन् । यो शीतवीर्य भएको तथा कफविकार, पित्तविकार, दाँतका रोग तथा नसा (मद) नाश गर्ने गुणको हुन्छ । यसको फल वातविकार गर्ने, ग्राही, कफविकार नाशक, पित्तविकार नाशक र शीतवीर्य गुणको हुन्छ ।

## ठूलो मौलसिरी (वुक)

**वुषो वुकः (वुकः वृको) स्थूलपुष्पो वसुकश्शिवशोधकः ।**
**वुषः शीतो विषश्लेष्मपित्तकृच्छ्राश्मदाहहृत् ॥९८॥**

वुष, वृक, स्थूलपुष्प, वसुक र शिवशोधक : यी ठूलो मौलसिरीका संस्कृत पर्यायवाची नामहरू हुन् । यो शीतवीर्य भएको तथा विषविकार, कफविकार, पित्तविकार, कृच्छ्र, पत्थरी र डाह ना गर्ने गुणको हुन्छ ।

## कुन्दपुष्प

**कुन्दः शुक्लः सदापुष्पो भृङ्गबन्धुर्मनोरमः ।**
**कुन्दः शीतो लघुः श्लेष्मशिरोरुग्विषपित्तजित् ॥९९॥**

कुन्द, शुक्ल, सदापुष्प, भृङ्गबन्धु र मनोरम : यी कुन्दपुष्पका संस्कृत पर्यायवाची नामहरू हुन् । यो शीतवीर्य भएको, पचाउन सहज तथा कफविकार, टाउकाका रोग, विषविकार र पित्तविकार माथि जित हासिल गर्ने गुणको हुन्छ ।

## मुचकुन्द

**मुचुकुन्दः क्षेत्रवृक्षश्चिबुकः प्रतिविप्लुषः ।**
**मुचुकुन्दः शिरःपीडापित्तास्रविषनाशनः ॥१००॥**

मुचुकुन्द, क्षेत्रवृक्ष, चिबुक र प्रतिविप्लुष : यी मुचकन्दका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले टाउकाको पीडा, पित्तविकार, रक्तविकार र विषविकार नाश गर्दछ ।

## माधवी लताविशेष (भूमण्डली)

**भूमण्डली विचच्छिन्नो द्विपदाऽष्टपदी तथा ।**
**शीतो लघुर्विचच्छिन्नः कफपित्तविषापहः ॥१०१॥**

भूमण्डली, विचच्छिन्न, द्विपदा र अष्टपदी : यी माधवी लताविशेषका संस्कृत पर्यायवाची नामहरू हुन् । यो शीतवीर्य भएको, पचाउन सहज तथा कफविकार, पित्तविकार र विषविकार नाशक हुन्छ ।

## तिल्के (तिलक)

**तिलकः क्षुरकः श्रीमान् विचित्रो मुखमण्डलः ।**
**तिलकः कफनुत्कुष्ठहरोऽत्युष्णो रसायनम् ॥१०२॥**

तिलक, क्षुरक, श्रीमान्, विचित्र र मुखमण्डल : यी तिल्केका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले कफविकार र कुष्ठ नाश गर्दछ । यो अति नै उष्णवीर्यको र रसायनी हुन्छ ।

## सयपत्री (गणेरुक)

**गणेरुकः कर्णिकारः कर्णश्च गणिकारिका ।**
**गणेरुः शोधनी शोफश्लेष्मास्रव्रणकुष्ठनुत् ॥१०३॥**

गणेरुक, कर्णिकार, कर्ण र गणिकारिका : यी सयपत्रीका संस्कृत पर्यायवाची नामहरू हुन् । यो प्रशोधक तथा सुजन, कफविकार, रक्तविकार, घाउखटिरा र कुष्ठ नाशक हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सपकोटा

## दोपहरीया वा बाह्रमासे फूल (बन्धूक)

**बन्धुजीवः शरत्पुष्पो बन्धुर्बन्धूकरक्तकौ ।**
**बन्धूकः कफकृद् ग्राही वातपित्तहरो लघुः ॥१०४॥**

बन्धुजीव, शरत्पुष्प, बन्धु, बन्धूक र रक्तक : यी दोपहरियाका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले कफविकार गर्दछ । यो ग्राही, वातविकार नाशक, पित्तविकार नाशक र पचाउन हलुका हुन्छ ।

## जपाकुसुम (जपापुष्प)

**जपापुष्पं जपारक्तं त्रिसन्ध्या त्वरुणाऽसिता ।**
**जपा सङ्ग्राहिणी केश्या त्रिसन्ध्या कफपित्तजित् ॥१०५॥**

जपापुष्प, जपारक्त, त्रिसन्ध्या, अरुणा र असिता : यी जपाकुसुमका संस्कृत पर्यायवाची नामहरू हुन् । यो ग्राही, कपालका लागि हितकर तथा तीनै सन्ध्यामा कफविकार र पित्तविकारलाई जित्ने गुणको हुन्छ ।

## रोहिणी

**सिन्दूरी रक्तबीजा स्याद्रक्तपुष्पा सुकोमला ।**
**सिन्दूरी कफपित्तास्रतृष्णावान्तिहरा हिमा ॥१०६॥**

सिन्दूरी, रक्तबीजा, रक्तपुष्पा र सुकोमला : यी रोहिणका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले कफविकार, पित्तविकार, रक्तविकार, तिर्खारोग र वाकवाकी नाश गर्दछ । यसमा शीतवीर्य हुन्छ ।

## तुलसी

**तुलसी सुरसा गौरी भूतघ्नी बहुमञ्जरी ।**
**तुलसी कटुका तिक्ता हृद्योष्णा दाहपित्तकृत् ॥**
**दीपनी कुष्ठकृच्छ्रास्रपार्श्वरुक्कफवातजित् ॥१०७॥**

तुलसी, सुरसा, गौरी, भूतघ्नी र बहुमञ्जरी : यी तुलसीका संस्कृत पर्यायवाची नामहरू हुन् । यो पिरो, तीतो, मुटुका लागि हितकर, उष्णवीर्य भएको, डाह गर्ने, पित्तविकार बढाउने र दीपनी हुन्छ । यसले कुष्ठ, कृच्छ्र, रक्तविकार, कोखाको शूल, कफविकार र वातविकारलाई जित्दछ ।

## मरुवा (मरुवक)

सङ्कलन : मोहन प्रसाद सापकोटा

**मरुर्मरुवकस्तीक्ष्णः खरपुष्पः फणिज्जकः ।**
**मरुरग्निप्रदो हृद्यस्तीक्ष्णोष्णः पित्तलो लघुः ॥१०८॥**
**वृश्चिकादिविषश्लेष्मवातकुष्ठक्रिमीञ्जयेत् ।**
**रुधिरादिभवं शोथं नाशयेच्च प्रलेपनात् ॥१०९॥**

मरु, मरुवक, तीक्ष्ण, खरपुष्प र फणिज्जक : यी मरुवाका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले जठराग्निलाई बाल्दछ । यो मुटुका लागि हितकर, तिक्खर, उष्णवीर्य भएको, पित्तविकार बढाउने र पचाउन सहज हुन्छ । मरुवाले बिच्छी आदिको विषविकार, कफविकार, वातविकार, कुष्ठ र कीरामाथि विजय प्राप्त गर्दछ । यसको लेपले रगतजन्य सुजन नाश गर्दछ ।

## दमना झार

**मदनो मदना दान्तो दमो मुनिसुतो मुनिः ।**
**गन्धोत्कटो मदनको विनीता कुलपुत्रकः ॥**
**मदनोविषकुष्ठास्रक्लेदः कण्डूत्रिदोषजित् ॥११०॥**

मदन, मदना, दान्त, दम, मुनिसुत, मुनि, गन्धोत्कट, मदनक, विनीता र कुलपुत्रक : यी दमना झारका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले विषविकार, कुष्ठ, रक्तविकार, पसिना आउने रोग, लुतो र त्रिदोष माथि जित हासिल गर्दछ ।

## तीन थरी बाबरी

**वर्वरी वर्जकः कुण्ठो वैकुण्ठः स्यात्कुठेरकः ।**
**कपित्थार्जक इत्यन्यो वटपत्रः कटिञ्जरः ॥**
**कृष्णार्जकः कालमासः करालः कालमल्लिका ॥१११॥**
**वर्वरीत्रितयं रूक्षं शीतं कटु विदाहि च ।**
**पित्तलं कफवातास्रदद्रुक्रिमिविषापहम् ॥११२॥**

वर्वरी, वर्जक, कुण्ठ, वैकुण्ठ, कुठेरक, कपित्थार्जक, वटपत्र, कटिञ्जर, कृष्णर्जक, कालमास, कराल र कालमल्लिका : यी तीन थरी वनतुलसी वा बाबरी विशेषका संस्कृत पर्यायवाची नामहरू हुन् । तीनै थरी बाबरी रुखा, शीतवीर्य भएका, पिरा, डाह गर्ने, पित्तविकार गर्ने तथा कफविकार, वातविकार, रक्तविकार, कीरा र विषविकार नाशक हुन्छन् ।

## उपसंहार

सङ्कलन : मोहन प्रसाद सापकोटा

**यो राज्ञां मुखतिलकः कटारमल्लस्तेन श्रीमदननृपेणनिर्मितेऽत्र ।**
**ग्रन्थेऽभून्मदनविनोदनाम्नि पूर्णः कर्पूरप्रभृतिसुगन्धिद्रव्यवर्गः ॥११३॥**

राजाहरूमा श्रेष्ठ, सबैले मानेका तथा कटार युद्धमा मल्ल राजा मदनले रचना गरेको यो मदनविनोद नामक ग्रन्थमा कपूर आदि सुगन्धी द्रव्यवर्ग पूरा भयो ।

**॥ इति श्रीमदनपालविरचिते मदनविनोदे (मदनपालनिघण्टौ) कर्पूरादिवर्गस्तृतीयः ॥३॥**

॥ मदनपालले लेखेको मदनविनोद (मदनपाल निघण्टु) मा रहेको तेश्रो कर्पूरादि वर्गको
मोहन प्रसाद सापकोटाद्वारा नेपालीमा गरिएको भावानुवाद सकिएको छ ॥३॥

## ॥ सुवर्णादिवर्ग ॥
## (प्रार्थना)

**यद्वाञ्छया विश्वकृतोऽपि देवा ब्रह्मादयो यान्ति मुहुर्भवन्ति ।**
**अचिन्त्यकृत्यं पुरुषं पुराणं गोपत्वमाप्तं तमुपाश्रयामि ॥१॥**

जसको चाहनाले संसार सृष्टि गर्ने ब्रह्मा आदि देवता पनि पटकपटक प्रकट हुने र नष्ट हुने गर्दछन् । त्यस्तो अन्दाज नै गर्न नसकिने कार्य गर्ने, पुराणहरूले स्तुति गरिएका तथा गोठालोका वंशमा जन्मिएका पुरुषका शरणमा पर्दछु ।

## सुन

**सुवर्णं काञ्चनं हेमं हाटकं तप्तकाञ्चनम् ।**
**चामीकरं शातकुम्भं तपनीयं च रुक्मकम् ॥२॥**
**जाम्बूनदं हिरण्यं च स्वरलं जातरूपकम् ।**
**सुवर्णं शीतलं वृष्यं बल्यं गुरु रसायनम् ॥३॥**
**कान्तिप्रदं विषोन्मादत्रिदोषज्वरशोषजित् ।**
**कषायं तिक्तमधुरं सुवर्णं गुरु लेखनम् ॥४॥**

सङ्कलन : मोहन प्रसाद सापकोटा

सुवर्ण, काञ्चन, हेम, हाटक, तप्तकाञ्चन, चामीकर, शातकुम्भ, तपनीय, रुक्मक, जाम्बूनद, हिरण्य, स्वरल र जातरूपक : यी सुनका संस्कृत पर्यायवाची नामहरू हुन् । सुन शीतवीर्य भएको, वीर्यवर्धक, बलदायक, पचाउन कठिन र रसायनी हुन्छ । यसले कान्ति दिन्छ तथा विषविकार, उन्माद (पागलपन), त्रिदोष, जरो र सुजन माथि जित हासिल गर्दछ । यो टर्रो, तीतो र गुलियो हुन्छ । यो अति नै लेखनी हुन्छ ।

## चाँदी

**रूप्यकं रजतं रूप्यं तारं श्वेतं वसूत्तमम् ।**
**रूप्यं शीतं सरं वातपित्तहारि रसायनम् ॥५॥**
**लेखनं च कषायाम्लं विपाके मधुररसम् ।**
**वयसः स्थापनं स्निग्धं धातूनां हितमुच्यते ॥६॥**

रूप्यक, रजत, रूप्य, तार, श्वेत र वसूत्तम : यी चाँदीका संस्कृत पर्यायवाची नामहरू हुन् । यो शीतवीर्य भएको, मलमूत्रलाई तलतिर सार्ने, वातविकार र पित्तविकार नाशक, रसायनी, लेखनी, टर्रो, अमिलो, पचेपछि गुलियो, उमेरलाई स्थिर राख्ने, चिल्लो र धातुका लागि हितकर हुन्छ ।

**तामा**

**ताम्रं म्लेच्छमुखं शुल्बं नैपालं रविनामकम् ।**
**उदुम्बरं सूर्यप्रियं रक्तजं रक्तधातुकम् ॥७॥**
**ताम्रं सरं लघु स्वादु शीतं पित्तकफापहम् ।**
**रोपणं पाण्डुकुष्ठार्शः श्वयथुश्वासकासजित् ॥८॥**

ताम्र, म्लेच्छमुख, शुल्व, नैपाल, रविनामक, उदुम्बर, सूर्यप्रिय, रक्तज र रक्तधातुक : यी तामाका संस्कृत पर्यायवाची नामहरू हुन् । तामा मलमूत्र तलतिर सार्ने, पचाउन सहज, स्वादिलो, शीतवीर्यको तथा पित्तविकार र कफविकार नाश गर्ने गुणको हुन्छ । यसले घाउ भर्नुका साथै पाण्डु, कुष्ठ, अल्काई, सुजन, दम र खोकी माथि जित हासिल गर्दछ ।

**काँस**

**कांस्यं लोहं निजं घोषं पञ्चलोहं प्रकाशकम् ।**
**कांस्यं गुरूष्णं चक्षुष्यं कफपित्तहरं सरम् ॥९॥**

कांस्य, लोह, निज, घोष, पञ्चलोह र प्रकाशक : यी काँसका संस्कृत पर्यायवाची नामहरू हुन् । काँस पचाउन कठिन, उष्णवीर्यको, आँखाका लागि लाभदायक, कफविकारनाशक, पित्तविकार नाशक र मलमूत्र तलतिर सार्ने गुणको हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सपकोटा

**पीत्तल**

**पीतलोहं सिंहलकं कपिलं सैकुमारकम् ।**
**वर्तलोहं त्रिलोहं च राजरीतिर्महेश्वरी ॥**
**पीतलोहं हिमं रूक्षं कटूष्णं कफपित्तनुत् ॥१०॥**

पीतलोह, सिंहलक, कपिल, सैकुमारक, वर्तलोह, त्रिलोह, राजरीति र महेश्वरी : यी पित्तलका संस्कृत पर्यायवाची नामहरू हुन् । यो चिसो, रुखो, पिरो, उष्णवीर्य भएको र कफ तथा पित्तविकार नाशक हुन्छ ।

**राङ (रङ्ग)**

**रङ्ककं तीरकं वङ्गं त्रपु स्यात्करटी घनम् ।**
**रङ्गं लघु सरं रूक्षमुष्णं मेहकफक्रिमीन् ॥**
**निहन्ति पाण्डुं सश्वासं दृश्यमीषत्तु पित्तलम् ॥११॥**

रङ्कक, तीरक, वङ्ग, त्रपु, करटी र घन : यी राङका संस्कृत पर्यायवाची नामहरू हुन् । राङ पचाउन सहज,

मलमूत्र तलतिर सार्ने, रुखो, उष्णवीर्य भएको तथा प्रमेह, कफविकार, कीरा, पाण्डु र दम नाश गर्ने गुणको हुन्छ । यसले थोरै पित्तविकार गर्दछ ।

## जस्ता (जसद)

**जसदं रङ्गसदृशं दितिहेतुश्च तन्मतम् ।**
**जसदं तुवरं तिक्तं शीतलं कफपित्तहृत् ॥**
**चक्षुष्यं परमं मेहान् पाण्डुं श्वासं च नाशयेत् ॥१२॥**

जसद, रङ्गसदृश र दितिहेतु : यी जस्ताका संस्कृत पर्यायवाची नामहरू हुन् । यो टर्रो, तीतो, शीतवीर्य भएको तथा कफविकार र पित्तविकार नाशक हुन्छ । जस्ता आँखाका लागि अति हितकारी तथा प्रमेह, पाण्डु र दम नाशक हुन्छ ।

## सिसा (सीस)

**सीसं धातुमलं नागमुरगं परिपिष्टकम् ।**
**जवनेष्टं च भुजगं विसृष्टं कृष्णकं विदुः ॥**
**सीसं रङ्गगुणं ज्ञेयं विशेषान्मेहनाशनम् ॥१३॥**

सङ्कलन : मोहन प्रसाद सापकोटा

सीस, धातुमल, नाग, उरग, परिपिष्टक, जवनेष्ट, भुजग, विसृष्ट र कृष्णक : यी सिसाका संस्कृत पर्यायवाची नामहरू हुन् । सिसामा राङको गुण हुन्छन् भनी जान्नू । विशेषतः यसले प्रमेह नाश गर्दछ ।

## फलाम (लोह) र किट

**लोहं शस्त्रमयः कुष्ठं व्यङ्गं पारावतं घनम् ।**
**कृष्णायस्तन्मलं किट्टं मण्डूरो लोहजं रजः ॥१४॥**

लोह, शस्त्र, अय, कुष्ठ, व्यङ्ग, पारावत र घन : यी फलामका तथा कृष्णायस, तन्मल, किट्ट, मण्डूर, लोहज र रज : यी किटका संस्कृत पर्यायवाची नामहरू हुन् ।

**लोहं सरं गुरु स्वादु कषायं कफपित्तनुत् ।**
**शीतं नेत्रहितं रूक्षं बल्यं वातलमुत्तमम् ॥१५॥**
**शोफकुष्ठप्रमेहार्शोगरपाण्डुक्रिमीञ्जयेत् ।**
**तत्किट्टं तद्गुणं ज्ञेयं विशेषात्पाण्डुनाशनम् ॥१६॥**

फलाम मलमूत्र तलतिर सार्ने, पचाउन कठिन, स्वादिलो, टर्रो तथा कफविकार र पित्तविकार नाश गर्ने गुणको हुन्छ । यो शीतवीर्य भएको, आँखाका लागि हितकर, रुखो, बलदायक, वातविकार गर्ने र उत्तम गुणको हुन्छ

। यसले सुजन, कुष्ठ, प्रमेह, अल्काइ, कृत्रिम विषविकार, पाण्डु र कीरा माथि जित हासिल गर्दछ । फलामको किटमा फलामकै गुण हुन्छन् । यसमा विशेषतः पाण्डुरोग नाश गर्ने गुण हुन्छ ।

## पारो (पारद)

**पारदश्चपलो हेमनिधिः सूतो रसोत्तमः ।**
**त्रिनेत्रो रोषणः स्वामी हरबीजं रसः प्रभुः ॥१७॥**
**रसेन्द्रश्चेति विख्यातो रसलोहो महारसः ।**
**पारदः कृमिकुष्ठघ्नश्चक्षुष्योष्णो रसायनः ॥१८॥**

पारद, चपल, हेमनिधि, सूत, रसोत्तम, त्रिनेत्र, रोषण, स्वामी, हरबीज, रस, प्रभु, रसेन्द्र, रसलोह र महारस : यी पारोका संस्कृत पर्यायवाची नामहरू हुन् । पारोले कीरा र कुष्ठरोग नाश गर्दछ । यो आँखाका लागि हितकर, उष्णवीर्यको र रसायनी हुन्छ ।

## अभ्रक

**अभ्रकं स्वच्छमाकाशं पटलं वरपीतकम् ।**
**अभ्रं गुरु हिमं बल्यं कुष्ठमेहत्रिदोषनुत् ॥१९॥**
**गगनं कृमिकुष्ठमेहहृद् विशदं शुक्रकरं च दीपनम् ।**
**कथितं मुनिभिश्च पूर्वजैर्बलकृच्छुक्रकरं च सेवितम् ॥२०॥**

सङ्कलन : मोहन प्रसाद सपकोटा

अभ्रक, स्वच्छ, आकाश, पटल र वरपीतक : यी अभ्रखका संस्कृत पर्यायवाची नामहरू हुन् । अभ्रख पचाउन कठिन, शीतवीर्य भएको, बलदायक तथा कुष्ठ, प्रमेह र त्रिदोष नाशक हुन्छ । यसको सेवन गर्नाले कीरा, कुष्ठ र प्रमेह नाश हुन्छ । यसले रसलाई स्पष्ट पार्नुका साथै शुक्र समेत वृद्धि गर्दछ । यो दीपनी हुन्छ । पहिलेका मुनिजनले यसलाई बलदायक र शुक्रवर्धक बताएका छन् ।

## गन्धक

**गन्धः सौगन्धको लेखी गन्धाश्मा गन्धपीतकः ।**
**लेलीतको बलिवसा वेगन्धो गन्धको बलिः ॥२१॥**
**गन्धकः कटुकः पाके वीर्योष्णः पित्तलः सरः ।**
**हन्ति कुष्ठक्षयप्लीहकफवातरसामयान् ॥२२॥**

गन्ध, सौगन्धक, लेखी, गन्धाश्मा, गन्धपीतक, लेलीतक, बलिवसा, वेगन्ध, गन्धक र बलि : यी गन्धकका संस्कृत पर्यायवाची नामहरू हुन् । यो पचेपछि पिरो हुन्छ । गन्धक उष्णवीर्य भएको, पित्तविकार बढाउने र मलमूत्र तलतिर सार्ने गुणको हुन्छ । यसले कुष्ठ, क्षयरोग, फियोका रोग, कफविकार, वातविकार र पारोजन्य विकार नाश गर्दछ ।

## सुनामक्खी (सुवणमाक्षिक)

**माक्षिकं धातुमाक्षीकं ताप्यं तापीजमुच्यते ।**
**माक्षिकं तुवरं वृष्यं स्वर्यं लघु रसायनम् ॥२३॥**
**चक्षुष्यं कुष्ठशोफार्शोमेहबस्त्यर्तिपाण्डुताः ।**
**व्यवायि कटुकं हन्ति कुष्ठोदरविषक्षयान् ॥२४॥**

माक्षिक, धातुमाक्षीक, ताप्य र तापीज : यी सुनामक्खीका संस्कृत पर्यायवाची नामहरू हुन् । यो टर्रो, वीर्यवर्धक, स्वरका लागि हितकर, पचाउन सहज र रसायनी हुन्छ । सुनामक्खी आँखाका लागि हितकर तथा कुष्ठ, सुजन, अल्काई, प्रमेह, तल्लो पेटका रोग र पाण्डु नाशक हुन्छ । यो व्यवायी र पिरो हुन्छ । यसले कुष्ठ, पेटका रोग, विषविकार र क्षयरोग समेत नाश गर्दछ ।

## मनशिला (मनःशिला)

**मनःशिला शिला गोला नैपाली कुनटी कुला ।**
**दिव्यौषधिर्नागमाता मनोगुप्ता मनोऽम्बिका ॥२५॥**
**मनःशिला कृच्छ्रहरा सरोष्णा लेखनी कटुः ।**
**तिक्ता स्निग्धा विषश्वासकासभूतकफास्रजित् ॥२६॥**

सङ्कलन : मोहन प्रसाद सापकोटा

मनःशिला, शिला, गोला, नैपाली, कुनटी, कुला, दिव्यौषधि, नागमाता, मनोगुप्ता र मनोऽम्बिका : यी मनशिलाका संस्कृत पर्यायवाची नामहरू हुन् । यो कृच्छ्र नाशक, मलमूत्र तलतिर सार्ने, उर्ष्णवीर्य भएको, लेखनी, पिरो, तीतो, चिल्लो तथा विषविकार, दम, खोकी, भूतबाधा, कफविकार र रक्तविकार माथि जित हासिल गर्ने गुणको हुन्छ ।

## हरिताल

**हरितालमलं तालं गोदन्तं नटभूषणम् ।**
**हरितालं कटु स्निग्धं कषायोष्णं विषं जयेत् ॥**
**कण्डूकुष्ठास्यरोगांश्च कफपित्तकचग्रहान् ॥२७॥**

हरिताल, अल, ताल, गोदन्त र नटभूषण : यी हरितालका संस्कृत पर्यायवाची नामहरू हुन् । हरिताल पिरो, चिल्लो, टर्रो र उष्णवीर्यको हुन्छ । यसले विषविकार, लुतो, कुष्ठ, मुखका रोग, कफविकार, पित्तविकार, सुकेको घाउ र ग्रहवाधा माथि जित हासिल गर्दछ ।

## गेरु र सुवर्णगेरु

**गैरिकं रक्तपाषाणं गिरिधातु गवेधुकम् ।**
**स्वर्णवर्णं परं स्वर्णमण्डलं स्वर्णगैरिकम् ॥२८॥**
**गैरिकं दाहपित्तास्रकफहिक्काविषापहम् ।**
**चक्षुष्यमन्यत्तद्वच्च विशेषाद्वान्तिनाशनम् ॥२९॥**

गैरिक, रक्तपाषाण, गिरिधातु र गवेधुक : यी गेरुका तथा स्वर्णवर्ण, स्वर्णमण्डल र स्वर्णगैरिक : यी सुवर्णगेरुका संस्कृत पर्यायवाची नामहरू हुन् । गेरुले डाह, पित्तविकार, रक्तविकार, कफविकार, बाडुली रोग र विषविकार नाश गर्दछ । यो आँखाका लागि हितकर हुन्छ । सुवर्ण गेरुमा पनि यिनै हुन्छन् । विशेष गरी यसले वाकवाकी नाश गर्दछ ।

## निलोतुथो (तुत्थ)

**तुत्थं कर्पूरिकातुत्थममृतासङ्गमुच्यते ।**
**मयूरग्रीवकं चान्यच्छिखिकण्ठं च तुत्थकम् ॥३०॥**
**तुत्थकं लेखनं भेदि कण्डूकुष्ठविषापहम् ।**
**कफक्रिमिहरं तद्वदन्यच्चक्षुष्यमुत्तमम् ॥३१॥**

सङ्कलन : मोहन प्रसाद सापकोटा

तुत्थ, कपूरिकातुत्थ, अमृतासङ्ग र मयूरग्रीवक : यी नीलो तुथोका संस्कृत पर्यायवाची नामहरू हुन् । अर्को थरी तुथोलाई शिखिकण्ठ भनिन्छ । यो लेखनी, भेदनी तथा लुतो, कुष्ठ र विषविकार नाशक हुन्छ । यसले कफविकार र कीरा नाश गर्दछ । अर्कोथरी तुथोमा पनि यी गुणका अतिरिक्त आँखाका लागि अति हितकर गुण हुन्छ ।

## हिराकसी (कासीस)

**कासीसं धातुकासीसं खेचरं तप्तलोमशम् ।**
**अपरं पुष्पकासीसं तुवरं वस्त्ररागधृक् ॥३२॥**
**कासीसद्वयमम्लोष्णं तिक्तं केश्यं दृशे हितम् ।**
**हन्ति कण्डूविषश्वित्रमूत्रकृच्छ्रकफानिलान् ॥३३॥**

कासीस, धातुकासीस, खेचर र तप्तलोमश : यी हिराकसीका तथा पुष्पकासीस, तुवर र वस्त्ररागधृक् : यी पुष्पकासीसका संस्कृत पर्यायवाची नामहरू हुन् । दुवै थरी हिराकसी अमिला, उष्णवीर्य भएका, तीता तथा कपाल र आँखाका लागि हितकर हुन्छन् । यिनले लुतो, विषविकार, सेतोकुष्ठ, मूत्रकृच्छ्र, कफविकार र वातविकार नाश गर्दछन् ।

## हिङ्गुल

**हिङ्गुलं दरदं म्लेच्छं सैकतं चूर्णपारदम् ।**
**हिङ्गुलं पित्तकफनुच्चक्षुष्यं विषकुष्ठहृत् ॥३४॥**

हिङ्गुल, दरद, म्लेच्छ, सैकत र चूर्णपारद : यी हिङ्गुलका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले पित्तविकार र कफविकार नाश गर्दछ । यो आँखाका लागि हितकर हुन्छ । यसले विषविकार र कुष्ठ समेत नाश गर्दछ ।

## सिन्दूर

**सिन्दूरं नागजं रक्तं श्रीमच्छृङ्गारभूषणम् ।**
**वसन्तमण्डनं नागरक्तं रक्तरजस्तथा ॥३५॥**
**सिन्दूरमुष्णं वीसर्पकुष्ठकण्डूविषापहम् ।**
**भग्नसन्धानजननं व्रणशोधनरोपणम् ॥३६॥**

सिन्दूर, नागज, रक्त, श्रीमत्, श्रृङ्गारभूषण, वसन्तमण्डन, नागरक्त र रक्तरज : यी सिन्दूरका संस्कृत पर्यायवाची नामहरू हुन् । सिन्दूर उष्णवीर्य भएको द्रव्य हो । यसले वीसर्प, कुष्ठ, लुतो र विषविकार नाश गर्दछ । यसले भाँचिएका हाड जोड्दछ, घाउखटिरालाई प्रशोधन र भर्ने काम गर्दछ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

## सुर्मा (सौवीर)

**सौवीरमञ्जनं कृष्णं कालनीलं सुवीरजम् ।**
**स्रोतोऽञ्जनं तु स्रोतोजं नदीजं यामुनं वरम् ॥३७॥**
**सौवीरं ग्राहि मधुरं चक्षुष्यं कफवातजित् ।**
**सिध्मक्षयास्रनुच्छीतं स्रोतोऽञ्जनमपीदृशम् ॥३८॥**

सौवीर, अञ्जन, कृष्ण, कालनील, सुवीरज, स्रोतोऽञ्जन, स्रोतोज, नदीज, यामुन र वर : यी सुर्माका संस्कृत पर्यायवाची नामहरू हुन् । सुर्मा ग्राही, गुलियो, आँखाका लागि हितकर तथा कफविकार र वातविकारलाई जित्ने गुणको हुन्छ । यसले दुबी, क्षयरोग र रक्तविकार नाश गर्दछ । यो शीतवीर्यको हुन्छ । स्रोतोञ्जनमा पनि यिनै गुण हुन्छन् ।

## रसाञ्जन

**रसाञ्जनं रसोद्भूतं तार्क्ष्यं शैलं च तार्क्ष्यजम् ।**
**रसाग्र्यं कृत्रिमं तार्क्ष्यं दार्व्यं दार्वीरसोद्भवम् ॥३९॥**
**रसाञ्जनं कटु श्लेष्ममुखनेत्रविकारजित् ।**
**उष्णं रसायनं तिक्तं छेदनं व्रणदोषजित् ॥४०॥**

रसाञ्जन, रसोद्भूत, तार्क्ष्य, शैल, तार्क्ष्यज, रसाग्र्य, कृत्रिम, दार्व्य र दार्वीरसोद्भव : यी रसाञ्जनका संस्कृत पर्यायवाची नामहरू हुन् । यो पिरो हुन्छ । यसले कफविकार, मुखका विकार र आँखाका विकार माथि विजय हसिल गर्दछ । यो उष्णवीर्यको, रसायनी, तीतो, छेदनी र घाउखटिराका दोषलाई जित्ने गुणको हुन्छ ।

## गाजल विशेष (पुष्पाञ्जन)

**पुष्पाञ्जनं पुष्पकेतुं रीतिजं कुसुमाञ्जनम् ।**
**पुष्पाञ्जनं क्षारमुष्णं काचार्मपटलापहम् ॥४१॥**

पुष्पाञ्जन, पुष्पकेतु, रीतिज र कुसुमाञ्जन : यी गाजल विशेषका संस्कृत पर्यायवाची नामहरू हुन् । यो क्षारयुक्त र उष्णवीर्यको हुन्छ । यसले आँखाको रोग विशेष (काच र अर्म) र मोतिबिन्दु (पटल) लाई नाश गर्दछ ।

## सिलाजित

**शिलाजतूष्णजं शैलनिर्यासो गिरिशाह्वयम् ।**
**शिलाह्वं गिरिजं शैलं शैलेयं गिरिजत्वपि ॥४२॥**
**शिलाजतूष्णं कटुकं योगवाहि रसायनम् ।**
सङ्कलन : मोहन प्रसाद सपकोटा
**छर्दिप्रमेहवातार्शः कुष्ठास्योदरपाण्डुताः ॥**
**हन्ति श्वासक्षयोन्मादरक्तशोफकफक्रिमीन् ॥४३॥**

शिलाजतु, उष्णज, शैलनिर्यास, गिरिशाह्वय, शिलाह्व, गिरिज, शैल, शैलेय र गिरिजतु : यी सिलाजितका संस्कृत पर्यायवाची नामहरू हुन् । यो उष्णवीर्यको, पिरो, योगवाही र रसायनी हुन्छ । यसले वाकवाकी, प्रमेह, वातविकार, अल्काई, कुष्ठ, मुखका रोग, पेटका रोग, पाण्डुरोग, दम, क्षयरोग, पागलपन, रक्तविकार, सुजन, कफविकार र कीरा नाश गर्दछ ।

## बोल

**बोलं गन्धरसं वीरं निर्लोहं बर्बरं चलम् ।**
**सुगन्धि नालिका पिण्डं रसगन्धं च तद् द्विधा ॥४४॥**
**बोलं रक्तहरं शीतं मेध्यं दीपनपाचनम् ।**
**ज्वरापस्मारकुष्ठघ्नं गर्भाशयविशोधनम् ॥४५॥**

बोल, गन्धरस, वीर, निर्लोह, बर्बर, चल, सुगन्धि, नालिका, पिण्ड र रसगन्ध : यी बोलका संस्कृत पर्यायवाची नामहरू हुन् । यो दुई थरी हुन्छ । यसले रक्तविकार नाश गर्दछ । यो शीतवीर्यको, दिमागको ग्रहण गर्ने क्षमता बढाउने, दीपनी र पाचनी हुन्छ । बोलले जरो, छारेरोग र कुष्ठ नाश गर्दछ । यसले गर्भाशयलाई प्रशोधन गर्दछ ।

## फट्किरी

**स्फटिकाख्या मृता बाष्पी कक्षी सौराष्ट्रसम्भवा ।**
**आडकी तुवरा त्वन्या मृत्तिका सुरमृत्तिका ॥४६॥**
**स्फटिकाख्या कषायोष्णा कफपित्तविषव्रणान् ।**
**निहन्ति श्वित्रवीसर्पांस्तुवरी तद्गुणा मता ॥४७॥**

स्फटिकाख्य, मृता, बाष्पी, कक्षी र सौराष्ट्रसम्भवा : यी फट्किरीका तथा आडकी, तुवरा, मृत्तिका र सुरमृत्तिका : यी अर्को थरी फट्किरीका संस्कृत पर्यायवाची नामहरू हुन् । यो टर्रो र उष्णवीर्यको हुन्छ । यसले कफविकार, पित्तविकार, विषविकार, घाउखटिरा, सेतोकुष्ठ र वीसर्प नाश गर्दछ । दोश्रो थरी फट्किरीमा पनि यिनै गुण हुन्छन् ।

## समुद्रफेन

**समुद्रफेनो डिण्डीरः फेनो वारिकफो द्विजः ।**
**समुद्रफेनश्चक्षुष्यो लेखनः शीतलः सरः ॥४८॥**

समुद्रफेन, डिण्डीर, फेन, वारिकफ र द्विज : यी समुद्रफेनका संस्कृत पर्यायवाची नामहरू हुन् । यो आँखाका लागि हितकर, लेखनी, शीतवीर्यको र मलमूत्र तलतिर सार्ने गुणको हुन्छ ।

## मुगा (प्रवाल)

**प्रवालं विद्रुमं सिन्धुर्लताग्रं रक्तवर्णकम् ।**
**पुष्टिदं कान्तिदं बल्यं वर्धनं बलशुक्रयोः ॥४९॥**

प्रवाल, विद्रुम, सिन्धु, लताग्र र रक्तवर्णक : यी मुगाका संस्कृत पर्यायवाची नामहरू हुन् । यो पुष्टिदायक, कान्तिदायक, बलदायक तथा बल र शुक्र वर्धक हुन्छ ।

## मोती (मौक्तिक)

**मौक्तिकं तौतिला मुक्ताफलं मुक्ता च शुक्तिजम् ।**
**मौक्तिकं मधुरं शीतं रोगघ्नं विषनाशनम् ॥५०॥**

मौक्तिक, तौतिला, मुक्ताफल, मुक्ता र शुक्तिज : यी मोतीका संस्कृत पर्यायवाची नामहरू हुन् । यो गुलियो, शीतवीर्यको, रोगनाशक र विषविकार नाशक हुन्छ ।

## माणिक (माणिक्य)

**माणिक्यं पद्मरागं स्याद्वसु रत्नं सुरत्नकम् ॥५१॥**

माणिक्य, पद्मराग, वसु, रत्न र सुरत्नक : यी माणिकका संस्कृत पर्यायवाची नामहरू हुन् ।

## सूर्यकान्तमणि

**सूर्यकान्तः सूर्यमणिः सूर्याख्यो दहनोपलः ॥५२॥**

सूर्यकान्त, सूर्यमणि, सूर्याख्य र दहनोपल : यी सूर्यकान्तमणिका संस्कृत पर्यायवाची नामहरू हुन् ।

## चन्द्रकान्तमणि

**कचन्द्रकान्तश्चन्द्रमणिः स्फटिकः स्फटिकोपलः ॥५३॥**

चन्द्रकान्त, चन्द्रमणि,  स्फटिक र स्फटिकोपल : यी चन्द्रकान्तमणिका संस्कृत पर्यायवाची नामहरू हुन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

## गोमेद

**गोमेदं सुन्दरं पीतं रत्नं तृणचरं तथा ॥५४॥**

गोमेद, सुन्दर, पीत, रत्न र तृणचर : यी गोमेदका संस्कृत पर्यायवाची नामहरू हुन् ।

## (हिरा) हीरक

**हीरकं भिदुरं वज्रं सूचीवक्त्रं वरार्धकम् ॥५५॥**

हीरक, भिदुर, वज्र, सूचीवक्त्र र वरार्धक : यी हिराका संस्कृत पर्यायवाची नामहरू हुन् ।

## वैदूर्य (नीलवैडूर्य)

**नीलरक्तं नीलमणिर्वैडूर्यं बालवायजम् ॥५६॥**

नीलरक्त र नीलमणि : यी नीलमणिका तथा वैडूर्य र बालवायज : यी वैदूर्यका संस्कृत पर्यायवाची नामहरू हुन् ।

## पन्ना (मरकतमांण)

**गारुत्मतं मरकतं दृषद्गर्भं हरिन्मणिः ॥५७॥**

गारुत्मत, मरकत, दृषद्गर्भ र हरिन्मणि : यी पन्नाका संस्कृत पर्यायवाची नामहरू हुन् ।

## सिपी (शुक्ति)

**मुक्तास्फोटोऽब्धिमण्डूकी शुक्तिर्मौक्तिकमन्दिरम् ॥५८॥**

मुक्तास्फोट, अब्धिमण्डूकी, शुक्ति, मौक्तिक र मन्दिर : यी सिपीका संस्कृत पर्यायवाची नामहरू हुन् ।

## सिपीविशेष (मुक्तिकान्ति)

**कटुकान्तिर्मुक्तिकान्तिर्दीपनी वह्निनाशिनी ॥५९॥**

कटुकान्ति, मुक्तिकान्ति, दीपनी र वह्निनाशिनी : यी सिपीविशेषका संस्कृत पर्यायवाची नामहरू हुन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

## प्रवालादिका गुण

**प्रवालमुक्तामाणिक्यसूर्यशीतकरोपलाः ।**
**गोमेदवज्रवैडूर्यनीलगारुत्मतादयः ॥६०॥**
**चक्षुष्या लेखनाः शीताः कषाया मधुराः सराः ।**
**माङ्गल्या धारणाद्दाहदुष्टग्रहविषापहाः ॥६१॥**

मुगा, मोती, माणिक, सूर्यकान्तमणि, चन्द्रकान्तमणि, गोमेद, हिरा, वैदूर्य, पन्ना, आदि रत्न आँखाका लागि हितकर, लेखनी, शीतवीर्य भएका, टर्रा, गुलिया र मलमूत्र तलतिर सार्ने गुणका हुन्छन् । यिनलाई लगाउनाले मङ्गलदायक हुन्छन् तथा डाह, दुष्टग्रहबाधा र विषविकार नाश गर्दछन् ।

## शङ्ख

**शङ्खः कम्बुर्जलधरो वारिजो दीर्घनिःस्वनः ।**
**शङ्खो हि कटुकः पाके कषायो मधुरो लघुः ॥६२॥**
**चक्षुष्यो लेखनः पक्तिशूलपित्तविनाशनः ।**
**शङ्खो नेत्रहितः शीतो लघुः पित्तकफास्रजित् ॥६३॥**

शङ्ख, कम्बु, जलधर, वारिज र दीर्घनिस्वन : यी शङ्खका संस्कृत पर्यायवाची नामहरू हुन् । शङ्ख (भस्म) पचेपछि पिरो, टर्रो र गुलियो हुन्छ । यो पचाउन सहज, आँखाका लागि हितकर, लेखनी तथा पक्तिशूल र पित्तविकार नाशक हुन्छ । यसले आँखालाई फाइदा गर्दछ, शीतवीर्यको र पचाउन सहज हुन्छ । यसले पित्तविकार, कफविकार र रक्तविकारमाथि जित हासिल गर्दछ ।

## सानो शङ्ख र कौडा

**शङ्खो लघुशङ्खनकः शम्बुका वारिशुक्तयः ।**
**कपर्दाः क्षुल्लका ज्ञेयाश्चराचरमराटकाः ॥**
**लघुशङ्खादयः शीता नेत्ररुक्स्फोटनाशनाः ॥६४॥**

शङ्ख, लघु, शङ्खनक, शम्बुक र वारिशुक्त : यी सानो शङ्खका संस्कृत पर्यायवाची नामहरू हुन् । कपर्द, क्षुल्लक, चराचर र वराटक : यी कौडाका संस्कृत पर्यायवाची नामहरू हुन् । सानो शङ्ख (कौडा) आदि शीतवीर्य भएका तथा आँखाका रोग र खटिरा (स्फोट) नाशक हुन्छन् ।

## खरी (खटी, चक)

**खटी कपोलः खटिनी श्वेता नाडीतरङ्गकः ।**
**तद्भेदो गौडपाषाणः क्षीरपाक उदाहृतः ॥**
सङ्कलन : मोहन प्रसाद सपकोटा
**खटी दाहास्रनुच्छीता गौडग्रावापि तद्गुणः ॥६५॥**

खटी, कपोल, खटिनी, श्वेता र नाडीतरङ्गक : यी खरीका संस्कृत पर्यायवाची नामहरू हुन् । यसका गौडपाषाण र क्षीरपाक गरी दुई जात हुन्छन् । खरीले डाह र रक्तविकार नाश गर्दछ । यो शीतवीर्यको हुन्छ । गौडग्राव (?) मा पनि यही गुण हुन्छ ।

## हिलो र बालुवा (पङ्कवालुका)

**पङ्कः कर्दमको ज्ञेयो वालुका सिकता तथा ।**
**पङ्को दाहास्रपित्तार्त्तिशोथघ्नः शीतलः सरः ॥**
**वालुका लेखनी शीता व्रणोरःक्षतनाशिनी ॥६६॥**

हिलोका पङ्क र कर्दमक तथा बालुवाका वालुका र सिकता संस्कृत पर्यायवाची नामहरू हुन् । हिलोले डाह, रक्तपित्त रोग र सुजन नाश गर्दछ । यो शीतवीर्यको र मलमूत्र तलतिर सार्ने गुणको हुन्छ । बालुवा लेखनी र शीतवीर्यको हुन्छ । यसले घाउखटिरा र ऊरक्षत रोग नाश गर्दछ ।

## चुम्बक (पत्थर)

**चुम्बकः कान्तपाषाणोऽयस्कान्तो लोहकर्षकः ।**
**चुम्बको लेखनः शीतो मेदोविषगरापहः ॥६७॥**

चुम्बक, कान्तपाषाण, अयस्कान्त र लोहकर्षक : यी चुम्बक (पत्थर) का संस्कृत पर्यायवाची नामहरू हुन् । यो लेखनी र शीतवीर्यको हुन्छ । यसले बोसोविकार, विषविकार र कृत्रिम विषविकार नाश गर्दछ ।

## काँच (काच)

**काचः कृत्रिमरत्नं स्याद्विगुणः काचभाजनम् ।**
**काचो विदारणो व्रण्यश्चक्षुष्यो लेखनो लघुः ॥६८॥**

काच, कृत्रिमरत्न, विगुण र काचभाजन : यी काँचका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले फोर्दछ, घाउ बनाउँदछ र घाउ भर्न सहयोग गर्दछ, आँखालाई फाइदा गर्दछ तथा लेखनी र पचाउन सहज हुन्छ ।

## उपसंहार

**यो राज्ञां मुखतिलकः कटारमल्लस्तेन श्रीमदननृपेण निर्मितेऽत्र ।**
**ग्रन्थेऽभून्मदनविनोदनाम्नि पूर्णश्चित्रोऽयं ललितपदैः सुवर्णवर्गः ॥६९॥**

राजाहरूमा श्रेष्ठ उनै कटारमल्ल मदनपाल राजाले रचना गरेको मदनविनोद नामक ग्रन्थमा सुन्दर पदावलीले युक्त यो सुवर्णादि वर्ग समाप्त भएको छ ।

**॥ इति श्रीमदनपालविरचिते मदनविनोदे (मदनपालनिघण्टौ) सुवर्णादिवर्गः चतुर्थः ॥४॥**

॥ मदनपालले लेखेको मदनविनोद (मदनपाल निघण्टु) मा रहेको चौथो सुवर्णादि वर्गको मोहन प्रसाद सापकोटाद्वारा नेपालीमा गरिएको भावानुवाद सकिएको छ ॥४॥

## ॥ अथ वटांदिवर्गः ॥

## प्रार्थना

**करेण सङ्गृह्य कुचौ महिष्याः पयः पिबन्तं पुरुषं पुराणम् ।**
**विचित्रलीलं परिशुद्धशीलं तमालनीलं शिशुमाश्रयामि ॥१॥**

(म मदनपाल) यशोदाका स्तनलाई हातले समाई दूध पिइरहेका विचित्रका लिला देखाउने पूर्ण शुद्ध कृष्णरूपका बालक पुराणपुरुषोत्तमका शरणमा पर्दछु ।

### वर (वट)

**वटो रक्तपदा क्षीरी बहुपादो वनस्पतिः ।**
**यक्षावासः पदारोही न्यग्रोधः स्कन्धजो ध्रुवः ॥**
**वटः शीतो गुरुर्ग्राही कफपित्तव्रणापहः ॥२॥**

वट,रक्तपदा, क्षीरी बहुपाद, वनस्पति, यक्षावास, पदारोही, न्यग्रोध, स्कन्धज र ध्रुव : यी वरका संस्कृत पर्यायवाची नामहरू हुन् । यो शीतवीर्यको, पचाउन कठिन, ग्राही तथा कफविकार, पित्तविकार र घाउखटिरा नाशक हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

### पिप्पल

**पिप्पलः श्यामलोऽश्वत्थः क्षीरवृक्षो गजाशनः ।**
**हरिवासश्चलदलो मङ्गल्यो बोधिपादपः ॥**
**पिप्पलो दुर्जयः शीतः पित्तश्लेष्मव्रणास्रजित् ॥३॥**

पिप्पल, श्यामल, अश्वत्थ, क्षीरवृक्ष, गजाशन, हरिवास, चलदल, मङ्गल्य र बोधिपादप : यी पिप्पलका संस्कृत पर्यावाची नामहरू हुन् । यो सजिलै जिन्न नसकिने (पचाउन कठिन), शीतवीर्य भएको तथा पित्तविकार, कफविकार र घाउखटिरा माथि जित हासिल गर्ने गुणको हुन्छ ।

### पारिसपिप्पल

**पारिशोऽन्यः पलीशः स्यात्कपिनूतः कपीतनः ।**
**पारिशाश्वत्थको वृष्यः स्निग्धः श्लेष्मकृमिप्रदः ॥४॥**

पारिश, पलीश, कपिनूत र कपीतन : यी पारिसपिप्पलका संस्कृत पर्यायवाची नामहरू हुन् । यो वीर्यवर्धक, चिल्लो तथा कफविकार र कीरा पार्ने गुणको हुन्छ ।

## डुम्री

**उदुम्बरः क्षीरवृक्षो जन्तुवृक्षः सदाफलः ।**
**हेमदुग्धः कृमिफलो यज्ञाङ्गः शीतवल्कलः ॥**
**उदुम्बरो हिमो व्रण्यः कफपित्तास्रजिद् गुरुः ॥५॥**

उदुम्बर, क्षीरवृक्ष, जन्तुवृक्ष, सदाफल, हेमदुग्ध, कृमिफल, यज्ञाङ्ग र शीतवल्कल : यी डुम्रीका संस्कृत पर्यायवाची नामहरू हुन् । यो शीतवीर्य भएको, घाउखटिराका लागि हितकर तथा कफविकार, पित्तविकार र रक्तविकार माथि जित हासिल गर्ने गुणको हुन्छ । यो पचाउन कठिन हुन्छ ।

## काठेडुम्री (काकोदुम्बरिका)

**काकोदुम्बरिका फल्गुर्मलायुश्चित्रभेषजम् ।**
**काकोदुम्बरिका तद्वद्विशेषाच्छ्वित्र(छिन्न)नाशिनी ॥६॥**

काकोदुम्बरिका, फल्गु, मलायु र चित्रभेषज : यी काठे डुम्रीका संस्कृत पर्यायवाची नामहरू हुन् । काठेडुम्रीमा डुम्रीकै गुण हुन्छन् । विशेषतः यो काटेको ठाउँमा ओखती हुन्छ ।

## पाखरी (प्लक्ष)

सङ्कलन : मोहन प्रसाद सापकोटा

**प्लक्षः प्लवश्चारुवृक्षः सुपार्श्वो गर्दभाण्डकः ।**
**वटी कमण्डलुर्यूपः पिप्परिश्चारुदर्शनः ॥**
**प्लक्षः शीतो व्रणश्लेष्मपित्तशोथविसर्पजित् ॥७॥**

प्लक्ष, प्लव, चारुवृक्ष, सुपार्श्व, गर्दभाण्डक, वटी, कमण्डलु, यूप, पिप्परि र चारुदर्शन : यी पाखरीका संस्कृत पर्यायवाची नामहरू हुन् । यो शीतवीर्य भएको हुन्छ । यसले घाउखटिरा, कफविकार, पित्तविकार, सुजन र विसर्प माथि जित हासिल गर्दछ ।

## पञ्चक्षीरवृक्ष

**न्यग्रोधोदुम्बरोऽश्वत्थः पारिशः प्लक्षपादपः ।**
**पञ्चैते क्षीरिणः प्रोक्तास्तेषां त्वक् पञ्चवल्कला ॥८॥**

बर, डुम्री, पिप्पल, पारिसपिपल र पाखरी : यी पाँच दूधे वृक्ष (पञ्चक्षीर वृक्ष) हुन् । यी पाँच थरी रूखका बोक्रालाई पञ्चवल्कल भनिन्छ ।

**त्वक्पञ्चकं हिमं ग्राहि व्रणशोथविसर्पजित् ।**

**कोचित्तु पारिशस्थाने शिरीषं वेतसं परे ॥९॥**

पञ्चवल्कल शीतवीर्यको र ग्राही हुन्छ । यसले घाउखटिरा, सुजन र विसर्प माथि जित हासिल गर्दछ । कतिपय वैद्य पारिसपिपलका ठाउँमा शिरीष र अन्य कतिपय बेत वा पानीवेतको प्रयोग गर्दछन् ।

**क्षीरवृक्षा हिमा व्रण्या योनिदोषव्रणापहाः ।**
**शोफपित्तकफास्रघ्नाः स्तन्या भग्ननास्थियोगदाः ॥१०॥**

क्षीरवृक्ष शीतवीर्यका हुन्छन् । यिनले घाउखटिरा र योनिका रोग नाश गर्दछन् । यिनले सुजन, पित्तविकार, कफविकार र रक्तविकार नाश गर्दछन् । क्षीरवृक्षले दूध बढाउँदछन् र भाँचिएका हाड जोड्दछन् ।

**तेषां पत्रं हिमं ग्राहि कफवातास्रनुल्लघु ।**
**फलं विष्टम्भि सङ्ग्राहि रक्तपित्तकफापहम् ॥११॥**

क्षीरवृक्षका पात पनि शीतवीर्यको हुन्छ । यो ग्राही तथा कफविकार, वातविकार र रक्तविकार नाशक एवं पचाउन हलुका हुन्छ । क्षीरवृक्षका फल विष्टम्भी, ग्राही तथा रक्तविकार, पित्तविकार र  कफविकार नाशक हुन्छन् ।

## लहरेपीपल

सङ्कलन : मोहन प्रसाद सापकोटा

**नन्दीवृक्षोऽश्वत्थभेदः प्ररोही गजपादपः ।**
**नन्दीवृक्षोऽश्वत्थगुणो लघूष्णो गरनुत्पुनः ॥१२॥**

नन्दीवृक्ष, अश्वत्थभेद, प्ररोही र गजपादप : यी लहरेपीपलका संस्कृत पर्यायवाची नामहरू हुन् । यसमा पीपलका गुण हुन्छन् । यो पचाउन सहज, उष्णवीर्य भएको र विष नाशक हुन्छ ।

## कदम (कदम्ब)

**कदम्बो गन्धवत्पुष्पः प्रावृषेण्यो महोन्नतिः ।**
**अन्यो धूलिकदम्बः स्यान्नीपो राजकदम्बकः ॥**
**कदम्बः शीतलः श्लेष्मपित्तरक्तगदापहः ॥१३॥**

कदम्ब, गन्धवत्पुष्प, प्रावृषेढय र महोन्नति : यी कदमका संस्कृत पर्यायवाची नामहरू हुन् । धूलिकदम्ब, नीप र राजकदम्ब : यी ठूलो फल फल्ने कदमका संस्कृत पर्यायवाची नामहरू हुन् । कदम शीतवीर्य भएको तथा कफविकार, पित्तविकार र रक्तविकार नाशक हुन्छ ।

## काउलो (अर्जुन)

**ककुभोऽर्जुननामा स्यात् नदीसर्जः शठद्रुमः ।**
**ककुभः शीतलो भग्नक्षतक्षयविषास्रजित् ॥१४॥**

ककुभ, अर्जुन र अर्जुनका पर्यायवाची शब्दहरू, नदीसर्ज र शठद्रुम : यी काउलोका संस्कृत पर्यायवाची नामहरू हुन् । यो शीतवीर्य भएको तथा भाँचिएको, घाउ, क्षयरोग, विष र रक्तविकार माथि जित हासिल गर्ने गुणको हुन्छ ।

## शिरीष

**शिरीषः प्लवगो विप्रः शुकवृक्षः कपीतनः ।**
**मृदुपुष्पः श्यामवर्णोः भण्डीरः शङ्खिनीफलः ॥**
**शिरीषः शीतलो वर्ण्यो विषवीसर्पशोथजित् ॥१५॥**

शिरीष, प्लवग, विप्र, शुकवृक्ष, कपीतन, मृदुपुष्प, श्यामवर्ण, भण्डीर र शङ्खिनीफल : यी शिरीषका संस्कृत पर्यायवाची नामहरू हुन् । यो शीतवीर्य भएको, वर्णमा निखार लेराउने तथा विषविकार, वीसर्प र सुजन माथि जित हासिल गर्ने गुणको हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

## नीलो फुल्ने कटसरैया (आर्तगल)

**आर्गटः स्यादार्तगलो बहुकण्टः प्रघर्षणः ।**
**आर्गटः स्तुवरः शीतो व्रणशोधनरोपणः ॥१६॥**

आर्गट,  आर्त्तगल, बहुकण्ट र प्रघर्षण : यी नीलो फूल फुल्ने कटसरैयाका संस्कृत पर्यायवाची नामहरू हुन् । यो टर्रो, शीतवीर्य भएको तथा  घाउ प्रशोधन गर्ने र भर्ने गुणको हुन्छ । (कसैकसैले यसलाई एक काँडेदार वृक्ष भनी उल्लेख गरेका छन्) ।

## बेत (वेतस)

**वेतसो वञ्जुलो नम्रो वानीरो दीर्घपत्रकः ।**
**नादेयो मध्यपुष्पोऽन्यस्तोयकामो निकुञ्जकः ॥१७॥**

वेतस, वञ्जुल, नम्र, वानीर, दीर्घपत्रक, नादेय, मध्यपुष्प, तोयकाम र निकुञ्जक : यी बेतका संस्कृत पर्यायवाची नामहरू हुन् ।

## पानीबेत (जलवेतस)

**जलौकासम्भृतोऽम्भोजो निचुलो जलवेतसः ॥१८॥**

जलौकासम्भृत, अम्भोज, निचुल र जलवेतस : यी पानीबेतका संस्कृत पर्यायवाची नामहरू हुन् ।

## हिज्जल

**इज्जलो हिज्जलो गुच्छफलः स्यात्कच्छपोलिका ॥१९॥**

इज्जल, हिज्जल, गुच्छफल र कच्छापोलिका : यी हिज्जलका संस्कृत पर्यायवाची नामहरू हुन् ।

## बेत का फाइदा

**वेतसः शीतलो दाहशोफार्शोयोनिरुग्व्रणान् ।**
**हन्ति विसर्पकृच्छ्रास्रपित्ताश्मरिकफानिलान् ॥२०॥**

वेत शीतवीर्य भएको तथा डाह, सुजन अल्काई, योनिका रोग र घाउखटिरा नाशक हुन्छ । यसले वीसर्प, कृच्छ्र, रक्तविकार, पित्तविकार, पत्थरी, कफविकार र वातविकार समेत नाश गर्दछ ।

## पानीबेत र हिज्जलका फाइदा

**जलजो वेतसः शीतः सङ्ग्राही वातकोपनः ।**
**इज्जलस्तद्गुणः प्रोक्ताः विशेषाद्विषनाशनः ॥२१॥**

पानीबेत शीतवीर्य भएको, ग्राही र वातविकार गर्ने गुणको हुन्छ । हिज्जलमा पनि यिनै गुणहुन्छन् भनी बताइएको छ । यसमा विशेषतः विषनाशक गुण हुन्छ ।

## लौसी

**श्लेष्मातकः कर्बुदारः पिच्छली भूतपादपः ।**
**शेलुः शैलुश्च शैलूकः शैलिको द्विजकुत्सिकः ॥२२॥**

श्लेष्मातक, कर्बुदार, पिच्छली, भूतपादप, शेलु, शैलु, शैलूक, शैलिक र द्विजकुत्सिक : यी लौसीका संस्कृत पर्यायवाची नामहरू हुन् ।

**श्लेष्मातको विषस्फोटव्रणवीसर्पकुष्ठजित् ।**
**केश्योष्णस्तत्फलं वृष्यं वातपित्तक्षयास्रजित् ॥२३॥**

लौसीले विषविकार, खटिरा, घाउ, वीसर्प र कुष्ठलाई जित्दछ । यो कपालका लागि हितकारी र उष्णवीर्यको हुन्छ । त्यसको फल वीर्यवर्धक तथा वातविकार, पित्तविकार, क्षयरोग र रक्तविकार माथि जित हासिल गर्ने गुणको हुन्छ ।

## पीलु

**पीलुःशतसहस्रांशी तीक्ष्णस्तु करभप्रियः ।**
**सहस्राङ्गी गुडफलस्तत्फलं पीलु पीलुजम् ॥२४॥**
**पीलूष्णं दीपनं भेदि रक्तपित्तकरं लघु ।**
**गुल्मार्शः प्लीहवाताश्मकफहारि रसायनम् ॥२५॥**

पीलु, शतसहस्रांशी, तीक्ष्ण, करभप्रिय र सहस्राङ्गी : यी पीलुका संस्कृत पर्यायवाची नामहरू हुन् । यसको फललाई पीलु वा पीलुज भनिन्छ । यो उष्णवीर्यको, दीपनी, भेदी, रक्तपित्त गर्ने, पचाउन हलुका तथा गुल्म, अल्काई, फियोका रोग, वातविकार, पत्थरी र कफविकार नाशक एवं रसायनी हुन्छ ।

## टिक

सङ्कलन : मोहन प्रसाद सापकोटा

**शाकः खरच्छदो भूमिसहो दीर्घच्छदो मतः ।**
**शाकः श्लेष्मानिलास्रघ्नो गर्भसन्धानदो हिमः ॥२६॥**

शाक, खरच्छद, भूमिसह र दीर्घच्छद : यी टिकका संस्कृत पर्यायवाची नामहरू हुन् । टिकले कफविकार, वातविकार र रक्तविकार नाश गर्दछ । यसले गर्भस्थापना गर्दछ । यो शीतवीर्यको हुन्छ ।

## साल

**शालः सर्जरसः सर्जः श्रीकृष्णारिश्च पत्रकः ।**
**शालो ग्राही व्रणश्लेष्मदग्धरुग्विषनुद्धिमः ॥२७॥**

शाल, सर्जरस, सर्ज, श्रीकृष्णारि र पत्रक : यी सालका संस्कृत पर्यायवाची नामहरू हुन् । साल ग्राही हुन्छ । यसले घाउखटिरा, कफविकार, पोलेको घाउ र विषविकार नाश गर्दछ । यो शीतवीर्यको हुन्छ ।

## सतिसाल (तमाल)

**तमाल उत्कस्तापिच्छः कालस्कन्धो मितद्रुमः ।**

**तमालस्तद्गुणः शोथदाहविस्फोटहृत्पुनः ॥२८॥**

तमाल, तापिच्छ, कालस्कन्ध र मितद्रुम : यी सतिसालका संस्कृत पर्यायवाची नामहरू हुन् । सतिसालमा सालका सबै गुण हुन्छ । यसले सुजन, डाह र विस्फोट पनि नाश गर्दछ ।

## खयर (खदिर)

**खदिरो रक्तसारः स्याद्गायत्री बालपत्रकः ।**
**खदिरः श्वेतसारोऽन्यः कार्मुकः कुब्जकण्टकः ॥२९॥**
**खदिरः शीतलो दन्त्यः कृमिमेहज्वरव्रणान् ।**
**श्वित्रशोथामपित्तास्रपाण्डुकुष्ठकफाञ्जयेत् ॥३०॥**
**निर्यासस्तस्य मधुरो बल्यः शुक्रविवर्द्धनः ।**
**सारस्तु विशदो बल्यो मुखरोगकफास्रजित् ॥३१॥**

खदिर, रक्तसार, गायत्री र बालपत्रक : यी खयरका तथा खदिर, श्वेतसार, कार्मुक र कुब्जकण्टक : यी अर्को खालको खयरका संस्कृत पर्यायवाची नामहरू हुन् । खयर शीतवीर्यको र दाँतका लागि फाइदाजनक हुन्छ । यसले कीरा, प्रमेह, जरो, घाउखटिरा, सेतोकुष्ठ, सुजन, आमविकार, पित्तविकार, रक्तविकार, पाण्डुरोग, कुष्ठ र कफविकार माथि जित हासिल गर्दछ । यसको खोटो मिठो, बलदायक र शुक्रवर्धक हुन्छ । यसको कत्था सुन्दर, बलदायक हुन्छ तथा मुखका रोग, कफविकार र रक्तविकार माथि जित हासिल गर्ने गुणको हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सपकोटा

## गनाउने खयर (अरिमेद)

**अरिमेदो विट्खदिरो गोधास्कन्धोऽरिमेदकः ।**
**अरिमेदः कषायोष्णो मुखदन्तगदास्रनुत् ॥**
**तथा कण्डूविषश्लेष्मक्रिमिकुष्ठव्रणाञ्जयेत् ॥३२॥**

अरिमेद, विट्खदिर, गोधास्कन्ध र अरिमेदक : यी गनाउने खयरका संस्कृत पर्यायवाची नामहरू हुन् । यो टर्रो, उष्णवीर्यको तथा मुख, दाँत तथा रगत सम्बन्धी रोग नाशगर्ने गुणको हुन्छ । यसले लुतो, विषविकार, कफविकार, कीरा, कुष्ठ र घाउखटिरा माथि विजय हासिल गर्दछ ।

## बबुर

**बबूलः किङ्करालः स्यात्पीतकः पीतपुष्पकः ।**
**बबूलः कफनुद् ग्राही कुष्ठक्रिमिविषापहः ॥**
**रक्तपित्तं कषायेण निहन्ति दिनसप्तकैः ॥३३॥**

बबूल, किङ्कराल, पीतक र पीतपुष्पक : यी बबुरका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले कफविकार नाश गर्दछ । यो ग्राही तथा कुष्ठ, कीरा र विषविकार नाशक हुन्छ । यसको काँडापानीले सात दिनमै रक्तपित्त नाश गर्दछ ।

## विजयशाल

**बीजकोऽशनकः सौरी प्रियः काम्योऽलकप्रियः ॥३४॥**
**बीजकः कुष्ठवीसर्पश्वित्रमेहज्वरक्रिमीन् ।**
**हन्ति श्लेष्मास्रपित्तानि त्वच्यः केश्यो रसायनः ॥३५॥**

बीजक, अशनक, सौरी, प्रिय, काम्य र अलकप्रिय : यी विजयशालका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले कुष्ठ, वीसर्प, सेतोकुष्ठ, प्रमेह, जरो, कीरा, कफविकार, रक्तविकार र पित्तविकार नाश गर्दछ । यो छाला र कपालका लागि हितकर हुनुका साथै रसायनी पनि हुन्छ ।

## तिनिश (खल्लु)

**तिनसः स्पन्दनो नेमी सर्वसारोऽश्मगन्धकः ।**
**तिनसः श्लेष्मपित्तास्रमेदः कुष्ठप्रमेहनुत् ॥३६॥**

सङ्कलन : मोहन प्रसाद सापकोटा

तिनस, स्पन्दन, नेमी, सर्वसार र अश्मगन्धक : यी तिनिश (खल्लु) का संस्कृत पर्यायवाची नामहरू हुन् । यसले कफविकार, पित्तविकार, रक्तविकार, बोसोविकार, कुष्ठ र प्रमेह नाश गर्दछ ।

## भोजपात

**भूर्जो भुजो बहुपटो मृदुत्वग्लेख्यपत्रकः ।**
**भूर्जो भूतग्रहश्लेष्मकर्णरुग्रक्तपित्तजित् ॥३७॥**

भूर्ज, भुज, बहुपट, मृदुत्वक् र लेख्यपत्रक : यी भोजपातका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले भूतबाधा, ग्रहबाधा, कफविकार, कानका रोग र रक्तपित्तलाई जित्दछ ।

## पलाँस

**पलाशः किंशुकः किर्मी याज्ञिको ब्रह्मपादपः ।**
**क्षीरश्रेष्ठो रक्तपुष्पस्त्रिवृतः समिदुत्तमः ॥३८॥**
**पलाशो दीपनो वृष्यः सरोष्णो व्रणगुल्मजित् ।**
**भग्नसन्धानकृद्दोषग्रहण्यर्शः क्रिमीन् हरेत् ॥३९॥**
**तत्पुष्पं कफपित्तास्रकृच्छ्रजिद् ग्राहि शीतलम् ।**

**फलं लघूष्णं मेहाशः कृमिदुष्टकफापहम् ॥४०॥**

पलाश, किंशुक, किर्मी, याज्ञिक, ब्रह्मपादप, क्षीरश्रेष्ठ, रक्तपुष्प, त्रिवृत, समित् र उत्तम : यी पलाँशका संस्कृत पर्यायवाची नामहरू हुन् । पलाँश दीपनी, वीर्यवर्धक, मलमूत्र तलतिर सार्ने, उष्णवीर्य भएको तथा घाउखटिरा र गुल्मलाई जित्ने गुणको हुन्छ । यसले भाँचिएको हाडलाई जोड्दछ तथा ग्रहणी, अल्काई र कीरा नाश गर्दछ । यसको फूलले कफविकार, पित्तविकार, रक्तविकार र कृच्छ्रमाथि विजय हासिल गर्दछ । यो ग्राही र शीतवीर्यको हुन्छ । यसको फल पचाउन सहज, उष्णवीर्य भएको तथा प्रमेह, अल्काई, कीरा र कडा खाले कफविकार नाशक हुन्छ ।

## बडधयैँरो (धव)

**धवो नन्दितरुर्गौरः शकटाक्षो धुरन्धरः ।**
**धवः शीतप्रमेहास्रपाण्डुपित्तकफापहः ॥४१॥**

धव, नन्दितरु, गौर, शकटाक्ष र धुरन्धर : यी बडधयैँरोका संस्कृत पर्यायवाची नामहरू हुन्। यो शीतवीर्यको हुन्छ । यसले प्रमेह, रक्तविकार, पाण्डु, पित्तविकार र कफविकार नाश गर्दछ ।

## धन्वन (दबदबेको रूख)

सङ्कलन : मोहन प्रसाद सपकोटा

**धन्वनो गोत्रविटपी धर्मणो गोत्रपुष्पकः ।**
**धन्वनः कफपित्तास्रकासजित्तुवरो लघुः ॥४२॥**

धन्वन, गोत्रविटपी, धर्मण र गोत्रपुष्पक यी दबदबेका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले कफविकार, पित्तविकार, रक्तविकार र खोकीमाथि जित हासिल गर्दछ । यो टर्रो र पचाउन हलुका हुन्छ ।

## साज (सर्ज)

**सर्जोऽजकर्णः स्वेदघ्नो लतावृक्षः कुदेहकः ।**
**सर्जो वर्ण्यः कफस्वेदमलम्पित्तक्रिमीञ्जयेत् ॥४३॥**

सर्ज, अजकर्ण, स्वेदघ्न, लतावृक्ष र कुदेहक : यी साजका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले वर्णमा निखार लेराउनुका साथै कफविकार, मसिना आउने रोग, मलविकार, पित्तविकार र कीरामाथि जित हासिल गर्दछ ।

## पाते खाक्सी (शाखोट)

**शाखोटः स्यात्पीतफलश्छागी क्षीरविनाशनः ।**
**शाखोटो वातरक्तास्रकफवातातिसारजित् ॥४४॥**

शाखोट, पीतफल, छागी र क्षीरविनाशन : यी पाते खाक्सीका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले वातरक्त, रक्तविकार, कफविकार र अतिसारलाई जित्दछ ।

### सिप्लिकान (वरुण)

**वरुणो वरणः श्वेतः शाकवृक्षः कुमारकः ।**
**वरुणः पित्तलो भेदी श्लेष्मकृच्छ्रास्रमारुतान् ॥**
**निहन्ति गुल्मवातास्रकृमिशोथांश्च दीपनः ॥४५॥**

वरुण, वरण, श्वेत, शाकवृक्ष र कुमारक : यी सिप्लिकाननका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले पित्तविकार गर्दछ । यो भेदी हुनुका साथै कफविकार, कृच्छ्र, रक्तविकार, वातविकार, गुल्म, वातरक्त, कीरा र सुजन नाशक तथा दीपन हुन्छ ।

### झिङ्गिनी (ठूलो दबदबे)

**जिङ्गिणी झिङ्गिणी जिङ्गी मुनिर्यासा च मोटकी ।**
**जिङ्गिणी व्रणहृद्रोगवातातीसारजित्कटुः ॥**
**उष्णस्तस्यास्तु निर्यासो नस्याद्बाहुव्यथापहः ॥४६॥**

जिङ्गिणी, झिङ्गिणी, जिङ्गी, मुनि, यासा र मोटकी : यी झिङ्गिनीका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले घाउखटिरा, मुटुका रोग, वातविकार र अतिसारलाई जित्दछ । यो पिरो हुन्छ ।

### काँडे सल्लो (शल्लकी)

**शल्लकी वल्लकी मोची गजभक्षा महारुहा ।**
**गन्धवीरा कुन्दुरुकी सुस्रावा वनकर्णिका ॥**
**शल्लकी व्रणपित्तास्रश्लेष्मपित्तातिसारजित् ॥४७॥**

शल्लकी, वल्लकी, मोची, गजभक्षा, महारुहा, गन्धवीरा, कुन्दुरुकी, सुस्रावा र वनकर्णिका : यी काँडे सल्लोका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले घाउखटिरा, रक्तपित्त, कफविकार, पित्तविकार र अतिसारलाई जित्दछ ।

### चिउरी (इङ्गुद)

**इङ्गुदो भल्लकी वृक्षकण्टकस्तापसद्रुमः ।**
**इङ्गुदः कुष्ठभूतादिग्रहव्रणविषक्रिमीन् ॥**

**हन्त्युष्णः श्वित्रशूलघ्नस्तत्फलं कफवातांजत्॥४८॥**

इङ्गुद, भल्लकी, वृक्षाकण्टक र तापसद्रुम : यी चिउरीका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले कुष्ठ, भूतबाधा, ग्रहबाधा, घाउखटिरा, विषविकार, कीरा, सेतोकुष्ठ र शूल नाश गर्दछ । यो उष्णवीर्यको हुन्छ । यसको फलले कफविकार र वातविकार माथि जित हासिल गर्दछ ।

## कटभी

**कटम्भरश्चारुशृङ्गी कटभी तृणशैण्डकः ।**
**कटम्भरः प्रमेहास्रनाडीव्रणविषक्रिमीन्॥४९॥**
**हन्त्युष्णः कफकुष्ठघ्नस्तत्फलं कफशुक्रनुत् ।**
**निर्यासोऽस्य गुरुर्वृष्यो बलकृद्वातनाशनः ॥५०॥**

कटम्भर, चारुशृङ्गी, कटभी र तृणशैण्डक : यी कटभीका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले प्रमेह, रक्तविकार, नसाका घाउखटिरा, विषविकार, कीरा, कफविकार र कुष्ठ नाश गर्दछ । यो उष्णवीर्यको हुन्छ । यसको फलले कफविकार र शुक्र नाश गर्दछ । यसको चोप पचाउन कठिन, वीर्यवर्धक, बलदायक र वातविकार नाशक हुन्छ ।

## फलेदो (पारिभद्र)

सङ्कलन : मोहन प्रसाद सापकोटा

**पारिभद्रो निम्बवृक्षो रक्तपुष्पः प्रभद्रकः ।**
**कण्टकी पारिजातः स्यान्मन्दारः कटिकिंशुकः ॥**
**पारिभद्रः कृमिश्लेष्ममेदः श्लेष्मानिलापहः ॥५३॥**

पारिभद्र, निम्बवृक्ष, रक्तपुष्प, प्रभद्रक, कण्टकी, पारिजात, मन्दार र कटिकिंशुक : यी फलेदोका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले कीरा, कफविकार, बोसोविकार र कफवातलाई नाश गर्दछ ।

## सिमल (शाल्मली)

**शाल्मली तूलिनी मोचा कुक्कुटी रक्तपुष्पिका ।**
**कण्टकाढ्या स्थूलफला पिच्छला चिरजीविनी॥५४॥**
**शाल्मली शीतला वृष्या बृंहणी रक्तपित्तजित् ।**
**निर्यासोऽस्य परं वृष्यः शोफपित्तानिलास्रजित्॥**
**रसायनवरा स्निग्धा तत्पुष्पं ग्राहि पित्तजित्॥५५॥**

शाल्मली, तूलिनी, मोचा, कुक्कुटी, रक्तपुष्पिका, कण्टकाढ्या, स्थूलफला, पिच्छला र चिरजीविनी : यी सिमलका संस्कृत पर्यायवाची नामहरू हुन् । यो शीतवीर्यको हुन्छ । सिमल वीर्यवर्धक, पौष्टिक तथा रक्तपित्तलाई जित्ने गुणको हुन्छ । यसको खोटो अति नै वीर्यवर्धक तथा सुजन, पित्तविकार, वातविकार र

रक्तविकार माथि जित हासिल गर्ने गुणको हुन्छ । यो रसायनी र चिल्लो हुन्छ । यसको फूल ग्राही र पित्तविकार माथि जित हासिल गर्ने गुणको हुन्छ ।

## टुनी (तुणि)

**तुणिः कुठेर आपीतस्तनुको नन्दिपादपः ।**
**तुणिर्ग्राही हिमो वृष्यो व्रणकुष्ठास्रपित्तहा ॥५६॥**

तुणि, कुठेर, आपीत, तनुक र नन्दिपादप : यी टुनीका संस्कृत पर्यायवाची नामहरू हुन् । यो ग्राही र शीतवीर्यको हुन्छ । टुनी वीर्यवर्धक तथा घाउखटिरा, कुष्ठ, रक्तविकार र पित्तविकार नाशक हुन्छ ।

## छतिवन (सप्तपर्ण)

**सप्तपर्णो गुच्छपुष्पश्छत्री शाल्मलिपत्रकः ।**
**सप्तपर्णो व्रणश्लेष्मवातकुष्ठहरः सरः ॥५७॥**

सप्तपर्ण, गुच्छपुष्प, छत्री र शाल्मलिपत्रक : यी छतिवनका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले घाउखटिरा, कफविकार, वातविकार र कुष्ठ नाश गर्दछ । यसले मलमूत्रलाई तलतिर धकेल्दछ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

## हारिद्रक

**हारिद्रकः पीतवर्णः श्रीमान् गैरद्रुमो वरः ।**
**हारिद्रकः कफहरो व्रणशोधनरोपणः ॥५८॥**

हारिद्रक, पीतवर्ण, श्रीमान्,गैरद्रुम र वर : यी हारिद्रकका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले कफविकार नाश गर्नुका साथै खाउखटिरा सफा गर्ने र भर्ने काम गर्दछ ।

## करञ्ज

**करञ्जो नक्तमालः स्यान्नक्ताह्वो घृतवर्णकः ।**
**पूतिकोऽन्यःपूतिवर्णः प्रकीर्णश्चिरबिल्वकः ॥५९॥**
**करञ्जः कटुकस्तीक्ष्णो वीर्योष्णो योनिदोषजित् ।**
**कुष्ठोदावर्त्तगुल्मार्शोव्रणक्रिमिकफापहः ॥६०॥**
**तत्फलं कफवातघ्नं मेहार्शः क्रिमिकुष्ठजित् ।**
**तत्पत्रं कफवातार्शः कृमिशोथहरं परम् ॥६१॥**

करञ्ज, नक्तमाल, नक्ताह्व, घृतवर्णक र पूतिक : यी करञ्ज (कुबेराक्ष) का तथा पूतिवर्ण, प्रकीर्ण र चिरबिल्वक : यी अर्कोथरी करञ्ज (काँडे गिठोली वा लेकपाङ्ग्रो) का संस्कृत पर्यायवाची नामहरू हुन् । करञ्ज पिरो, तिक्खर,

उष्णवीर्यको योनिका रोग नाशक हुन्छ । यसले कुष्ठ, उदावर्त, गुल्म, अल्काइ, घाउखटिरा र कफविकार नाश गर्दछ । यसको फलले कफविकार र वातविकार नाश गर्दछ तथा प्रमेह, अल्काई, कीरा र कुष्ठ माथि जित हासिल गर्दछ । यसको पात कफविकार, वातविकार, अल्काई, कीरा र सुजन नाश गर्न उत्तम हुन्छ ।

## दोश्रो जातको करञ्ज (करञ्जी, गिठोली विशेष, हिन्दीमा यसलाई लताकरञ्ज लेखिएको)

**करञ्जी काकतिक्ता च वयस्याऽङ्गारवल्लरी । करञ्जिकोष्णवातार्शः क्रिमिकुष्ठप्रमेहनुत् ॥६२॥**

करञ्जी, काकतिक्ता, वयस्या र अङ्गारवल्लरी : यी गिठोली विशेषका संस्कृत पर्यायवाची नामहरू हुन् । यो उष्णवीर्यको हुन्छ । यसले गर्मी (?) वातविकार, अल्काई, कीरा, कुष्ठ र प्रमेह नाश गर्दछ ।

## तेश्रो जातको करञ्ज (तिरिगिच्छि)

**तिरिगिच्छिर्गजकण्टः करञ्जी क्षीरिणी द्विपः । तिरिगिच्छिर्बलासार्शः क्रिमिकुष्ठप्रमेहहृत् ॥६३॥**

तिरिगिच्छि, गजकण्ट, करञ्जी, क्षीरिणी र द्विप : यी पनि एक जातको करञ्जका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले कफविकार, अल्काई, कीरा, कुष्ठ र प्रमेह नाश गर्दछ ।

## शमी

सङ्कलन : मोहन प्रसाद सापकोटा

**शमी तुङ्गा शङ्कुफला पवित्रा केशहृत्फला । लक्ष्मी शिवान्याधिमती भूशमी शङ्कराह्वया ॥६४॥**
**शमी शीता लघुः श्वासकुष्ठार्शःकफहृत्सरा । तत्फलं पित्तलं रूक्षं मेध्यं केशविनाशनम् ॥६५॥**

शमी, तुङ्गा, शङ्कुफला, पवित्रा, केशहृत्फला, लक्ष्मी, शिवानी, आधिमती, भूशमी र शङ्कराह्वया : यी शमीका संस्कृत पर्यायवाची नामहरू हुन् । शमी शीतवीर्य भएको, पचाउन सहज तथा दम, कुष्ठ, अल्काई र कफविकार नाशक हुन्छ । यसले मलमूत्रलाई तलतिर सार्दछ । यसको फल पित्तविकार गर्ने, रुखो, दिमागको ग्रहण गर्ने क्षमता बढाउने र कपाल नाश गर्ने गुणको हुन्छ ।

## पानी शिरीष (टिण्ठिणी)

**शमीषिका टिण्ठिणिका दुर्बलाऽम्बुशिरीषिका । टिण्ठिणी कफकुष्ठार्शः सन्निपातविषापहा ॥६६॥**

शमीषिका, टिण्ठिणिका, दुर्बला र अम्बुशिरीषिका : यी पानी शिरीषका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले कफविकार, कुष्ठ, अल्काई, सन्निपात र विषविकार नाश गर्दछ ।

## अरिष्टक (रिठ्ठो)

**अरिष्टको गर्भपाती कुम्भवीर्यश्च फेनिलः । कृष्णबीजो रक्तबीजः पीतफेनोऽर्थसाधनः ॥**

**अरिष्टकांस्त्रिदोषघ्न उष्णो गर्भग्रहापहः ॥६७॥**

अरिष्टक, गर्भपाती, कुम्भवीर्य, फेनिल, कृष्णबीज, रक्तबीज, पीतफेन र अर्थसाधन : यी रिठ्ठोका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले त्रिदोष नाश गर्दछ । यो उष्णवीर्यको हुन्छ । यसले गर्भजन्य दोष र ग्रहदोष नाश गर्दछ ।

## सिसौ (शिंशपा)

**शिंशपा कपिला कृष्णा सारमण्डलपत्रिका । अन्या कुशिंशपा भस्मपिङ्गला स्याद्वसादनी ॥६८॥**
**शिंशपोष्णा हरेन्मेहान् कुष्ठश्वित्रवमिक्रिमीन् । बस्तिरुग्व्रणदाहास्रगर्भगूढनिपातिनी ॥६९॥**

शिंशपा, कपिला, कृष्णा र सारमण्डलपत्रिका : यी पहिलो थरी र कुशिंशपा, भस्मपिङ्गला र वसादनी : यी दोश्रो थरी सिसौका संस्कृत पर्यायवाची नामहरू हुन् । यो उष्णवीर्यको हुन्छ । यसले प्रमेह, कुष्ठ, सेतोकुष्ठ, वाकवाकी, कीरा, तल्लोपेटका रोग, घाउखटिरा, डाह र रक्तविकार नाश गर्दछ तथा गर्भपतन गराउँदछ ।

## अगस्ति

**अगस्त्यो वङ्गसेनाह्वो मधुशिग्रुर्मुनिद्रुमः । अगस्त्यः पित्तकफजिन्निदाघशमनो हिमः ॥**
**तत्पुष्पं पीनसश्लेष्मपित्तनक्तान्ध्यनाशनम् ॥७०॥**

सङ्कलन : मोहन प्रसाद सपकोटा

अगस्त्य, वङ्गसेनाह्व, मधुशिग्रु र मुनिद्रुम : यी अगस्तिका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले पित्तविकार र कफविकारलाई जित्दछ । गर्मी नाश गर्दछ । यो शीतवीर्यको हुन्छ । यसको फूलले पिनास, कफविकार, पित्तविकार र रतन्धो रोग नाश गर्दछ ।

## उपसंहार

**यो राज्ञां मुखतिलकः कटारमल्लस्तेन श्रीमदननृपेण निर्मितेऽत्र ।**
**ग्रन्थेऽभून्मदनविनोदनाम्नि पूर्णश्चित्रोऽयं ललितपदैर्वटादिवर्गः ॥७१॥**

राजाहरूमा श्रेष्ठ मानिएका कटारमल्ल मदन राजाबाट रचना गरिएको यो मदनविनोद नामक ग्रन्थमा सुन्दर पदावलीयुक्त वटादिवर्ग समाप्त भयो ।

॥ इति मदनपालनिघण्टौ वटादिवर्गः पञ्चमः ॥५॥
मदनपाल निघण्टुमा पाँचौं वटादिवर्ग पूर्ण भयो ।

## फलादिवर्ग
### प्रार्थना

**भ्रमोच्छलद्दर्धरिकाग्रपृष्ठं मन्दस्मितं वेणुनिनादरक्तम् ।**
**गोपालिकानां करतालिकाभिर्नृत्यन्महस्तत्परमं स्मरामि ॥१॥**

यताउता घुम्दा शरीरको अघिल्लो र पछिल्लो भाग हल्लने, मन्द मुस्कान गरी बाँसुरी बजाउँदा मुखमा लालिमा आउने तथा गोपिनीहरूका हातको तालमा नाच्ने यस्ता ती परमात्मालाई म स्मरण गर्दछु ।

### अङ्गूर

**द्राक्षा मधुफला स्वाद्वी हारहूरा फलोत्तमा ।**
**मृद्वीका मधुयोनिश्च रसाला गोस्तनी गुडा ॥२॥**

द्राक्षा, मधुफला, स्वाद्वी, हारहूरा, फलोत्तमा, मृद्वीका, मधुयोनि, रसाला, गोस्तनी र गुडा : यी ठूलो अङ्गूरका संस्कृत पर्यायवाची नामहरू हुन् ।

**द्राक्षा पक्वा सरा शीता चक्षुष्या बृंहणी गुरुः ।**
सङ्कलन : मोहन प्रसाद सपकोटा
**हन्ति तृष्णाज्वरश्वासवान्तिवातास्रकामलाः ॥३॥**

पाकेको अङ्गूरले मलमूत्रलाई तलतिर सार्दछ । यो शीतवीर्यको हुन्छ । यसले धातुलाई पुष्ट पार्दछ । यो पचाउन कठिन हुन्छ । यसले तिर्खा, जरो, दम, वाकवाकी, वातविकार, रक्तविकार र कमलपित्तलाई नाश गर्दछ ।

**कृच्छ्रास्रपित्तसम्मोहदाहशोषमदात्ययान् ।**
**आमा साऽल्पगुणा गुर्वी सैवाम्ला रक्तपित्तकृत् ॥४॥**

अङ्गूरले कृच्छ्र, रक्तपित्त, मोह, डाह, सुजन र मदात्यय नाश गर्दछ । काँचो अङ्गूर कम गुनिलो हुन्छ । यो पचाउन कठिन र अमिलो हुन्छ । यसले रक्तपित्त गर्दछ ।

**निर्वीर्याऽन्या लघुद्राक्षा गौस्तनीसदृशा गुणैः ।**
**द्राक्षा पर्वतजा लघ्वी साम्ला श्लेष्माम्लपित्तनुत् ॥५॥**

साना खालको अङ्गूर वीर्यहीन हुन्छ । गाईको थुनको मुण्टो आकारका अङ्गूरको गुण ठूलो अङ्गूर (मुनक्का) समान हुन्छ । पहाडतिर हुने अङ्गूर पचाउन सहज र अमिलो हुन्छ । यसले कफविकार र अम्लपित्तलाई जित्दछ ।

## आँप

**आम्रश्चूतो रसालोऽसौ सहकारोऽतिसौरभः ।**
**माकन्दः पिकबन्धुः स्यादसालः कामवल्लभः ॥६॥**

आम्र, चूत, रसाल, सहकार, अतिसौरभ, माकन्द, पिकबन्ध र कामवल्लभ : यी पाकेका आँपका संस्कृत पर्यायवाची नामहरू हुन् ।

**आम्रो ग्राही प्रमेहास्रकफपित्तव्रणाञ्जयेत् ।**
**तत्फलं बालमत्यम्लं रूक्षं दोषत्रयास्रजित् ॥७॥**

आँप ग्राही हुन्छ । यसले प्रमेह, रक्तविकार, कफविकार, पित्तविकार र घाउखटिरालाई जित्दछ । काँचो आँप अति अमिलो र रुखो हुन्छ । यसले पनि त्रिदोष र रक्तविकारलाई जित्दछ ।

**पक्वं तु मधुरं वृष्यं स्निग्धं हृद्यं बलप्रदम् ।**
**गुरु वातहरं रुच्यं वर्ण्यं शीतमपित्तलम् ॥**
**रसस्तस्य सरः स्निग्धो रोचनो बलवर्णकृत् ॥८॥**

पाकेको आँप मिठो, वीर्यवर्धक, चिल्लो, मुटुका रोगमा हितकर, बलदायक, पचाउन कठिन, वातविकार नाशक, रुचिकर, शरीरको वर्णमा निखार लेराउने, शीतवीर्य भएको र पित्तविकार नगर्ने गुणको हुन्छ । यस्तो आँपको रसले मलमूत्रलाई तलतिर सार्दछ । यो रस चिल्लो, रुचिवर्धक, बलवर्धक र वर्णमा निखार लेराउने गुणको हुन्छ ।

**सहकारं च वातघ्नं पित्तश्लेष्मविनाशनम् ।**
**कषायं मधुरं वृष्यं गुरु स्निग्धं विशेषतः ॥९॥**

आँप (सहकार जातको) ले वातविकार, पित्तविकार र कफविकार नाश गर्दछ । यो टर्रो, गुलियो, वीर्यवर्धक, पचाउन कठिन र बढी चिल्लोयुक्त हुन्छ ।

**पक्वाम्रं जनयेदायुर्मांसशुक्रबलप्रदम् ।**
**शुष्काम्रं तु कषायाम्लं भेदनं कफवातजित् ॥१०॥**

पाकेको आँपले आयु, मासु, वीर्य र बल बढाउँदछ । सुकेको आँप टर्रो, अमिलो तथा कफविकार र वातविकारलाई जित्ने गुणको हुन्छ ।

## जामुनू वा फणिर (जम्बू)

**महाजम्बू राजजम्बूर्महास्कन्धा बृहत्फला ।**

**क्षुद्रजम्बूर्वीरपत्रा मेघाभा कामवल्लभा ॥११॥**
**नादेयी स्यात्क्षुद्रफला तत्फलं जम्बू जाम्बवम् ।**
**जम्बूः सङ्ग्राहिणी रूक्षा कफपित्तव्रणास्रजित् ॥१२॥**

महाजम्बू, राजजम्बू, महास्कन्धा र बृहत्फला : यी ठूलो खालको जामुनु वा फणिरका तथा क्षुद्रजम्बू, वीरपत्रा, मेघाभा, कामवल्लभा, नादेयी र क्षुद्रफला : यी जामुनूका संस्कृत पर्यायवाची नामहरू हुन् । यसको फललाई जम्बू वा जाम्बव भनिन्छ । जामुनू ग्राही र रुखो हुन्छ । यसले कफविकार, पित्तविकार, घाउखटिरा र रक्तविकारलाई जित्दछ ।

**राजजम्बूफलं स्वादु विष्टम्भि गुरु रोचनम् ।**
**क्षुद्रजम्बूफलं तद्वद्विशेषाद्दाहनाशनम् ॥१३॥**

ठूलो खालको जामुनू वा फणिर मिठो, विष्टम्भि, पचाउन कठिन र रुचिकर हुन्छ । जामुनूको फलमा पनि यिनै गुण हुन्छन् । विशेषतः यसले डाह नाश गर्दछ ।

## नरिवल

**नारिकेलो दृढफलो महावृक्षो महाफलः ।**
**तृणराजस्तृणफलस्तृणाह्वो दृढबीजकः ॥१४॥**

सङ्कलन : मोहन प्रसाद सापकोटा

नारिकेल, दृढफल, महावृक्ष, महाफल, तृणराज, तृणफल, तृणाह्व र दृढबीजक : यी नरिवलका संस्कृत पर्यायवाची नामहरू हुन् ।

**नारिकेलफलं शीतं दुर्जरं बस्तिशोधनम् ।**
**विष्टम्भि बृंहणं वृष्यं वातपित्तास्रदाहजित् ॥१५॥**

नरिवल शीतवीर्यको हुन्छ । यो ढिलो पच्दछ र तल्लो पेटलाई सफा गर्दछ । यो विष्टम्भी, पौष्टिक र वीर्यवर्धक तथा वातविकार, पित्तविकार, रक्तविकार र डाह नाश गर्ने गुणको हुन्छ ।

**तस्याम्भः शीतलं हृद्यं दीपनं शुक्रलं लघु ।**
**तत्पादपशिरोमज्जा शुक्रला वातपित्तजित् ॥१६॥**

नरिवल-पानी शीतवीर्य भएको, मुटुका लागि हितकर, दीपनी, वीर्यवर्धक र पचाउन हलुका हुन्छ । नरिवलको रूखको टुप्पोतिरको गुदीले वीर्य बढाउँदछ तथा वातविकार र पित्तविकारलाई जित्दछ ।

## खजुर

**श्रेणी खर्जूरिकावृक्षः श्रीफला द्वीपसम्भवा ।**

**पिण्डखर्जूरिका खर्जूर्दुष्प्रधर्षा सुकण्टका ॥१७॥**
**अन्या स्कन्धफला स्वाद्वी दुरारोहा मृदुच्छदा ।**
**भूमिखर्जूरिका काककर्कटी कासुकर्कटी ॥१८॥**

श्रेणी, खर्जूरिकावृक्ष, श्रीफला, द्वीपसम्भवा, पिण्डखर्जूरिका, खर्जू, दुष्प्रधर्षा र सुकण्टका : यी पहिलो थरी खजुरका तथा स्कन्धफला, स्वाद्वी, दुरारोहा, मृदुच्छदा, भूमिखर्जूरिका, काककर्कटी र कासुकर्कटी : यी दोश्रो थरी खजुरका संस्कृत पर्यायवाची नामहरू हुन् ।

**खर्जूरिकाफलं शीतं स्वादु स्निग्धं क्षतास्रजित् ।**
**बल्यं हन्ति मरुत्पित्तमदमूर्च्छामदात्ययान् ॥१९॥**

खजुरको फल शीतवीर्य भएको, स्वादिलो, चिल्लो तथा घाउ र रक्तविकारलाई जित्ने गुणको हुन्छ । यसले बल दिन्छ तथा वातविकार, पित्तविकार, नसा, बेहोसी र मदात्ययलाई नाश गर्दछ ।

**तस्मादल्पगुणं ज्ञेयमन्यत्खर्जूरिकाफलम् ।**
**तन्मज्जा मूर्धजूः शीतो वृष्यः पित्तास्रदाहजित् ॥२०॥**

अन्य जातका खजुर को फल (छोकडा) मा यसभन्दा कम गुण हुन्छन् । यसको गुदीले टाउकाका रोगमाथि जित हासिल गर्दछ । यो शीवीर्य भएको, वीर्यवर्धक तथा पित्तविकार, रक्तविकार र डाहलाई जित्ने गुणको हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

## शिलेमानी खजुर

**शिलेमानी लोकपरा मृदूला तिवरीफला ।**
**शिलेमानी श्रमभ्रान्तिदाहमूर्छास्रपित्तनुत् ॥२१॥**

शिलेमानी, लोकपरा, मृदूला र तिवरीफला : यी शिलेमानी खजुरका संस्कृत पर्यायवाची नामहरू हुन् । यो खजुरले थकाई, भ्रम, डाह, बेहोसी, रक्तविकार र पित्तविकार नाश गर्दछ ।

## केरा

**कदली ग्रन्थिनी मोचा रम्भा वीराऽऽयतच्छदा ।**
**वारणा वारणबुसाऽम्बुसारांशुमती फला ॥२२॥**

कदली, ग्रन्थिनी, मोचा, रम्भा, वीरा, आयतच्छदा, वारणा, वारणबुसा, अम्बुसारा, अंशुमती र फला : यी केराका संस्कृत पर्यायवाची नामहरू हुन् ।

**कदली योनिदोषाश्मरक्तपित्तहरा हिमा ।**

**तत्कन्दः शीतलो बल्यः केश्यः पित्तकफास्रजित् ॥२३॥**

केराले योनिका रोग, पत्थरी र रक्तपित्तलाई नाश गर्दछ । यो शीतवीर्यको हुन्छ । केराको गानु शीतवीर्य भएको, बलदायक, कपालका लागि हितकर तथा पित्तविकार, कफविकार र रक्तविकारलाई जित्ने गुणको हुन्छ ।

**तत्फलं मधुरं शीतं विष्टम्भि कफकृद्गुरु ।**
**स्निग्धं पित्तास्रतृड्दाहक्षतक्षयसमीरजित् ॥२४॥**

केराको फल गुलियो, शीतवीर्य भएको, विष्टम्भि, कफविकार बढाउने, पचाउन कठिन, चिल्लो तथा पित्तविकार, रक्तविकार, तिर्खा, डाह, घाउखटिरा, क्षयरोग र वातविकारलाई जित्ने गुणको हुन्छ ।

## दारिम

**दाडिमी रक्तकुसुमा दन्तबीजा शुक्रप्रिया ।**
**दाडिमं दीपनं हृद्यं रोचनं नातिपित्तलम् ॥२५॥**

दाडिमी, रक्तकुसुमा, दन्तबीजा र शुक्रप्रिया : यी दारिमका संस्कृत पर्यायवाची नामहरू हुन् । यो दीपनी, मुटुका लागि हितकर, रोचनी र कम पित्तविकार गर्ने गुणको हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

**कषायानुरसं ग्राहि द्विविधा ह्यम्लवेतवत् ।**
**तयोः स्वादु त्रिदोषघ्नमम्लं वातबलास्रजित् ॥**
**शुष्काम्लदाडिमीसारः फुट्टितं कफवातहृत् ॥२६॥**

दारिमको पचेपछिको रस (वा अन्तिम स्वाद) टर्रो हुन्छ । यो ग्राही हुन्छ । दारिम अम्लवेत जस्तै गुलियो र अमिलो गरी दुई किसिमको हुन्छ । यी दुईमध्ये गुलियो दारिमले त्रिदोष नाश गर्दछ भने अमिलो दारिमले वातविकार, कफविकार र रक्तविकारलाई जित्दछ । सुकेको अमिलो अनारमा पनि यिनै गुण हुन्छन् । अनारको रसले कफविकार र वातविकार नाश गर्दछ ।

## निर्मलीको फल वा दमाइँफल

**कतकस्य फलं नेत्र्यं जलनिर्मलकारकम् ।**
**वातश्लेष्महरं शीतं मधुरं तुवरं गुरु ॥२७॥**

निर्मलीको फल आँखाका लागि लाभदायक हुन्छ । यसले पानी सफा गर्दछ तथा वातविकार र कफविकार नाश गर्दछ । यो शीतवीर्यको, गुलियो, टर्रो र पचाउन कठिन हुन्छ ।

## बयर

**बदरी कर्कटी मोघा कोरण्टी युग्मकण्टका ।**
**अन्या स्निग्धच्छदा क्रोशफला सौवीरिकाऽपरा ॥२८॥**

बदरी, कर्कटी, मोघा, कोरण्टी र युग्मकण्टका : यी पहिलो थरी बयरका तथा स्निग्धच्छदा र क्रोशफला : यी दोश्रो थरी बयरका संस्कृत पर्यायवाची नामहरू हुन् । तेश्रो थरी बयरलाई संस्कृतमा सौवीरिका भनिन्छ ।

**हस्तिकोलिः परा त्वन्या लघ्वी कर्कन्धुकीधुके ।**
**बदरी शीतला तिक्ता रूक्षा पित्तकफापहा ॥**
**बदरं त्वपरं लोके फेनिलं कुवलं कुहम् ॥२९॥**
**कर्कन्धु ह्रस्वबदरं वरटं कन्धु कन्धुकम् ।**
**पक्वं ताम्र च मधुरं मतं सौवीरकं महत् ॥३०॥**

हस्तिकोलि, लघ्वी, कर्कन्धु र कीधुका : यी चौथो थरी बयरका संस्कृत पर्यायवाची नामहरू हुन् । ठूलो खालको बयर शीतवीर्यको, तीतो, रुखो तथा पित्तविकार र कफविकार नाशक हुन्छ । सानो खालको बयरलाई लोकमा फेनिल, कुवल, कुह, कर्कन्धु, ह्रस्वबदर, वरट र कन्धु पनि भनिन्छ । सानो खालको र पाकेको बयर गुलियो हुन्छ । सौवीरक नामको बयर ठूलो हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

**बदरं लघु सङ्ग्राहि रुच्यमुष्णं समीरजित् ।**
**कफपित्तकरं तद्वत्कोलं गुरु सरं स्मृतम् ॥३१॥**

बयर पचाउन सहज, ग्राही, रुचिकर, उष्णवीर्य भएको, वातविकार जित्ने, कफविकार गर्ने र पित्तविकार गर्ने गुणको हुन्छ । कोल नामक बयरमा पनि यिनै गुण हुन्छन् । यो पचाउन कठिन र मलमूत्रलाई तलतिर सार्ने गुणको हुन्छ ।

**सौवीरं बदरं शीतं भेदनं गुरु शुक्रलम् ।**
**बृंहणं पित्तदाहास्रक्षततृष्णानिलापहम् ॥**
**शुष्कं भेद्यग्निकृत्सर्वं लघु तृष्णाक्लमास्रजित् ॥३२॥**

सौबीर नामक बयर शीतवीर्यको, भेदनी, पचाउन कठिन, शुक्रवर्धक र पौष्टिक तथा पित्तविकार, डाह, रक्तविकार, घाउ, तिर्खा र वातविकार नाशक हुन्छ ।

**कर्कन्धु मधुरं स्निग्धं गुरु पित्तानिलापहम् ।**
**मरुत्पित्तहरा मज्जा वृष्या वीर्यबलप्रदा ॥३३॥**

सानो खालको बयर गुलियो, चिल्लो र पचाउन कठिन तथा पित्तविकार र वातविकार नाशक हुन्छ । यसको गुदीले पित्तविकार नाश गर्दछ तथा पौष्टिक, वीर्यवर्धक र बलवर्धक हुन्छ ।

## खिर्नी

**क्षीरी क्षत्रियराजाह्वा राजादनफलाशिनौ ।**
**राजन्यः स्तम्भनोऽन्योऽश्वचिबुको मुचिलिण्टकः ॥३४॥**

क्षीरी, क्षत्रिय, राजाह्वा, राजादन, फलाशि, राजन्य, स्तम्भन, अश्वचिबुक र मुचिलिण्टक : यी खिर्नीका संस्कृत पर्यायवाची नामहरू हुन् ।

**क्षीरवृक्षफलं शीतं स्निग्धं गुरु बलप्रदम् ।**
**तृष्णामूर्छामदभ्रान्तिक्षयदोषत्रयास्रजित् ॥३५॥**

खिर्नीको फल शीतवीर्य भएको, चिल्लो, पचाउन कठिन र बलदायक हुन्छ । यसले तिर्खा, बेहोसी, नसा, भ्रम, क्षयरोग, त्रिदोष र रक्तविकारलाई जित्दछ ।

## चिरौंजी (प्रियाल)

**चारो धनुःपटः शालः प्रियालो मुनिवल्लभः ।**
**चारः पित्तकफास्रघ्नस्तत्फलं मधुरं गुरु ॥३६॥**

सङ्कलन : मोहन प्रसाद सपकोटा

चार, धनुःपट, शाल, प्रियाल र मुनिवल्लभ : यी चिरौंजीका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले पित्तविकार, कफविकार र रक्तविकारलाई नाश गर्दछ । यसको फल गुलियो र पचाउन कठिन हुन्छ ।

**स्निग्धं सरं मरुत्पित्तदाहतृष्णाक्षतापहम् ।**
**तन्मज्जा मधुरा वृष्या शुक्रला पित्तवातजित् ॥३७॥**

चिरौंजी चिल्लो, मलमूत्रलाई तलतिर सार्ने गुणको हुन्छ । यसले वातविकार, पित्तविकार, डाह, तिर्खा र घाउखटिरा नाश गर्दछ । यसको गुदी गुलियो, पौष्टिक, शुक्रवर्धक तथा पित्तविकार र वातविकार माथि जित हासिल गर्ने गुणको हुन्छ ।

## फाल्सा (परूषक)

**परूषको मुदुफलः परूषो रोषणः परः ।**
**परूषकं कषायाम्लमामपित्तकरं लघु ॥३८॥**

परूषक, मुदुफल,परूष, रोषण र पर : यी फाल्साका संस्कृत पर्यायवाची नामहरू हुन् । फाल्सा टर्रो र अमिलो तथा आमविकार र पित्तविकार गर्ने गुणको हुन्छ ।

**पक्वं तु मधुरं पाके शांतं विष्टंम्भि बृंहणम् ।**
**हृद्य तृट्पित्तदाहास्रक्षतक्षयसमीरनुत् ॥३९॥**

पाकेको फाल्सा पचेपछि गुलियो हुन्छ । फाल्सा शीतवीर्य भएको, विष्टम्भि, पौष्टिक, मुटुका लागि हितकर हुन्छ । यसले तिर्खा, पित्तविकार, डाह, रक्तविकार, घाउखटिरा, क्षयरोग र वातविकारलाई नष्ट गर्दछ ।

## तिँदु

**तिन्दुकः स्पन्दनः स्फूर्ज्यः कालसारश्च रावणः ।**
**काकपीलुः कुपीलुः स्यादपरो विषतिन्दुकः ॥४०॥**

तिन्दुक, स्पन्दन, स्फूर्ज्य, कालसार, रावण, काकपीलु र कुपीलु : यी पहिलो थरी तिँदुका तथा विषतिन्दुक दोश्रो थरी तिँदुका संस्कृत पर्यायवाची नामहरू हुन् ।

**तिन्दुको व्रणवातघ्नस्तत्सारः पित्तरोगजित् ।**
**आममस्य फलं ग्राहि वातलं शीतलं लघु ॥४१॥**

तिँदुले घाउखटिरा र वातविकारलाई नाश गर्दछ। यसको चोप वा सारले पित्तरोगलाई जित्दछ । यसको काँचो फल ग्राहि, वातविकार गर्ने, शीतवीर्यको र पचाउन हलुका हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सपकोटा

**पक्वं पित्तप्रमेहास्रश्लेष्मघ्नं विशदं गुरु ।**
**विषतिन्दुकमप्येवं विशेषाद् ग्राहि शीतलम् ॥४२॥**

यसको पाकेको फलले पित्तविकार, प्रमेह, रक्तविकार र कफविकार नाश गर्दछ । यो चम्किलो र पचाउन कठिन हुन्छ । विषतिँदुमा पनि यिनै गुण हुन्छन् । विशेषतः यो ग्राही र शीतवीर्यको हुन्छ । विषतिँदुलाई हिन्दीमा कुचला भनिन्छ ।

## हाडे बयर (किङ्किणी)

**किङ्किणीलो व्याघ्रपादो देवदारुश्चरः क्वचित् ।**
**किङ्किणी तुवरा तिक्ता पित्तश्लेष्महरा हिमा ॥**
**तत्फलं वातलं त्वामं पक्वं स्वादु त्रिदोषजित् ॥४३॥**

किङ्किणील, व्याघ्रपाद, देवदारु र चर : यी हाडेबयरका संस्कृत पर्यायवाची नामहरू हुन् । यो टर्रो र तीतो हुन्छ । यसले पित्तविकार र कफविकार नाश गर्दछ । यो शीतवीर्यको हुन्छ । यसको काँचो फलले वातविकार गर्दछ भने पाकेको फल स्वादिलो र त्रिदोष नाशक हुन्छ ।

## आरु (आरुक)

**आरुकं वीरसेनं तज्जातिभेदाच्चतुर्विधम् ।**
**आरुकं जारकं वातमेहार्शः कफनाशनम् ॥४४॥**

आरुक र वीरसेन : यी आरुका संस्कृत पर्यायवाची नामहरू हुन् । यसका चार जात हुन्छन् । पाकेको (जारकं) आरुले वातविकार, प्रमेह, अल्काई र कफविकार नाश गर्दछ ।

## महुवा (मधूक)

**मधूको मधुकस्तीक्ष्णः सारश्च गुडपुष्पकः ।**
**गोलाफलो मधुकोष्ठो मधुकोष्ठी मधुद्रुमः ॥४५॥**

मधूक, मधुक, तीक्ष्ण, सार, गुडपुष्पक, गोलाफल, मधुकोष्ठ, मधुकोष्ठी र मधुद्रुम : यी महुवाका संस्कृत पर्यायवाची नामहरू हुन् ।

**मधुकोन्यो ह्रस्वफलो मधुरो दीर्घपुष्पकः ।**
**मधुकः कफवातघ्नः कषायो व्रणरोपणः ॥४६॥**

सङ्कलन : मोहन प्रसाद सापकोटा

अर्को थरी महुवालाई संस्कृतमा ह्रस्वफल, मधुर र दीर्घपुष्पक भनिन्छ । महुवाले कफविकार र वातविकारलाई नाश गर्दछ । यो टर्रो हुन्छ । यसले घाउ भर्दछ ।

**तत्पुष्पं मधुरं बल्यं शीतलं गुरु बृंहणम् ।**
**फलं शीतं गुरु स्वादु शुक्रलं वातपित्तजित् ॥**
**अहृद्यं हन्ति तृष्णास्रदाह श्वासक्षतक्षयान् ॥४७॥**

महुवाको फूल गुलियो, बलदायक, शीतवीर्य भएको, पचाउन कठिन र पौष्टिक हुन्छ । यसको फल शीतवीर्य भएको, पचाउन कठिन, स्वादिलो र शुक्रवर्धक हुन्छ । यसले वातविकार र पित्तविकारलाई जित्दछ । महुवा मुटुका लागि अहितकर हुन्छ । यसले तिर्खा, रक्तविकार, डाह, दम, घाउखटिरा र क्षयरोग नाश गर्दछ ।

## रूखकटहर (पनस)

**पनसः कण्टकिफलः श्वासहा गर्भकण्टकः ।**
**पनसं शीतलं पक्वं स्निग्धं पित्तानिलापहम् ॥४८॥**
**बल्यं शुक्रपदं हन्ति रक्तपित्तक्षतक्षयान् ।**
**आमं तदेव विष्टम्भि वातलं तुवरं लघु ॥४९॥**

पनस, कण्टांकफल, श्वासहा र गभकण्टक : यी रूखकटहरका संस्कृत पर्यायवाची नामहरू हुन् । पाकेको रूखकटहर शीतवीर्य भएको र चिल्लो हुन्छ तथा यसले पित्तविकार र वातविकारलाई नाश गर्दछ । कटहर बलदायक र शुक्रवर्धक हुन्छ । यसले रक्तविकार, पित्तविकार, घाउ र क्षयरोग नाश गर्दछ । काँचो कटहर विष्टम्भि, वातविकार गर्ने, टर्रो र पचाउन हलुका हुन्छ ।

## बडहर (लकुच)

**लकुचः क्षुद्रपनसो निकुचो ग्रन्थिमत्फलः ।**
**लकुचं गुरु विष्टम्भि स्वाद्वम्लं रक्तपित्तकृत् ॥**
**श्लेष्मकारि समीरघ्नमुष्णं शुक्राग्निनाशनम् ॥५०॥**

लकुच, क्षुद्रपनस, निकुच र ग्रन्थिमत्फल : यी बडहरका संस्कृत पर्यायवाची नामहरू हुन् । बडहर पचाउन कठिन, विष्टम्भि, स्वादिलो र अमिलो हुन्छ । यसले रक्तपित्त र कफविकार गर्दछ तर वातविकार नाश गर्दछ । यो उष्णवीर्यको हुन्छ तथा यसले शुक्र र पाचनशक्तिलाई नाश गर्दछ ।

## ताड (ताल)

**तालो ध्वजो दुरारोहस्तृणराजो महाद्रुमः ।**
**तालः शीतो मरुत्पित्तव्रणजिन्मदशुक्रकृत् ॥५१॥**

सङ्कलन : मोहन प्रसाद सापकोटा

ताल, ध्वज, दुरारोह, तृणराज र महाद्रुम : यी ताडका संस्कृत पर्यायवाची नामहरू हुन् । यो शीतवीर्य भएको तथा वातविकार, पित्तविकार र घाउखटिरालाई जित्ने गुणको हुन्छ । यसले नसा र शुक्र बढाउँदछ ।

**तत्फलं शीतलं बल्यं स्निग्धं स्वादुरसं गुरु ।**
**विष्टम्भि वातपित्तास्रक्षतदाहक्षतापहम् ॥**
**बीजं मूत्रकरं वृष्यं वातपित्तहरं हिमम् ॥५२॥**

ताडको फल शीतवीर्य भएको, बलदायक, चिल्लो, गुलियो र पचाउन कठिन हुन्छ । यो विष्टम्भि हुनुका साथै वातविकार, पित्तविकार, रक्तविकारजन्य घाउ, डाह र घाउ नाशक हुन्छ । यसको बीजले पिसाब लगाउँदछ तथा वीर्यवर्धक, वातविकार नाशक, पित्तविकार नाशक र शीतवीर्यको हुन्छ ।

## खर्बूजो

**खर्बूजं फलराजः स्यादमृताह्वं दशाङ्गुलम् ॥५३॥**

खर्बूज, फलराज, अमृताह्व र दशाङ्गुल : यी खरबुजोका संस्कृत पर्यायवाची नामहरू हुन् ।

**खर्बूजं मूत्रलं बल्यं कोष्ठशुद्धिकरं गुरु ।**

स्निग्धं स्वादुकरं शीतं वृष्यं पित्तानिलापहम् ॥५४॥

खरबुजोले पिसाब लगाउँदछ, बल दिन्छ, पेट सफा गर्दछ र पचाउन कठिन हुन्छ । यो चिल्लो, स्वादिलो, शीतवीर्यको, वीर्यवर्धक तथा पित्तविकार र वातविकार नाशक हुन्छ ।

तेषु यच्चाम्लमधुरं सक्षारं च रसाद्भवेत् ।
रक्तपित्तकरं तत्तु मूत्रकृच्छ्रकरं परम् ॥५५॥

अमिलो-गुलियो र नुनिलो रस हुने खरबुजोले रक्तपित्त र मूत्रकृच्छ्र गर्दछ ।

स्याउ

मुष्टिप्रमाणं बदरं सेवं सीवफलं तथा ।
फलं च सितिकापूर्वं वातपित्तहरं गुरु ॥५६॥

मुष्टिप्रमाण, बदर, सेव, सीवफल र सितिकाफल : यी स्याउका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले वातविकार र पित्तविकार नाश गर्दछ । यो पचाउन कठिन हुन्छ ।

हिमं स्यन्दनकं स्निग्धं मूत्रलं स्वादु शीतलम् ।
सङ्कलन : मोहन प्रसाद सपकोटा
त्वग्दाहयन्तर्दाहं च हृत्कम्पान् पित्तसम्भवान् ॥५७॥
हरेत्तत्सञ्चितमलं ज्वरघ्नं तु विषापहम् ।
बृंहणं कफकृद् वृष्यं स्वादुपाकरसं हिमम् ॥५८॥

स्याउ शीतवीर्यको, रसिलो, चिल्लो, पिसाब लगाउने र स्वादिलो हुन्छ । यसले छालाको डाह, भित्री डाह, पित्तजन्य मुटुकाम्ने रोग, जम्मा भएको मल, जरो र विषविकारलाई नाश पार्दछ । यौ पौष्टिक हुन्छ । यसले कफ बढाउँदछ । यो वीर्यवर्धक हुन्छ । यसको पचेपछिको रस गुलियो हुन्छ । यो शीतवीर्यको हुन्छ ।

अन्यदम्भःफलं भिन्नं महत्सिञ्चितिकाफलम् ।
अपरं सेवगुणकृद्विशेषात्तुवरं हिमम् ॥५९॥

एउटा अर्को थरी स्याउ (काश्मिरी नास्पाती) लाई संस्कृतमा अम्भफल र महत्सिञ्चितिकाफल भनिन्छ । यसमा स्याउकै गुण हुने भएपनि विशेषतः यो टर्रो र शीतवीर्यको हुन्छ ।

नास्पाती

अमृताह्वं रुचिफलं लघुबिल्वं फलाकृति ।
अमृतं गुरु वातघ्नं स्वाद्वम्लं रुचिशुक्रकृत् ॥६०॥

अमृताह्व, रुचिफल, लघुबिल्व र फलाकृति : यी नास्पातीका संस्कृत पर्यायवाची नामहरू हुन् । नास्पाती पचाउन कठिन, वातविकारनाशक, स्वादिलो, अमिलो, रुचिकर र शुक्रवर्धक हुन्छ ।

## अम्बा (पेरुक)

**पेरुकं तुवरं प्रोक्तं स्वाद्वम्लं कफकारकम् ।**
**शुक्रलं वातपित्तघ्नं शीतलं च रसं मतम् ॥६१॥**

अम्बा टर्रो, गुलियो र अमिलो स्वादको हुन्छ । यसले कफविकार गर्दछ । यो वीर्यवर्धक हुन्छ । अम्बाले वातविकार र पित्तविकार नाश गर्दछ । यो शीतवीर्यको हुन्छ भनिन्छ ।

## कागजी बदाम

**बादामं सुफलं वातवैरि नेत्रोपमं मतम् ।**
**बादाममुष्णं सुस्निग्धं वातघ्नं बलशुक्रकृत् ॥६२॥**

बादाम, सुफल, वातवैरि र नेत्रोपम : यी बदामका संस्कृत पर्यायवाची नामहरू हुन् । बदाम उष्णवीर्यको, अति चिल्लो, वातविकार नाशक, बलवर्धक र शुक्रवर्धक हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

## पेस्ता (निकोचक)

**निकोचकं चारुफलमङ्कोटं गलकोजकम् ।**
**पिस्तं मुकुलकं ज्ञेयं दन्तीफलसमाकृति ॥६३॥**

निकोचक, चारुफल, अङ्कोट, गलकोजक र दन्तीफलसमाकृति : यी पेस्ताका संस्कृत पर्यायवाची नामहरू हुन् ।

**निकोचकं गुरु स्निग्धं वृष्योष्णं स्वादु बृंहणम् ।**
**रक्तप्रसादनं बल्यं वातघ्नं कफपित्तकृत् ।**
**तद्वन्मुकुलकं ज्ञेयं विशेषाद्गुरु दुर्जरम् ॥६४॥**

पेस्ता पचाउन कठिन, चिल्लो, वीर्यवर्धक, उष्णवीर्यको, स्वादिलो, पौष्टिक, रगत बदल्ने गुणको, बलदायक, वातविकार नाशक तथा कफविकार र पित्तविकार बढाउने गुणको हुन्छ । अजयपाल (मुकुलक) मा पनि यिनै गुण हुन्छन् । यो विशेषतः पचाउन कठिन र ढिलो पच्ने गुणको हुन्छ ।

## लीची (एलानाम)

**एलानामामवातघ्नमलोष्णं गुरु रेचनम् ।**

**पक्वं स्वादु हिमं बल्यं वातपित्तविनाशनम् ॥६५॥**

लिचीले आमविकार र वातविकारलाई वा आमवातलाई नाश गर्दछ । यो उष्णवीर्यको, पचाउन कठिन र रेचनी हुन्छ । पाकेको लिची स्वादिलो र शीतवीर्यको हुन्छ । यसले बल दिन्छ तथा वातविकार र पित्तविकार नाश गर्दछ । (एलाको अर्थ अलैंची वा सुकुमेल हुन्छ तर यहाँ एलानाम को लीची भनी अर्थ लगाएको पाइन्छ । यो निघण्टुमा अलैंचीका बारेमा पहिले नै बताइ सकिएको छ) ।

## आलुबखडा

**आल्लूकमल्लूर्भल्लूकं भल्लू रक्तफलं तथा ।**
**आलूकं रसतः शीतं स्वाद्वम्लं वातपित्तकृत् ॥६६॥**

आल्लूक, अल्लू, भल्लूक, भल्लू र रक्तफल : यी आलुबखडाका संस्कृत पर्यायवाची नामहरू हुन् । आलुबखडाको रस शीतवीर्यको र स्वाद अमिलो हुन्छ । यसले वातविकार र पित्तविकार गर्दछ ।

## अञ्जीर

**अञ्जीरं मञ्जलं ज्ञेयं काकोदुम्बरिकाफलम् ।**
**अञ्जीरं शीतलं स्वादु गुरु पित्तास्रवातजित् ॥**
**तस्मादन्यगुणं ज्ञेयमञ्जीरं लघु वा गुणैः ॥६७॥**

सङ्कलन : मोहनप्रसाद सपकोटा

अञ्जीर, मञ्जल र काकोदुम्बरिकाफल : यी अञ्जीरका संस्कृत पर्यायवाची नामहरू हुन् । अञ्जीर शीतवीर्यको, स्वादिलो र पचाउन कठिन हुन्छ । यसले पित्तविकार र रक्तविकारलाई जित्दछ । यसबाहेकका (अन्य जातका वा साना) अञ्जीर कम गुणका हुन्छन् ।

## ओखर

**आक्षोटो वैधृतफलं कन्दलाभः पृथुच्छदः ।**
**आक्षोटं मधुरं बल्यं गुरूष्णं वातहृत्सरम् ॥६८॥**

आक्षोट, वैधृतफल, कन्दलाभ र पृथुच्छद : यी ओखरका संस्कृत पर्यायवाची नामहरू हुन् । ओखर गुलियो, बलदायक, पचाउन कठिन, उष्णवीर्यको, वातविकार नाशक र मलमूत्र तलतिर सार्ने गुणको हुन्छ ।

## पालेवत

**पालेवतं सितं पुष्पैस्तिन्दुकं च फलं स्मृतम् ।**
**अन्यन्मानवकं ज्ञेयं महापालेवतं तथा ॥६९॥**

पालेवत, सितपुष्प र तिन्दुकफल : यी पालेवतका संस्कृत पर्यायवाची नामहरू हुन् । अर्को थरी पालेवतलाई मानवक वा महापालेवत भनिन्छ ।

**पालेवतं हिमं स्वादु गुरुष्णं वह्निवातजित् ।**
**तद्वन्मानवकं हृद्यं तृष्णाघ्नं मिष्टमम्लकम् ॥७०॥**

पालेवत चिसो, स्वादिलो, पचाउन कठिन र उष्णवीर्यको हुन्छ । यसले कमजोर पाचनशक्ति र वातविकारलाई जित्दछ । यसैगरी मानवक मुटुका लागि हितकर, तिर्खा नाशक, रुचिवर्धक र अमिलो खालको हुन्छ ।

## किम्बु (तूद)

**तूदं तुदं ब्रह्मकोषं ब्राह्मण्यं ब्रह्मदारु च ।**
**तूतं गुरु हिमं पक्वं स्वादु पित्तानिलापहम् ॥७१॥**

तूद, तुद, ब्रह्मकोष, ब्राह्मण्य र ब्रह्मदारु : यी किम्बुका संस्कृत पर्यायवाची नामहरू हुन् । किम्बु पचाउन कठिन, शीतवीर्यको, पाकेपछि गुलियो तथा पित्तविकार र वातविकार नाशक हुन्छ ।

## गङ्गेरुक

सङ्कलन : मोहन प्रसाद सापकोटा

**गङ्गेरुकं कर्कटकं कारकं मृगलिण्डकम् ।**
**तोदनं क्रन्दनं चान्यन्मृगविट्सदृशं तथा ॥७२॥**

गङ्गेरुक, कर्कटक, कारक र मृगलिण्डक : यी पहिलो थरी तथा तोदा, क्रन्दन र मृगविट्सदृश : यी दोश्रो थरी गङ्गेरुकका संस्कृत पर्यायवाची नामहरू हुन् ।

**गङ्गेरु रेचनं पक्वं गुरुवातास्रजिन्मतम् ।**
**तोदनं ग्राहि मधुरं वातपित्तहरं लघु ॥७३॥**

पहिलो गङ्गेरुक रेचनी हुन्छ । पाकेको यो गङ्गेरुक पचाउन कठिन तथा वातविकार र रक्तविकारलाई जित्ने गुणको हुन्छ भनिन्छ । दोश्रो थरी गङ्गेरुक ग्राही, मिठो, वातविकार नाशक, पित्तविकार नाशक र पचाउन हलुका हुन्छ ।

## तुवर

**तुवरं टिन्त्रिकं साम्लमुष्णमामं तु पित्तलम् ।**
**कालायनफलैः पत्रैः केशराभैः समुद्रजैः ॥**
**वृक्षस्तुम्बरको ज्ञेयो भल्लातकसमो गुणैः ।**

**तुम्बरं कफांजत्पाके कटूष्णं व्रणमेहकृत्॥७४॥**

तुवर र टिन्त्रिक : यी वृक्षविशेषका संस्कृत पर्यायवाची नामहरू हुन् । तुवर अमिलो र उष्णवीर्यको हुन्छ । काँचो तुवरले पित्तविकार बढाउँदछ । कालायनफल (?) का जस्ता पात, केसरको जस्तो चमक र भलायोको जस्तो गुण हुने समुद्री वृक्षलाई तुम्बरक भनिन्छ । यसले कफविकारलाई जित्दछ । यो पिरो र उष्णवीर्यको हुन्छ । यसले घाउ र प्रमेह गर्दछ ।

## बिमिरो (बीजपूर)

**बीजपूरो मातुलिङ्गः कुशरी फलपूरकः ।**
**बीजपूरफलं रुच्यं रसाम्लं दीपनं लघु॥७५॥**

बीजपूर, मातुलिङ्ग, कुशरी र फलपूरक : यी बिमिरोका संस्कृत पर्यायवाची नामहरू हुन् । बिमिरोको फलले रुची जगाउँदछ । यसको रस अमिलो हुन्छ । यो दीपनी र पचाउन हलुका हुन्छ ।

**रक्तपित्तकरं कण्ठ्यं जिह्वाहृच्छोधनं परम् ।**
**तन्मांसं बृंहणं शीतं गुरु पित्तसमीरजित्॥७६॥**

बिमिरोले रक्तपित्त गर्दछ । यसले घाँटी, जिभ्रो र मुटु राम्ररी सफा गर्दछ । यसको गुदी पौष्टिक, शीतवीर्य भएको, पचाउन कठिन तथा पित्तविकार र वातविकारलाई जित्ने गुणको हुन्छ ।

**केशरं लघु सङ्ग्राहि शूलगुल्मोदरापहम् ।**
**बीजमुष्णं कृमिश्लेष्मवातजिद्गर्भदं गुरु॥७७॥**

यसको केसर पचाउन सहज र ग्राही हुन्छ । यसले शूल, गुल्म र पेटका रोग नाश गर्दछ । बिमिरोको बीज उष्णवीर्यको हुन्छ । यसले कीरा, कफविकार र वातविकार माथि जित हासिल गर्दछ । यसले गर्भ बसाउन मद्दत गर्दछ तर पचाउन कठिन हुन्छ ।

**तत्पुष्पं वातलं ग्राहि रक्तपित्तहरं लघु ।**
**शूलाजीर्णविबन्धेषु मन्दाग्नौ कफमारुते॥**
**अरुचौ श्वासकासेषु रसस्तस्योपदृश्यते॥७८॥**

बिमिरोको फूल वातविकार गर्ने, ग्राहि, रक्तपित्त नाशक र पचाउन सहज हुन्छ । शूल, अजीर्ण, विबन्ध, मन्दाग्नि, कफविकार, वातविकार, अरुची, दम र खोकीमा बिमिरो रस खान दिनु उत्तम हुन्छ ।

## मधुबिमिरो (मधुकर्कटी)

**मधुकर्कटिका स्वादुलुङ्गी घण्टालिका घटा ।**

**मधुकर्कटिका शीता रक्ता पित्तहरा गुरुः ॥**
**तन्मूलं तु विषूचीघ्नं कर्णशोथविनाशनम् ॥७९॥**

मधुकर्कटिका, स्वादु, लुङ्गी, घण्टालिका र घटा : यी मधुबिमिरोका संस्कृत पर्यायवाची नामहरू हुन् । यो शीतवीर्यको, रातो, पित्तविकार नाशक र पचाउन कठिन हुन्छ । यसको जराले कानको सुजन तथा हैजा नाश गर्दछ ।

## सुन्तला

**नारङ्गी नागरङ्गः स्याद्गोरक्षो योगसागरः ।**
**नारङ्गमम्लमत्युष्णं पित्तवातहरं सरम् ॥**
**स्वाद्वम्लपरं हृद्यं दुर्जरं वातनाशनम् ॥८०॥**

नारङ्गी, नागरङ्ग, गोरक्ष र योगसागर : यी सुन्तलाका संस्कृत पर्यायवाची नामहरू हुन् । सुन्तला अमिलो, अती उष्णवीर्यको तथा पित्तविकार र वातविकार नाशक हुन्छ । सुन्तलाले मलमूत्रलाई तलतिर सार्दछ । यो स्वादिलो र अमिलो हुन्छ तथा मुटुलाई अति नै फाइदाजनक हुन्छ । यो ढिलो पच्दछ र वातविकारलाई नाश गर्दछ ।

## ज्यामिर

सङ्कलन : मोहन प्रसाद सापकोटा

**जम्बीरको दन्तशठो जम्भीरो जङ्गलो मतः ।**
**जम्बीरमम्लं शूलघ्नं गुरूष्णं कफवातजित् ॥**
**आस्यवैरस्यहृत्पीडावह्निमान्द्यक्रिमीञ्जयेत् ॥८१॥**

जम्बीरक, दन्तशठ, जम्भीर र जङ्गल : यी ज्यामिरका संस्कृत पर्यायवाची नामहरू हुन् । ज्यामिर अमिलो, शूल नाशक, पचाउन कठिन, उष्णवीर्यको तथा कफविकार र वातविकारलाई जित्ने गुणको हुन्छ । यसले मुखको स्वादहीनता, मुटुको पीडा, कमजोर पाचनशक्ति र कीरामाथि विजय हासिल गर्दछ ।

## अम्लवेतस

**अम्लोऽम्लवेतसश्चुक्रो वेतसः शरभेदकः ।**
**अम्लवेतसमत्युष्णं भेदनं लघु दीपनम् ॥**
**हृद्रोगशूलगुल्मघ्नं पित्ततृट्कफदूषणम् ॥८२॥**

अम्ल, अम्लवेतस, चुक्र, वेतस र शरभेदक : यी अम्लवेतसका संस्कृत पर्यायवाची नामहरू हुन् । अम्लवेतस अति नै उष्णवीर्यको हुन्छ । यो भेदनी, पचाउन सहज र दीपनी हुन्छ । यसले मुटुका रोग, शूल, गुल्म, पित्तविकार, तिर्खा र कफविकार नाश गर्दछ ।

## सङ्खेत्रो (साराम्ल)

**साराम्लकः सारगुलो रसालः सारपादपः ।**
**सारम्लमम्लवातघ्नं गुरु पित्तकफप्रदम् ॥८३॥**

साराम्लक, सारगुल, रसाल र सारपादप : यी सङ्खेत्रोका संस्कृत पर्यायवाची नामहरू हुन् । सङ्खेत्रोले अम्लवातलाई नाश गर्दछ । यो पचाउन कठिन हुन्छ । यसले पित्तविकार र कफविकार गर्दछ ।

## कागती

**निम्बूकं निम्बुकं राजनिम्बूकमपरं स्मृतम् ।**
**निम्बूकमम्लं वातघ्नं पाचनं दीपनं लघु ॥**
**राजनिम्बूफलं स्वादु गुरु पित्तसमीरजित् ॥८४॥**

निम्बूक र निम्बुक : यी कागतीका संस्कृत पर्यायवाची नामहरू हुन् । अर्को थरी कागतीलाई राजनिम्बूक भनिन्छ । कागती अमिलो, वातविकार नाशक, पाचनी, दीपनी र पचाउन हलुका हुन्छ । राजनिम्बूको फल स्वादिलो, पचाउन कठिन तथा पित्तविकार र वातविकार जित्ने गुणको हुन्छ ।

## कमरख (कर्मरङ्ग)

सङ्कलन : मोहन प्रसाद सापकोटा

**कर्मरङ्गं नागफलं भव्यं पिच्छिलबीजकम् ।**
**कर्मरङ्गं हिमं ग्राहि स्वाद्वम्लं कफपित्तजित् ॥८५॥**

कर्मरङ्ग, नागफल, भव्य र पिच्छिलबीजक : यी कमरखका संस्कृत पर्यायवाची नामहरू हुन् । यो शीतवीर्यको, ग्राहि, गुलियो-अमिलो तथा कफविकार र पित्तविकारलाई जित्ने गुणको हुन्छ ।

## अमिली वा तित्री

**अम्लिका चुक्रिका चिञ्चा तिन्तिडी शुक्तिचन्द्रिका ।**
**अम्लिकाऽऽमा गुरुर्वातहरा पित्तकफास्रजित् ॥८६॥**

अम्लिका, चुक्रिका, चिञ्चा, तिन्तिडी र शुक्तिचन्द्रिका : यी अमिलीका संस्कृत पर्यायवाची नामहरू हुन् । काँचो अमिली पचाउन कठिन, वातविकार नाशक तथा पित्तविकार र कफविकार माथि जित हासिल गर्ने गुणको हुन्छ ।

**पक्वा तद्वत्सरा रुच्या वह्निबस्ति विशुद्धिकृत् ।**
**शुष्का हृद्या श्रमभ्रान्तितृष्णाक्लमहरा लघुः ॥८७॥**

पाकेको आमलो मलमूत्र तलतिर सार्ने, रुचि जगाउने तथा पाचनशक्ति र तल्लो पेटलाई शुद्ध बनाउने गुणको हुन्छ । सुकेको अमिलीले मुटुलाई लाभ दिन्छ तथा थकाई, भ्रम, तिर्खा र ग्लानी नाश गर्दछ । यो पचाउन हलुका हुन्छ ।

## भकी अमिलो (तिन्तिडीक)

**तिन्तिडीकं तु वृक्षाम्लमम्लशाकोऽम्लपादपः ।**<br>
**तिन्तिडीकं समीरघ्नमाममुष्णं परं गुरू॥**<br>
**तत्पक्वं लघु सङ्ग्राहि ग्रहणीकफवातजित्॥८८॥**

तिन्तिडीक, वृक्षाम्ल, अम्लशाक र अम्लपादप : यी भकीअमिलोका संस्कृत पर्यायवाची नामहरू हुन् । काँचो भकीअमिलोले वातविकार नाश गर्दछ । यो उष्णवीर्यको र अति नै पचाउन कठिन हुन्छ । पाकेको भकीअमिलो पचाउन सहज र ग्राहि हुन्छ । यसले ग्रहणी, कफविकार र वातविकार माथि समेत जित हासिल गर्दछ ।

## करौंजी (करमर्दी)

**करमर्दी सुषेणा स्यादन्या कृष्णफला मता ।**<br>
**करमर्दी गुरूष्णाम्लं रक्तपित्तकफप्रदम्॥**<br>
सङ्कलन : मोहन प्रसाद सपकोटा
**तत्पक्वं मधुरं रुच्यं लघु पित्तसमीरजित्॥८९॥**

करमर्दी, सुषेणा र कृष्णफला : यी करौंजीका नाम हुन् । करौंजी पचाउन कठिन, उष्णवीर्यको, अमिलो तथा रक्तपित्त र कफविकार गर्ने गुणको हुन्छ । पाकेको करौंजी गुलियो, रुचिकर, पचाउन सहज तथा पित्तविकार र वायुविकार जित्ने गुणको हुन्छ ।

## विकङ्कत

**(विकङ्कतो मधुश्चाम्लः कषायः शीतलो जयेत् ।**<br>
**बलासपित्तशोफास्रविकारान्कामलां स्तथा ॥१॥**<br>
**पाककालेऽतिमधुरो दाहं शोषं च नाशयेत् ।**<br>
**दीपनः पचनश्चैव व्रणलूताविनाशनः ॥२॥)**

विकङ्कत गुलियो-अमिलो र टर्रो तथा शीतवीर्यको हुन्छ । यसले कफविकार, पित्तविकार, सुजन, रक्तविकार र कमलपित्तलाई जित्दछ । यो पाकेपछि अति गुलियो हुन्छ । यसले डाह र सुजन नाश गर्दछ । यो दीपनी र पाचनी हुनुका साथै यसले घाउखटिरा र लुतो पनि नाश गर्दछ ।

## कैथ (कांपत्थ)

**कपित्थको दधिफलः कपित्थः सुरभिच्छदः ।**
**कपित्थमामं सङ्ग्राहि लघु दोषत्रयापहम् ॥९०॥**

कपित्थक, दधिफल, कपित्थ र सुरभिच्छद : यी कैथका संस्कृत पर्यायवाची नामहरू हुन् । काँचो कैथ ग्राही, पचाउन सहज र त्रिदोष नाशक हुन्छ ।

**पक्वं गुरु तृषाहिक्काशमनं वातपित्तजित् ।**
**स्वाद्वम्लं तुवरं कण्ठशोधनं ग्राहि दुर्जरम् ॥९१॥**

पाकेको कैथ पचाउन कठिन, तिर्खा र बाडुली शान्त पार्ने तथा वातविकार र पित्तविकारलाई जित्ने गुणको हुन्छ । यो स्वादिलो, अमिलो र टर्रो हुन्छ । यसले घाँटी सफा गर्दछ, ग्राहि हुन्छ र ढिला पच्दछ ।

## कपित्थपत्री (वृक्षविशेष)

**कपित्थपत्री फणिजा कुलजा जीवपत्रिका ।**
**कपित्थपत्री तीक्ष्णोष्णा कफमेहविषापहा ॥९२॥**

सङ्कलन : मोहन प्रसाद सापकोटा

कपित्थपत्री, फणिजा, कुलजा र जीवपत्रिका : यी कपित्थपत्रीका संस्कृत पर्यायवाची नामहरू हुन् । यो तिक्खर, उष्णवीर्यको तथा कफविकार, प्रमेह र विषविकार नाशक हुन्छ ।

## अमारो

**आम्रातकश्चाम्रवटः फली मोदः फलः कपीः ।**
**आम्रातमामवातघ्नं गुरूष्णं रुचिकृत्सरम् ॥**
**पक्वं स्वादु हिमं वृष्यं मरुत्पित्तक्षयास्रजित् ॥९३॥**

आम्रातक, आम्रवट, फली, मोद, फल र कपि : यी अमारोका संस्कृत पर्यायवाची नामहरू हुन् । काँचो अमारोले वातविकार नाश गर्दछ । यो पचाउन कठिन र उष्णवीर्यको हुन्छ । यसले रुचि जगाउँदछ र मलमूत्रलाई तलतिर सार्दछ । पाकेको अमारो स्वादिलो, शीतवीर्यको, वीर्यवर्धक तथा वातविकार, पित्तविकार, क्षयरोग र रक्तविकारलाई जित्ने गुणको हुन्छ ।

## कलमी आँप (राजाम्र)

**राजाम्राह्वं काम्रनामा कामाह्वो राजपुत्रकः ।**
**राजाम्रं मधुरं शीतं ग्राहि पित्तकफापहम् ॥९४॥**

राजाम्र, काम्रनाम, कामाह्व र राजपुत्रक : यी कलमी आँपका संस्कृत पर्यायवाची नामहरू हुन् । यो आँप गुलियो, शीतवीर्यको, ग्राहि तथा पित्तविकार र कफविकार नाशक हुन्छ ।

## चतुराम्लक, पञ्चाम्ल

**वृक्षाम्लदाडिमीचिञ्चाकपित्थैश्चतुराम्लकम् ।**
**अम्लवेतसवृक्षाम्लं दाडिमो बदरः क्वचित् ॥**
**बीजपूरयुतैरेतैः पञ्चाम्लमुदितं बुधैः ॥९५॥**

भकीअमिलो, दारिम, अमिली र कैथको मिसावटलाई चतुराम्लक भनिन्छ । कसैले अम्लवेत, भकीअमिलो, दारिम र बयरलाई चतुराम्लक भनेका छन् । यो मिश्रणमा बिमिरो मिसाएपछि पञ्चाम्ल हुन्छ भनी विज्ञहरूले बताएका छन् ।

## बिज्जु आँप

**कोशाम्रको घनस्कन्धो जन्तुवृक्षश्च कोशकः ।**
**कोशाम्रः कुष्ठशोथास्रपित्तव्रणकफापहः ॥९६॥**

कोशाम्रक, घनस्कन्ध, जन्तुवृक्ष र कोशक : यी बिज्जु आँपका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले कुष्ठ, सुजन, रक्तपित्त र कफविकार नाश गर्दछ ।

सङ्कलन : मोहन प्रसाद सपकोटा

**तत्फलं ग्राहि वातघ्नमम्लोष्णं गुरु पित्तलम् ।**
**पक्वं तद्दीपनं रुच्यं लघूष्णं कफवातजित् ॥**
**मज्जा पित्तसमीरघ्नी स्वादुर्बल्याऽग्निदीपनी ॥९७॥**

यसको फल ग्राहि, वातविकार नाशक, अमिलो, उष्णवीर्यको, पचाउन कठिन र पित्तविकार गर्ने गुणको हुन्छ । पाकेको बिज्जु आँप दीपनी, रुचिकर, पचाउन सहज, उष्णवीर्यको तथा कफविकार र वातविकारलाई जित्ने गुणको हुन्छ । यसको काठभित्रको गुदी पित्तविकार र वातविकार नाशक, स्वादिलो, बलदायक र पाचनशक्ति बढाउने गुणको हुन्छ ।

## सुपारी

**क्रमूकं क्रमुकं पूगं पूगीफलमुदाहृतम् ।**
**पूगं गुरु हिमं रूक्षं कषायं कफपित्तजित् ॥९८॥**

क्रमूक, क्रमुक, पूग र पूगीफल : यी सुपारीका संस्कृत पर्यायवाची नामहरू हुन् । सुपारी पचाउन कठिन, शीतवीर्यको, रुखो, टर्रो तथा कफविकार र पित्तविकारलाई जित्ने गुणको हुन्छ ।

**मोहनं दीपनं रुच्यमास्यवैरस्यनाशनम् ।**
**आर्द्रं तद्गुर्वभिष्यन्दि वह्निदृष्टिहरं परम् ॥९९॥**

यसले मोह गराउँदछ । यो दीपनी, रुचिकर र मुखको स्वादहीनता नाशक हुन्छ । काँचो सुपारी पचाउन कठिन, अभिष्यन्दी तथा पाचनशक्ति र दृष्टिक्षमता धेरै नै घटाउने गुणको हुन्छ ।

**स्निग्धं त्रिदोषहृत्सर्वं पक्वं शुष्कं तु वातलम् ।**
**पूगं स्याद्दृढमध्येष्टं तद्धि नानाविधं हिमम् ॥१००॥**

पाकेको चिल्लो सुपारीले त्रिदोष नाश गर्दछ भने सुकेको सुपारीले वातविकार गर्दछ । बीचको भाग कडा हुने सुपारी उत्तम हुन्छ । सुपारी अनेक थरी हुन्छन् र यी शीतवीर्यका हुन्छन् ।

**पाकदेशविभेदेन चिक्कणं सर्वदोषनुत् ।**
**कृमिकृत्पूगपुष्पं तु कषायं मधुरं गुरु ॥**
**स्निग्धं त्रिदोषहृद्बल्यं तद्भेदांस्तद्वदादिशेत् ॥१०१॥**

पाकेपछि र स्थान अनुसार योग्य हुँदा चिल्लो सुपारीले सबै खालका दोष नाश गर्दछ । सुपारीको फूलले पेटमा कीरा पार्दछ । यो टर्रो र गुलियो तथा पचाउन कठिन हुन्छ । सुपारीले त्रिदोष नाश गर्दछ । यो मुटुका लागि हितकर र बलदायक हुन्छ । यिनै गुण चिल्ला सुपारीका अन्य जातमा पनि हुन्छन् भनी जान्नू ।

सङ्कलन : मोहन प्रसाद सपकोटा

## पान

**ताम्बूलवल्ली ताम्बूली नागिनी नागवल्लरी ।**
**ताम्बूलं विशदं रुच्यं तीक्ष्णोष्णं तुवरं सरम् ॥१०२॥**

ताम्बूलवल्ली, ताम्बूली, नागिनी, नागवल्लरी र ताम्बूल : यी पानका संस्कृत पर्यायवाची नामहरू हुन् । यो सुन्दर, रुचिकर, तिक्खर, उष्णवीर्यको, टर्रो र मलमूत्र तलतिर सार्ने गुणको हुन्छ ।

**तिक्तक्षारोषणं बल्यं रक्तपित्तकरं लघु ।**
**कासश्लेष्मास्यदौर्गन्ध्यमलवातश्रमापहम् ॥१०३॥**

पान तीतो, नुनिलो, गर्मी गर्ने, बलदायक, रक्तपित्त गर्ने र पचाउन सहज हुन्छ । यसले खोकी, कफविकार, मुखको दुर्गन्ध, मलविकार, वातविकार र थकाई नाश गर्दछ ।

**ताम्बूलं स्वर्णवर्णं क्रमुकफलयुतं साग्रमप्यग्रहीनं**
**कर्पूरैणाण्डजाभ्यां कृतखदिरवटीसौरभेखातिचूर्णम् ।**
**चूर्णं ग्रीवानुजातं शिशिरकिरणवत्प्रोज्ज्वलं तेन साकं**

दत्वा विप्राय पूर्वं तदनु नरपतिर्भक्षयेदाप्तदत्तम् ॥१०४॥

सुनजस्तो रङ भएको, सुपारीका टुक्रा हालिएको, टुप्पो र भेट्नु चुँडिएको, कपूर र कस्तूरीले सुगन्धित बनाइएको, खयर हालिएको, चून दलेर चन्द्रमा जस्तै चम्काइएको पहिला ब्राह्मणलाई दिई पछि योग्य हातबाट दिइएको पान राजाले खानू ।

चूर्णं कफानिलहरं खदिरं कफपित्तजित् ।
संयोगतो दोषहरं सौमनस्यं करोति च ॥
वैरस्यं हन्ति सौगन्ध्यकान्तिशोभाकरं परम् ॥१०५॥

चूनले कफ र वातविकार नाश गर्दछ । खयरले कफ र पित्तविकारलाई जित्दछ । दुवै कुरा मिलाएर खानाले दोष नाश गरी सुन्दरता बढाउने काम गर्दछ । यसले मुखको स्वादहीनता नाश गर्नुका साथै सुगन्ध, चमक र शोभा धेरै बढाउँदछ ।

## सुगन्धमूला

घनस्निग्धा महाप्रांशुः प्रपुन्नाटः समच्छदा ।
सुगन्धमूला लवली पाण्डुः कोमलवल्कली ॥१०६॥

घनस्निग्धा, महाप्रांशु, प्रपुन्नाट, समच्छदा, सुगन्धमूला, लवली, पाण्डु र कोमलवल्कली : यी लवली नामक फलविशेषका संस्कृत पर्यायवाची नामहरू हुन् ।

लावल्याः फलमुद्दिष्टं श्यामं ज्योत्स्नाफलं तथा ॥१०७॥

लवलीको फललाई श्याम र ज्योत्स्नाफल भनिन्छ ।

लवलीफलमश्मार्शो वातपित्तहरं लघु ।
विशदं रोचनं रूक्षं हृद्यं पित्तकफापहम् ॥१०८॥

लवलीको फलले पत्थरी, अल्काई, वातविकार र पित्तविकार नाश गर्दछ । यो पचाउन सहज, सुन्दर, रोचनी, रुखो, मुटुका लागि हितकर तथा पित्तविकार र कफविबार नाशक हुन्छ ।

## फलका गुण र दोष

फलं तुल्यगुणं सर्वं मज्जानमपि निर्दिशेत् ।
फलं हिमाग्निदुर्वातव्यालकीटादिदूषितम् ॥१०९॥
अकालजातं नाश्नीयात्पाकातीसारभूमिजम् ।
आमं दोषकरं प्रायः फलं बिल्वं विनाऽखिलम् ॥११०॥

वृक्षमा हुने गुण नै त्यसको फल र बीजको गुदीमा हुने गर्दछ । हिउँले खाएको, आगोले डढेको, हुरीले क्षतविक्षत बनाएको, सर्प वा कीरा आदिले प्रदूषित बनाएको, बेमौसममा फलेको, पाक्ने नियमलाई उल्लङ्घन गरी पाकेको र खराब स्थानमा उम्रेको वृक्षमा फल्ने फल दूषित हुन्छ, खान हुँदैन । बेल बाहेकका सबै काँचा फलफूलमा दोष हुन्छ ।

**यस्य यस्य फलस्येह वीर्यं भवति यादृशम् ।**
**तस्य तस्यैव वीर्येण मज्जानमपि निर्दिशेत् ॥१११॥**

जुन जुन फलमा जेजस्तो वीर्य हुन्छ । त्यसको बीजको गुदीमा पनि त्यस्तै वीर्य हुन्छ भनी जान्नू ।

### वर्जनीयफल

**व्याधितं कृमिदुष्टं च पाकातीतमकालजम् ।**
**वर्जनीयं प्रयत्नेन सपद्यागतमेव च ॥११२॥**

रोग लागेको, कीरा परेको, धेरै पाकेको, बेमौसको र छिटो पाकेको फल प्रयत्नपूर्वक नखानू ।

**इति श्रीमदनपालविरचिते मदनविनोदे (मदनपालनिघण्टौ) फलादिवर्गः षष्ठः ॥६॥**

सङ्कलन : मोहन प्रसाद सापकोटा

मदनपाल निघण्टुमा छैटौं फलादिवर्ग पूर्ण भयो ।

## शाकवर्गः

### प्रार्थना

राधापदाब्जे निपतन् विनोदी मानापनुत्त्यै जगदेकवन्द्यः ।
केनापि कामेन स गोपरूपी पायादपायात्पुरुषः पुराणः ॥१॥

मानलाई पन्छाउन राधाका चरणकमलमा परेका, हाँसख्यालमा रमाइरहेका, कारणवश गोठालो बनेका तथा संसारका एक मात्र वन्दनीय पुराणपुरुष (श्रीकृष्ण) ले हामीलाई दुःखकष्टबाट रक्षा गरून् ।

### श्रेष्ठ र निकृष्ट साग

सर्वशाकेषु जीवन्ती श्रेष्ठा निन्द्यस्तु सर्षपः ।
शाकं चतुर्धा तत् पुष्पच्छदकन्दफलैः स्मृतम् ॥२॥

सागहरूमा जिरीको साग सर्वश्रेष्ठ र सर्सिउँको साग सबभन्दा निन्दनीय हुन्छ । फूल, पात, गानु र फल गरी चार थरीका साग हुन्छन् ।

### कुभिण्डो

सङ्कलन : मोहन प्रसाद सापकोटा

कूष्माण्डकी पुष्पफली पचनालिश्चतुर्विधः ।
कर्कारुरफला कन्दी स्यादारू राजकर्कटी ॥३॥

कूष्माण्डकी, पुष्पफली, पचनालि, चतुर्विध, कर्कारु, अफला, कन्दी, आरू र राजकर्कटी : यी कुभिण्डोका संस्कृत पर्यायवाची नामहरू हुन् ।

कूष्माण्डं बृंहणं शीतं गुरु पित्तास्रवातजित् ।
बल्यं पित्तापहं शीतं मध्यमं कफकारकम् ॥४॥

यो पौष्टिक, शीतवीर्यको, पचाउन कठिन तथा पित्तविकार, रक्तविकार र वातविकारलाई जित्ने गुणको हुन्छ । यो बलदायक, पित्तनाशक र शीतवीर्यको हुन्छ । छिप्पिएको तर राम्ररी नपाकेको कुभिण्डो कफविकार गर्ने गुणको हुन्छ ।

पक्वं नातिहिमं स्वादु सक्षारं दीपनं लघु ।
बस्तिशुद्धिकरं रेतोरोगदोषत्रयापहम् ॥५॥

पाकेको कुभिण्डो धेरै शीतवीर्य नभएको, स्वादिलो, केही नुनिलो, दीपनी, पचाउन सहज, तल्लो पेटलाई सफा गर्ने, वीर्यसम्बन्धी रोग नाशक र त्रिदोष नाशक हुन्छ ।

**कूष्माण्डं नातिमधुरं वातश्मरिकफापहम् ।**
**तन्मज्जा पित्तनुद् वृष्यो मधुरो बस्तिशोधनः ॥६॥**

कुभिण्डो धेरै गुलियो पनि हुँदैन । यसले वातविकार, पत्थरी र कफविकार नाश गर्दछ । यसको बीजको गुदीले पित्तविकार नाश गर्दछ । यो पौष्टिक, गुलियो र तल्लो पेट सफा गर्ने गुणको हुन्छ ।

## कर्कट

**कर्कटं शीतलं ग्राहि रक्तपित्तहरं गुरु ।**
**पक्वं पित्ताग्निजननं सक्षारं श्लेष्मवातजित् ॥७॥**

कर्कट (सानो जातको कुभिण्डो) शीतवीर्यको, ग्राहि, रक्तपित्त नाशक र पचाउन कठिन हुन्छ । पाकेको कर्कटले पित्तविकार र पाचक-अग्निलाई उत्पन्न गर्दछ । यो केही नुनिलो तथा कफविकार र वातविकारलाई जित्ने गुणको हुन्छ । (कर्कटको अर्थ लौका पनि हुन्छ) ।

## काँक्रोविशेष (एर्वारु)

**कर्कटी लोमशी व्यालपत्रैर्वारुर्बृहत्फला ।**
सङ्कलन : मोहन प्रसाद सपकोटा
**कर्कटी शीतला रूक्षा ग्राहिणी मधुरा गुरुः ॥८॥**

कर्कटी, लोमशी, व्यालपत्रा, एर्वारु र बृहत्फला : यी एर्वारुका संस्कृत पर्यायवाची नामहरू हुन् । यो शीतवीर्यको, रुखो, ग्राहि, गुलियो र पचाउन कठिन हुन्छ ।

## तरबुजो (कालिङ्ग)

**कालिङ्गं कृष्णबीजं स्यात् कलिङ्गं फलवर्तुलम् ।**
**कालिङ्गं ग्राहि दृक्पित्तशुक्रहृच्छीतलं गुरु ॥**
**पक्वं तु सोष्णं सक्षारं पित्तलं कफवातजित् ॥९॥**

कालिङ्ग, कृष्णबीज, कलिङ्ग र फलवर्तुल : यी तरबुजोका संस्कृत पर्यायवाची नामहरू हुन् । यो ग्राहि तथा आँखाका रोग, पित्तविकार, शुक्र नाशक हुन्छ । यो शीतवीर्यको र पचाउन कठिन हुन्छ । पाकेको तरबुजो उष्णवीर्यको, क्षारयुक्त, पित्तविकार गराउने तथा कफविकार र वातविकारलाई जित्ने गुणको हुन्छ ।

## लौका (अलाबू)

**तुम्बी मिष्टा महातुम्बी राजाऽलाबुरलाबुनी ।**
**मिष्टं तुम्बीफलं वृष्यं कफपित्तहरं गुरु ॥१०॥**

तुम्बी, मिष्टा, महातुम्बी, राजा, अलाबु र अलाबुनी : यी लौका (वा मिठो तुम्बा) का संस्कृत पर्यायवाची नामहरू हुन् । यो वीर्यवर्धक, कफविकार र पित्तविकार नाशक तथा पचाउन कठिन हुन्छ ।

## तीते तुम्बा

**कटुतुम्बी मिष्टफली राजपुत्री च दुग्धिनी ।**
**कटुतुम्बी हिमा हृद्या पित्तकासविषापहा ॥११॥**

कटुतुम्बी, मिष्टफली, राजपुत्री र दुग्धिनी : यी तीते तुम्बाका संस्कृत पर्यायवाची नामहरू हुन् । यो शीतवीर्यको, मुटुका लागि हितकर तथा पित्तविकार, खोकी र विषविकार नाशक हुन्छ ।

## काँक्रो (त्रपुष)

**त्रपुषं कण्टकिलता सुधावासोऽपरं कटुः ।**
**छर्दिपर्णी मूत्रफला पित्तकं हस्तिपर्णिनी ॥१२॥**

त्रपुष, कण्टकिलता, सुधावास, कटु(डु), छर्दिपर्णी, मूत्रफला, पित्तक र हस्तिपर्णिनी : यी काँक्रोका संस्कृत पर्यायवाची नामहरू हुन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

**त्रपुषं मूत्रलं शीतं रूक्षं पित्ताश्मकृच्छ्रनुत् ।**
**तत् पक्वमुष्णमम्लं स्यात् पित्तलं कफवातजित् ॥१३॥**

काँक्रोले पिसाब लगाउँदछ । यो शीतवीर्यको, रुखो तथा पित्तविकार, पत्थरी र कृच्छ्र नाशक हुन्छ । पाकेको काँक्रो उष्णवीर्यको, अमिलो, पित्तविकार गर्ने तथा कफविकार र वातविकारलाई जित्ने गुणको हुन्छ ।

## काँक्रोविशेष (चिर्भट)

**चिर्भटं धेनुदुग्धं स्याज्ज्ञेयं गोरक्षकर्कटी ।**
**चिर्भटं मधुरं रूक्षं गुरु पित्तकफापहम् ॥**
**शीतं विष्टम्भि सङ्ग्राहि पक्वमुष्णं तु पित्तलम् ॥१४॥**

चिर्भट, धेनुदुग्ध र गोरक्षकर्कटी : यी ककडीका संस्कृत पर्यायवाची नामहरू हुन् । यो गुलियो, रुखो, पचाउन कठिन तथा पित्तविकार र कफविकार नाशक हुन्छ । यो शीतवीर्यको, कब्जियत गराउने र ग्राही हुन्छ । पाकेको ककडी उष्णवीर्यको र पित्तविकार गराउने गुणको हुन्छ ।

## वालुक (बालुवामा फल्ने काँक्रो विशेष)

**वालुकं काण्डकं वालु तच्छीतं मधुरं गुरु ।**
**रक्तपित्तहरं भेदि लघूष्णं पक्वमग्निकृत् ॥१५॥**

वालुक, काण्डक र वालु : यी वालुकका संस्कृत पर्यायवाची नामहरू हुन् । यो शीतवीर्यको, गुलियो । पचाउन कठिन हुन्छ । पाकेको वालुक रक्तपित्त नाशक, भेदनी, पचाउन सहज, उष्णवीर्यको र पाचनशक्ति बढाउने गुणको हुन्छ ।

## तरबुजो विशेष (शीर्णवृन्त)

**शीर्णवृन्तं चित्रफलं विचित्रं पीतवर्णकम् ।**
**शीर्णवृन्तं लघु स्वादु भेद्युष्णं वह्निपित्तकृत् ॥१६॥**

शीर्णवृन्त, चित्रफल, विचित्र र पीतवर्णक : यी तरबुजोविशेषका संस्कृत पर्यायवाची नामहरू हुन् । यो पचाउन हलुका, स्वादिलो, भेदी, उष्णवीर्यको तथा अग्नि र पित्तविकार बढाउने गुणको हुन्छ ।

## घिरौंलो (कोशातकी)

सङ्कलन : मोहन प्रसाद सपकोटा

**कोशातकी शतच्छिद्रा जालिनी कृतवेधसा ।**
**मृदङ्गफलका ज्वेरा घोटाकी कर्कशच्छदा ॥१७॥**

कोशातकी, शतच्छिद्रा, जालिनी, कृतवेधसा, मृदङ्गफलका, ज्वेरा, घोटाकी र कर्कशच्छदा : यी घिरौंलोका संस्कृत पर्यायवाची नामहरू हुन् ।

**कोशातकी लघुस्तिक्ता रूक्षाऽऽमाशयशोधनी ।**
**शोफपाण्डूदरप्लीहकुष्ठार्शः कफपित्तजित् ॥**
**तत्फलं भेदनं शीतं लघु मेहत्रिदोषजित् ॥१८॥**

घिरौंलो पचाउन सहज, तीतो, रुखो, आमाशय सफा गर्ने तथा सुजन, पाण्डु, पेटका रोग, फियोका रोग, कुष्ठ, अल्काई, कफविकार र पित्तविकारलाई जित्ने गुणको हुन्छ । यसको फल भेदनी, शीतवीर्यको, पचाउन सहज तथा प्रमेह र त्रिदोषलाई जित्ने गुणको हुन्छ ।

## घिरौंलो विशेष (राजकोशातकी)

**राजकोशातकी मिष्टा महाजालिः सपीतका ।**
**राजकोशातकी शीता ज्वरघ्नी कफवातला ॥१९॥**

राजकोशातकी, मिष्टा, महाजालि र सपीतका : यी घिरौंलोविशेषका संस्कृत पर्यायवाची नामहरू हुन् । यो शीतवीर्यको, ज्वर नाशक तथा कफविकार र वातविकार गर्ने गुणको हुन्छ ।

## घिरौंलो विशेष (महाकोशातकी)

**महाकोशातकी त्वन्या हस्तिघोषा महाफला ।**
**महाकोशातकी स्निग्धा मिष्टा पित्तानिलापहा ॥२०॥**

अर्कोथरी घिरौंलोका महाकोशतकी, हस्तिघोषा र महाफला : यी अर्को घिरौंलो विशेषका संस्कृत पर्यायवाची नामहरू हुन् । यो चिल्लो, गुलियो तथा पित्तविकार र वातविकार नाश गर्ने गुणको हुन्छ ।

## भन्टा

**वृन्ताकी वार्तिकी वृत्ता भण्टाकी भण्टिका मता ।**
**वृन्ताकं स्वादु तीक्ष्णोष्णं कटुपाकं च पित्तलम् ॥२१॥**
**कफवातहरं हृद्यं दीपनं शुक्रलं लघु ।**
**ज्वरारोचककासघ्नं पक्वं तत्पित्तलं गुरु ॥२२॥**

वृन्ताकी, वार्तिकी, वृत्ता, भण्टाकी र भण्टिका : यी भन्टाका संस्कृत पर्यायवाची नामहरू हुन् । भन्टा स्वादिलो, तिक्खर, उष्णवीर्यको, पचेपछि पिरो र पित्तविकार गर्ने गुणको हुन्छ । यसले कफविकार र वातविकार नाश गर्दछ र मुटुलाई फाइदा गर्दछ । यो दीपनी, शुक्रवर्धक र पचाउन हलुका हुन्छ । भन्टाले ज्वर, अरुची र खोकी नाश गर्दछ । पाकेको भन्छाले पित्तविकार बढाउँदछ । यस्तो भन्टा पचाउन पनि कठिन हुन्छ ।

## सेतो भन्टाविशेष

**अपरः श्वेतवार्ताकुः कुक्कुटाण्डफलोपमः ।**
**तस्माद्धीनगुणः किञ्चिदर्शसां च हितः स्मृतः ॥२३॥**

श्वेतवार्ताकु र कुक्कुटाण्डफलोपम : यी अर्को सेतो भन्टाविशेषका संस्कृत पर्यायवाची नामहरू हुन् । यसमा सामान्य भन्टाकाभन्दा कम गुण हुन्छन् । विषेशगरी यो भन्टा अल्काईका रोगीलाई हितकर हुन्छ ।

## गोलकाँक्री

**बिम्बी रक्तफला गोला तुण्डी दन्तच्छदोपमा ।**
**बिम्बी वान्तिप्रदा हन्ति रक्तपित्तास्रकामलाः ॥२४॥**
**तत्फलं शीतलं स्वादु गुरु पित्तास्रदाहजित् ।**
**स्तम्भनं लेखनं वातविबन्धाध्मानकारकम् ॥२५॥**

बिम्बी, रक्तफला, गोला, तुण्डी र दन्तच्छदोपमा : यी गोलकाँक्रीका संस्कृत पर्यायवाची नामहरू हुन् । गोलकाँक्रीले वाकवाकी गराउँदछ तथा रक्तपित्त, रक्तविकार र कमलपित्त नाश गर्दछ । यसको फल शीतलता प्रदायक, स्वादिलो, पचाउन कठिन तथा पित्तविकार, रक्तविकार र डाह माथि जित हासिल गर्ने गुणको हुन्छ । यो स्तम्भनी, लेखनी तथा वातविकार, विबन्ध र आध्मान गराउने गुणको हुन्छ ।

## करेलो

**कारवेल्लं कटिल्लं स्यादुग्रकाण्डं सुकाण्डकम् ।**
**कारवल्ली वारिवल्ली बृहद्वल्यपरा स्मृता ॥२६॥**
**कारवेल्लं हिमं भेदि लघुतिक्तमवातलम् ।**
**पित्तास्रकामलापाण्डुकफमेहक्रिमीञ्जयेत् ॥२७॥**

कारवेल्ल, कटिल्ल, उग्रकाण्ड, सुकाण्डक, कारवल्ली, वारिवल्ली र बृहद्वल्ली : यी करेलोका संस्कृत पर्यायवाची नामहरू हुन् । करेलो शीतवीर्यको, भेदनी, पचाउन सहज, तीतो र वातविकार नगर्ने गुणको हुन्छ । यसले रक्तपित्त, कमलपित्त, पाण्डु, कफविकार, प्रमेह र कीरा माथि जित हासिल गर्दछ ।

## चठेल

सङ्कलन : मोहन प्रसाद सपकोटा

**कर्कोटकी पीतपुष्पा महाजालिनिरुच्यते ।**
**तद्वत्कर्कोटकीपुष्पं किलासारुचिनाशनम् ॥२८॥**

कर्कोटकी, पीतपुष्पा र महाजालिनि : यी चठेलका संस्कृत पर्ययवाची नामहरू हुन् । यसले दुबी र अरुची नाश गर्दछ । यसको फूलमा पनि यिनै गुण हुन्छन् ।

## फल नफल्ने चठेल

**वन्ध्याकर्कोटकी देवी नागारिर्विषकण्टका ।**
**वन्ध्याकर्कोटकी तिक्ता विषवीसर्पकासजित् ॥२९॥**

वन्ध्याकर्कोटकी, देवी, नागारि र विषकण्टका : यी फल नफल्ने चठेलका संस्कृत पर्यायवाची नामहरू हुन् । यो चठेल तीतो हुन्छ । यसले विषविकार, वीसर्प र खोकीलाई जित्दछ ।

## वनस्पतिविशेष (डोडिका)

**डोडिका विषमुष्टिः स्याद्विषयष्टिः समुष्टिका ।**
**डोडिका कफपित्तार्शः कृमिगुल्मविषापहा ॥३०॥**

डोडिका, विषमुष्टि, विषयष्टि र समुष्टिका : यी वनस्पतिविशेषका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले कफविकार, पित्तविकार, अल्काई, कीरा, गुल्म र विषविकार नाश गर्दछ ।

## टिण्डा (डिण्डिस)

**डिण्डिसो रोमशफलस्तिन्दिसो मुनिनिर्मितः ।**
**डिण्डिसो वातलो रूक्षो मूत्रलोऽश्मरिभेदकः ॥३१॥**

डिण्डिस, रोमशफल, तिन्दिस र मुनिनिर्मित : यी टिण्डाका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले वातविकार गर्दछ । यो रुखो, पिसाब लगाउने र पत्थरी फुटाउने गुणको हुन्छ ।

## काउछेसिमी (कोलशिम्बी)

**कोलशिम्बी कृष्णफला षड्वसी करपादिकाः ।**
**कोलशिम्बी समीरघ्नीगुर्वामकफपित्तकृत् ॥३२॥**

कोलशिम्बी, कृष्णफला, षड्वसी र करपादिका : यी काउछेसिमीका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले वातविकार नाश गर्दछ । यो पचाउन कठिन तथा कफविकार र पित्तविकार गराउने गुणको हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

## सिमीविशेष

**शिम्बी कुशिम्बी कुत्साऽस्रशिम्बी पुत्रकशिम्बिका ।**
**शिम्बी शीता गुरुर्बल्याश्लेष्मला वातपित्तजित् ॥३३॥**

शिम्बी, कुशिम्बी, कुत्सा, अस्रशिम्बी र पुत्रकशिम्बिका : यी सिमीविशेषका संस्कृत पर्यायवाची नामहरू हुन् । यो शीतवीर्यको, पचाउन कठिन, बलदायक, कफविकार गर्ने तथा वातविकार र पित्तविकारलाई जित्ने गुणको हुन्छ ।

## बेथे

**वास्तुकः शाकपत्रः स्यात्कम्बीरस्तु प्रसादकः ।**
**वास्तुकः पाचनो रुच्यो लघुः शुक्रबलप्रदः ॥**
**सरः प्लीहास्रपित्तार्शः कृमिदोषत्रयापहः ॥३४॥**

वास्तुक, शाकपत्र, कम्बीर र प्रसादक : यी बेथेका संस्कृत पर्यायवाची नामहरू हुन् । यो पाचनी, रुचिप्रद, पचाउन सहज, शुक्रवर्धक, बलदायक र मलमूत्रलाई तलतिर सार्ने गुणको हुन्छ । यसले फियोका रोग, रक्तपित्त, अल्काई, कीरा र त्रिदोष नाश गर्दछ ।

## जिरीको साग (जीवन्तक)

**जीवन्तकः शाकवीरो रक्तनालः प्रणालकः ।**
**जीवन्तो वातकृत्क्षारः स्वादुपाकस्त्रिदोषनुत् ॥३५॥**

जीवन्तक, शाकवीर, रक्तनाल र प्रणालक : यी जिरीको सागका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले वातविकार गर्दछ । यो क्षारयुक्त, पचेपछि स्वादिलो र त्रिदोष नाशक हुन्छ ।

## बेथेविशेष (चिल्ली)

**चिल्ली बृहद्बला रक्ता चिल्लिका गौडवास्तुका ।**
**चिल्ली सरा लघुः शीता रुच्या मेध्याऽग्निदीपनी ॥**
**बल्या रूक्षा हरेत्प्लीहरक्तदोषत्रयक्रिमीन् ॥३६॥**

चिल्ली, बृहद्बला, रक्ता, चिल्लिका र गौडवास्तुका : यी बेथेविशेषका संस्कृत पर्यायवाची नामहरू हुन् । यो बेथेमा मलमूत्रलाई तलतिर सार्ने, पचाउन सहज, शीतवीर्य, रुचिप्रद, दिमागको ग्रहण गर्ने क्षमता बढाउने र पाचनशक्ति बढाउने गुण हुन्छ । यसले बल दिन्छ । यो रुखो हुन्छ तथा यसले फियोका रोग, रक्तविकार, त्रिदोष र कीरा नाश गर्दछ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

## नरिचो (कालशाक)

**कालशाकं कालिका स्याच्चुञ्चुका चुञ्चुकोऽपरः ।**
**कालशाकं सरं रुच्यं वातलं कफशोफजित् ॥३७॥**
**पित्र्यं पवित्रमायुष्यं नातिपित्तप्रकोपनम् ।**
**चञ्चुः शीता सरा रूक्षा स्वाद्वी दोषत्रयापहा ॥३८॥**

कालशाक, कालिका, चुञ्चुका र चुञ्चुक : यी नरिचोका संस्कृत पर्यायवाची नामहरू हुन् । यसमा मलमूत्र तलतिर सार्ने, रुचि जगाउने, वातविकार बढाउने तथा कफविकार र सुजनलाई जित्ने गुण हुन्छ । यो साग पितृकर्मका लागि उत्तम र पवित्र मानिन्छ । यो मलमूत्रलाई तलतिर सार्ने, रुखो, स्वादिलो र त्रिदोष नाशक हुन्छ ।

## लुँडे (सागविशेष, तण्डुलीय)

**तण्डुलीयो मेघनादः काण्डीरस्तण्डूलीयकः ।**
**विषघ्नः कवरोऽन्यः स्यान्मारीषो मार्षिकस्तथा ॥३९॥**
**तण्डुलीयो लघुः शीतो रूक्षः पित्तकफास्रजित् ।**
**सृष्टमूत्रमलो रुच्यो दीपनो रक्तपित्तहा ॥४०॥**

तण्डुलीय, मेघनाद, काण्डीर, तण्डूलीयक, विषघ्न, कवर, मारीष र मार्षिक : यी लुँडे नामक सागका संस्कृत पर्यायवाची नामहरू हुन् । लुँडे पचाउन सहज, शीतवीर्य भएको, रुखो तथा पित्तविकार, कफविकार र रक्तविकारलाई जित्ने गुणको हुन्छ । यसले मलमूत्र उत्पन्न गर्दछ । यो रुचिप्रद, दीपनी र रक्तपित्त नाशक हुन्छ ।

## फोग (बोटविशेष)

**फोगो मरुद्भवः शृङ्गी सूक्ष्मपुष्पः शशादनः ।**
**फोगः सङ्ग्राहकः शीतो रक्तपित्तकफापहः ॥४१॥**

फोग, मरुद्भव, शृङ्गी, सूक्ष्मपुष्प र शशादन : यी फोग नामक वनस्पतिका संस्कृत पर्यायवाची नामहरू हुन् । यो ग्राहि, शीतवीर्यको तथा रक्तपित्त र कफविकार नाशक हुन्छ ।

## लट्टे (मारिष)

**मारिषो रेचनः शीतो गुरुर्मेदस्त्रिदोषजित् ॥४२॥**

लट्टे रेचनी, शीतवीर्यको, पचाउन कठिन तथा बोसोविकार र त्रिदोष नाशक हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

## परबर

**पटोलः पाण्डुको जातीकलकः कर्कशच्छदः ।**
**राजीफलः पाण्डुफलो राजीमानमृताफलम् ॥४३॥**

पटोल, पाण्डुक, जातीकलक, कर्कशच्छद, राजीफल, पाण्डुफल, राजीमान् र अमृताफल : यी परबरका संस्कृत पर्यायवाची नामहरू हुन् ।

**तिक्तोत्तमा बीजगर्भाऽपरा राजपटोलिका ।**
**ज्योत्स्नी पटोलिका जाली नादेयी भूमिजम्बुका ॥४४॥**

तिक्तोत्तमा, बीजगर्भा, राजपटोलिका, ज्योत्स्नी, पटोलिका, जाली, नादेयी र भूमिजम्बुका : यी अर्को थरी परबरका संस्कृत पर्यायवाची नामहरू हुन् ।

**पटोलं पाचनं हृद्यं वृष्यं लघ्वग्निदीपनम् ।**
**स्निग्धोष्णं हन्ति वातास्रज्वरदोषत्रयक्रिमीन् ॥४५॥**

परबर पाचनी, मुटुका लागि हितकर, वीर्यवर्धक, पचाउन सहज र पाचनशक्ति बढाउने गुणको हुन्छ । यो चिल्लो, उष्णवीर्यको तथा वातविकार, रक्तविकार, ज्वर, त्रिदोष र कीरा नाशक हुन्छ ।

**पत्रं पित्तहरं शीतं तस्य वल्ली कफापहा ।**
**मूलं विरेचनं प्रोक्तं फलं दोषत्रयापहम् ॥४६॥**

परबरको पातले पित्तविकार नाश गर्दछ र शीतवीर्यको हुन्छ । यसको लहराले कफविकार नाश गर्दछ । यसको जराले दिसा लगाउँदछ भने यसको फलले त्रिदोष नाश गर्दछ ।

## चिचिण्डो

**चञ्चुडो वेश्मकूलोऽन्यः श्वेतराजी बृहत्फला ।**
**किञ्चिन्न्यूनगुणस्तस्माद्विशेषाच्छोषणो हितः ॥४७॥**

चञ्चुड, वेश्मकूल, श्वेतराजी र बृहत्फला : यी चिचिण्डोका संस्कृत पयार्यवाची नामहरू हुन् । यो परबर भन्दा कम गुनिलो हुन्छ र विशेषतः (घाउ आदि) सुकाउनमा हितकारी हुन्छ ।

## पालुङ्गो

**पालक्या वास्तुकाकारा छुरिका चीरितच्छदा ।**
**पालक्या वातला शीता भेदिनी श्लेष्मला गुरुः ॥**
सङ्कलन : मोहन प्रसाद सपकोटा
**विष्टम्भिनी मदश्वासरक्तपित्तकफापहा ॥४८॥**

पालक्या, वास्तुकाकारा, छुरिका र चीरितच्छदा : यी पालुङ्गोका संस्कृत पर्यायवाची नामहरू हुन् । पालुङ्गो वातविकार गर्ने, शीतवीर्यको, भेदनी, कफविकार गर्ने र पचाउन कठिन हुने गुणको हुन्छ । यो कब्जियत गराउने तथा नसा, दम, रक्तपित्त र कफ नाशक (?) हुन्छ ।

## पवै

**पोतकी पोतका प्रोक्ता मत्स्या काली सुरङ्गिका ।**
**पोतकी शीतला स्निग्धा श्लेष्मला वातपित्तजित् ॥४९॥**

पोतकी, पोतका, मत्स्या, काली र सुरङ्गिका : यी पवैका संस्कृत पर्यायवाची नामहरू हुन् । पवै शीतवीर्यको, चिल्लो, कफविकार गर्ने तथा वातविकार र पित्तविकारलाई जित्ने गुणको हुन्छ ।

**अकण्ठ्या पिच्छिला निद्राशुक्रदा रक्तपित्तनुत् ।**
**पोतक्या पोदिका दिव्या शुक्रदा रक्तपित्तजित् ॥५०॥**

पर्व घोँटाका लागि हितकर हुँदैन । यो लेस्याइलो हुन्छ । यसले निद्रा लगाउँदछ र वायु उत्पन्न गर्दछ । यसले रक्तपित्त नाश गर्दछ । पोतक्या, पोदिका र दिव्या : यी अर्को थरी पवैका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले वीर्य बढाउँदछ र रक्तपित्तलाई जित्दछ ।

## नुनढिकी (लोणिका)

**लोणिकोक्ता बृहच्छोटी कुटीरस्तु कुटिञ्जरः ।**
**दुन्दुरः स्याद्गुडीरीकः पिण्डी पिण्डीतकस्तथा ॥५२॥**
**लोणी रूक्षा गुरुः शीता सरा विष्टम्भिनी पटुः ।**
**दोषला मधुरा पाके तद्वत्कुट्टीरहृद्गुरुः ॥**
**लोणिका वातला श्वासकासश्लेष्मविषापहा ॥५३॥**

लोणिका, बृहच्छोटी, कुटीर, कुटिञ्जर, दुन्दुर, गुडीरीक, पिण्डी र पिण्डीतक : यी नुनढिकी झारका संस्कृत पर्यायवाची नामहरू हुन् । नुनढिकी रुखो, पचाउन कठिन, शीतवीर्यको, मलमूत्रलाई तलतिर सार्ने, कब्जियत गराउने, राम्रो, दोष गराउने र पचेपछि गुलियो हुने गुणको हुन्छ । कुट्टीर (कुटीर ?) मा पनि यिनै गुण हुन्छन् । यसले मुटुका रोग नाशक र पचाउन कठिन हुने गुणको हुन्छ । नुनढिकीले वातविकार गर्दछ तथा दम, खोकी, कफविकार र विषविकार नाश गर्दछ ।

## सुनिषण्णक

सङ्कलन : मोहन प्रसाद सापकोटा

**सुषेणस्तु स्वस्तिकः स्याद्बलदस्तिलपर्णिका ।**
**सुनिषण्णो हिमो ग्राही मेहदोषत्रयापहः ॥५४॥**

सुषेण, स्वस्तिक, बलद, तिलपर्णिका र सुनिषण्ण : यी सुनिषण्णक नामक झारका संस्कृत पर्यायवाची नामहरू हुन् । यो साग शीतवीर्यको, ग्राही तथा प्रमेह र त्रिदोष नाशक हुन्छ । (यसलाई हिन्दीमा फञ्चो भनिन्छ) ।

## हुर्हुरे (तिलपर्णी)

**तिलपर्णी हिमा रुच्या ग्राहिणी कफपित्तजित् ॥५५॥**

तिलपर्णी शीतवीर्यको, रुचिप्रद, ग्राही तथा कफविकार र पित्तविकारलाई जित्ने गुणको हुन्छ ।

## सूक्ष्मपत्र

**सूक्ष्मपत्रस्तीक्ष्णशाको धनुःपुष्पः सुबोधकः ।**
**चौरकः कफवातघ्नः सुतीक्ष्णो नातिपित्तलः ॥५६॥**

सूक्ष्मपत्र, तीक्ष्णशाक, धनु:पुष्प, सुबोधक र चोरक : यी सूक्ष्मपत्रका संस्कृत पर्यायवाची नामहरू हुन् । यो कफविकार र वातविकार नाशक, तिक्खर र धेरै पित्तविकार नगर्ने गुणको हुन्छ । (यसलाई हिन्दीमा रुंटिया भनिन्छ) ।

## टुण्टुक

**टुण्टुको विटपो रूक्षः स्वरपत्रस्त्वरण्डजः ।**
**टुण्टुको वातलो रूक्षो विष्टम्भी कफनाशनः ॥५७॥**

टुण्टुक, विटप, रूक्ष, स्वरपत्र रअरण्डज : यी टुण्टुकका संस्कृत पर्यायवाची नामहरू हुन् । यो वातविकार गर्ने, रुखो, कब्जियत गराउने र कफविकार नाश गर्ने गुणको हुन्छ ।

## वल्ली

**घनागमभवा वल्ली प्रसिद्धो नाम बस्तिजः ।**
**घनागमस्त्रिदोषघ्नस्तत्पुष्पं मधुरं सरम् ॥**
**फलं तस्य सरं वृष्यमामं मिष्टं तु वातलम् ॥५८॥**

घनागमभवा, वल्ली, प्रसिद्ध र बस्तिज : यी वल्ली (?) का संस्कृत पर्यायवाची नामहरू हुन् । यसले त्रिदोष नाश गर्दछ । यसको फूल गुलियो र मलमूत्रलाई तलतिर सार्ने गुणको हुन्छ । फलले पनि मलमूत्रलाई तलतिर सार्ने, वीर्य बढाउने, काँचोमा गुलियो र वातविकार बढाउने काम गर्दछ ।

सङ्कलन : मोहन प्रसाद सपकोटा

## शीतवार र नलिका (नरिचो विशेष)

**शीतवारः कुरण्डी स्यान्नाडी तु नलिका मता ।**
**शीतवारः सरो वृष्यः शोफघ्नो वातपित्तलः ॥५९॥**

शीतवार र कुरण्डी : यी शीतवारका तथा नाडी र नलिका : यी नलिका (नरिचोविशेष)का नाम हुन् । शीतवार मलमूत्रलाई तलतिर सार्ने, वीर्यवर्धक, सुजन नाशक तथा वातविकार र पित्तविकार गर्ने गुणको हुन्छ ।

## नरिचोविशेष

**नाडी सरा लघुः शीता पित्तनुत् कफवातला ॥६०॥**

नरिचोविशेष मलमूत्रलाई तलतिर सार्ने, पचाउन सहज, शीतवीर्यको, पित्तविकार नाशक तथा कफविकार र वातविकार गर्ने गुणको हुन्छ ।

## सांसेउँ र कुसुमको साग

**सार्षपं सर्षपोद्भूतं कौसुम्भं कुङ्कुमोद्भवम् ।**
**सार्षपं बद्धविण्मूत्रं गुरूष्णं वा त्रिदोषनुत्॥**
**कौसुम्भं स्वादु रूक्षोष्णं कफजित्पित्तलं लघु ॥६१॥**

सार्षप र सर्षपोद्भूत : यी सर्सिउँको सागका तथा कौसुम्भ र कुङ्कुमोद्भव : यी कुसुमका सागका संस्कृत पर्यायवाची नामहरू हुन् । सर्सिउँको सागले दिसालाई कस्दछ । यो पचाउन कठिन, उष्णवीर्यको र त्रिदोष नाशक हुन्छ । कुसुमका साग स्वादिलो, रुखो, उष्णवीर्यको, कफविकारलाई जित्ने, पित्तविकार गर्ने र पचाउन सहज हुने गुणको हुन्छ ।

## चनाको साग र केराउको साग

**चणकं शाकमुद्दिष्टं दुर्जरं कफवातनुत् ।**
**कलायशाकं भेदि स्याल्लघु पित्तकफापहम्॥६२॥**

चणक र शाक : यी चनाको सागका संस्कृत पर्यायवाची नामहरू हुन् । यो ढिलो पच्ने तथा कफविकार र वातविकार नाश गर्ने गुणको हुन्छ । केराउको साग भेदी, पचाउन सहज तथा पित्तविकार र कफविकार नाश गर्ने गुणको हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

## चरिअमिलो

**चाङ्गेरी त्वाम्लिका क्षुद्राम्लिका चुक्रा चतुश्छदा ।**
**चाङ्गेरी दीपनी रुच्यालघूष्णा कफवातजित्॥**
**सपित्तला ग्रहण्यर्शः कुष्ठातीसारनाशिनी॥६३॥**

चाङ्गेरी, आम्लिका, क्षुद्राम्लिका, चुक्रा र चतुश्छदा : यी चरिअमिलोका संस्कृत पर्यायवाची नामहरू हुन् । यो दीपनी, रुचिप्रद, पचाउन सहज, उष्णवीर्यको तथा कफविकार र वातविकारलाई जित्ने गुणको हुन्छ । यसले पित्तविकार बढाउँदछ तथा ग्रहणी रोग, अल्काई, कुष्ठरोग र अतिसार नाश गर्दछ ।

## ठूलो ताप्रे

**कासमर्दः कर्कशः स्याज्जरणोऽजगरस्तथा ।**
**कासमर्दो लघुः कण्ठ्यः कासदोषविषास्रजित्॥६४॥**

कासमर्द, कर्कश, जरण र अजगर : यी ठूलो ताप्रेका संस्कृत पर्यायवाची नामहरू हुन् । यो पचाउन सहज, घाँटीका लागि हितकर तथा खोकी, त्रिदोष, विषविकार र रक्तविकारलाई जित्ने गुणको हुन्छ ।

## छ्यापी (गृञ्जन)

**गृञ्जनः कटुकस्तीक्ष्णस्तिक्तोष्णो दीपनो लघुः ।**
**सङ्ग्राही रक्तपित्तार्शोग्रहणीकफवातजित् ॥६५॥**

छ्यापी पिरो, तिक्खर, तीतो, उष्णवीर्यको, दीपनी र पचाउन सहज हुने गुणको हुन्छ । यो ग्राही हुन्छ । यसले रक्तपित्त, अल्काई, ग्रहणी, कफविकार र वातविकारलाई जित्दछ ।

## मूला

**मूलकं हस्तिदन्तं च बालमूलं कफान्तकम् ।**
**मूलकं वातलं रुच्यं स्वर्योष्णं पाचनं लघु ॥६६॥**

मूलक, हस्तिदन्त, बालमूल र कफान्तक : यी मूलाका संस्कृत पर्यायवाची नामहरू हुन् । मूलाले वातविकार गर्दछ । यो रुचिप्रद, स्वर खुलाउनमा हितकर, उष्णवीर्यको, पाचनी र पचाउन सहज हुने गुणको हुन्छ ।

**हन्ति त्रिदोषजं श्वासगदाक्षिगलपीनसम् ।**
**स्निग्धसिद्धं तदेव स्याद्दोषत्रयविनाशनम् ॥६७॥**

सङ्कलन : मोहन प्रसाद सापकोटा

मूला त्रिदोषजन्य विकार, दम, आँखाका रोग, घाँटीका रोग र पीनास नाशक हुन्छ । चिल्लोमा पकाइएको मूलाले त्रिदोष नाश गर्दछ ।

**शुष्कं तद्विविशोथघ्नं लघु दोषत्रयापहम् ।**
**तत्पुष्पं श्लेष्मपित्तघ्नं फलं वातकफापहम् ॥६८॥**

सुकेको मूलाले सुजन नाश गर्दछ । यो पचाउन सहज र त्रिदोष नाशक हुन्छ । मूलाको फूलले कफविकार र पित्तविकार नाश गर्दछ । मूलाका गेडाले वातविकार र कफविकार नाश गर्दछ ।

## करीर

**करीरको गूढपत्रः क्रकचो ग्रन्थिलो मतः ।**
**करीरः कटुको भेदी तीक्ष्णोष्णः कफवातजित् ॥६९॥**
**व्रणशोथविषार्शोघ्नस्तत्पुष्पं कफपित्तजित् ।**
**फलं ग्राहि कषायोष्णं मधुरं श्लेष्मपित्तकृत् ॥७०॥**

करीरक, गूढपत्र, क्रकच र ग्रन्थिल : यी करीरका संस्कृत पर्यायवाची नामहरू हुन् । करीर पीरो, भेदी, तिक्खर, उष्णवीर्यको तथा कफविकार र वातविकारलाई जित्ने गुणको हुन्छ । यसले घाउखटिरा, सुजन,

विषविकार र अल्काइ नाश गर्दछ । यसको फूलले कफविकार र पित्तविकारलाई जित्दछ । करीरको फलले दिसालाई कस्दछ । यो फल उष्णवीर्यको, गुलियो तथा कफविकार र पित्तविकार गराउने गुणको हुन्छ ।

## सजिवन (शोभाञ्जन)

**शिग्रुः शौभाञ्जनः कृष्णगन्धः स्याद्बहुलच्छदः ।**
**रक्तोऽन्यो मधुशिग्रुस्तु श्वेतोऽन्यो हरितच्छदः ॥७१॥**

शिग्रु, शौभाञ्जन, कृष्णगन्ध र बहुलच्छद : यी सजिवनका संस्कृत पर्यायवाची नाामहरू हुन् । अर्को रातो सजिवन हुन्छ । तेश्रो थरी सेतो सजिवनलाई संस्कृतमा मधुशिग्रु र हरितच्छद भनिन्छ ।

**सौभाञ्जनभवं बीजं तीक्ष्णोष्णं चक्षुषे हितम् ।**
**शिग्रुस्तीक्ष्णो लघुर्ग्राही वह्निदः कफवातजित् ॥**
**तीक्ष्णोष्णो विद्रधिप्लीहव्रणघ्नो रक्तपित्तकृत् ॥७२॥**

सजिवनको गेडा तिक्खर, उष्णवीर्यको र आँखाका लागि हितकर हुन्छ । सजिवन तिक्खर, उष्णवीर्यको, पचाउन सहज, ग्राही, पाचनशक्ति वर्धक तथा कफविकार र वातविकार बढाउने गुणको हुन्छ । यसले विद्रधि, फियोका रोग र घाउखटिरा नाश गर्दछ तथा रक्तपित्त गराउँदछ ।

**मधुशिग्रुर्गुणैस्तद्वद्विशेषाद्दीपनः सरः ।**
**तत्पुष्पं लघु सङ्ग्राहि वातलं कफशोथजित् ॥**
**फलं ग्राहि कषायोष्णं मधुरं श्लेष्मपित्तहृत् ॥७३॥**

गुलियो सजिवनमा पनि यिनै गुण हुन्छन् । विशेष गरी यो दीपनी र मलमूत्रलाई तलतिर सार्ने गुणको हुन्छ । गुलियो खालको सजिवनको फूल पचाउन सहज, ग्राहि, वातविकार बढाउने तथा कफविकार र सुजन नाश गर्ने गुणको हुन्छ । यसको फलले दिसा कस्दछ । यो टर्रो, उष्णवीर्यको, गुलियो तथा कफविकार र पित्तविकार नाश गर्ने गुणको हुन्छ ।

## लसुन

**लशुनः स्यादुग्रगन्धी यवनेष्टो रसोनकः ।**
**गृञ्जनोऽन्यो महाकन्दो जर्जरो दीर्घपत्रकः ॥७४॥**

लशुन, उग्रगन्धी, यवनेष्ट, रसोनक, गृञ्जन, महाकन्द, जर्जर र दीर्घपत्रक : यी लसुनका संस्कृत पर्यायवाची नामहरू हुन् । गृञ्जन, महाकन्द, जर्जर र दीर्घपत्रक भनेको लसुनकै एक जात अर्थात् छ्यापीका संस्कृत पर्यायवाची नामहरू हुन्) ।

**लशुनो बृंहणो वृष्यः स्निग्धोष्णः पाचनः सरः ।**

**भग्नसन्धानकृत्केश्यो गुरुः पित्तास्रबुद्धिदः ॥७५॥**

लसुन पौष्टिक, वीर्यवर्धक, चिल्लो, उष्णवीर्यको, पाचनी र मलमूत्रलाई तलतिर सार्ने गुणको हुन्छ । लसुनले फुटेका र भाँचिएका हाड आदिलाई जोड्दछ । यो कपालका लागि हितकारी, पचाउन कठिन, रक्तपित्त गराउने र बुद्धि प्रदायक गुणको हुन्छ ।

**रसायनं कफश्वासकासगुल्मज्वरारुचीः ।**
**हन्ति शोथप्रमेहार्शः कुष्ठशूलानिलक्रिमीन् ॥**
**तत्पत्रं मधुरं क्षारं नालो मधुरपित्तलः ॥७६॥**

लसुन रसायनी हुन्छ । यसले कफविकार, दम, खोकी, गुल्म, जरो र अरुची नाश गर्दछ । यसले सुजन, प्रमेह, अल्काई, कुष्ठ, शूल, वातविकार र कीरा पनि नाश गर्दछ । यसको पात मिठो र क्षारयुक्त (नुनिलो) हुन्छ । लसुनको डाँठ गुलियो र पित्तविकार गराउने गुणको हुन्छ ।

### प्याज

**पलाण्डुर्धवलाख्यश्च दुर्गन्धो मुखदूषकः ।**
**पलाण्डुस्तद्गुणैस्तुल्यः कफकृन्नातिपित्तलः ॥**
**अनुष्णः केवलं वातं स्वादुः पाके रसाञ्जयेत् ॥७७॥**

सङ्कलन : मोहन प्रसाद सापकोटा

पलाण्डु, धवलाख्य, दुर्गन्ध र मुखदूषक : यी प्याजका संस्कृत पर्यायवाची नामहरू हुन् । प्याज पनि लसुनकै गुणको हुन्छ । तर यसले कफविकार गर्दछ तथा धेरै पित्तविकार पनि गर्दैन । यसले गर्मी गर्दैन तथा वातविकारलाई मात्र जित्दछ । पचेपछि अथवा पकाएपछि यो गुलियो हुन्छ । यसले रस (रसविकार) लाई पनि जित्दछ ।

### छयापी

**गृञ्जनः पित्तलो ग्राही तीक्ष्णोऽर्शोरोगनाशनः ॥७८॥**

छयापी (रातो लसुन) ले पित्तविकार गर्दछ । यो ग्राही, तिक्खर तथा अल्काई नाशक हुन्छ ।

### ओल

**सूरणः कन्दलः कन्दो गुदामयहरोऽपरः ।**
**वल्लकन्दः सुरेन्द्रः स्याद्वन्योऽन्यश्चित्रकन्दकः ॥७९॥**

सूरण, कन्दल, कन्द र गुदामयहर : यी ओलका; वल्लकन्द र सुरेन्द्र : यी अर्को थरी ओलका तथा चित्रकन्दक : यो तेश्रो थरी बनमा हुने ओलका संस्कृत पर्यायवाची नामहरू हुन् ।

**सूरणो दीपनो रूक्षः कषायः कटुकण्डुकृत् ।**
**विष्टम्भी विशदो रुच्यः कफार्शः कृन्तनो लघुः ॥८०॥**
**नालं सूरणक रुच्यं कफवातहरं लघु ।**
**अर्शसां तु विशेषेण हितं कामाग्निदीपनम् ॥८१॥**
**सूरणो दीपनो रूक्षः कफार्शः कृन्तनो लघुः ।**
**तद्वदन्यो वज्रकन्दः कफघ्नः पित्तरक्तकृत् ॥८२॥**

ओल दीपनी, रुखो, टर्रो, पिरो, चिलाउने (वा कोक्याउने), कब्जियत गराउने, फैलने, रुचिप्रद, कफविकार र अल्काईलाई कोतरेर निकाल्ने र पचाउन सहज हुने गुणको हुन्छ । यसको डाँठ रुचिप्रद तथा कफविकार र वातविकार नाशक र पचाउन सहज हुन्छ । यसले अल्काई नाश गर्दछ र सहवासको चाहना बढाउँदछ । ओल दीपनी, रुखो, कफ र अल्काईलाई कोतरेर निकाल्ने र पचाउन सहज हुने गुणको हुन्छ । वज्रकन्दको नामले चिनिने वन-ओलमा पनि यिनै गुण हुन्छन् । यो ओल कफविकार नाशक र रक्तपित्त गराउने गुणको हुन्छ ।

## हडचूर

**अस्थिशृङ्खलिका वज्री ग्रन्थिमानस्थिसंहतिः ।**
**अस्थिशृङ्खलिका वृष्या श्लेष्मला मधुरा हिमा ॥**
**अस्थिसन्धानकृद्बल्या पित्तरक्तानिलापहा ॥८३॥**

सङ्कलन : मोहन प्रसाद सपकोटा

अस्थिशृङ्खलिका, वज्री, ग्रन्थिमान् र अस्थिसंहति : यी हडचूरका संस्कृत पर्यायवाची नामहरू हुन् । हडचूर वीर्यवर्धक, कफविकार गराउने, गुलियो र शीतवीर्यको हुन्छ । यसले हाडलाई जोड्दछ, बल दिन्छ तथा रक्तपित्त र वातविकार नाश गर्दछ ।

## गिठो

**वाराही मागधी गृष्टिस्तत्कन्दः सौकरः किटिः ।**
**सौकरः पित्तलो वर्ण्यः स्वादुस्तिक्तो रसायनः ॥**
**आयुः शुक्राग्निकृन्मेहकफकुष्ठानिलापहः ॥८४॥**

वाराही, मागधी, गृष्टि, वाराहीकन्द, सौकर र किटि : यी गिठोका संस्कृत पर्यायवाची नामहरू हुन् । गिठो पित्तविकार बढाउने, शरीरको वर्णमा निखार लेराउने, स्वादिलो, तीतो र रसायनी गुणको हुन्छ । यसले आयु, वीर्य र पाचनशक्ति बढाउँदछ तथा प्रमेह, कफविकार, कुष्ठ र वातविकार नाश गर्दछ ।

## मुशलीकन्द

**मुसली तालपत्री स्यात्खलिनी तालमूलिका ।**

**मुसली बृंहणी बल्या वीर्योष्णाऽर्शोऽनिलापहा ॥८५॥**

मुसली, तालपत्री, खलिनी र तालमूलिका : यी मुशलीकन्दका संस्कृत पर्यायवाची नामहरू हुन् । यो कन्द पौष्टिक, बलदायक, उष्णवीर्यको तथा अल्काई र वातविकार नाश गर्ने गुणको हुन्छ ।

## कञ्चुका (?)

**कञ्चुका पीलुनी पीलुः फेलुका दलशालिनी ।**
**कञ्चुकं वातलं ग्राहि दीपनं कफपित्तनुत् ॥८६॥**

कञ्चुका, पीलुनी, पीलु, फेलुका र दलशालिनी : यी कञ्चुकाका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले वातविकार बढाउँदछ । यो ग्राहि, दीपनी तथा कफविकार र पित्तविकार नाश गर्ने गुणको हुन्छ ।

## छातेच्याउ वा तुनेच्याउ विशेष (भूच्छत्र)

**भूच्छत्रं पृथिवीकन्दः शीलीन्द्रं बलकं मतम् ।**
**भूच्छत्रं शीतलं बल्य गुरु भेदि त्रिदोषजित् ॥८७॥**

भूच्छत्र, पृथिवीकन्द, शीलीन्द्र र बलक : यी छत्रे वा तने च्याउ विशेषका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले शीतल गर्दछ । यो बलदायक, पचाउन कठिन, भेदी र त्रिदोष नाशक हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सपकोटा

## माने

**स्थूलकन्दो ग्रामकन्दो मानकन्दो महाच्छदः ।**
**स्थूलकन्दो गुरुः श्लेष्मवातलः पित्तशोथजित् ॥**
**मानकः शीतलः स्वादुः पित्तरक्तहरो गुरुः ॥८८॥**

स्थूलकन्द, ग्रामकन्द, मानकन्द र महाच्छद : यी मानेका संस्कृत पर्यायवाची नामहरू हुन् । यो पचाउन कठिन, कफविकार र वातविकार गर्ने तथा पित्तविकार र सुजनलाई जित्ने गुणको हुन्छ । माने शीतल गर्ने, स्वादिलो, रक्तपित्त नाशक र पचाउन कठिन हुने गुणको हुन्छ ।

## कसेरु र सिँगडा

**कसेरुकं स्वल्पकन्दं बृहद्राजं कसेरुजम् ।**
**शृङ्गाटो जलकन्दः स्यात्त्रिकोणस्त्रिकटुः स्मृतः ॥८९॥**
**कसेरुकं हिमं स्वादु गुरु पित्तास्रदाहजित् ।**
**ग्राहि पित्तानिलश्लेष्मप्रदं शृङ्गाटकं तथा ॥९०॥**

कसेरुक, स्वल्पकन्द, बृहद्राज र कसेरुज : यी कसेरुका तथा शृङ्गाट, जलकन्द, त्रिकोण र त्रिकटु : यी सिँगडाका संस्कृत पर्यायवाची नामहरू हुन् । कसेरु शीतवीर्यको, स्वादिलो, पचाउन कठिन तथा पित्तविकार, रक्तविकार र डाह नाश गर्ने गुणको हुन्छ । सिँगडा ग्राहि हुन्छ । यसले पित्तविकार, वातविकार र कफविकार बढाउँदछ ।

## पिँडालु जातका कन्दमूल

**पिण्डालुको वृष्यगन्धो मध्वालुः स्यात्तु रोमशम् ।**
**शङ्खालुश्चित्रसङ्काशः काष्ठालुः स्वल्पकाष्ठकम् ॥९१॥**
**हस्तालुकं महाकाष्ठं रक्तकन्दं महाफलम् ।**
**आलुकं शीतलं सद्यो विष्टम्भि मधुरं सरम् ॥९२॥**

पिण्डालुक, वृष्यगन्ध, मध्वालु, रोमश, शङ्खालु, चित्रसङ्काश, काष्ठालु, स्वल्पकाष्ठक, हस्तालुक, महाकाष्ठ, रक्तकन्द र महाफल : यी आलु जातका कन्दमूलका संस्कृत नामहरू हुन् । आलुले शीतल गर्दछ । यसले तुरुन्त कब्जियत गराउँदछ । खानमा मिठो हुन्छ र खाएको केही बेरमा मलमूत्रलाई खुकुलो बनाउँदछ ।

**सुक्ष्मं च मूत्रलं रूक्षं दुर्जरं रक्तपित्तनुत् ।**
**कफानिलकरं बल्यं वृष्यं स्तन्यविवर्धनम् ॥९३॥**

सङ्कलन : मोहन प्रसाद सापकोटा

यो सूक्ष्म हुन्छ । यसले पिसाब लगाउँदछ । यो रुखो, ढिलो पच्ने र रक्तपित्त नाशक हुन्छ । यो कफविकार र वातविकार नाशक, बलदायक, वीर्यवर्धक र दूधवर्धक हुन्छ ।

**पिण्डालुकमभिष्यन्दि तिक्तोष्णं दोषलं गुरु ।**
**मध्वालुकं पित्तकरं कटु पाके कफापहम् ॥९४॥**

पिँडालु अभिष्यन्दी हुन्छ । यो तीतो, उष्णवीर्यको, दोष उब्जाउने र पचाउन कठिन हुने गुणको हुन्छ । सखरकन्दले पित्तविकार गर्दछ । यो पचेपछि पिरो हुन्छ र यसले कफविकार नाश गर्दछ ।

## बेतलौरी (केयूर)

**केयूरं स्वल्पविटपं कन्दलः स्वादुकन्दलः ।**
**केयुरं शीतलं ग्राहि पित्तलं कफवातजित् ॥९५॥**

केयूर, स्वल्पविटप, कन्दल र स्वादुकन्दल : यी बेतलौरीका संस्कृत पर्यायवाची नामहरू हुन् । यो शीतवीर्यको, ग्राहि, पित्तविकार गराउने तथा कफविकार र वातविकारलाई जित्ने गुणको हुन्छ ।

## साग खाने नियम

**अतिजीर्णमकालोत्थं रूक्षं स्निन्धमभूमिजम् ।**
**जरठं कोमलं वातशीतपित्तानिलापहतम् ॥९६॥**

धेरै पुरानो, बेमौसममा उम्रिएको, रुखो, खराब खालको माटोमा उम्रिएको, अति कडा, अति नरम तथा शीत र घामले दूषित भएको सागपात खान हुँदैन ।

**शुष्कं शाकं च सकलं नाश्नीयान्मूलकैर्विना ॥९७॥**

मूलाको बाहेक अरु सुकेको वा सुकाइएको सागपात नखानू ।

## उपसंहार

**यो राज्ञां मुखतिलकः कटारमल्लस्तेन श्रीमदन्नृपेण निर्मितेऽत्र ।**
**ग्रन्थेऽभून्मदनविनोदनाम्नि पूर्णः कूष्माण्डप्रभृतिरयं च शाकवर्गः ॥९८॥**

राजाहरूमा श्रेष्ठ कटारमल्ल श्री मदनपाल नामका राजाले रचना गरेको यो मदनविनोद् नामक ग्रन्थमा कुभिण्डो आदिका बारेमा बताइएको शाकवर्ग नामक अध्याय पूर्ण भयो ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

## पुष्पिका

**इति श्रीमदनपालविरचिते मदनविनोदे (मदनपालनिघण्टौ) शाकवर्गः सप्तमः ॥**

मदनपालले रचना गरेको मदनविनोद् नामक ग्रन्थको शाकवर्ग नामक सातौं अध्याय पूर्ण भयो ।

## पानीयादिवर्ग

### प्रार्थना

**करेण सङ्गृह्य कुचौ कपोते मात्राऽङ्गुलीभिर्मृदु ताड्यमानम् ।**
**मुक्तं त्वराजानुबलेन पानं नमामि कृष्णं नवनीतचोरम् ॥१॥**

हातले समातेर दूध पिउँदै आमा औंलाहरूले गालामा विस्तारै विस्तारै हिर्काइ रहिएका र गोडाको बलले ( काखबाट) छुट्कारा पाउन खोजिरहेका यस्ता नौनी चोर श्रीकृष्णलाई (म) नमस्कार गर्दछु ।

### पानीका पर्यायवाची नामहरू

**पानीयं जीवनं नीरं कीलालममृतं जलम् ।**
**आपोऽम्भस्तोयमुदकं पाथोऽम्बु सलिलं पयः ॥२॥**

पानीय, जीवन, नीर, कीलाल, अमृत, जल, आप, अम्भ, तोय, उदक, पाथ, अम्बु, सलिल र पय : यी पानीका संस्कृत पर्यायवाची नामहरू हुन् ।

### पानीका गुण

सङ्कलन : मोहन प्रसाद सापकोटा

**पानीयं शीतलं हृद्यं हन्ति पित्तविषभ्रमम् ।**
**दाहाजीर्णश्रमच्छर्दिमदमूर्छामदात्ययान् ॥३॥**

पानी शीतल गर्ने, मुटुलाई हित गर्ने तथा पित्तविकार, विषविकार, भ्रम, डाह, अजीर्ण, थकाई, वाकवाकी, नसा, बेहोसीपन र मदात्यय नाशक हुन्छ ।

### चिसो पानी पिउनमा निषेध

**शीतलं स्तिमिते कोष्ठे गलरोगे नवज्वरे ।**
**ग्रहणीपीनसाध्मानहिक्कागुल्मेषु विद्रधौ ॥४॥**
**कासमेहारुचिश्वासपाण्डुवातामयेषु च ।**
**पार्श्वशूले स्नेहपीते सद्यः शुद्धौ न शस्यते ॥५॥**

चिसोले समातेको बेलामा, पेटका रोग हुँदा, घाँटीका रोग हुँदा, भर्खर जरो आउन शुरु गर्दा, ग्रहणी रोगमा, पिनास हुँदा, पेट ढुस्स भएर फुल्ने रोगमा, बाडुली लागिरहँदा, गानुगोला हुँदा, विद्रधिमा, खोकी लाग्दा, प्रमेह हुँदा, खान मन नलाग्दा, दम हुँदा, पाण्डुरोग लाग्दा, वातरोग हुँदा, छातीको करङ दुख्ने रोगमा र विधिपूर्वक रोगविशेष निको पार्न चिल्लो खाएपछि वा बान्ता गर्ने ओखती खाएपछि वा दिसा लगाउने ओखती खाएपछि लगत्तै चिसो पानी पिउनु लाभदायक हुँदैन ।

## दुई प्रकारका आकाशका (गाङ्ग) जल

**गाङ्गं समुद्रजं चेति गाङ्गं श्रेष्ठतमं स्मृतम् ।**
**आश्विने मासि सामुद्रं गुणैर्गाङ्गवदादिशेत् ॥७॥**
**स्थापिते हेमजे पात्रे राजते मृन्मयेऽपिवा ।**
**शाल्यन्नं येन संसिक्तं भवेदक्लेदि वर्णवत् ॥**
**तज्जलं शीतलं ज्ञेयं दोषत्रयविषापहम् ॥८॥**

गाङ्ग र समुद्रज गरी आकाशको पानी दुई किसिमको हुन्छ । यी दुई थरी पानीमध्ये गाङ्गजल उत्तम हुन्छ । असोजमा परेको पानीलाई सुन, चाँदी वा माटाका भाँडामा भरेर राख्नू । मार्सी(शालि)धानको चामल डूबाएर राख्दा पनि चामल मैलो र विकृत नहुने खालको पानीलाई शीतल गङ्गाजल भनी जान्नू । यस्तो गङ्गाजलले त्रिदोष र विषविकार नाश गर्दछ ।

**तद्गाङ्गं सर्वदोषघ्नं ज्ञेयं सामुद्रमन्यथा ।**
**सक्षारं लवणं मिश्रं शुक्रदृष्टिबलापहम् ॥९॥**

यही गाङ्गजल नै पिउन योग्य र सबै प्रकारका रोग नाशक हुन्छ । यसको विपरीत समुद्री पानी हुन्छ । यो पानीमा नुन र क्षार मिसिएको हुन्छ । यस्तो पानीले वीर्य, दृष्टिक्षमता र बल नाश गर्दछ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

**रसायनं तृषामूर्छातन्द्रादाहक्लमापहम् ।**
**सौम्यं रसायनं दिव्यं महानिद्रात्रिदोषजित् ॥१०॥**

आकाशबाट परेको पानी रसायनी हुन्छ । यसले तिर्खा, बेहोसीपन, तन्द्रा, डाह र मानसिक थकाई नाश गर्दछ । यस्तो आकाशबाट परेको पानी सुन्दर, रसायनी, गाढा निद्रा लगाउने र त्रिदोषलाई जित्ने गुणको हुन्छ ।

**आश्वासजननं ह्लादि श्रमघ्नम्मतिबुद्धिकृत् ।**
**तदेव भूमिपतितं भौममित्यभिधीयते ॥११॥**

यस्तो पानीले सास फेर्न स्वच्छ वायु बनाउँदछ, आनन्द दिन्छ, थकाई नाश गर्दछ र धेरै बुद्धि प्रदान गर्दछ । यही आकाशको पानी जमिनमा परेपछि त्यसलाई भौमजल भन्ने गरिन्छ ।

## भौम जल, कुवाको पानी

**दिव्याभावे तु तत्तोयं प्रविचार्य गुणागुणान् ।**
**कौपं श्लेष्महरं क्षारं पित्तलं दीपनं लघु ॥१२॥**

दिव्य (वा धाराज) जल नपाउँदा गुण र अवगुण विचार गरी भौमजल प्रयोग गर्नू । कुवाको पानीले कफविकार नाश गर्दछ । तर यो जलमा क्षार मिसिएको हुन्छ । यसले पित्तविकार गर्दछ र पाचनशक्ति बढाउँदछ । यो पचाउन हलुका हुन्छ ।

## तलाउ र वापीको पानी

**ताडागं वातलं स्वादु तुवरं कटुपाकि च ।**
**वाप्यं पित्तकरं क्षारं कटु वातकफापहम् ॥१३॥**

तलाउको पानीले वातविकार गर्दछ । यो पानी, स्वादिलो, टर्रो र पचेपछि पिरो हुन्छ । वापीको जलले पित्तविकार गर्दछ । यो क्षारयुक्त, पिरो तथा वातविकार र कफविकार नाश गर्ने गुणको हुन्छ ।

## झर्ना र कुण्डको पानी

**नैर्झरं लेखनं हृद्यं कफघ्नं दीपनं लघु ।**
**ह्रादं च लघु पित्तघ्नमविदाह्यतिदीपनम् ॥१४॥**

झरनाको पानी लेखनी, मुटुका लागि फाइदाजनक, कफविकार नाशक, दीपनी र पचाउन हलुका हुने गुणको हुन्छ । कुण्डको पानी पचाउन सहज, पित्तविकार नाशक, डाह नगराउने र धेरै पाचनशक्ति बढाउने गुणको हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

## चौञ्ज्य पानी र नदीको पानी

**चौडयमग्निप्रदं रूक्षं स्वादु श्लेष्मकरं न च ।**
**नादेयं दीपनं रूक्षं वातलं लघु लेखनम् ॥१५॥**

चौडय (वा चौञ्ज्य) को पानीले पाचनशक्ति बढाउँदछ । यो पानी रुखो, स्वादिलो र कफविकार नबढाउने गुणको हुन्छ । नदीको पानी दीपनी, रुखो, वातविकार बढाउने, पचाउन सहज र लेखनी गुणको हुन्छ ।

## ठूला तलाउको र खेतको मूलको पानी

**सारसं मधुरं बल्यं तृष्णाघ्नं तुवरं लघु ।**
**कैदारं स्वाद्वभिष्यन्दि विपाके गुरु दोषलम् ॥१६॥**

ठूलो तलाउको पानी गुलियो, बलदायक, तिर्खानाशक, टर्रो र पचाउन सहज हुने गुणको हुन्छ । खेतको मूलको पानी स्वादिलो, अभिष्यन्दी, पचेपछि गह्रौं हुने र दोष निकाल्ने गुणको हुन्छ ।

## पोखरीको र शीतको पानी

**पाल्वलं तद्वदुद्दिष्टं विशेषात्सर्वदोषकृत् ।**
**तौषारं वातलं शीतं रूक्षं पित्तकफापहम् ॥१७॥**

पोखरीको पानी पनि खेतको मूलको पानी जस्तै गुणको हुन्छ । विशेषतः यो पानीले सबै किसिमका दोषहरू उत्पन्न गराउँदछ । शीत (वा तुसारो) को पानीले वातविकार गर्दछ । यो पानी शीतल गर्ने, रुखो तथा पित्तविकार र कफविकार नाश गर्ने गुणको हुन्छ ।

## आकाशजल र पहाड हुँदै झरेको पानी

**धारं भूमावपतितं दिव्यं तत्सर्वदोषनुत् ।**
**नैर्झरं गुरु वै प्रोक्तं विशदं कफवातनुत् ॥१८॥**

आकाशबाट परेको र पृथ्वीमा नपर्दै थापिएको दिव्य पानीले सबै प्रकारका दोष नाश गर्दछ । पहाडबाट झरेको पानी पचाउन कठिन, मुटुका लागि हितकर तथा कफविकार र वातविकार नाश गर्ने गुणको हुन्छ ।

## हिउँको पानी र चन्द्रकान्त जल

सङ्कलन : मोहन प्रसाद सापकोटा

**हैमं गुरुतरं शीतं पित्तनुद्वातवर्धनम् ।**
**चन्द्रकान्तजलं रूक्षं लघु पित्तविषास्रनुत् ॥१९॥**

हिउँ पग्लेको पानी पचाउन अत्यन्त कठिन, शीतवीर्यको, पित्तविकार नाशक र वातविकार बढाउने गुणको हुन्छ । चन्द्रकान्त मणिबाट निस्कने पानी रुखो, पचाउन सहज तथा पित्तविकार, विषविकार र रक्तविकार नाशक हुन्छ ।

व्याख्या : चन्द्रमाको किरण पर्दा पसिना निस्कने मणि । यो मणि कलियुगमा दुर्लभ मानिएको छ । "पूर्णेन्दुकरसङ्काशादमृतं स्रवति क्षणात् । चन्द्रकान्तं तदाख्यातं दुर्लभं तत्कलौ युगे ॥- (निघण्टुसारसङ्ग्रह) । पूर्णिमाको चन्द्रकिरण पर्नासाथ रसाउन थाल्ने मणिलाई चन्द्रकान्तमणि भनिन्छ र यो कलियुगमा दुर्लभ हुन्छ ।

## हंसोदक

**दिवाकरकरैर्जुष्टं निशि शीतकरांशुभिः ।**
**ज्ञेयं हंसोदकं नाम स्निग्धं दोषत्रयापहम् ॥२०॥**

दिनमा सूर्यको किरण र रातमा चन्द्रमाको किरण परेको (पिउने) पानीलाई हंसोदक भनिन्छ । यो चिल्लो र त्रिदोषनाशक हुन्छ ।

**अनभिष्यन्दि निर्दोषमन्तरिक्षजलोपमम् ।**
**बल्यं रसायनं मेध्यं शीतं लघु सुधोपमम् ॥२१॥**

यो न अभिष्यन्दी हुन्छ न त यसमा गुनै बैगुन नै हुन्छ । आकाशबाट परेको पानी समान यो जल बलदायक, रसायनी, दिमागको ग्रहण गर्ने क्षमता बढाउने, शीतल गर्ने र पचाउन हलुका हुने गुणको हुन्छ ।

### ऋतु अनुसार पिउन योग्य जल

**वर्षासु दिव्यं पानीयमौद्भिदं वा प्रशस्यते ।**
**शरत्प्रसन्नमुदकमगस्त्योदयनिर्विषम् ॥२२॥**
**हेमन्ते सारसं तोयं ताडागं वा गुणावहम् ।**
**वसन्तग्रीष्मयोः कौप्यं वाप्यं नैर्झरमेव च ॥२३॥**

वर्षा ऋतुमा आकाशको वा औद्भिद जल श्रेष्ठ हुन्छ । शरद ऋतुमा अगस्त्य तारा उदाएर विषहीन बनेको स्वच्छ पानी उत्तम हुन्छ । हेमन्त (एवं शिशिर) ऋतुमा सरोवर वा तलाउको पानी गुनिलो हुन्छ । वसन्त र ग्रीष्म ऋतुमा कुवा, वापी र झरनाको पानी उत्तम हुन्छ ।

### नदीजल

सङ्कलन : मोहन प्रसाद सापकोटा

**नद्यः शीघ्रवहा लघ्व्यः सर्वा याश्चामलोदकाः ॥२४॥**

तीव्र वेग भएका र कञ्चन पानी भएका सबै नदीको पानी पचाउन हलुका हुन्छ ।

**मन्दगाः कलुषा गुर्व्यो याश्च शैवालसेविताः ।**
**हिमवत्प्रभवाः पथ्या नद्योऽश्माहतपाथसः ॥२५॥**

मन्द बेग भएका, मैला र झ्याउ भएका नदीको पानी पचाउन कठिन हुन्छ । हिमालयबाट निस्केर बहने तथा पत्थरमा बजारिँदै बहने नदीको पानी पथ्य हुन्छ ।

**गङ्गाशतद्रूसरयूयमुनाद्या गुणोत्तमाः ।**
**ईषत्पित्तकाराः स्वच्छाः पुण्या वातकफापहाः ॥२६॥**

गङ्गा, शतद्रू, सरयू, यमुना आदि नदीको पानी उत्तम गुणको हुन्छ । यो पानीले थोरै पित्तविकार गरेपनि स्वच्छ, पवित्र तथा वातविकार र कफविकार नाश गर्ने गुणको हुन्छ ।

**मलयाचलजा नद्यो लघ्व्यः शीघ्रवहा हिताः ।**

**कृतमालाताम्रपर्णीप्रमुखा विमलोदकाः ॥२७॥**

मलयाचल पर्वतबाट निस्केर बहने नदीहरुको पानी पचाउन सहज हुन्छ । यी नदी तीव्र वेग भएका र हितकारी हुन्छन् । कृतमाला, ताम्रपर्णी आदि प्रमुख नदीको पानी निर्मल हुन्छ ।

**स्थिरापास्तत्प्रभूता या कुर्वन्ति श्लीपदापचीः ।**
**शोथपादशिरः कण्ठगलरोगार्बुदक्रिमीन् ॥२८॥**

मलयाचलबाट निस्केका भएपनि पानी स्थिर भएका नदीको पानी हात्तीपाइले, अपची, सुजन, गोडाका रोग, टाउकाका रोग, घाँटीका रोग, अर्बुद र पेटका कीरा पार्ने गुणको हुन्छ ।

**सह्यशैलभवा नद्यो वेणीगोदावरीमुखाः ।**
**कुर्वन्ति प्रायशः कुष्ठमीषद्वातकफापहाः ॥२९॥**

सह्य पर्वतबाट निस्कने वेणी, गोदावरी आदि अधिकतर नदीको पानीले कुष्ठरोग निकाल्दछ तर यसले केही मात्रामा वातविकार कफविकार भने नाश गर्दछ ।

**विन्ध्याचले भवाः शिप्रारेवाद्याः पाण्डुकुष्ठदः ।**
**पारियात्रोद्भवाः प्रोक्ता द्विधा चर्मण्वतीमुखाः ॥३०॥**
सङ्कलन : मोहन प्रसाद सपकोटा
**पथ्यास्तडागजास्तत्र त्रिदोषघ्न्यो बलापहाः ।**

विन्ध्याचल पर्वतबाट निस्केर बहने शिप्रा, रेवा आदि नदीको पानी पाण्डु, कुष्ठ आदि रोग निकाल्ने गुणको हुन्छ । पारियात्र पर्वतबाट निस्केका चर्मण्वती आदि नदीको तथा तालबाट निस्केका नदीको पानी पथ्य, त्रिदोष नाशक र बलनाशक हुन्छ ।

## गुफाबाट निस्केको पानी

**दरीजाः कुष्ठकण्ड्वग्निश्लेष्मश्लीपदरोगदाः ॥३१॥**

गुफाबाट निस्केको पानीले कुष्ठ र चिलाउने रोग निकाल्ने, पाचनशक्ति नाशक तथा कफविकार र हात्तीपाइले रोग गराउने गुणको हुन्छ ।

## देश अनुसार नदीका पानीको गुण

**प्राच्यावन्त्यपराः पश्चाद्गुदजानि प्रकुर्वते ।**
**मरुजा मधुरा बल्या लघवोऽग्निप्रदाः परम् ॥३२॥**

पूर्वका र अवान्तदेशका नदीको पानीले मलद्वारका रोग निकाल्दछ । मरु देशका नदीको पानी मिठो, बलदायक, पचाउन सहज र पाचनशक्ति बढाउने गुणको हुन्छ ।

## नदी बहने दिशा अनुसार पानीको गुण

**पश्चिमाम्भोधिपतिता गोमतीनर्मदादयः ।**
**पथ्यावातास्रपित्तघ्न्यो बल्याः कण्डूकफापहाः ॥३३॥**

पश्चिम समुद्रमा गएर मिसिने गोमती, नर्मदा आदि नदीको पानी पथ्य, वातविकार र रक्तपित्त नाशक, बलदायक तथा चिलाउने रोग र कफविकार नाशक हुन्छ ।

**दक्षिणाब्धिगता बल्याः पित्तघ्न्यः कफवातदाः ।**
**पूर्वाम्भोधिवहा नद्यो मन्दगा गुरवो घनाः ॥३४॥**

दक्षिण समुद्रमा गएर मिसिने नदीहरूको पानी बलदायक, पित्तविकार नाशक तथा कफविकार र वातविकार गराउने गुणको हुन्छ । पूर्वी समुद्रमा गएर मिसिने नदीहरूकोवेग मन्द हुन्छ । यी नदीको पानी पचाउन कठिन र बाक्लो हुन्छ ।

## पानी पिउने समय

सङ्कलन : मोहन प्रसाद सापकोटा

**भौमानामम्भसां प्रातः सर्वेषां ग्रहणं वरम् ।**
**नैर्मल्यं तत्र शैत्यं तत्तेषां स च परो गुणः ॥३५॥**
**भुक्त्यादौ सलिलं पीतं कार्श्यमन्दाग्निदोषकृत् ।**
**मध्येऽग्निदीपनं श्रेष्ठमन्ते स्थौल्यकफप्रदम् ॥३६॥**

जमिनबाट निस्कने सबै खालका पानी बिहान पिउन योग्य हुन्छ । यिमध्येमा पनि जुन पानी निर्मल र शीतल हुन्छ त्यो अति उत्तम हुन्छ ।खाना खानु ठिक्क अघि पिइने पानीले दुब्लोपना दिन्छ र पाचनशक्ति कमजोर बनाउँदछ । खाना खाँदा बीचमा पिइएको पानीले पाचनशक्ति बढाउँदछ र उत्तम हुन्छ । खाने खाएपछि लगत्तै पिइने पानीले शरीरलाई मोटो बनाउँदछ र कफविकार बढाउँदछ ।

## पानीलाई निषेध नगर्नू

**जीवनं जीविनां जीवो जगत्सर्वं तु तन्मयम् ।**
**ततोऽत्यन्ततया सुज्ञैर्न क्वचिद्वारि वार्यते ॥३७॥**

पानीले नै प्राण बच्दछ र सारा संसार पानीरूपमा छ । अतः बुद्धिमान मानिसले पानी पिउन हुँदै हुँदैन भनेर कहिल्यै कसैलाई निषेध नगर्नू ।

**पानीयं प्राणिनां प्राणा विश्वमेव हि तन्मयम् ।**
**अतोऽत्यन्तनिषेधेऽपि न क्वचिद्वारि वार्यते ॥३८॥**

प्राणीहरूको प्राण भनेकै पानी हो, संसार पानीबाट नै सृष्टि भएको हो । यसैले पिउनै हुँदैन भनिएका अवस्थामा पनि पानीलाई निषेध गरिँदैन ।

**क्वचिदुष्णं क्वचिच्छीतं क्वचित्क्वथितशीतलम् ।**
**क्वचिदन्यसमायुक्तं न क्वचिद्वारि वर्जयेत् ॥**
**पानीयं न तु पानीयं पानीयं च प्रदेशयेत् ।**
**अजीर्णे क्वथितं चामे पक्वेऽजीर्णे च निर्मलम् ॥३९॥**

कतै तातो, कतै चिसो, कतै तताएर सेलाएको र कतै अन्य कुरा मिसाएर पानी पिउन दिनु पर्दछ । पानी पिउनबाट कहिल्यै रोक्न हुँदैन । अजीर्ण हुँदा आमजन्य रोगमा तताएर सेलाएको तथा पाकेको अजीर्ण रोगमा निर्मल पानी पिउन दिनू ।

## अजीर्णमा चिसो पानी

**तृषितस्तु विदग्धेऽन्ने यः पिबेच्छीतलं जलम् ।**
**विदाहः प्रशमं याति शेषमन्नं च जीर्यति ॥४०॥**

सङ्कलन : मोहन प्रसाद सपकोटा

खानपिन नपचेर हुने अजीर्णको रोगमा तिर्खाएको मानिसले शीतल पानी पिउनू । यसले डाह नाश गर्नुका साथै नपचेको अन्नलाई समेत पचाउँदछ ।

## आनूप आदि जल

**आनूपं दोषकृद्वारि प्रायोऽभिष्यन्दि निन्दितम् ।**
**जाङ्गलं हन्ति सकलं दोषमग्निप्रदीपनम् ॥**
**साधारणं हिमं स्वादु तृष्णाघ्नं हर्षदं लघु ॥४१॥**

आनूप क्षेत्रको पानीले दोष निकाल्दछ र अभिष्यन्दी हुन्छ । त्यसैले यसलाई निन्दनीय पानी भनिन्छ । जाङ्गल क्षेत्रको पानी सारा दोषहरू नाश गर्दछ र पाचनशक्तिलाई बढाउँदछ । साधारण क्षेत्रको पानी शीतल, स्वादिलो, तिर्खानाशक, मनमोहक र पचाउन सहज हुन्छ ।

## अपेयजल

**वर्षासु योऽवगाहेत पिबेदथ नवं पयः ।**
**पर्णादिदुष्टं लभते स बाह्याभ्यन्तरामयान् ॥४२॥**

वर्षा ऋतुको पानीमा नुहाउने, नयाँ पानी पिउने र पात आदि परेको पानी पिउने मानिसलाई शरीरका भित्र र बाहिर अनेक रोग लाग्दछन् ।

## अपेय व्यापन्न जल

कलुषं छन्नमम्भोजपर्णनीलतृणादिभिः ।
दुष्टगन्धाद्यसंस्पृष्टं सूर्याचन्द्रमसांशुभिः ॥४३॥
व्यापन्नमिति जानीयात्सर्वदोषप्रकोपकृत् ।
तोयं तद्वर्जयेत्सर्वं यच्चान्यर्तुसमुद्भवम् ॥४४॥

मैलो, कमलका पात, लेउ आदिले भरिएको, गनाउने तथा चन्द्रमा र सूर्यको किरण नपरेको पानीलाई "व्यापन्न जल" भनिन्छ । यस्तो पानीले सबै दोषलाई उत्तेजित बनाउँदछ । बेमौसममा परेको पानी पनि पिउन हुँदैन ।

## व्यापन्नजल प्रशोधन विधि

व्यापन्नमपि पानीयं क्वथितं सूर्यतापितम् ।
तप्तायः सूर्यसिकताग्रावादिष्वथ धारितम् ॥४५॥
कर्पूरपूरपुन्नागपाटलादिसुवासितम् ।
स्वच्छं कनकमुक्ताद्यैः शीतं दोषाय न क्वचित् ॥४६॥

सङ्कलन : मोहन प्रसाद सपकोटा

सूर्यका किरण वा तताइएको फलामले तताएर बालुवा, कङ्क्रिट आदिले छानिएको तथा कपूर, केसर र पाडरी आदि हालेर सुगन्धित बनाइएको, निर्मल तथा सुन, मोती आदि हालिएको शीतल पानी भए व्यापन्न जल भएपनि पिउन हुन्छ ।

## तातोपानी

तत्क्वाथ्यमानं निष्फेनं निर्वेगं निर्मलं जलम् ।
तत्सर्वदोषशमनं दीपनं पाचनं लघु ॥४७॥

तताएर सेलाएको, फिँज नभएको, वेगहीन र निर्मल पानीले सबै दोष नाश गर्दछ । यो पानी दीपनी, पाचनी र पचाउन हलुका हुन्छ ।

उष्णं तदग्निजननं लघ्वेतद्वस्तिशोधनम् ।
पार्श्वरुक्पीनसाध्मानहिक्कानिलकफापहम् ॥४८॥

तातो पानीले पाचनशक्ति बढाउँदछ । यस्तो पानी पचाउन सहज र पाचनशक्ति प्रशोधक हुन्छ । यसले छातीका करङ दुख्ने (कोखा दुख्ने), पिनास, आध्मान, बाडुली-रोग, वातविकार र कफविकार नाश गर्दछ ।

**तत्पादहीनं वातघ्नमर्धहीनं च पित्तजित् ।**
**त्रिपादहीनं श्लेष्मघ्नं सङ्ग्राह्यग्निप्रदं लघु ॥४९॥**

तताउँदा एक चौथाई घटेको पानीले वातविकार, आधा घटेको पानीले पित्तविकार र तीन चौथाइ घटेको पानीले कफविकार नाश गर्दछ । यसरी तीन चौथाइ घटेको पानीले दिसा कस्दछ र पाचनशक्ति बढाउँदछ । यस्तो पानी पचाउन समेत सहज हुन्छ ।

**निहन्ति श्लेष्मसङ्घातं मारुतं चापि कर्षति ।**
**अजीर्णं जरयत्याशु पीतमुष्णोदकं निशि ॥५०॥**

रातमा पिइने तातोपानीले कफका ढिक्का ढिक्का नाश गर्दछ । यसले वातविकार नाश गर्नुका साथै अजीर्णलाई पनि तुरुन्त नाश गर्दछ ।

**पादावशेषं सलिलं ग्रीष्मे शरदि शस्यते ।**
**हेमन्ते शिशिरे वर्षास्वर्धहीनं मधावपि ॥५१॥**

तताएर एक चौथाई बाँकी भएको पानी ग्रीष्म र शरद ऋतुमा तथा तताएर आधा भएको पानी हेमन्त, शिशिर, वर्षा र वसन्त ऋतुमा श्रेष्ठ हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

## उमालेर सेलाएको पानी

**शृतशीतं सदा पथ्यं लघु नीरं त्रिदोषनुत् ।**
**तच्च पर्युषितं निघ्नमम्लीभूतं त्रिदोषकृत् ॥५२॥**

उमालेर सेलाएको पानी सबै कालमा पथ्य, पचाउन सहज र त्रिदोष नाशक हुन्छ । तर रातभर राखिएको त्यही पानी अमिलो र त्रिदोषकारक हुन्छ ।

**दिवा श्रृतं पयो रात्रो गुरुतामधिगच्छति ।**
**रात्रौ श्रृतं दिवा पीतं तथा दोषकरं परम् ॥५३॥**

दिनमा तताइएको पानी रात परेपछि पचाउन कठिन हुन्छ । यसैगरी रातमा तताएको पानी दिनमा पिउँदा त्यसले पनि दोष निकाल्दछ ।

## पानी पच्न लाग्ने समय

**आमं जलं जीर्यति याममात्रं तदर्धमात्रं श्रृतशीतवारि ।**
**मुहूर्तमात्रं जलमुष्णमुक्तं त्रिधेति चोक्तो जलजीर्णकालः ॥५४॥**

नतताइएको पानी एक प्रहरमा, तताएर सेलाएको पानी डेढ घण्टामा र तताएको तातो पानी एक मुहूर्तमा पच्दछ । पानी पच्ने यी तीन समयका बारेमा बताइयो ।

## थोरै थोरै पानी पिउनु पर्ने अवस्था

**अरोचके प्रतिश्याये प्रसेके श्वयथौ क्षये ।**
**मन्दाग्नौ बद्धकोष्ठे च ज्वरे नेत्रामये तथा ॥**
**व्रणे च मधुमेहे च पानीयं मन्दमाचरेत् ॥५५॥**

अरुची हुँदा, रुघाखोकी र पिनास लाग्दा, मुखबाट र नाकबाट पानी बग्ने रोग हुँदा, सुजनमा, क्षयरोग हुँदा, पाचनशक्ति कमजोर हुँदा, दिसा रोकिँदा, जरो आउँदा, आँखाका रोग हुँदा, घाउखटिरा आउँदा र मधुमेह हुँदा थोरै थोरै पानी पिउनु पर्दछ ।

## पानी पिउन नरोक्नू

**तृषितो मोहमाप्नोति मोहात्प्राणैर्विमुच्यते ।**
**तस्मात्सर्वप्रयत्नेन क्वचिद्वारि न वर्जयेत् ॥५६॥**

सङ्कलन : मोहन प्रसाद सपकोटा

धेरै तिर्खाएको मानिस बेहोस हुन्छ र प्राण पनि जान सक्दछ त्यसैले कुनै पनि हालतमा पानी पिउनबाट नरोक्नू ।

## पानी पिउन दिनुपर्ने रोग

**मूर्छापित्तोष्णदाहेषु विषे रक्ते च दापयेत् ॥५७॥**

बेहोसी, पित्तविकार, गर्मीले हुने डाह, विषविकार र रक्तविकारका रोगमा पानी पिउन दिनु पर्दछ ।

## तातोपानी पिउन नहुने अवस्था

**श्रमक्लमपरिक्षेपे तमकेऽथ क्षुतौ तथा ।**
**ऊर्ध्वगे रक्तपित्ते च उष्णाम्बु परिवर्जयेत् ॥५८॥**

थकाईमा, परिश्रम बिनाको थकाईमा, शरीर लडखडाएको बेलामा, तमकश्वास नामक दम हुँदा र शरीरको माथ्लो भागबाट रगत बहने रक्तपित्त हुँदा तातोपानी पिउन हुँदैन ।

## चिसो पानी पिउन नहुने अवस्था

**पार्श्वशूले प्रतिश्याये वातरोगे गलग्रहे ।**
**आध्माने तिमिरे कोष्ठे सद्यःशूले नवज्वरे ॥**
**हिक्कायां स्नेहपीते च शीताम्बु परिवर्जयेत् ॥५९॥**

छातीका करङ दुख्दा, रुघाखोकीमा, वातविकार हुँदा, गलग्रहमा, आध्मानमा, तिमिर रोगमा, कब्जियत हुँदा, भर्खर शूल आउँदा, भर्खर जरो आउँदा, बाडुली लाग्दा र स्नेहन गरिएका बेलामा चिसो पानी पिउन हुँदैन ।

## धेरै पानी नपिउनू

**अत्यम्बुपानाद्धजते च वह्निर्विनाऽम्बुपानेन भवन्ति रोगाः ।**
**तस्मान्नरो वह्निविवर्धनार्थं मुहुर्मुहुर्वारि पिपेदभूरि ॥६०॥**

धेरै पानी पिउँदा पाचनशक्ति कमजोर हुन्छ, पानी नपिउँदा अनेक थरी रोग हुन्छन्, त्यसैले मानिसले पाचनशक्ति बढाउन अलिअलि पानी पिइरहनु पर्दछ ।

## दुग्ध

सङ्कलन : मोहन प्रसाद सापकोटा

## दूधका संस्कृत पर्यायवाची नाम

**दुग्धं प्रस्रवणं क्षीरं सौम्यं सञ्जीवनं पयः ।**

दुग्ध, प्रस्रवण, क्षीर, सौम्य, सञ्जीवन र पय : यी दूधका संस्कृत पर्यायवाची नामहरू हुन् ।

## दूधका गुण

**दुग्धं बलकरं शीतं मधुरं वातपित्तजित् ॥६१॥**

दूध बलदायक, शीतल गर्ने, मिठो तथा वातविकार र पित्तविकारलाई जित्ने गुणको हुन्छ ।

**स्निग्धं रसायनं मेध्यं जीवनं धातुवर्धनम् ।**
**चेतोरक्तगदश्वासक्षयार्शोभ्रमनुद्गुरु ॥६२॥**

दूध चिल्लो, रसायनी, बुद्धिवर्धक, जीवनदायक, धातुवर्धक तथा चेतानाविकार, रक्तविकार, दम, क्षयरोग, अल्काई र भ्रम नाशक हुन्छ । यो पचाउन कठिन हुन्छ ।

**बालकवृद्धकृशादीनां स्त्रीसक्तानां प्रशस्यते ।**
**प्रायः प्राणभृतां साम्यं विशेषादोजसे हितम् ॥६३॥**

दूध बालक, वृद्ध, कमजोर र स्त्रीलम्पट मानिसका लागि श्रेष्ठ पेय हुन्छ । यसले विशेषतः प्राणीका दोषलाई साम्य अवस्थामा राख्दछ र ओजका लागि हितकर हुन्छ ।

## गाईको दूध

**गोक्षीरं मधुरं शीतं गुरुस्निग्धं रसायनम् ।**
**बृंहणं स्तन्यकृद्वर्ण्यं जीवनं वातपित्तनुत् ॥६४॥**

गाईको दूध मिठो, शीतल गर्ने, पचाउन कठिन, चिल्लो र रसायनी हुन्छ । यो पौष्टिक, दूधवर्धक, वर्णमा निखार लेराउने, जीवनदायक तथा वातविकार र पित्तविकार नाशक हुन्छ ।

**वरं कृष्णगवां क्षीरं श्वेतानां श्लेष्मलं गुरु ।**
**बालवत्साविवत्सानां गवां क्षीरं त्रिदोषकृत् ॥**
**पिण्याकाद्यशनाज्जातं क्षीरं गुरु कफापहम् ॥६५॥**

काली गाईको दूध उत्तम हुन्छ । सेती गाईको दूध कफविकार गर्ने र पचाउन कठिन हुने गुणको हुन्छ । ससाना बाच्छाबाच्छी भएकी गाईको र हतुवा गाईको दूधले त्रिदोष गर्दछ । पिना आदि खुवाएर निकालिएको दूध पचाउन कठिन र कफविकार नाशक हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

## बाख्रीको दूध

**आजं गव्यगुणं ग्राहि विशेषाद्दीपनं लघु ।**
**हन्ति क्षयशोऽतीसारप्रदरास्रभ्रमज्वरान् ॥६६॥**

बाख्रीको दूधमा गाईको दूधका गुण हुन्छन् । विशेषतः यो ग्राहि, दीपनी र पचाउन हलुका हुन्छ । यो दूधले क्षयरोग, अल्काई, अतीसार, प्रदर, रक्तविकार, भ्रम र ज्वर नाश गर्दछ ।

**अजानामल्पकायत्वात्कटुतिक्तादिभक्षणात् ।**
**स्तोकाम्बुपानाद् व्यायामात्पयः सर्वगदापहम् ॥६७॥**

सानो शरीर, पिरोतीतो आदि खाइरहने, कम पानी पिउने र धेरै व्यायाम गर्ने हुनाले बाख्रीको दूधले सबै रोग नाश गर्दछ ।

## भेडांको दूध

आविकं मधुरं केश्यं स्निग्धं वातकफापहम् ।
गुरु कासेऽनिलोद्भूते केवले चानिले वरम् ॥६८॥

भेडीको दूध गुलियो, कपालका लागि हितकर, चिल्लो तथा वातविकार र कफविकार नाशक हुन्छ । यो दूध पचाउन कठिन तथा वातविकार जन्य खोकी र केवल वातविकारका लागि मात्र उत्तम हुन्छ ।

## भैंसीको दूध

माहिषं मधुरं गव्यं स्निग्धं गुरु बलप्रदम् ।
निद्राशुक्रकरं शीतं मलाभिष्यन्दि वह्निनुत् ॥६९॥

भैंसीको दूध मिठो, केही मात्रामा गाई दूधकै गुणको, चिल्लो, पचाउन कठिन र बलदायक हुन्छ । यसले निद्रा लगाउँदछ, शुक्र बढाउँदछ, शीतवीर्यको हुन्छ, दिसा रोक्दछ र पाचनशक्तिलाई नाश गर्दछ ।

## स्त्रीको दूध

नार्या लघु पयः शीतं दीपनं वातपित्तजित् ।
सङ्कलन : मोहन प्रसाद सपकोटा
चक्षुःशूलाभिघातघ्नं नस्याश्च्योतनयोर्वरम् ॥७०॥

स्त्रीको दूध पचाउन सहज, शीतवीर्यको, दीपनी तथा वातविकार र पित्तविकारलाई जित्ने गुणको हुन्छ । यसले आँखाको शूल र चोटपटक नाश गर्दछ । यो दूध नस हाल्न र आँखामा हाल्न उत्तम हुन्छ ।

## ढोईको दूध

हस्तिन्याः स्वादु बलकृच्चक्षुष्यं शीतलं गुरु ॥७१॥

ढोईको दूध स्वादिलो, बलदायक, आँखाका लागि हितकर, शीतल गर्ने र पचाउन कठिन हुने गुणको हुन्छ ।

## पोथी उँटको दूध

औष्ट्रं स्वादुरसं रूक्षं लवणं लघु दीपनम् ।
कृमिकुष्ठकफानाहशोथोदरहरं सरम् ॥७२॥

पोथी उँटको दूध रसमा स्वादिलो, रुखो, नुनिलो, पचाउन सहज र दीपनी हुन्छ । यसले कीरा, कुष्ठ, कफविकार, आनाह, सुजन र पेटका रोग नाश गर्दछ । यो मलमूत्रलाई तलतिर सार्ने गुणको हुन्छ ।

## घोडा आदि एकखुरे पशुको दूध

**आश्वमुष्णं पयो रूक्षं बल्यं वातकफापहम् ।**
**लावणाम्लं लघु स्वादु सर्वं मैकशफं तथा ॥७३॥**

घोडीको दूध उष्णवीर्यको, रुखो, बलदायक तथा वातविकार र कफविकार नाशक हुन्छ । यो नुनिलो, अमिलो, पचाउन सहज र स्वादिलो हुन्छ । एकखुरे सबै जनावरको दूधमा पनि यिनै गुणहरू हुन्छन् ।

## दुहुँदा दुहुँदैको तातो दूध

**धारोष्णं दीपनं बल्यं लघु शीतं त्रिदोषनुत् ।**
**मुहूर्त्तत्रितयादूर्ध्वं पयो भजति विक्रियाम् ॥**
**तदेव द्विगुणे काले विषवद्धन्ति मानवम् ॥७४॥**

जुन दूध दुहुँदादुहुँदैको तातैतातो छ र भुइँमा राखिएको छैन त्यो दूधलाई धारोष्ण दूध भनिन्छ । यस्तो दूध दीपनी, बलदायक, पचाउन सहज, शीतवीर्यको र त्रिदोष नाशक हुन्छ । दोएको तीन मुहूर्त बितेपछिको यस्तो दूध खानका लागि योग्य हुँदैन । छ मुहूर्त्त बितेपछिको यस्तो दूधले मानिसलाई विषले मारेझैं मार्दछ ।

**तस्माच्छीतगुणं तत्स्यात् पयस्तात्कलिकं पिबेत् ।**
सङ्कलन : मोहन प्रसाद सपकोटा
**सुधासमं तदेव स्याद्धाराशीतं त्रिदोषकृत् ॥७५॥**

यसकारण दुहुँदादुहुँदैको तातैतातो दूध तुरुन्त पिउनू । यस्तो दूध अमृतसमान हुने गर्दछ । सेलाएपछिको यस्तो दूधले भने त्रिदोष गर्दछ ।

**धारोष्णं शस्यते गव्यं धाराशीतं तु माहिषम् ।**
**शृतोष्णमाविकं पथ्यं शृतशीतमजापयः ॥७६॥**

गाईको दुहुँदादुहुँदैको तातो, भैंसीको दोहेर सेलाएको, भेडीको तताएर उमालिएको र बाख्रीको उमालेर सेलाएको दूध उत्तम हुन्छ ।

## तताएर सेलाएको, तातो एवं धेरै तताइएको दूध

**शृतशीतं जयेत्पित्तं श्रृतोष्णं कफमारुतौ ।**
**अतिपक्वं गुरु स्निग्धं वृष्यं बलविवर्धनम् ॥७७॥**

तताएर सेलाएको दूधले पित्तविकारलाई तथा तताएको तातो दूधले कफविकार र वातविकारलाई जित्दछ । धेरै तताइएको दूध पचाउन कठिन, चिल्लो, वीर्यवर्धक र बलवर्धक हुन्छ ।

## काँचो दूध

आममामप्रदं क्षीरमभिष्यन्दकरं गुरु ।
आममेव स्त्रियाःक्षीरं पथ्यं पक्वं तु दोषकृत् ॥७८॥

काँचो दूधले आमविकार र कफविकार गर्दछ । यो अभिष्यन्दी र पचाउन कठिन पनि हुन्छ । स्त्रीको दूध भने काँचो नै पथ्य हुन्छ, तताएपछि यसले विगार गर्दछ ।

## बिहान दोहिएको दूध

रात्रौ चन्द्रगुणाधिक्याद्व्याायमपरिवर्जनात् ।
प्रभातिकं पयः प्रायो विष्टम्भि गुरु बृंहणम् ॥७९॥

रातमा चन्द्रमाको गुणको अधिक प्रभाव पर्नाले र रातभर व्यायाम नगर्ने हुनाले बिहान दोहिएको जनावरको दूध कब्जियत गराउने र पचाउन कठिन हुने गुणको हुन्छ । तर यो पौष्टिक हुन्छ ।

## साँझ दोहिएको दूध

दिवाकरकराघाताद्व्यायामानिलसेवनात् ।
सङ्कलन : मोहन प्रसाद सपकोटा
प्रदोषे श्रमनुद्बल्यं चक्षुष्यं वातपित्तहृत् ॥८०॥

दिनभर सूर्यको किरण पर्नाले, व्यायाम गर्नाले र वायु सेवन गर्नाले जनावरको साँझको दूधले थकाई मेट्दछ, बल दिन्छ, आँखाका लागि फाइदा गर्दछ तथा वातविकार र पित्तविकार नाश गर्दछ ।

## खान नहुने दूध

विवर्णमम्लं दुर्गन्धि लवणं ग्रन्थितं पयः ।
वर्जयेदम्ललवणयोगात्कुष्ठादिदोषकृत् ॥८१॥

रङ उडेको, अमिलो भएको, गनाउने, नुनिलो भएको र छोक्रा भएको दूध नपिउनू । अमिलो र नुनिलोको संयोगमा परेको दूधले कुष्ठ आदि रोग गराउँदछ ।

## दूधको तर

सान्तानिका परं रूक्षं शृतदुग्धो परि स्मृता ।
सन्तानिका गुरुः शीता वृष्या पित्तास्रवातनुत् ॥८२॥

तताएर सेलाएको दूधमाथि जम्ने तर आंत नै रुखो हुन्छ भानिएको छ । यो पचाउन कठिन, शीतल गर्ने, वीर्यवर्धक तथा रक्तपित्त र वातविकार नाशक हुन्छ ।

## मोरट

**सप्तरात्रात्परं क्षीरमप्रसन्नं तु मोरटम् ।**
**नष्टदुग्धं भवेन्नारं मोरटं जैय्यटोऽब्रवीत् ॥८३॥**

सात रात पछि दूध बिग्रेर मोरट बन्दछ । जैयटले यस्तो बिग्रिएको वा फाटेको दूधलाई "मोरट" नाम दिएका छन् ।

## पीयूष र दधिकूर्चिका

**क्षीरं तत्कालसूतायाः पीयूष घनमुच्यते ।**
**पक्वं दध्ना समं क्षीरं विज्ञेया दधिकूर्चिका ॥८४॥**

भर्खर बिहाएकी गाईको दूधलाई "पीयूषघन (बिगौते दूध)" भनिन्छ । दही बराबर दूध हालेर पकाइएको कुरालाई "दधिकूर्चिका" भनिन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

## तक्रकूर्चिका, किलाट, क्षीरशाक

**तक्रेण तक्रकूर्चिका तयोः पिण्डः किलाटकः ।**
**पाकं विना स एव स्यात्क्षीरशाकसितान्वितः ॥८५॥**

तक्र मिसाएर पकाइएको दूधलाई "तक्रकूर्चिका" भनिन्छ । दही वा तक्र आदि मिसिनाले फाटेको दूध मसिनो कपडामा छानेर पानी निचोरेपछिको डल्लोलाई "तक्रपिण्ड" भनिन्छ । धेरै बेर पकाएर वा घोटेर बनाइने दूधको खुवालाई "किलाटक" भनिन्छ । नतताइकन फाटेको (वा जमेको) दूधलाई "क्षीरशाक" भनिन्छ । मिश्री मिसाइएको...।

## मोरटादिगुण

**मोरटस्तु सपीयूषः कूर्चिका दधितक्रयोः ।**
**किलाटक्षीरशाकाश्च ह्येते निद्राऽऽमपुष्टिदाः ॥८६॥**
**गुरवः श्लेष्मला वृष्या हृद्या वातदिनाशिकाः ।**
**वातला दुर्जरा रूक्षा ग्राहिणी तक्रकूर्चिका ॥८७॥**

(दूधसहितको मोरट हुन्छ) । मोरट, पीयूषघन, दधिकूर्चिका, तक्रकूर्चिका, किलाट र क्षीरशाकले निद्रा लगाउँदछ, आमविकार बढाउँदछ र पुष्टि दिन्छ । यी सबै पचाउन कठिन, कफविकार गराउने, वीर्यवर्धक,

मुटुका लागि हितकर तथा वातविकार र अग्निलाई नाश गर्ने गुणका हुन्छन् । तक्रकूर्चिकाले वातविकार गर्दछ । यो ढिलो पच्दछ तथा रुखो र ग्राही हुन्छ ।

## दहीका पर्याय र प्रकार

**दधि स्त्यानं पयः सम्यक् स्त्यानमीषत्तु मन्दकम् ।**
**तन्मिष्टमम्लमत्यम्लं मधुराम्लमिति स्मृतम् ॥८८॥**

दधि, स्त्यान, पयस्सम्यक्, ईषत्स्त्यान र मन्दक : यी दहीका संस्कृत पर्यायवाची नामहरू हुन् । मिठो, अमिलो, अति अमिलो र मिठो-अमिलो : यी दहीका प्रकारहरू हुन् ।

## दहीका गुण

**दध्युष्णं दीपनं स्निग्धं कषायानुरसं गुरु ।**
**पाकेऽम्लं ग्राहि पित्तास्रशोफमेदः कफप्रदम् ॥८९॥**

दही उष्णवीर्यको, दीपनी, चिल्लो, पछि टर्रो हुने, पचाउन कठिन, पचेपछि अमिलो हुने, ग्राहि तथा रक्तपित्त, सुजन, बोसोविकार र कफविकार गराउने गुणको हुन्छ ।

**मूत्रकृच्छ्रे प्रतिश्याये शीतके विषमे ज्वरे ।**
**अतिसारेऽरुचौ कार्श्ये शस्यते बलवर्धनम् ॥९०॥**

मूत्रकृच्छ्र, रुघाखोकी, शीतज्वर, विषमज्वर, अतिसार, अरुची र दुब्लोपनमा दही हितकर हुन्छ । यसले बल बढाउँदछ ।

**मन्दं त्रिदोषजननं मधुरं वातपित्तजित् ।**
**अम्लं पित्तास्रकफकृदत्यम्लं रक्तपित्तदम् ॥**
**मधुराम्लं गुणैर्मिश्रैर्दधि पूर्वपदादिशेत् ॥९१॥**

नजमेको दहीले त्रिदोष गर्दछ । मिठो दहीले वातविकार र पित्तविकारलाई जित्दछ । अमिलो दहीले रक्तपित्त र कफविकार गर्दछ । अति अमिलो दहीले रक्तपित्त गर्दछ । मिठो-अमिलो दहीमा मिश्रित गुण हुन्छ ।

## गाईको दही

**गव्यं दध्युत्तमं बल्यं पाके स्वादु रुचिप्रदम् ।**
**पवित्रं दीपनं स्निग्धं पुष्टिकृत्पवनापहम् ॥९२॥**

गाईको दही उत्तम हुन्छ । यसले बल दिन्छ । यो पचेपछि गुलियो हुन्छ , यो दही रुचिप्रद, पवित्र, दीपनी, चिल्लो, पुष्टिदायक र वातविकार नाशक हुन्छ ।

### बाख्रीको दही

**आजं दध्युत्तमं ग्राहि लघु दोषत्रयापहम् ।**
**शस्यते श्वासकासार्शःक्षयकार्श्येषु दीपनम् ॥९३॥**

बाख्रीको दही उत्तम हुन्छ । यो ग्राहि, पचाउन हलुका, त्रिदोष नाशक तथा दम, खोकी, अल्काई, क्षयरोग र दुब्लोपनमा हितकारी हुन्छ । यो दीपनी हुन्छ ।

### भेडीको दही

**अविकं दधि दुर्नामकफवातास्रकोपनम् ।**
**अभिष्यन्दिरसं पाके स्वादु प्रायेण दोषलम् ॥९४॥**

भेडीको दहीले अल्काई, कफविकार, वातविकार र रक्तविकार बढाउँदछ । यो अभिष्यन्दी, पचेपछि पकाएपछि गुलियो र प्रायः दोषयुक्त हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

### भैंसीको दही

**माहिषं दधि सुस्निग्धं श्लेष्मलं वातपित्तनुत् ।**
**वृष्यं विपाके मधुरं गुरु रक्तप्रदूषणम् ॥९५॥**

भैंसीको दही बढी चिल्लो, कफविकार गराउने तथा वातविकार र पित्तविकार नाश गर्ने गुणको हुन्छ । यो वीर्यवर्धक, पचेपछि गुलियो, पचाउन कठिन र रक्तविकार गराउने गुणको हुन्छ ।

### स्त्रीको दही

**नार्या दधि त्रिदोषघ्नं चक्षुष्यं तर्पणं गुरु ।**
**बल्यं विपाके मधुरं स्निग्धं वह्निकरं परम् ॥९६॥**

स्त्रीको दही त्रिदोषनाशक, आँखाका लागि हितकर, तृप्तिदायक, पचाउन कठिन, बलदायक, पचेपछि गुलियो, चिल्लो र पाचनशक्ति बढाउने गुणको हुन्छ ।

### ढोईको दही

**हस्तिन्या दधि वीर्योष्ण कटु पाकेऽग्निनाशनम् ।**

**कषायानुरसं वचौवधनं कफवातांजत्॥९७॥**

ढोईको दही उष्णवीर्यको, पचेपछि पिरो, पाचनशक्ति नाशक, पछि टर्रो हुने, दिसा बढाउने तथा कफविकार र वातविकार बढाउने गुणको हुन्छ ।

## पोथी उँटको दही

**औष्ट्रं विपाके कटुकं भेदि क्षाराम्लकं दधि ।**
**निहन्त्युदरकुष्ठार्शःशूलबन्धानिलक्रिमीन्॥९८॥**

उँटको दही पचेपछि पिरो, भेदी, क्षार (नुन) युक्त, अमिलो तथा पेटका रोग, कुष्ठ, अल्काई, शूल, विबन्ध, वातविकार र कीरा नाशक हुन्छ ।

## घोडी आदि एकखुरे पशुको दही

**अश्वाद्यैकशफं रूक्षं दध्यभिष्यन्दि दोषलम् ।**
**दीपनम् स्वादु चक्षुष्यं वातकृत्कफमूत्रनुत्॥९९॥**

घोडी आदि एकखुरे पशुको दही रुखो, अभिष्यन्दी, दोषकारक, दीपनी, स्वादिलो, आँखाका लागि हितकर, वातविकार गर्ने तथा कफविकार र मूत्ररोग नाश गर्ने गुणको हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

## गाईको दही श्रेष्ठता

**सर्वेषु दधिषु श्रेष्ठं गव्यमेव गुणावहम् ।**
**गालितं दधि सुस्निग्धं वातघ्नं श्लेष्मलं गुरु॥१००॥**
**बलपुष्टिकरं रुच्यं मधुरं नातिपित्तकृत् ।**
**शृतक्षीरभवं रुच्यं दधि स्निग्धं गुणोत्तमम्॥१०१॥**
**पित्तानिलापहं सर्वं धात्वग्निबलवर्धनम्॥१०२॥**

सबै दहीमध्ये गाईको दही श्रेष्ठ र गुनिलो हुन्छ । कडामा छानिएको यो दही मनमोहक, चिल्लो, वातविकार नाशक, कफविकार गर्ने र पचाउन कठिन हुने गुणको हुन्छ । यो बलदायक, पुष्टिदायक, रुचिप्रद, गुलियो र धेरै पित्तविकार नगर्ने खालको हुन्छ । तताएको दूधको दहीले रुची जगाउँदछ, चिल्लो हुन्छ र उत्तम गुणको हुन्छ । सबै खालका दहीले पित्तविकार र वातविकार नाश गर्दछन् तथा धातु, पाचनशक्ति र बल समेत बढाउँदछन् ।

## चिल्लो निकालिएको दही

**असारं दधि सङ्ग्राहि कषायं वातलं लघु ।**

विष्टम्भि दीपनं रुच्यं ग्रहणीरोगनाशनम् ॥१०३॥

नौनी निकालिएको दहीले दिसा कस्दछ । यो दही टर्रो, वातविकार बढाउने, पचाउन सहज, विष्टम्भी, दीपनी, रुचिप्रद र ग्रहणी रोग नाशक हुन्छ ।

## चिनी र सक्खर मिसाइएको दही

सशर्करं दधि श्रेष्ठं तृष्णापित्तास्रदाहनुत् ।
सगुडं वातनुद् वृष्यं बृंहणं तर्पणं गुरु ॥१०४॥

चिनी मिसाइएको दही श्रेष्ठ हुन्छ । यसले तिर्खा, रक्तपित्त र डाह नाश गर्दछ । सखर मिसाइएको दहीले वातविकार नाश गर्दछ । यो दही वीर्यवर्धक, पौष्टिक, तृप्तिदायक र पचाउन कठिन हुने गुणको हुन्छ ।

## ऋतु अनुसार दहीका गुण

वसन्ते शरदि ग्रीष्मे दधि प्रायेण निन्दितम् ।
हेमन्ते शिशिरे शस्तं वर्षासु चागुणावहम् ॥१०५॥

वसन्त, शरद र ग्रीष्म ऋतुमा विशेषतः दही निन्दनीय हुन्छ । हेमन्त र शिशिर ऋतुमा दही उत्तम हुन्छ । वर्षा ऋतुमा दही खानु राम्रो हुँदैन ।

सङ्कलन : मोहन प्रसाद सपकोटा

## दही खान हुने रोग

मूत्रकृच्छ्रेऽरुचौ कार्श्ये शीतगे विषमज्वरे ।
अतिसारे प्रतिश्याये दिवा च दधि शस्यते ॥१०६॥

मूत्रकृच्छ्र, अरुची, दुब्लोपन, ठण्डी लागेर आउने विषमज्वर, अतिसार, रुघाखोकी र दिउस दही उत्तम हुन्छ ।

## रातको दही

शस्यते दधि नो रात्रौ शस्तं चाम्बुघृतान्वितम् ॥१०७॥

रातमा दही खानु उत्तम हैन । पानी र घिउ मिसाएको दही उत्तम हुन्छ ।

## दहीको तर

दध्युत्तरो दधिस्नेहो दध्यग्रः कटुकः सरः ।

**दध्नः सरो गुरुर्वृष्यो वातवांह्ने प्रणाशनः ॥**
**वस्तेर्विशोधनश्चाम्लः पित्तश्लेष्मविवर्धनः ॥१०८॥**

दध्युत्तर, दधिस्नेह,दध्यग्र, कटुक र सर : यी दहीको तरका संस्कृत पर्यायवाची नामहरू हुन् । दहीको तर पचाउन कठिन, वीर्यवर्धक तथा वातविकार र पाचनशक्ति नाशक हुन्छ । यसले तल्लो पेट सफा गर्दछ । यो अमिलो हुन्छ । यसले पित्तविकार र कफविकार बढाउँदछ ।

## मस्तु

**मस्तु क्लमहरं बल्यं लघु भक्ताभिलाषकृत् ।**
**स्रोतोविशोधनं ह्लादि कफतृष्णानिलापहम् ॥**
**अवृष्यं प्रीणनं शीघ्रं भिनत्ति मलसङ्ग्रहम् ॥१०९॥**

दहीको पानीले परिश्रम बिनाको थकाई नाश गर्दछ, बल दिन्छ, पचाउन सहज हुन्छ र खान खानमा रुचि पैदा गराउँदछ । यसले स्रोत ग्रन्थी एवं नसालाई प्रशोधन गर्दछ, आनन्द दिन्छ तथा कफविकार, तिर्खा र वातविकार नाश गर्दछ । यो वीर्यवर्धक हुँदैन । मनमोहक हुन्छ र पेटभित्र थुप्रिएको दिसालाई तुरुन्त टुक्रा टुक्रा पार्दछ ।

## तक्रका पर्याय

सङ्कलन : मोहन प्रसाद सापकोटा

**दण्डाहतं कालशेयं गोरसश्च विलोडितम् ॥११०॥**

दण्डाहस्त, कालशेय, गोरस र विलोडित : यी तक्रका संस्कृत पर्यायवाची नामहरू हुन् ।

## घोल, मथित, श्वेत र उदश्वित्

**सरसं निर्जलं घोलं मथितरसवर्जितम् ।**
**समोदकमथश्वेतमुदश्वित्त्वर्धवारिकम् ॥१११॥**

रससहितको तर पानी नहालिएको दहीको घोलनलाई घोल भनिन्छ । रस नभएको दहीको घोलनलाई मथित भनिन्छ । दही बराबर पानी हाली मथिएको पेयलाई श्वेत भनिन्छ । दहीको आधा पानी हाली मथिएको पेयलाई उदश्वित् भनिन्छ ।

## तक्रको परिभाषा र गुण

**पादोदकं भवेत्तक्रमधर्द्धम्भोऽन्ये बभाषिरे ।**
**तक्रं ग्राहि कषायाम्लं मधुरं दीपनं लघु ॥११२॥**

दहीमा एक चौथाइ पानी हाली मथिएको पेयलाई तक्र भनिन्छ । कतिपय वैद्य दहीमा आधा पानी हाली मथिएको पेयलाई तक्र भन्दछन् । तक्र ग्राही, टर्रो, अमिलो, गुलियो, दीपनी र पचाउन सहज हुन्छ ।

**वीर्योष्णं बलदं रूक्षं प्रीणनं वातनाशनम् ।**
**हन्ति शोथगरच्छर्दिप्रसेक विषमज्वरान् ॥११३॥**
**पाण्डुमेदोग्रहण्यर्शोमूत्रग्रहभगन्दरान् ।**
**मेहं गुल्ममतीसारं शूलप्लीहकफक्रिमीन् ॥**
**श्वित्रकुष्ठकफव्याधिकुष्ठतृष्णोदरापचीः ॥११४॥**

तक्र उष्णवीर्यको, बलदायक, रुखो, मनमोहक र वातविकार नाशक हुन्छ । यसले सुजन, कृत्रिम विषविकार, वाकवाकी, प्रसेक रोग, विषमज्वर, पाण्डु, बोसोविकार, ग्रहणि, अल्काई, पिसाब बन्द हुने रोग, भगन्दर, प्रमेह, गुल्म, अतीसार, शूल, फियोका रोग, कफविकार, पेटका कीरा, सेतो कुष्ठ, कफजन्य रोग, कुष्ठ, तिर्खा, पेटका रोग र अपची रोग नाश गर्दछ ।

**तक्रं निदाघे शरदि दौर्बल्ये भ्रममूर्छयोः ।**
**पित्तास्रमदशोफेषु कदाचिन्न प्रशस्यते ॥११५॥**

गर्मी मौसममा, शरद ऋतुमा, दुर्बल हुँदा, भ्रम हुँदा, बेहोसी रोगमा, रक्तपित्तमा, मदात्यमा र सुजनमा केही गरी पनि लाभदायक हुँदैन ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

**शीतकाले ग्रहण्यर्शः कफवातामयेषु च ।**
**स्रोतोनिरोधे मन्दाग्नौ तक्रमेवामृतोषमम् ॥११६॥**

जाडो याममा, ग्रहणी हुँदा, अल्काई हुँदा, कफविकार र वातविकार हुँदा, स्रोत ग्रन्थी वा नसा थुनिदा र कमजोर पाचनशक्ति हुँदा तक्र अमृत समान हुन्छ ।

**तक्रं तु मधुरं सर्वं श्लेष्मलं वातपित्तनुत् ॥११७॥**

गुलिया खालका सबै तक्रले कफविकार गर्दछ तथा वातविकार र पित्तविकार नाश गर्दछ ।

**अम्लं वातहरं तक्रं रक्तपित्तप्रकोपनम् ।**
**वातेऽम्ले सैन्धवोपेतं स्वादु पित्ते सशर्करम् ॥११८॥**

अमिलो तक्रले वातविकार नाश गर्दछ र रक्तपित्तलाई विगार्दछ । वातविकारमा सिँधेनुन हालिएको अमिलो तक्र तथा पित्तविकारमा चिनी हालिएको गुलियो तक्र हितकर हुन्छ ।

**पिबेत्तक्रं कफे रूक्षं व्योषक्षारसमन्वितम् ।**
**समुद्धृतघृतं तक्रं पथ्यं लघु विशेषतः ॥११९॥**

रुखो कफविकार हुँदा त्रिकटु र क्षार हालिएको तक्र हितकर हुन्छ । घिउ निकालिएको तक्र पथ्य र विशेषगरी पचाउन सहज हुन्छ ।

**स्तोकोद्धृतघृतं तस्माद् वृष्यं गुरु कफापहम् ।**
**अनुद्धृतघृतं शीतं गुरु पुष्टिकफप्रदम् ॥१२०॥**

थोरै घिउ निकालिएको तक्र वीर्यवर्धक, पचाउन कठिन र कफविकार नाशक हुन्छ । घिउ ननिकालिएको तक्र शीतल गर्ने, पचाउन कठिन, पुष्टिकर र कफविकार गर्ने गुणको हुन्छ ।

**यान्युक्तानि दधीन्यष्टौ तद्गुणं तक्रमादिशेत् ।**
**सरसं निर्जलं घोलं मथितं रसवर्जितम् ॥१२१॥**

पहिले बताइएका गाई, भैंसी आदि आठ थरी दहीमा जे गुण हुन्छ त्यसबाट बनाइने तक्रमा पनि त्यही गुण हुन्छ । सरस, निर्जल, घोल, मथित र रसवर्जित : यी तक्रका नाम हुन् ।

**दधिवद्घोलमथिते किञ्चित्तु लघु नीरतः ।**
**मण्डतक्रा लघुतक्रा कूर्चिकादधिसम्भवा ॥१२२॥**

घोल र मथित दही जस्तै गुणका हुन्छन् तर यसमा केही पानी मिसाइएको हुन्छ । मण्डतक्र, लघुतक्र, कूर्चिका र दधिसम्भवा : यी घोल र मथितका नाम हुन् । (यिनमा तक्रकै गुण हुन्छ) ।

## नौनी

**हैयङ्गवीनं सरजं नवनीतं तु मन्थजम् ।**
**नवनीतं लघु ग्राहि सद्यस्कं स्वादु शीतलम् ॥१२३॥**

हैयङ्गवीन, सरज, नवनीत र मन्थज : यी नौनीका संस्कृत पर्यायवाची नामहरू हुन् । नौनी पचाउन सहज र ग्राहि हुन्छ । ताजा नौनी स्वादिलो र शीतल गर्ने गुणको हुन्छ ।

**मध्यमीषत्कषायाम्लं वृष्यं पित्तानिलापहम् ।**
**अविदाह्यग्निकृन्नेत्र्यं क्षयार्शोव्रणकासजित् ॥१२४॥**

केही दिनको बासी नौनी केही टर्रो र अमिलो हुन्छ । यो वीर्यवर्धक तथा पित्तविकार र वातविकार नाशक हुन्छ । यसले डाह गर्दैन, पाचनशक्ति बढाउँदछ, आँखालाई फाइदा गर्दछ तथा क्षयरोग, अल्काई र खोकीलाई जित्दछ ।

**नवनीतं चिरोद्धृतं गुरु मेदःकफप्रदम् ।**
**शोथघ्नं बलकृद् वृष्यं विशेषादमृतं शिशोः ॥१२५॥**

धेरै दिनको बासी नौनी पचाउन कठिन तथा बोसोविकार र कफविकार गराउने गुणको हुन्छ । यसले सुजन नाश गर्दछ, बल दिन्छ, वीर्य बढाउँदछ र विशेषतः बालकका लागि अमृत समान हुन्छ ।

**क्षीरोत्थं तदतिस्निग्धं चक्षुष्यं रक्तपित्तजित् ।**
**वृष्यं बलकरं ग्राहि मधुरं शीतलं परम् ॥१२६॥**

दूधबाट निकालिएको नौनी अती चिल्लो, आँखाको लागि लाभदायक र रक्तपित्तलाई जित्ने गुणको हुन्छ । यो वीर्यवर्धक, बलदायक, ग्राहि, गुलियो र अति नै शीतल गर्ने गुणको हुन्छ ।

## घिउ

**घृतमाज्यं हविः सर्पिराघारममृताह्वयम् ।**
**घृतं रसायनं स्वादु चक्षुष्यं गुरु दीपनम् ॥१२७॥**

घृत, आज्य, हवि, सर्पि, आघार र अमृताह्वय : यी घिउका संस्कृत पर्यायवाची नामहरू हुन् । घिउ रसायनी, स्वादिलो, आँखाका लागि हितकर, पचाउन कठिन र दीपनी हुन्छ ।

**शीतवीर्यं विषालक्ष्मीवातपित्तानिलापहम् ।**
सङ्कलन : मोहन प्रसाद सपकोटा
**अत्यभिष्यन्दि कान्त्योजस्तेजोलावण्यबुद्धिकृत् ॥१२८॥**

घिउ शीतवीर्यको हुन्छ । यसले विषविकार, दरिद्रता, वातविकार र पित्तविकार नाश गर्दछ । यो अति नै अभिष्यन्दि हुन्छ । यसले सौन्दर्य, तेज, भलाद्मिपन र बुद्धि प्रदान गर्दछ ।

**उदावर्तज्वरोन्मादशूलानाहव्रणाञ्जयेत् ।**
**स्निग्धं कफप्रदं रूक्षं क्षयवीसर्परक्तजित् ॥१२९॥**

घिउले उदावर्त, जरो, उन्माद, शूल, आनाह र घाउखटिरालाई जित्दछ । यो चिल्लो, कफविकार गराउने, रुखो तथा क्षयरोग र विसर्पलाई जित्ने गुणको हुन्छ ।

**स्वर्यं क्षतहरं प्रायः शस्यते बालवृद्धयोः ।**
**घृतं क्षीरभवं ग्राहि शीतलं नेत्ररोगजित् ॥१३०॥**

घिउ स्वरका लागि फाइदाजनक हुन्छ । यसले घाउखटिरा नाश गर्दछ । यो बालक र वृद्धका लागि विशेषरूपले हितकारी हुन्छ । दूधबाट सोझै निकालिएको घिउ ग्राहि, शीतलता प्रदायक र आँखाका रोगलाई जित्ने गुणको हुन्छ ।

**निहन्ति पित्तदाहास्रमदमूर्च्छाभ्रमानिलान् ।**

**पुराणंकटुकं पाके सांपेदोषत्रयापहम् ॥१३१॥**

घिउले पित्तविकार, डाह, रक्तविकार, नसा, बेहोसी, भ्रम र वातविकार नाश गर्दछ । पुरानो घिउ पचेपछि पिरो हुन्छ । यसले त्रिदोष नाश गर्दछ ।

**श्रोत्रनेत्रशिरःशूलकुष्ठापस्मारशोथजित् ।**
**योनिरोगज्वरश्वासकुष्ठार्शोगुल्मपीनसान् ॥१३२॥**

कानका रोग, आँखाका रोग, टाउको दुख्ने रोग, कुष्ठरोग, छारेरोग र सुजनलाई घिउले जित्दछ । यसले योनिका रोग, जरो, दम, कुष्ठ, अल्काई, गुल्म र पिनासलाई नाश गर्दछ ।

**निहन्ति दीपनं बस्तिनस्यपूर्त्तिषु शस्यते ।**
**घृतमण्डोऽपि घृतवद्गुणैस्तीक्ष्णो लघुः सरः ॥१३३॥**

यो दीपनी तथा नस हाल्न र वस्तिकर्ममा उपयोगी हुन्छ । घृतमण्ड (सफा र पग्लिएको घिउ, भैषज्य रत्नावली, श्री गोविन्द दास वीरचिता) मा पनि घिउकै जस्ता गुण हुन्छन् । यो तिक्खर, पचाउन सहज र मलमूत्रलाई तलतिर सार्ने गुणको हुन्छ ।

**दशवर्षात्परं सर्पिः कौम्भमित्यभिधीयते ।**
**रक्षोघ्नं लघु तस्मात्तु गुणैः श्रेष्ठं महाघृतम् ॥१३४॥**

दश वर्ष पुरानो घिउलाई "कौम्भ" भनिन्छ । यसले राक्षस दोष नाश गर्दछ । यो पचाउन सहज हुन्छ । यो भन्दापनि श्रेष्ठ एक सय एघार वर्ष पुरानो "महाघृत" हुन्छ । चरकले सय वर्ष पुरानो घिउलाई नासाध्य भनेका छन् र यो घिउ हेर्नाले वा सुँघ्नाले मात्र पनि सबै खालका ग्रहदोष र छारेरोग नाश हुन्छ भनेका छन् ।

**घृतस्य गुणदोषौ तु क्षीरतुल्यौ समादिशेत् ।**
**सर्वेषु गुणकृद्गव्यमाविकं निन्दितं पुनः ॥१३५॥**

घिउका गुण र दोष दूध समान हुन्छ । सबै घिउमा गाईको घिउ बढी गुनिलो हुन्छ र भेडीको घिउ सबभन्दा निन्दनीय हुन्छ ।

## तेल

**तैलमुष्णं गुरु स्थैर्यं बलवर्णकरं सरम् ।**
**वृष्यं विकाशि विशदं मधुरं रसपाकयोः ॥१३६॥**

तेल उष्णवीर्यको, पचाउन कठिन, शरीरलाई स्थिर राख्न मद्दत गर्ने, बलदायक, शरीरको वर्णमा निखार लेराउने र मलमूत्रलाई तलतिर सार्ने गुणको हुन्छ । यो वीर्यवर्धक, प्रसन्नता प्रदायक, चाँडै फैलने तथा शुरुमा र पचेपछि गुलियो हुने गुणको हुन्छ ।

**सोष्णं कषायनुरसं तिक्तं श्लेष्मानिलापहम् ।**
**विपाके मधुरं तीक्ष्णं बृंहणं रक्तपित्तजित् ॥१३७॥**

तताएको तेलको उप-स्वाद वा पछिल्लो स्वाद टर्रो र पिरो हुन्छ । यसले कफविकार र वातविकार नाश गर्दछ । यो तेल पचेपछि गुलियो हुन्छ । यो तिक्खर, पौष्टिक र रक्तपित्तलाई जित्ने गुणको हुन्छ ।

**श्लेष्मलं कटु विण्मूत्रत्वग्गर्भाशयशोधनम् ।**
**दीपनं मतिदं केश्यं व्यायामव्रणमेहनुत् ॥१३८॥**

तेलले कफविकार गर्दछ, पिरो हुन्छ तथा दिसा, पिसाब, छाला र गर्भाशयलाई प्रशोधन गर्दछ । यो दीपनी, बुद्धिप्रदायक, कपालका लागि हितकर तथा परिश्रमजन्य थकाइ, घाउखटिरा र प्रमेह नाशक हुन्छ ।

**श्रोत्रयोनिशिरःशूलनेत्ररोगविनाशनम् ।**
**मथितच्युतविच्छिन्नभग्नव्यालविषादिषु ॥**
**क्षतेऽग्निदग्धे तत्पथ्यं पानाभ्यङ्गादिभिः सदा ॥१३९॥**

तेलले कानका रोग, स्त्री जननेन्द्रियका रोग, टाउको दुख्ने रोग र आँखाका रोग नाश गर्दछ । माडेर (रगडिएर), लडेर वा खसेर, काटेर, भाँचिएर, सर्पले डसेर र आगोले पोलेर घाउ हुँदा तेल सधैं लाउन र खान पथ्य हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

**घृतमब्दात्परं पक्वं हीनवीर्यं प्रजायते ।**
**तैलं पक्वमपक्वं वा चिरस्थायि गुणाधिकम् ॥१४०॥**

तताइएको घिउ एक वर्षपछि शक्तिहीन हुन्छ । तेल भुटेको वा काँचो जे भएपनि पुरानो बढी गुनिलो हुन्छ ।

## अँडिरको तेल

**एरण्डतैलं मधुरमुष्णं दीपनशोधनम् ।**
**वृष्यं त्वच्यं वयः स्थापि मेधाकान्तिबलप्रदम् ॥**
**कषायानुरसं सूक्ष्मं योनिशुक्रविशोधनम् ॥१४१॥**
**हन्ति वातोदरानाहगुल्माष्ठीलाकटिग्रहान् ।**
**वातशोणितशूलादिव्रणशोथामविद्रधीन् ॥१४२॥**

अँडिरको तेल गुलियो र उष्णवीर्यको हुन्छ । यो दीपनी र प्रशोधक हुन्छ । यो तेल वीर्यवर्धक, छालाका लागि हितकर, उमेरमा स्थिरता लेराउने तथा दिमागको ग्रहण गर्ने क्षमता, शरीरको चमक र बल बढाउने गुणको हुन्छ । यसको उपरस वा पछिल्लो स्वाद टर्रो हुन्छ । यो सूक्ष्म हुन्छ । यसले स्त्री जननेन्द्रिय र वीर्यलाई

प्रशोधन गर्दछ । यो तेलले वातविकार, पेटका रोग, आनाह, गुल्म, अष्ठीला र कम्मरका रोग नाश गर्दछ । यसले वातरक्त, शूल, घाउखटिरा, सुजन, आमविकार र विद्रधिलाई पनि नाश गर्दछ ।

## अलैंची आदिको तेल

पृथ्वीकामूलजीमूतादन्तीकवचशिग्रुजम् ।
निम्बातसीकरञ्जार्कहस्तिकर्णेङ्गुदीभवत् ॥१४३॥
शङ्खिनीनीपकाम्पिल्लबिल्वज्योतिष्मतीकृतम् ।
कुसुम्भसर्षपोद्भूतं तैलं सौवर्चलं तथा ॥१४४॥
विपाके कटुकं तीक्ष्णमुष्णं तिक्तं सरं लघु ।
हन्तिकुष्ठामयं श्लेष्ममेहमूर्च्छा मयकृमीन् ॥१४५॥

अलैंची, पिप्लाको जरा, मोथे, अजयपाल, पित्तपापडा, रातो सजिवन, नीम, आलस, करञ्ज, पलाँस, चिउली, शङ्खपुष्पी, कदम, सिँदूरे, बेल, मालकागुनु, कुसुम, सर्सिउँ र सज्जिखार : यी सबै तेल पचेपछि पिरा, तिक्खर, उष्णवीर्यका, तीता, मलमूत्रलाई तलतिर सार्ने गुणका, पचाउन सहज तथा कुष्ठ, कफविकार, प्रमेह, बेहोसीपन र कीरा नाशक हुन्छन् ।

## निमको तेल

सङ्कलन : मोहन प्रसाद सापकोटा

निम्बतैलं जयेत्कुष्ठं व्रणश्लेष्मज्वरकृमीन् ॥१४६॥

नीमको तेलले कुष्ठ, घाउखटिरा, कफविकार, जरो र कीरा नाश गर्दछ ।

## आलसको तेल

अतसीतैलमाग्नेयं स्निग्धोष्णं कफपित्तनुत् ।
कटुपाकमचक्षुष्यं बल्यं वातहरङ्गुरु ॥१४७॥

आलसको तेलले पाचनशक्ति बढाउँदछ । यो तेल चिल्लो, उष्णवीर्यको तथा कफविकार र पित्तविकार नाशक हुन्छ । यो पचेपछि पिरो हुन्छ, आँखाको लागि लाभदायक हुँदैन, बल दिन्छ, वातविकार नाश गर्दछ र पचाउन कठिन हुन्छ ।

## सर्सिउँको तेल

सार्षपं कृमिनुत्तैलं कुष्ठकण्डूहरं लघु ।
पित्तास्रदूषणं हन्ति मेहकर्णशिरोगदान् ॥१४८॥

सासिउँको तेलले कीरा नाश गर्दछ । यसले कुष्ठ र चिलाउने रोग नाश गर्दछ । यो तेलले रक्तपित्तलाई दूषित बनाउँदछ तथा प्रमेह, कानका रोग र टाउकाका रोग नाश गर्दछ ।

## कुसुमको तेल

**कौसुम्भं कटुकं तैलमचक्षुष्यं बलप्रदम् ।
केवलानिलनुत्तीक्ष्णं विदाह्युष्णं द्विदोषकृत् ॥१४९॥**

कुसुमका गेडाको तेल पिरो, आँखाका लागि हितकर, बलदायक, एक्लै वातविकार नाश गर्ने, तिक्खर, डाह गराउने, उष्णवीर्यको र दुई दोष गराउने गुणको हुन्छ ।

## मालकागुनुको तेल

**ज्योतिष्मतीभवं तैलं पित्तलं स्मृतिबुद्धिदम् ॥१५०॥**

मालकागुनको तेलले पित्तविकार गर्दछ । यसले सम्झना शक्ति र बुद्धि बढाउँदछ ।

## नरिवलको तेल

सङ्कलन : मोहन प्रसाद सपकोटा

**अक्षोटिकाहिमुक्ताक्षनारिकेलभवं हरेत् ।
तैलं पित्तानिलं केश्यं गुरु श्लेष्मकरं हिमम् ॥१५१॥**

ओखर, गन्धनाकुली (अहिमुक्ताको अर्थ सर्पको काँचुली लगाइएको पाइन्छ तर यो अहिभुक् भनिइको हुनुपर्दछ भनेर मैले गन्धनाकुली अर्थ लगाएको हुँ), बर्रो र नरिवल : यिनको तेलले पित्तविकार र वातविकार नाश गर्दछ । यी तेल कपालका लागि हितकर, पचाउन कठिन, कफविकार गर्ने र शीतल हुन्छन् ।

## सिसौ आदिको तेल

**शिंशपागुरुगाण्डीररसालामरदारुजम् ।
तैलं कषायं कटुकं तिक्तन्दुष्टव्रणापहम् ॥
वातरक्तविषश्लेष्मकण्डूकुष्ठानिलाञ्जयेत् ॥१५२॥**

सिसौ, धूपी, सिउँडी, उखु र देवदारको तेल टर्रो, पिरो, तीतो एवं बिग्रका घाउखटिरा ठिक गर्ने गुणको हुन्छ । यी तेलले वातरक्त, विषविकार, कफविकार, चिलाउने रोग, कुष्ठ र वातविकारलाई जित्दछन् ।

## भलायोको तेल

**भल्लातकं तौवरकं वीर्योष्णं स्वादु तिक्तकम् ।**

**कुष्ठाध्वोंस्त्रिदोषास्रमेदोमेहकृमींन्हरेत् ॥१५३॥**

भलायोको तेल टर्रो र उष्णवीर्यको हुन्छ । यो स्वादिलो र तीतो हुन्छ । यसले कुष्ठ, उर्ध्ववात, त्रिदोष, रक्तविकार, बोसोविकार, प्रमेह र कीरा नाश गर्दछ । (तर ढङ्ग पुगेन भने यसको तेलले हानी गर्दछ) ।

## पलाँश आदिको तेल

**तैलं पालाशमाधूकपाटलाफलसम्भवम् ।**
**कषायं मधुरं दाहपित्तश्लेष्मगदान् हरेत् ॥१५४॥**

पलाँश, महुवा र पाडरीका फलको तेल टर्रो, गुलियो तथा डाह, पित्तविकार र कफविकार नाशक हुन्छ ।

## कुभिण्डो आदिको तेल

**कूष्माण्डत्रपुषैर्वारुतुम्बीकालिङ्गतिक्तकैः ।**
**कृतं प्रियालजीवन्तीश्लेष्मान्तकभवं तथा ॥१५५॥**
**तैलं गुरु स्वादुपाकं शीतं मूत्रप्रवर्त्तकम् ।**
**अदीपनमभिष्यन्दि कफदंवातपित्तजित् ॥१५६॥**

सङ्कलन : मोहन प्रसाद सापकोटा

कुभिण्डो, काँक्रो, खरबूजो, लौका, तरबूजो, परबर, चिरौंजी, जिरी साग र लौसीको तेल पचाउन कठिन, पचेपछि गुलियो, शीतवीर्यको र पिसाब बढाउने गुणको हुन्छ । यी तेल दीपनी हुँदैनन् । यिनमा अभिष्यन्दी गुण हुन्छ । कफविकार बढाउँदछन् तर वातविकार र पित्तविकारलाई जित्दछन् ।

## गुन्दरगानुको तेल

**एकैषिजं हिमं तैलं पित्तघ्नं श्लेष्मवातकृत् ॥१५७॥**

गुन्दरगानुको तेल शीतवीर्यको, पित्तविकारनाशक तथा कफविकार र वातविकार बढाउने गुणको हुन्छ ।

## ऐरेलुविशेषको तेल

**यवतिक्तोद्भवं तैलमीषत्तिक्तं रसायनम् ।**
**दीपनं लेखनं मेध्यं पथ्यं दोषत्रयापहम् ॥१५८॥**

ऐरेलुविशेषको तेल केही तीतो, रसायनी, दीपनी, लेखनी, बुद्धिवर्धक, पथ्य र त्रिदोष नाशक हुन्छ ।

### आँपको तेल

**आम्रतैलं मनाक्तिक्तं मधुरं नातिपित्तकृत् ।**
**कफवातहरं रूक्षं सुगन्धि विशदं परम् ॥१५९॥**

आँपको तेल केही तीतो, गुलियो र धेरै पित्तविकार नगर्ने गुणको हुन्छ । यसले कफविकार र वातविकार नाश गर्दछ । यो रुखो, बास्ना आउने र अत्यन्त सफा हुन्छ ।

### चिल्लापदार्थ

**स्थावरा वातशमनाः स्नेहाः प्रोक्तास्तु तैलवत् ।**
**गोणमेतेषु तैलत्वं बलवर्णकरं पुनः ॥१६०॥**

सबै खालका वृक्षको तेलमा पनि तेलजस्तै गुण हुन्छ । तेलको मात्रा कम हुने भएपनि यी बलदायक र वर्णमा निखार लेराउने गुणका हुन्छन् ।

### शरीरको भित्री बोसो, बाहिरी मोसो र मासीका गुण

**मेदोमज्जावसा ज्ञेया ग्राम्यानूपौदकोद्भवाः ।**
सङ्कलन : मोहन प्रसाद सपकोटा
**गुरवो मधुराश्चोष्णाः समीरणविनाशनाः ॥१६१॥**

ग्रामीण, आनूप र जलजन्तुको शरीरको भित्री बोसो, मासी र शरीरको बाहिरी बोसो पचाउन कठिन, मिठो, उष्णवीर्यको र वातविकार नाशक हुन्छ ।

**जाङ्गलैकशफादीनां क्रव्यादानां कषायकाः ।**
**लघवः शीतला ज्ञेया रक्तपित्तनिबर्हणाः ॥१६२॥**

जाङ्गल क्षेत्रमा हुने, एक खुरे र मांसाहारी जीवको शरीरको भित्री बोसो, मासी र शरीरको बाहिरी बोसो टर्रो, पचाउन सहज, शीतवीर्यको र रक्तपित्त नाशक हुन्छ ।

**प्रतुदा विष्किरादीनां ज्ञातव्याः कफकृन्तनाः ।**
**घृततैलवसामेदोमज्जानो वातनाशनाः ॥**
**यथोत्तरं परिज्ञेया विपाके स्वादवः परम् ॥१६३॥**

प्रतूद, विष्किर आदि चराको शरीरको भित्री बोसो, मासी र शरीरको बाहिरी बोसो कफविकार नाशक हुन्छ । घिउ, तेल, बाहिरी बोसो, भित्री बोसो र मासीले वातविकार नाश गर्दछ । यी क्रमशः पचेपछि बढी गुनिला र स्वादिला हुन्छन् ।

## मदीरा

### मदीराका नाम

**मद्यं हाला सुरा शुण्डा मदिरा वरुणात्मजा ।**
**सुरा गन्धोत्तमा कल्या देवस्पृष्टा च वारुणी ॥१६४॥**

मद्य, हाला, सुरा, शुण्डा, मदिरा, वरुणात्मजा, गन्धोत्तमा, कल्या, देवस्पृष्टा र वारुणी : यी मदीराका संस्कृत पर्यायवाची नामहरू हुन् ।

### मदीराका गुण

**मद्यं पित्तकरं प्रायः सरं रोचनदीपनम् ।**
**विदाहि सृष्टविण्मूत्रं तीक्ष्णं वातकफापहम् ॥१६५॥**

प्रायः सबै मदीराले पित्तविकार बढाउँदछ । यसले दिसापिसाबलाई तलतिर सार्दछ, रुची जगाउँदछ र दीपनी हुन्छ । मद्यले डाह गर्दछ, मलमूत्र बढाउँदछ, तिक्खर हुन्छ तथा वातविकार र कफविकार नाश गर्दछ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

### मदिरा सेवन विधि

**विधिनाऽन्नयुतं पीतं तस्मादमृतसन्निभम् ।**
**अन्यथा कुरुते रोगानतिपीतं विषोपमम् ॥१६६॥**

विधिपूर्वक अन्न (भोजन)सँगसँगै पिइने मदीरा अमृतसमान हुन्छ । विधिलाई लत्याएर पिइएको मदीराले रोगहरू निकाल्दछ । धेरै मदीरा पिइए त्यो विष समान हुन्छ ।

### अङ्गूरको मदिरा

**द्राक्षोत्थमविदाहित्वाद्रक्तपित्तेषु शस्यते ।**
**बलपुष्टिकरं मद्यं रक्तार्शोहारि दीपनम् ॥१६७॥**

अङ्गूरको मदिराले डाह नगर्ने हुनाले यो रक्तपित्तको रोगमा पनि पिउन हुन्छ । यो बलदायक, पुष्टिदायक, रक्तविकार र अल्काई नाशक एवं दीपनी हुन्छ ।

### महुवा र खजुरको मदिरा

**माध्वीकाऽल्पगुणा किञ्चित्खर्जूरमनिलप्रदम् ।**

**तदेव विशदं रुच्यं श्लेष्मघ्नं कषणं लघु ॥१६८॥**

महुवाको मदिरा कम गुनिलो हुन्छ । खजुरको मदिराले वातविकार गर्दछ । तर यो सफा, रुचिप्रद, कफविकार नाशक, रसलाई सोस्ने र पचाउन सहज हुने गुणको हुन्छ ।

## मार्सी, सठिया आदि चामलको सुरा

**शालिषष्टिकपिष्टादिकृतं मद्यं सुरा मतम् ।**
**सुरा गुर्वी बलस्तन्यपुष्टिमेदःकफप्रदा ॥**
**ग्राहिणी शोथगुल्मार्शोग्रहणीमूत्रकृच्छ्रनुत् ॥१६९॥**

मार्सचामल, सठिया चामल वा पिठो आदिको मदिरालाई सुरा भनिन्छ । सुरा पचाउन कठिन तथा बल, दूध, पुष्टि, भित्री बोसो र कफविकार बढाउने गुणको हुन्छ । यो ग्राहि तथा सुजन, गुल्म, अल्काई, ग्रहणी र मूत्रकृच्छ्र रोग नाशक हुन्छ ।

## वारुणी

**पुनर्नवा शालिपिष्टैर्विहिता वारुणी मता ॥१७०॥**

सङ्कलन : मोहन प्रसाद सपकोटा

सठिया चामल अथवा मार्सी चामलको पिठोबाट बनाइने मदिरालाई वारुणी भनिन्छ ।

## वारुणीका गुण, प्रसन्ना, कादम्बरी

**सुरावद्वारुणी लघ्वी पीनसाध्मानशूलनुत् ।**
**प्रसन्ना स्यात्सुरामण्डस्तस्मात्कादम्बरी घना ॥१७१॥**

वारुणीमा सुराको जस्तै गुण हुन्छ । तर यो पचाउन सहज तथा पीनास, आध्मान र शूल नाशक हुन्छ । सुराको मण्ड (माँड) लाई प्रसन्ना भनिन्छ (कसैले पहिलो पटक निकालिएको मदिरालाई प्रसन्ना भनेका छन्) । सुरामण्डको बाक्लो रूपलाई कादम्बरी भनिन्छ (अन्यत्र कदमको फूलबाट बनाइएको मदिरालाई कादम्बरी भनिन्छ भनिएको छ) ।

## जगल, मेदक आदि

**जङ्ग(ग)लस्तादधः प्रोक्तो जङ्गलान्मेदको घनः ।**
**पक्वशो जङ्गलः सारः सुराबीजं तु किण्वकम् ॥१७२॥**

तल्लोस्तरको मांदरालाइ जङ्ग(ग)ल (रक्सी) भानेन्छ । जङ्ग(ग)लको बाक्लो रूपलाइ मेदक (रक्सी बनाउँदा निस्कने पानी) भनिन्छ । जङ्ग(ग)लको साररूपलाई पक्वश भनिन्छ । सुराको बीजलाई मर्चा (किण्वक) भनिन्छ ।

## प्रसन्नाका गुण

**प्रसन्नानाऽऽहगुल्मार्शश्छर्द्यरोचकवातजित् ।**
**दीपन्याध्मानहृत्कुक्षितोदशशूलप्रणाशिनी ॥१७३॥**

प्रसन्नाले आनाह, गुल्म, अल्काई, वाकवाकी, अरुची र वातविकारलाई जित्दछ । यो दीपनी हुन्छ । यसले आध्मान, कोखको दुखाई र शूल नाश गर्दछ ।

## कादम्बरी र जगल

**कादम्बरी गुरुर्वृष्या दीपनी वातकृत्सरा ।**
**जङ्गलः कफनुद् ग्राही शोफार्शोग्रहणीहरः ॥१७४॥**

कादम्बरी पचाउन कठिन, वीर्यवर्धक, दीपनी, वातकारक र मलमूत्रलाई तलतिर सार्ने गुणको हुन्छ । जगलले कफविकार नाश गर्दछ । यो ग्राहि तथा सुजन, अल्काई र ग्रहणी नाशक हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

## मेदक र पक्वश

**मेदको मधुरो बल्यः स्तम्भनः शीतलो गुरुः ।**
**पक्वशो हृतसारत्वाद्विष्टम्भी वातवर्धनः ॥१७५॥**

मेदक गुलियो, बलदायक, वीर्यलाई रोक्ने, शीतवीर्यको र पचाउन कठिन हुने गुणको हुन्छ । पक्वश सारयुक्त हुने हुनाले विष्टम्भी र वातविकार बढाउने गुणको हुन्छ ।

## मर्चा र आक्षिकी

**किण्वकं वातशमनमहृद्यं दुर्जरं गुरु ।**
**आक्षिकी सा सुरा या स्यादक्षत्वक्शालितण्डुलैः ॥१७६॥**

किण्वकले वातविकारलाई शान्त पार्दछ । यो मुटुका लागि फाइदाजनक हुँदैन, ढिलो पच्दछ र पचाउन कठिन हुन्छ । बर्रोको बोक्राको तथा मार्सीचामलको मदिरालाई आक्षिकी भनिन्छ ।

## आंक्षकांको गुण

आक्षिकी पाण्डुशोफार्शःपित्तास्रकफकुष्ठनुत् ।
किञ्चिद्वातकरा रूक्षा दीपनी रेचनी लघुः ॥१७७॥

आक्षिकी नामक मदिराले पाण्डु, सुजन, अल्काई, रक्तपित्त, कफविकार र कुष्ठ नाश गर्दछ । यसले थोरै वातविकार गर्दछ । यो रुखो, दीपनी, रेचनी र पचाउन सहज हुन्छ ।

## जौको मदिरा (यवसुरा)

यवपिष्टकृतं मद्यं प्रोक्तं यवसुरा च सा ।
काकोलिकोहली ज्ञेया मैरेयो धान्यजासवः ॥१७८॥

जौको पिठोबाट बनाइएको मदिरालाई यवसुरा भनिन्छ । काकोलिकोहली, मैरेय र धान्यजासव यसका पर्यायवाची नामहरू हुन् ।

## मदिरा बनाउने भाँडा र मैरेय

आसवश्च सुरायाश्च द्वयोरप्येकभाजनम् ।
सङ्कलन : मोहन प्रसाद सपकोटा
साधनं तद्विजानीयान्मैरेयमुभयात्मकम् ॥१७९॥

आसव र सुरा बनाउने भाँडा र विधि एउटै हुन्छ । यी दुवैलाई पनि मैरेय भनिन्छ ।

## मैरेयको थप परिभाषा

क्वचित्तु धातकीपुष्पं गुडधान्याम्बुसाधितम् ।

कतै कतै धयैँराको फूल, सखर र अनाजको पानी हालेर बनाइएको मदिरालाई मैरेय भन्ने गरिन्छ ।

## यवसुराका गुण

गुर्वी यवसुरा रूक्षा स्याद्विष्टम्भत्रिदोषकृत् ॥१८०॥

यवसुरा पचाउन कठिन, रुखो, कब्जियत गराउने र त्रिदोषकारी हुन्छ ।

## कल्छेलहरोको मांदरा

**काकोली बृंहणी वृष्या दृष्टिमान्द्यप्रदा गुरुः ।**

कल्छेलहराको मदिरा पौष्टिक, वीर्यवर्धक,  दृष्टिक्षमता कम गराउने र पचाउन कठिन हुने गुणको हुन्छ ।

## मैरेयको गुण

**मैरेयं बृंहणं वृष्यं गुरु सन्तर्पणं सरम् ॥१८१॥**

मैरेय पौष्टिक, वीर्यवर्धक, पचाउन कठिन, तृप्तिदायक र मलमूत्रलाई तलतिर सार्ने गुणको हुन्छ ।

## मधुलक

**मद्यं सर्वरसं जातं मधूलकमुदीर्यते ।**
**मधूलकं गुरु स्वादु स्निग्धं शुक्रकफप्रदम् ॥१८२॥**

सबै रसले बनाइएका मदिरालाई वैद्यजन मधुलक भन्दछन् । यो पचाउन कठिन, स्वादिलो, चिल्लो तथा शुक्र र कफ बढाउने गुणको हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

## सखरको मदिरा

**शर्करो दीपनः स्वादुः पाचनो रोचनो लघुः ।**
**स्त्रीविलासकरो वातशोषबस्तिविकारनुत् ॥१८३॥**

सखरको मदिरा दीपनी, स्वादिलो, पाचनी, रोचनी र पचाउन सहज हुन्छ । यसले सहवास क्षमता बढाउँदछ तथा वातविकार, सुजन र तल्लो पेटका विकार नाश गर्दछ ।

## महुवाको रक्सी

**मध्वासवो लघू रूक्षः कुष्ठमेहविषापहः ।**
**गौडोऽग्निवर्धनो वर्णबलकृत्तर्पणः कटुः ॥**
**तिक्तको बृंहणः स्वादुः सृष्टविण्मूत्रमारुतः ॥१८४॥**

महुवाको मदिरा, पचाउन सहज, रुखो तथा कुष्ठ, प्रमेह र विषविकार नाशक हुन्छ । गौड मदिरा पाचनशक्ति वर्धक, वर्णमा निखार लेराउने, बलदायक, तृप्तिदायक र पिरो हुन्छ । यो तीतो, पौष्टिक, स्वादिलो तथा दिसा, पिसाब र वातविकार उत्पन्न गराउने गुणको हुन्छ ।

## पक्व, सीधु, पक्वरस र शीतरस

**इक्षोः पक्वरसः पक्वः सीधुः पक्वरसः स्मृतः ।**
**आसवः सैव विहितो बुधैः शीतरसो मतः ॥१८५॥**

उखुको पकाइएको रसलाई पक्व वा सीधु भनिन्छ । यसैलाई वैद्यहरू पक्वरस पनि भन्दछन् । यसैको आसव बनेपछिको रसलाई शीतरस भनिन्छ ।

**सीधुः पक्वरसःश्रेष्ठः स्वराग्निबलवर्णकृत् ।**
**वातपित्तकरो हृद्यःस्नेहनो रोचनो जयेत् ॥**
**विबन्धमेहशोफार्शःशोफोदरकफामयान् ॥१८६॥**

सीधु र पक्वरस उत्तम हुन्छन् । यी स्वर, पाचनशक्ति, बल र वर्णमा निखार लेराउने गुणका हुन्छन् । यिनले वातविकार र पित्तविकार गर्दछन् । यी मुटुका लागि हितकर, शरीरलाई चिल्लो बनाउने र रोचनी हुन्छन् । यिनले विबन्ध, प्रमेह, सुजन, अल्काई, पेटको सुजन र कफविकार नाश गर्दछन् ।

**तस्मादल्पगुणः शीतरसः संलेखनः स्मृतः ॥१८७॥**

सीधु र पक्वरसभन्दा कम गुनिलो हुने शीतरस लेखनी गुणको हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

## जाम्बव

**जाम्बवः क्षौद्रसम्भूतो जम्बूरसगुडोद्भवः ।**
**जाम्बवो बद्धनिष्यन्दः कषायोऽनिलकोपनः ॥१८८॥**

महबाट अथवा जामुनुको रस र सखरबाट बनाइएको मदिरालाई जाम्बव भनिन्छ । यसले रस बहने कार्यलाई रोक्दछ (कसैले आँखालाई चिम्ल्याउँदछ भनी अर्थ लगाएका छन्), टर्रो हुन्छ र वातविकार गर्दछ ।

## अरिष्ट, आसव आदि

**अरिष्टासवसीधूनां गुणान् कर्माणि चादिशेत् ।**
**बुद्ध्या यथा स्वसंस्कारमवेक्ष्य कुशलो भिषक् ॥१८९॥**

चलाख वैद्यले अरिष्ट, आसव, सीधू आदि मदिराका गुण र दोष बताउँदा कसरी त्यो बनाइएको छ त्यो ध्यान दिएर मात्र बताउने गर्नू ।

## त्याज्यमद्य

**सान्द्रं विदाहि दुर्गन्धि विरसं कृमिसङ्कुलम् ।**
**अहृद्यं तरुणं रूक्षमुष्णं दुर्भाजने स्थितम् ॥१९०॥**
**अल्पौषधं पर्युषितमत्यर्थं पिच्छिलं च यत् ।**
**कफप्रकोपि तन्मद्यं दुर्जरं च विशेषतः ॥१९१॥**

चिल्लो, डाह गर्ने, गनाउने, रसहीन, कीरा परेको, मुटुलाई फाइदा नगर्ने, ताजा, रुखो, तातो, खराब भाँडामा राखिएको, कम औषधी हालिएको वा कम ओखती लाग्ने, धेरै दिनको बासी र फिँज आएको मदिराले कफविकार गर्दछ र ढिलो पच्दछ ।

**पित्तप्रकोपि बहुलं तीक्ष्णमुष्णं विदाहि च ।**
**अहृद्यं पेशलं पूति कृमिलं विरसं गुरु ॥१९२॥**

एकदम छिटो गर्मी गर्ने, तिक्खर र विशेषतः डाहकारी मदिराले पित्तविकार बढाउँदछ । यसले मुटुलाई फाइदा गर्दैन । यो गनाउने, कीरा परेको, रसहीन र पचाउन समेत कठिन हुने गुणको हुन्छ ।

**तथा पर्युषितं वापि विद्यादनिलकोपनम् ।**
**सर्वदोषैरुपेतं तु सर्वदोषप्रकोपनम् ॥१९३॥**

सङ्कलन : मोहन प्रसाद सपकोटा

यसैगरी धेरै दिनको बासी मदिराले वातविकार गर्दछ । सबै दोषले युक्त मदिराले सबै विकार गर्दछ ।

## सेवनयोग्य मद्य

**चिरस्थितं जातरसं दीपनं कफवातजित् ।**
**रुच्यं प्रसन्नं सुरभि मेध्यं सेव्यं महाहवम् ॥१९४॥**

धेरै समय लगाएर रस निकालिएको (वा धेरै समय राखिएको) मदिरा दीपनी तथा कफविकार र वातविकारलाई जित्ने गुणको हुन्छ । यस्तो मदिरा रुचिप्रद, निर्मल, सुगन्धित र दिमागको ग्रहण गर्ने क्षमता बढाउने हुनाले सधैं पिउन योग्य हुन्छ ।

## गुण थाहा नभएको मदिरा पिउन निषेध

**तस्मान्नैकप्रकारस्य मद्यस्य रसकीर्तनात् ।**
**स सौक्ष्म्यादोष्यवातत्वाद्विकाशित्वात्त्ववह्निनुत् ॥१९५॥**

यसैले यस्ता मदिराको रस र वीर्य (भित्री तागत) नजानीकन पिउन हुँदैन । यस्ता मदिरामा हुने सूक्ष्मपनले गर्मी गर्दछ । वायु र अविकाशि हुनाले पाचनशक्तिलाई कमजोर पार्दैन ।

**समेत्य हृदयं प्राप्त धमनीरूध्वर्पमार्गतः ।**
**विक्षुभ्येन्द्रियचेतांसि मदयत्याशु वीर्यतः ॥१९६॥**

धमनीहुँदै मुटु माथि पुगी यसले राम्ररी इन्द्रिय र मनलाई गतिशील बनाउँदछ । यसले वीर्यलाई पनि तुरुन्त नसालु बनाइ दिन्छ ।

## मानिसको प्रकृति अनुसारका मानिसमा मदले देखाउने लक्षण

**चिरेण श्लेष्मके पुंसि पातनो जायते मदः ।**
**अचिराद्वातिके दृष्टः पैत्तिके शीघ्रमेव च ॥१९७॥**

कफप्रकृतिका मानिसलाई मदिराले धेरै ढिलो ढाल्दछ । वातप्रकृतिका मानिसलाई मदिरा केहीबेरमा लाग्दछ । पित्तप्रकृतिका मानिसलाई मदिरा तुरुन्त लाग्दछ ।

## नयाँ मदिरा

**नवं मद्यमभिष्यन्दि त्रिदोषजनकं सरम् ।**
**अरिष्टं बृंहणं दाहि दुर्गन्धि विशदं गुरु ॥१९८॥**

सङ्कलन : मोहन प्रसाद सपकोटा

ताजा मदिरा अभिष्यन्दी, त्रिदोषकारक र मलमूत्रलाई तलतिर सार्ने गुणको हुन्छ । अरिष्ट नामक मदिरा पौष्टिक, डाह गराउने, गनाउने, मनमोहक र पचाउन कठिन हुने गुणको हुन्छ ।

## पुरानो मदिरा

**जीर्णं तदेव रोचिष्णु कृमिश्लेष्मानिलापहम् ।**
**हृद्यं सुगन्धि सुगुणं लघु स्रोतोविशोधनम् ॥१९९॥**

पुरानो मदिरा रुचिप्रद तथा कीरा, कफविकार र वातविकार नाशक हुन्छ । यो मुटुका लागि हितकर, बास्नादार, गुनिलो, पचाउन सहज र स्रोतलाई प्रशोधन गर्ने गुणको हुन्छ ।

## त्रिगुण अनुसारका मानिसमा मदिराले देखाउने लक्षण

**सात्विके गीतहास्यादि राजसे साहसादिकम् ।**
**तामसे निन्द्यकर्माणि निद्रादि कुरुते तदा ॥२००॥**

सत्वगुणी मानि मदिरा पिएपछि गाउने र हाँस्ने गर्दछ । राजसी गुणको मानिस मदिरा पिएपछि साहसिलो र हठी हुन्छ । तमोगुणी मानिस मदिरा पिएपछि निन्दनीयक कर्म रुचाउने र सुत्ने गर्दछ ।

## चुक्र

**चुक्रं कफघ्नं तीक्ष्णोष्णं लघु रोचनपाचनम् ।**
**पाण्डुक्रिमिहरं रूक्षं भेदनं रक्तपित्तकृत् ॥२०१॥**

चुक्र कफविकार नाशक, तिक्खर, उष्णवीर्यको, पचाउन सहज, रोचनी, पाचनी, पाण्डु नाशक, कीरा नाशक, रुखो, भेदनी र रक्तपित्त गराउने गुणको हुन्छ ।

## गुडादिजनितमद्य

**गौडादिरसयुक्तानि मद्यान्युक्तानि यानि च ।**
**यथापूर्वं गुरुतराण्यभिष्यन्दकराणि च ॥२०२॥**

गौड आदि माथि बताइएका मदिरा क्रमशः कम पचाउन कठिन र कम अभिष्यन्दी हुन्छन् ।

## काञ्जिक

**स्यात्काञ्जिकं तु सौवीरमारनालं तु दोषकृत् ।**
सङ्कलन : मोहन प्रसाद सपकोटा
**काञ्जिकं शिशिरस्पर्शं पाचनं रोचनं लघु ॥२०३॥**

काञ्जिक, सौवीर र आरनाल : यी काँजीका नामहरू हुन् । यिनले त्रिदोष गर्दछन् । छुँदा चिसा हुन्छन् । यी पाचनी, रोचनी र पचाउन सहज हुन्छन् ।

## तुषोदक र सौवीरक

**तुषोदकंयवैरामैः सतुषै सकलैः कृतम् ।**
**सौवीरकं कृतं त्वामैः पक्वैर्वा निस्तुषैर्यवैः ॥२०४॥**

काँचो जौको पेयलाई तुषोदक भनिन्छ । बोक्रै सहित वा बोक्रा निकाली पकाइएको जौबाट बनाइने पेयलाई सौवीरक भनिन्छ ।

## रसाम्ल

**सर्वै रसै रसाम्लं स्यात्सौवीरकमिति क्वचित् ।**
**तुषाम्बु दीपनं हृद्यं पाण्डुक्रिमिगदापहम् ॥२०५॥**

सबै खालका रस मिसाएर बनाइने पेयलाइ रसाम्ल भनिन्छ । कसैले यसलाइ सौवीरक भनेका छन् । तुषोदक दीपनी, मुटुका लागि हितकर तथा पाण्डु र कीरा नाशक हुन्छ ।

## सौविरक, धान्याम्ल

**सौवीरकं ग्रहण्यर्शोनाशनं भेदि दीपनम् ।**
**धान्याम्लं धान्ययोनित्वात्प्रीणनं लघु दीपनम् ॥२०६॥**

सौवीरकले ग्रहणी र अल्काई नाश गर्दछ । यो भेदनी र दीपनी हुन्छ । अनाजबाट बनाइने हुनाले धान्याम्ल तृप्तिदायक, पचाउन सहज र दीपनी हुन्छ ।

**स्पर्शाद्दाहकरं पानात्पाचनं श्लेष्मनाशनम् ।**
**गण्डूपान्मुखवैरस्यदौर्गन्ध्यकफकृन्तनम् ॥२०७॥**

यो छुँदा डाह हुन्छ, पिउँदा पाचनी हुन्छ, कफविकार नाश गर्दछ, कुला गर्नाले मुखको रसहीनता, दुर्गन्ध र कफविकार नाश गर्दछ ।

## काञ्जिक

**(दाहज्वरापहं स्पर्शात्पनाद्वातक्षयापहम् ।**
**विबन्धघ्नमविग्राहि दीपनं चापि काञ्जिकम्) ॥**

काञ्जिकले छुँदा डाह र ज्वर नाश गर्दछ, पिउँदा क्षयरोग नाश गर्दछ । यसले विबन्ध नाश गर्दछ । कब्जियत गर्दैन । यो दीपनी पनि हुन्छ ।

## मूत्रवर्ग

**मूत्रं गोनागमहिषीहयाजाविखरोष्ट्रजम् ।**
**नराणां च भवेत्सर्वं पाचनं दीपनं लघु ॥२०८॥**

गाई, ढोई, भैंसी, घोडी, बाख्री, गधा, उँट र मानिस : यी सबैको मूत्र पाचनी, दीपनी र पचाउन सहज हुने गुणको हुन्छ ।

**लवणानुरसं तिक्तं रूक्षं स्रोतोविशोधनम् ।**
**पित्तलं कटुकं हृद्यं भेदि वातानुलोमनम् ॥२०९॥**

यी मूत्र अन्तिममा नुनिला हुन्छन् । यी तीता, रुखा, स्रोतग्रन्थी प्रशोधक, पित्तविकार गराउने,, पिरा, मुटुका लागि हितकर, भेदनी र वातविकारलाई पकाएर बाहिर निकाल्ने गुणका हुन्छन् ।

**निहन्ति वातगुल्मार्श शोफोदरकफक्रिमीन् ।**
**कुष्ठपाण्डुगदानाहविषशूलारुचीस्तथा ॥२१०॥**

यी मूत्रले वातविकार, गुल्क, अल्काई, सुजन, पेटका रोग, कफविकार र कीरा नाश गर्दछन् । यसैगरी कुष्ठ, पाण्डु, आनाह, विषविकार, शूल र अरुची पनि नाश गर्दछन् ।

### गाई, हात्ती र भैंसीको मूत्र

**गोमूत्रं तेषु सर्वेषु मूत्रयोगे प्रशस्यते ।**
**हस्तिमूत्रं विषार्शोघ्नं कुष्ठगुल्मक्रिमीञ्जयेत् ॥**
**माहिषं शोफगुल्मार्शःपाण्डुमेहेषु योजयेत् ॥२११॥**

मूत्रको प्रयोग गर्नुपर्दा सबैभन्दा श्रेष्ठ गहुँत हुन्छ । हात्तीको मूत्रले विषविकार, अल्काई, कुष्ठ, गुल्म र कीरालाई जित्दछ । भैंसीको मूत्र सुजन, गुल्म, अल्काई, पाण्डु र प्रमेहमा प्रयोग गर्नू ।

### घोडाको मूत्र

**आश्वं भेदि विशेषेण कफदद्रुकृमीन्हरेत् ॥२१२॥**

सङ्कलन : मोहन प्रसाद सपकोटा

घोडाको मूत्र विशषतः भेदनी हुन्छ । यसले कफविकार, दाद र कीरा नाश गर्दछ ।

### बाख्राको मूत्र

**आजं गुल्मविषश्वासकामलापाण्डुदोषजित् ॥२१३॥**

बाख्राको मूत्रले गुल्म, विषविकार, दम, कमलपित्त र पाण्डुजन्य विकारलाई नाश गर्दछ ।

### भेडाको मूत्र

**आविकं शोफकुष्ठार्शोमेहवर्चोग्रहापहम् ॥२१४॥**

भेडाको मूत्रले सुजन, कुष्ठ, अल्काई, प्रमेह र कब्जियत नाश गर्दछ ।

### गधाको मूत्र

**गार्दभं ग्रहणीमेहकुष्ठोन्मादकृमीञ्जयेत् ॥२१५॥**

गधाको मूत्रले ग्रहणी, प्रमेह, कुष्ठ, पागलपन र कांरालाइ जित्दछ ।

## उँटको मूत्र

**औष्ट्रमुन्मादशोफार्शःकृमिशूलोदरापहम् ॥२१६॥**

उँटको मूत्रले पागलपन, सुजन, अल्काई, कीरा, शूल र पेटका रोग नाश गर्दछ ।

## नरमूत्र

**नरमूत्रं गरं हन्ति सेवितं सुरसायनम् ॥२१७॥**

मानिसको मूत्रले रोग नाश गर्दछ र अति नै रसायनी हुन्छ ।

## भालेपोथीको मूत्र

**गोऽजाविमहिषीणां च स्त्रीणां मूत्रं प्रशस्यते ।**
**खरोष्ट्रेभनराश्वानां पुंसां मूत्रं हितं मतम् ॥२१८॥**

सङ्कलन : मोहन प्रसाद सापकोटा

गाई, बाख्री र भैंसी : यी स्त्रीजातिको मूत्र श्रेष्ठ हुन्छ । गधा, उँट, हात्ती, मानिस र घोडा : यी पुरुषजातिको मूत्र श्रेष्ठ हुन्छ ।

## पुष्पिका

**इति श्रीमदनपालविरचिते मदनविनोदे (मदनपालनिघण्टौ) पानीयादिगुणवर्गोऽष्टमः ॥८॥**

मदनपाल निघण्टुमा आठौं पानियादिगुणवर्गको नेपाली भावानुवाद पूर्ण भयो ।

## इक्षुकाांदवर्ग

### प्रार्थना

**मृद्भक्षिताऽनेन रुषेति वक्त्रे प्रसारिते वीक्ष्य ततो जगन्ति ।**
**सविस्मयं सादरमीक्ष्यमाणं यशोदया नन्दसुतं नमामि ॥१॥**

माटो खाई रिसाएर आँ गरी बाइएको मुखमा सारा चराचर जगतलाई देखेर आश्चर्य र आदर सहित यशोदाबाट हेरिरहिएका नन्दसुत (श्रीकृष्ण) लाई (म) नमस्कार गर्दछु ।

### उखुका पर्याय र जात

**इक्षुर्महारसो वेणुर्निःसृतो गुडपत्रकः ।**
**तृणराजो मधुतृणो गण्डीरोऽमृतपुष्पकः ॥२॥**
**ह्रस्वमूलो लोहितेक्षुः पौण्ड्रिकः पौण्ड्रकोऽपरः ।**
**रसालः सुकुमारोऽपि कृष्णेक्षुर्भीरुको मतः ॥३॥**

इक्षु, महारस, वेणु, निसृत, गुडपत्रक, तृणराज, मधुतृण, गण्डीर, अमृतपुष्पक, ह्रस्वमूल, लोहितेक्षु र पौण्ड्रिक : यी उखुका संस्कृत पर्यायवाची नामहरू हुन् । पौण्ड्रक, रसाल, सुकुमार, कृष्णेक्षु र भीरुक : यी उखुका जातहरू हुन् ।

### उखुका गुण

**इक्षुः स्वादुर्गुरुः शीतो वृष्यः स्निग्धो बलप्रदः ।**
**जीवनो वातपित्तघ्नः कुर्यान्मूत्रकफक्रिमीन् ॥४॥**

उखु गुलियो, पचाउन कठिन, शीतवीर्यको, वीर्यवर्धक, चिल्लो, बलप्रदायक, जीवनी, वातविकार नाशक, पित्तविकार नाशक, मूत्रवर्धक, कफवर्धक र कीरावर्धक हुन्छ ।

### उखुको स्वाद

**स मूले मधुरोऽत्यर्थं मध्ये मधुर एव च ।**
**अग्रग्रन्थिषु विज्ञेयो लवणो मूत्रलस्तथा ॥५॥**

उखु फेदतिर अति गुलियो, बीचमा गुलियो, आँख्ला र टुप्पातिर नुनिलो र पिसाब वर्धक हुन्छ ।

## रातो उखु

**लोहितेक्षुर्गुरुः शीतो दाहपित्तास्रकृच्छ्रनुत् ।**
**पौण्ड्रकः शीतलः स्निग्धो बृंहणः कफकृत्सरः ॥६॥**

रातो उखु पचाउन कठिन, शीतवीर्यको तथा डाह, रक्तपित्त र कृच्छ्र नाशक हुन्छ । पौण्ड्रक उखु शीतवीर्यको, चिल्लो, पौष्टिक, कफविकार गर्ने र मलमूत्रलाई तलतिर सार्ने गुणको हुन्छ ।

## कालो, वंश र शतपोर उखु

**कृष्णेक्षुस्तद्गुणो वंशः क्षारः किञ्चित्तु तत्समः ।**
**वंशवच्छतपोरोऽपि किञ्चिदुष्णः समीरजित् ॥७॥**

कालो उखुमा पनि रातो उखुकै गुण हुन्छ । वंश जातको उखु केही नुनिलो भएपनि उस्तै गुणको हुन्छ । शतपोर उखुमा पनि वंश उखुकै जस्ता गुण हुन्छन् । यो थोरै उष्णवीर्यको र वातविकारलाई जित्ने गुणको हुन्छ ।

## कान्तार, तापस, काष्ठेक्षु र कासकार उखु

सङ्कलन : मोहन प्रसाद सापकोटा

**कान्तारतापसौ तद्वत्काष्ठेक्षुर्वातलो हिमः ।**
**कासकारो गुरुः शीतो रक्तपित्तक्षयापहः ॥८॥**

कान्तार र तापस उखुमा पनि यिनै (शतपोरका जस्तै) गुण हुन्छन् । काष्ठेक्षुले वातविकार गर्दछ र शीतवीर्यको हुन्छ । कासकार उखु पचाउन कठिन, शीतवीर्यको तथा रक्तपित्त र क्षयरोग नाशक हुन्छ ।

## सूचीपत्र, नीलपर, नैपाल आदि उखु

**सूचीपत्रो नीलपरो नैपालो दीर्घपत्रकः ।**
**बातलः कफपित्तघ्नः सकषायोऽतिदाहकृत् ॥९॥**

सूचीपत्र, नीलपर, नैपाल र दीर्घपत्रक : यी नेपाली उखुका जात हुन् । यी वातविकार गर्ने, कफविकार र पित्तविकार नाशक, टर्रा र धेरै डाह गराउने गुणका हुन्छन् ।

## उखुको रस

**दन्तनिष्पीडितस्तेषां रसः पित्तास्रनाशनः ।**
**शर्करासमवीर्यः स्यादविदाही कफप्रद ॥**
**गुरुर्विदाही विष्टम्भी यान्त्रिकस्तु प्रकीर्तितः ॥१०॥**

दाँतले टोकेर चुसिएको उखुको रसले रक्तपित्तलाई नाश गर्दछ । यो सखरसमान वीर्यशाली, डाह नगर्ने, कफविकार बढाउने गुणको हुन्छ । कोलमा पेलिएको उखुको रस पचाउन कठिन, डाह गराउने र कब्जियत गराउने गुणको हुन्छ ।

## चिनी, खुँदो आदि

**सिता मत्स्यण्डिका पल्ली ममाण्डी वलकस्तथा ।**
**अन्या विषपलद्वन्धा शिग्रुका कृत्तिकाऽमला ॥११॥**
**खण्डमन्यत्खण्डसिता माधवी मधुशर्करा ।**
**यवासशर्कराऽन्या सा यवासक्वाथसम्भवा ॥१२॥**

सिता, मत्स्यण्डिका, पल्ली, ममाण्डी र वलक : यी चिनी (वा खुँदो) का संस्कृत पर्यायवाची नामहरू हुन् । विषपलद्वन्धा, शिग्रुका, कृत्तिका, अमला, खण्ड र खण्डसिता : यी मिश्री (वा लेदो खुँदो) का संस्कृत पर्यायवाची नामहरू हुन् । माधवी र मधुशर्करा : यी महबाट बनाइएको चिनीका नामहरू हुन् । यवासशर्करा र यवाक्वाथ : यी दुरालभाबाट बनाइएको चिनीका नामहरू हुन् ।

## फूलको रसको चिनी

सङ्कलन : मोहन प्रसाद सापकोटा

**अन्या पुष्पसिता प्रोक्ता पुष्पसंस्कृतशर्करा ।**

फूलको रसबाट बनाइने चिनीलाई पुष्पसिता भनिन्छ ।

## खुँदो

**फाणितं क्षुद्रगुडको गुडस्त्विक्षुरसोद्भवः ॥**
**मत्स्यण्डी ग्राहिणी बल्या गुरुः पित्तानिलापहा ॥१३॥**

फाणित (खुँदो), क्षुद्रगुडक (जमेको खुँदो) र गुड (सखर) : यी उखुको रसबाट बन्दछन् । खुँदो ग्राहि, बलदायक, पचाउन कठिन तथा पित्तविकार र वातविकार नाशक हुन्छ ।

## मिश्री

**सितोपला सहागुर्वी वातपित्तहरा हिमा ॥१४॥**

सितोपला (मिश्री) र सहा (?) पचाउन कठिन, वातविकारनाशक, पित्तविकार नाशक र शीतवीर्यको हुन्छ ।

## लेदो खुँदो (खण्ड)

**खण्डमप्येवमुद्दिष्टं रुच्यं पुष्टिबलप्रदम् ॥१५॥**

लेदो खुँदामा पनि मिश्रीकै गुण हुन्छन् । यो रुचिप्रद, पुष्टिदायक र बलदायक हुन्छ ।

## महको चिनी

**माधवी शर्करा रूक्षा कफपित्तहरा गुरुः ॥१६॥**

महको चिनी रुखो, कफविकार नाशक, पित्तविकार नाशक र पचाउन कठिन हुन्छ ।

## दुरालभाको चिनी

**यवासशर्करा शीता वातला कफपित्तजित् ॥१७॥**

दुरालभाको चिनी शीतवीर्यको, वातविकार गर्ने तथा कफविकार र पित्तविकारलाई जित्ने गुणको हुन्छ ।

## फूलको रसको चिनी

सङ्कलन : मोहन प्रसाद सापकोटा

**सिता पुष्पसिता हृद्या रक्तपित्तहरा गुरुः ॥१८॥**

फूलको रसबाट बनाइएको चिनी मुटुका लागि हितकर, रक्तपित्त नाशक र पचाउन कठिन हुन्छ ।

## खुँदो (फाणित)

**फाणितं गुर्वभिष्यन्दि दोषलं मूत्रशोधनम् ॥१९॥**

खुँदो पचाउन कठिन, अभिष्यन्दि, त्रिदोषकारक र मूत्र प्रशोधक हुन्छ ।

## महुवाको चिनी

**मधूकं फाणितं बस्तिदूषणं वातपित्तलम् ॥२०॥**

महुवाको चिनीले तल्लो पेटमा खराबी गर्दछ । यसले वातविकार र पित्तविकार बढाउँदछ ।

## सखर (गुड)

**गुडः क्षारो गुरुः स्वादुर्वातपित्ताग्निकृत्सरः ।**
**बल्यः कृमिश्लेष्मकरो मूत्ररक्तविशोधनः ॥**
**जीर्णोहृद्यो लघुः पथ्यो नाभिष्यन्द्यग्निपुष्टिकृत् ॥२१॥**

सखर क्षारयुक्त, पचाउन कठिन, गुलियो, वातविकार गर्ने, पित्तविकार गर्ने, पाचनशक्ति बढाउने, मलमूत्रलाई तलतिर सार्ने, बलदायक, पेटमा कीरा पार्ने, कफविकार गर्ने, पिसाब प्रशोधन गर्ने र रगत प्रशोधन गर्ने गुणको हुन्छ । पुरानो सखर मुटुका लागि लाभदायक, पचाउन सहज, पथ्य, अभिष्यन्दि नहुने तथा पाचनशक्ति र पुष्टि बढाउने गुणको हुन्छ ।

## उखुजन्य पदार्थ

**इक्षोविकारान्विमलान् यथा कुर्युर्गुणांश्च ते ।**
**तृड्दाहमूर्च्छापित्तासृग्विषमेहहरा हिमाः ॥**
**गुरवो मधुरा बल्याः स्निग्धा वातहराः सराः ॥२२॥**

उखुजन्य उत्पादन जति निर्मल बनाइन्छन् त्यति नै गुनिला हुन्छन् । यिनले तिर्खा, डाह, बेहोसीपन, रक्तपित्त, विषविकार र प्रमेह नाश गर्दछन् तथा शीतवीर्यका हुन्छन् । यी पचाउन कठिन, गुलिया, बलदायक, चिल्ला, वातविकार नाशक र मलमूत्रलाई तलसितर सार्ने गुणका हुन्छन् ।

सङ्कलन : मोहन प्रसाद सपकोटा

**॥ इति इक्षुवर्गः ॥**

**॥ अथ मधुवर्गः ॥**

## महका पर्याय र जात

**मधु पुष्पासवः पुष्परसो माक्षिकमीरितम् ।**
**माक्षिकं पौत्तिकं क्षौद्रं भ्रामरं मधु विस्तरात् ॥२३॥**

मधु, पुष्पासव, पुष्परस र माक्षिक : यी महका संस्कृत पर्यायवाची नामहरू हुन् । माक्षिक, पौत्तिक, क्षौद्र र भ्रामर : यी महका प्रकारहरू हुन् । अब विस्तारमा बताइन्छ ।

## माक्षि, क्षौद्र र भ्रामर मह

**माक्षिकं तैलसङ्काशं पौत्तिकं घृतसन्निभम् ।**
**क्षौद्रं कपिलवर्णं स्यादभ्रामरं स्फटिकोपमम् ॥२४॥**

माक्षिक मह तेल जस्तै र पौत्तिक मह घिउजस्तै चाम्केलो हुन्छ । क्षौद्र मह केलो हुन्छ । भ्रामर मह स्फटिक जस्तै सेतो हुन्छ ।

## महका गुण

**मधु शीतं लघु स्वादु रूक्षं ग्राहि विलेखनम् ।**
**चक्षुष्यं दीपनं स्वर्यं व्रणशोधनरोपणम् ।।२५।।**

मह शीतल गर्ने, पचाउन सहज, स्वादिलो, रुखो, ग्राहि, लेखनि, आँखाका लागि हितकर, दीपनी, स्वरका लागि फाइदाजनक र घाउखटिरा प्रशोधन गर्ने एवं भर्ने गुणको हुन्छ ।

**वर्ण्यं मेधाकरं वृष्यं विशदं रोचनं जयेत् ।**
**कुष्ठार्शःकासपित्तासृक्कफमेहक्लमक्रिमीन् ।।२६।।**
**मदतृष्णावमिश्वासहिक्कातीसारहृद्ग्रहान् ।**
**दाहक्षतक्षयास्रं तु योगवाह्यल्पवातलम् ।।२७।।**

महले वर्णमा निखार लेराउँदछ र दिमागको ग्रहण गर्ने क्षमता बढाउँदछ । यो वीर्यवर्धक, रुचिवर्धक, तथा कुष्ठ, अल्काई, खोकी, रक्तपित्त, कफविकार, प्रमेह, बिना परिश्रमको थकाई, कीरा, नसा, तिर्खा, वाकवाकी, दम, बाडुली, अतिसार, मुटुका रोग, डाह, चोटपटक, क्षयरोग र रक्तविकारलाई जित्ने गुणको हुन्छ । मह योगवाही र थोरै वातविकार बढाउने गुणको हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

## माक्षिक र पौत्तिक महका गुण

**माक्षिकं मधुषु श्रेष्ठं नेत्रामयहरं लघु ।**
**पौत्तिकं मधु रूक्षोष्णं पित्तदाहास्रवातकृत् ।।२८।।**

महमध्येमा माक्षिक मह श्रेष्ठ हुन्छ । यसले आँखाका रोग नाश गर्दछ । यो पचाउन हलुका हुन्छ । पौत्तिक मह रुखो, उष्णवीर्यको तथा पित्तविकार, डाह, रक्तविकार र वातविकार गराउने गुणको हुन्छ ।

## क्षौद्र र भ्रामर मह

**क्षौद्रं माक्षिकमप्येवं विशेषान्मेहनाशनम् ।**
**भ्रामरं रक्तपित्तघ्नं मूत्रजाड्यकरं गुरु ।।२९।।**

क्षौद्र मह पनि माक्षिक मह जस्तै हुन्छ । यसले विशेषतः प्रमेह नाश गर्दछ । भ्रामर महले रक्तपित्त नाश गर्दछ र पिसाब रोक्दछ । यो मह पचाउन कठिन हुन्छ ।

## नयाँ र पुरानो मह

**नवीनं मध्वभिष्यन्दि स्निग्धं श्लेष्महरं सरम् ।**
**पुराणं ग्राहि तद्रूक्षं मेदोघ्नमतिलेखनम् ॥३०॥**

नयाँ वा ताजा मह अभिष्यन्दि, चिल्लो, कफविकार नाशक र मलमूत्रलाई तलतिर सार्ने गुणको हुन्छ । पुरानो मह ग्राहि, रुखो, भित्री बोसोविकार नाशक र अति नै लेखनी हुन्छ ।

## विषाक्त मह

**विषादिपुष्टपुष्पेभ्यः सविषा माक्षिकादयः ।**
**मधु चिन्वन्ति तस्मात्तत्स्वभावात्सविषं स्मृतम् ॥३१॥**

विषालु फूलबाट मौरीले विषालु रस बटुली बनाएको मह विषालु हुन्छ । यसैले यस्तो महलाई स्वभावतः विषाक्त मह भन्ने गरिन्छ ।

## मह तताएर खान हुँदैन

**तस्मादग्न्यातपात्तप्तं तद्धुक्तं हन्ति मानवम् ।**
सङ्कलन : मोहन प्रसाद सपकोटा
**उष्णे काले च देशे च द्रव्यैरुष्णैश्च योजितम् ॥३२॥**

विषाक्त समेत हुने हुनाले महलाई तताएर नखानु यसले मानिसलाई मार्न सक्दछ भनिएको हो । (किन कि तताएको महमा विष पूरै फैलने गर्दछ । नतताउँदा विषको असर मैन र चाकामा गएर बसेको हुन्छ) । गर्मी मौसममा, गर्मी देशमा, गर्मी गर्ने कुरासँग मिसाई गर्मी शरीर हुने व्यक्तिले मह खाए त्यो मह विषसमान हुने गर्दछ ।

## तताएको महको प्रयोग

**निरूहे छर्दने तज्ज्ञैस्तदुक्तं न निवार्यते ।**
**तस्मात्पाकमलब्ध्वैव तयोस्तद्विनिवर्तते ॥**
**आमामये जलेनापि तदद्रवे न निरुध्यते ॥३३॥**

निरूह वस्ति र वाकवाकी हुँदा यस्तो मह खुवाउन सकिन्छ । यस्तो विकारयुक्त महले नपची बान्ता र निरूह वस्तिमा बाहिर निस्कने गर्दछ । यसैले यी दुई अवस्थामा यस्तो महलाई वैद्यजन बार्दैनन् । यसैगरी आमजन्य विकारमा पनि यसको प्रयोग गर्न सकिन्छ ।

## मैन

**मदनं मधुजं सिक्थं मधूच्छिष्टं मधूलितम् ।**
**मदनं मृदुसुस्निग्धं भूतघ्नं व्रणरोपणम् ॥**
**भग्नसन्धानकृद्वातकुष्ठवीसर्परक्तजित् ॥३४॥**

मदन, मधुज, सिक्थ, मधूच्छिष्ट र मधूलित : यी मैनका संस्कृत पर्यायवाची नामहरू हुन् । मैन नरम, सुन्दर र चिल्लो हुन्छ । यसले भूतविकार नाश गर्दछ र घाउ भर्दछ । यसले भाँचिएका अङ्ग जोड्दछ तथा वातविकार, कुष्ठ, वीसर्प र रक्तविकारलाई जित्दछ ।

## उपसंहार

**यो राज्ञां मुखतिलकः कटारमल्लस्तेन श्रीमदन्नृपेण निर्मितेऽत्र ।**
**ग्रन्थेऽभून्मदनविनोदनाम्नि पूर्णो वर्गोऽयं मधुररसादिरिक्षुकादिः ॥३५॥**

राजाहरूमा प्रधान राजा कटारमल्ल श्री मदनले रचना गरेको मदनविनोद नामक यस ग्रन्थमा मधुररसका उखु आदिका बारेमा बताइएको इक्षुकादि वर्गको नेपाली भावानुवाद पूर्ण भयो ।

**इति श्रीमदनपालविरचिते मदनविनोदे (मदनपालनिघण्टौ) इक्षुकादि नवमो वर्गः ॥**

सङ्कलन : मोहन प्रसाद सपकोटा

॥ मदनपाललले रचना गरेको मदनविनोद नामक ग्रन्थमा इक्षुकादि वर्ग नामक
नवौं वर्गको नेपाली भावानुवाद पूर्ण भयो ॥

## ॥ अथ धान्यवर्गः ॥
## (धान्यवर्ग)

### प्रार्थना

**अजन्ममृत्युं बहुजन्ममृत्युं तमालभासं विशदप्रकाशम् ।**
**मुक्तिप्रदं बद्धमुलूखलेन त्रैलोक्यतातं शिशुमाश्रयामि ॥१॥**

म (मदन) जन्ममरण रहित, अनेक जन्म र मरण भएका, सतिसाल जस्ता तेजिला, सुन्दर प्रकाश भएका, मुक्तिदाता, ओखलमा बाँधिएका, त्रिलोकवासीलाई रक्षा गर्ने बालक (श्रीकृष्ण) का आश्रयमा पर्दछु ।

### मार्सी आदि धान

**शालयो रक्तशाल्याद्या व्रीहयः षष्टिकादयः ।**
**मुद्गादि वैदलं शैलं कङ्ग्वादि तृणधान्यकम् ॥२॥**
**क्षुद्रधान्यं कुधान्यं तु शूकधान्यं यवादिकम् ।**
**रक्तशालिर्लोहितः स्याद्गरुडः शकुनीहृतः ॥३॥**
**सुगन्धिको महाशालिः कलमस्तु कलामकः ।**
**रक्तशालिर्दीर्घशूकः पुण्ड्रो महिषमस्तकः ॥४॥**
**पूर्णचन्द्रो महाशालिः पुण्डरीकः प्रमादकः ।**
**पुष्पाण्डकः शीतभीरुः काञ्चनः शकुनीहृतः ॥५॥**
**पाण्डुगौरः शारिवाख्यो रोध्रपुष्पः सुगन्धकः ।**
**हायनो दीर्घलातश्च महादूषकदूषकौ ॥६॥**

मार्सी, रातो मार्सी आदिलाई शालि तथा सठिया आदिलाई व्रीहि भनिन्छ । मुगी आदिलाई दलहन वा शैल तथा कागुनु आदिलाई तृणधान्य भनिन्छ । तल्लो जातका अन्नलाई क्षुद्रधान्य वा कुधान्य तथा जौ आदिलाई शूकधान्य भनिन्छ । रातो रङको मार्सीलाई रक्तशालि भनिन्छ । गरुड, शकुनिहृत, सुगन्धिक, महाशालि, कलम, कलामक, रक्तशालि, दीर्घशूक, पुण्ड्र, महिषमस्तक, पूर्णचन्द्र, (महाशालि), पुण्डरीक, प्रमादक, पुष्माण्डक, शीतभीरु, काञ्चन, (शकुनीहृत), पाण्डुगौर, शारिवा, रोध्रपुष्प, सुगन्धक, हायन, दीर्घलात, महादूषक र दूषक : यी धानका प्रकारहरू हुन् ।

### मार्सी चामलका गुण

**शालयो मधुरोः स्निग्धा बल्याश्च बद्धवर्चसः ।**
**पित्तघ्नाऽल्पानिलकफा मूत्रला लघवो हिमाः ॥७॥**

सबै मार्सीधानका चामल गुलिया, चिल्ला, बलदायक, दिसालाई कस्ने, पित्तविकार नाशक, थोरै कफविकार गर्ने, थोरै कफविकार गर्ने, पिसाब बढाउने, पचाउन सहज र शीतल गर्ने गुणका हुन्छन् ।

## रातो मार्सी, महामार्सी आदि

**रक्तशालिर्वरस्तेषां बल्यो वर्ण्यस्त्रिदोषजित् ।**
**चक्षुष्यो मूत्रलः स्वर्यः शुक्रलस्तृड्ज्वरापहः ॥८॥**

मार्सीमध्ये रातो मार्सी उत्तम हुन्छ ।  यो बलदायक, वर्णमा निखार लेराउने त्रिदोषलाई जित्ने गुणको हुन्छ । यो आँखाका लागि हितकर, पिसाब बढाउने, स्वर खुलाउने, वीर्यवर्धक, तिर्खानाशक र जरोनाशक समेत हुन्छ ।

**विषव्रणहरः किञ्चित्तस्मादल्पगुणाः परे ।**
**वृष्यो बल्यो महाशाली रक्तशालिगुणैः समः ॥९॥**

यसले विषविकार र घाउखटिरा पनि निको पार्दछ । अरु मार्सी केही कम गुणस्तरका हुन्छन् । महामार्सी वीर्यवर्धक, बलदायकर रातोमार्सी जस्तै गुणको हुन्छ ।

**कार्मुकः पीत आमोदो लघुर्वृष्यो मुकुन्दकः ।**
**महाषष्टिककेदारपुष्पाङ्कुरबकादयः ॥१०॥**

सङ्कलन : मोहन प्रसाद सपकोटा

कार्मुक, पीत, आमोद र मुकुन्द नामका मार्सी पचाउन सहज र वीर्यवर्धक हुन्छन् । महाषष्टिक, केदारपुष्पाङ्कुर र बक आदि...।

## सठिया आदि धान

**षष्टिका मधुराः शीता लघवो बद्धवर्चसः ।**
**वातपित्तप्रशमनाः शालीनां सदृशा गुणैः ॥११॥**

...सठिया धानको चामल गुलियो, शीतल गर्ने, पचाउन सहज, दिसालाई कस्ने, वातविकार र पित्तविकारलाई शान्त पार्ने तथा मार्सीकै जस्तो गुणका हुन्छन् ।

**षष्टिकः प्रवरस्तेषां लघुः स्निग्धास्त्रिदोषजित् ।**
**पाके स्वादुर्मृदुर्ग्राही स्थैर्यकारी बलप्रदः ॥१२॥**

यिमध्ये सठिया धानको चामल उत्तम हुन्छ । यो पचाउन सहज, चिल्लो र त्रिदोषलाई जित्ने गुणको हुन्छ । यो पचेपछि (वा पकाएपछि) गुलियो, नरम, ग्राहि, उमेरलाई स्थिर राख्ने र बलदायक हुन्छ ।

**रक्तशालिगुणैस्तुल्यास्तस्मादल्पगुणाः परे ।**
**कृष्णव्रीहिस्तुरितकः कुक्कुटाण्डकपाटलौ ॥१३॥**

अरु कम गुणका कृष्णव्रीहि, तुरितक, कुक्कुटाण्डक, पाटल जस्ता धानका चामल रातोमार्सी समान गुणका हुन्छन् ।

**राजीवाक्षःशलायुश्च नन्दी जन्तुमुखादयः ।**
**व्रीहयो मधुराः शीताः षष्टिकानां गुणैः समाः ॥१४॥**

राजीवाक्ष, शलायु, नन्दी, जन्तुमुखा आदि व्रीहिका प्रकार हुन् । यी गुलिया, शीतल गर्ने र सठिया चामल जस्तै गुणका हुन्छन् ।

**कृष्णव्रीहिर्वरस्तेषां तस्मादल्पगुणाः परे ।**
**शालयोः दग्धभुञ्जाना लघुरूक्षाः कफापहाः ॥१५॥**

यिमध्ये कृष्णव्रीहि उत्तम हुन्छ । अरु यसभन्दा कम गुणका हुन्छन् । मार्सी आदि भुटेको चामल पचाउन सहज, रुखो र कफनाशक हुन्छ ।

**स्थूलजाः स्वादवः पित्तकफघ्ना वातवह्निदाः ।**
**कैदारा वातपित्तघ्ना गुरवः कफशुक्रलाः ॥१६॥**

सङ्कलन : मोहन प्रसाद सापकोटा

स्थूलजा नामक मार्सी स्वादिलो हुन्छ । यसले पित्तविकार कफविकार नाश गर्दछ । वातविकार र पाचनशक्ति बढाउँदछ । कैदार नामक मार्सीले वातविकार र पित्तविकार नाश गर्दछ । यो पचाउन कठिन एवं कफविकार र वीर्यवर्धक हुन्छ ।

**रौप्यातिरौप्या लघवो मूत्रलास्ते गुणोत्तराः ।**
**छिन्नरूढा हिमा रूक्षाः पित्तघ्ना लघुपाकिनः ॥१७॥**

रौप्य र अतिरौप्य नामक धानको चामल पचाउन सहज, पिसाब बढाउने र क्रमशः गुनिलो हुन्छ । छिन्नरूढा नामक धानको चामल शीतल गर्ने, रुखो, पित्तविकार नाशक र चाँडै पाक्ने (वा पच्ने) गुणको हुन्छ ।

**पुराणं नेत्रमन्धानां जलक्लिन्नं प्रयत्नतः ।**
**पुनर्विशोषितं सम्यग्घर्मे रूक्षं लघु स्मृतम् ॥१८॥**

पुरानो चामल दृष्टिहीनका लागि आँखासमान हुन्छ, भिजाएर घाममा राखिएका चामल रुखो र पचाउन सहज हुन्छ ।

**दीपनं पाचनं मेध्यं वातश्लेष्महरं परम् ।**
**व्रीहित्वं षष्टिकस्यापि भिन्नत्वं शीघ्रपाकतः ॥१९॥**

यस्तो चामल, दीपनो, पाचनो, दिमागको ग्रहण गर्ने क्षमता बढाउने तथा तिब्र तारेकाले वातविकार र कफविकार नाश गर्ने गुणको हुन्छ । सठियालाई व्रीहिधान्यमै गणना गरिएको छ । चाँडै पाक्ने हुनाले यो व्रीहिभन्दा फरक हुन्छ ।

## गहुँ

**गोधूमः सुमनः क्षुद्रो मधूली रूपशीतला ।**
**नन्दीमुखोऽल्पगोधूमो लोकेशी पासिकोच्यते ॥२०॥**

गोधूम, सुमन, क्षुद्र, मधूली, रूपशीलता, नन्दीमुख, अल्पगोधूम, लोकेशी र पासिका : यी गहुँका संस्कृत पर्यायवाची नामहरू हुन् ।

**गोधूमो मधुरः शीतो वातपित्तहरो गुरुः ।**
**कफशुक्रप्रदो बल्यः स्निग्धः सन्धानकृत्सरः ॥२१॥**

गहुँ गुलियो, शीतल गर्ने, वातविकार नाशक, पित्तविकार नाशक, पचाउन कठिन, कफविकार गर्ने, वीर्यवर्धक, बलदायक, चिल्लो, अमिल्च्याउने गुणको र दिसापिसाबलाई तलतिर सार्ने गुणको हुन्छ ।

**जीवनो बृंहणो वर्ण्यः स्यन्दी रुच्यः स्थिरत्वकृत् ।**
**मधूली शीतला स्निग्धा पित्तघ्नी मधुरा लघुः ॥२२॥**

गहुँ आयुवर्धक, पौष्टिक, वर्णमा निखार लेराउने, अभिष्यन्दी, रुचिप्रद र उमेरलाई स्थिर राख्ने गुणको हुन्छ । मधूली जातको गहुँ शीतल गर्ने, चिल्लो, पित्तविकार नाशक, गुलियो र पचाउन सहज हुन्छ ।

**शुक्रला बृंहणी पथ्या तद्वन्नन्दीमुखी मता ।**
**एतस्मात्स्थूलगोधूमात्क्षुद्रो हीनतरो गुणैः ॥२३॥**

यो वीर्यवर्धक, पौष्टिक र पथ्य हुन्छ । नन्दीमुखी जातको गहुँमा पनि यिनै गुणहरू हुन्छन् । यी मोटा जातका गहुँमाभन्दा मसिना जातका गहुँमा कम गुणहरू हुन्छन् ।

## जौ

**यवः शुचिस्तीक्ष्णशूको निशूकोऽतियवोऽपरः ।**
**यवः कषायो मधुरः शीतः पित्तकफास्रजित् ॥२४॥**

यव, शुचि, तीक्ष्णशूक, निशूक र अतियव : यी जौका संस्कृत पर्यायवाची नामहरू हुन् । जौ टर्रो, गुलियो, शीतल गर्ने तथा पित्तविकार, कफविकार र रक्तविकारलाई जित्ने गुणको हुन्छ ।

**व्रणेषु तिलवत्पथ्यो रूक्षो मेधाग्निवर्धनः ।**
**लेखनो बद्धनिस्यन्दः स्वर्यो मेहतृषापहः ॥२५॥**

जौ घाउखटिरा आउँदा तिलजस्तै पथ्य हुन्छ । यो रुखो, दिमागको ग्रहणगर्ने क्षमता र पाचनशक्ति बढाउने, लेखनी, कब्जियत गराउने, स्वर खुलाउने तथा प्रमेह र तिर्खा नाशक हुन्छ ।

**बहुवातमलः स्थैर्यवर्णकारी स पिच्छिलः ।**
**अस्मादतियवः किञ्चिद्गुणैर्न्यूनतरः स्मृतः ॥२६॥**

यसले धेरै मात्रामा वातविकार गर्दछ र दिसा बढाउँदछ । जौले आयुलाई स्थिर राख्दछ र वर्णमा निखार लेराउँदछ र यो लेस्याइलो हुन्छ । अतियव नामक जौ यसभन्दा कम गुणस्तरको हुन्छ ।

## शिम्बीधान्य

**शिम्बी मुद्गश्चणो माषः सतीनः सकुलायकः ।**
**मसूरश्चक्रमङ्गल्यौ मकुष्ठत्रिपुटादयः ॥२७॥**

सिमी, मुगी, चना, मास, ठूलो केराउ, मस्याङ, मुसुरो, बोडी, बनमुगी, खेसरी आदिलाई ...।

सङ्कलन : मोहन प्रसाद सापकोटा

**वैदला मधुरा रूक्षाः कषायाः कटुपाकिनः ।**
**वातलाः कफपित्तघ्ना बद्धमूत्रमला हिमाः ॥२८॥**

...वैदल भनिन्छ । यी गुलिया, रुखा, टर्रा, पचेपछि पिरा, वातविकार गर्ने, कफविकार र पित्तविकार नाशक, दिसापिसाब रोक्ने र शीतल गर्ने गुणका हुन्छन् ।

**ऋते मुद्गमसूराभ्यामन्ये त्वाध्मानकारकाः ।**
**शिम्बा विष्टम्भिनो मेहदृष्टिघ्ना वातपित्तलाः ॥२९॥**

मुगी र मसुरो बाहेकका अरु सबै वैदल आध्मानकारी हुन्छन् । सिमी जातका यी अन्न विष्टम्भी, प्रमेह नाशक, दृष्टिशक्ति नाशक तथा वातविकार र पित्तविकार गराउने गुणका हुन्छन् ।

**विशदा गुरवो हृद्या रूक्षाः कटुविपाकिनः ।**
**सितासितादिभेदेन बहुधा ते प्रकीर्तिताः ॥३०॥**

यी स्वच्छ, पचाउन कठिन, मुटुका लागि हितकर, रुखा र पचेपछि पिरा हुन्छन् । सेता, काला, राता आदि यिनका अनेक जात हुन्छन् ।

## मुगी

**मुद्गो बलाढ्यो मङ्गल्यो हरितः शारदोऽपरः ।**
**बलको माधवः पीतः प्रचेतः परिकीर्तितः ॥३१॥**

मुद्ग, बलाढ्य, मङ्गल्य, हरित र शारद तथा बलक, माधव, पीत र प्रचेत : यी मुगीका संस्कृत पर्यायवाची नामहरू हुन् ।

**वनमुद्गस्तुवरको राजमुद्गस्तु खण्डकः ।**
**मुद्गो रूक्षो लघुर्ग्राही कफपित्तहरो हिमः ॥३२॥**

वनमुद्ग, तुवरक, राजमुद्ग र खण्डक : यी वनमुगीका संस्कृत पर्यायवाची नामहरू हुन् । मुगी रुखो, पचाउन सहज, ग्राहि, कफविकार नाशक, पित्तविकार नाशक र शीतल गर्ने गुणको हुन्छ ।

**स्वादुरल्पानिलो नेत्र्यो वर्ण्योऽप्येतद्गुणाः स्मृतः ।**
**हरितः प्रवरस्तेषां तच्छाकं तिक्तमुत्तमम् ॥३३॥**

मुगी स्वादिलो, थोरै वातविकार गराउने, आँखाका लागि हितकर र वर्णमा निखार लेराउने गुणको हुन्छ । हरियो मुगी अति नै उत्तम हुन्छ । मुगीको साग तीतो र उत्तम हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

## मास

**माषो जीर्णकरो धारी धवलो राजमाषकः ।**
**माषो गुरुः स्वादुपाकः स्निग्धो वृष्योऽनिलापहः ॥३४॥**

माष, जीर्णकर, धारी, धवल र राजमाषक : यी मासका संस्कृत पर्यायवाची नामहरू हुन् । मास पचाउन कठिन, पचेपछि गुलियो, चिल्लो, वीर्यवर्धक र वातविकार नाशक हुन्छ ।

**उष्णः स तर्पणो बल्यः शुक्रलो बृंहणः परम् ।**
**भिन्नमूत्रकफस्तन्यो मेदः पित्तकफप्रदः ॥**
**गुदकीलार्दितश्वासपक्तिशूलानि नाशयेत् ॥३५॥**

यो उष्णवीर्यको, तृप्तिदायक, बलदायक, वीर्यवर्धक र अत्यन्त पौष्टिक हुन्छ । मासले पिसाब, कफ र दूध बढाउँदछ । यसले बोसो र पित्तविकार पनि बढाउँदछ । यसले गुदकील, अर्दित, दम र पक्तिशूल पनि नाश गर्दछ ।

## राज्मा

**राजमाषः स्वादुरूक्षः कषायस्तर्पणो लघुः ।**
**ग्राही वातकफस्तन्यबहुवर्चोरुचिप्रदः ॥३६॥**

राज्मा स्वादिलो, रुखो, टर्रो, तृप्तिदायक र पचाउन सहज हुन्छ । यो ग्राही हुनछ । यसले वातविकार, कफविकार, दूध, अत्यधिक दिसा र रुचि बढाउँदछ ।

## बनमुगी

**मकुष्ठको मकुष्ठः स्यान्निष्पावो वल्लकः स्मृतः ।**
**मकुष्ठो वातलो ग्राही कफपित्तहरो गुरुः ॥**
**वान्तिजिन्मघुरःपाके कृमिकृज्ज्वरनाशनः ॥३७॥**

मकुष्ठक, मकुष्ठ, निष्पाव र वल्लक : यी वनमुगीका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले वातविकार गर्दछ । यो ग्राही, कफविकार र पित्तविकार नाशक र पचाउन कठिन हुने गुणको हुन्छ । यसले वाकवाकीलाई जित्दछ । यो पचेपछि गुलियो हुन्छ । यसले कीरा र जरो नाश गर्दछ ।

## बोडी

सङ्कलन : मोहन प्रसाद सापकोटा

**निष्पावोऽनिलपित्तास्रमूत्रस्तन्यकरः सरः ।**
**विदाह्युष्णो गुरुः श्लेष्मशोफकृच्छुक्रनाशनः ॥३८॥**

बोडीले वातविकार, रक्तपित्त, पिसाब र दूध बढाउँदछ । यसले मलमूत्रलाई तलतिर सार्दछ । यसले डाह र गर्मी गर्दछ । यो पचाउन कठिन हुन्छ । यसले कफविकार र सुजन बढाउँदछ तथा शुक्र नाश गर्दछ ।

## ठूलो केराउ

**वर्तुलस्तु सतीनः स्याद्धरेणुः स्वल्पवर्तुलः ।**
**वर्तुलः शीतलो ग्राही कफपित्तहरो लघुः ॥**
**विपाके मधुरो रूक्षो हरेणुस्तद्गुणः स्मृतः ॥३९॥**

वर्तुल, सतीन, हरेणु र स्वल्पवर्तुल : यी ठूलो केराउ (मटरकोसा) का संस्कृत पर्यायवाची नामहरू हुन् । यो शीतल गर्ने, ग्राही, कफविकार नाशक, पित्तविकार नाशक, पचाउन सहज, पचृपछि गुलियो र रुखो हुन्छ । हरेणुमा पनि यिनै गुण हुन्छन् ।

## सानो केराउ (कलाय)

**कलायः खण्डिकः प्रोक्तस्त्रिपुटःक्षुद्रखण्डिकः ।**
**कलायः कफपित्तघ्नो ग्राही शीतोऽतिवातलः ॥**
**त्रिपुटोऽपि गुणैरेवं तच्छाकं कफपित्तजित् ॥४०॥**

कलाय, खण्डिक, त्रिपुट र क्षुद्रखण्डिक : यी सानो केराउका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले कफविकार र पित्तविकार नाशक गर्दछ । यो ग्राही, शीतल गर्ने र धेरै वातविकार गर्ने गुणको हुन्छ । त्रिपुट (कालो केराउ) मा पनि यिनै गुण हुन्छन् । केराउको सागले कफविकार र पित्तविकारलाई जित्दछ ।

## चना

**चणको हरिमन्थः स्याद्वाजिमन्थश्च जीवनः ।**
**चणकः शीतलो रूक्षो रक्तपित्तकफापहः ॥**
**लघुः कषायो विष्टम्भी वातलः कुष्ठनाशनः ॥४१॥**

चणक, हरिमन्थ, वाजिमन्थ र जीवन : यी चनाका संस्कृत पर्यायवाची नामहरू हुन् । चना शीतल गर्ने, रुखो तथा रक्तपित्त र कफविकार नाशक हुन्छ । यो पचाउन सहज, टर्रो, कब्जियत गराउने, वातविकार गराउने र कुष्ठनाशक हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

## मुसुरो

**मसूरिकारिर्मसूरिर्मङ्गल्या पाण्डुरापलः ।**
**मसूरिर्मधुरः पाके सङ्ग्राही शीतलो लघुः ॥**
**कफपित्तास्रजिद्बल्यस्तच्छाकं लघु तिक्तकम् ॥४२॥**

मसूरिकारि, मसूरि, मङ्गल्या र पाण्डुरापल : यी मुसुरोका संस्कृत पर्यायवाची नामहरू हुन् । यो पचेपछि गुलियो, ग्राहि, शीतल गर्ने, पचाउन सहज, कफविकार र रक्तपित्तलाई जित्ने र बलदायक हुन्छ । यसको साग पचाउन सहज र तीतो हुन्छ ।

## गहत

**कुलत्थश्चक्रकश्चक्रः कुलालो वजनः परः ।**
**अपरा दृक्प्रसादा च चक्षुष्या च कुलत्थिका ॥४३॥**
**कुलाली लोचनहिता कुम्भकारी मलापहा ।**
**कुलत्थः कटुकः पाके कषायो रक्तपित्तजित् ॥४४॥**

कुलत्थ, चक्रक, चक्र, कुलाल, वजन, अपरा, दृक्प्रसादा, चक्षुष्या, कुलांत्थका, कुलाली, लोचनाहंता, कुम्भकारी र मलापहा : यी गहतका संस्कृत पर्यायवाची नामहरू हुन् । गहत पचेपछि पिरो हुन्छ । यो टर्रो हुन्छ । यसले रक्तपित्तलाई जित्दछ ।

लघुर्विदाही वीर्योष्णः श्वासकासकफानिलान् ।
हन्ति हिक्काश्मरीशुक्रदृगानाहान्सपीनसान् ॥४५॥

गहत पचाउन सहज, डाहकारी, उष्णवीर्यको तथा दम, खोकी, कफविकार, वातविकार, बाडुली, पत्थरी, शुक्र, दृष्टिक्षमता, आनाह र पीनास नाश गर्दछ ।

स्वेदसङ्ग्राहको गुल्ममेदःकृमिहरः सरः ।
वन्यो विशेषतः शीतो नेत्रामयविषापहः ॥४६॥

गहतले पसिना रोक्दछ । यसले गुल्म, बोसो र कीरा नाश गर्दछ । यो मलमूत्रलाई तलतिर सार्ने गुणको हुन्छ । बनगहतमा शीतल गर्ने क्षमता बढी हुन्छ । यसले आँखाका रोग र विषविकार नाश गर्दछ ।

## तिल र रहर

तिलपुष्पस्तैलफलस्तिलपिञ्जोपरः सितः ।
जातिलो वनजातः स्यादाढकी तुवरी मता ॥४७॥

तिलपुष्प, तैलफल, तिलपिञ्ज अनि सित, जातिल र वनजात यी तिलका तथा आढकी र तुवरी : यी रहरका संस्कृत पर्यायवाची नामहरू हुन् ।

तिलः कषायो मधुरस्तिक्तकः कटुको रसे ।
तिलो ग्राही गुरुः स्वादुः स्निग्धोऽस्रकफपित्तलः ॥४८॥

तिल टर्रो, गुलियो र तीतो हुन्छ । यो ग्राहि, पचाउन कठिन, स्वादिलो, चिल्लो तथा रगत, कफ र पित्त बढाउने गुणको हुन्छ ।

बल्यः केश्यो हिमस्पर्शस्त्वच्यो व्रणहितः परम् ।
वन्योऽल्पमूत्रकृद्धातुनाशनोऽग्निमतिप्रदः ॥४९॥

तिल बलदायक, कपालका लागि हितकर, छुँदा शीतल गर्ने, छालाका लागि लाभदायक र घाउखटिरामा धेरै नै फाइदा गर्ने गुणको हुन्छ । बनतिलले थोरै पिसाब गराउँदछ तथा धातु नाश गर्दछ । यो तिलले पाचनशक्ति र बुद्धि बढाउँदछ ।

कृष्णः श्रेष्ठतमस्तेषु शुक्लो मध्यमः सितः ।
अन्ये हीनतराः प्रोक्तास्तज्ज्ञै रक्तादयस्तिलाः ॥५०॥

सबै रङका तिलमध्ये कालो तिल उत्तम हुन्छ । यो वीर्यवर्धक हुनछ । सेतो तिल मध्यम गुणस्तरको हुन्छ । अन्य राता आदि तिललाई पण्डितजनले निम्न गुणस्तरको तिल भनी बताएका छन् ।

## रहर

**तुवरी ग्राहिणी शीता लघुः कफविषास्रजित् ॥५१॥**

रहर ग्राहि, शीतल गर्ने, पचाउन सहज तथा कफविकार, विषविकार र रक्तविकारलाई जित्ने गुणको हुन्छ ।

## आलस

**अतसी मसृणा नीलपुष्पा चेलूत्तमा क्षुमा ।**
**अतसी शुक्रदृष्टिघ्नी स्निग्धा वातास्रजिद्गुरुः ॥५२॥**

अतसी, मसृणा, नीलपुष्पा, चेलूत्तमा र क्षुमा : यी आलसका संस्कृत पर्यायवाची नामहरू हुन् । आलसले शुक्र र दृष्टिक्षमता नाश गर्दछ । यो चिल्लो, वातरक्तलाई जित्ने र पचाउन कठिन हुने गुणको हुन्छ ।

## कुसुम

सङ्कलन : मोहन प्रसाद सापकोटा

**कुसुम्भं वार्द्धकी पीतमलक्तं वस्त्ररञ्जनी ।**
**तद्बीजं किरटी लघ्वी तथा शुद्धपयोत्तरा ॥५३॥**

कुसुम्भ, वार्द्धकी, पीत, अलक्त र वस्त्ररञ्जनी : यी कुसुमका संस्कृत पर्यायवाची नामहरू हुन् । किरटी, लघ्वी र शुद्धपयोत्तरा : यी कुसुमका बीजका संस्कृत पर्यायवाची नामहरू हुन् ।

**कुसुम्भं वातलं कृच्छ्ररक्तपित्तकफापहम् ।**
**किरट्यतसीवदुद्दिष्टा विशेषाद्विषनाशिनी ॥५४॥**

कुसुमले वातविकार गर्दछ । यसले कृच्छ्र, रक्तपित्त र कफविकार नाश गर्दछ । कुसुमको बीजमा आलसकै जस्ता गुण हुन्छन् । विशेषेतः यसल विषविकार नाश गर्दछ ।

## सर्सिउँ

**सर्षपः कटुकः स्नेहो भूतघ्नो रक्षिताफलः ।**
**तुर्तुभोऽन्यः स उद्दिष्टः सिद्धार्थः श्वेतसर्षपः ॥५५॥**

सर्षप, कटुक, स्नेह, भूतघ्न, रांक्षताफल र तुतुभ : यी सासँउँका संस्कृत पर्यायवाची नामहरू हुन् । अको सेतो सर्सिउँलाई सिद्धार्थ भनिन्छ ।

## रायो र सर्सिउँ

**राजिका वासुरी राजी सुतीक्ष्णः कृष्णसर्षपः ।**
**सर्षपः कफवातघ्नस्तीक्ष्णोष्णो रक्तपित्तकृत् ॥५६॥**

राजिका, वासुरी, राजी, सुतीक्ष्ण र कृष्णसर्षप : यी रायोका संस्कृत पर्यायवाची नामहरू हुन् । सर्सिउँले कफविकार र वातविकार नाश गर्दछ । यो तिक्खर, उष्णवीर्यको तथा रक्तपित्त गराउने गुणको हुन्छ ।

**किञ्चिद्रूक्षोऽग्निदः कण्डूकुष्ठकोष्ठक्रिमीन्हरेत् ।**
**राजिकास्तद्गुणा ज्ञेयास्तीक्ष्णास्तीव्रा विशेषतः ॥५७॥**

सर्सिउँ केही रुखो, पाचनशक्ति वर्धक तथा लुतो, कुष्ठ र पेटका कीरा नाशक हुन्छ । रायोमा पनि तिनै गुण हुन्छन् । यो विशेषगरी तिक्खर र तीव्र हुन्छ ।

## सनपाट

**शणः प्रोक्तो मातुलानी जन्तुतन्तुर्महाशणः ।**
सङ्कलन : मोहन प्रसाद सपकोटा
**शणो हिमो गुरुर्ग्राही तत्पुष्पं प्रदरास्रजित् ॥५८॥**

शण, मातुलानी, जन्तुतन्तु र महाशण : यी सनपाटका संस्कृत पर्यावाची नामहरू हुन् । सनपाट शीतल गर्ने, पचाउन कठिन र ग्राहि हुन्छ । यसको फूलले प्रदर र रक्तविकारलाई जित्दछ ।

## तृणधान्य

**कङ्गुश्यामाकनीवारवरकोद्दालनर्त्तकाः ।**
**वरट्टिका तोदपर्णी कोद्रवश्च मधूलिका ॥५९॥**
**नन्दीमुखी वेणुयवा प्रियङ्गुः कोरदूषकः ।**
**गवेधुका नलो नाली मुकुन्दं वारिकादिकम् ॥६०॥**

कङ्गु, श्यामाक, नीवार, वरक, उद्दाल, नर्त्तक, वरट्टिका, तोदपर्णी, कोद्रव, मधूलिका, नन्दीमुखी, वेणुयव, प्रियङ्गु, कोरदूषक, गवेधुका, नल, नाली, मुकुन्द र वारिका : यी तृणधान्यका नामहरू हुन् ।

**तृणधान्यं लघु स्वादु कटुपाकि विलेखनम् ।**
**रूक्षोष्णं बद्धनिस्यन्दं वातपित्तप्रकोपनम् ॥६१॥**

तृणधान्य पचाउन सहज, स्वादिलो, पचेपछि पिरो, लेखनी, रुखो, उष्णवीर्यको, काब्जियत गराउने तथा वातविकार र पित्तविकार बढाउने गुणका हुन्छन् ।

## कागुनु र कोदो

**पीततण्डुलिका कङ्गुः प्रियङ्गुः कर्कटी मता ।**
**सितकङ्गुस्तु मुसटी रक्तकङ्गुस्तु शोधिका ॥**
**चीनाकःकाककङ्गुःस्याच्छ्यामाकः शणकङ्गुकः ॥६२॥**

पीततण्डुलिका, कङ्गु, प्रियङ्गु, कर्कटी, सितकङ्गु,  मुसटी, रक्तकङ्गु, शोधिका, चीनाक, काककङ्गु, श्यामाक, शणकङ्गुक,...।

**शाल्यादयः कङ्गुभेदाः कोद्रवः कुरसः स्मृतः ।**
**कोद्रवः कोरदूषः स्यादुद्दालो वनकोद्रवः ॥**
**प्रियङ्गुः पित्तजिद् वृष्यो भग्नसन्धानकृद्गुरुः ॥६३॥**

शालि आदि सबै कागुनुका जात हुन् । कोद्रव, कुरस, कोरदूष, उद्दाल र वनकोद्रव : यी कोदोका नाम वा जात हुन् । कागुनुले पित्तविकारलाई जित्दछ । यो वीर्यवर्धक, भाँचिएको वा फुटेको हाड जोड्ने र पचाउन कठिन हुने गुणको हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

**श्यामाकः शोषणः शीतो रूक्षः पित्तकफापहः ।**
**कोद्रवः शीतलो ग्राही विषपित्तकफाञ्जयेत् ॥६४॥**

श्यामाकले सोस्दछ । यो शीतल गर्ने, रुखो तथा पित्तविकार र कफविकार नाश गर्ने गुणको हुन्छ । कोदो शीतल गर्ने, ग्राही तथा विषविकार, पित्तविकार र कफविकारलाई जित्ने गुणको हुन्छ ।

## नाभो धान

**नीवार उटिका नाडी मुनिव्रीहिर्मुनिप्रियः ।**
**नीवारः शीतलो ग्राही पित्तघ्नः कफवातकृत् ॥६५॥**

नीवार, उटिका, नाडी, मुनिव्रीहि र मुनिप्रिय : यी नाभो धानका संस्कृत पर्यायवाची नामहरू हुन् । यो शीतल गर्ने, ग्राही, पित्तविकार नाशक तथा कफविकार र पित्तविकार गराउने गुणको हुन्छ ।

## जुनेलो

**यावनालो देवधान्यं जुह्लोलिर्जुह्ललोऽनलः ।**
**यावनालः स्वादुशीतो वातलः कफपित्तजित् ॥६६॥**

यावनाल, देवधान्य, जुह्वोलि, जुह्वल र अनल : यी जुनेलोका संस्कृत पर्यायवाची नामहरू हुन् । जुनेलो स्वादिलो, शीतल गर्ने, वातविकार गर्ने तथा कफविकार र पित्तविकारलाई जित्ने गुणको हुन्छ ।

## भिकौंला (गवेधुक)

**गवेधुका कर्षणी स्याद्गोजिह्वाऽऽकर्षिणी मता ।**
**गवेधुकाः कटुः स्वाद्वी कार्श्यकृत्कफनाशिनी ॥६७॥**

गवेधुका, कर्षणी, गोजिह्वा र आकर्षिणी : यी भिकौंलोका संस्कृत पर्यायवाची नामहरू हुन् । यो पिरो, स्वादिलो, दुब्लो बनाउने र कफनाशक गुणको हुन्छ ।

## अयोग्य अनाज

**अपर्याप्तं व्याधिहतमनार्तवमभूमिजम् ।**
**नवं जन्त्वादिभिर्जुष्टं न धान्यं गुणवन्मतम् ॥६८॥**

शक्तिहीन, रोगले नष्ट, बेमौसमको, खराब जमिनमा उम्रेको, नयाँ र कीरा आदि परेको अनाज वास्तवमा गुनिलो हुँदैन ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

## नयाँ अनाज

**धान्यं नवमभिष्यन्दि गुरु स्वादु कफप्रदम् ।**
**वर्षोषितं सर्वधान्यं गौरवं परिमुञ्चति ॥६९॥**

नयाँ अनाज अभिष्यन्दी, पचाउन कठिन, स्वादिलो र कफविकार गराउने गुणको हुन्छ । एक वर्ष पुरानो सबै अनाज पचाउन सहज हुन्छ ।

## पुरानो अनाज

**न मुञ्चति तदा वीर्यं क्रमान्मुञ्चत्यतः परम् ।**
**विदाहि गुरु विष्टम्भि विरूढं दृष्टिदूषणम् ॥७०॥**

सामान्यतः एक वर्षसम्म अनाजले आफ्नो गुण, वीर्य आदि छाड्दैन । त्यसपछि भने क्रमशः यो डाह गराउने, पचाउन कठिन हुने, कब्जियत गराउने, नपचेर जरो फुटाउने अनि दृष्टिदोष गर्ने जस्ता दोष त्यागी पचाउन सहज, र पाचक हुने गर्दछन् ।

**एतेषु यवगोधूमतिलमाषा नवा हिताः ।**

**रूढाः पुराणा विरसा न तथा गुणकारिणः ॥७१॥**

यी अनाजमा पनि गहुँ, तिल, मास नयाँ उत्तम हुन्छन् । यी पुरानो र रसहीन हुँदा गुनिला हुँदैनन् ।

## उपसंहार

**यो राज्ञां मुखतिलकः कटारमल्लस्तेन श्रीमदननृपेण निर्मितेऽत्र ।**
**ग्रन्थेऽभून्मदनविनोदनाम्नि शुद्धे पूर्णोऽयं ललितपदैस्तु धान्यवर्गः ॥७२॥**

राजाहरूमा प्रधान राजा कटारमल्ल श्री मदनले रचना गरेको मदनविनोद नामक यस ग्रन्थमा सुन्दर पदले रचित धान्यवर्गको नेपाली भावानुवाद पूर्ण भयो ।

**इति श्रीमदनपालविरचिते मदनविनोदे (मदनपालनिघण्टौ) धान्यगुणवर्णनं नाम दशमोऽवर्गः ॥**

मदनपालले रचना गरेको मदनपाल निघण्टु अन्तगर्त अनाजका गुण वर्णन भएको दशौं वर्गको नेपाली भावानुवाद पूर्ण भयो ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

## धान्यकृतान्नादिवर्ग
## प्रार्थना

**राधां हरिं चरणयोः पतितं कराभ्यां कोपाज्जघान तमुदीक्ष्य पुनर्हसन्तम् ।**
**तत्पादयोः समपतच्चकिता भिया तामुत्थापयञ्जयति कैतवगोपवेषः ॥१॥**

चरणमा ढलेका श्रीकृष्णलाई रिसाउँदै हातले हिर्काएकी र पुनः हाँस्दै श्रीकृष्णलाई हेरेर उनका चरणमा आश्चर्य हुँदै परेकी राधालाई उठाउँदै गरेका गोठालो रूपी भगवान्को जय होस् ।

## आहार

**आहारो भोजनं जग्धिर्नित्यशोजीवनं तथा ।**
**आहारो बलकृत्सद्यः प्रीणनो देहधारकः ॥**
**ओजस्तेजः स्वरोत्साहधृतिस्मृतिमतिप्रदः ॥२॥**

आहार, भोजन, जग्धि र नित्यशोजीवन : यी भोजनका संस्कृत पर्यायवाची नामहरू हुन् । भोजनले तुरुन्त बल दिन्छ, तृप्त पार्दछ र शरीरलाई धारण गर्दछ । यसले ओज, तेज, स्वर, उत्साह, धैर्य, सम्झना शक्ति र बुद्धि प्रदान गर्दछ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

## भात

**भक्तमन्धस्तु भिस्साऽहङ्करं दीदिविरोदनः ।**
**भक्तं वह्निकरं पथ्यं तर्पणं मूत्रलं लघु ॥३॥**

भक्त, अन्ध, भिस्सा, अहङ्कर, दीदिवि र ओदन : यी भातका संस्कृत पर्यायवाची नामहरू हुन् । पातले पाचनशक्ति बढाउँदछ । यो पथ्या, तृप्तिदायक, पिसाब लगाउने र पचाउन सहज हुने गुणको हुन्छ ।

## भात पकाउने विधि

**सुधौतं प्रस्तुतं चोष्णं विशदं गुणवन्मतम् ।**
**अधौतमस्रुतं शीतं गुरु वृष्यं कफप्रदम् ॥४॥**

राम्ररी पखालेको र निचोरेको सुन्दर चामलको तातातातो भात सुन्दर र गुनिलो हुन्छ । राम्ररी नपाखेलेको र ननिचोरेको चामलको भात शीतल गर्ने, पचाउन कठिन, वीर्यवर्धक र कफविकार गराउने गुणको हुन्छ ।

**भृष्टतण्डुलकं रुच्यं सुगन्धि कफजिल्लघु ।**
**भक्तं मांसफलक्षीरवैदलाम्लादिसाधितम् ॥**

**स्नेहशाकैर्गुरुत्तरं वृष्यं बल्यं कफप्रदम् ॥५॥**

भुटेको चामलले रुची जगाउँदछ । यो सुगन्धी, कफविकारलाई नाश गर्ने र पचाउन सहज हुने गुणको हुन्छ । मासु, फलफूल, दूध, दाल, अमिलो रस, चिल्ला कुरा र सागपात हाली तयार पारिएको भात अती नै पचाउन कठिन हुन्छ । यसले वीर्य बढाउँदछ, बल दिन्छ र कफविकार बढाउँदछ ।

**रसौदनो गुरुर्वृष्यो बल्यो वातज्वरापहः ।**
**घोलं भक्तं ग्रहण्यर्शःश्रमघ्नं पाचनं हिमम् ॥६॥**

मासुको रसमा पकाइएको भात पचाउन कठिन, वीर्यवर्धक, बलदायक तथा वातज्वर नाशक हुन्छ । घोल ( पानी नमिसाई र तर नझिकी दही मथेर बनाइएको मोही) र भातले ग्रहणि, अल्काई र थकाई नाश गर्दछ तथा पाचनी र शीतल गर्ने गुणको हुन्छ । (यहाँ टीकाकारहरूले घोल नामक भात भनी अर्थ दिएका छन्, जसको अर्थ पाइएन) ।

## तातो पक्वान्न

**अत्युष्णान्नं बलहरं शीतमुष्णं च दुर्जरम् ।**
**अतिक्लिन्नं ग्लानिकरं दुर्जरं तण्डुलान्वितम् ॥७॥**

धेरै तातो पकाइएको अनाजले बल नाश गर्दछ । सेलाएर र पुनः तताएको पाकेको खानेकुरा ढिलो पच्दछ । पकाउँदा धेरै गलेको खानेकुराले अरुचि वा घिन पैदा गराउँदछ । कनिका युक्त भात ढिलो पच्दछ ।

## भात

**सौमनस्यं बलं पुष्टिमुत्साहं हर्षणं सुखम् ।**
**स्वादु सञ्जनयेदन्नमामं स्वादुविपर्ययम् ॥८॥**

पकाइएको चामलले बल, पुष्टि, उत्साह, हर्ष र सुख दिन्छ । यो स्वादिलो हुन्छ । काँचो चामल विपरीत स्वाद (एवं गुण) को हुन्छ ।

## यवागू र विलेपी

**यवागूः षड्गुणे तोये संसिद्धा विदलद्रवा ।**
**चतुर्गुणे तु संसिद्धा विलेपी घनसिक्थिका ॥९॥**

छ गुना पानीमा पकाइएको र पातलो (अन्नको दाना र पानी छुट्टिने) खानेकुरालाई यवागू भनिन्छ । चार गुना पानीमा पकाइएको र पानी र अनाज मिलेको खानेकुरालाई विलेपी भनिन्छ ।

## पेया र मण्ड

**पेया सिक्थान्विता तोये चतुर्दशगुणे कृता ।**
**मण्डश्चतुर्दशगुणे सिद्धस्तोये त्वसिक्थकः ॥१०॥**

चौध गुना पानीमा पकाएको सिता सहितको भातलाई पेया भनिन्छ । चौध गुना पानीमा पकाइएको र सिता नभएको भातलाई मण्ड भनिन्छ ।

## यवागू

**यवागूर्ग्राहिणी तृष्णाज्वरघ्नी बस्तिशोधनी ॥११॥**

यवागू ग्राहि हुन्छ । यसले तिर्खा र जरो नाश गर्दछ तथा तल्लो पेट सफा गर्दछ ।

## विलेपी

**विलेपी दीपनी बल्या हृद्या सङ्ग्राहिणी लघुः ।**
**व्रणाक्षिरोगिणां पथ्या तर्षणी तृड्ज्वरापहा ॥१२॥**

सङ्कलन : मोहन प्रसाद सापकोटा

विलेपी दीपनी, बलदायक, मुटुका लागि हितकर, ग्राहि, पचाउन सहज, घाउखटिरा एवं आँखाका रोगीलाई पथ्य, तृप्तिदायक तथा तिर्खा र जरो नाशक हुन्छ ।

## पेया

**पेया कुक्षिगदक्लान्तिज्वरस्तम्भातिसारजित् ।**
**रुच्यग्निकृल्लघुर्दोषमलस्वेदानुलोमनी ॥१३॥**

पेयाले कोखाको शूल, थकाई, जरो, जडता र अतिसारलाई जित्दछ । यसले रुचि जगाउँदछ र पाचनशक्ति बढाउँदछ । यो पचाउन सहज तथा दोष, मल र पसिना नाश गरी कब्जियत हटाउने गुणको हुन्छ ।

## मण्ड

**मण्डो ग्राही लघुः शीतो दीपनो धातुसाम्यकृत् ।**
**स्रोतोमार्दवकृत्पित्तज्वरश्लेष्मश्रमापहः ॥१४॥**

मण्ड ग्राहि, पचाउन सहज, शीतल, दीपनी र धातुलाई साम्य पार्ने गुणको हुन्छ । यसले स्रोतग्रन्थीलाई नरम बनाउँदछ तथा पित्तज्वर, कफविकार र थकाई नाश गर्दछ ।

## यावमण्ड, लाजमण्ड

**याव्यमण्डो यवैर्भृष्टैर्लाजमण्डस्तु शालिभिः ।**
**याव्यमण्डो लघुर्ग्राही शूलानाहत्रिदोषजित् ॥१५॥**

भुटिएको जौको मण्डलाई याव्यमण्ड तथा मार्सीचामलबाट अथवा लाजाबाट बनाइएको मण्डलाई लाजमण्ड भनिन्छ । यावमण्ड ग्राहि, पचाउन सहज तथा शूल, आनाह र त्रिदोषलाई जित्ने गुणको हुन्छ ।

**नवज्वरेऽपि पथ्योऽयं पटोलमागधान्वितः ।**
**लाजमण्डो लघुर्ग्राही सद्यः पाचनदीपनः ॥१६॥**

परबर र पिप्ला मिसाएर पकाइएको याव्यमण्ड जरो आउँदा पनि पथ्य हुन्छ । लाजमण्ड पचाउन सहज, ग्राहि, तुरुन्त पच्ने र दीपनी हुन्छ ।

## अष्टगुणमण्ड

**तण्डुलैरर्धमुद्गांशैः किञ्चिद्भृष्टैस्तु पाचितैः ।**
**हिङ्गुसिन्धूत्थधनिकापत्रत्रिकटुसंस्कृतः ॥१७॥**
**ज्ञेयः सोऽष्टगुणो मण्डो ज्वरदोषत्रयापहः ।**
सङ्कलन : मोहन प्रसाद सपकोटा
**रक्तःक्षुद्बोधकः प्राणदीपनः शीतलो लघुः ॥१८॥**

अलिअलि भुटिएको मुगीको दाल आधा मिसाई चामल पकाउनू । यसमा हिङ, सिँधेनुन, धनियाँ, तेजपात, सुठो, मरिच, र पिप्ला मिसाउनू । यसलाई अष्टगुणमण्डक भनिन्छ । यसले त्रिदोष र जरो नाश गर्दछ । यसले रगत र भोक बढाउँदछ । यो प्राणदायक, पाचनशक्ति वर्धक, शीतल गर्ने र पचाउन सहज हुने गुणको हुन्छ ।

## यूष

**यूषः स्मृतो वैदलानामष्टादशगुणेऽम्भसि ।**

दलहन आदिलाई अठार गुना बढी पानीमा हालेर पकाएपछि त्यसलाई यूष भनिन्छ ।

## मुगीको यूष

**मुद्गानामुत्तमो यूषो दीपनः शीतलो लघुः ॥**
**व्रणोर्ध्वजत्रुरुग्दाहकफपित्तज्वरास्रजित् ॥१९॥**

मुगीको यूष उत्तम हुन्छ । यसले पाचनशक्ति बढाउँदछ र शीतल गर्दछ । यो पचाउन सहज हुन्छ । घाउखटिरा, ऊर्ध्वजत्रु, डाह, कफविकार, पित्तजन्य ज्वर र रक्तविकारलाई यसले जित्दछ ।

### दारिम र अमलाको यूष

**दाडिमामलकैर्यूषः पित्तवातहरो लघुः ॥२०॥**

दारिम र अमलाको यूषले पित्तजन्य वातविकार नाश गर्दछ । यो पचाउन हलुका हुन्छ ।

### मुगी र अमलाको यूष

**मुद्गामलकयूषस्तु भेदनः कफपित्तजित् ।**
**तृड्दाहशमनः शीतो मूर्च्छा श्रममदापहः ॥२१॥**

मुगी र अमलाको यूष भेदनी हुन्छ । यसले कफविकार र पित्तविकारलाई जित्दछ । यसले तिर्खा र डाहलाई शान्त पार्दछ । यसले शीतल गर्दछ तथा बेहोसीपना, थकाई र नसालाई नाश गर्दछ ।

### गहतको यूष

सङ्कलन : मोहन प्रसाद सापकोटा

**कुलस्थयूषो गुल्मार्शःकफवाताश्मशर्कराः ।**
**तूनीप्रतूनीमेदांसि निहन्ति त्वग्निकृत्सरः ॥२२॥**

गहतको यूषले गुल्म, अल्काई, कफविकार, वातविकार, पत्थरी, मधुमेह, तूनी, प्रतूनी र भित्री बोसोका विकारलाई नाश गर्दछ । यसले पाचनशक्ति बढाउँदछ र मलमूत्रलाई तलतिर सार्दछ ।

### मूला आदिको यूष

**सूप्यमूलकजो यूषो गलग्रहकफज्वरान् ।**
**हन्तिश्वासप्रतिश्यायकासमेदोऽरुचिक्रिमीन् ॥२३॥**

मूला आदि तरकारीको यूषले गलग्रह, कफजन्य जरो, दम, पिनास, खोकी, भित्री बोसोका विकार, अरुची र पेटका कीरा नाश गर्दछ ।

### चनाको यूष

**चणकैर्विहितो यूषोऽनुष्णस्तुवरको लघुः ।**
**रक्तपित्तप्रतिश्यायकासपित्तकफापहः ॥२४॥**

चनाको यूष गर्मी नगर्ने, टर्रो, पचाउन सहज तथा रक्तपित्त, पिनास, खोकी, पित्तविकार र कफविकार नाशक हुन्छ ।

## वनमुगीको यूष

**मकुष्ठयूषः सङ्ग्राही पित्तश्लेष्मज्वरापहः ।**
**लघुः सन्तर्पणः पथ्यो हृद्यः पीनसकासजित् ॥२५॥**

वनमुगीको यूष ग्राही तथा पित्तविकार, कफविकार र जरो नाशक हुन्छ । यो पचाउन सहज, तृप्तिदायक, पथ्य, मुटुका लागि हितकर तथा पिनास र खोकीलाई जित्ने गुणको हुन्छ ।

## नुन र चिल्लो हालिएको र नहालिएको यूष

**यूषःकृताख्यो लवणस्नेहाभ्यां वारिसाधितः ।**
**अकृतस्तैर्विनासिद्धः क्रमाद्गुरुलघू च तौ ॥२६॥**

नुन र चिल्लो हालिएको यूषपचाउन कठिन हुन्छ भने नहालिएको यूष पचाउन सहज हुन्छ ।

## यूषका सामान्य गुण

सङ्कलन : मोहन प्रसाद सापकोटा

**यूषा गोरसधान्याम्लफलाम्लादिभिरन्विताः ।**
**यथोत्तरं गुरुतरा वातघ्ना रुचिकारिणः ॥२७॥**

दूध वा दूधजन्य पदार्थ, धान्याम्ल र अमिला फलफूल हाली बनाइएको यूष क्रमशः पचाउन कठिन हुन्छ । यी क्रमशः बढी वातविकार नाशक र रुचिप्रद हुन्छन् ।

## मण्ड

**यैरन्नैरौषधैर्यैश्च कृता मण्डादयो बुधैः ।**
**विचार्य तद्गुणानेतांस्तद्गुणानेव निर्दिशेत् ॥२८॥**

जुन अनाजको वा औषधीको वैद्यजनले मण्ड आदि बनाउनु भनी बताएका छन् । ती मण्ड आदिमा त्यही अन्न र औषधीको गुण हुन्छ भनी बताउनु पर्दछ ।

## सूप्य

**सूप्यं तु सूप्यको भृष्टैः शिम्बिजैर्निस्तुषैः कृतः ॥२९॥**

सूप्य र सूप्यक : यी झोल हालिएका तरकारी आदिका नाम हुन् । छोटा (बोक्रा नभएको) दाल आदि भुटेर पकाइएको रसलाई (पनि) सूप्य भनिन्छ ।

**सूप्यं विष्टम्भि रूक्षं स्यान्निरम्लं तु विशेषतः ।**
**निस्तुषं भृष्टसिद्धं तल्लाघवं सुतरां व्रजेत् ॥३०॥**

सूप्य विष्टम्भी र रुखो हुन्छ । अमिलो नहालेको सूप्य अति नै रुखो हुन्छ । बोक्रा नभएको र भुटेर पकाइएको सूप्य अति नै पचाउन सहज हुन्छ ।

## खिचडी (कृशर)

**क्वचित्समाषैःक्वाप्येवं कृशरा तिलतण्डुलैः ।**
**कृशरा बलकृद् ग्राह्या सिद्धा तण्डुलवैदलैः ॥३१॥**
**कृशरा शुक्रला बल्या गुरुः पित्तकफप्रदा ।**
**दुर्जरापुष्टिविष्टम्भमलहृद्वातनाशिनी ॥३२॥**

कतै चामल र मास त कतै तिल र चामल हाली खिचडी पकाइन्छ । खिचडी बलदायक र ग्राहि हुन्छ । चामल र दाल हाली पकाइएको खिचडी वीर्यवर्धक, बलवर्धक, पचाउन कठिन तथा पित्तविकार र कफविकार बढाउने गुणको हुन्छ । यस्तो खिचडी ढिलो पच्ने, पुष्टिदायक, विष्टम्भी, मलवर्धक, र वातविकार नाशक हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

## क्षिप्रा

**क्षिप्राऽपि तद्गुणा सैषा सुधान्यगुणकारिणी ॥३३॥**

क्षिप्रा (चना, मटरकोसा आदि हाली पकाइएको खिचडी) मा पनि खिचडीकै गुण हुन्छन् । यो सुन्दर अनाज जस्तै गुनिलो हुन्छ ।

## खीर

**क्षैरेयी परमान्नं स्यात्पायसं क्षीरतण्डुलैः ।**
**क्षैरेयी दुर्जरा बल्या धातुपुष्टिप्रदा गुरुः ॥**
**विष्टम्भिनी हरेत्पित्तरक्ततृष्णाग्निमारुतान् ॥३४॥**

क्षैरेयी, परमान्न र पायस : यी खीरका संस्कृत पर्यायवाची नामहरू हुन् । दूध र चामलले खीर बनाइन्छ । खीर ढिलो पच्दछ । यसले बल दिन्छ र धातुलाई पुष्ट पार्दछ । यो पचाउन कठिन र विष्टम्भी हुन्छ । खीरले रक्तपित्त, तिर्खा, पाचनशक्ति र वातविकार नाश गर्दछ ।

## राजखाण्डव

**गुडादिपक्वं क्वथितमाममाम्रफलं पुनः ।**
**स्नेहैलानागरैर्युक्तो ज्ञातव्यो राजखाण्डवः ॥३५॥**

सखर, काँचो आँप, घिउ, अलैँची र सुठो हाली पकाइएको काँडापानीलाई राजखाण्डव भनिन्छ ।

## राग

**सितारुचकसिन्धूत्थैः सवृक्षाम्लपरूषकैः ।**
**निम्बूफलरसैर्युक्तो रागो राजिकया कृतः ॥३६॥**

मिश्री, बिरेनुन, सिँधेनुन, भकिअमिलो, फाल्सा, कागतीको रस र रायो हाली पकाइएको काँढापानीलाई राग भनिन्छ ।

## खाण्डवका गुण

**खाण्डवा मधुराम्लादिरससंयोगसम्भवाः ।**
**दीपना बृंहणा रुच्यास्तीक्ष्णा हृद्याः श्रमापहाः ॥३७॥**

सङ्कलन : मोहन प्रसाद सपकोटा

गुलिया, अमिला आदि रस हाली पकाइएको खाण्डव दीपनी, पौष्टिक, रुचिप्रद, तिक्खर, मुटुका लागि हितकर र थकाई नाशक हुन्छ ।

## आँप, अमलाको चटनी

**आम्रामलकलेहाद्या हृद्याबुद्धिबलप्रदाः ।**
**तर्पणा रोचनाः स्निग्धा मधुरा गुरवस्तथा ॥३८॥**

आँप र अमलाको चटनी आदि मुटुका लागि हितकर, बुद्धिप्रदायक, बलदायक, तृप्तिदायक, रुचिप्रद, चिल्लो, मिठो र पचाउन कठिन हुन्छ ।

## सिखर्नी

**ससितं दधिमध्वाज्यमरीचैलादिसंस्कृतम् ।**
**मथितं कान्तमानिन्या कर्पूरपरिवासितम् ॥३९॥**

चिनी वा मिश्री, दही, मह, घिउ, मरिच, अलैँची आदि हाली चलाख स्त्रीका कोमल हातबाट मथिएको र खाने कपूर आदि हाली बास्नादार बनाइएको पेय पदार्थलाई सिखर्नी भनिन्छ ।

**रसाला शिखरा प्रोक्ता मार्जिका माञ्जिका बुधैः ।**
**रसाला शुक्रलाबल्या रोचनी वातपित्तजित् ॥४०॥**

रसाला, शिखरा, मार्जिका र माञ्जिका : यी सिखर्नीका संस्कृत पर्ययवाची नामहरू हुन् । यो वीर्यवर्धक, बलदायक, रुचिप्रद तथा वातविकार र पित्तविकारलाई जित्ने गुणको हुन्छ ।

**स्निग्धा गुरुः प्रतिश्यायं विशेषेण विनाशयेत् ॥४१॥**

सिखर्नी चिल्लो र पचाउन कठिन हुन्छ । यसले विशेषगरी रुघाखोकी वा पिनासलाई ठिक गर्दछ ।

## पानक

**द्राक्षाऽम्लिकारूषादिजलं खण्डादिमिश्रितम् ।**
**मरीचार्द्रककर्पूरचातुर्जातादिसंस्कृतम् ॥४२॥**

अङ्गुर वा दाख, अमिली, फाल्सा आदिको रसमा मिश्री, मरिच, अदुवा, कपूर, दालचिनी, अलैंची, तेजपात, नागकेसर आदि हाली मथेर छानी तयार पारिएको पेय पदार्थलाई पानक भनिन्छ ।

## पानकका प्रकार र पञ्चसार पानक

**पानकं द्विविधं तस्मादम्लानम्लविभेदतः ।**
**द्राक्षाखर्जूर काश्मर्यसमधूकपरूषकैः ॥४३॥**
**पञ्चसाराभिधं पानं चन्द्रसूर्याधिवासितम् ।**
**पानकं मूत्रलं हृद्यं प्रीणनं तु श्रमापहम् ॥४४॥**

अमिलो हालेको र नहालेको गरी पानक दुई किसिमको हुन्छ । दाख, छोकडा, खमारी, महुवा र फाल्सा हाली बनाइएको र कपूले बास्नादार बनाइएको पानकलाई पञ्चसार पानक भनिन्छ । यस्तो पानकले पिसाब बढाउँदछ, मुटुलाई लाभ दिन्छ, पुष्टि गर्दछ र थकाई नाश गर्दछ ।

## पानकका गुण

**यथाद्रव्यगुणं तत्तु गुरुलघ्वादि निर्दिशेत् ।**
**पञ्चसाराभिधं पाण्डुतृष्णादाहश्रमापहम् ॥४५॥**
**मृद्वीकं श्रमदाहास्रपित्तक्लमतृषापहम् ।**
**रूक्षाणां कोमलं हृद्यं पाचनं च बलप्रदम् ॥४६॥**

जे जस्ता पदार्थ हालेर पानक बनाइन्छ त्यहां पदार्थको गुण अनुसार नै पानकको पांनै गुण हुन्छ । पञ्चसार पानकले पाण्डु, तिर्खा, डाह, र थकाई नाश गर्दछ । रुखो शरीर हुने मानिसका लागि यो कोमल हुन्छ । यसले मुटुलाई तागत दिन्छ । यो पाचनी र बलदायक हुन्छ ।

## अमिलीको रस

**अम्लिकाया रसस्तृष्णाकृमिदाहश्रमापहः ॥४७॥**

अमिलीको रसले तिर्खा, पेटका कीरा, डाह र थकाई नाश गर्दछ ।

## सदक

**निःस्नेहं दधि निर्मथ्य पचेच्छर्करयाऽन्वितम् ।**
**सव्योषदाडिमाजाजिः सदकोऽयमुदाहृतः ॥४८॥**

घिउ निकालिएको दहीलाई मथी मिश्री वा चिनी हालेर पकाउनू । अनि त्यसमा सुठो, मरिच, पिप्ला, अनारका दाना र जिरा मिसाउनू । यसलाई सदक भन्दछन् ।

## सदकका गुण

सङ्कलन : मोहन प्रसाद सापकोटा

**सदको रोचनः स्वर्यः पित्तानिलहरोः गुरुः ।**
**दीपनस्तर्पणो बल्यः श्रमक्लमतृषापहः ॥४९॥**

सदक रोचनी, स्वरका लागि हितकर, पित्तवात नाशक, पचाउन कठिन, दीपनी, तृप्तिदायक, बलदायक, थकाई नाशक, मानसिक थकाई नाशक र तिर्खा नाशक हुन्छ ।

## मण्डक

**विकोलकर्कटद्राक्षाकण्टकारिविपाचिताः ।**
**मण्डकाद्या यथापूर्वं गुरुवो बृंहणा मताः ॥५०॥**

ओखर, कमलको जरा, दाख र कण्टकारी हालेर पकाइएको मण्डक क्रमशः पचाउन बढी कठिन हुन्छन् । यिनले धातुलाई पुष्ट पार्दछन् । (विकोलक-सिँगडा, भुसको आगो, कर्कट-पुरानो कपडा, काउसेकोको गुदी, द्राक्षा-दाख र कण्टकारि-केराको रस भनेर पनि अर्थ लगाइएको पाइन्छ) ।

## पूपालिका

**मण्डकः सूचितः सूक्ष्मः कर्पूरादिषु पाचितः ।**

**स एव किञ्चित्स्थूलस्तु बुधैः पूपालिका मता ॥५१॥**

सुन्दर र पातला पारी कपूर आदि हालेर पकाइएको मण्डक उत्तम हुन्छ । यही मण्डक केही मोटो हुँदा यसलाई विद्वानहरूले “पूपालिका” नाम दिएका छन् ।

### अङ्गारकर्कटी

**अङ्गारकर्कटी सैव विज्ञेयाऽङ्गारपाचिता ।**
**अत्युष्णो मण्डकः पथ्यः शीतः स गुरुरुच्यते ॥५२॥**

आगोको भुङ्ग्रामा पकाइएको त्यही मण्डकलाई “अङ्गारकर्कटी” भनिन्छ । यो अति तातो पथ्य हुन्छ र सेलाएपछि पचाउन कठिन हुन्छ ।

### मण्डक र पोलिका (पुरी)

**अङ्गारमण्डको ग्राही लघुर्दोषत्रयापहः ।**
**पोलिका कफकृद्बल्या पित्तला वातनुद्गुरुः ॥५३॥**

भुङ्ग्रोमा पकाइएको मण्डक ग्राही, पचाउन सहज र त्रिदोष नाशक हुन्छ । पोलिका (परौठा वा पुरी) कफविकार गराउने, बलदायक, पित्तविकार गर्ने, वातविकार नाशक र पचाउन कठिन हुने गुणको हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सपकोटा

### अङ्गारकर्कटीका गुण

**अङ्गारकर्कटीबल्या बृंहणी शुक्रला लघुः ।**
**दीपनी कफहृद्रोगपीनसश्वासवातजित् ॥५४॥**

अङ्गारकर्कटी बलदायक, पौष्टिक, वीर्यवर्धक, पचाउन सहज, दीपनी तथा कफविकार, मुटुका रोग, पिनास, दम र वातविकारलाई जित्ने गुणको हुन्छ ।

### मार्सी चामलको पीठोका परिकार

**शालिपिष्टकृता भक्ष्या नातिबल्या विदाहिनः ।**
**अवृष्यां गुरुवः श्लेष्मकफपित्तप्रकोपनाः ॥५५॥**

मार्सीचामलको पीठोले बनाइएका खानेकुरा कम बलदायक, डाहकारी, वीर्य नबढाउने, पचाउन कठिन, तथा कफविकार गर्ने र कफपित्तलाई विकृत बनाउने गुणका हुन्छन् ।

## गहुँ र दलहनका पारंकार

**गोधूमविहिता भक्ष्या बल्याः पित्तानिलापहाः ।**
**वैदला वातला भक्ष्या गुरवास्तुवरा हिमाः ॥५६॥**

गहुँबाट बनाइएका खानेकुरा बलदायक तथा पित्तविकार र वातविकार नाशक हुन्छन् । दलहनबाट बनाइएका खानेकुरा वातविकार गर्ने, पचाउन कठिन, टर्रा र शीतल गर्ने गुणका हुन्छन् ।

## मासका परिकार

**माषपिष्टकृता भक्ष्या बल्याः पित्तकफप्रदाः ॥५७॥**

मासको पीठोबाट बनाइएका खानेकुरा बलदायक तथा पित्तविकार र कफविकार गर्ने गुणका हुन्छन् ।

## खानेकुराको गुण र सखर हालिएका खानेकुरा

**विचार्यान्नगुणान्भक्ष्यान्नयानपि विनिर्दिशेत् ।**
**गौडिका गुरवो भक्ष्या वातघ्नाः कफशुक्रलाः ॥५८॥**

सङ्कलन : मोहन प्रसाद सापकोटा

अन्नको गुण जानी त्यस अन्नले बनाइने खानेकुरामा पनि त्यही गुण हुन्छ भनी बताउनू । सखर आदि हाली पकाइएका खानेकुरा पचाउन कठिन, वातविकार नाशक तथा कफविकार र वीर्य बढाउने गुणका हुन्छन् ।

## घिउमा पकाइएका खानेकुरा

**घृतपाचितभक्ष्यास्तु बल्याः पित्तकफापहाः ॥५९॥**

घिउमा पकाइएका खानेकुरा बलदायक तथा पित्तविकार र कफविकार नाशक हुन्छन् ।

## तेलमा पकाइएका खानेकुरा

**तैलजा दृक्समीरघ्ना उष्णाः पित्तास्रदूषणाः ॥६०॥**

तेलमा पकाइएका खानेकुरा दृष्टिक्षमता र वातविकार नाशक, उष्णवीर्यका तथा रक्तपित्तलाई विकृत बनाउने गुणका हुन्छन् ।

## दूधमा पकाइएका खानेकुरा

**दुग्धालोडितगोधूमशालिपिष्टादिनिर्मिताः ।**

**वातापित्तहरा भक्ष्याः हृद्याः शुक्रबलप्रदाः ॥६१॥**

गहुँ वा मार्सीचामलको पीठो दूधमा मुछी तयार पारिने खानेकुरा वातविकार र पित्तविकार नाशक, मुटुका लागि हितकर, तथा वीर्य र बल बढाउने गुणका हुन्छन् ।

## घेवर (घृतपूर)

**विचार्यान्नगुणान्भक्ष्यानन्यानपि विनिर्दिशेत् ।**
**क्षीरेण मर्दितं चूर्णं गोधूमानां सुगालितम् ॥६२॥**
**विस्तार्य सर्पिषा युक्तं ततः श्वेताविमिश्रितम् ।**
**घृतपूरोऽयमुद्दिष्टः कर्पूरमरिचान्वितः ॥६३॥**

अन्नको गुणदोष विचार गरी अन्य अनेक थरी खानेकुरा बनाउन सिकाउनू । गहुँको पिठोलाई छानी दूध हालेर बेस्सरी माड्नू अनि घिउ हालेर बेली घिउमै पकाउनू र पछि चिनी, कपूर र मरिचको धूलो हाल्नू । यसलाई घेबर भनिन्छ ।

**समितो मर्दितः क्षीरनारिकेलसितादिभिः ।**
**अवगाह्य घृते पक्वे घृतपूरोऽपरः स्मृतः ॥६४॥**

सङ्कलन : मोहन प्रसाद सापकोटा

मैदामा दूध, नरिवलको धूलो र चिनी मिसाएर मोली घिउमा डुबाएर पकाउनाले अर्को थरी घेवर बन्दछ ।

**घृतपूरो गुरुर्वृष्यो हृद्यः पित्तानिलापहः ।**
**सद्यः प्राणप्रदो बल्यः क्षतजिद् बृंहणः परः ॥६५॥**

घेवर पचाउन कठिन, वीर्यवर्धक, मुटुका लागि हितकर तथा पित्तविकार र वातविकार नाशक हुन्छ । यसले तुरुन्त प्राण दिन्छ । यो बलदायक हुन्छ । यसले चोटपटकलाई जित्दछ र अति नै पौष्टिक हुन्छ ।

## संयाव

**समितां सर्पिषा भृष्टां श्वेतां मरिचमिश्रिताम् ।**
**एलालवङ्गकर्पूरचूर्णादिपरिसंस्कृताम् ॥६६॥**
**क्षिप्त्वाऽन्यसमितालम्बपुटेषु सुघृते पचेत् ।**
**ततः खण्डे न्यसेत्पक्वं संयावोऽयमुदाहृतः ॥६७॥**

मैदालाई घिउमा भुट्नू र भिकी मोलेर डल्ला बनाउनू । यसमा मरिच, अलैंची, ल्वाङ, कपूर आदिको धूलो मिसाउनू । यसपछि यसलाई घिउमा तार्नू र पाकेपछि चिनीको चास्नीमा डुबाउनू । यो मिठाईलाई “संयाव” भनिन्छ । (सायद यसलाई गजा वा गोजिया भनिन्छ) ।

सांमतां मधुदुग्धेन मर्दांयत्वा सुशोभनम् ।
पचेद् घृतोत्तरे खण्डे न्यसेत्पक्वे नवे घटे ॥६८॥
ततो मरिचचूर्णैलाशुभ्राचूर्णावचूर्णितम् ।
कुर्यात्कर्पूरसंयुक्तं संयावममृतोपमम् ॥६९॥

सुफा र सुन्दर मैदालाई दूध र चिनी मिसार मोल्नू अनि घिउमा भुट्नू । यसपछि दोब्बर चिनी मिसाएर बलियो माटोको भाँडामा हाली मरिच, अलैंची, वंशलोचन र कपूरको धूलो मिसाउनू । यो संयाव अमृतसमान स्वादिलो हुन्छ ।

## खाजा (मधुशीर्षिका)

मर्दयित्वा तु समितामपूपास्तनवः कृताः ।
पक्त्वा घृतेऽसिते पाके मण्डिता मधुशीर्षिका ॥७०॥

मैदाको पीठोमा घिउ र पानी हाली माडेर ससाना पुरी बेल्नू र घिउमा पकाई चास्नीमा डुबाउनू । मधुशीर्षिका तयार हुन्छ ।

घृतेन मर्दितां तोयैः समितां मृदु मर्दयेत् ।
मातुलुङ्गत्वचा खण्डिपक्वेनार्द्रकपूरितम् ॥७१॥
सङ्कलन : मोहन प्रसाद सपकोटा
विधाय पूपकं वृत्तं गन्धाढ्यं केशरान्वितम् ।
पक्त्वा सर्पिषि खण्डे च मलितो मधुशीर्षकः ॥७२॥

मैदालाई घिउ र पानी हाली राम्ररी मुछ्नू । अनि पाताला र साना पुरी बेल्नू । यस भित्र बिमिरोको बोक्राको धूलो, पिप्ला र सुठो हाली गोलो डल्लो बनाउनू । अनि गुलाफजल आदि सुगन्ध र केसर मिसाई घिउमा पकाउनू । पाकेपछि चास्नीमा डुबाउनू । यसलाई पनि मधुशीर्षक भनिन्छ ।

## मालपुवा (पूप)

समितां गुडतोयेन मेलयित्वा सुगालिताम् ।
घृते विस्तार्य विपचेत्सुवृत्तान्मृदुपूपकान् ॥७३॥

मैदामा चिनी र पानी हाली राम्ररी मुछ्नू । नरम भएपछि बाटुला चक्का बनाई घिउमा पकाउनू । मालपुवा तयार हुन्छ ।

## दहीको पालपुवा

शालिपिष्टं युतं दध्ना मर्दयित्वा घृते पचेत् ।
वेष्टयेत्पक्वखण्डेन सुवृत्तान्दधिपूपकान् ॥७४॥

मार्सीचामलको पीठोमा दही हालेर मुछ्नू र ससाना गोला बनाई घिउमा पकाउनू । पाकेपछि झिकेर चास्नीमा डुबाउनू । दहीको पालपुवा तयार हुन्छ ।

## मिठाईका गुण

**संयावा मधुशीर्षाढ्याः पूपकाः दधिसम्भवाः ।**
**गुरुवो बृंहणा हृद्या वृष्याः पित्तानिलापहाः ॥७५॥**

संयाव, मधुशीर्षिका, मालपुवा र दहीको मालपुवा : यी पचाउन कठिन, पौष्टिक, मुटुका लागि हितकर, वीर्यवर्धक तथा पित्तविकार र वातविकार नाशक हुन्छन् ।

**एते संस्कारभेदेन विविधास्तेऽपि तद्गुणाः ॥७६॥**

यस्ता मिठाई बनाउने विधि अनुसार अनेक थरी हुन्छन् र ती सबैमा उल्लेखित गुण नै हुन्छन् ।

## विस्यन्दन

**दधिक्षीरे समे पक्त्वा त्वर्धभागावशेषिते ।**
सङ्कलन : मोहन प्रसाद सपकोटा
**आपचेद्रक्तशालीनां तण्डुलांस्तिलसंयुतान् ॥**
**प्रियालपनसादीनां बीजमुष्टिं समापचेत् ॥७७॥**

दही र दूध बराबर मात्रामा लिई पकाउनू । आधा बाँकी भएपछि त्यसमा रातामार्सीको चामल, तिल, चिरौंजी, रुख कटहर आदिको बियाँ एक मुठी हालेर पकाउनू ।

**क्षीरतुल्यं घृतं चैव शर्करा चैवतत्समा ।**
**सिद्धस्त्रिकटुकोपेतः कर्पूरेणाधिवासितः ॥७८॥**

दूध बराबर घिउ र त्यति नै चिनी हाल्नू । अनि सुठो, मरिच र पिप्लाको धूलो हाली कपूरको धूलो हाली बास्नादार बनाउनू ।

**एष विस्यन्दनो नाम देवलोकेऽपि दुर्लभः ।**
**यस्मात्पक्वेऽपि हि घृतं स्यन्दते सर्वतोमुखम् ॥७९॥**

यो विस्यन्दन नामक मिठो खाना स्वर्गमा पनि दुर्लभ हुन्छ । यसमा पाकेपछि पनि सबैतिरबाट घिउ तप्किने गर्दछ ।

**तस्मात्सूपविधानज्ञैर्विस्यन्दो विधिवत्स्मृतः ।**

**विस्यन्दो बृंहणो हृद्यः पित्तानिलहरो गुरुः ॥८०॥**

यसैले पाकशास्त्रका विज्ञले विस्यन्दनलाई विधिसमान बताएका छन् । यो पौष्टिक, मुटुका लागि हितकर, तथा पित्तविकार र वातविकार नाशक एवं पचाउन कठिन हुन्छ ।

## लप्सिका

**समितां भर्जयेत्तते घृते श्वेतां ततो न्यसेत् ।**
**वारिमज्जादिसंयुक्तां पयसा योजयेत्तदा ॥८१॥**

मैदालाई तातो घिउमा मिसाएर भुट्नू र पछि पानी, मदिसेबदाम, पेस्ता र दूध हाल्नू ।

**एषैलादियुता तज्ज्ञैर्लप्सिका ललिता मता ।**
**लप्सिका बृंहणी वृष्या वातपित्तहरा गुरुः ॥८२॥**

यसपछि अलैंची आदि हाल्नू । यसलाई वैद्यजनले सुन्दर लप्सिका भनी नाम दिएका छन् । यो पौष्टिक, वीर्यवर्धक, वातविकार नाशक, पित्तविकार नाशक र पचाउन कठिन हुन्छ ।

## फिनी

सङ्कलन : मोहन प्रसाद सापकोटा

**फेनिका पुटिनी शुभ्रा वातपित्तहरा लघुः ।**
**लक्षणं फेनिकादीनां सूपशास्त्राद्विचारयेत् ॥८३॥**

फेनिका, पुटिनी र शुभ्रा : यी फिनीका संस्कृत पर्यायवाची नामहरू हुन् । यो वातविकार र पित्तविकार नाशक तथा पचाउन सहज हुने गुणको हुन्छ । फिनी आदिका लक्षण पाकशास्त्र हेरी थाहा पाउनू ।

## लड्डू

**मोदा लड्डुककाः प्रोक्तास्ते चानेकविधा मताः ।**
**तेषां पक्वत्वप्राप्तानां न्यसेद्गोधूमगालिताम् ॥८४॥**

मोदा र लड्डूकक : यी लड्डूका संस्कृत पर्यायवाची नामहरू हुन् । यी अनेक प्रकारका हुन्छन् । गहुँ र घिउ मिसाएर मुछिएको पीठोलाई चिनी मिसाएर भुटी झिकेर डल्लो पार्दा सामान्य खालको लड्डू बन्दछ ।

**दधि क्षीरं मुप्रिजुष्टं समिता माषपिष्टकः ।**
**सूरणार्द्रककूष्माण्डशालूकामिषमत्स्यकाः ॥८५॥**

दही, दूध, मैदा, मासको पीठो, ओल, अदुवा, कुभिण्डो, कमलको गानु, मासु, माछा...।

**इत्यादिभिर्बहुविधाः कल्पास्ते सूपशास्त्रतः ।**
**द्रव्यं विचार्य मतिमांस्तद्गुणानपि निर्दिशेत्॥**
**मोदका दुर्जरा वृष्या बल्याः पित्तानिलापहः ॥८६॥**

आदि मिसाउँदा अनेक थरी लड्डू बन्दछ । यसैले जे हालेर लड्डू बनाइन्छ त्यसमा त्यही पदार्थको गुण भनी विज्ञवैद्यले बताउने गर्नू । लड्डू ढिलो पच्ने, वीर्यवर्धक, बलदायक तथा पित्तविकार र वातविकार नाशक हुन्छ ।

## मासको फुरौला (वा बारा)

**माषमुद्गादिपिष्टोत्थाः कटुका वटिकादयः ।**
**तत्कारणगुणाञ्ज्ञात्वा तद्गुणानपि निर्दिशेत्॥८७॥**

मास, मुगी आदिको पीठोले बनाइने फुरौला पीरा हुन्छन् । बनाइने द्रव्यको गुण अनुसार फुरौलाका गुण बताउनू ।

**माषाणां वटको हृद्यो बल्यो वातहरोगुरुः ।**
**विष्टम्भी घोलवटको विदाही पवनापहः ॥८८॥**

सङ्कलन : मोहन प्रसाद सापकोटा

मासको बारा (वा फुरौला) मुटुका लागि हितकर, बलदायक, वातविकार नाशक, पचाउन कठिन, कब्जियत गराउने गुणको हुन्छ । पानी नमिसाई दहीको तर नफिकी मथेको घोलमा मिसाएको बारा डाह गर्ने र वातविकार नाशक हुन्छ ।

## काँजी बारा

**शाण्डको वटको दृष्टिनाशनो दोषलो गुरुः ॥८९॥**

काँजी-बाराले दृष्टिशक्ति नाश गर्दछ । यसले त्रिदोष गर्दछ र पचाउन पनि कठिन हुन्छ ।

## तुषाम्बुको बारा र पकौडी

**तुषाम्बुवटको रुच्यः पित्तलः कफवातजित् ।**
**इण्डली शुक्रला रूक्षा विष्टम्भी कफवातकृत्॥९०॥**

तुषाम्बु (बोक्रा सहित कुटेको जौलाई भिजाएर अमिलो बनाइएको पानी) को बारा रुचिप्रद, पित्तविकार गर्ने तथा कफविकार र वातविकारलाई जित्ने गुणको हुन्छ । पकौडी (इण्डली) वीर्यवर्धक, रुखो तथा कब्जियत, कफविकार र वातविकार गर्ने गुणको हुन्छ ।

## सोमालिका (पुरी वा स्वारी)

**सोमालिका गुरुर्वृष्या रोचनि पित्तनाशिनी ॥९१॥**

स्वारी पचाउन कठिन, वीर्यवर्धक, रोचनी र पित्तविकार नाशक हुन्छ ।

## कुण्डलिका (जेरी वा जिलेबी)

**द्विप्रस्थां शुद्धसमितां प्रस्थं गोधूमगालितम् ।**
**विमर्द्य पयसा स्थाप्यं व्रजेद्यावत्तदम्लताम् ॥९२॥**

एक सय अठ्ठाईस तोला मैदामा त्यसको आधा अर्थात् चौसठ्ठी तोला गहुँको पीठो मिसाई दूध हालेर लदरो हुनेगरी मुछ्नू र अमिलोपन नआउँदासम्म राख्नू ।

**सच्छिद्रे नारिकेलस्य पात्रे निक्षिप्य निर्मले ।**
**परिभ्राम्य घृते तप्ते मन्दाग्नौ तु विपाचयेत् ॥९३॥**

त्यसपछि नरिवलको सफा सुकेको खबटोमा हाली तातो घिउमा घुमाएर ओइरी मन्द आँचमा पकाउनू ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

**कर्पूरवासिते पक्वे विज्ञेया नृपवल्लभा ।**
**सुपक्वां कङ्कणाकारां सितालेहे विनिक्षिपेत् ॥९४॥**

पाकेपछि बााला आकारका यी जेरीलाई कपूर हाली बास्नादार बनाइएको चास्नीमा डुबाउनू ।

**सा तु कुण्डलिका नाम्ना पुष्टिकान्तिबलप्रदा ।**
**धातुवृद्धिकरा वृष्या हृद्या चेन्द्रियतर्पणी ॥९५॥**

यसलाई कुण्डलिका (जेरी वा जिलेबी) भन्दछन् । यसले पुष्टि, कान्ति र बल दिन्छ । यो धातु बढाउने, वीर्यवर्धक, मुटुका लागि हितकर र इन्द्रियलाई तृप्त पार्ने गुणको हुन्छ ।

**तस्यामम्लत्वमाप्तायां न्यसेद्गोधूमगालिताम् ॥९६॥**

जेरी बनाउने पिठो धेरै अमिलो भए त्यसमा थोरै मैदा मिसाउनु पर्दछ ।

## कुल्माष

**गोधूमाद्यास्तु कुल्माषा अर्धस्विन्ना मताः क्वचित् ।**

**कुल्माषा गुरवो रूक्षा वातला भिन्नवर्चसः ॥९७॥**

कसैले आधा पाकेको गहुँ, जौ आदिलाई कुल्माष भनेका छन् । (कतै दुई फग्ल्याँटा हुने अनाजलाई कुल्माष भनिएको छ) । कुल्माष पचाउन कठिन, रुखो, वातविकार गर्ने र कब्जियत गराउने गुणको हुन्छ ।

## सातु

**नवीननिस्तुषोद्भृष्टयवचूर्णं च सक्तवः ॥९८॥**

नयाँ, केलाइएको र भुटेर पिँधेको जौको सातु हुन्छ ।

## मन्थ र सातु

**सक्तवस्तु घृताभ्यक्ताः शीतवारिविलोडिताः ।**
**नातिद्रवो नातिसान्द्रो मन्थः सद्भिः प्रकीर्तितः ॥९९॥**

घिउ हाली चिसो पानीमा घोलिएकोलाई सातु भनिन्छ । न धेरै बाक्लो न धेरै पातलो अर्थात् ठिक्कको यस्तो घोललाई मन्थ भनिन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

**मन्थो बलकर सद्यः परिणामे बलावहः ।**
**मोहतृष्णाक्षयच्छर्दिकुष्ठदाहश्रमाञ्जयेत् ॥१००॥**

मन्थले तुरुन्त बल दिन्छ । गर्मीले पीडित मानिसलाई यसले तुरुन्त बल दिन्छ । यसले भ्रम, तिर्खा, क्षयरोग, वाकवाकी, कुष्ठ, डाह र थकाईलाई जित्दछ ।

## दाखका परिकार

**द्राक्षा सितेक्षुस्वरसैर्मिश्रा पित्तास्रदाहजित् ।**
**द्राक्षा मधुयुता बल्या कफश्रममदापहा ॥**
**वर्गत्रयसमायुक्ता दोषवर्चोऽनुलोमनी ॥१०१॥**

मिस्री र उखुको रसमा मिसाइएको दाखले रक्तपित्त र डाहलाई जित्दछ । मह मिसाइएको दाखले बल दिन्छ तथा कफविकार, थकाई र नसा नाश गर्दछ । मिस्री, उखुको रस र मह मिसाइएको दाखले दोष र मललाई पचाएर बाहिर निकाल्दछ ।

## सातु

**सक्तवो यवजाः शीता दीपना लघवः सराः ।**

**कफपित्तहरा रूक्षा लेखनाः पानतस्तु ते॥**
**सद्यो बलप्रदाः पथ्या घर्मादि क्रान्तदेहिनः ॥१०२॥**

जौको सातुले शीतल गर्दछ । यो दीपनी, पचाउन सहज र मलमूत्रलाई तलतिर सार्ने गुणको हुन्छ । यसले कफविकार र पित्तविकारलाई नाश गर्दछ । यो पथ्य र लेखनी हुन्छ । सातुले तुरुन्त बल दिन्छ । घामले लखतरान भएका मानिसलाई यो पथ्य हुन्छ ।

**निस्तुषैर्भर्जितैः पिष्टैश्चणकैः सयवैः कृताः ॥१०३॥**
**सक्तवः शर्करासर्पिर्युक्ता ग्रीष्मेऽतिपूजिताः ।**
**पिण्डी प्रोक्ता गुरुस्तेषां द्रवत्वाल्लेहिका लघुः ॥१०४॥**

बोक्रा केलाइएको र भुटेको चना र जौ पिँधेर बनाइएको सातु सखर र घिउ हालेर खानाले गर्मी मौसममा धेरै नै उपयोगी हुन्छ । सातुको डल्लो (पिण्ड) पचाउन कठिन हुन्छ । रसिलो हुनाले गर्दा लेहिका (गिलो सातु) पचाउन सहज हुन्छ ।

**न भुक्त्वा न रदैः स्पृष्ट्वा न निशायां न वा बहून् ।**
**न जलान्तरितांस्तद्धि सक्तूनद्यान्न केवलान् ॥१०५॥**

खाना खाएर सातु नखानू । सातु चपाएर नखानू । रातमा सातु नखानू । धेरै सातु नखानू । फुक्को सातु मुखमा हाली पानीले निलेर नखानू । फुक्का सातु नखानू । (कुनै पनि पेयपदार्थमा घोलेर वा मुछेर खानू । विधिपूर्वक खाए यो तुरुन्त शक्तिप्रदायक ओखती हुन्छ) ।

### लाजा

**भृष्टशाल्यादिजा लाजा धान्यभृष्टयवोद्भवाः ।**
**लाजा लघुतराः शीता बल्याः पित्तकफच्छिदः ॥**
**छर्द्यतीसारदाहास्रमेहमेदस्तृषापहा ॥१०६॥**

मार्सी आदि धानको वा जौ भुटेको फूललाई लाजा भनिन्छ । लाजा धेरै नै पचाउन सहज हुन्छ । यो शीतल गर्ने, बलदायक, कफ र पित्तलाई काट्ने तथा वाकवाकी, अतिसार, डाह, रक्तविकार, प्रमेह र तिर्खा नाशक हुन्छ ।

### धानको फूल वा धानको लाजा

**धान्य विष्टम्भिनी रूक्षा कफमेदोहरा गुरुः ॥१०७॥**

धानको लाजा कब्जियत गराउने र रुखो हुन्छ । यसले कफविकार र बोसोविकार नाश गर्दछ तथा यो पचाउन कठिन हुन्छ ।

## चिउरा

**पक्वार्द्रा व्रीहयः सम्यक् पीडिताः पृथुका मताः ।**
**पृथुका गुरवो बल्याः श्लेष्मला वातनाशनाः ॥१०८॥**

उसिनेको र चिसो धान भुटेर कुट्दा चिउरा बन्दछ भनेर वैद्यजनले बताएका छन् । चिउरा पचाउन कठिन, बलदायक, कफविकार गर्ने र वातविकार नाश गर्ने गुणको हुन्छ ।

## होलक

**शिम्बिधान्यैरर्धपक्वैः सुभृष्टैर्होलको मतः ।**
**होलकोऽल्पानिलो मेदः कफदोऽपक्वभावतः ॥१०९॥**

आधा पाकेको सिमी आदिलाई राम्ररी भुटेपछि त्यसलाई होलक भनिन्छ । होलक कम वातविकार गर्ने, यसले स्वाभाविकरूपमा कफ र भित्री बोसो बढाउँदछ ।

## लम्बी

सङ्कलन : मोहन प्रसाद सापकोटा

**अपक्वभृष्टैर्गोधूमैरुलञ्चो लम्बलम्बिके ।**
**लम्बी कफप्रदा बल्या लघु पित्तानिलापहा ॥११०॥**

नपाकेको गहुँलाई भुटेपछि त्यसलाई उलञ्च, लम्ब वा लम्बिका भनिन्छ । यो कफविकार गर्ने, बलदायक, पचाउन सहज तथा पित्तविकार र वातविकार नाशक हुन्छ ।

## भुटुवा मासु (परिशुष्क)

**हिङ्गुपक्वे घृते दत्त्वा मांसमालोड्य भर्जितम् ।**
**मात्रयोष्णाम्बु निक्षिप्य पचेत्सम्यग्विचक्षणः ॥१११॥**
**मरिचाद्रकसंयुक्तं सुगन्धिद्रव्यवासितम् ।**
**गतद्रवं सुधातुल्यं परिशुष्कं तदुच्यते ॥११२॥**

हिङ फुराएर तताइएको घिउमा मासु हालेर थोरै तातोपानी हाली बुद्धिमान् पुरुषले राम्रोसँग पकाउनू । यसमा मरिच, अदुवा हाली त्यसपछि सुगन्धित पदार्थ हाली बास्नादार बनाउनू । राम्ररी भुटिएको यस्तो अमृतसमानको मासुलाई “परिशुष्क” भनिन्छ ।

## प्रांदग्ध मासु

**घनद्रव्योपलिप्तं तत्प्रदिग्धमिति कीर्त्यते ।**
**प्रदिग्धं वातजिद्बल्यं गुरु शुक्रविवर्द्धनम् ॥११३॥**

यही भुटुवा मासु (परिशुष्क) लाई लदरो बनाए त्यसलाई "प्रदिग्ध" भनिन्छ । प्रदिग्धले बातविकारलाई जित्दछ । यो बलदायक, पचाउन कठिन र शुक्रवर्धक हुन्छ ।

## सरस, शूल्य, परिशुष्क र उल्लिप्त मासु

**रसेन युक्तं सरसं शूल्यं शूलेन संस्कृतम् ।**
**परिशुष्कं स्थितं स्निग्धं रोचनं तर्पणं गुरु ॥११४॥**

रस हालेर पकाएको मासुलाई सरस मांस भनिन्छ । भीरमा उनेर पकाइएको मासुलाई शूल्यमांस भनिन्छ । भुटेको मासु (परिशुष्क) चिल्लो, रुचिप्रद, तृप्तिदायक र पचाउन कठिन हुन्छ ।

**बलमेधाग्निमांसौजः शुक्रवृद्धिकरं परम् ।**
**तदेवोल्लिप्तपिष्टत्वादुल्लिप्तं परिकीर्त्यते ॥११५॥**
**उल्लिप्तं गुरु पथ्यं तत्परिशुष्कसमं गुणैः ।**

सङ्कलनः मोहन प्रसाद सपकोटा

यसले बल, बुद्धि, पाचनशक्ति, मासु, ओज र शुक्रलाई अत्यधिक मात्रामा बढाउँदछ । यही (परिशुष्क) मासुलाई पिठोले बेरेर पकाए त्यसलाई उल्लिप्त भनिन्छ । उल्लिप्त नामक मासुको परिकार पचाउन कठिन, पथ्य र भुटुवा समान गुनिलो हुन्छ ।

## प्रदिग्ध र सरस मासु

**प्रदिग्धं वातजिद्बल्यं गुरुशुक्रविवर्धनम् ॥**
**सरसं तद्गुणं ज्ञेयं विशेषाल्लघु दीपनम् ॥११६॥**

प्रदिग्ध मासुले वातविकारलाई जित्दछ । यो बलदायक, पचाउन कठिन र शुक्रवर्धक हुन्छ । सरस मासुमा पनि यिनै गुण हुन्छ । विशेषतः यो पचाउन सहज र दीपनी हुन्छ ।

## शूल्यमांस (सेकुवा)

**प्रोतं शूलने पिशितं सौरभाद्यम्बुना बहु ॥११७॥**
**लिप्तं विधूमैरङ्गारैः पाचितं शूल्यमुच्यते ।**
**शूल्यं सर्वोत्तम मांसं लघु पथ्योत्तमं मतम् ॥११८॥**

कपूर आदि हालिएको सुगन्धित पानीमा धेरै बेरसम्म डुबाइ धुवाँ नआउने खालको आगाको भुङ्ग्रोमा भ्फारमा उनेर सेकाउँदै नडढाई पकाइएको मासुको सेकुवालाई शूल्यमांस भनिन्छ । यो सबै खालका मासुका परिकारमा उत्तम, पथ्य र पचाउन सहज हुन्छ ।

## अङ्गारप्रतप्तमांस

**अङ्गारादिषु यत्पक्वं प्रतप्तं तदुदाहृतम् ॥११९॥**

भुङ्ग्रोमा पोलिएको (वा पकाइएको) मासुलाई प्रतप्त मांस भनिन्छ ।

## किमा (पिष्टमांस)

**मांसं दाडिमसिन्धूत्थसौरभादिसमन्वितम् ।**
**पिष्ट्वा पूपादिसङ्कल्पपक्वं पिष्टमिति स्मृतम् ॥१२०॥**

दारिम, सिँधेनुन र सुगन्ध आदि मिसाई पिसेर पुवा पकाए जसरी पकाएको मासुलाई पिष्टमांस भनिन्छ ।

## भुटेको मासु (भर्जित मांस)

सङ्कलन : मोहन प्रसाद सापकोटा

**भर्जितं स्याद् घृतादौ तु भृष्ट्वा यत्साधितं पुनः ॥१२१॥**

घिउ आदिमा भुटेर पकाइने मासुलाई भर्जित मांस भनिन्छ ।

## तन्दुपक्व मांस

**मांस सौरभसंलिप्तं तन्दुपक्वं मधुप्रभम् ॥१२२॥**

सुगन्ध लेपन गरिएको मह समान चम्किलो मासुको परिकारलाई तन्दुपक्व मांस भनिन्छ ।

## प्रदिग्ध आदि मासुको गुण

**प्रदिग्धं सरसं पक्वं भर्जितं मृदुपाचितम् ।**
**प्रतप्तं परिशुष्कं च शूल्यं यच्चान्यदीदृशम् ॥१२३॥**
**मांसं तैलेन सिद्धं तद्वीर्योष्णं गुरु पित्तलम् ॥१२४॥**

प्रदिग्ध, सरस, पक्व, भर्जित, मृदुपाचित, प्रतप्त,परिशुष्क र शूल्य आदि मासुका परिकार तेलमा पकाइएका भए उष्णवीर्यको, पचाउन कठिन र पित्तविकार गराउने गुणको हुन्छ ।

**घृतपक्वं तदेव स्याल्लघु रुच्यमांपत्तलम् ।**
**अत्युष्णं वीर्यबलदं हृद्यं दृष्टिप्रसादनम् ॥१२५॥**

त्यही मासु घिउमा पकाइएको छ भने पचाउन सहज, रुचिप्रद र पित्तविकार नगर्ने गुणको हुन्छ । यस्तो मासु अति उष्णवीर्यको, वीर्यवर्धक, बलदायक, मुटुका लागि हितकर र दृष्टिशक्ति बढाउने गुणको हुन्छ ।

## तक्र आदि हालेर पकाइएको मासु

**गोरसस्नेहधान्याम्लफलाम्लकटुकादिभिः ।**
**सिद्धं मांसं भवेद्बल्यं रोचनं दीपनं गुरु ॥१२६॥**

गाईभैंसीको दूध, दही, मही आदि; चिल्लो, धान्याम्ल, फलाम्ल (अमिली, भकिअमिलो), पिरो आदि हालेर साँधिएको मासुले बल दिन्छ । यो रोचनी, दीपनी र पचाउन कठिन हुन्छ ।

## उसिनेको मासु

**मांसं चातिरसं रूक्षं सुस्विन्नं वातलं गुरु ॥१२७॥**

धेरै पानी हालेर उसिनेको मासु रुखो, वातविकार गर्ने र पचाउन कठिन हुने गुणको हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

## वेसवार

**गतास्थि मांसं सुस्विन्नं पुनर्दृषदि पेषयेत् ।**
**व्योषादिसंस्कृतं कृत्वा पचेद्भूयो घृतान्वितम् ॥**
**वेसवारोऽयमुद्दिष्टो बल्यो वातहरो गुरुः ॥१२८॥**

हाड नभएको मासुलाई राम्ररी उसिनेर सिलौटामा पिस्नू । अनि यसमा सुठो, मरिच, पिप्ला आदि हाली पुनः घिउ मिसाएर पकाउनू । यसलाई वेसवार भनिन्छ । यो बलदायक, वातविकार नाशक र पचाउन कठिन हुन्छ ।

## सौरभ

**स्विन्नमुद्गादिकल्कोऽपि वेसवारोऽपरः स्मृतः ।**
**हरिद्राव्योषसिन्धूत्थहिङ्गुधान्यकदाडिमैः ॥**
**सजाजिभिर्वेसवारः सौरभोऽयमुदाहृतः ॥१२९॥**

मुगी आदिको उमालेको धुलोलाई पनि अर्कोथरी वेसवार भनिन्छ । हलेदो, सुठो, मरिच, पिप्ला, सिँधेनुन, हिङ, धनिया, अनार र जीरा हाली बनाइएको वेसवारलाई सौरभ भनिन्छ ।

## सौरव

**मुद्गादिवेसवारेषु यथाद्रव्यगुणान्वदेत् ।**
**पिष्टमांससमुद्भूतः स्मृतो मांसरतो रसः ॥**
**सौरवः सौरसः स्यात्तु यो रसो लवणान्वितः ॥१३०॥**

मुग आदिको वेसवारमा जेजस्ता द्रव्य मिसाइएको हुन्छ त्यसैको गुनको हुन्छ भनी बताउनु पर्दछ । पिसेको मासुको रसबाट मांसरस बन्दछ । नुन हालिएकोलाई सौरव वा सौरस भनिन्छ ।

## स्वानिष्क

**संयुक्तो वेसवारेण रसः स्वानिष्कमुच्यते ॥१३१॥**

वेसवार हालिएको मासुको रसलाई स्वानिष्क भनी बताइएको छ ।

## मांसरस

**रसो हृद्यः श्रमश्वासवातपित्तक्षयापहः ।**
सङ्कलन : मोहन प्रसाद सपकोटा
**प्रीणनो व्रणयुक्तानां क्षीणानामल्परेतसाम् ॥१३२॥**

मासुको रस मुटुका लागि हितकर तथा थकाई, दम, पित्तविकार र क्षयरोग नाशक हुन्छ । यो घाउखटिरा हुनेका लागि, क्षयरोगीका लागि र अल्पवीर्य हुनेका लागि तृप्तिदायक हुन्छ ।

**विश्लिष्टभग्नसन्धीनां शुद्धानां शुद्धिकाङ्क्षिणाम् ।**
**शस्यते स्वरहीनानां दृष्ट्यायुः श्रवणार्थिनाम् ॥१३३॥**

जोर्नी अलग्गिएका वा फुस्किएकाहरूका लागि शुद्ध हुन चाहनेको शुद्धिका लागि, स्वरहीन हुनेका लागि तथा दृष्टिक्षमता, आयु र श्रवणशक्ति बढाउन चाहनेका लागि मासुको रस उत्तम पेय पदार्थ हुने गर्दछ ।

## दाडिमयुक्त मांसरस

**सदाडिमादिर्बलदोदोषघ्नस्तु कृतस्तु सः ॥१३४॥**

अनार आदि हालिएको मासुको रसले बल दिन्छ र दोषलाई नाश गर्दछ ।

## काँजी (सौवीर)

**सौवीरः प्रीणनः शीतो मुखशोषश्रमापहः ।**
**दीपनः क्लमवातघ्नः सर्वधातुविवर्द्धनः ॥१३५॥**

सौवीर तृप्तिदायक, शीतल गर्ने तथा मुख सुन्निएको र थकाई नाश गर्ने गुणको हुन्छ । यो दीपनी तथा बिना परिश्रमको थकाई र वातविकार नाशक अनि सबै किसिमका धातु वृद्धि गर्ने गुणको हुन्छ ।

## स्वानिष्क, दलिया र क्वथिता

**स्वानिष्कस्तु गुरुः पथ्यो दीप्ताग्नीनां विशेषतः ।**
**अल्पमांसादिसंयुक्तो लवणाम्बुविपाचितः ॥१३६॥**
**दलिया चणिका ज्ञेया रसाद्या लघवो मताः ।**
**तक्रादिक्वाथसम्भूता क्वथिता कथिता बुधैः ॥१३७॥**

स्वानिष्क पचाउन कठिन हुन्छ । बलियो पाचनशक्ति हुनेहरूका लागि यो पथ्य हुन्छ । थोरै मासु, नुन र पानी हाली पकाइएको खानेकुरालाई दलिया वा चणिका भनिन्छ । यसको रस आदि पचाउन सहज हुन्छ । तक्र आदि हालेर पकाइएकोलाई विद्वानहरूले क्वथिता भनी बताएका छन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

## क्वथिता

**क्वथिता पाचनी हृद्या रुच्या वह्निप्रदा लघुः ।**
**कफानिलविबन्धघ्नी किञ्चित्पित्तप्रकोपिनी ॥१३८॥**

क्वथिता पाचनी, मुटुका लागि हितकर, रुचिप्रद, पाचनशक्ति बर्धक, पचाउन सहज, तथा कफविकार, वातविकार र विबन्ध नाशक हुन्छ । यसले थोरै पित्तविकार बढाउँदछ ।

## क्वथित

**शाकं तक्रादिभिः सम्यक्साधितं क्वथितं मतम् ।**
**क्वथितं दीपनं रुच्यं वातश्लेष्मश्रमापहम् ॥**
**त्यक्त्वा स्वहेतुशाकस्य गुणानेतद्गुणं भवेत् ॥१३९॥**

तक्र आदि हाली राम्ररी पकाइएको सागलाई क्वथित मानिएको छ । यो दीपनी, रुचिप्रद तथा वातविकार, कफविकार र थकाई नाशक हुन्छ । मसला आदि हालेर पकाइएको सागले आफ्नो स्वाभाविक (कारणजन्य) गुण छाडी जेजस्ता मसला हालिएको छ त्यही मसलाका गुणको हुन पुग्दछ ।

## पापड (पर्पट)

**पर्पटा लघवो रुच्या लघीयान् क्षारपर्पटः ॥१४०॥**

पापड पचाउन सहज हुन्छ । यसले रुचि बढाउँदछ । क्षार (नुनिलो) पापड पचाउन अति नै सहज हुन्छ ।

## पिना

**पिण्याकस्तिलकिट्टः स्यात्पललं तिलपिष्टकम् ।**
**पिण्याको लघुरूक्षश्च विष्टम्भी दृष्टिदूषणः ॥१४१॥**

पिण्याक, तिलकिट्ट, पलल र तिलपिष्टक : यी तिलको पिनाका संस्कृत पर्यायवाची नामहरू हुन् । यो पचाउन सहज, रुखो, कब्जियत गराउने र दृष्टिदोष बढाउने गुणको हुन्छ ।

## तिलको छोप

**पललं बृंहणं स्निग्धं कफपित्तकरङ्गुरु ॥१४२॥**

तिलको छोप पौष्टिक, चिल्लो तथा कफविकार र पित्तविकार बढाउने एवं पचाउन कठिन हुने गुणको हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सपकोटा

**द्रव्यकालक्रियायोगदेहादीनि विचार्य तु ।**
**अन्येषामप्यनुक्तानामेषामपि गुणान् वदेत् ॥१४३॥**

जे कुराका बारेमा यहाँ बताइएको छैन तिनका बारेमा औषधीय गुण, समय, कर्म, योग, शारीरिक अवस्था आदि विचार गरी गुणदोषका बारेमा बताउनु पर्दछ ।

## पुष्पिका

**इति श्रीमदनपालविरचिते मदनविनोदे (मदनपालनिघण्टौ) धान्यकृतान्नादिनामैकादशो वर्गः ॥**

मदनपालले रचना गरेको मदनपाल निघण्टु अन्तर्गत धान्यकृतान्नादि नामक एघारौँ वर्गको नेपाली भावानुवाद पूर्ण भयो ॥

## अथ मांसवर्ग

### प्रार्थना

**मुखेन्दुपद्मप्रतिबाधलुब्धविधुन्तुदालिभ्रममादधानम् ।**
**लक्ष्मीकपोलप्रतिबिम्बिताङ्गं नीलाब्जनीलं कलयामि तेजः ॥१॥**

लक्ष्मीको मुखरूपी चन्द्रमाका बाधक राहुका अथवा लक्ष्मीका मुखरूपी कमलमा लोभिने भमरालाई भ्रम दिने तथा लक्ष्मीका गालामा प्रतिबिम्बित अङ्गभएका यस्ता नीलकमल जस्ता नीलरूपी तेजलाई म स्मरण गर्दछु ।

### हात्ती

**हस्ती मतङ्गजो दन्ती मतङ्गोऽनेकपः करी ।**
**सिन्धुरः कुञ्जरः पद्मी वारणो द्विरदो द्विपः ॥२॥**
**इभो दन्तावलो नागः कुम्भी स्तम्बेरमो गजः ।**
**हस्तिनी धेनुका प्रोक्ता करेणुः करिणी च सा ॥**
**हस्ती कफानिलौ हन्यादुष्णपित्तास्रकोपनः ॥३॥**

सङ्कलन : मोहन प्रसाद सापकोटा

हस्ती, मतङ्गज, दन्ती, मतङ्ग, अनेकप, करी, सिन्धुर, कुञ्जर, पद्मी, वारण, द्विरद, द्विप, इभ, दन्तावल, नाग, कुम्भी, स्तम्बेरम र गज : यी हात्तीका संस्कृत पर्यायवाची नामहरू हुन् । हात्तीको मासुले कफविकार र वातविकार नाश गर्दछ । यो उष्णवीर्यको हुन्छ । यसले रक्तपित्तलाई दूषित बनाउँदछ ।

### घोडा

**घोटकः सैन्धवो वाजी तुरङ्गस्तुरगो हयः ।**
**तुरङ्गमोऽश्वो गन्धर्वो वाहः सप्तिर्यजुर्जवी ॥४॥**

घोटक, सैन्धव, वाजी, तुरङ्ग, तुरग, हय, तुरङ्गम, अश्व, गन्धर्व, वाह, सप्ति, यजु र जवी : यी घोडाका संस्कृत पर्यायवाची नामहरू हुन् ।

**घोटिका वडवा वामी प्रसूताऽश्वा च वाजिनी ।**
**घोटकः कटुकः पाके दीपनः कफपित्तकृत् ॥५॥**
**वातहृद्बृंहणो बल्यश्चक्षुष्यो मधुरो लघुः ॥६॥**

घोटिका, वडवा, वामी, प्रसूता, अश्वा र वाजिनी : यी घोडीका संस्कृत पर्यायवाची नामहरू हुन् । घोडाको मासु पचेपछि पिरो हुन्छ । यो दीपनी, कफविकार गर्ने, पित्तविकार गर्ने, वातविकार नाशक, पौष्टिक, बलदायक, आँखाका लागि हितकर, गुलियो र पचाउन सहज हुन्छ ।

**खच्चड**

**तज्जो घोटचामश्वतरः शीघ्रवेगोऽङ्गपूजितः ।**
**बल्यमाश्वतरं मांसं बृंहणं कफपित्तलम् ॥७॥**

अश्वतर, शीघ्रवेग र अङ्गपूजित : यी खच्चडका संस्कृत पर्यायवाची नामहरू हुन् । खच्चडको मासु बलदायक, पौष्टिक तथा कफविकार र पित्तविकार बढाउने गुणको हुन्छ ।

**उँट**

**उष्ट्रः क्रमेलको वक्रग्रीवः शाखाशनो मयः ।**
**शृङ्खलः करभो दीर्घजङ्घो धूम्रो मरुत्प्रियः ॥८॥**

उष्ट्र, क्रमेलक, वक्रग्रीव, शाखाशन, मय, शृङ्खल, करभ, दीर्घजङ्घ, धूम्र र मरुत्प्रिय : यी उँटका संस्कृत पर्यायवाची नामहरू हुन् ।

**उष्ट्रमांसं लघु स्वादु चक्षुष्यमनिलापहम् ।**
**उष्ट्रमांसं प्रशमनं मेदसः कफपित्तदम् ॥९॥**

सङ्कलन : मोहन प्रसाद सपकोटा

उँटको मासु पचाउन हलुका, स्वादिलो, आँखाका लागि फाइदाजनक, वातविकार नाशक, भित्री बोसोविकार शान्त पार्ने तथा कफविकार र पित्तविकार बढाउने गुणको हुन्छ ।

**गधा**

**गर्दभो रासभो भारवाही दूरगमः खरः ।**
**गार्दभं पित्तलं बल्यं बृंहणं कफपित्तकृत् ॥**
**कटु पाके लघु श्रेष्ठं तस्माद्वन्यखरोद्भवम् ॥१०॥**

गर्दभ, रासभ, भारवाही, दूरगम र खर : यी गधाका संस्कृत पर्यायवाची नामहरू हुन् । गधाको मासुले पित्तविकार बढाउँदछ, बल दिन्छ, पौष्टिक हुन्छ तथा कफविकार र पित्तविकार बढाउँदछ । यो पचेपछि पिरो र पचाउन सहज हुने गुणको हुन्छ । योभन्दा वनगधाको मासु उत्तम हुन्छ ।

**भैंसी**

**महिषः सौरभः शृङ्गी वाहवैरी घनाघनः ।**
**कासरो गवलो दंशी लुलायः कालवाहनः ॥११॥**

माहिष, सैरभ, शृङ्गी, वाहवैरी, घनाघन, कासर, गवल, दशी, लुलाय र कालवाहन : यी भैंसीका संस्कृत पर्यायवाची नामहरू हुन् ।

**माहिषं मधुरं मांसं स्निग्धोष्णं वातनाशनम् ।**
**निद्रारेतोबलस्तन्यतनुदार्ढ्यकरं गुरु ॥**
**तद्वदारण्यजं विद्याद्विशेषाच्छोषिणे हितम् ॥१२॥**

भैंसीको मासु मिठो, चिल्लो, उष्णवीर्यको, वातविकार नाशक तथा निद्रा, वीर्य, बल, दूध र शारीरिक दृढता बढाउने गुणको हुन्छ । यो पचाउन कठिन हुन्छ । अर्नाको मासुमा पनि यिनै गुण हुन्छन् । यो विशेषगरी सुकेनासका रोगीलाई हितकर हुन्छ ।

## भालु र गैंडा

**ऋक्षाऽच्छभल्लभल्लूकाः खड्गी खड्गश्च गण्डकः ।**
**ऋक्षः स्निग्धो गुरुर्वृष्यः स्वादूष्णः पवनापहः ॥१३॥**

ऋक्ष, अच्छ, भल्ल र भल्लूक : यी भालुका तथा खड्गी, खड्ग र गण्डक : यी गैंडाका संस्कृत पर्यायवाची नामहरू हुन् । भालुको मासु चिल्लो, पचाउन कठिन, वीर्यवर्धक, स्वादिलो, उष्णवीर्यको र वातविकार नाशक हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

## गैंडा

**गण्डको बहुविण्मूत्रे पवित्रोनिलनाशनः ॥१४॥**

गैंडाको मासुले अति नै दिसापिसाब उत्पन्न गराउँदछ । यो पवित्र हुन्छ । यसले वातविकार नाश गर्दछ ।

## सिंह र शार्दूल

**सिंहः पञ्चाननो दृप्तो मृगेन्द्रः केसरी हरिः ।**
**शार्दूलः स्यात्पञ्चनखो मृगनाथः सकृत्प्रजः ॥१५॥**
**सिंहशार्दूलयोर्मांसमुष्णं वाताक्षिरोगजित् ॥१६॥**

सिंह, पञ्चानन, दृप्त, मृगेन्द्र, केसरी र हरि : यी सिंहका तथा शार्दूल, पञ्चनख, मृगनाथ र सकृत्प्रज : यी शार्दूलका संस्कृत पर्यायवाची नामहरू हुन् । सिंह र शार्दूलको मासु उष्णवीर्यको तथा वातविकार र आँखाका रोग नाशक हुन्छ ।

## बाघ

**व्याघ्रोमृगारिर्मृगहा व्यालो भीमपराक्रमः ॥१७॥**

व्याघ्र, मृगारि, मृगहा, व्याल र भीमपराक्रम : यी बाघका संस्कृत पर्यायवाची नामहरू हुन् ।

## चितुवा

**चित्रको वेगवांश्चित्री द्वीपी स्याद्दीर्घदंष्ट्रकः ॥१८॥**

चित्रक, वेगवान्, चित्री, द्वीपी र दीर्घदंष्ट्रक : यी चितुवाका संस्कृत पर्यायवाची नामहरू हुन् ।

## ब्वाँसो र हुँडार

**वृकदेहो वृकः कोकस्तरक्षुस्तु मृगादनः ॥१९॥**

वृकदेह, वृक र कोक : यी ब्वाँसोका तथा तरक्षु र मृगादन : यी हुँडारका संस्कृत पर्यायवाची नामहरू हुन् ।

## कुकुर

सङ्कलन : मोहन प्रसाद सापकोटा

**कुक्कुरः शुनकः श्वा स्यात्कौलेयः शुनकः शुनः ।**
**सारमेयः कृतज्ञश्च भक्षणो (भषणः) मृगदंशकः ॥२०॥**

कुक्कुर, शुनक, श्वा, कौलेय, शुन, सारमेय, कृतज्ञ, भक्षण (भषण) र मृगदंशक : यी कुकुरका संस्कृत पर्यायवाची नामहरू हुन् ।

## बाघ, चितुवा आदिको मासुको गुण

**व्याघ्रचित्रतरक्षुश्ववृकाणां पललं गुरु ।**
**उष्णं वातहरं स्वर्यं हितमक्षिविकारिणाम् ॥२१॥**

बाघ, चितुवा, भालु, कुकुर र ब्वाँसोको मासु पचाउन कठिन, उष्णवीर्यको, वातविकार नाशक, स्वरका लागि हितकर र आँखाका रोगीका लागि हितकर हुन्छ ।

## सुँगुर

**सूकरो रोमशः पोत्री कोलो घोणिः किरिः किटिः ।**
**दंष्ट्री क्रोष्टा चोर्ध्वरोमा भूदारश्च वराहकः ॥२२॥**

**सौकरं पिंशितं स्वादु बल्यं वातापहं गुरु ।**
**स्निग्धोष्णं शुक्रलं रुच्यं निद्रास्थूलत्वदार्ढ्यकृत् ॥२३॥**

सूकर, रोमश, पोत्री, कोल, घोणि, किरि, किटि, दंष्ट्री, क्रोष्टा, ऊर्ध्वरोमा, भूदार र वराहक : यी सुँगुरका संस्कृत पर्यायवाची नामहरू हुन् । सुँगुरको मासु स्वादिलो, बलदायक, वातविकार नाशक, पचाउन कठिन, चिल्लो, उष्णवीर्यको, शुक्रवर्धक, रुचिप्रद, निद्राजनक, मोटो बनाउने र सुदृढ बनाउने गुणको हुन्छ ।

## बाख्रापाठा

**छागी गलस्तनी मण्डा सर्वभक्ष्या त्वजा भृजा ।**
**वर्करश्छागलश्छागो बस्तेयः कालकः पशुः ॥२४॥**

छागी, गलस्तनी, मण्डा, सर्वभक्ष्या, अजा र भृजा : यी बाख्रीका तथा वर्कर, छागल, छाग, बस्तेय र कालक पशु : यी बोकाका संस्कृत पर्यायवाची नामहरू हुन् ।

**छागमांसं गुरु स्निग्धं लघु पक्वं त्रिदोषजित् ।**
**अदाहि बृंहणं नातिशीतं पीनसनाशनम् ॥**
**देहधातुसमानत्वादनभिष्यन्दि बृंहणम् ॥२५॥**

सङ्कलन : मोहन प्रसाद सापकोटा

बोकाको मासु पचाउन कठिन, चिल्लो, पकाएपछि पचाउन सहज, त्रिदोषनाशक, डाह नगर्ने, पौष्टिक, धेरै ठण्डी नगर्ने, पिनास नाशक, शरीर र धातुलाई समान अवस्थामा राख्ने हुनाले अभिष्यन्दि नहुने र धातुलाई पुष्ट पार्ने गुणको हुन्छ ।

## भेडा

**मेषो भेडी हुडो मेढ्र उरभ्र उरणोऽविकः ।**
**ऊर्णायुरेडको वृश्चिर्मेदपुच्छस्तु दुम्बुकः ॥२६॥**
**मेषमांसं गुरु स्निग्धं बल्यं पित्तकफप्रदम् ।**
**मेदः पुच्छामिषं वृष्यं कफपित्तकरं गुरु ॥२७॥**

मेष, भेडी, हुड, मेढ्र, उरभ्र, उरण, अविक, ऊर्णायु, एडक, वृश्चि, मेदपुच्छ र दुम्बुक : यी भेडाका संस्कृत पर्यायवाची नामहरू हुन् । भेडाको मासु पचाउन कठिन, चिल्लो, बलदायक, पित्त र कफ बढाउने गुणको तथा पुच्छरमा बोसो हुने भेडाको मासु वीर्यवर्धक, कफ र पित्त बढाउने र पचाउन कठिन हुने गुणको हुन्छ ।

## हरिण, कालो मृग आदि

**हरिणस्ताम्रवर्णः स्यात्कुरङ्गश्चारुलोचनः ।**
**सारङ्गोऽजिनयोनिश्च वातायुश्चपलो मृगः ॥२८॥**

**एणः कृष्णोऽपरः कृष्णकुरङ्गः कृष्णसारकः ।**
**एणमांसं हिमं रुच्यं ग्राहि दोषत्रयापहम् ॥२९॥**
**षड्रसं बलदं पथ्यं लघु हृद्यं ज्वरास्रजित् ॥३०॥**

हरिण र ताम्रवर्ण : यी हरिणका तथा कुरङ्ग, चारुलोचन, सारङ्ग, अजिनयोनि, वातायु, चपल र मृग : यी कालोमृगका संस्कृत पर्यायवाची नामहरू हुन् । अर्को कालो मृगलाई एण भनिन्छ । अन्य कृष्णकुरङ्ग, कृष्णसार नामका मृग पनि हुन्छन् । मृगको मासु शीतल गर्ने, रुचिप्रद, दिसा गोटा पार्ने र त्रिदोष नाश गर्ने गुणको हुन्छ । यो मासु छ रस भएको, बलदायक, पथ्य, पचाउन सहज, मुटुका लागि हितकर तथा जरो र रक्तविकारलाई जित्ने गुणको हुन्छ ।

## बराँठ मृग (गोकर्ण, शम्बर)

**गोकर्णोऽविकटः शृङ्गी विड्बद्धोऽन्यस्तु शम्बरः ।**
**गोकर्णशम्बरौ शीतौ गुरु स्निग्धौ कफप्रदौ ॥**
**रसे पाके च मधुरौ रक्तपित्तविनाशनौ ॥३१॥**

गोकर्ण, अविकट, शृङ्गी, विड्बद्ध र शम्बर : यी गोकर्ण र शम्बर मृगका नामहरू हुन् । यिनको मासु शीतल गर्ने, पचाउन कठिन, चिल्लो, कफविकार गराउने, शुरुमा र पचेपछि मिठो स्वादका तथा रक्तपित्त नाशक हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

## नीलगाई (गवय)

**रूक्षो मीलाण्डको नीलो गवयश्चारुदर्शनः ।**
**गवयो मधुरो वृष्यः स्निग्धोष्णः कफपित्तलः ॥३२॥**

रूक्ष, मीलाण्डक, नील, गवय र चारुदर्शन : यी नीलगाईका संस्कृत पर्यायवाची नामहरू हुन् । यसको मासु गुलियो, वीर्यवर्धक, चिल्लो, उष्णवीर्यको तथा कफ र पित्त बढाउने गुणको हुन्छ ।

## कस्तूरीमृग, मुण्डनीमृग

**कस्तूरी हरिणी गन्धी मुण्डनी मृगमातृका ।**
**कस्तूरी हरिणः स्वादुर्बद्धविड् दीपनो लघुः ॥३३॥**
**मुण्डनी ज्वरकासास्रक्षयश्वासापहा हिमा ॥३४॥**

कस्तूरी, हरिणी, गन्धी, मुण्डनी र मृगमातृका : यी कस्तूरीमृगका वा मुण्डनीमृगका संस्कृत पर्यायवाची नामहरू हुन् । कस्तूरीमृगको मासु स्वादिलो, दिसालाई कस्ने, पाचनशक्ति बढाउने र पचाउन हलुका हुने गुणको हुन्छ । मुण्डनी (मुडुली वा पोथी मृग ?) मृगको मासुले जरो, खोकी, रक्तविकार, क्षयरोग र दम नाश गर्दछ र शीतल गर्दछ ।

## चित्तल (कृतमाल) र छिक्कार

**कृतमालो वर्णचरः पृषतो बिन्दुचित्रकः ।**
**वातप्रमीर्वातमृगश्छिक्कारः कृष्णपुच्छकः ॥३५॥**

कृतमाल, वर्णचर, पृषत र बिन्दुचित्रक : यी चित्तलका तथा वातप्रमी, वातमृग, छिक्कार र कृष्णपुच्छक : यी छिक्कारका संस्कृत पर्यायवाची नामहरू हुन् ।

**कृतमालादिजं मांसं मधुरं ग्राहि दीपनम् ।**
**हृद्यं शीतं लघु श्वासज्वरदोषत्रयास्रजित् ॥३६॥**

चित्तल र छिक्कारको मासु मिठो, ग्राहि, दीपनी, मुटुका लागि हितकर, शीतल गर्ने, पचाउन सहज तथा दम, जरो, त्रिदोष र रक्तविकारलाई जित्ने गुणको हुन्छ ।

## रुरु आदि मृग

**रुरुः शरन्मुक्तमृगो न्यङ्कुर्बहुविषाणकः ।**
**रुरोर्मांसं गुरु स्वादु वृष्यं पित्तानिलापहम् ॥**
सङ्कलन : मोहन प्रसाद सापकोटा
**न्यङ्कुः स्वादुर्लघुर्बल्यो वृष्यो दोषत्रयापहः ॥३७॥**

रुरु, शरन्मुक्तमृग, न्यङ्कु र बहुविषाणक : यी रुरुमृगका संस्कृत पर्यायवाची नामहरू हुन् । रुरुको मासु पचाउन कठिन, स्वादिलो, वीर्यवर्धक तथा पित्तविकार र वातविकार नाशक हुन्छ । न्यङ्कु मृग (जरायो) स्वादिलो र पचाउन सहज हुन्छ । यसले बल दिन्छ र त्रिदोषलाई नाश गर्दछ ।

## खरायो र शरभ

**शशः शूली रोमकर्णो लम्बकर्णो बिलेशयः ।**
**शशः शीतो लघुः स्वादुर्ग्राही पथ्योऽग्निदीपनः ॥**
**सन्निपातज्वरश्वासरक्तपित्तकफापहः ॥३८॥**

शश, शूली, रोमकर्णे, लम्बकर्ण र बिलेशय : यी खरायोका संस्कृत पर्यायवाची नामहरू हुन् । खरायोको मासु शीतल गर्ने, पचाउन सहज, स्वादिलो, ग्राहि, पथ्य, पाचनशक्ति बर्धक तथा सन्निपात जरो, दम, रक्तपित्त र कफविकार नाशक हुन्छ ।

**काश्मीरदेशेशरभोऽष्टपात्स्यादुत्साहयुक्तश्चतुरूर्ध्वपादः ।**
**उष्ट्रप्रमाणः समहाविषाणः ख्यातो वनस्थः स मृगो महाख्यः ॥३९॥**

काश्मिर भन्ने देशमा आठ खुट्टा, अति चलाख, माथितिर चारखुट्टा भएको, उँटजस्तो, धेरै ठूला सिङ हुने र बनमा बस्ने एकथरी महामृग हुन्छ त्यसलाई शरभ भनिन्छ ।

## दुम्सी

**शल्लकः शललौ श्वाविन्मेधा स्यात्सूचिनी खरा ।**
**शल्लकः श्वासकासास्रशोफदोषत्रयापहः ॥४०॥**

शल्लक, शलली, श्वावित्, मेधा, सूचिनी र खरा : यी दुम्सीका संस्कृत पर्यायवाची नामहरू हुन् । यसको मासुले दम, खोकी, रक्तविकार, सुजन र त्रिदोष नाश गर्दछ ।

## गोहोरो

**गोधा तथैव विज्ञेया विशेषद्बलवर्द्धिनी ॥४१॥**

गोहोरोको मासुमा पनि यिनै गुण हुन्छन् । यसले विशेषगरी बल बढाउँदछ ।

## बिरालो र न्याउरीमुसो

सङ्कलन : मोहन प्रसाद सापकोटा

**बिडालकस्तु मार्जारो (पृ-वि)वृषदंशक आखुभुक् ।**
**नकुलः पिङ्गलो बभ्रुः सर्पारिः सर्पभक्षकः ॥४२॥**

बिडाल, मार्जार, विषदंशक र आखुभुक् : यी  बिरालोका तथा नकुल, पिङ्गल, बभ्रु, सर्पारि र सर्पभक्षक : यी न्याउरीमुसोका संस्कृत पर्यायवाची नामहरू हुन् ।

**मार्जारो मधुरः स्निग्धो वीर्योष्णः कफवातजित् ।**
**कृशताश्वासकासघ्नो नकुलोऽपि समो गुणैः ॥४३॥**

बिरालोको मासु गुलियो, चिल्लो, उष्णवीर्यको तथा कफविकार र वातविकारलाई जित्ने गुणको हुन्छ । यसले दुब्लोपन, दम र खोकी नाश गर्दछ । न्याउरीमुसोको मासुमा पनि यही गुण हुन्छ ।

## वानर

**वानरो मर्कटः कीशो वनौकाश्च वलीमुखः ।**
**हरिः शाखामृगः प्लावी प्लवङ्गः प्लवगः कपिः ॥**
**वानरः पवनश्वासमेदः पाण्डुक्रिमीञ्जयेत् ॥४४॥**

वानर, मर्कट, कपिश, वनौकस्, वलीमुख, हरि, शाखामृग, प्लावी, प्लवङ्ग, प्लवग र कपि : यी वानरका संस्कृत पर्यायवाची नामहरू हुन् । बाँदरको मासुले वातविकार, दम, भित्रीबोसोको विकार, पाण्डु र कीरालाई पनि जित्दछ ।

## स्याल

**शृगालो जम्बुकः फेरुर्गोमायुः फेरवः शिवः ।**
**शिवेशो वञ्चकः क्रोष्टुर्नेपालः स्वल्पजम्बुकः ॥**
**शृगालो बलदो वृष्यः सर्ववातक्षयापहः ॥४५॥**

शृगाल, जम्बुक, फेरु, गोमायु, फेरव, शिक शिवेश, वञ्चक, क्रोष्टु, नेपाल र स्वल्पजम्बुक : यी स्यालका संस्कृत पर्यायवाची नामहरू हुन् । स्यालको मासु बलदायक, वीर्यवर्धक, सबै खालका बातरोग नाशक र क्षयरोग नाशक हुन्छ ।

## मुसा

**मूषकः खनकः स्तेयी वृष उन्दुरुराखुकः ।**
**मूषको बद्धविण्मूत्रो बल्यो वृष्योऽनिलापहः ॥४६॥**

सङ्कलन : मोहन प्रसाद सापकोटा

मूषक, खनक, स्तेयी, वृष, उन्दुरु र आखुक : यी मुसाका संस्कृत पर्यायवाची नामहरू हुन् । मुसाको मासुले दिसापिसाब रोक्दछ । यो मासु बलदायक, वीर्यवर्धक र वातविकार नाशक हुन्छ ।

## पक्षि

**पक्षी विहङ्गमः पत्री शकुन्तिर्विहगः खगः ।**
**अण्डजो विः पत्ररथः पतत्त्री शकुनिर्द्विजः ॥४७॥**

पक्षी, विहङ्गम, पत्री, शकुन्ति, विहग, खग, अण्डज, वि, पत्ररथ, पतत्त्री शकुनि र द्विज : यी चराका संस्कृत पर्यायवाची नामहरू हुन् ।

## तित्रो

**तित्तिरिश्चित्रपक्षः स्यात्कृष्णो गौरः कपिञ्जलः ।**
**तित्तिरिर्वर्णदो ग्राही हिक्कादोषत्रयापहः ॥**
**श्वासकासहरः पथ्यस्तस्माद्गौरोऽधिको गुणैः ॥४८॥**

तित्तिर, चित्रपक्ष (कालो) र कपिञ्जल (सेतो) : यी तित्रोका संस्कृत पर्यायवाची नामहरू हुन् । तित्रोको मासुले शरीरको वर्णमा निखार लेराउँदछ । यो ग्राही हुन्छ । यसले बाडुली र त्रिदोष नाश गर्दछ । तित्राको मासुले दम र खोकी नाश गर्दछ । यो पथ्य हुन्छ । दुई थरी तित्रोमध्ये सेतो तित्रोको मासु बढी गुनिलो हुन्छ ।

## भाले बट्टाई

**वर्तिरो वर्तिका चित्रस्ततोऽल्पवर्तिका मता ।**
**वर्तिरोऽग्निकरः शीतो ज्वरदोषत्रयापहः ॥४९॥**

वर्तिर, वर्तिका, चित्र र अल्पवर्तिका यी बट्टाई चराका संस्कृत पर्यायवाची नामहरू हुन् । बट्टाईको मासु पाचनशक्ति वर्धक, शीतल गर्ने तथा जरो र त्रिदोष नाश गर्ने गुणको हुन्छ ।

## लाभे चरो

**लावश्चित्रश्चित्रतनुः स चतुर्द्धा मतो बुधैः ।**
**पांशुलो गैरिकोऽन्यतु पौण्ड्रको दर्भरस्तथा ॥५०॥**

लाव, चित्र र चित्रतनु : यी लाभे चराका संस्कृत पर्यायवाची नामहरू हुन् । पांशुल, गैरिक, पौण्ड्रक र दर्भर गरी यसका चार जात हुन्छन् भनी विद्वानहरूले बताएका छन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

**लावा हृद्याः हिमाः स्निग्धा ग्राहिणो वह्निप्रदीपनाः ।**
**पांशुलः श्लेष्मलस्तेषां वीर्योष्णोऽनिलनाशनः ॥५१॥**

लाभे चराको मासु मुटुका लागि हितकर, शीतल गर्ने, चिल्लो, ग्राहि र पाचनशक्ति बढाउने गुणको हुन्छ । पांशुल जातको लाभे चराको मासुले कफविकार गर्दछ । यो उर्ष्णवीर्यको र वातविकार नाशक हुन्छ ।

**गैरिकः कफवातघ्नो रूक्षो वह्निप्रदः परम् ।**
**पौण्ड्रकः पित्तकृत्किञ्चिल्लघुः श्लेष्मानिलापहः ॥५२॥**

गैरिकको मासु कफविकार र वातविकार नाशक, रुखो र अति नै पाचनशक्ति बढाउने गुणको हुन्छ । पौण्ड्रकको मासु केही पित्तविकार बढाउने, पचाउन सहज तथा कफविकार र वातविकार नाशगर्ने गुणको हुन्छ ।

**दर्भरोरक्तपित्तघ्नो हृदामयहरो हिमः ॥५३॥**

दर्भरको मासुले रक्तपित्त र मुटुका रोग नाश गर्दछ । यसले शीतल गर्दछ ।

## भँगेरो

**चटकः कलविङ्कः स्यादन्यो ग्राम्यस्तु पुण्ड्रकः ।**
**चटकः शीतलः स्निग्धः स्वादुः शुक्रकफप्रदः ॥**
**सन्निपातहरो वेश्मचटकः शुक्रलः परम् ॥५४॥**

चटक र कलविङ्क : यी भँगेराका संस्कृत पर्यायवाची नामहरू हुन् । अर्को गाउँघरतिर हुने भँगेरालाई पुण्ड्रक भनिन्छ । भँगेराको मासु शीतल गर्ने, चिल्लो, स्वादिलो, शुक्रवर्धक, कफवर्धक र सन्निपात नाशक हुन्छ । घर-भँगेराको मासु अति नै वीर्यवर्धक हुन्छ ।

## बट्टाई विशेष

**वार्तिको मधुरः शीतः सरूक्षः कफपित्तनुत् ॥५५॥**

बट्टाईको मासु गुलियो, शीतल गर्ने, रुखो तथा कफविकार र पित्तविकार नाशक हुन्छ ।

## परेवा आदि

**पारावतः कलरवो मञ्जुघोषो मदोत्कटः ।**
**कपोतो घुघुकृत्पाण्डुरन्यः काणः कपोतकः ॥५६॥**

सङ्कलन : मोहन प्रसाद सपकोटा

पारावत, कलरव, मञ्जुघोष र मदोत्कट : यी पारावतका तथा कपोत, घुघुकृत्, पाण्डु, काण र कपोतक : यी कपोतका संस्कृत पर्यायवाची नामहरू हुन् ।

**पारावतो गुरुः स्निग्धो रक्तपित्तानिलापहः ।**
**सङ्ग्राही शुक्रलः शीतः कपोतोऽपि समो गुणैः ॥**
**किञ्चिल्लघुः परं कामः कपोतः सर्वदोषकृत् ॥५७॥**

पारावतको मासु पचाउन कठिन, चिल्लो तथा रक्तपित्त र वातविकार नाशक हुन्छ । यो ग्राहि, शुक्रवर्धक र शीतल गर्ने गुणको हुन्छ । कपोतको मासुमा पनि यिनै गुण हुन्छन् । सानो जातको परेवाको मासु केही पचाउन हलुका हुन्छ तर सबै दोष उत्पन्न गर्दछ ।

## मयूर

**मयूरश्चन्द्रकः केकी मेघरावो भुजङ्गभुक् ।**
**शिखी शिखावलो बर्ही शिखण्डी निलकण्ठकः ॥५८॥**
**शुक्लापाङ्गः कलापी च मेघनादस्तु लासकः ।**

**मयूरो बृंहणः श्रोत्रांशिरोरुग्वातशोषांजत् ॥५९॥**

मयूर, चन्द्रक, केकी, मेघराव, भुजङ्गभुक्, शिखी, शिखावल, बर्ही, शिखण्डी, नीकण्ठक, शुक्लापाङ्ग, कलापी, मेघनाद र लासक : यी मुजुरका संस्कृत पर्यायवाची नामहरू हुन् । मुजुरको मासु पौष्टिक हुन्छ । यसले कानका रोग, टाउकाका रोग, वातविकार र सुजनलाई जित्दछ ।

**उष्णो बलायुर्मेधाग्निकेशदृग्वरवर्णदः ।**
**सेव्यं मयूरजं मांसं हेमन्ते शिशिरे मधौ ॥**
**न शरद्ग्रीष्मयोः पथ्यं वर्षास्वप्यहिभक्षणात् ॥६०॥**

यो मासु गर्मी गर्ने तथा बल, आयु, दिमागको ग्रहण गर्ने क्षमता, पाचनशक्ति, दृष्टिक्षमता र वर्णदायक हुन्छ । मयुरको मासु हेमन्त, शिशिर र वसन्त ऋतुमा मात्र खानू । शरद् र ग्रीष्म ऋतुमा यो पथ्य हुँदैन । वर्षा ऋतुमा सर्प खाने हुनाले यसको मासु पथ्य हुँदैन ।

## कुखुरो

**कुक्कुटो विकिरः शौण्डी कालज्ञश्चरणायुधः ।**
**कृकवाकुस्ताम्रचूडः स्यादन्योऽरण्यकुक्कुटः ॥६१॥**

सङ्कलन : मोहन प्रसाद सापकोटा

कुक्कुट, विकिर, शौण्डी, कालज्ञ, चरणायुध, कृकवाकु, ताम्रचूड र अन्य वनमा हुने अरण्यकुक्कुट : यी कुखुराका संस्कृत पर्ययवाची नामहरू हुन् ।

**कुक्कुटो बृंहणः स्निग्धो वीर्योष्णोऽनिलजिद्गुरुः ।**
**चक्षुष्यः शुक्रकफकृद्वन्यो रूक्षः कषायकः ॥**
**पानीयकुक्कुटः स्निग्धो बृंहणः श्लेष्मलो गुरुः ॥६२॥**

कुखुराको मासु पौष्टिक, चिल्लो, उष्णवीर्यको, वातविकारलाई जित्ने र पचाउन कठिन हुने गुणको हुन्छ । यो मासु आँखाका लागि हितकर, शुक्रवर्धक र कफवर्धक हुन्छ । वन कुखुराको मासु रुखो र टर्रो हुन्छ । पानी कुखुराको मासु चिल्लो, पौष्टिक, कफविकार बढाउने र पचाउन कठिन हुने गुणको हुन्छ ।

## सुँगा र मैना

**शुको रक्तमुखः कीरो वाग्ग्मी सुन्दरदर्शनः ।**
**सारिका रासिता दूती सुमतिः प्रियवादिनी ॥६३॥**

शुक, रक्तमुख, कीर, वाग्ग्मी र सुन्दरदर्शन : यी सुँगाका तथा सारिका, रासिता, दूती, सुमति र प्रियवादिनी : यी मैनाका संस्कृत पर्यायवाची नामहरू हुन् ।

शुकः शीतो लघुर्ग्राही क्षतकासक्षयापहः ।
रूक्षस्तद्वन्मता सारी स्निग्धा बुद्धिबलाग्निकृत् ॥६४॥

सुँगाको मासु शीतल गर्ने, पचाउन सहज, ग्राहि तथा घाउखटिरा, खोकी र क्षयरोग नाशक एवं रुखो हुन्छ । मैनाको मासुमा पनि यिनै गुण हुन्छन् । यो बढी चिल्लो तथा बुद्धि, बल र पाचनशक्ति बढाउने गुणको हुन्छ ।

## कोइली

कोकिलः कलकण्ठःस्यात्परपुष्टो वनप्रियः ।
पिकः परभृताहारी ताम्राक्षो मधुदूतकः ॥
कोकिलो दीपनो ग्राही चक्षुष्यः क्षयकासजित् ॥६५॥

कोकिल, कलकण्ठ, परपुष्ट, वनप्रिय, पिक, परभृताहारी, ताम्राक्ष र मधुदूतक : यी कोइलीका संस्कृत पर्यायवाची नामहरू हुन् । कोइलीको मासु दीपनी, ग्राही, आँखाका लागि हितकर तथा क्षयरोग र खोकीलाई जित्ने गुणको हुन्छ ।

## काग

सङ्कलन : मोहन प्रसाद सापकोटा

काको ध्वांक्षो गूढकामी बलिपुष्टः सकृत्प्रजः ।
वायसो बलिभुक्काणः करटश्चतुरो द्विजः ॥६६॥

काक, ध्वांक्ष, गूढकामी, बलिपुष्ट, सकृत्प्रज, वायस, बलिभुक्, काण, करट, चतुर र द्विज : यी कागका संस्कृत पर्यायवाची नामहरू हुन् ।

## सेतो चिल (भास)

भासः सिखावाभ्रसतो गृध्राकारो रजःप्रजः ॥६७॥

भास, सिखावाभ्रसत, गृध्राकार र रजप्रज : यी सेतो चिलका संस्कृत पर्यायवाची नामहरू हुन् ।

## काग र सेतो चिलको मासु

काकभासभवं मांसं चक्षुष्यं दीपनं लघु ।
आयुष्यं बृंहणं बल्यं क्षतदोषक्षयापहम् ॥६८॥

काग र सेतो चिलको मासु आँखाका लागि हितकर, दीपनी, पचाउन सहज, आयुवर्धक, पौष्टिक, बलदायक तथा घाउका विकार र क्षयरोग नाशक हुन्छ ।

## गिद्ध

**गृद्धः सुदृष्टः शकुनिर्वक्रदृष्टिश्च दूरदृक् ।**
**गृद्धस्य काकवन्मांसं विशेषान्नेत्ररोगजित् ॥६९॥**

गृध्र, सुदृष्ट, शकुनि, वक्रदृष्टि र दूरदृक् : यी गिद्धका संस्कृत पर्यायवाची नामहरू हुन् । गिद्धको मासुमा कागको मासुकै जस्तो गुण हुन्छ । विशेषतः यसले आँखाका रोगलाई जित्दछ ।

## हाँस

**हंसश्वेतगरुत्मन्तः सौकारक्तौ पदानहौ ।**
**राजहंसः स्मृतः कृष्णैर्धार्तराष्ट्रोऽथ मालिकः ॥७०॥**

हंस, श्वेत, गरुत्मान्, सौक, आरक्त, पद र आनह : यी हाँसका संस्कृत पर्यायवाची नामहरू हुन् । कालो पखेँटा भएको राजहंस हुन्छ । यसलाई धार्तराष्ट्र वा मालिक पनि भनिन्छ ।

**मलिनैः कलहंसस्तु पीतैः कादम्ब उच्यते ।**
**कारण्डवः प्लवो मद्गुर्वरटा हंसयोषितः ॥७१॥**

सङ्कलन : मोहन प्रसाद सापकोटा

मैला पखेँटा हुनेलाई कलहंस भनिन्छ । पहेँला पखेँटा हुनेलाई कादम्ब भनिन्छ । हाँसको पोथीलाई कारण्डव, प्लव, मद्गु वा वरटा भनिन्छ ।

**हंसः स्निग्धो गुरुर्वृष्यो वीर्योष्णः स्वरवर्णकृत् ।**
**वातास्रपित्तशमनो बृंहणो बलवह्निदः ॥७२॥**

हाँसको मासु चिल्लो, पचाउन कठिन, उष्णवीर्यको तथा स्वर र वर्णका लागि लाभदायक हुन्छ । यसले वातविकार र रक्तपित्त नाश गर्दछ । यो पौष्टिक तथा बल र पाचनशक्ति वर्धक हुन्छ ।

## सारस र चखेवा

**सारसो लक्ष्मणो रक्तमूर्द्धा स्यात्पुष्कराह्वयः ।**
**चक्रवाकः पत्ररथश्चक्रश्चक्री सुकार्मुकः ॥७३॥**
**रथाङ्गनामा कोकोऽथ कङ्कः स्याल्लोहपृष्ठकः ॥७४॥**

सारस, लक्ष्मण, रक्तमूर्द्धा र पुष्कराह्वय : यी सारसका संस्कृत पर्यायवाची नामहरू हुन् । चक्रवाक, पत्ररथ, चक्र, चक्री, सुकार्मुक, रथाङ्गनामा, कोक, कङ्क र लोहपृष्ठक : यी चखेवाका संस्कृत पर्यायवाची नामहरू हुन् ।

## बकुल्ला

**बको बकोटो धवलो बलाका बिसकण्ठिका ॥७५॥**

बक, बकोट, धवल, बलाका र बिसकण्ठिका : यी बकुल्लाका संस्कृत पर्यायवाची नामहरू हुन् ।

## गिद्धविशेष (आडि)

**आडिः शराररातिश्च विचित्रजलचारिणी ॥७६॥**

आडि, शरारि, आति र विचित्रजलचारिणी : यी चराविशेषका संस्कृत पर्यायवाची नामहरू हुन् ।

## सारस, चखेवा आदिको मासु

**चक्रकङ्कबकोटादिमांसं स्निग्धं हिमं गुरु ।**
**मधुरं सृष्टविण्मूत्रं वातपित्तास्रनाशनम् ॥७७॥**

सारस, चखेवा, बकुल्ला आदिको मासु चिल्लो, शीतल गर्ने, पचाउन कठिन, मिठो, मलमूत्र उत्पन्न गराउने तथा वातविकार र रक्तपित्त नाशक हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सपकोटा

## कृङ्कण (सारसविशेष)

**कारेडुकः ककरेडुः करकः कृङ्कणस्तथा ।**
**कृङ्कणो बृंहणो बल्यो वातपित्तहरो लघुः ॥७८॥**

कारेडुक, ककरेडु, करक र कृङ्कण : यी सारसविशेषका संस्कृत पर्यायवाची नामहरू हुन् । यसको मासु पौष्टिक, बलदायक, वातविकार नाशक, पित्तविकार नाशक तथा पचाउन सहज हुन्छ ।

## ठेउवा चरो (खञ्जरीट)

**खञ्जरीटः खञ्जनकश्चाषनामा किकीदिविः ॥७९॥**

खञ्जरीट, खञ्जनक, चाष र किकीदिवि : यी ठेउवाका संस्कृत पर्यायवाची नामहरू हुन् ।

## काकाकुल (चातक)

**चातकस्तु घनरवः सारङ्गस्तोकको भ्रमः ॥८०॥**

चातक, घनरव, सारङ्ग, तोकक र भ्रम : यी काकाकुलका संस्कृत पर्यायवाची नामहरू हुन् ।

## भद्राई (भारद्वाज)

**भारद्वाजः कक्कराटो व्याघ्राटोऽहिकुटिः परः ।**
**खञ्जरीटो भरद्वाजश्चाषः श्लेष्मानिलापहः ॥८१॥**

भारद्वाज, कक्कराट, व्याघ्राट, अहिकुटि र पर : यी भद्राईका संस्कृत पर्यायवाची नामहरू हुन् । ठेउवा र भद्राईको मासुले कफविकार र वातविकार नाश गर्दछ ।

**वातलोऽनिलपित्तघ्नो भरद्वाजः कफास्रजित् ॥८२॥**

भद्राईको मासुले वातविकार गर्दछ । यसले वातपित्त नाश गर्दछ तथा कफविकार र रक्तविकारलाई पनि जित्दछ ।

## बाज (श्येन) र चिल

**श्येनः समादनः पत्री चीरिश्चिल्ली चिरिल्लिका ।**
सङ्कलन : मोहन प्रसाद सपकोटा
**श्येनचीरीभवं मांसं प्रायो दोषकरं गुरु ॥८३॥**

श्येन, समादन र पत्री : यी बाजका तथा चीरि, चिल्ली र चिरिल्लिका : यी चीलका संस्कृत पर्यायवाची नामहरू हुन् । बाज र चील दुवैको मासु प्रायः दोषकारक र पचाउन कठिन हुन्छ ।

## लाटोकोसेरो

**उलूकः कौशिकः काकवैरी घूको निशाचरः ।**
**उलूकपललं भ्रान्तिकरं वातप्रकोपदम् ॥८४॥**

उलूक, कौशिक, काकवैरी, घूक र निशाचर : यी लाटोकोसेरोका संस्कृत पर्यायवाची नामहरू हुन् । यसको मासु भ्रमकारी तथा वातविकार गराउने गुणको हुन्छ ।

## च्याँखुरा (चकोर)

**चकोरश्चन्द्रिकापायी जीवञ्जीवः सुलोचनः ।**
**चकोरो बृंहणो बल्यः स्निग्धोष्णो वातनाशनः ॥८५॥**

चकोर, चान्द्रिकापायी, जीवञ्जीव र सुलोचन : यी च्यौंखुराका संस्कृत पर्यायवाची नामहरू हुन् । च्यौंखुराको मासु पौष्टिक, बलदायक, चिल्लो, गर्मी गर्ने र वातविकार नाशक हुन्छ ।

## कन्याङकुरुङ (क्रौञ्च) आदि

**क्रौञ्चकः पेचकोऽन्यस्तु पुच्छाधोभागलोहितः ।**
**वक्रोशः कुररोऽथान्यः कोयष्टिष्टिट्टिभस्तथा ॥८६॥**

क्रौञ्चक, पेचक, पुच्छाधोभागलोहित, वक्रोश, कुरर, कोयष्टि र टिट्टिभ : यी कन्याङकुरुङ आदिका संस्कृत नामहरू हुन् ।

**क्रौञ्चः पित्तानिलहरः पेचकः कफवातजित् ।**
**कुररः क्रौञ्चवज्ज्ञेयष्टिट्टिभोऽल्पमरुत्करः ॥८७॥**

कन्याङकुरुङ (क्रौञ्च)को मासु पित्तविकार र वातविकार नाशक हुन्छ । पेचक (उल्लूविशेष) को मासुले कफविकार र वातविकारलाई जित्दछ । कुरर (न्याहुली) को मासु क्रौञ्चकै जस्तो हुन्छ । टिट्टिभ (हुटिटयाउँ) को मासुले थोरै वातविकार गर्दछ ।

## माछाका पर्याय

सङ्कलन : मोहन प्रसाद सापकोटा

**मत्स्यो झषस्तिमिर्मीनः कण्ठी वैसारिणो द्रवः ।**
**पृथुरोमाऽभिसारः स्याद्विसारः शकुली तथा ॥८८॥**
**रक्तोदरो रक्तमुखो रोहितो मत्स्यपुङ्गवः ।**
**सहस्रदंष्ट्रः पाठीनः कृष्णवर्णो महाशिराः ॥८९॥**

मत्स्य, झष, तिमि, मीन, कण्ठी, वैसारिण, द्रव, पृथुरोमा, अभिसार, विसार, शकुली, रक्तोदर, रक्तमुख, रोहित, मत्स्यपुङ्गव, सहस्रदंष्ट्र, पाठीन, कृष्णवर्ण र महाशिरा : यी माछाका संस्कृत पर्यायवाची नामहरू हुन् ।

## माछाका जात

**शफरः क्षुद्रमत्स्यः स्यात्प्रोष्ठी तु सफरी स्मृता ।**
**नलमीनश्चिलिचिमस्तिमिः ख्यातः समुद्रजः ॥९०॥**

शफर, क्षुद्रमत्स्य, प्रोष्ठी, सफरी, नलमीन, चिलिचिम, तिमि र समुद्रज : यी माछाका जातहरू हुन् ।

## माछाको मासुका गुण

मत्स्या बलप्रदा वृष्या गुरुवः कफपित्तलाः ।
उष्णाभिष्यन्दिनः स्निग्धाः बृंहणाः पवनापहाः ॥९१॥

माछाको मासु बलदायक, वीर्यवर्धक, पचाउन कठिन तथा कफविकार र पित्तविकार बढाउने गुणको हुन्छ । माछा गर्मी गर्ने, अभिष्यन्दी, चिल्लो, पौष्टिक र वातविकार नाशक हुन्छ ।

## नदी र कुवाका माछा

नादेया बृंहणा मत्स्या गुरवोऽनिलनाशनाः ।
कौप्या वृष्याः कफाष्ठीलामूत्रकुष्ठविबन्धदाः ॥९२॥

नदीको माछा पौष्टिक, पचाउन कठिन र वातविकार नाशक हुन्छ । कुवाका माछा वीर्यवर्धक तथा कफ, अष्ठीला, पिसाब, कुष्ठ र कब्जियत गराउने गुणको हुन्छ ।

## तलाउ र झर्नाका माछा

तडागा गुरवो वृष्याः शीतला मलमूत्रदाः ।
सङ्कलन : मोहन प्रसाद सापकोटा
तडागवन्निर्झरजा बलायुर्मतिदृक्कराः ॥९३॥

तलाउका माछा पचाउन कठिन, वीर्यवर्धक, शीतल गर्ने र मलमूत्र बढाउने गुणको हुन्छ । तलाउको जस्तै गुण झर्नाको माछामा पनि हुन्छ । यसले बल, आयु, बुद्धि र दृष्टिक्षमता बढाउँदछ ।

## ताल र समुद्रका माछा

सरोजा मधुराः स्निग्धाः बल्या वातनिबर्हणाः ।
सामुद्रा गुरवो नातिपित्तलाः पवनापहाः ॥९४॥

ठूला तालका माछा मिठा, चिल्ला, बलदायक र वातविकार नाशक हुन्छन् । समुद्रका माछा पचाउन कठिन, धेरै पित्तविकार नगर्ने र वातविकार नाशक हुन्छन् ।

## नुनिलो पानी, दह र सफा पानीका माछा

तत्रापि लवणाम्भोजा ग्राहिणो दृष्टिनाशनाः ।
ह्रदोद्भवा बलकरा न तु स्वच्छजलोद्भवाः ॥९५॥

तो माछामा पनि नुनिलो पानीको माछा ग्राही र दृष्टिक्षमता नाशक हुन्छ । कुण्डका माछाले बल दिन्छ । सफा पानीमा हुने माछाले बल दिँदैन ।

## ऋतु अनुसार खान योग्य माछा

**हेमन्ते कूपजा मत्स्याः शिशिरे सारसा हिताः ।**
**मधुग्रीष्माम्बुकालेषु नदीचुङ्गीतडागजः ॥९६॥**
**शरत्सु नैर्झराः सर्वे वर्षोत्थाः सर्वदोषदाः ।**

हेमन्त ऋतुमा कुवाको, शिशिर ऋतुमा तलाउको तथा वसन्त, ग्रीष्म र वर्षा ऋतुमा नदी, झरना, ठूला तलाउको माछा हितकर हुन्छ । शरद् ऋतुमा झर्नाको माछा हितकर हुन्छ । वर्षाकालको पानीमा हुने माछाले सबै खालका दोष गर्दछ ।

## रोहु र पाठीन माछा

**रोहितः प्रवरस्तेषु नातिपित्तकरो लघुः ॥**
**काऽयानुरसो बल्यः पाठीनःश्लेष्मलो गुरुः ॥९७॥**

माछामध्येमा रोहु माछा उत्तम हुन्छ किन कि यसले धेरै पित्त विकार गर्दैन, पचाउन सहज हुन्छ, पछिल्लो रस टर्रो हुन्छ र बलदायक हुन्छ । पाठीन माछा कफविकार गर्ने र पचाउन कठिन हुने गुणको हुन्छ ।

## भुरा माछा

**क्षुद्रमत्स्याः स्वादुरसा दोषत्रयनिबर्हणाः ।**
**सूक्ष्माः परं पुंस्त्वकरा रुच्याः कासानिलापहाः ॥९८॥**

ससाना माछा स्वादिला रस भएका र त्रिदोष नाशक हुन्छन् । अति साना माछाले पुंस्त्व प्रदान गर्दछ, रुचिप्रदायक हुन्छ तथा खोकी र वातविकार नाश गर्दछ ।

## चिमचिम माछा र माछाको फुल

**त्रिदोषकृच्चिमचिमो मत्स्यो बल्यः परं मतः ।**
**मत्स्यगर्भः परं वृष्यः स्निग्धः स्थैर्यकरो गुरुः ॥**
**कफमेदःप्रदो बल्यो ग्लानिकृन्मेहनाशनः ॥९९॥**

चिमचिम जातको माछाले त्रिदोष गर्दछ तर अति बल दिन्छ । माछाको फुल अति वीर्यवर्धक हुन्छ । यो चिल्लो, उमेर स्थिर राख्ने र पचाउन कठिन हुने गुणको हुन्छ । यो कफ र भित्री बोसो बढाउने, बलदायक, ग्लानिकारक र प्रमेह नाशक हुन्छ ।

## सोंस र मकर

**शिशुमारो दृतेस्तुल्यो मकरस्तिमिदंष्ट्रकः ।**
**शिशुमारो गुरुर्वृष्यः कफकृद्वातनाशनः ॥**
**बृंहणो बलदः स्निग्धस्तद्वन्मकरमादिशेत् ॥१००॥**

शिशुमार, दृष्टितुल्य, मकर र तिमिदंष्ट्रक : यी सौँसका संस्कृत पर्यायवाची नामहरू हुन् । यसको मासु पचाउन कठिन, वीर्यवर्धक, कफविकार गर्ने र वातविकार नाश गर्ने गुणको हुन्छ । यो पौष्टिक, बलदायक र चिल्लो हुन्छ । मकरजातको गोहीको मासुमा पनि यिनै गुण हुन्छन् ।

## कछुवा

**कच्छपो गूढपात्कूर्मः कमठो दृढपृष्ठकः ।**
**कच्छपो बलदः स्निग्धो वातजित्पुंस्त्वकारकः ॥१०१॥**

कच्छप, गूढपात्, कूर्म, कमठ र दृढपृष्ठक : यी कछुवाका संस्कृत पर्यायवाची नामहरू हुन् । कछुवाको मासु बलदायक, चिल्लो, वातविकारलाई जित्ने र पुंस्त्व बढाउने गुणको हुन्छ ।

## भ्यागुतो

सङ्कलन : मोहन प्रसाद सापकोटा

**मण्डूकः पल्वगो भेको वर्षाभूर्दर्दुरो हरिः ।**
**मण्डूकः श्लेष्मलो नातिपित्तलो बलकारकः ॥१०२॥**

मण्डूक, पल्वग, भेक, वर्षाभू, दर्दुर र हरि : यी भ्यागुतोका संस्कृत पर्यायवाची नामहरू हुन् । भ्यागुतोको मासु कफविकार गर्ने, धेरै पित्तविकार नगर्ने र बलदायक हुन्छ ।

## गँगटो

**कर्कटः कुरुचिल्लः स्यात्कुलीरः षोडशाम्बिकः ।**
**कर्कटो बृंहणो वृष्यः शीतलोऽसृग्दरापहः ॥१०३॥**

कर्कट, कुरुचिल्ल, कुलीर र षोडशाम्बिक : यी गँगटोका संस्कृत पर्यायवाची नामहरू हुन् । गँगटाको मासु पौष्टिक, वीर्यवर्धक, शीतल गर्ने र रक्तप्रदर रोग नाशक हुन्छ ।

## सर्प

**सर्पो भुजङ्गोभुजगः फणी भोगी भुजङ्गमः ।**

**कुण्डांले कञ्चुकी चक्री पन्नगः पवनाशनः ॥१०४॥**
**गूढपादुरगो नागो जिह्मगश्च सरीसृपः ।**
**चक्षुःश्रवा दीर्घपृष्ठो व्याल आशीविषस्त्वहिः ॥१०५॥**
**दर्वीकरो विषधरो दन्दशूको बिलेशयः ।**
**कुम्भीनसः पृदाकुःस्याद्दंष्ट्री काकोदरी विषी ॥१०६॥**

सर्प, भुजङ्ग, भुजग, फणी, भोगी, भुजङ्गम, कुण्डलि, कञ्चुकी, चक्री, पन्नग, पवनाशन, गूढपाद, उरग, नाग, जिह्मग, सरीसृप, चक्षुःश्रवा, दीर्घपृष्ठ, व्याल, आशीविष, अहि, दर्वीकर, विषधर, दन्दशूक, बिलेशय, कुम्भीनस, पृदाकु, दंष्ट्री, काकोदरी र विषी : यी सर्पका संस्कृत पर्यायवाची नामहरू हुन् ।

## सर्पका जात

**डिण्डिभो राजिलः प्रोक्तोऽजगरो वाहसः शयुः ।**
**जलसर्पोऽलगर्दः स्यात्तिलित्सो गोनसः स्मृतः ॥१०७॥**

डिण्डिभ, राजिल, अजगर, वाहस, शयु, जलसर्प, अलगर्द, तिलित्स र गोनस : यी सर्पका जातहरू हुन् ।

## सर्पको मासु

सङ्कलन : मोहन प्रसाद सापकोटा

**सर्पाणां स्नेहनं मांसं चक्षुष्यं बृंहणं गुरु ।**
**दूषीविषक्रिमिहरं मेधाग्निबलवर्द्धनम् ॥१०८॥**

सर्पको मासु चिल्लो, आँखाका लागि हितकर, पौष्टिक, पचाउन कठिन, दूषीविष (धातुलाई बिगार्ने विषविशेष) नाशक, कीरानाशक, दिमागको ग्रहण गर्ने क्षमता बढाउने, पाचनशक्ति बढाउने र बल बढाउने गुणको पनि हुन्छ ।

## गोहोरो र गौधेरक

**गोधा घोरफटा पञ्चनखरा जनिपस्तथा ।**
**कृष्णसर्पेण गोधेयो गौधेरः सुमहागुणः ॥**
**गोधाऽग्निजननी बल्या वृष्या पित्तानिलापहा ॥१०९॥**

गोधा, घोरफटा, पञ्चनखरा र जनिप : यी गोहोरोका संस्कृत पर्यायवाची नामहरू हुन् । कालो सर्प र पोथी गोहोरोबाट जन्मने जन्तुलाई गौधेर भनिन्छ । गोहोरोको मासु पाचनशक्ति वर्धक, बलदायक, वीर्यवर्धक तथा पित्तविकार र वातविकार नाशक हुन्छ ।

## ताजा मासु

**सद्योहतं भन्जेमांसं व्याधिवारिविषे मृतम् ।**
**वयस्थमकृशं बल्यमन्यथा परिवर्जयेत्॥११०॥**

भर्खर काटिएको वा मारिएको, तरुनो र मोटो पशुपंक्षीको मासुले बल दिन्छ । रोग, जल र विषले मरेको जीवको तथा बासी मासु नखानू ।

## पशुपंक्षीको वृद्ध, बच्चा र तुहिएको गर्भको मासु

**वृद्धानां दोषलं मांसं बालानां बलदं गुरु ।**
**च्युतगर्भा गुरुर्योषिद्गर्भा गर्भवती तथा ॥१११॥**

बूढो पशुपंक्षीको मासु दोषकारक हुन्छ । ससाना (कम उमेरका) पशुपंक्षीको मासुले बल दिन्छ तर पचाउन कठिन हुन्छ । तुहिएको गर्भको मासु तथा गर्भवती पोथी पशुपंक्षीको मासु पचाउन कठिन हुन्छ ।

## आफैं मरेका जीवको मासु

**स्वयम्मृतमबल्यं स्यादतिसारकरं गुरु ॥११२॥**

सङ्कलन : मोहन प्रसाद सपकोटा

आफैं मरेको जीवजन्तुको मासुले तागत दिंदैन, दिसा लगाउँदछ र पचाउन पनि कठिन हुन्छ ।

## खान नहुने मासु

**विषाम्बुरुङ्मृतं मृत्युदोषत्रयरुजावहम्॥११३॥**

विष, पानी र रोगले मरेका जीवजन्तुको मासुले मृत्यु वा त्रिदोष वा रोग निकाल्दछ ।

## अङ्ग अनुसार मासुका गुण

**विहगेषु पुमान् श्रेष्ठः स्त्री चतुष्पादजातिषु ।**
**पश्चार्धं लघु पुंसां स्यात्स्त्रीणां पूर्वार्धमादिशेत्॥११४॥**

चरामा भालेको र चौपायामा पोथीको मासु श्रेष्ठ हुन्छ । भालेको पछिल्लो र पोथीको अघिल्लो आधा भाग मासु पचाउन सहज हुन्छ ।

## मोटो जीवको मासु

**तुल्यजातौ स्थूलदेहो महादेहेषु पूजितः ।**
**अल्पदेहेषु शस्यन्ते तथैव स्थूलदेहिनः ॥११५॥**

समान जातका ठुला शरीर हुने जीवजन्तुमध्ये मोटो शरीर हुनेको मासु श्रेष्ठ हुन्छ । साना शरीर हुने जीवजन्तुमा पनि मोटो शरीर हुने जीवकै मासु उत्तम हुन्छ ।

## सक्रिय जीवको मासु

**चेष्टावतां परं मांसमलसेभ्यो लघु स्मृतम् ।**
**देहमध्यं गुरु प्रायः सर्वेषां प्राणिनां मतम् ॥११६॥**

अल्छी जीवभन्दा सक्रिय भइरहने जीवजन्तुको मासु पचाउन सहज हुन्छ । विशेषतः सबै जीवजन्तुको बीच भागको मासु पचाउन कठिन हुन्छ ।

## चराको मासुका लागि उत्तम भाग

**पक्ष्मोत्क्षेपाद्विहङ्गानां तदेव सममुच्यते ।**
सङ्कलन : मोहन प्रसाद सपकोटा
**गुरूण्यङ्गानि सर्वेषां गलग्रीवं च पक्षिणाम् ॥११७॥**

चरामा भने परखैँटाको व्यायाम हुने कारणले बीच भागको मासु समान (उत्तम) हुन्छ । उसका अन्य सबै भाग र घाँटी पचाउन कठिन हुन्छ ।

## देशविशेषानुसार मासुको गुण

**ये मृगा विहगास्तोयदूरावासप्रचारकाः ।**
**ते नाभिष्यन्दिनः सर्वे विपरीता अतोऽन्यथा ॥११८॥**

पानीबाट टाढा बस्ने पशुपंक्षीको मासु अभिष्यन्दी हुँदैन, यस बाहेकको अभिष्यन्दी हुन्छ ।

**जलानूपभवाः सर्वे जलानूपचराश्च ये ।**
**गुरुभक्ष्या गुरुतरं तेषां मांसमुदाहृतम् ॥११९॥**

जल वा अनूप देशमा जन्मने वा घुम्ने जीवजन्तुको मासु पचाउन कठिन हुन्छ ।

**धन्वोत्पत्तिप्रचाराणां लघु स्याल्लघुभोजिनाम् ।**
**ऊरुस्कन्धोदरं मूर्द्धा पाणिपादौ कटीतथा ॥**

**पृष्ठत्वग्यकृदन्त्राांणे गुरूांणे ाहे यथोत्तरम् ॥१२०॥**

जाङ्गलदेशमा जन्मने वा घुम्ने तथा हलुका खालका खाना खाने पशुपंक्षीको मासु पचाउन सहज हुन्छ । तिघ्रा, काँध, पेट, टाउको, हात, गोडा, कम्मर, ढाड, छाला, कलेजो र आन्द्रा क्रमशः पचाउन बढी कठिन हुन्छ ।

## पुष्पिका

**॥ इति श्रीमदनपालविरचिते मदनविनोदे (मदनपालनिघण्टौ) मांसवर्गो द्वादशः ॥**

॥ मदनपालले रचना गरेको मदनपाल निघण्टु अन्तर्गत मांसवर्ग नामक बाह्रौं वर्गको नेपाली भावानुवाद पूर्ण भयो ॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

## अथ मिश्रकवर्ग

### प्रार्थना

**गोपालबालैः सह मल्लविद्यांविनोददक्षं धृतकाकपक्षम् ।**
**उपास्महे वाङ्मनसातिदूरं महः परं नीलमचिन्तनीयम् ॥१॥**

गोठालाका बच्चासँगै कुस्तीविद्या खेल्नमा चलाख, जुल्फी पाल्ने वा कपालको फित्ता लगाएका, वचान र मनभन्दा धेरै पर रहेका र चिन्तनमा नआउने यस्ता परम नीला तेजलाई (म) ध्यान गर्दछु ।

### त्रिदोष र अनुपान

**वातेऽनुपानं स्निग्धोष्णं रूक्षोष्णं श्लेष्मणि स्मृतम् ।**
**पित्ते स्निग्धं हिमं स्नेहपाने तोयमशीतलम् ॥२॥**

आफ्नो शरीरमा वायुले असर गरिरहेको छ भने खाना खाएपछि कुनै पनि शरीरलाई लाभ गर्ने तातो पेयपदार्थ पिउनु हितकर हुन्छ । कफले असर गरिरहेको छ भने रुखो र तातो पेय पदार्थ पिउनु पर्दछ । पित्तले असर गरिरहेको छ भने चिल्लो कुरा पिउनु पर्दछ । चिल्लो कुरा खाएपछि तातोपानी पिउनु हितकर हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

### भलायोको विकारमा खानपिन

**भल्लातकस्नेहमूर्च्छाव्याघातानां शीतलं जलम् ।**
**शालिमुद्गादिभक्ष्याणां यूषो मांसरसस्तथा ॥३॥**

भलायोको तेल खाई बेहोस भएका व्यक्तिले चिसो पानी, मार्सीचामल र मुगी आदिको रस वा मासुको रस पिउनु हितकर हुन्छ ।

### मांसाहारी तथा विविध रोगीको अनुपान

**माषादिभोजिनां मस्तु धान्याम्लं दधि वा स्मृतम् ।**
**मद्यंशोषिविषार्तानामल्पाग्नीनां च शस्यते ॥४॥**

भोजनमा मासु आदि खाने व्यक्तिका लागि दहीको पानी, काजी अथवा दहीको घोल पिउनु हितकर हुन्छ । शरीर सुन्निएका, विषविकारले पीडित र कमजोर पाचनशक्ति हुने व्यक्तिले खाना खाएपछि मात्रा मिलाएर मदिरा पिउनु हितकर हुन्छ ।

## अनुपानमा दूध

**क्लान्तनामुपवासाध्वभारस्त्रीसुरतादिभिः ।**
**पयः सुधासमं प्रोक्तं क्षीणानां रक्तपित्तिनाम् ॥५॥**

व्रत बस्नेले, थकित हुनेले, भारी बोक्नेले, सहवासका कारण लखतरान हुनेले, दुब्ला मानिसले र रक्तपित्तका रोगीले खाना खाएपछि दूध पिउनु अमृत समान गुनिलो हुन्छ ।

**असात्म्यं दोषलं शीतमतिमात्रमथो गुरु ।**
**उक्तानुपानतो भुक्तं सुखमन्नं प्रजीर्यते ॥६॥**

शरीरले नसहने, दोष गर्ने, अति चिसो, धेरै मात्राको र पचाउन कठिन खानेकुरा (अन्न) खाइएको अवस्थामा मदिरा वा तातततातो दूध पिउनु, खाएको कुरा राम्ररी पच्दछ ।

## पानी पिउने नियम

**तदादौ कर्षयेत्पीतं स्थापयेन्मध्यसेवितम् ।**
**पश्चात्पीतं बृंहयति तत्समीक्ष्य प्रयोजयेत् ॥७॥**

सङ्कलन : मोहन प्रसाद सापकोटा

खाना खानु अघि पानी पिए मानिस दुब्लो हुन्छ । खाना खाँदा बीचमा पानी पिए मानिस यथास्थितिमा रहन्छ । खाना खाएपछि पानी पिए मानिस मोटो हुन्छ । यी कुरा ध्यान दिएर पानी (आदि पेय) पिउनु पर्दछ ।

**न पिबेच्छ्वासकासार्शोजन्तुरोगक्षतातुरः ।**
**पीत्वाऽभिभाष्याध्ययननिद्रां न त्वरया भजेत् ॥८॥**

दम, खोकी, अल्काई, पेटमा कीरा परेको अवस्था र चोटपटक लागेको अवस्थामा मानिसले भुलेर पनि चिसो पानी नपिउनू । पानी पिउना साथ तुरुन्त धेरै बोल्न, पढ्न र सुत्न (वा अन्य परिश्रम गर्न) हुँदैन ।

## प्रातःकालीन जलपान

**तत्कफानिलपित्तेषु चैकद्वित्रिपलोन्मितम् ।**
**वारि शस्तमुषः काले दृष्टिकारि रसायनम् ॥९॥**

कफ, वात र पित्त विकार भएका मानिसले क्रमशः एक, दुई र तीन पल (एक पलमा अठचालीस मि.लि. हुन्छ) पानी नित्य बिहान पिउने गर्दा दृष्टिक्षमता बढ्दछ र उमेर स्थिर राख्दछ ।

**वलीपलितवैस्वर्यपीनसश्वासशोषजित् ।**
**पानीयप्रसृतीरष्टौ यः पिबेदरुणोदये ॥१०॥**

जो मानिस हरेक दिन बिहान अरुणोदय हुँदा आठ प्रसृति (एक प्रसृतिमा छयान्नब्बे मि.लि.हुन्छ, ७६८ मि.लि.) पानी पिउने गर्दछ त्यो मानिसलाई उमेर नपुग्दै छाला चाउरी पर्न, कपाल फुल्ने, स्वर बिग्रने, पिनास हुने, दम आउने र शरीर सुन्निने समस्या हुँदैन (भए नाश हुन्छ) ।

## अन्य अनाज, मासु आदिको गुण

**धान्येषु मांसे सकलेषु चैवं शाकेषु चानुक्तमिह प्रमादात् ।**
**स्वादादितो भूतगुणैर्गृहीत्वा तदादिशेद्द्रव्यमनल्पबुद्धिः ॥११॥**

अनाज, मासु वा सागपातसम्बन्धी यहाँ प्रमादवश नबताइएका सबै विषयमा स्वाद, रस र पञ्चमहाभूतका गुण हेरी विद्वानले तिनका गुणदोषका बारेमा बताउनू ।

## श्रेष्ठ अनाज

**षष्टिका यवगोधूमा लोहिता याश्च शालयः ।**
**मुद्गाढकीमसूराश्च धान्येषु प्रवराः स्मृताः ॥१२॥**

सठिया धानको चामल, जौ, गहुँ, रातोमार्सी, मुगी, रहर र मुसुरो : यी अनाजमध्येका उत्तम अनाज हुन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

## भोजन पछिको आचार

**स जराव्याधिनिर्मुक्तो जीवेद्वर्षशतं सुखी ।**
**भुक्त्वोपविशतस्तुन्दी बलमुत्तानशायिनः ॥**
**आयुर्वामकटिस्थस्य मृत्युर्धावति धावतः ॥१३॥**

यी अनाज खाने मानिस (अकालको) बुढ्यौली र रोगबाट जोगिँदै सुखपूर्वक सय वर्षसम्म बाँच्दछ । खाना खाएर (तुरुन्त) बस्नेको भुँडी बढ्दछ । खाना खाएर सिधा पल्टने मानिसको शरीरमा बल उत्पन्न हुन्छ । खाना खाएर देब्रेतिर कोल्टो परी ढल्कने मानिसको आयु बढ्दछ । खाना खाएर दौडने मानिसका पछिपछि काल पनि दौडने गर्दछ ।

## निद्रा

**रात्रौ जागरणं रूक्षं स्निग्धं प्रस्वपनं दिवा ॥१४॥**

रातमा नसुत्दा शरीर रुखो हुन्छ । दिउस सुत्दा शरीर चिल्लो हुन्छ  (बोसो बढ्दछ) ।

**निद्रा सात्मीकृता यैस्तु रात्रौ वा यदि वा दिवा ।**

**न तेषां स्वपतां दोषो जाग्रतां चोपजायते॥**
**भोजनानन्तरं निद्रा वातघ्नी कफपुष्टिकृत्॥१५॥**

जसले आफ्नो शरीरलाई दिनमा वा रातमा सुत्न मिल्नेगरी अभ्यस्त बनाएका छने तिनलार्य दिनमा वा रातमा सुत्दा कुनै दोष हुँदैन । खाना खाएपछि सुत्नाले वातविकार नाश हुन्छ तर कफविकार र पुष्टि बढाउँदछ ।

**कफमेदोविषार्तानां रात्रौ जागरणं हितम् ।**
**दिवास्वप्नश्च तृट्शूलहिक्काजीर्णातिसारिणः॥१६॥**

कफविकार, बोसोविकार र विषविकार हुनेले रातमा नसुत्नु हितकर हुन्छ । तिर्खा, शूल, बाडुली, अजीर्ण र अतिसारका रोगीले दिउस सुत्नु हितकर हुन्छ ।

## दन्तधावन

**दन्तधावनमुद्दिष्टमास्यवैशद्यकारकम् ।**
**प्रसेकारुचिदौर्गन्ध्यमलपित्तकफापहम्॥१७॥**

दाँत माझ्नाले मुखलाई सुन्दर बनाउँदछ । यसले राल बहिरहने समस्या, अरुचि, मुखको दुर्गन्ध, मुखको मैलो, मुखको पित्तविकार र कफविकारलाई नाश गर्दछ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

## दन्तधावननिषेध

**मदातुरः कृशः श्रान्तो दन्तताल्वोष्ठरोगवान् ।**
**हिक्काच्छर्दिशिरः पीडामूर्च्छाशोषी न तच्चरेत्॥१८॥**

नसा लागेका (मदात्ययी), दुब्लाएका, थकित, दाँतका रोगी, तालुका रोगी, ओठका रोगी, बाडुली रोग लागेका, वाकवाकी लागेका,टाउको दुखेका, बेहोस हुने गरेका र क्षयरोगीले (यी रोग ठिक नहुँदासम्म) दाँत माझ्ने नगर्नू ।

## मुख वा गोडा धुने कार्य

**मुखप्रक्षालनं शीतपयसा रक्तपित्तजित् ।**
**मुखस्य पिडिकाशोषनीलिकाव्यङ्गनाशनम्॥**
**पादप्रक्षालनं दृष्टिकरं वृष्यं श्रमापहम्॥१९॥**

चिसो पानीले मुख धुने गर्नाले रक्तपित्तलाई जित्दछ । यसले मुखमा आउने पिडिका, शोष, नीलिका र व्यङ्ग (मुखभरि ससाना खटिरा वा काला दाना दाना आउने रोग ।) लाई नाश गर्दछ । गोडा धुने गर्नाले आँखाको

दृष्टिक्षमतालाई बलियो बनाउँदछ, शरीरका (रस, रगत आदि सात) धातुलाई पुष्ट पार्दछ र थकाइ नाश पनि गर्दछ ।

## गोडामा तेल लगाउने काम

**पादाभ्यङ्गः सदा वृष्यो बलोत्साहविवर्द्धनः ।**
**निद्रासुखकरः सुप्तिश्रमनेत्ररुजापहः ॥२०॥**

जुनसुकै समय गोडामा तेल दलेर मालिस गर्नाले शरीरमा पुष्टि, बल र उत्साह बढाउँदछ । यसले मिठो निन्द्रा र सुख दिन्छ अनि उँग, थकाई र आँखाका रोगलाई नाश गर्दछ ।

## मुख कुला गर्ने कार्य

**स्नेहगण्डूषकरणं मुखशोषद्विजामयान् ।**
**स्वरघातौष्ठपारुष्यरक्तवातान्विनाशयेत् ॥२१॥**

तेल आदि चिल्लो पदार्थले मुख कुल्ला गर्नाले मुखको सुजन, दाँतका रोग, स्वरसम्बन्धी समस्या, ओठको रुखोपन र रक्तवातलाई नाश गर्दछ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

**सुखोष्णोदकगण्डूषः कफारुचिमलापहः ॥२२॥**

सहन सक्ने मनतातो पानीले मुख कुल्ला गर्नाले मुखको कफविकार, अरुची र मैलो नाश हुन्छ ।

**विषमूर्च्छामदार्त्तानां शोषिणां रक्तपित्तिनाम् ।**
**कुपितानामलक्ष्मीणां रूक्षाणां न प्रशस्यते ॥२३॥**

विषविकार भएका, बेहोस हुने रोग लागेका, नसा लागेका, सुकेनास वा क्षरोगका रोगीले, रक्तपित्तका रोगीले, दरिद्रले र रुखो शरीर हुनेले मुख कुल्ला नगर्नू ।

## गाजल

**अञ्जनं नेत्रनैर्मल्यदृष्टिकारि रुजापहम् ।**
**रात्रौ जागरितः श्रान्तश्छर्दितो भुक्तवांस्तथा ॥**
**ज्वरातुरः शिरःस्नातः कदाचिन्न तदाचरेत् ॥२४॥**

गाजलले आँखालाई सफा गर्दछ, दृष्टिक्षमतालाई बलियो बनाउँदछ र आँखाका अनेक थरी रोगलाई पनि नाश गर्दछ । तर राती नसुतेका अवस्थामा, परिश्रम गरी थाकेको अवस्थामा, कुनै कारणले वाकवाकी

लागेका अवस्थामा, खाना खाएपछि लगत्तै, जरो आइरहेका बेलामा र टाउको नुहाएको बेलामा कहिल्यै आँखामा गाजल नलगाउनू ।

## व्यायाम

**व्यायामः कर्मसामर्थ्यस्थैर्यदोषक्षयाग्निकृत् ।**
**स सदा गुणमाधत्ते बलिनां स्निग्धभोजिनाम् ॥२५॥**

कसरत गर्नाले सबै काम गर्न सामर्थ्य पैदा गर्दछ, शरीरलाई स्थिर राख्दछ, दोषहरू नाश गर्दछ र पाचनशक्तिलाई बढाउँदछ । बलिया र चिल्ला खानपिन गर्नेहरूका लागि कसरत सबै समयमा गुणदायक हुन्छ ।

**व्यायामदृढचित्तानां व्याधिर्नास्ति कदाचन ॥२६॥**

कसरत गरेर मन बलियो हुनेहरूलाई कहिल्यै रोग लाग्दैन ।

**विरुद्धं वा विदग्धं वा भुक्तं शीघ्रं च पच्यते ।**
**भवन्ति शीघ्रं नो तस्य वलीशिथिलताजराः ॥२७॥**

सङ्कलन : मोहन प्रसाद सपकोटा

कसरत गर्नाले परस्पर विरोधी खानपिन गरिएको वा डढेको खानेकुरा खाएको भएपनि त्यो चाँडै पच्दछ । शरीरमा उमेर नपुगी चाउरी पर्दैन, थकाई लाग्दैन र अकालमा बुढ्यौलीले समाउँदैन ।

**वसन्ते शीतसमये सुतरां स मतो हितः ।**
**अन्यदापि स कर्तव्यः शक्त्यर्धेन बलाबलम् ॥२८॥**

वसन्त ऋतु र जाडो मौसममा कसरत गर्नु अति हितकर हुन्छ । अरु बेलामा पनि आफ्नो क्षमता (बल) हेरी आधा शक्ति लगाएर कसरत गर्नुपर्दछ ।

## व्यायामनिषेध

**तनुं समीक्ष्य वा स्वेदी कण्ठे ग्रीवाललाटयोः ।**
**भुक्तवान्कृतसंयोगः कासी श्वासी क्षयी कृशः ॥२९॥**
**रक्तपित्ती क्षयी शोषी न तं कुर्याद्विचक्षणः ।**
**अतिव्यायामतः कासो ज्वरश्छर्दिश्च जायते ॥३०॥**

आफ्नो शरीर हेरी अथवा जसका घाँटी, जिभ्रो र टाउकामा पसिना आएका बेलामा; खाना खाएर, सहवास गरेर, खोकी लाग्दा, दम हुँदा, क्षयरोग हुँदा, दुब्लाउँदा, रक्तपित्त हुँदा र सुकेनास हुँदा कसरत नगर्नू । धेरै कसरत गर्नाले खोकी लाग्ने, जरो आउने वा वाकवाकी लाग्ने समस्या देखिन सक्दछ ।

## मालिस गर्ने र कपाल आदि काट्ने काम

**मर्दनं श्रमवातघ्नं निद्रापुष्टिबलप्रदम् ।**
**केशश्मश्रुनखानां च कल्पनं शुचिरूपकृत् ॥३१॥**

मालिस गर्नाले थकाई र वातविकार नाश गर्दछ । मालिस गर्नाले निद्रा, पुष्टि र बल दिन्छ । कपाल, दाह्री र नङ काट्नाले रूप सुन्दर हुन्छ ।

## तेल मालिस

**अभ्यङ्गो वातरोगघ्नो धातुसाम्यं बलं सुखम् ।**
**निद्रावर्णमृदुत्वानि कुरुते दृष्टिपुष्टिकृत् ॥३२॥**

तेल आदि दलेर मालिस गर्नाले वातविकार नाश हुन्छ, शरीरका धातु सम अवस्थामा रहन्छन्, बल, सुख, निद्रा, वर्ण र कोमलता दिन्छ । दृष्टि र पुष्टि दिन्छ ।

## कपालको स्याहार र टाउकाको मालिस

**केशप्रसाधनी केश्या रजोजन्तुमलापहा ।**
सङ्कलन : मोहन प्रसाद सपकोटा
**शिरोऽभ्यङ्गः शिरस्तृप्तिकेशदार्ढ्याक्षिपुष्टिकृत् ॥३३॥**

कपाल कोर्नाले वा बाँध्नाले वा बाट्नाले कपाल बढ्दछ, धुलो, कीरा र मैलो नाश हुन्छ । टाउकामा तेल आदि दलेर मालिस गर्नाले शिर तृप्त हुन्छ, कपाल कलियो हुन्छ र आँखा पुष्ट हुन्छ ।

## तेल आदिले कान भर्ने काम

**उच्चैः श्रवणबाधिर्यमलमन्याहनुग्रहान् ।**
**नाशनं कर्णरोगाणां कुरुते कर्णपूरणम् ॥३४॥**

धेरै चर्को आवाज सुनेर हुने बहिरोपन, कानेगुजी, मन्याग्रह र हनुग्रह जस्ता समस्या नाश हुन्छ । यसैले कानको रोग हुनेले कानमा तेल आदि हालेर भर्नेगर्नू ।

## चिल्लो र शरीर

**सिक्तस्याद्भिर्यथा मूले शाखिनः पल्लवादयः ।**
**वर्धन्ते हि तथा पुंसः स्नेहसिक्तस्य धातवः ॥३५॥**

जसरी बिरुवा वा रूखको जरामा सिँचाइ गर्नाले त्यसका पात आदि बढ्दछन् त्यसरी नै चिल्लोले सेचन गरिएको मानिसको धातुहरू बढ्दछन् ।

## चिल्लोमा डुबुल्की मार्ने काम

**स्नेहावगाहनं वातशमनं धातुपुष्टिदम् ।**
**मात्राभिस्त्रिचतुःपञ्चषट्सप्ताष्टभिराव्रजेत् ॥**
**रसरक्तमांसमेदोमज्जाधातून्यथाक्रमम् ॥३६॥**

चिल्लोमा डुबुल्की लगाउनाले वातविकार नाश हुन्छ तथा धातुहरू पुष्ट हुन्छन् । तीन, चार, पाँच, छ, सात र आठ पटक डुबुल्की मार्नाले क्रमशः रस, रगत, मासु, बोसो, मासी र वीर्य पुष्ट हुन्छ ।

## तेल आदि दल्न नहुने अवस्था

**वान्तो नवज्वरोऽजीर्णो विरिक्तः केवलामरुक् ।**
**निरूहतर्पणं यच्च स्नेहाभ्यङ्गादि वर्जयेत् ॥३७॥**

बान्ता गरेर, भर्खर जरो आउन शुरु हुँदा, खाएपिएको नपचिरहेको बेलामा, दिसा लगाउने ओखती खाएका बेलामा, आउँ परेका बेलामा वा आमजन्य रोग हुँदा : निरुहवस्ति, तर्पण र चिल्लो दली मालिस गर्ने काम नगर्नू ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

## बुकुवा

**उद्वर्तनं वातहरं भ्राजकानलदीपनम् ।**
**गात्रस्थिरत्वसुखितात्वक्प्रसादमृदुत्वकृत् ॥३८॥**

बुकुवा दल्नाले बातविकार नाश हुन्छ, शरीर चम्किलो हुन्छ, पाचनशक्ति बलियो हुन्छ, अङ्ग स्थिर हुन्छन्, आनन्द हुन्छ, छाला स्वच्छ हुन्छ र शरीर कोमल हुन्छ ।

## स्नान

**स्नानं वातश्रमालक्ष्मीपामाकण्डूमलापहम् ।**
**हृद्यं कासहरं वह्निसर्वेन्द्रियविबोधनम् ॥३९॥**

दिनहुँ नुहाउने गर्नाले वातविकार, थकाई, दरिद्रता, पामा रोग, चिलाउने रोग र मयल नाश हुन्छ । यसले मुटुलाई तागत दिन्छ, खोकी ठिक गर्दछ, पाचनशक्ति बढाउँदछ र सबै इन्द्रियलाई सजग वा बलियो पनि पार्दछ ।

**न तदुष्णेन शिरसो योज्यं नेत्राहितं यतः ।**
**कफवातप्रकोपे तु भेषजार्थं तदाचरेत् ॥४०॥**

तातोपानीले टाउको कहिल्यै नभिजाउनू किन कि यो आँखाका लागि हितकारक हुँदैन । कफविकार र वातविकार हुँदा भने तातोपानीलाई ओखतीकारूपमा (टाउकोमा) प्रयोग गर्नू ।

## स्नान निषेध

**तच्चातिसारज्वरितकर्णशूलानिलार्तिषु ।**
**आध्मानारोचकाजीर्णभुक्तवत्सु च गर्हितम् ॥४१॥**

अतिसार, जरो, कानको शूल, वातविकार, आध्मान, अरुची र अजीर्णका रोगीले रोग निको नहुँदासम्म ( दिनहुँ) तथा खाना खाएपछि तुरुन्त अरुले पनि नुहाउने नगर्नू ।

## चन्दनलेपनका गुण

**अनुलेपस्तृषामूर्च्छा दौर्गन्ध्यश्रमवातजित् ।**
**सौभाग्यतेजस्त्वग्वर्णप्रीत्योजोबलवर्द्धनम् ॥४२॥**

सङ्कलन : मोहन प्रसाद सापकोटा

चन्दन आदिको लेप दल्नाले तिर्खा, बेहोसीपना, दुर्गन्धता, थकाई र वातविकारलाई जित्दछ । यसले सौभाग्य, तेज, छालाको वर्णमा हुने चमक, प्रीति र बल बढाउँदछ ।

## फूल, रत्न आदि धारण

**कुसुमाम्बररत्नानां धारणं कान्तिकारणम् ।**
**पापरक्षोग्रहहरं कामौजः श्रीविवर्द्धनम् ॥**
**पादत्रधारणं नेत्र्यमायुष्यं पादरोगनुत् ॥४३॥**

फूल, वस्त्र र रत्न लगाउनाले शरीरको चमक बढ्दछ । यसले पाप, राक्षसबाधा र ग्रहबाधा नाश गर्दछ तथा कामवासना, पराक्रम र शोभा बढाउँदछ । जुत्ता लगाउनु आँखाका लागि हितकर हुन्छ । यसले आयु बढाउँदछ र गोडाका रोगहरू नाश गर्दछ ।

## पगडी धारण

**उष्णीषं शुचिदं केश्यं रजोवाततपापहम् ॥४४॥**

पगडी बाँध्नाले शुद्ध हुन्छ, कपाललाई फाइदा गर्दछ तथा धूलो, वायु र घामबाट रक्षा गर्दछ ।

## छाता, चमर र पङ्खा

**छत्रधारणमोजस्यं चक्षुष्यं हिमघर्मजित् ।**
**बालव्यजनमोजस्यं मक्षिकादिनिवारणम् ॥**
**व्यजनस्यानिलः शोषमूर्च्छास्वेदश्रमापहः ॥४५॥**

छाता ओढ्नाले (वा बोक्नाले) बल दिन्छ, आँखाका लागि फाइदा गर्दछ तथा पानी र घामबाट जोगाउँदछ । चमरले हम्कँदा बल दिन्छ र झिँगा आदि कीरालाई भगाउँदछ । पङ्खाको हावाले सुजन, बेहोसीपना, पसिना र थकाई नाश गर्दछ ।

**यष्टिधारणमुत्साहस्थैर्यावष्टम्भवीर्यकृत् ।**
**रक्षःसर्पादिभयजिद्विशेषात्स्थविरे हितम् ॥४६॥**

लौरो बोक्नाले जाँगर, स्थिरता, लड्नमा रोक र पराक्रम प्राप्त हुन्छ । यसले राक्षस, सर्प आदिको भयलाई जित्दछ । यो विशेषतः बुढेशकालमा हितकारी हुन्छ ।

## हिँडडुल

सङ्कलन : मोहन प्रसाद सापकोटा

**अङ्गास्थौल्यरुचिश्लेष्मसौकुमार्यसुखप्रदम् ।**
**यत्तु चङ्क्रमणं नातिदेहपीडाकरं भवेत् ॥**
**तदायुर्बलमेधाग्निप्रदमिन्द्रियबोधनम् ॥४७॥**

हिँडडुल गर्नाले शरीर मोटो हुँदैन, रुची जाग्दछ तथा कफ, कोमलता र सुख प्रदान गर्दछ । जबसम्म शरीरलाई दुःख हुँदैन त्यहाँसम्म हिँडडुल गर्नाले आयु, बल, बुद्धि र पाचनशक्ति बढ्दछ तथा इन्द्रियहरू फुर्तिला हुने गर्दछन् ।

## पलङ वा ओछ्यान आदिका गुण

**त्रिदोषशमनी शय्या तौली वातकफापहा ।**
**सुखशय्यासमं निद्रापुष्टीन्द्रियबलप्रदा ॥४८॥**

पलङले त्रिदोषलाई शान्त पार्दछ । ओछ्यानले वातविकार र कफविकारलाई नाश गर्दछ । सुखशैयामा पनि यिनै गुण हुन्छन् । विशेषतः यसले निन्द्रा, पुष्टि र इन्द्रियलाई बल दिने काम गर्दछ ।

## घाम

**आतपः स्वेदमूर्छास्रतृष्णादाहश्रमक्लमान् ।**
**कुरुते पित्तवैवर्ण्यस्वेदान् छाया व्यपोहति ॥४९॥**

घामले मसिना, बेहोसी, रगत पगाल्ने कार्य, तिर्खा, डाह, थकाई र मानसिक थकाई उत्पन्न गर्दछ । छायाले पित्तविकार, वर्णको विकार र पसिना नाश गर्दछ ।

## आगो तपाइ

**अग्निः शीतानिलस्तम्भकफवेपथुनाशनः ।**
**रक्तपित्तप्रदूषी स्यादामाभिष्यन्दपाचनः ॥५०॥**

आगो ताप्नाले चिसो, वातविकार, लाटोपन, कफविकार र कम्पन नाश हुन्छ । यसले रक्तपित्तलाई दूषित गर्दछ तथा आमलाई गलाउने र पकाउने काम गर्दछ ।

## धुवाँ, शित र चन्द्रकिरण

**धूमः पित्तानिलौ कुर्यादवश्यायः कफानिलौ ।**
सङ्कलन : मोहन प्रसाद सपकोटा
**ज्योत्स्ना शीतानिलस्तम्भप्रदा तृट्पित्तदाहजित् ॥५१॥**

धुवाँले पित्तविकार र वातविकार गर्दछ । शीत वा तुसारोले कफविकार र वातविकार गर्दछ । चन्द्रमाको किरणले शीतलता, वातविकार र जडता प्रदान गर्दछ तथा तिर्खा, पित्तविकार र डाहलाई जित्दछ ।

## अन्धकार, वर्षा र निद्रा

**तमो भयावहं मोहकफपित्तक्लमप्रदम् ।**
**वृष्टिर्वृष्या हिमा निद्राभिष्यन्दलस्यकारिणी ॥५२॥**

अन्धकारले डर, मोह, कफविकार, पित्तविकार र मानसिक थकाई प्रदान गर्दछ । वर्षाले वीर्य र शीतलता प्रदान गर्दछ । निद्राले अभिष्यन्द र आलस्य प्रदान गर्दछ ।

## हुरी, हावा आदिका गुण

**प्रवातं रूक्षवैवर्ण्यस्तम्भकृद्दाहपित्तनुत् ।**
**स्वेदमूर्छापिपासाघ्नमप्रवातमतोऽन्यथा ॥५३॥**

तेज हावाले रुखोपना, वर्ण बिगार्ने काम र जडता गर्दछ तथा डाह र पित्तविकार नाश गर्दछ । यसले पसिना, बेहोसीपना र तिर्खा नाश गर्दछ । यसको उल्टो अर्थात् मन्दपवनले यसको विपरीत फल दिन्छ ।

**सुखं प्रवातं सेवेत ग्रीष्मे शरदि चान्तरा ।**
**निवातमायुषे सेव्यमारोग्याय च सर्वदा ॥५४॥**

ग्रीष्म र शरद् ऋतुमा आफ्नो इच्छानुसार हावा खानू । अन्य ऋतुमा आयु बढाउन र निरोगी हुन धेरै हावा नलाग्ने स्थानमा बस्ने गर्नू ।

### तुरुन्त तागत दिने कुरा

**सद्योमांसं नवं चान्नं बाला स्त्री क्षीरभोजनम् ।**
**घृतमुष्णोदकस्नानं सद्यःप्राणकराणि षट् ॥५५॥**

ताजा मासु, नयाँ अनाज, सोह्र वर्षकी कन्या, दूध पान, घिउ र तातोपानीको स्नान : यी छ कुराले तत्काल प्राण (तागत) दिन्छन् ।

### तुरुन्त तागत नाशगर्ने कुरा

सङ्कलन : मोहन प्रसाद सपकोटा

**पूतिमांसं स्त्रियो वृद्धा बालार्कस्तरुणं दधि ।**
**प्रभाते मैथुनं निद्रा सद्यः प्राणहराणि षट् ॥५६॥**

दुर्गन्धित मासु, बूढी स्त्री, कन्या राशिको अथवा बिहानको घाम, भर्खर जमाएको दही र बिहानीपखको स्त्री-सहवास र बिहानको निद्रा : यी छ कुराले चाँडै ज्यान लिन्छन् ।

### अन्न आदिको गुण

**अन्नादष्टगुणं पिष्टं पिष्टादष्टगुणं पयः ।**
**पयसोऽष्टगुणं मांसं मांसादष्टगुणं घृतम् ॥**
**घृतादष्टगुणं तैलमभ्यङ्गे न तु भोजने ॥५७॥**

अनाजभन्दा अनाजको पिठो आठ गुना, अनाजको पिठोभन्दा दूध आठ गुना, दूधभन्दा मासु आठ गुना र मासुभन्दा घिउ आठगुना बलदायक हुन्छ । मालिस गर्नुपर्दामा भने घिउभन्दा तेल आठ गुना बलदायक हुन्छ, खानमा होइन ।

### उपवास

**लङ्घनं कफमेदोघ्नमामज्वरहरं लघु ॥५८॥**

उपवास गर्नाले कफविकार र बोसोविकार नाश हुन्छ । यसले आमजन्य जरोलाई नाश गर्दछ र शरीरलाई हलुका बनाउँदछ ।

**पाचनं दीपनं वातहरं शूलातिसारजित् ।**
**तन्न युक्तं नवे बाले गर्भिण्यां स्थविरे कृशे ॥**
**शोषकामभयक्रोधमार्गश्रमचिरज्वरे ॥५९॥**

उपवासले पाचनप्रकृयालाई र पाचनशक्तिलाई ठिक पार्दछ । यसले वातविकार नाश गर्दछ । उपवासले शूल र अतिसार (छेरपटी) लाई जित्दछ । कुनै पनि नयाँ रोग लाग्दा, बालकले, गर्भवतीले, बृद्धले, कमजोरले, शरीर सुक्ने रोग भएकाले, कामवासनाले पीडित भएकाले, कुनै पनि त्रास हुनेले, रिसाइरहनेले, यात्रा आदि परिश्रमले थकित हुनेले र थाङ्ने जरो आउनेले कुनै पनि हालतमा उपवास (व्रत) नबस्नू । (उल्टो असर गर्दछ) ।

## पूर्वबाट बहने वायुको गुण

**पूर्वानिलो गुरुः स्वादुः स्निग्धः पित्तास्रवर्द्धनः ॥६०॥**
**रोगकृद्विषजुष्टानां क्षतव्रणविलासिनाम् ।**
**विदाही वातलः श्रान्तकफशोफवतां हितः ॥६१॥**

सङ्कलन : मोहन प्रसाद सापकोटा

पूर्व दिशाबाट बहने वायु पचाउन कठिन, आनन्ददायक, चिल्लोदायक र रक्तपित्त बढाउने गुणको हुन्छ । यो रोगदायक, विषविकारका रोगी र घाउखटिरा हुनेलाई हानीकारक, डाह गराउने, वातविकार गर्ने तथा थकाई लागेका, कफविकार भएका र सुजन भएकालाई हितकारी हुन्छ ।

## दक्षिण दिशाबाट बहने वायुको गुण

**दक्षिणः पवनः स्वादू रक्तपित्तहरो लघुः ।**
**अविदाहप्रदो बल्यश्चक्षुष्यो न च वातलः ॥६२॥**

दक्षिण दिशाबाट बहने वायु आनन्ददायक, रक्तपित्त नाशक, पचाउन सहज, डाह नगर्ने, बलदायक, आँखाका लागि हितकर र वातविकार नगर्ने गुणको हुन्छ ।

## पश्चिम दिशाबाट बहने वायुको गुण

**पश्चिमः पवनो रूक्षस्तीक्ष्णः स्नेहबलापहः ।**
**विशदः शोषणो नृणां कफमेदोहरो लघुः ॥६३॥**

पश्चिम दिशाबाट बहने वायु रुखो, तिक्खर, शरीरको चिल्लोपना र बल नाश गर्ने, मुटुका लागि हितकर, सोस्ने गुणको, मानिसका कफविकार र बोसोविकार नाश गर्ने र पचाउन हलुका हुने गुणको हुन्छ ।

## उत्तर दिशाबाट बहने वायुको गुण

सङ्कलन : मोहन प्रसाद सपकोटा

**उत्तरो मारुतः शीतः स्निग्धो दोषप्रकोपकृत् ।**
**क्लेदनः प्रकृतिस्थानां बलदो मधुरो मृदुः ॥**
**क्षयक्षीणविषार्तानां विशेषाद्गुणकारकः ॥६४॥**

उत्तरतिरबाट बहने वायु शीतल गर्ने, चिल्लो दिने, दोष बढाउने, मानसिक थकाई गर्ने, निरोगीलाई बल दिने, आनन्ददायक, कोमल तथा क्षयरोगी, सुकेनास र विषविकारका रोगीलाई विशेष गुनिलो हुने गर्दछ ।

## गुलियो रस

**रसो मधुरकः शीतो धातुस्तन्यबलप्रदः ॥६५॥**
**चक्षुष्यो वातपित्तघ्नः कुर्यात्स्थैल्यकफक्रिमीन् ।**
**सोऽतियुक्तो ज्वरश्वासगलगण्डार्बुदादिकृत् ॥६६॥**

गुलियो रसले शीतलता दिन्छ, शरीरका धातु, स्तनमा दूध र शरीरमा बल बढाउँदछ । यो रस आँखाका लागि हितकारी, वातपित्त रोग नाशक तथा मोटोपन, कफविकार र कीरा उत्पन्न गराउने गुणको हुन्छ । धेरै गुलियो खाए यसले जरो, दम, गलगण्ड र अर्बुद जस्ता रोगहरू हुन सक्दछ ।

सङ्कलन : मोहन प्रसाद सपकोटा

## अमिलो रस

**रसोऽम्लः पाचनो रुच्यः पित्तश्लेष्मकरो लघुः ।**
**लेखनोष्णो बहिः शीतः क्लमदः पवनापहः ॥**
**सोऽतियुक्तः परं देहे रक्तपित्तादिरोगकृत् ॥६७॥**

अमिलो रस पाचनी, रुचिप्रद, पित्तविकार र कफविकार गर्ने, पचाउन सहज, लेखनी, उष्णवीर्यको, बाहिरीरूपमा शीतल, मानसिक थकाई दिने र वातविकार नाशक हुन्छ । धेरै अमिलो रस खाए शरीरमा रक्तपित्त आदि रोग हुन सक्दछ ।

## पिरो रस

**कटुकः पित्तलः श्लेष्मकृमिकण्डूविषापहः ।**
**आग्नेयो वातलः स्तन्यमेदस्थौल्यहरोऽगुरुः ॥**
**सोऽतियुक्तो भ्रमास्थौल्यतालुशोषातिदाहदः ॥६८॥**

पिरो रसले पित्तविकार बढाउँदछ । यसले कफविका, पेटका कीरा, शरीर चिलाउने रोग र विषविकार नाश गर्दछ । यसमा मुख्यतः अग्निगुण हुन्छ । यसले वायुविकार पनि गर्दैन । यो दूधवर्धक, बोसोनाशक र मोटोपन नाशक हुन्छ । धेरै पिरो खाएमा त्यसले भ्रम, दुब्लोपन, तालुमा सुजन र डाह हुने सम्भावना हुन्छ ।

## तीतो रस

**तिक्तः शीतस्तृषामूर्च्छाज्वरपित्तकफाञ्जयेत् ।**
**वातलोऽग्निकरः स्तन्यशोधनः शोषणो लघुः ॥**
**सोऽतियुक्तः शिरःशूलमन्यास्तम्भभ्रमार्तिकृत् ॥६९॥**

तीतो रसले शीतल गर्दछ । यसले तिर्खा, बेहोसीपन, जरो, पित्तविकार र कफविकारलाई जित्दछ तथा वातविकार गर्दछ । यसले पाचनशक्ति बढाउँदछ र दूधलाई प्रशोधन गर्दछ । यसले शोषण गर्दछ । यो रस पचाउन सहज हुन्छ । धेरै तीतो खाएमा टाउको दुख्ने, मन्यास्तम्भ र भ्रमका रोग हुने सम्भावना हुन्छ ।

## नुनिलो रस

**लवणः शोधनो रुच्यः पाचनः कफपित्तदः ।**
**पुंस्त्ववातहरो ज्ञेयः कायशैथिल्यकारकः ॥**
सङ्कलन : मोहन प्रसाद सापकोटा
**सोऽतियुक्तोऽक्षिपाकास्रपित्तकोष्ठाक्षितापकृत् ॥७०॥**

नुनिलो रसले प्रशोधनको काम गर्दछ । यो रुचिप्रद, पाचक, कफविकार गर्ने, पित्तविकार गर्ने, पुंस्त्व नाशक, वातविकार नाशक र शरीरलाई कमजोर (शिथिल) बनाउने गुणको हुन्छ । धेरै नुनिलो खाए आँखा पाक्ने, रक्तपित्त हुने, पेटभित्र पोल्ने र आँखा पोल्ने जस्ता समस्या हुन सक्दछ ।

## टर्रो रस

**कषायो रोपणो ग्राही शोषणो वातकोपनः ।**
**सोऽतियुक्तो ग्रहाध्मानहृत्पीडाक्षेपणादिकृत् ॥७१॥**

टर्रो रसले घाउ भर्ने काम गर्दछ । यसले दिसा आदि मल रोक्दछ, धातुलाई सोस्दछ र वातविकार बढाउँदछ । धेरै टर्रो रस खाए यसले कब्जियतका रोग, आध्मान, मुटु दुख्ने रोग, आक्षेप रोग आदि गराउन सक्दछ ।

## वमन, विरेचन आदि

**वमनं श्लेष्मपित्तघ्नं विरेको रक्तपित्तहा ।**
**वस्तिर्वातहरा ज्ञेया स्वेदो मान्द्याद्यकारकः ॥७२॥**

बान्ता गराउनाले कफविकार र पित्तविकारलाई नाश गर्दछ । दिसा लगाउनाले रक्तविकार र पित्तविकारलाई शान्त पार्दछ । डुस दिनाले वातविकारलाई शान्त पार्दछ । पसिना निकाल्नाले कमजोर पाचनशक्ति र अङ्गको लाटोपनलाई नाश गर्दछ ।

**प्रसन्नदृष्टिर्दृढदन्तकेशः शशाङ्कवक्त्रः पलितैर्विहीनः ।**
**पिकाभकण्ठःकमलास्यगन्धस्तस्योपसेवीभवतीह मर्त्यः ॥७३॥**

विधिपूर्वक गराइने वा गरिने वमनले मानिसको दृष्टिक्षमता निर्मल हुन्छ, दाँत बलिया हुन्छन्, अनुहार चन्द्रमा जस्तै चम्किलो हुन्छ, उमेर नपुगी कपाल फुल्दैन, घाँटीको स्वर कोइलीको जस्तो हुन्छ र मुखबाट कमलको जस्तो बास्ना आउँदछ ।

**कासोपलेपः स्वरभेदनिद्रा तथाऽऽस्यदौर्गन्ध्यविषोपसर्गः ।**
**कफप्रसेको ग्रहणीप्रदोषा भवन्ति जन्तोर्वमिते न नूनम् ॥७४॥**

खोकी, कफ जम्ने समस्या, स्वरसम्बन्धी समस्या, निन्द्राको समस्या, मुखको दुर्गन्ध, विषविकार, कफका समस्या र ग्रहणीका दोष विधिपूर्वक वमन गर्नाले नाश हुन्छ ।

**बुद्धेः प्रसादं बलमिन्द्रियाणां धातुस्थिरत्वं बलमग्निदीप्तिम् ।**
**चिराच्च पाकं वयसः करोति विरेचनं सम्यगुपास्यमानम् ॥७५॥**

विधिपूर्वक गराएने वा गरिने विरेचनले मानिसको बुद्धि स्वच्छ हुछ, इन्द्रियमा बल पुग्दछ, शरीर स्थिर रहन्छ, बल आउँदछ, पाचनशक्ति सक्रिय हुन्छ, बेला नभई बूढो देखिँदैन ।

## बस्तिकर्म

**बस्तिर्वाते च पित्ते च कफे रक्ते च शस्यते ।**
**संसर्गे सन्निपाते च बस्तिरेव हितः सदा ॥७६॥**

वातविकार, कफविकार र रक्तविकारमा वस्तिकर्म (डुस दिनु) उत्तम हुन्छ । दुई दोषले वा तीन दोषले दुःख दिएको सबै अवस्थामा वस्तिकर्म हितकारी हुन्छ ।

**मूले निषिक्तो हि यथा द्रुमः स्यान्नालच्छदः कोमलपल्लवाग्रः ।**
**काले बृहत्पुष्पफलप्रदश्च तथा नरः स्यादनुवासनेन ॥७७॥**

जसरी रूखको जरामा पानी सेचन गर्नाले त्यसका हाँगाबिँगामा कमला पात पलाई समय आउँदा अनेक फूल र फल दिन्छ त्यसरी नै अनुवासन वस्तिले मानिसलाई सुन्दर अङ्गयुक्त बनाउँदछ ।

## रक्तमोक्षण

**त्वग्दोषा ग्रन्थयः शोफा रोगाः शोणितसम्भवाः ।**
**रक्तमोक्षणशीलानां न भवन्ति कदाचन ॥७८॥**

छालाका रोग, गाँठागुँठी र सुजन जस्ता रक्तजन्य रोग प्रदूषित रगत निकाले पछि हुँदैनन् ।

## वर्षाऋतु

**संहर्षात्कुपिता भवन्ति हि मला वर्षासु वातादयः**
**क्लिन्नत्वाद्वपुषोऽनले कृशतरे वैद्येन देयं ततः ।**
**अन्नं दीपनपाचनं च मलहृत् क्लेदापहोष्णद्रवं**
**रूक्षं नातिकषायतिक्तकटुकं स्निग्धं च किञ्चिद्रसैः ॥७९॥**

वर्षा ऋतुमा शरीरका वायु आदि दोष तिव्र तरिकाले दूषित हुन्छन् । पृथ्वी जतिखेर पनि गिलो हुने हुँदा मानिसको भित्र पनि आमजन्य विकार बढ्ने गर्दछ । यसले गर्दा जठराग्निको शक्ति घट्दछ । यसैले वैद्यले वर्षा ऋतुमा दीपन, पाचन दोषनाशक, दिसा आदि मल खुलाउने, मानसिक थकाई नाश गर्ने, तातो र पातलो, रुखो र धेरै पिरो नहुने, धेरै टर्रो र तीतो नहुने, केही रस भएको चिल्लो कुरा खान दिनुपर्दछ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

**दिव्यं चौङ्गचमथाम्बु तप्तशिशिरं सक्षौद्रमल्पं पिबेद्**
**गच्छन्त्योषधयो विदाहमधिकं तारुण्ययोगात्तदा ।**
**व्यायामार्कमरीचिमैथुनसुखावश्यायवर्जे ततो**
**भूबाष्पाम्बुभुजङ्गदंशमशकैर्वर्जे शयीतालये ॥८२॥**

यसबेला आकाशबाट परेको पानी र चौङ्गच जल पिउनू । यो जल पनि उमालेर सेलाएपछि मह मिसाएर पिउनू किन कि त्यो जल वर्षात्को ताजा जल हनाले बढी डाहकारी हुन्छ । वर्षा ऋतुमा व्यायाम, घाम ताप्ने काम, स्त्री-सहवास, दिउस सुत्ने कार्य र ओस वा शीत नखानू । पृथ्वीको बाफ, पानी, सर्प, डाँस, लामखुट्टे आदि नहुने स्थानमा सुत्ने गर्नू ।

## शीतकाल पथ्य

**शीते यत्र न वातवृष्टिरधिका साङ्गारयाने गृहे**
**निर्वाते क्षितिपः शयीत मधुरं किञ्चिच्च पीत्वाऽऽसवम् ।**
**काश्मीरागुरुलेपभूषिततनुर्नागाङ्गनाभिर्व्रजे-**
**द्यत्नाच्च व्यजनावगाहनरतिं स्वापं दिवा च त्यजेत् ॥८३॥**

शीतकालमा जहाँ हावा र पानी धेरै आउँदैन, जहाँ आगो ताम्र अगेनू बनाइएको हुन्छ, जहाँ हावाले हान्दैन, त्यस्तो स्थानमा केही गुलियो आसव पिई राजाले सुत्नू । अनि केसर। अगर आदिको लेप शरीरमा दली सुन्दर स्त्रीहरू सँग रम्नू । यसपछि व्यजन ? र जलक्रीडा गर्नू । दिनमा सुत्ने र सहवास गर्ने कार्य नगर्नू ।

## शरद ऋतु

**सेव्याः स्वादुकषायतिक्तविशदाऽवर्षे त्यजेज्जाङ्गलं**
**द्राक्षाक्षीरसितेक्षुशालिमधुरा गोधूममुद्गाः पयः ।**
**नैर्मल्यादखिलं जलं लघुतरं वासः स्रजश्चन्दनं**
**सेवेतेन्दुकरान् प्रदोषसमये गाहेत साब्जं सरः ॥८४॥**

शरद ऋतुमा गुलिया, टर्रा, तीता र सुन्दर खालका रस सेवन गर्नू । जाङ्गल मासु त्याग गर्नू । दाख, दूध, मिस्री, उखु, मार्सीचामल, गुलिया कुरा, गहुँ, मुगी आदि खानू । आश्विन र कार्तिकमा निर्मलताले गर्दा सबै खालका पानी पचाउन हलुका हुन्छन् । यस्तो पानी पिउनू अनि वस्त्र, माला, चन्दन र प्रदोषकालीन चन्द्रमाको किरण सेवन गर्नू । अनि कमल भएका तलाउमा डुबुल्की लगाएर नुहाउनू ।

**वर्षासुपचितं विरेचविधिना पित्तं हरेद्बुद्धिमान्**
**युक्तं रक्तविमोक्षणेन हविषस्तिक्तस्य पानं तथा ।**
**रात्रौ जागरणं व्यवायमधिकं घर्मं तुषारं दधि**
**क्षाराम्लोष्णविदाहितीक्ष्णकटुकं निद्रां दिवा च त्यजेत् ॥८५॥**

सङ्कलन : मोहन प्रसाद सपकोटा

बुद्धिमान् व्यक्तिले वर्षा ऋतुमा शरीर भित्र जम्मा हुन पुगेको पित्तविकारलाई शरद् ऋतुमा विरेचन विधिले बाहिर निकाल्नू, रगत निकाल्नू र तीता कुराले सिद्ध गरिएको घिउ पिउनू । रातको जागराम, अत्यधिक सहवास, घाम तपाई, तुसारो, दही, नुनिलो, अमिलो, गर्मी गर्ने वा तातो, धेरै डाह गर्ने, तिक्खर, पिरो र दिनको सुताई त्याग गर्नू ।

## हेमन्त, शिशिरऋतु कृत्य

**हेमन्ते लवणाम्लतिक्तकटुकक्षारोत्कटं बृंहणं**
**सर्पिस्तैलसमेतमुष्णमशनं तीक्ष्णानि पानानि च ।**
**सेवेतागुरुरूषिताऽम्ब्वशिशिरं गाहेत तैलप्लुतः**
**कौशेयास्तरणे शयीत शयने साङ्गारयाने गृहे ॥८६॥**

हेमन्त ऋतुमा नुनिलो, अमिलो, तीतो, पिरो, क्षारयुक्त, उत्कट, पौष्टिक, घिउ र तेल सहितको, ताततातो, तिक्खर खानेकुरा र पेय पिउनू । शरीरमा तेल मालिश गरी तातोपानीमा नुहाउनू र रेशमी वस्त्रयुक्त अँगेना सहितको कोठामा तातो बनाएर राखिएको पलङमा सुत्नू ।

**श्यामां पीनपयोधरोरुजघनामाश्लिष्य धन्योऽङ्गनां**

बाह्लीकागुरुलेपभूषिततनुं धूपैर्वरैर्धूपितम् ।
कामं मैथुनमप्यतर्पिततवपुः सेवेत बल्यै रसैः
कर्तव्यः शिशिरेऽयमेव नितरां शीताधिकत्वाद्विधिः ॥८७॥

पुष्ट स्तन र जाँघ भएकी तरुनी स्त्रीसँग मिलेर सुत्नू । केसर र अगर लेपन गर्नू, सुगन्धमय धूपले धूपित हुनू र स्त्री-सहवासमा संलग्न हुनू । बलदायक रसहरू खानेपिउने गर्नू । माघ र फागुनमा धेरै जाडो भए यही विधि अपनाउनु उपयुक्त हुन्छ ।

## वसन्तऋतु

तीक्ष्णक्षारकषायरूक्षकटुकं कोष्णं वसन्तेऽशनं
सन्मन्थं मधुमुद्गजाङ्गलयवप्रायं हितं वाऽऽसवम् ।
व्यायामं विपिनं च कोकिलकलालापाकुलं कामिनी-
स्नानोद्वर्तनचन्दनानि नृपतिः सेवेत रम्याः स्रजः ॥८८॥

वसन्त ऋतुमा तिक्खर, नुनिला, टर्रा, रुखा, पिरा र तातताता खानपिन गर्नू ।मह, मुगी र जाङ्गल क्षेत्रका जीवको मासु खानू । पिउने बानी हुनेले नियमानुसार मदिरा पिउनू । कसरत गर्नू । कोइली आदि चराको आवाज गुञ्जिने खालका बगैँचा, उपवन आदिमा घुम्नू । सुन्दर एवं अनुकूल व्यवहार गर्ने पति वा पत्नीको साथ लिनू । दिनहुँ नुहाउनू । बुकुवा, चन्दन आदि दल्नू । फूल, रत्न आदिको आफूलाई अनुकूल हुने खालको माला लगाउनू । (यहाँ एउटा कुरालाई बढी जोड दिन चाहेँ -सबै आयुर्वेदका ग्रन्थले वसन्त ऋतुमा चिसा पेयपदार्थ खानुपिउनु हुँदैन भनेका छन् ।) ।

हेमन्ते निचितः प्रकुप्यति कफे भानोः करैरावृत-
स्तस्मात्तीक्ष्णशिरोविरेकवमनैर्गण्डूषधूपादिभिः ।
तं प्रज्ञो विजयेत् विश्वजलदक्वाथैरथोष्णाम्बुभिः
शीतस्निग्धगुरुद्रवाम्लमधुरं निद्रां दिवा च त्यजेत् ॥८९॥

हेमन्त ऋतुमा शरीरभित्र जम्मा भएको कफ सूर्यका किरणले ढाकिएपछि विकृत हुन्छ यसैले कडा शिरोविरेचन अर्थात नस, बान्ताकारी ओखती, कुल्ला गर्ने ओखती, धूप सेवन आदिले तथा सुठो, नागरमोथे जस्ता ओखतीको काँढापानीले एवं तातोपानीले त्यो विकृत कफलाई जित्नू । शीतल, चिल्ला, पचाउन कठिन, पातला, अमिला, गुलिया खानपिन र दिउसको सुताई परित्याग गर्नू ।

## ग्रीष्मऋतु

ग्रीष्मे शीतगृहान्सरांसि सरितो वापीर्वनानि स्रजो
हाराञ्छीतलतालवृन्तपवनान्सेवेत निद्रां दिवा ।
वासांस्यच्छलघूयनुष्णमधुरं चान्नं ससर्पिर्द्रवं
मन्थक्षीरसुपानकानि च सितादिग्धानि शीतान्यपि ॥९०॥

ग्रीष्म ऋतुमा शीतल गृह; ताल, नदी र वापी, वन, माला, हार, शीतल ताडका पङ्खाको हावा, र दिनमा शयन गर्नू । सुन्दर र हलुका लुगा लगाउनू । शीतल, गुलिया, मीठा र घिउसहितका पातला अनाज, मन्थ, मिस्री आदि हालिएको दूध र अन्य उपयुक्त पेयपदार्थ पिउनू ।

**शुभ्रे हर्म्यतले शयीत शयने प्रत्यग्रपुष्पाञ्चिते**
**वातैश्चन्दनचन्द्रचर्चिततनुः संस्पृश्यमानः सुखैः ।**
**व्यायामं परिशोषि मैथुनरतिं घर्मं तथोष्णं रसा-**
**नाग्नेयान्परितस्त्यजेन्मतिमतो वैद्यस्य वाक्ये रतः ॥९१॥**

सुन्दर र स्वच्छ घरका छत आदिमा फुल्नका लागि मुख खुला हुने गरी तयार पारिएको पलङ्मा मन्द पवनबाट छुइँदै, चन्दन शरीरमा दलेर चन्द्रकिरण शरीरमा पर्नेगरी सुत्नू । कसरत, सुकाउने खालका पदार्थको सेवन, स्त्रीसहवास, घाम, तातो कुरा, पाचनशक्ति बढाउने खालका रस यी सबै कुरा त्याग गर्नू र बुद्धिमान् वैद्यको रामर्श अनुसार चल्नू ।

## ग्रन्थकर्तृप्रशस्ति

**टीकान्वये महति भूमिभुजां विशुद्धे**
**काछेति नाम नगरं जयति प्रसिद्धम् ।**
सङ्कलन : मोहन प्रसाद सपकोटा
**यद्वेधसा विहितमादरतः स्वसृष्टे-**
**रुत्कृष्टतातिशयपुञ्जदिदृक्षयैव ॥९२॥**

ब्रह्माले सृष्टिको उत्कृष्ट समूह हेर्ने चाहना गरी रचना गरेको शुद्ध र उत्तम टीका नामक राजवंश रहने काछ नामक शहर सबै दृष्टिले उत्कृष्ट छ ।

**तत्र श्रीरत्नपालः समजनि जनतानन्दवृन्दैककन्दः**
**कुन्देन्दुस्वच्छकीर्तिः परमददलनोद्दानदीक्षैकदक्षः ।**
**यस्याकर्ण्य प्रभूतं प्रथितगुणगणं कर्णसाफल्यभाजो**
**दैवं निन्दन्ति लोका नयनविफलताखेदमावेदयन्तः ॥९३॥**

त्यो टीकावंशमा मनुष्यको आनन्दसमूहको कन्दरूपी, कन्दका फूल एवं चन्द्रमा समान स्वच्छ कीर्ति भएका, शत्रुको मदलाई मल्दै ठूलो दीक्षा दिनमा चतुर तथा जसका प्रसिद्ध गुण-समूहका बारेमा सुनी कानले सफलता प्राप्त गरी आँखाले देख्न नपाउँदा खेद मान्दै संसारका मानिस दैवलाई गाली गर्ने गर्दछन् अर्थात् जसको गुण सुनेर मानिस हेर्न लालायित हुन्छन् यस्तो श्रीरत्नपाल राजा त्या काछ नामक शहरमा उत्पन्न भए ।

**जननयनसुधांशुस्तस्य शुद्धस्तनूजो**
**जगति भरणपालः क्षोणिपालो बभूव ।**
**सकलसकलवाञ्छासिद्धिहेतोर्विधाता**

सुरतरुमांपे चक्रे यत्करच्छद्मनैव ॥९४॥

ती श्रीयुक्त राजा रत्नपालका मनुष्यका आँखाका चन्द्रमा जस्ता शुद्ध रूपका पुत्र संसारमा राजा भरणपाल नामले प्रख्यात भए। विधाताले सारा प्राणीको इच्छा पूर्ण गर्नका लागि जसका हातबाट कल्पवृक्ष रूपी ज्ञान प्रकट गर्नु भयो ।

हरिश्चन्द्रस्तस्मात्समजनि जनानन्दजननो
हरिश्चन्द्रो लोके परपुरुपरीतापदलनः ।
परं विश्वामित्रेष्वहितमयमाधत्त मतिमान्
विशिष्टो नैतस्माज्जगति महितोऽन्यः सुकृतिनः ॥९५॥

तीबाट मनुष्यलाई आनन्द प्रदान गर्ने तथा संसारमा शत्रुको बढिरहेको तापलाई नियन्त्रण गर्ने भएका राजा हरिश्चन्द्र भए। ती बुद्धिमानले विश्वका शत्रुहरूलाई नाश गर्ने (दण्डदाता) तथा यो प्रकृतिमा र संसारमा कोही नभएका यस्ता हरिश्चन्द्र नामका राजा यस वंशमा भए ।

तस्मादभूदद्भुतकृत्यमान्यः साधारणो भूमिपतिर्वदान्यः ।
दारिद्र्यमुन्मूल्य पुनःस्ववैरिष्वस्थापि कामं कृपयैव येन ॥९६॥

ती हरिश्चन्द्रका अद्भुत कर्मलाई सन्मान गर्ने साधारण नामका उदार मनका एक राजा भए, जसले दरिद्रतालाई जरैदेखि उखेली अनि दया गरी आफ्ना शत्रुहरूतिर पूर्णरूपमा स्थापित गर्ने एक राजा भए ।

कामो धर्ममहेशमान्य उदयो नास्तं प्रयातः क्वचित्
नो दाने विरतः सुहृत्तनुमनःसन्तापहृच्छूरता ।
सच्चक्रातिविचित्रमित्रसुखिताबुद्धिप्रदा चन्द्रता
चातुर्येण महेन्द्रता कविमनाः किञ्चिन्न यस्माद्भुतम् ॥९७॥

जो कामदेव, यमराज र महादेव समान प्रतापी भए। जसको तेज कहिल्यै कतै छोपिएन, जसले दानदिनबाट कहिल्यै मुख फर्काएनन् यस्ता आफ्ना मित्रका हितैषी, शरीर र मनको पीर नाशक, शरुता र विचित्र सुख बुद्धिलाई प्रकाशित गर्ने, स्वच्छता र चतूरताले राजकीय तथा कविता आदि सबै गुण भएका यस्ता कुन कार्य होलान् जो उनका लागि अद्भूत होला ।

अजनि सहजपालस्तस्य पूर्वस्तनूजः
सकलगुणनिधानं शास्त्रधर्मैकवेत्ता ।
प्रथितपुरुषरत्नं यं समालोक्य लोको
बहुविधिषु विधातुः कान्ततां मन्यते स्म ॥९८॥

ती राजाका सहजपाल नामका सबै गुणका खानी, शास्त्र र धर्मका ज्ञाता एक प्रख्यात छोरा जन्मिए। जसलाई राम्ररी हेर्दै मानिसहरू अनेक किसिमका विधिमा ब्रह्माको चातुर्यतालाई प्रशंसा गर्न लागे ।

## उपसंहार

**यो राज्ञां मुखतिलकः कटारमल्लस्तेन श्रीमदन्नृपेण निर्मितेऽत्र ।**
**ग्रन्थेऽस्मिन्मदनविनोदनाम्नि पूर्णो वर्गोऽयं गुणगणमिश्रमिश्रकोऽयम् ॥९९॥**

जो राजाहरूमा श्रेष्ठ कटारमल्ल भए तिनै राजा मदनले रचना गरेको यो मदनविनोद नामक ग्रन्थमा गुणका समूह मिलेर बनेको यो मिश्रक नामक वर्ग पूर्ण भयो ।

**अब्दे ब्रह्मजगद्युगेन्दुगुणिते श्रीविक्रमार्कप्रभौ**
**माघे मासि महर्क्षपिन ललिते पष्ठ्यां सुधांशोर्दिने ।**
**दीनानां परितापपापशमनं ग्रन्थं निघण्टुं किल**
**श्रीदः श्रीमदनो व्यधत्त चतुरः सच्चक्रचूडामणिः ॥१००॥**

वि.सं.१४३१ माघशुक्ल षष्ठी सोमवारका दिन मानिसको दुःख नाश गर्ने भएको यो निघण्टु ग्रन्थलाई राजाधिराज श्रीमदनपालले रचना गरे ।

## पुष्पिका

सङ्कलन : मोहन प्रसाद सापकोटा

**इति श्रीमदनपालविरचिते मदनविनोदे (मदनपालनिघण्टौ) मिश्रकवर्गस्त्रयोदशः ॥**

श्रीमदनपालले रचना गरेको मदनपान निघण्टु अन्तर्गत मिश्रक नामक तेह्रौं वर्गको नेपालीमा गरिएको भावानुवाद पूर्ण भयो ।

**॥ समाप्तश्चायं ग्रन्थः ॥**

॥ हिमालयको दक्षिणी काखमा रहेको पर्वतीय देश नेपालको बागमती अञ्चल, काभ्रेपलाञ्चोक जिल्ला, अनैकोट गा.वि.स., वडा नं.३, चारघर टोलमा जन्म भई सोही अञ्चल, काठमाडौं जिल्ला, गोकर्णेश्वर न.पा., वडा नं.७, दक्षिणढोकामा बसोबास गर्ने माहेन प्रसाद सापकोटाद्वारा गरिएको मदनपाल निघण्टुको नेपाली भावानुवाद पूर्ण भयो ॥

## आयुर्वेदका केहीं शब्द र अर्थ

अँडिर :- उरुवुक, उरुवूक, एरण्ड, गन्धर्वहस्तक, चञ्चु, चित्रक, पञ्चाङ्गुल, ब्यडम्बक, ब्यडम्बन, मण्ड, रुचक, रुवुक, रुवूक, वर्धमान, व्याघ्रपुच्छ ।

अँडिर (रातो) :- डिण्डिघोष, रुबु ।

अँडिरको मूल जरो :- पौष्कर ।

अकरकरा :- वर्षातको शुरुमा पहाडी भूभागमा उम्रने, डाँठ र हाँगा कान्छी औँला जति मोटा र एक बित्ता लामा हुने, भित्र खोक्रो हुने, भुसिला, टुप्पामा पातका गुच्छा हुने र पहेँलो केसर हुने एक पोथ्रो । यसको पिरो र परपऱ्याउने स्वाद हुन्छ, अकरकला, अकारकरभ । यसलाई अंग्रेजीमा Pellitory र ल्याटिन भाषामा Anacyclus pyrethrum DC. (Pyrethrum radix) भनिन्छ ।

अगस्ति :- पन्ध्र बीस हात अग्लो हुने, माटोभैँ फुस्रो बोक्रा हुने, सेतो काठ सेता भेट्ना र फिक्का गुलाफी रङको टुप्पा हुने, एक हात लामा कोसा लाग्ने, चार अमल जति लामा चेप्टा खालका घुम्रिएका फूल कार्तिक वा मंसिर महिनामा फुल्ने र फूलको अचार वा तरकारी खाइने एक किसिमको रुख । यसका सेता, राता, पहेंला र काला गरी चार प्रकारका फूल हुन्छन् र यसैका आधारमा यसलाई चार प्रकारका मानिएको छ । यसको फूललाई बकपुष्प भनिन्छ । मुनि ।

अञ्जीर :- एको पोथ्रो । फिका पहेँला साना फूल फुल्ने, रामतोरियाँका जस्ता चुचा, खस्रा, बाक्ला पात हुने, भुटुकको जस्ता फल फल्ने बोट पाँचदेखि सात हातसम्म अग्लो हुने, अफगानिस्तान, बुलुचिस्तान, काश्मिरतिरको असल हुने पाकेपछिको फललाई चाना चाना पारेर काटी सुकाएर बेचिने उक्त पोथ्रो ।

अजमोदा :- धनियाँका छाँटको पात हुने, मसिना झुप्पाकार फूल फुल्ने, ज्वानुजस्तै फल हुने एक झार; जङ्गली ज्वानु । दीप्य, दीप्यक, शताह्वा ।

अतिबला :- सुठुनीका जस्ता हरिया र चिल्ला पात हुने, गुन्ठुनिएको लहरो भुईंमा लत्रिएर बढ्ने, सेता र पहेँला रङका ससाना फूल फुल्ने र औषधिका निम्ति प्रयोग हुने एक जातको लहरो । यो बलु जातिको एक झार विशेष हो तथा सानो र ठूलो गरी दुई किसिमको हुन्छ । सानो अति गर्मी स्थानमा हुन्छ, विरुवामा दुई हातको र हुर्केपछि पाँच हात अग्लो बोट हुन्छ । गुर्जोका जस्तै तर किनारा काटिएका पात हुन्छन् भने केही घुम्रिएका र बाटुला फल हुन्छन् । ठूलोका पात, फूल, फल र बोट समेत ठूलो हुन्छ ।

अजयपाल :- बृहद्दन्ती (ठुलो जातको) । लघुदन्ती (सानो जातको) । जयपाल, जेपाल, जैपाल, दन्ती, ।

अतिसार :- खाएका कुरा नपची पातलो दुर्गन्धी दिसा भइरहने रोग; आउँको रोग । यसका कफजन्य, वातजन्य, पित्तजन्य, आमजन्य, सन्निपातजन्य र शोकजन्य गरी छ किसिम हुन्छ । यो रोगमा सामान्यतः आमाशय सुन्निएर खाएको कुरा नपची पातलो दिसा र डकार आइरहन्छ, अमन हुन्छ र शरीर लखतरान भएर गल्दछ ।

अधा :- आधा टाउको दुख्ने रोग, अर्धभेदक, अर्धावभेदक ।

अनुपान :- खाना वा ओखती खाएपछि त्यसलाई पचाउन लगत्तै पिइने पेय पदार्थ ।

अनुलोमन :- कब्जियत भएर पेटभित्र रहेको मल वा रोकिएको मूत्रलाई खुकुलो बनाई आन्द्राभुँडी सफा गर्दै तलतिर धकेलेर दिसापिसाब मार्फत बाहिर निकाल्ने औषधी । जस्तै : हर्रो ।

अनूप :- सिमसार क्षेत्र, पानी धेरै हुने स्थान वा देश ।

अन्न आदि (पाकेर तयार भएको) :- उपसम्पन्न, प्रणीत ।

अन्धो :- परेलाका डिलमा आउने एक किसिमको खटिरो; अन्नो ।

अन्नो रोग :- अञ्जननामिका, अर्जुन ।

अपची :- घाँटीमा माला लगाए जसरी खटिरा आई फोका उठेर पीप बन्ने रोग, गण्डमाला रोगको एक प्रकार ।

अपतन्त्र :- वायुविकारबाट हुने रोग । यो रोग हुँदा शरीर टढो हुने, टाउको र कञ्चट दुख्ने, गला बज्ने, आँखा तन्कने र सास फेर्न कठिनाई हुने गर्दछ ।

अपतानक :- आइमाईमा गर्भपात हुँदा र पुरुषमा ठूलो चोटपटक लाग्दा वा धेरै रगत जाँदा हुने रोग । यसमा पटकपटक बेहोस हुने, कफले गर्दा घाँटीबाट घ्यारघ्यार आवाज आउने गर्दछ ।

अपबाहुक :- पाखुरामा हुने वायुले नसा सुकाएर पाखुरा सुकाउने एक रोग ।

अभिष्यन्द :- पोल्ने, रातो हुने तथा आँशु झरिरहने र चिप्रा लागिरहने आँखाको रोग, अधिमन्थ ।

अभिष्यन्दी :- थलथले गुणले गरुङ्गोपनबाट रस निकाल्ने चौबीस थरी शिरा नामका नसाहरू थुनेर शरीरलाई भारी (गरुङ्गो) बनाउने द्रव्यलाई अभिष्यन्दी द्रव्य भनिन्छ । जस्तैः रातको दही ।

अभ्रक :- आगाले नजल्ने पारदर्शी र पत्रेदार खनिज पदार्थ विशेष, अभ्रख, अब्रक । अभ्र, नभ ।

अम्फीफल (अङ्कुल):- काभ्राका जस्ता पात हुने, ससाना पहेँला रङका फूल फुल्ने र राता रङमा सेता धर्सा भएका फल फल्ने काँडादार एक वृक्ष, त्यसैको फल । अङ्कोट, अङ्कोटक, अङ्कोल, अङ्कोलक, निकोचक ।

अरुषिका :- कफ, रगत बिग्रेर वा कीराका कारणले आउने धेरै मुख हुने र अति दुख्ने खटिरो ।

अर्दित :- मुखको कुनै भाग वातदोषले गर्दा नचल्ने हुने एक रोग विशेष (फेसियल प्यारालाइसिस) ।

अर्म :- आँखाको पुतलीमाथि सेतो दाग वा छिटा जस्तो हुने आँखाको रोग ।

अलजी :- दुख्ने राता वा पहेँलो खटिरो विशेष ।

अलसक :- एक प्रकारको अजीर्ण रोग ।

अल्काई (रोग) :- गुदद्वारको भित्रपट्टि खटिरो आई रगत बग्ने रोग । अर्श, अलकाई, गदगुदज, गुदाङ्कुर, दुर्नामक, दुर्नाम, हर्सा ।

अवदंशक्षमं :- अचार बनाउन योग्य ।

अश्वगन्धा :- लाम्चा पात र खैरो प्यूठाने मूलाकाझैं कन्द हुने एक जातको बूटी वा त्यसैको कन्द ।

अष्टसिद्धि :- ऐश्वर्य, भूति, विभूति । (अणिमा, ईशित्व, गरिमा, प्राकाम्य, प्राप्ति, महिमा, लघिमा र वशित्व) ।

अष्ठीला :- मूत्राशयमा गाँठा पलाएर मूत्रत्यागमा अवरोध हुने एक रोग (प्रोस्टेट ग्ल्याण्ड) ।

आक्षेप :- शरीर काम्ने वा नसाभित्र हावा छिरी कुनै अङ्ग झट्कार्ने रोग, आक्षेपक ।

आडि :- पानीका नजिकमा बस्ने एक सानो चरा । आटि, आटी, आडी, शराति, शरारि, शरालि ।

आध्मान :- पेट फुल्ने एक रोग, अपानवायु रोकिनाले छालाको थैलो फुले जसरी पेट फुल्ने रोग ।

आनाह :- पचेर अथवा नपची दूषित भएको मलमूत्र पेटमा रोकिएर हुने रोग ।

आम :- खाएपिएका कुरा पचेपछि बन्ने रस । सामान्यतः "आम" पनि रसै हो तर आहार राम्ररी नपाकी वा नपची बनेको रस हो (शार्ङ्गधर) ।

आमदोष :- कमजोर पाचनशक्तिका कारण शरीरमा नपचेका खानेकुरा सडेर बन्ने विषालु तत्व ।

आमवात :- आमरस वा आउँका कारण हुने जोर्नी दुख्ने वातरोग ।

आस्थापन वस्ति :- विभिन्न औषधीको काँढापानी बनाई त्यो काँढापानीलाई छदाउन वा दिसा पिसाब गराउन प्रयोग गर्ने विधि ।

इन्द्रलुप्त :- रौंको जरामा रहने रगत खराब भएर रौं झारिदिने र फेरी रौं पलाउन नदिने रोग ( के.यन.स्वामि), कपाल झर्ने रोग विशेष (च.सं.) । तालुखुइलने रोग ।

इशबगोल :- यसलाई अंग्रेजीमा Ispaghula वा Spogel Seeds तथा ल्याटिनमा *Plantago ispaghula* वा *P.ovata Forsk.* भनिन्छ ।

उदर्द : शिशिर ऋतुमा आउने एक किसिमको दादुरा जसको बीच भाग गहिरो र छेउतिर अग्लो हुन्छ । यी राता हुन्छन् र चिलाउने गर्दछ । यो कफ बढी भएका कारण हुन्छ ।

उदावर्त :- अपानवायु माथितिर सरी मलमूत्रलाई पनि माथिमाथि तान्ने पेटको रोग । अपानवायु, दिसा, पिसाब, हाई आँसु, हाच्छिउँ, डकार, बान्ता, शुक्र, भोक, तिर्खा, निःश्वास र निद्रा आउन

| | |
|---|---|
| | लाग्दा जबरजस्ती रोक्न गरे यो रोग लाग्दछ । रोग लागिसकेपछि दिसा, पिसा र अपानवायु बन्द हुन्छ । पेट कराउने गर्दछ । शरीर कमजोर भई दुख्न थाल्दछ । |
| उन्माद :- | पागलपन, कडा रिस, मानसिक रोग । |
| उपशोष : | शरीर सुक्नु वा चाउरिनु । |
| उरुस्तम्भ : | कम्मरदेखि तलका अङ्ग कक्रक्क पार्ने, दुखाउने र हिँड्न गाह्रो हुने रोग । |
| उष्णवीर्य :- | (अष्टाङ्ग हृदय) द्रव्यमा हुने गुण विशेष । उष्ण वीर्यले भ्रम पैदा गर्ने, तिर्खा लगाउने, हर्ष नाश गर्ने, पसिना निकाल्ने, डाह गर्ने तथा खाएको कुरा वा घाउआदि चाँडै पकाउने काम गर्दछ । यसले वात र कफ दोषलाई शान्त पार्दछ । |
| ऊरुस्तम्भ :- | तिघ्रा शिथिल हुने रोग, आढ्यवात । |
| ऊर्ध्ववात :- | धेरै डकार आउने रोग । |
| कण्डरा :- | ढोडनसो, ठुलो नसो । |
| कण्डू :- | शरीर चिलाउने रोग । |
| कण्डेउलो :- | कमरमुनिको फिलाको हाड जुन् तीन भागको हुन्छ । त्रिक, त्रिकस्थि । टाउको र पाखुराको जोर्नीलाई समेत त्रिक भनिन्छ । |
| कत्तृणः- | नेपाले उशीर वा कुशजस्तो पिर्रे, हरकट्टा । |
| कपुरहलेदो :- | कर्चूर, कर्वुर, कर्वूर, गन्धपलाश विशेष, गन्धमूली, पलाश, शठी, षड्ग्रन्थिका । यो औषधी हलेदो जस्तो हुन्छ र छ गाँठा हुन्छन् । |
| कब्जियत :- | पेटमा मल रोकिएर बस्ने रोग विशेष (आनाह) । |
| कम्पिल्लक :- | एक प्रकारको औषधीमा प्रयोग हुने वृक्ष । कम्पिल्ल । |
| करम :- | गर्मी प्रदेशमा पोखरी वा तलाउमा उम्रने, सखरखण्डको जस्तो पात, खोक्रो डाँठ र सेतो फूल हुने एक साग; करमी । कलम्बिका, कलम्बी, कालशाक । |
| कर्ष :- | करिब बाह्र मिलिग्राम । |
| कलेजोका मांसखण्ड :- | कालखण्ड, यकृत् । |
| कल्क :- | कुनै नरम वा सुकेको ओखतीलाई पानी मिसाई पिसेपछि बन्ने धुलो वा लेदो ।क्रक । |
| कला :- | धातु भित्र रहने हैँडिदो (हल्का हरियो रङ तथा अमिलो र उग्लिएको स्वादको पदार्थ) जो शरीरको तातोले पच्ने गर्दछ, त्यसलाई कला भनिन्छ । |
| कसौंडी, ताप्के आदि भाँडामा पकाइने खानेकुरा :- उख्य, पैठर । | |
| कान्तिसारलौह :- | जुन फलामे भाँडोमा राखेको पानीमा तेल पर्दा फैलिँदैन, तातेको भाँडामा फुराएको हिङमा गन्ध आउँदैन, नीमको रस पर्दा गुलियो बन्दछ, दूध तताउँदा उम्लेर जाँदैन, पानी राखेर चना भिजाउँदा कालो हुन जान्छ, यस्तो गुण भएको फलामलाई कान्तिसारलौह भनिन्छ । कान्तम् । |
| काम्बलिक :- | फलको रसलाई अमिला फल वा कन्दमूल हाली (प्रायः तिलको छोप र अनारदाना) तयार पारिने अमिलो पेय पदार्थ । |
| कालकूट :- | भारतको श्रृङ्गवेर, कोंकण, काकोदाचल पहाडतिर हुने पीपलको रुखको जस्तो चोप आउने नौथरी कन्दविषमध्येको एक विष । |
| केलास : | कुष्ठरोग विशेष । |
| केसमिस :- | प्रायः बीज नहुने सुकेको मीठो दाख; सानो दाख । क्षुद्रद्राक्षा, निर्वीजद्राक्षा । |
| कुटकी :- | झुप्पा झुप्पा पात लाग्ने, नीलो फूल फुल्ने र कालो फल फल्ने एक भुइँझार वा त्यसको डाँठ अथवा जरा, कटु, कटुक, कटुरोहिणी, तिक्ता, मत्स्यपित्त । |
| कुरङ्ग :- | फिका तामा रङको कृष्णसार मृग । |
| कुश :- | कुथ, कुश, दर्भ, पवित्र । |

सङ्कलन : मोहन प्रसाद सापकोटा

| | |
|---|---|
| | अप्रसूनाः स्मृता दर्भाः प्रसूनास्तु कुशाः स्मृताः-नफुलेको वा सानो जातको कुशलाई दर्भ भनिन्छ भने फुलेको कुशलाई कुश भनिन्छ (श्राद्धमञ्जरी) । |
| ुष्ठरोग (विशेष) :- | किटिभ । |
| ुष्ठरोग (टाटे) :- | कोठ, मण्डलक । |
| ुष्ठरोग (सेतो) :- | कुष्ठ, श्वित्र । |
| ुहिना :- | कफणि, कफोणि, कर्पर, कूर्पर । |
| ृच्छ्र :- | मूत्रकृच्छ्र आदि पिसाबसम्बन्धी रोगहरू । |
| ृशरः | खिचडी । |
| ेत्तुके :- | केतका । |
| ोखो :- | पार्श्व । |
| ोठी :- | छालामा आउने कोठी, तिलकालक । |
| ोपन :- | उत्तेजित पार्ने गुण । |
| ौडो :- | घुँगीजस्तै एक थरी पानीकीराको सिपी वा शङ्ख जातको एकापट्टि दाँतीदार मुख हुने अस्तिकोष वा हाडको ढकनी । यस्तो सानो खालको एउटालाई कौडी र धेरै वटालाई कौडा भनिन्छ । वराटिका । |
| लम :- | कुनै परिश्रम नगर्दा पनि शरीर थाकेर मन खिन्न हुनु । |
| व्याद :- | काँचो मासु खाने प्राणी । |
| ोष्टशीर्ष :- | क्रोष्टशीर्षक, क्रोष्टुशीर्षक, वायु र रगत बिग्रेर घुँडाको बीचमा स्यालको टाउको जस्तो खुब ठूलो र मोटो अत्यन्त दुख्ने गरी सुन्निने रोग वा रोगी । |
| तक्षीण :- | धेरै परिश्रम वा मैथुनका कारण छाती भित्रको रस वा मासु सुक्ने रोग । |
| वथु :- | हाच्छिउँ आइरहने एकप्रकारको नाकको रोग । |
| क्षिप्रा : | चना, मटरकोसा आदि हाली पकाइएको खिचडी । |
| वटिरो :- | पिटक, पिटिक, पिटिका, पिड्का, पिड्को, विस्फोट, विस्फोटा । |
| खेच्रो (खिचडी) :- | कृसर । |
| खेल :- | चर्मकील । |
| वुदो :- | फाणित, मत्स्यण्डी । |
| वुवा :- | कुराउनी, खोवा । कूर्चिका । |
| वोकी :- | कास |
| ण्ड : | फोका, गलगाँड । |
| लग्रह : | कफ बढेर सास फेर्न असजिलो पार्ने घाँटीको एक रोग । |
| ग्रहणी- | जठराग्निको आधार भएकी नाइटोभन्दा केही माथि ग्रहणी (खानपिन ग्रहण गर्ने) एउटा नाडी हुन्छे । यिनको काम नपचेको कुरा पचाई मलमूत्र मनाएर शरीर बाहिर निकाल्नु हो । यो नाडीमा कुनै विकार भई खाएपिएको नपची बाहिर निस्कने वा पचेपनि पटकपटक गरेर बाहिर निस्कने रोगलाई ग्रहणी भनिन्छ । अन्य अर्थ : खाएको चिजमा बोसे आन्द्रोले गर्नुपर्ने काम गर्न नसक्दा हुन जाने पेटको रोग । यसले पेट फुल्ने, दुख्ने, दिसा लागिरहने र भोक नलाग्ने समस्या हुन्छ । |
| ाँजा :- | विजया । |
| ाजल :- | स्रोतोञ्जन । |
| ानुगोला (रोग)- | गुल्म । (क) नसा सुन्निएर गाँठो पर्नु । (ख) वात आदि दोषले छाती वा पेटमा हुने हावाको गोला पर्ने रोग । |
| ुदकील : | अल्काई रोग हुँदा मलद्वारमा पलाउने मासुका डल्ला । |
| ुदभ्रंश :- | गुदद्वारको भित्री भाग बाहिर आउने वा गुदद्वारमा मुजा पर्ने एक रोग । |

ुनाभा- ऋषभ, लाङ्गुली, वृष, शृङ्गी । हिमालयतिर पाइने लसुनको जस्तो कन्दहुने, निर्बलिया ससाना पात हुने गोरुको सिङजस्तो बोट हुने बुटी विशेष ।

ुनाभा (कर्कटशृङ्गी विशेष)-कूर्चशीर्ष, जीवक, मधुरक, शङ्ग, शिखरी, शृङ्ग, ह्रस्वाङ्ग । हिमालयतिर पाइने लसुनको जस्तो कन्दहुने, निर्बलिया ससाना पात हुने कुचोजस्तो बोट हुने बुटी विशेष ।

ुल्म :- वात, कफ, पित्त आदिका विकारबाट पेटभित्र वायुको गोला जम्ने रोग; वायुरोग; गानुगोला ।

ृध्रसी :- कम्मरको जोर्नी, कम्मर, ढाड र गोडा निदाई सियाले घोचेझैं दुख्ने र काम्ने, वात वा पित्त विकारले हुने एक रोग ।

ारु :- घर, कोठा र लुगा (प्रायः जोगीका) आदि रँगाउन प्रयोग हुने फुस्रो रातो रङको खनिज वा रछाहा पहेँल्चो माटो । गैरिक ।

ग्रहणी- सानो आन्द्राको शुरुको १२ अमल भाग ।

ग्रहणी (रोग एवं अङ्ग)- पाचक (खाएको अन्न जल पचाइदिने) अग्नि (जठराग्नि) को आधार भएकी नाभिस्थानभन्दा केही माथि ग्रहणी नाम भएकी (अन्न-जल ग्रहण गर्ने) नाडी रहन्छे । त्यो नाडीले अपक्व अन्न-जल लिएर पक्व गराई मल-मूत्ररूपमा परिणत पारेर अधोमार्गद्वारा निकालिदिन्छे । त्यस नाडीमा दोष सञ्चय हुन जाँदा खाएको अन्न-जल अपक्व नै निस्कन लाग्दछ अथवा पक्व्व भइगयो भने पनि धेरै पटक गरी निस्कन लाग्दछ । यस्तो रोगलाई ग्रहणीरोग भनिन्छ । ग्रहणीरूज्, प्रवाहिका ।

ग्राही- जुन औषधीले पेटभित्रको अग्निलाई बाल्दछ, “आम” आदिलाई पचाउँदछ, गर्मीकारक हुनाले गर्दा जलले पैदा गर्ने कफ आदि दोष, धातु र मललाई सोस्दछ त्यसलाई वा त्यस्तो गुणलाई “ग्राही” भनिन्छ । जस्तै : सुठो, जीरा, चाभा आदि ।

लानि :- थकाइ, सुस्तता, अरुचि, घिन, पछुतो, मानसिक कष्टबाट हुने लाचारीको दुःख ।

ग्राउ- अरुस्, ईर्म, व्रण ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

ग्राउ (विशेष)- नसासम्म गढेको नथाक्ने घाउ, नाडीव्रण ।

चित्रकुष्ठ : सेता दाग हुने कुष्ठरोग ।

चिप्रा :- दूषिका ।

चिलाइ (लुतो जस्तै रोग)-कण्डु, कण्डू, कण्डूया, खर्जू ।

छारेरोग- अपस्मार, अपस्मृति, मृगी ।

छेदन :- जुन औषधीले एक आपसमा मिली जमेर बसेको कफ आदि दोषलाई आफ्नो तागतले अलग गरी फोर्दछ (तर बाहिर निकाल्न सक्ने क्षमता हुन्न) त्यसलाई “छेदन” भनिन्छ । जस्तै : यवक्षार, मरिच, शिलाजित आदि ।

जठराग्नि :- आयुर्वेद अनुसार तीन थरी अग्निमध्ये नाइटो र मुटुको बीचमा रही पित्तरूपले खाएको कुरा पचाउने अग्नि ।

जतुमणि :- शरीरको छालामा टाटा हुने एक रोग ।

जाड्य :- (क) लोसेपन, सुस्ती । (ख) मूर्खपन । (ग) जडपन, चेतना नहुने अवस्था ।

जालगर्दभ : जरोसहित शरीर सुन्निने रोगविशेष ।

जिभ्रे (जिभ्रेटो)- दर्विका, दार्विका, गोजिह्वा ।

जीर्णज्वर : आएको १२ वा २१ दिन भइसकेको जरो ।

जुम्रा- किटिभ ।

झेर वा सुइरोमा उनेरपकाइे मासु आदि- भटित्र, शूलाकृत, शूल्य ।

तक्रारिष्ट :-मोही, हर्रो, अमलाको धुलो आदि हालेर बनाइएको अरिष्ट ।

तमकश्वास : दमको रोग विशेष ।

तरकारी (तिहुन)-तेमन, निष्ठान ।

तरकारी आदि (झोल हालिएको)- पिच्छिल, विजिल, विज्जन, विज्जल ।

रां :- उखुको दुई आँख्लाका बीचको भाग ।
ालिसपत्र :- सुनपाती । भूटान, कुमाउँ, अफगानिस्तान, बलुचीस्तान आदि देशको आठदेखि बाह्र हजार फिटसम्म अग्ला पहाडमा हुने मसिनो कैलो झुसे हाँगा हुने, एक सय पचासदेखि दुई सय फिटसम्म अग्लो हुने र तीस फिटसम्म गोलाई हुने रूख । यसको आधा अमल लामो एक लाइन बाक्लो टुप्पामा दुई वटा तीखा चुच्चा परेका र बीचमा धर्का भएका, सुल्टोतिर हरिया र उल्टोतिर सेतो रङ्का तथा डाँठको दुबैतिर एकनास हुने पात हुन्छ । एक अमल लामो तलमाथि मसिनो, बीचमा फुकेको पाकेपछि बैजनी रङ्गको हुने फल हुन्छ । फलभित्र आधा इञ्च लामा बियाँ हुन्छन् ।
तेघ्रा :- ऊरु, सक्थि,
तेघ्राका जोर्नी- वंक्षण ।
तेमिर : अन्धोपन ।
तेर्खा (प्यास)- उदन्या, तर्ष, तृष्, पिपासा ।
ूनी :- मूत्राशयबाट दुख्दै गुदद्वार वा तल्लो पेटसम्म दुख्ने एक वातरोग । तूणी । वायु (अपानवायु) मलाशयबाट उठी धेरै दुखाउँदै मलद्वार वा जननेन्द्रियतिर जाने रोगलाई तूनी भनिन्छ ।
ोद- पीडा, दुःख ।
त्रेकटु :- सुठो, मरिच र पिप्पला बराबर मिसाई तयार पारिएको धुलो । फलत्रिकम्, व्योष ।
त्रेदोष :- वात, पित्त र कफ यी तीन दोष वा यी तीन दोषबाट हुने रोग ।
त्रेफला :- फलत्रिकम्, वरा, श्रेष्ठा ।
्मस- तमक (सामान्य), महाश्वास (गढेको) ।
्ही (दही र सातुको घोल)- करम्ब, करम्भ ।
्ही (पर्याँलो)- द्रप्स ।
्ही (दहीको एक चौथाइ पानी हालिएको)-तक्र ।
सङ्कलन : मोहन प्रसाद सापकोटा
्ही (पानी नहालिकन फाएको)-मथित ।
्ही (दहीको पानी)- मस्तु ।
ाउरा- इन्धन, एधस् ।
ाद- दद्रु ।
ादुरा :- मसूरिका ।
ारुणक :- टाउको रुखो भई भुसजस्तो धुलो झर्ने रोग विशेष । चाया ।
ीपन :- जुन औषधीले आम (खाएको कुरा पचेर बनेको रस) लाई पचाउँदैन तर पाचकाग्निलाई बाल्दछ त्यस्ता औषधीलाई “दीपन” भनिन्छ । जस्तैः सुप ।
ीपनपाचन :- जुन औषधीले पाचकाग्निलाई पनि बाल्दछ र आमलाई पनि पचाउँदछ त्यस्ता औषधीलाई “दीपनपाचन” भनिन्छ । जस्तै : चितू, अरिड ।
ुबी- किलास, सिध्म ।
ूषीविष :- शरीरका धातुलाई बिगार्ने खालका विष ।
ोलायन्त्र :- काँढापानी आदि पातला पदार्थ हालिएका कुनै गाग्रा आदिमा भरी शुद्ध हुने ओखतीलाई ( त्यसपछि) पोको पारी झुण्डयाएर पसिना निकाल्ने विधिलाई दोलायन्त्र भनिन्छ ।
ातुको व्यथा- प्रमेह, मेह ।
ान्याभ्रक :- धानका सहायताले अभ्रख शुद्ध पार्ने तरिका वा त्यसरी शुद्ध पारिएको अभ्रख । टुक्रा पारिएका अभ्रकलाई यसको एक चौथाई धानमा मिसाउनू र कुनै बलियो कपडामा पोको पार्नू । अनि कुनै फराकिलो भाँडामाथि यसलाई हातले समाउनू र पानी हाल्दै माड्दै गर्नू । यसो गर्दा पोकोमा भएको जति अभ्रख तल भाँडामा पानी मिसिएर आउँदछ । यसरी सबै अभ्रख पानीसँग मिसिएर आएपछि पानी निथारेर फाल्नू । अभ्रखको धुलो घाममा सुकाउनू । यसलाई धान्याभ्रख भनिन्छ ।

| | |
|---|---|
| ाान्याम्ल : | चामलको पाँठो वा कोदाबाट बनाइएको जाँड । |
| कुलान्ध :- | न्याउरीमुसाको जस्ता आँखा हुने र रङ्गीबिरङ्गी देखिने आँखाको एक रोग । |
| ारिचो :- | छेउमा नजानिदो दात्जस्ता लाम्चा पात हुने, पहेँला फूल फुल्ने, रामतोरीयाँका आकारका कोसा फल्ने र बोक्राबाट कागत बनाइने, आयुर्वेदमा अग्निवर्धक र रुचिकारक गुण बताइएको एक जातको सानो बोट । नाडिक । |
| ासा (मुखको) :- | शङ्खिनी । |
| ाडीव्रण : | नलीको प्वाल जस्तो प्वाल भई भित्रसम्म गाडिएर पीपरगत बगिरहने घाउ । |
| ाभो धान :- | प्रसाधिका । |
| नेफननाफन, केलाईकुलाई, धोईधाई गरिएका वस्तु-शोधित, सम्मृष्ट । | |
| ीरबिरालो :- | गन्धमार्जार, गन्धविलाव, गन्धविलावनामक विरालो । यो विरालो टाढाबाट बिरालोझैँ देखिने तर प्रकृतिमा फरक हुन्छ । यसको आँखा तीखो र सुँघ्ने शक्ति पनि कडा हुन्छ । यसले आफ्नो मुखको रौँबाटै आफ्नो खाने कुरा थाहा पाउँदछ । गन्धविलावमध्ये केही सधैँजसो रूखमा बस्न रुचाउँदछन् । तर केही जमिनमा नै बस्न रुचाउँदछन् । भारतमा सबैभन्दा ठूला जातको गन्धविलावलाई “कटास” भन्दछन् । नेपाल, भुटान बाहेक यो सिक्किम, बङ्गाल र आसाममा पनि पाइन्छ । बङ्गालमा पाइने गन्धविलावले सर्प पनि खान्छ । गन्धविलाव अनेक छाँटको हुन्छ । मुष्कविलाव सानो कद र फुस्रो रङको हुन्छ । यसले रातीमा सिकार खेल्दछ । “मुसँग” वा “ताडविलाव” कालो र बदामी रङको हुन्छ । यसले आँप वा ताडको रूखमा बस्न मन पराउँदछ र ताडी चुहाएको भाँडोबाट ताडी पनि पिउँदछ । हिमालमा पनि यो ताडविलाव भेटिन्छ । तर यसको गाला सेतो हुन्छ । एक थरी गन्धविलाव भालु जस्तो देखिन्छ । यसलाई “भालुविलाव” भन्दछन् । भोटे भाषामा गन्धविलावलाई “जिकचुप” भन्दछन् भने लेप्चा भाषामा “मिचु” भन्दछन् । वास्तवमा “गन्धविलाव” भन्नुमा एक कारण छ । खास गरेर यी जीवहरूमा एक थैली हुन्छ । यसबाट अत्तर बनाइन्छ । थैली हरेक बिरालोमा एकै किसिमको हुँदैन । गन्धविलावलाई नेपाली भाषामा नीरबिरालो वा नेतीबिरालो पनि भनिन्छ । यसको वासस्थान पहाडी वन क्षेत्रका रूखहरू हुन् । यसको सुगन्धग्रन्थि हुन्छ । त्यसबाट निस्केको पदार्थबाट अत्तर, ओखती आदि बनाइन्छ । यिनीहरू रूखको टोड्कामा बस्ने र त्यहीं बच्चा पार्ने गर्दछन् । यिनीहरूको मुख्य आहार सागपात हो । यिनका शरीरबाट निस्कने सुगन्धी वस्तुलाई गन्धमार्जारवीर्य भनिन्छ । |
| ीलाञ्जन :- | १. नीलोतुथो । २. आँखामा लगाउन बनाइएको एक प्रकारको शृङ्गारिक द्रव्य, सुर्मा । नीलाञ्जना । |
| क्वातिसार :- | गाढा पहेंलो र पातलो दिसा हुने रोग (ब्लोस डाएरिया) । |
| क्वाशय :- | आन्द्रासँग जोडिएको भुँडिको तल्लो भाग, पाकाशय । |
| क्षाघात :- | वायुविकारले गर्दा शरीरको एक हर वा कुनै अङ्ग अथवा पूरै शरीर निधाएझैं हुन गई चल्न चरपटाउन नसकिने रोग । |
| चाउन कठिन- | गुरु, सर । |
| ञ्चकोल :- | पिप्ला, पिप्लाको जरा, चाँभो, चितू र सुठो । |
| ञ्चवल्कल :- | बर्रो, पिपल, पाखरी, डुम्री, बेत वा शिरीषको बोक्रा । |
| थ्य :- | रोग नभड्काउने, रोगीलाई हित गर्ने, फाइदा गर्ने, योग्य, उचित । |
| नीर :- | सन्नाय । |
| ारिणामशूल :- | खाना पच्ने बेलामा पेटमा हुने शूल वा दुखाइ, पक्तिशूल । |
| ाचन :- | जुन औषधीले आमलाई पचाउँदछ तर पाचकाग्निलाई बाल्दैन त्यस्ता औषधीलाई “पाचन” भनिन्छ । जस्तै : नागकेसर । |
| ाण्डु :- | सम्पूर्ण शरीर र रौं सेतो हुने एक रोग; श्वेतकुष्ठ; सेतो कोढ । |

| | |
|---|---|
| ातालयन्त्र :- | घोप्टो र उत्तानो पारी मुखमुख जोडेर बनाइने रसादि औषधि पकाइने माटोको यन्त्र (भाँडो) विशेष । |
| ातेभुला- | ऋद्धि, योग्य, लक्ष्मी, वृद्धि । (सेतो, भुस, बीच बीचमा प्वाल भएको कन्दलाई ऋद्धि र वृद्धि भनिन्छ । देब्रे बटारिएको कपासको गाँठोजत्रो फल हुनेलाई ऋद्धि र दाहिने बटारिएको फल हुनेलाई वृद्धि भन्दछन् । |
| ामा :- | धेरै पीप बगिरहने, धेरै पोल्ने र चिलाउने, ससाना बिमिरा आउने लुतो विशेष, भैंसे लुतो विशेष, यसलाई अठार थरीका कुष्ठरोगमध्येको एक मानिन्छ । |
| ार्श्वशूल :- | उरोग्रह । छातिका करङ दुख्ने रोग । |
| पेडका :- | सानातिनो खटिरो वा पिलो वा पिड्को । |
| पेनास- | प्रतिश्याय । |
| पेल्लम् :- | अलिअलि चिप्रा वा पानी निस्कने आँखाको एक रोग । |
| ुण्डरीक :- | सेतो कमलको पातजस्तै सेतो र भित्री भाग रातो हुने हल्का उठेको देखिने, बीचमा केही रातो हुने अठार प्रकारका कुष्ठ रोगमध्ये एक । |
| ूतिनासा :- | नाक गनाउने रोग विशेष । |
| ोथकी : | बालकका आँखामा आउने आनो । |
| ातूनी : | तूनीको उल्टो अर्थात् वायु (अपानवायु) जननेन्द्रियबाट उठी दुखाउँदै मलाशयतिर जाने रोगलाई प्रतूनी भनिन्छ । |
| ात्यष्ठीला :- | वातरोग विशेष । |
| ादर :- | स्त्री-जननेन्द्रियबाट सेतो पानी बग्ने रोग । |
| ादीपक :- | नौथरी विषहरूमध्ये एक, जसलाई सुँघ्दा मानिस मर्दछ । यो समुद्री किनारमा पाइन्छ । आगाको भुङ्गो जस्तो राता रङ र खजुरको जस्तो पात हुन्छ (शार्ङ्गधरसंहिता) । |
| ादेह :- | फोका वा खटिरामा लगाइने लेप |
| ामाथि :- | जुन द्रव्य आफ्नो शक्तिले कान, मुख, नाक आदि प्वालबाट वा अरु प्वालबाट शरीरभित्र सञ्चित कफ आदि दोष र गढेका रोगलाई बाहिर निकाल्दछ त्यसलाई वा त्यस्तो गुणलाई "प्रमाथि" भनिन्छ । जस्तै : मरिच, बोझो आदि । |
| ामेह :- | पिसाबसँग मिसिई वीर्य अथवा शरीरका अरू धातु पातलिएर जाने विभिन्न रोगहरू । |
| ायस्त :- | मसला हालेर पकाइएका खानेकुरा, सुसंस्कृत । |
| ावाहिका (रोग)- | कुपित भएको वायुले गर्दा सञ्चित भएको कफ मलसहित भई गुदद्वारबाट धेरै पटकपटक गरी निस्कने रोग । |
| ासह :- | लुछेर वा चिथोरेर मासु खाने पशुपंक्षीको वर्ग । |
| ासेक- | मुखबाट र्‍याल वा योनिबाट पानी बहने रोग । बमन, मुखबाट पानी र नाकबाट सिङान झरिरहने रोग, एक निको पार्न कठिन हुने रोग । |
| लीह- | कलेजो वा यसमा हुने रोग । |
| ाबुर :- | पहेंला रङका नरम र बाटुला फूल फुल्ने, लामा कोसा फल्ने काँडैकाँडा हुने एक जातको रूख, बबुल । बब्बूल । |
| ालास :- | कफ र वायुका प्रकोपले गला र फोक्सो सुन्निई जरो समेत आउने एक रोग । |
| ास्तिकुण्डल : | मूत्राशयमा गाँठो पर्ने एक रोग, कुण्डल । |
| ान्ता- | वाकवाकी, छर्दि, |
| बेफर :- | विस्फोट । |
| ृंहण- | शरीर वर्धक, पौष्टिक । |
| ाह्मपुत्र :- | ब्रह्मपुत्र नदीको किनारतिर पाइने, पलाशको जस्तो पात, फल र कन्द हुने, नौ प्रकारका विषमध्येको एक विष । |
| ागन्दर :- | गुदद्वार र अण्डकोशको मध्यमा आउने खटिरा विशेष । |

भस्मक :- जति खाएपनि पनि पच्ने र खाएपनिएको कुरा पचाउन नपाउँदा शरीरका धातुलाई तानेर पचाउने रोग ।

भेरिङ्गी रोग :- रक्तविकारले जननेन्द्रियमा खटिरा आउने एक सङ्क्रामक रोग, उपदंश, फिरङ्ग ।

भेदन :- वात आदि दोषले पेटभित्र अड्किएका वा गोटा परेर बसेका मलमूत्रलाई टुक्राटुक्रा पारी मलद्वार वा मूत्रनली मार्फत बाहिर निकाल्ने औषधी वा गुण । जस्तै : कटुकी ।

भोक :- अशनाया, क्षुध्, बुभुक्षा ।

मण्डल :- यो शब्दको अर्थ आयुर्वेदका पुस्तकमा आठ दिनदेखि अठचालीस दिनसम्म लगाएको पाइन्छ ।

मत्कुण :- उडुस ।

मदिरा (उखुको रस वा सागको विकाररूपी मदिरा) :- आसव, मैरेय, शीधु, सीधु ।

मण्डलकुष्ठ :- सेतो, रातो, सारो, नरम र चिल्लो छाँटको कोढ रोग, जसको आकार एक अर्कोसँग मिल्दोजुल्दो हुन्छ ।

मदकारी :- जे कुरा (खानपिन गर्ना) ले बुद्धिलाई लोप गराउँदछ त्यसलाई “मदकारी” भनिन्छ । यस्ता कुरामा तमोगुण बढी हुन्छ । जस्तै : सुरा, मद्य आदि ।

मदात्ययः- मात लाग्ने खालका खानपिन वा व्यवहार बढी गरेका कारण हुने रोग ।

मन्यास्तम्भ :- गर्दनको नसो साह्रो हुने एक रोग ।

मलमूत्र बन्द हुने रोग :- आनाह, विबन्ध ।

मशक :- छालामा आउने कालो वा रातो ससाना मासुका दाना (मुसा) ।

माड :- मण्ड, चामलभन्दा चौध गुना बढी पानी हालेर पकाइने खाद्य वस्तु ।

माड (भातको) :- आचाम, निस्राव, मासर, विस्राव ।

मेढाशृङ्गी (भेडासिङ्गी) :- बाटुला, ठूलठूला पात हुने, राता फूल फुल्ने र लामालामा फल हुने एक वृक्ष वा त्यसैको फल । अजशृङ्गी, मेषशृङ्गी, विषाणी ।

प्रसाद सापकोटा

माम्री (केही जलेको अन्न) :- दग्धिका, भिस्सटा ।

मुङ्ग्रेलो :- ज्वानुका छाँटका काला गेडा हुने एक प्रकारको जीरा; कालो जीरा; कलौंजी । उपकुञ्चिका, स्थूलजीरक ।

मुचुकुन्द :- खाना खाने रिकापीहरू बनाइने एक वृक्ष विशेष, मुचुकन्द ।

मुनक्का :- ठूलो खालको किसमिस वा सुकाइएको अङ्गुर; दाख; मनक्का ।

मुर्दासङ्ख :- वेदार नामक पर्वतको टाकुरामा पाइने, टल्कने, पहेँलो रङको, घाउखीटरामा लगाइएने एक औषधी । कुष्ठ ।

मूढवात :- कुनै एक ठाउँमा गुटमुटिएको वायु ।

मूत्रकृच्छ्र :- पिसाबले च्याप्ने तर गर्न खोज्दा थोपा थोपा मात्र हुने रोग ।

मूत्राघात :- पिसाब बन्द हुने बाह्र थरीको रोग ।

मृगाङ्क :- क्षयरोगको विशेष औषधी (शब्दकल्पद्रुमः) ।

मोतिबिन्दु :- पटल ।

मोह :- अज्ञान, भ्रम, बेहोसी, चित्तको अशान्ति ।

यक्षकर्दम :- कर्पूर, अगुरु, कस्तूरी र कङ्कोलको सम्मिश्रण ।

यवागू :- चामल आदि भन्दा छ गुना बढी पानीमा पकाइने खाद्य वस्तु ।

यूष :- दलहन आदिलाई रुमालमा पोको पारी अठार गुना बढी पानीमा उमालेर पकाउने, आधा पानी बाँकी भएपछि पोको निकाल्ने । यस्तो रसलाई यूष भनिन्छ ।

योगवाही :- शरीर भित्र गर्मी गर्ने पदार्थसँग मिलेर अति गर्मी गर्ने र ठण्डी गर्ने पदार्थसँग मिली अति ठण्डी गर्ने औषधी वा त्यस्तो गुण ।

रक्तपित्त :- मुख, कान, आँखा, नाक, गुदद्वार तथा मूत्रद्वारबाट रगत बहने रोग ।

रक्तप्रमेह :- पुरुषका पिसाबबाट गनाउने खालको रगत बहने एक रोग ।

| | |
|---|---|
| साञ्जन :- | चुत्राको काँडा, बोक्रा वा जराको काँढापानीमा त्यति नै दूध मिसाएर खुवा जस्तो हुने गरी पकाइएको ओखती सुकाएर पारिएको धुलो । तार्क्षज । |
| सायनी :- | बुढ्यौली आउन नदिने वा बूढालाई तन्नेरी गराउने ओखती वा गुण । जुन औषधीले शरीरको बुढ्यौली (सत्तरी वर्ष पछि) मा हुने रोग र (सबै उमेरका) जरो आदि रोगलाई निको पार्दछ त्यसलाई वा त्यस्तो गुणलाई "रसायन" भनिन्छ । जस्तै : गुर्जो, रुदन्ती (हिमाली सागजातको बूटी विशेष), गोकुलधूप, हर्रो आदि । |
| चन :- | पेटमा रहेका राम्ररी पचेका वा केही नपचेका खाएका कुरालाई पातलो बनाई मलद्वारतिर धकेल्ने औषधी वा गुण । जस्तै : सेतो निशोध । |
| तस :- | पुरुषको शरीरमा रहेको शुक्र धातुलाई सक्रिय (चैतन्य) बनाउने वा उत्पन्न गर्ने खालका औषधीलाई वा गुणलाई "रेतस" भनिन्छ । जस्तै : दूध, माष, भलायोको फलको गुदी, अमला आदि । |
| ङ्घन :- | नखाएर, बान्ता गरेर, दिसा गरेर, रगत निकालेर, तातो पानी पिएर, पसिना निकालेर, बान्ता र दिसा दुबै उपायले, पानी नपिएर, हावामा बसेर, घाममा बसेर, खाएको पचाएर, खाना नखाएर, परिश्रम गरेर र शिरो विरेचन गरेर शरीरलाई हलुका बनाउने आयुर्वेदीक तरिका । |
| ावा :- | अक्षत, लाज । सुकेका अन्नलाई भुटेपछि लावा भनिन्छ, त्यसैले धानको बुझ्फाउन धान्यलाजा भन्नु पर्दछ । |
| ुतो :- | कण्डू, कच्छू, खर्जू, पामन्, पामा, विचर्चिका । |
| ेखन :- | जुन औषधीले रस आदि धातु वा वात आदि दोषलाई (भित्रभित्रै) सुकाएर (वा घटाएर) शरीरबाट बाहिर निकाली दिन्छ त्यसलाई वा त्यस्तो गुणलाई "लेखन" भनिन्छ । जस्तै : ठूलो बिही, तातो पानी, बोझो, जौ आदि । |
| वत्सनाभः- | सिमालीका जस्ता पात र बाछाको नाइटोजस्तो जरो हुने एक प्रकारको विष-बुटी । तीतेपातीको जस्तो पात, तीनदेखि साढे तीन हात अग्लो बोट, सोझो डाँठको दुबैतिर झुप्पा झुप्पा फूल फुल्ने, पूलको रङ सेतो बैजनी वा छिर्के हुने, स्थावर विष मानिने एक वनस्पति । यसका जरा, पात, बिउ र फूलमा समेत विष हुन्छ । जरो बाच्छाको नाइटोजस्तो देखिने हुनाले यसलाई "वत्सनाभ" भनिएको हो । यसका सय प्रजाति हुन्छन् । |
| मन :- | जुन औषधीले नपचेका तर पित्त र कफ बनेर पेटभित्र अड्किएका कुरालाई बलपूर्वक मुख मार्फत (बान्ता गराई) निकाल्दछ त्यसलाई वा औषधीमा हुने त्यस्तो गुणलाई "वमन" भनिन्छ । जस्तै : मैनफल । |
| ान्ता (रोग) :- | छर्दन, छर्दी, प्रच्छर्दिका, वम, वमथु, वमन, वमि, वमी । |
| ाजीकर :- | जुन औषधीले पुरुषको धातु बढाई त्यस मार्फत स्त्रीमा रोमाञ्च सहितको शक्ति सञ्चार (मैथुन सुख) पैदा गर्दछ त्यसलाई "वाजीकरम्" भनिन्छ । जस्तैः गुनालु (एकजातको बलु झार), जाइफल, कुरिलो, दूध, सखर, काउसोका गेडा आदि । |
| ातकुण्डलिका : | वायु बिग्रेर हुने एक प्रकारको पिसाबसम्बन्धी रोग, जसमा पिसाब गर्दा पोल्ने र थोपा थोपा पिसाब निस्कने गर्दछ । |
| ातरक्त :- | हातगोडाका औंला वा अरु भागका जोर्नी सुनिई दुख्ने रोग । |
| ाताष्ठीला :- | नाइटो मुनि पेटमा सारो डल्लो निस्केर मलमूत्र, वायु रोकिने एक वातरोग । |
| ातोदर :- | वायुविकारबाट उत्पन्न हुने पेटको रोग विशेष । |
| वेकाशि :- | जुन औषधीले (नपच्दै) शरीरका सबै बन्धनलाई खुकुलो पार्दछ र रसादि धातुका तेजलाई त्यो धातुबाट सोस्दछ त्यसलाई वा त्यस्तो गुणलाई "विकाशि" भनिन्छ । जस्तै : सुपारी, कोदो । |

सङ्कलन : मोहन प्रसाद सपकोटा

| | |
|---|---|
| वेचांचेका :- | खोप लगाउँदा देखिने जसरी छालामा कहीं सुन्निएर रातो टाटा देखिने र पछि त्यसमाथि सेतो र चम्किलो पाप्रा देखिने र त्यो उप्किएपछि रगत आउने दादजस्तै एक प्रकारको छालाको रोग । |
| वेदारीका :- | घाँटीको रोग विशेष । कानको रोग विशेष । काखीका फोका आउने रोग विशेष । |
| वेद्रधि (रोग) :- | गुदद्वार, वस्ति, नाभि, कोखा, तिघ्राका जोर्नी, मिर्गौला, मुटु, कलेजो, फियोमा पैदा भएर कालान्तरमा फुट्ने खटिरा विशेष । |
| वेदाह :- | पित्तप्रकोपले हात, गोडा, छाती आदि पोल्नु । |
| वेपादिका :- | हत्केला र गोडाको पैँताला फाट्ने (अठारथरी कुष्ठरोग मध्येको) एक रोग । गोडाको औंला वा कुर्कुच्चा चिरिने एक रोग, गलिनी वा गलैनु फाट्नु । |
| वेलेपी :- | चामलभन्दा चार गुना बढी पानी हालेर पकाइने खाद्य वस्तु । |
| वेबन्ध : | कब्जियत । |
| वेश्वाची :- | पाखुराको पछाडिदेखि औंलासम्म हुने कण्डरा नामक नसा सुकेर हात खुम्च्याउन फैलाउन नसकिने रोग । |
| वेष्टम्भ :- | दिसा रोकिएर पेट फुल्ने रोग विशेष । |
| वेष्टम्भी :- | मलमूत्र अवरोध गर्ने, विष्टम्भि । |
| वेष (गरविष) :- | दुई वा दुईभन्दा बढी द्रव्यको संयोगले पैदा हुने विष । |
| वेषमज्वर :- | कहिले चिसो कहिले तातो, कहिले मन्द र कहिले तीव्र भएर अनियमित रूपले आउने जरो; कामजरो । |
| वेषाद :- | चाहना पूरा नहुँदा मनमा हुने दु:ख, शारीरिक शिथिलतावा निश्चेष्टता, डिप्रेशन । |
| वेष्किर :- | खुट्टाले खोस्रेर अनि फेरी चुच्चाले एकएक गरी टिपेर आहारा खाने खालका चराको वर्ग । |
| वेष्टम्भी :- | दिसा रोक्ने वा कब्जियत गर्ने । |
| वेसर्प :- | शरीरमा ससाना फोका उठी जरो आउने छालाको एक रोग । सुके लुतो । |
| वेस्फोट :- | छाला काला, रातो र पातलो हुने एक प्रकारको कुष्ठरोग, विष्फोटक । बिफर रोग । चाल्ने खटिरो । |
| वेस्रम् :- | काँचो मासुको गन्ध आउने । |
| ीरि नुन :- | विड । |
| ्यङ्ग :- | मुखभरि ससाना खटिरा वा काला दाना दाना आउने रोग । |
| ्यवायि :- | नपाकेको तर खाएपछि शरीर भरी फैलिने र मदिरा वा विष जसरी पच्ने (र असर गर्ने) औषधीलाई वा गुणलाई "व्यवायि" भनिन्छ । जस्तै : भाँग, अफिम आदि । |
| ाध्न :- | कोप भएको वायु, जसले सुजन र शूल गराएर तिघ्रा र अण्डकोशको जोर्नीबाट अण्डकोशमा जाने काम गर्दछ । |
| ामन :- | मानिसले खाएपिएको कुरासँग विद्वेष नगरी ती शरीरभित्र जहाँ छन् त्यहीँ गई ती कुरासँग मिसिएर तिनको दोष नष्ट गर्ने (वान्ता वा दिसा नलगाई रोग ठिक गर्ने) औषधी वा गुण । जस्तैः अमला । |
| ालाक्यतन्त्र :- | नाक, कान, मुख, आँखा आदिको चिकित्सा गर्ने शास्त्र । |
| ेरा :- | शरीरका जोर्नी बाँध्ने र वात, पित्त आदि दोष एवं रस, रगत आदि धातु बगाएर लैजाने नीला रङका साना ठूला नसाहरू । यो मोटो र मसिनु गरी दुई किसिमको हुन्छ । यसको मूलस्थान नाइटो हो र यी यसैका तलमाथि र दायाँबायाँ फैलिएका हुन्छन् । |
| ीतपित्त :- | चिसो र पित्तविकारले शरीरमा डाबर आए जसरी आउने एक किसिमको दाद । |

सङ्कलन : मोहन प्रसाद सपकोटा

| | |
|---|---|
| ाीत वीय :- | (अष्टाङ्ग हृदय) द्रव्यमा हुने गुण विशेष । शीत वीर्यले मनलाई प्रसन्न पार्ने, जीवन दिने, जडवत् बनाउने तथा रगत र पित्तलाई प्रशोधन गर्ने काम गर्दछ । कुनै द्रव्यमा उष्ण वा शीत वीर्य गुण हुन्छ भनियो भने यही अनुसार मनन गर्नुपर्ने हुन्छ । |
| ाुक्रल :- | जुन औषधीले शुक्र वृद्धि गर्दछ त्यसलाई वा त्यस्तो गुणलाई “शुक्रल” भनिन्छ । जस्तै : अश्वगन्धा, मुसलीकन्द, सखर, कुरिलो आदि । |
| ाूकदोष :- | जननेन्द्रिय बढाउन प्रयोग गरिएका ओखती दल्नाले पुरुषलाई हुने रोग । |
| ाूल : - | (क) टाउको, हात, गोडा आदि कुनै पनि अङ्गमा हुने ज्यादा दुखाइ । (ख) वायुप्रकोपले हुने पेटको ज्यादा दुखाइ । (ग) वातरोग । गानु, गानो, गानुगोला, गोला । |
| ाोधन :- | जुन औषधीले वात दोषका कारण शरीरभित्र कतै जमेर बसेका मललाई फोरफार गरी माथि नाकमुखबाट वा तल मलमूत्रद्वारबाट बाहिर निकाल्दछ, त्यसलाई वा त्यस्तो गुणलाई “संशोधन” भनिन्छ । जस्तैः देवदार । |
| ाोफ :- | शरीरको कुनै अङ्ग सुन्निनु, शोथ, श्वयथु । |
| ाोष :- | शरीर सुक्नु, छ किसिमका क्षयरोग । |
| ्वास :- | दम; कमजोरी, रोग, परिश्रम आदिले छिटोछिटो चल्ने सास; धक्ने रोग; धम्कीको रोग । |
| ाङ्ग्रहणी :- | ग्रहणीरोगले खाएको चिज पच्न नदिँदा हुन जाने ग्रहणीरोगकै लक्षण भएको पेटको रोग । जसका वातसङ्ग्रहणी, पित्तसङ्ग्रहणी, कफसङ्ग्रहणी, त्रिदोषज सङ्ग्रहणी र आमजन्य सङ्ग्रहणी गरी पाँच भेद छन् । |
| ाज्जिखार :- | सर्जिका, सुवर्चिका । |
| ान्तर्पणी :- | तृप्तिदायक । |
| ार्प-दारुष्ट्रिका :- | यसलाई हिन्दीमा गुडमार (मधुमेह नाशक) र ल्याटिनमा Gymnemasylvestre भनिन्छ । |
| ाेलीवा :- | बेथेका जस्ता पात, पहेंला फूल हुने एक जातको बुटी । कटम्भरा, कशेवर्द्धिनी, केशारुहा, केसरिका, गन्धवल्लरी, ज्येष्ठबला, दण्डोत्पला, देवबला, देवार्हा, पीतपुष्पी, पुरासनी, महाबला, मृगरसा, मृगा, मृगादनी, वर्षपुष्पा, सहदेव, सारिणी । |
| ाहदेवी :- | सहदेवा बुटीको एक भेद, पीतपुष्पी । (भनिन्छ कि सहदेवा र सहदेवी बुटीका टुप्पा स्वतः आई जोडिएर बस्दछन्) । |
| ाालम मिश्री : | द आयुर्वेद इन्साइक्लोपेडियामा स्वामी सदाशिव तिर्थः यसलाई अंग्रेजीमा Salep Orchid तथा ल्याटिन भाषामा *Orchis mascula Linn. (O.latifolia, O.Laxiflora, Allium Macleani)* भनिन्छ । |
| ाेप्लिकान :- | लाम्चा नरम पात हुने, पहेंला फूल फुल्ने, र गोल फल फल्ने तथा मुन्टाको अचार, तरकारी खाइने एक जातको रूख । कुमारक, तिक्तशाक, वरण, वरुण, सेतु । |
| ाुनामक्खी :- | सुनको जस्तो रङ भएको एक उपधातु वा खनिज पदार्थ । ताप्य, ताप्यक, माक्षिक । |
| ाुहागा :- | सुन आदि धातु गलाउन प्रयोग गरिने एकथरी खनिज क्षार, स्वाग । टङ्क, टङ्कण । |
| ाूक्ष्म :- | जुन औषधी रौंका प्वालप्वालमा छिर्दछ त्यसलाई व त्यस्तो गुणलाई “सूक्ष्म” भनिन्छ । जस्तै : सिधेनुन, ठूलो कण्टकारी, नीम वा अडिरको तेल आदि । |
| ाूर्यावर्त :- | जति जति घाम माथि आयो उतीउती टाउको दुख्दै जाने र घाम अस्ताउँदै गएपछि कम हुँदै जाने रोग । |
| ाोमरोग :- | आइमाईको योनिबाट सङ्लो सेतो पानी बग्ने रोग । |
| ाोमलता :- | मत्स्याक्षी । |

| | |
|---|---|
| ौराष्ट्रक :- | सौराष्ट्र देशमा पाइने कछुवाको टाउको जस्तो मोटो, कालो गानो र पलाशका जस्तो पात हुने नौ थरी विषमध्येको एक विष । |
| ौवर्चल :- | प्राचीनकालमा सुवर्चल नामको देशमा हुने नुन विशेष । |
| ंस्र :- | शरीरको कुनै अङ्ग आफ्नो ठाउँबाट सर्नु । |
| ंस्रन :- | पछी पच्ने सम्भावना रहेका तर वात आदि दोषले गर्दा कतै पेटभित्र अड्किएका खाएको कुरालाई नपच्दै तल्लो भागमा लेराई मलद्वार मार्फत निकाल्ने खालका औषधी वा गुण । जस्तै : राजवृक्ष फलको गुदी । |
| ्तम्भन :- | (क) रुखो, शीतल टर्रो र चँडै पच्ने अवस्थाकम र वायुलाई उल्टो गतिमा हिँडाउने ओखती वा गुण । (ख) वीर्य आदि धातु वा दिसा रोक्ने ओखती वा गुण । (ग) शरीरको कुनै अङ्ग वा पूरै शरीर चल्न चरपटाउन नसक्ने स्थिति वा अवस्था । जुन औषधी रुखो, ठण्डीग नै र टर्रो स्वादका हुनाका कारण पाकेपछि हलुका हुन्छन् र वातदोष जन्माउँदछन् तिनलाई वा त्यस्तो गुणलाई "स्तम्भन" भनिन्छ । जस्तै : ठूलो कुरो, टटेलो आदि । |
| ्तैमित्य :- | इन्द्रियले काम नगर्ने वा जड हुने अवस्था । |
| ्नायु :- | शरीरमा फैलिएका मसिना नसा (को जाल वा समूह) जसले शरीरको हाड, मासु र बोसोलाई छरिन नदिएर बाँधेका हुन्छन् । |
| स्फिच् :- | कमरमा लागेको मासु । |
| ्वर बस्नु :- | स्वरभेद । |
| ्वाग :- | टङ्कण, सुहाग । |
| ्नुस्तम्भ :- | चिउँडो र कञ्चटको बीचको हाड नचल्ने रोग । |
| ्रिताल :- | प्रायः कीराले नखाओस् भनी नेपाली कागजमा दलिने पहेँलो रङ्को विषालु खनिज पदार्थ । |
| ्लाहल :- | नौ प्रकारका मुख्य विषहरूमध्ये ताडका जस्ता निला पात, गाईको थुनजस्तो लामो र सेतो फल, गाईको कानजस्तो गानो, दाखजस्ता फूल, झुप्पा भएर फल लाग्ने तथा यो उम्रेको ठाउँ नजिकै अरु रुख विरुवा नहुने विष । |
| ्लीमक :- | पाण्डुरोग विशेष । |
| ्रिद्र :- | हलेदाको पातभैं पात तथा गानो हुने, हलेदाको खेतमा हुने नौथरी विषमध्ये एक । |
| हेराकसी :- | गन्धकको रासायनिक प्रक्रियाबाट तयार हुने फलामको विकार । कसीस, काशीस, पुष्पकासिस, विशद, विशदा, हीराकसी । |
| हेलसा (सागविशेष)- | हिलमोचिका । |
| ्हुरे :- | एउटै भेट्नामा मिलेका पाँचपाँचवटा पात हुने, लामालामा खैरा रङ्का केशर भएका ससाना फूल फुल्ने र तोरीका जस्ता कोसा फल्ने एक बुटी; जलब्राह्मी; सूर्यावर्त । |
| ्जा- | विशूचिका । |
| ्ल्लास : | शोक, दुःख, बाडुली, छातीको थकाई । |

सङ्कलन : मोहन प्रसाद सापकोटा



भावानुवादक (बीचमा) को परिवार

भावानुवादकले बिनामूल्य सामाजिक सञ्जालमा अध्ययनका लागि उपलब्ध गराएका कृतिहरु

(क) संस्कृत श्लोक सहित नेपालीमा भावानुवाद गरिएका स्मृति ग्रन्थहरू - २३ वटा,
(ख) संस्कृत श्लोक सहित नेपालीमा भावानुवाद गरिएका आयुर्वेदका ग्रन्थहरू (यो बाहेक) - ५ वटा,
(ग) संस्कृत श्लोक सहित नेपालीमा भावानुवाद गरिएका ज्यौतिषका ग्रन्थहरू - २ वटा,
(घ) संस्कृत श्लोक सहित नेपालीमा भावानुवाद गरिएका नीतिशास्त्रहरू - २ वटा,
(ङ) संस्कृत सूत्र सहित नेपालीमा भावानुवाद गरिएका सूत्रग्रन्थहरू - २ वटा,
(च) संस्कृत सूत्र सहित नेपालीमा भावानुवाद गरिएको गृह्यसूत्र - १ वटा,
(छ) संकल्पको रहस्य (लेख) - १,
(ज) वंशावली (नेपालको ऐतिहासिक)- १ र
(झ) पुराणहरू (संस्कृत श्लोक मात्र) - ८ वटा ।

यसका साथै नेपालका पुराना तस्बिरहरूको ६५ वटा एल्बम समेत राखिएका छन् । अन्य थुप्रै ग्रन्थहरु अनुवादका क्रममा छन् ।

उल्लेखित पुस्तकहरु निम्न लिखित वेव ठेगानामा पढ्न पाइनेछ :

**https://archive.org/details/@mohan_sapkota858**

सबैको कल्याण होस् !